CC-0. In Public Domain. Digitization by eGangotri

पण्डित सुन्दरानन्दविरचित

त्रिरत्न-सौन्दर्य-गाथा



सम्पादक

धनवज्र वज्राचार्य

CC-0. In Public Domain. Digitization by eGangotri

To D.R.R from K.S.R

24.2.'63

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

पण्डित सुन्दरानन्दविरचित

त्रिरत्न-सौन्दर्य-गाथा

सम्पादक-

धनवज्र वज्राचार्य

विस्तृत उपोद्घातका रचयिता

नयराज पन्त

प्रकाशक-

नेपाल-सांस्कृतिक-परिषद्

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशक–
नेपाल-सांस्कृतिक-परिषद्
काठमाडौं नेपाल

वि. सं. २०१९ पौष २७ गते
पृथ्वीजयन्ती

मूल्य– मो. रु. १०।

मुद्रक–
जोरगणेश प्रेस प्रा. लि.
काठमाडौं

CC-0. In Public Domain. Digitization by eGangotri

विषय-सूची

उपोद्घात १–६३

ग्रन्थप्राप्ति २
ग्रन्थपरिचय ३–५
ग्रन्थकारपरिचय ६–९
ग्रन्थरचनाको हेतु १०-१४
ग्रन्थपरीक्षा १५-३४

- सुन्दरानन्दका नेपाली भाषामा र वर्तमान नेपाली भाषामा अन्तर २०-२३
- सुन्दरानन्दले नेपाली भाषामा प्रयोग गरेका नेवारी शब्द २३
- सुन्दरानन्दले प्रयोग गरेका अरबी फारसी आदि मुसलमानी शब्दहरू २४–२५
- इतिहासका घटनामा गडबडी २६–२८
- इतिहासको नाउँमा किंवदन्ती २९
- छन्द ज्योतिष शास्त्रहरूमा पनि सुन्दरानन्द कच्चा थिए २९–३१
- सुन्दरानन्दका राम्रो कविता ३१
- चित्रकाव्य ३२–३४

ऐतिहासिक सार ३५–५२

- हात्तीसार ५०-५१
- तबेला ५१
- चिडियाखाना ५१
- छाउनी ५१-५२

कविको समयको र त्यसभन्दा केही अघिको लोकयात्रा ५२–५६

- वेष-भूषा ५५
- खानेकुरा ५५
- हातहतियार ५५
- बाजाहरू ५५

CC-0. In Public Domain. Digitization by eGangotri

विशेष घर बनाउने सामान ५५
लोकविश्वास ५६
सुन्दरानन्दले विशेष वर्णन गरेका देवदेवीहरू ५६–५७
सुन्दरानन्दले विशेष वर्णन गरेका स्थानहरू ५८
वासट्ठीहरण र सुन्दरानन्द ५८–५९
श्री ५ पृथ्वीनारायण शाह र भीमसेन थापा ५९–७२
भीमसेन थापाको पतन ७३–८१
राता मछिन्द्रनाथको जात्रा ८२–८३
शक्तिवल्लभ र सुन्दरानन्द ८४–८६
वाणीविलास र सुन्दरानन्द ८६–९२
उपसंहार ९२–९३
सम्पादकको वक्तव्य ९४–९७
त्रिरत्नसौन्दर्यगाथाको मूलभाग ९९–२४२
परिशिष्ट २४३–३११
परिशिष्ट 'क' मा–
त्रिरत्नसौन्दर्यगाथाका दुइ संक्षिप्त प्रति २४५–२५९
परिशिष्ट 'ख' मा–
राष्ट्रियपुस्तकालयमा रहेको त्रिरत्नसौन्दर्यगाथाका उठान र अन्त्यका पत्रमा टिपिएका राजाहरूको वंशक्रम र ऐतिहासिक घटनाका तिथिमितिहरू २६०-२६४
परिशिष्ट 'ग' मा–
त्रिरत्नसौन्दर्यगाथालाई परीक्षा गरी हेर्न सहायता दिने केही ऐतिहासिक सामानहरू २६५–३११
पाटन राजदरबारको जयप्रकाश मल्लको वि. सं. १८१७ को ताम्रपत्र र त्यसको अनुवाद २६५–२६६

CC-0. In Public Domain. Digitization by eGangotri

पाटन राजदरबारको रणजित् मल्लको वि. सं. १८१९ को ताम्रपत्र र त्यसको अनुवाद २६६–२६८
नुवाकोट दरबारको पृथ्वीनारायण शाहको वि. सं. १८१९ को शिलालेख र त्यसको अनुवाद २६८–२६९
काठमाडौं वसन्तपुर दरबारको दक्षिण ढोकाको पृथ्वीनारायण शाहको वि. सं. १८२६ को शिलालेख र त्यसको अनुवाद २६९–२७०
काठमाडौं वसन्तपुर दरबारको उत्तर ढोकाको पृथ्वीनारायण शाहको वि. सं. १८२६ को शिलालेख र त्यसको अनुवाद २७१–२७३
प्रतापसिंह शाहको पालामा वि. सं. १८३२ मा भएको नेपाल-भोट-सन्धि र त्यसको अनुवाद २७३–२७६
रणबहादुर शाहले दलमर्दन शाहलाई लेखेको पत्र २७६
वि. सं. १८४९ मा भएको नेपाल-चीन-युद्धसंग सम्बन्ध राख्ने पत्र २७७–२८१
काठमाडौं ठूलो घण्टाको अभिलेख र त्यसको अनुवाद २८१–२८२
रणबहादुर शाहले दूत दीनानाथ उपाध्यायलाई वि. सं. १८५३ मा पठाएको पत्र २८३–२८५
रणबहादुर शाहले दीनानाथ उपाध्यायलाई वि. सं. १८५५ मा पठाएको पत्र २८५–२८६
वि. सं. १८५७ मा भएको नुवाकोटकाण्डसंग सम्बन्ध राख्ने कागत पत्रहरू २८६–२९०
वि. सं. १८६२ मा रणबहादुर शाहले मुख्तियारी लिएको पत्र २९०
राजराजेश्वरी सती गएको कुरा भएका दुइ पद्य र तिनको अनुवाद २९१
वाग्वतीको भीमसेन थापाको वि. सं. १८६८ को स्तम्भलेख र त्यसको अनुवाद २९१–३०२
काठमाडौं त्रिपुरेश्वरको वि. सं. १८७७ को अभिलेख र त्यसको अनुवाद ३०३–३०७
व्यापारीहरूलाई सुविधा दिई छाउनीमा बस्न दिइएको कुरा परेको पत्र ३०७
हनुमान्ढोकाको राजेन्द्रविक्रम शाहको वि. सं. १८८२ को अभिलेख ३०८
सिपाहीहरूलाई सुविधापूर्वक छाउनीमा बसाउने कुरा परेको पत्र ३०८
वि. सं. १८९२ मा भीमसेन थापाले राजेन्द्रविक्रम शाहबाट गराई लिएको लालमोहर ३०९–३११

—०—

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

उपोद्घात

येषां बल्लभया समं क्षण इव स्फारा क्षपा क्षीयते
तेषां शीतकरः शशी विरहिणामुल्केव सन्तापकृत् ।
अस्माकं न तु वल्लभा न विरहस्तेनोभयभ्रंशिना–
मिन्दू राजति दर्पणाकृतिरयं नोष्णो न वा शीतलः ।।

[काव्यमीमांसा ६ अध्याय ।

[प्यारीका साथमा जसको लागी रात क्षण झैं भई बित्तछ, तिनलाई चन्द्रमा शीतल दिने हुन्छन् । विरहीलाई चन्द्रमाले आगोले जस्तै पोल्छन् । हाम्रा प्यारी पनि छैनन्, बिछोड पनि छैन । दुवै कुरा नभएका हाम्रो लेखा त चन्द्रमा ऐनाको आकार परेका छन् । यी चन्द्रमाले हामीलाई न ता पोल्छन्, न ता शीतलै गराउँछन् ।]

राजकाज तथा अर्थकाजमा लागी सफल भएका मनुष्यहरूको आँखाले एक थरी, असफल भएकाहरूको आँखाले चाहि अर्कै थरी इतिहास देख्तछ । सबै इतिहासकार आफूलाई 'सच्चा इतिहासकार' भन्दछन् । हामीहरू पनि 'सच्चा इतिहासकार' बन्न तंसेका छौं । यसको टुङ्गोचाहि पछि आउने परीक्षकहरूले लाउनेछन् ।

—०—

CC-0. In Public Domain. Digitization by eGangotri

ग्रन्थ-प्राप्ति

गुरुपुरोहित जनकराज पण्डितज्यूको पुस्तक-संग्रहमा रहेको 'त्रिरत्नसौन्दर्यगाथा' नामक पुस्तक वि. सं. १९९८ मा मैले हेर्न पाएथें। त्यस वेला मैले र मेरा मातृष्वसेय (सानी आमाका छोरा) रामजी तेवारीले भई सो पुस्तक सारी प्रतिलिपि लिएथ्यौं। सोही प्रतिलिपि हामीसंग छ। त्यस बेलादेखि इतिहास-विषयका निबन्ध लेख्ता मबाट र मेरा सहचरहरूबाट पनि सो प्रतिलिपिको उपयोग भएको छ।

त्रिरत्न-सौन्दय-गाथाको अर्को प्रति राष्ट्रिय-पुस्तकालय (राजगुरु हेमराज पण्डितज्यूको सरकारले किनेको पुस्तकालय)मा छ भन्ने कुरा मैले सुनें र मेरो प्रेरणाले भोलानाथ पौडेल, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्तसमेत चार जना सो पुस्तकालयमा गए। सो पुस्तकालयका अध्यक्ष न्यायाचार्य पं. गङ्गाधर पराजुलीको सौजन्यबाट उनीहरूले फरक भएको पाठ उतारी ल्याए।

वि. सं. २०१० मा संस्कृत-सन्देश १।७ मा योगी नरहरिनाथद्वारा त्रिरत्न-सौन्दर्य-गाथाको केही भाग छापिएको छ। सो कहाँ पाइएको हो, त्यसको उल्लेख त्यहाँ गरिएको छैन।

वीरपुस्तकालयमा पनि त्रिरत्न-सौन्दर्य-गाथा छ कि भनी धनवज्र वज्राचार्य र ज्ञान-मणि नेपाल सो पुस्तकालयमा गएका थिए।

वीरपुस्तकालयमा २ प्रकारका त्रिरत्न-सौन्दर्य-गाथा रहेछन्। सो पुस्तकालयका अधिकारी पण्डित गुणनाथ भट्टराईको सौजन्यबाट ती दुइ प्रतिको उतार उनीहरूले ल्याए। ती दुवै प्रकारका त्रिरत्न-सौन्दय-गाथा अतिसंक्षिप्त रूपका छन्। ती दुइ प्रकार-मध्ये एक प्रकारकोसंग योगी नरहरिनाथले छपाएको प्रतिको सादृश्य छ।

हामीले सारी लिएको प्रति र राष्ट्रिय-पुस्तकालयमा रहेको प्रति विस्तीर्ण र प्रायः एकै रूपका छन्। यी दुइबाहेक अरू प्रति संक्षिप्त रूपका छन्। यस कारण हामीले सारी लिएको प्रति र राष्ट्रिय-पुस्तकालयको प्रतिको उपयोग गरी मूल भाग तयार गरिएको छ। वीरपुस्तकालयमा रहेका दुवै थरीलाई चाहिं परिशिष्टको रूपमा दिइएको छ। योगी नरहरिनाथले छपाएको प्रतिसंग देखिन आएका पाठभेदलाई उसंग मिल्ने प्रतिको पाद-टिप्पणीमा दिइएको छ।

CC-0. In Public Domain. Digitization by eGangotri

ग्रन्थ-परिचय

गु. पु. जनकराजकहाँ रहेको त्रिरत्न-सौन्दर्य-गाथाको पुस्तक एकातिर हरिताल लाएको पाको कागतमा लेखिएको छ। पत्रहरू नयाँ छन्। यस कारण केही वर्ष यता सो सारिएको हो भन्ने देखिन्छ।

राष्ट्रिय-पुस्तकालयमा रहेको प्रति सुन्दरानन्दकै हस्ताक्षरको हो भन्ने धनवज्रको भनाइ छ[1]। त्यस कारण मूल पुस्तककै परिचय दिनु उचित भएकोले राष्ट्रिय-पुस्तकालयमा रहेको पुस्तककै परिचय[2] यहाँ दिइन्छ—

एकातिर हरिताल लाएको पाको कागतमा यो पुस्तक लेखिएको छ। यसमा साना ठूला गरी जम्मा ७२ पत्र छन्। ६६ पत्र प्रायः समान आकार-प्रकारका छन्। यी पत्र १३ १३¾ अङ्गुल लम्बा छन्, ११ अङ्गुल चौडा छन्। बीच बीचमा थपिएका पत्रमध्येका ६ पत्रबाहिं साना साना र भिन्न भिन्न नापोका छन्। पृष्ठ पिच्छे भने जस्तै पङ्क्ति फरक फरक छन्। एक पृष्ठमा घटीमा २ र बढीमा २३ पङ्क्ति छन्। मुखपृष्ठमा "टीकापंक्ति १५१२, मूलपंक्ति ६४५" भनी लेखिएको छ। मूल श्लोक बीचमा र टीका तल-माथि दिइएका छन्। अक्षर कहीं साना छन्, कहीं ठूला छन्। ठाउँ ठाउँमा केरमेट गरिएको छ तथा ठाउँ-ठाउँमा चिह्न दिई छेउ-छेउमा थपिएको छ। उठानका दुइ पत्र र अन्त्यका दुइ पत्रलाई छाडी यो ग्रन्थ लेखिएको छ। ती चार पत्रमा चाहिं ऐतिहासिक घटनाका तिथिमितिहरू राजाहरूको वंशक्रम लेखिएका छन्।

यसरी लेखाइको हिसाबले राष्ट्रिय-पुस्तकालयमा रहेको त्रिरत्नसौन्दर्यगाथाको यो प्रति खेत्रा देखिन्छ।

वि सं. १८६३ मा ९ वर्षका आफ्ना छोरा राजा गीर्वाणयुद्धविक्रमलाई छोडी स्वामी रणबहादुर शाह स्वर्ग गए। यो मौका छोपा भीमसेन थापा नेपालका हर्ताकर्ता भई निस्के। बालक राजाको रक्षाको भार लिएकी ललितत्रिपुरसुन्दरी (रणबहादुर शाहका कान्छा महारानी) ले भीमसेन थापाको प्रबन्धअनुसार चलेको राजकाजको पूर्ण समर्थन गर्न लागिन्। यस कारण त्यस वेला नेपालमा राजाको लालमोहर, रानीको धर्म, मन्त्रीको प्रबन्ध

---

१. यसको विशेष वर्णन सम्पादकको वक्तव्यमा हेर्नु होस्।

२. यो परिचय मेरो प्रेरणाले धनवज्रले त्याएका हुन्।

CC-0. In Public Domain. Digitization by eGangotri

भई राजकाज चल्न लाग्यो+ । वि. सं. १८७३ मा १९ वर्षको उमेरमा राजा गीर्वाणयुद्ध-विक्रमको मृत्यु हुँदा उनका जेठा महारानी श्रीसिद्धिलक्ष्मी सती गएकी र कान्छा महारानी गोरक्षराजलक्ष्मी (राजेन्द्रविक्रमकी आमा) को पनि आफ्ना पतिको मृत्यु भएको १४ दिनपछि मृत्यु भएकोले तथा गीर्वाणयुद्धका ३ वर्षका छोरा राजेन्द्रविक्रम राजा भएका हुनाले× राजा (राजेन्द्र), रानी (ललितत्रिपुरसुन्दरी), मन्त्री (भीमसेन थापा) को स्थिति अघि जस्तै रह्यो । राजाको नामबाट रानीको अनुमतिले मन्त्रीको हातबाट पूरा २५ वर्षसम्म यसरी नेपालमा शासन चल्यो । यस वेला राजा रानी मन्त्रीको अविभेद्य यस संयुक्त शक्ति नै वास्तवमा नेपाल राज्यको आधार भयो ।

बुद्ध (बौद्ध धर्मका प्रवर्तक श्रमण गौतम), धर्म (बौद्ध धर्मको नियम), सङ्घ (बौद्ध धर्मका अनुयायी भिक्षुहरूको जमात) को संयुक्त शक्तिबाट बौद्ध धर्मको प्रचार हुन्छ । यी तीन वटामा एउटामा मात्र पनि अविश्वास गर्नेले बौद्ध धर्ममा ठाउँ पाउन शक्तैन ।

+गीर्वाणोत्तरयुद्धविक्रममहाराजाधिराजाज्ञया
जाता श्रीललितोत्तरत्रिपुरसुन्दर्य्याः परात्मेशितुः ।
प्रीत्यै कीर्तिरियं परा विजयतां वाणीविलासस्तुता
कल्पान्तावधि भीमसेनसचिवप्रोद्यत्प्रभावान्विता ॥३७॥
[वाग्वतीको स्तम्भलेखबाट]

[महाराजाधिराज गीर्वाणयुद्धविक्रम शाहको हुकूमबाट भएको, महारानी ललितत्रिपुरसुन्दरी देवीबाट परमेश्वरलाई प्रसन्न पार्न गरिएको, मन्त्री भीमसेन थापाको बल्दो प्रतापले युक्त भएको, वाणीविलासले स्तुति गरिएको यो ठूलो कीर्ति (वाग्वतीको पुल र त्यसको खम्बाको प्रशस्ति) कल्पान्तसम्म रहिरहोस् ।]

×"श्रीगीर्वाणयुद्धविक्रम साह महाराजाधिराज पैदा हुनुभयो । जस्का जेठा महारानी श्रीसिद्धिलक्ष्मीदेवी हुनुहुन्छ. कांछा महारानी गोरक्षराजलक्ष्मीदेवी हुनुहुन्छ. "
[वाग्वतीको स्तम्भलेखबाट]

"ताहापछि श्री६बुबाज्यूलाई सितला भै स्वर्ग हुनुहुँदा श्री ६ जेठा मुमाज्यू सहगामिनी हुनुभयाको १४ दिनपछि श्री ६ मुमाज्यू पनि स्वर्ग हुनुहुँदा मेरा तीन वर्षको उमेर रहेछ।"

[वि.सं. १८९२ मा राजेन्द्रविक्रमले भीमसेन थापालाई गरिदिएको लालमोहरबाट । चित्तरञ्जन नेपालीको 'जनरल भीमसेन थापा र तत्कालीन नेपाल'को २४५-२४९ पृष्ठमा यो छापिएको छ ।]

CC-0. In Public Domain. Digitization by eGangotri

यस कारण बौद्धहरूको लेखा बुद्ध धर्म संघको अत्यन्त महत्त्व भएको हुनाले उनीहरू यी तीनलाई 'त्रिरत्न' को नामले पुकार्दछन् ।

राजा (गीर्वाणयुद्ध वा राजेन्द्र), रानी (ललितत्रिपुरसुन्दरी), मन्त्री (भीमसेन थापा) यी तीनमध्ये एउटामा मात्र पनि अविश्वास प्रकट गर्नेले वि. सं. १८६३–८८ सम्मको २५ वर्षमा नेपालमा ठाउँ पाउन सक्तैनथ्यो । यस कारण सुन्दरानन्दले यी तीन शक्तिलाई त्रिरत्नको रूपमा वर्णन गरेका छन् ÷ ।

यसरी बौद्ध धर्मका अनुयायी पण्डित सुन्दरानन्दले आफ्नो धर्ममा परिचित भएको 'त्रिरत्न' शब्द, आफ्नो नाउँको सुन्दर शब्दबाट बनेको 'सौन्दर्य' शब्द, बौद्ध धर्मसंग विशेष सम्बन्ध राख्ने पद्यात्मक वर्णन अर्थ भएको 'गाथा' शब्दको संयोग गरी आफ्नो धर्म र आफ्नो नाम पारी, आफ्ना राजा रानी मन्त्रीको स्तुति पारी 'त्रिरत्न–सौन्दर्य–गाथा' नामक यो ग्रन्थ बनाएको देखिन्छ ।

÷ 'ग्रन्थ–रचनाको हेतु' हेर्नु होस् ।

CC-0. In Public Domain. Digitization by eGangotri

ग्रन्थकार-परिचय

पण्डित सुन्दरानन्दले आफूलाई 'बांडा' भनी लेखेका छन्[१] । यसबाट उनको वंशको सामान्य परिचय हामी पाउँछौं। बौद्ध सम्प्रदायमा चलेका देवताको स्तुति पारी मङ्गलाचरण[२] गरेकाले पनि उनको वंशपरिचय पाउन सजिलै पर्छ। सुन्दरानन्दले पाटनको मछिन्द्रजात्राको विस्तारपूर्वक बयान गरेका छन्,[३] । तर भादगाउँको बिस्केटको नामै लिएका छैनन्, काठमाडौंको इन्द्रयात्राको नामसम्म गोरखाली राजवंशको वर्णनको प्रसङ्गमा लिएका छन् । पाटनको मल्लकालको अन्त्यको इतिहासलाई विस्तारपूर्वक लेख्न खोजेका[४] सुन्दरानन्दले भक्तपुर तथा कान्तिपुरको विषयमा त्यस्तो लेख्न उद्योग गरेका छैनन् । यी कुराबाट सुन्दरानन्द पाटनसंग विशेष परिचित थिए भन्ने स्पष्ट छ ।

पाटनको ओकुबहाल (रुद्रवर्णमहाविहार) मा सुन्दरानन्द बस्तथे तथा उनको पाचौं पुस्तामा म जन्मेको हुँ भन्ने पण्डित यज्ञानन्द वज्राचार्यको भनाइ छ[५] ।

यस कारण पाटनमा रहेको बौद्ध पुरोहित-वंशमा सुन्दरानन्दको जन्म भएको देखिन्छ ।

सुन्दरानन्दले अमरकोशमा परेका शब्दलाई चाख मानी प्रयोग गरेका छन्[६] । रघुवंशका श्लोकका भाव पारी, कहीं त पद वा पाद पारी पद्यरचना गरेका छन्[७] । यसबाट सुन्दरानन्दले अमरकोश र रघुवंश पढेका थिए भन्ने देखिन्छ । भर्तृहरिशतक, भोजप्रबन्धका पाद पारी श्लोक बनाएकाले ती ग्रन्थ पनि यिनले हेरेको बुझिन्छ[८] । पूजा-पाठ दान-दक्षिणाको विषय चाख मानीकन वर्णन गरेकाले[९] पौरोहित्य-वृत्तिमा

---

१. २२१, २७९, श्लो. परिशिष्ट (क)को १३, २३ श्लो,
२. ४ श्लो, ३. ७२-७६ श्लो, ४. ३९-५७ श्लो,
५. यो कुरा घनवज्रले मलाई भनेका हुन् ।
६. १५, ४१, ८८, १८५, २०८, २६० श्लो,
७. १०-१३, ३१, ३३, ७९, ९०, ९३ श्लो,
८. १५५, १८४, श्लो.
९. २९-३०, ६५, ६९, ९७-९९, १०१, १०३-४, १२७ २८, १३४, १३८-१६०, १९६, १९८, २०७-२० श्लो,

CC-0. In Public Domain. Digitization by eGangotri

सुन्दरानन्दको रुचि थियो भन्ने स्पष्ट छ। तन्त्र तथा पुराणको चर्चा गरेकाले[१] तो विषयका ग्रन्थ यिनले हेरेका थिए भन्ने देखिन्छ। महाभारतको कथाको उल्लेख गरेकाले[२] महाभारत यिनले हेरेको बुझिन्छ। शकुन अपशकुनको कुराको पनि चर्चा गरेकाले[३] त्यस विषयको ज्ञान पनि यिनलाई भएको बुझिन्छ। ज्यौतिष-शास्त्रको पनि केही उल्लेख गरेकाले[४] [सो शास्त्रको सामान्य ज्ञान यिनलाई भएको बुझिन्छ। आफ्नो कालको र केही अघिको पनि नेपालको इतिहास पारी ग्रन्थ लेखेकाले नेपालमा इतिहासको पर्याय बनेको वंशावलीको अध्ययन तथा संग्रह यिनले गरेको स्पष्ट छ।

शासकहरूका मनोभाव बुझी लेख्ने योग्यता आफूमा ल्याउन सकेकाले काव्यरसिकहरूको संसर्ग सुन्दरानन्दले पाएको देखिन्छ। "कर्नेल (पछि प्रधान मन्त्री) मातवरसिंहको निमित्त उनको आज्ञाले मैले पाटन कृष्णमन्दिरको शिलालेख सारेको हुँ"[५] भनी राष्ट्रिय-पुस्तकालयको त्रिरत्न-सौन्दर्य-गाथाको प्रतिमा लेखेको देखिएको र त्रिरत्नसौन्दर्यगाथाको एक अर्को प्रतिमा "भीमसेन थापाको आज्ञाले मैले यो पुस्तक लेखेको हुँ"[६] भनी लेखिएकोले पनि भारादारहरूसंग सुन्दरानन्दको सम्बन्ध भएको देखिन्छ।

---

१. २, ७०, ७४, ८६, २. १६, २०४,

३. १००, ११४, ४. २३७-३८,

५. "....श्रीकृष्णजुदेवलया शिलापत्रया नकल ॥ श्रीमाथवरसि थापा कर्णेलनं ल्हेयकल॥ सं. ९५३ आशुनवदि १३ रोज ६ श्रीरामनारां खतृ सुब्बा ॥ श्रीसुंदरानंदं ॥"

[श्रीकृष्णमन्दिरको शिलापत्रको नकल। ने. सं. ९५३ [वि. सं. १८९०] आश्विनकृष्ण-त्रयोदशी शुक्रवारका दिन कर्नेल श्रीमाथवरसिंह थापाले सुब्बा श्रीरामनारायण खत्री, श्रीसुन्दरानन्दद्वारा सार्न लगाएको।]

६. इति प्रमुदितचेताः श्रीमहाराजकीर्तिं
जनरलसचिवाग्र्यस्याज्ञया सुन्दराख्यः ।
गणयति च तदस्तु श्रीत्रिरत्नस्य तुष्टयै
यदि पदमपशब्दं क्षन्तुमर्हन्ति सन्तः ॥ (परिशिष्ट 'क')

[प्रधान मन्त्री जनरल साहेबको आज्ञाले सुन्दरानन्दले मन खुशी पारी राजाको कीर्ति भएको यो ग्रन्थ बनाएको हो। त्यसले त्रिरत्न (राजा रानी मन्त्री) खुशी होऊन्। यहाँ अशुद्ध परेको भए सज्जनहरूले क्षमा गर्नुपर्छ।]

CC-0. In Public Domain. Digitization by eGangotri

नेपाली भाषामा कलम चलाउन सक्ने ग्रन्थकारका रूपमा उत्रेका नेवारी भाषा-भाषी पुरुषमा हामीलाई अहिले थाहा भएसम्ममा पण्डित सुन्दरानन्द पहिला छन्[१]। सुन्दरानन्दको नेपाली भाषा भाव बुझाउन सक्ने नेपाली भाषा छ। यस कारण सो भाषामा उनको राम्रो अधिकार भएको बुझिन्छ। सुन्दरानन्दले गरेका नेवारी भाषाका केही कविता पनि यस ग्रन्थमा परेकाले नेवारी भाषामा पनि उनी कविता बनाउँथे भन्ने देखिन्छ।

हिन्दी जस्तो भाषाका केही कविता पनि सुन्दरानन्दका पाइएका छन्। त्यहाँको भाषा नेपाली भाषा जान्ने तर हिन्दी भाषा नजान्ने पुरुषले नेपाली भाषामा है इत्यादि थपी काम चलाउन गरेको उद्योग रूपका देखिएकोले सुन्दरानन्दमा हिन्दीका दोहा गीत-हरूको केही प्रभाव परेको थियो भन्ने देखिन्छ।

यसरी संस्कृतका कोश काव्य पढेका, तन्त्र पुराण ज्यौतिषहरू हेरेका कर्मकाण्ड गर्न जान्ने, पुराण भन्न सक्ने, संस्कृत नेपाली नेवारी यी तीन भाषामा कलम चलाउन

---

१. लक्ष्मीनरसिंहको नेपाली भाषामा लेखिएको वि. सं. १६९८ को शिलालेख मखन शिवालयभित्र र काठमाडौं ठूलो घण्टानिर पाइएको छ। सो शिलालेख घनदज्र+ज्ञान-मणिको इतिहास-संशोधनको पहिलो संख्यामा, योगी नरहरिनाथद्वारा इतिहास प्रकाश १।१ मा र रामजा+देवीप्रसाद+शङ्करमानको इतिहास-संशोधनको दोस्रो संख्यामा छापिएका छ।

प्रतापमल्लले वि. सं. १७२७ मा रानीपोखरी बनाउँदा राखेका नेपाला भाषामा लेखिएका एकै बेहोराका तीन शिलालेख रानीपोखरीको आसपासमा पाइएका छन्। सो शिलालेख ज. मृगेन्द्र शमशेर ज. ब. रा. द्वारा भानुभक्तस्मारक ग्रन्थमा, श्यामराज+मोहन-नाथ+बाबुराम+किशोरमणि+सुशीलकुमारद्वारा संस्कृत-सन्देश १।१२ मा, शङ्करमानद्वारा पुरातत्त्व-पत्र-संग्रहमा छापिएको छ।

वि. सं. १७२० मा भक्तपुरका राजा जगत्प्रकाशमल्लले नेपाला भाषामा गरिदिएको कागतपत्र र वि. सं. १७७१ मा भूपतीन्द्रमल्लले नेपाली भाषामा गरिदिएको ताम्रपत्र पाइएका छन्। ती कागतपत्र तामपत्र शङ्करमानद्वारा पुरातत्त्व-पत्र-संग्रहमा छापिएका छन्।

यी अभिलेखबाहेक सुन्दरानन्दभन्दा अघिका कुनै नेवारी भाषा-भाषीले नेपाला भाषामा रचना गरेको ग्रन्थ अहिलेसम्म हामीले पाउन सकेका छैनौं।

CC-0. In Public Domain. Digitization by eGangotri

सक्ने ÷, हिन्दीमा पनि कलम चलाउन उत्सुक, वंशावली तथा काव्यका रसिक, भारादारहरूकहाँ आवत-जावत भएका, व्यवहारचतुर× पुरुष सुन्दरानन्द देखिन्छन् ।

संस्कृत श्लोकैपिच्छे भने जस्तै अपशब्द परेकाले संस्कृत भाषाका व्याकरणको भने यिनले राम्रो अभ्यास गरेको देखिंदैन। अरू शास्त्रमा पनि यिनको गहिरो अध्ययन नभएको कुराको विषयमा तल विचार गरिएको छ।

—०—

÷ प्रज्ञापारमिताको नेपालीमा अनुवाद सुन्दरानन्दले गरेका थिए तथा संस्कृतमा केही स्तोत्र पनि सुन्दरानन्दले बनाएका थिए भन्ने यज्ञानन्द वज्राचार्यको भनाइ छ। परन्तु सुन्दरानन्दका ती कृति हामीले हेर्न पाएका छैनौं।

× महामारी (हैजा) फैली दिनको ७० जनासम्म मर्न लागेको बेलामा मलाई पनि सो रोगले प्राणान्त पारेथ्यो । तर मैले पृथ्वीनारायण शाहको चरित्रको वर्णन गरेको हुनाले म बाँचें। त्यस कारण यो ग्रन्थ सुन्ने सुनाउनेको सबै तरहबाट भलो हुन्छ भनी आफ्नो ग्रन्थलाई पुराण बनाई राजालाई खुशी पारी सफल हुन उद्योग गर्ने ग्रन्थकारले आफ्नो चातुर्य देखाएका छन् । (७८ श्ल)

CC-0. In Public Domain. Digitization by eGangotri

ग्रन्थरचनाको हेतु

विशेष उद्देश्य राखेर नै बुद्धिमान्ले काम गर्ने हुनाले र बुद्धि भएकै मनुष्यले ग्रन्थ बनाउनु पनि प्रायः सम्भव भएकोले ग्रन्थकारले ग्रन्थ किन बनाए होलान् भन्ने विषयमा विचार गर्दा जिज्ञासुहरूलाई विशेष लाभ हुने देखिन्छ। यस कारण पण्डित सुन्दरानन्द बाँडाले त्रिरत्नसौन्दर्य्यगाथानामक यस ग्रन्थको रचना कुन हेतुले गरे होलान् भन्ने कुरामा अब विचार गरिन्छ।

"श्रीमद्रत्नत्रयाख्यं मह अतिसुखदं सर्वभूताश्रयं तद्
यद् दारिद्र्यान्धकारं क्षपयति विदुषां सुन्दरानन्दरूपम्।
जीयात्तत्क्षोणिपृष्ठे शतमिह शरदां सर्वदिक्षु प्रसर्प-
ज्ज्योतिः श्रीपृथ्विनारायणकुलजलधौ जातमच्छिद्रवृत्तम् ॥२॥

श्रीपदले युक्त भयाका रत्नत्रय भनि नाम भयाका मह उत्साह तेजकन अत्यन्त चित्तहर्षले म स्मरण गर्छु. जौना रत्नत्रय भन्याका मह उत्साह तेजले विद्वज्जनका दरिद्र-रूप अंधकारकन नाश गरेर धनी तुल्याई चित्त स्वास्थ्य गराई बुद्धिको चमत्कार बढ्दछ र पुराणादि ग्रंथको उक्ति वचन समुझिछन् र प्रामाणिक माहात्म्य वर्णन गर्नामा बुद्धि फैलाउँछन्…एस् प्रकारका रत्नत्रय नाम भयाका तेज…श्री ५ पृथ्वीनारायण महाराजाका कुलमा जन्म्याका श्रीराजा रानी मंत्री जय २ भै रहुन् ॥२॥

रम्भास्तम्भदिधक्षुरग्निरिव यः क्षिप्रः प्रदीपोऽम्भसि
प्रालेयांशुरिवाभ्रजालपिहितः सूर्यः शुचौ दुर्दिने।
गाङ्गेयस्य शरेण पीडिततनुः सेनेव यौधिष्ठिरी
बुद्धिः सुन्दरनन्दजा क्षतिमगाद् दारिद्र्यतापोल्वणात् ॥२२१॥

जस्तै केराको बोटमा लायाको अग्नि बलियो गरि बल्दैनथ्यो. जस्तै अचला सप्तमीका दिन लौकामा बाति बालि गंगामा बहायाका पानीमाथिको महादापको तेज बलियो गरि बढ्दैनथ्यो. जस्तै मेघमण्डलले छोपियाका पूर्ण चन्द्रमण्डलका ज्योतिकन तेज बढ्याको देखिदैनथ्यो. जस्तै अकाशमा बादल लाग्याका दिनको घाम तेज बढ्दैनथ्यो. जस्तै गाङ्गेय भीष्म पितामहका शरजालताडित गर्दै राख्याका युधिष्ठिर राजाको सैन्य फौद घट्त मात्र गयोथ्यो. तस्तै गरिकन सुंदरानंद बाडा पंडितको बुद्धिकन बढाउनाको शक्ति छैन। क्या हो भन्या हा कष्ट दरिद्ररूपी अग्निका ज्वालाले पोल्याका पुत्र पुत्रीसमेत परिवार भातृ बन्धुबर्गकन शीतल गर्न्या औषधि पायेन. महाशङ्काविषले बुद्धि घटता गयाको हो. तस्मात् शीतल हुन्या औषधि बक्स्याजावस् भनि अर्जि गर्न्याको हो ॥२२१॥

CC-0. In Public Domain. Digitization by eGangotri

पञ्चानां जगतीभृतां पुरुषरत्नानां समुच्चारणो-
ज्जिज्ञासा बहुशोऽन्वकारि जिनजेनार्येषु भूभृत्सु या।
तद्दारिद्र्यमहार्णवप्तरणे नौकेव मे जायतां
स्वस्ति श्रीयुवराजयं हि शतवर्षायुर्वरीवर्तताम् ।।२७६।।

अघि भैगयाका समयका चमत्कारले पुस्तावर सुभिक्ष गैह्र पछिका जन गैह्रलाई ज्ञान रहोस् भन्नानिमित्त नाम लिनै मात्र संपूर्ण पापकन हर्न्या पुरुषरत्न गोर्षेश श्री५ पृथ्वीनारायण साह महाराजा प्रमुख सिंहप्रताप साह श्रीरणबहादुर साह श्रीगीर्वाणयुद्ध-विक्रम साह श्रीराजराजेन्दविक्रम साह एति ५ पुस्ताका नाम हाजीरी गरि पिछा पन्याका अर्जीले गरिकन सुन्दरानन्द पण्डित बाडाको दरिद्ररूपी महासमुद्रको पार लैजान्या महा-बलियो डुंगा भै जावस्. परंतु मुख्य कारण इनै गोर्षेश महाराजाविषे छैटौं पुस्ता भै औतार भयाका श्रीयुवराज श्रीसुरेन्द्रविक्रम साहकन शत वर्षपर्यन्त आयुर्दा रहोस्" ।।२७६।।

"आत्मीयाश्रयधासनाविरहिते देवान्तरानाश्रया—
च्चाञ्चल्याद्गतसौहृदं जनमनुज्ञात्वा स्वपाल्यं त्वरा।
प्रज्ञोपायसमाधिदानवशतो यानत्रयप्रापकं
श्रीरत्नत्रयसंज्ञितं सुविपुलं धाम प्रपद्ये परम् ।।१।।

पहिलै श्रीरत्नत्रय भनि नाउ भयाका सबै दुनियाका हीरा जस्ता जाज्वल्यमान तेज भयाका पुरुषरत्न श्री ५ मन्महाराजा १ सकल प्रकृतिविषे मूल प्रकृति भयाका शक्तिरत्न श्री ५ मन्महारानी १ सप्त राज्यांगविषे मंत्रणामा मूलरत्न भयाका काजी जनरल १ इ तिनवटा सरूपी भूमण्डलविषे निर्मल भयाका परं ब्रह्म तेजकन म शरण गर्छु. ई परं ब्रह्म तेज कस्ता छन् भन्या आफुसँग चाकरि गर्नामा अभ्यास नगर्‌याका कोहि धनिसंग पनि चाकरि नगरि चंचल मात्र भै रहन्या फेरि इष्टमित्र पनि कोहि नभयाका एस्ता गरीपकन आफैले सधाउन्यै हो भनि जानि तस् ज्ञानले सिकाई षाना पिनाको उपाय जीवनवृत्ति जागीर दीकन चित्त बुझाई आफुसंग चाकरीमा राषिकन तिन तरहका यान भंनु मार्गमा पुन्याई इहलोकमा भुक्तिकन परत्रमा मुक्तिकन दिन्या यान इ तीन थोक वेदशास्त्र धर्म्मशास्त्र नीतिशास्त्रका मार्गले देश देशका स्रेष्टा थितिबितिकन राषि निसाफ गर्न्या भयाका श्रीरत्नत्रयनामा श्री ५राजा रानी मंत्रीकन शरण गर्छु ॥

जनरल प्रभु है महावीर दाता सदा ज्ञानिपि लोक उद्धार यायेगुली।
स्वरग भुवनया सिमा रूपह्म इंद्रया थ्यं बडा नाम जाहोर दक्को दिशास ।।१२।।
गुरु गणपतिनं महाकालनं श्रीबुगंदेवनं लक्ष्मिनं अंश विश्यं तया।
जिपनि वह मनुष्य उद्धार यायेगुलीस गठे छाय धंधा मकायी प्रभुम् ।।१३।।

फेरि चित्तका हर्षले नेपालभाषाबाट श्लोक भन्न लाग्यो. हे जनरल हे प्रभु हे

CC-0. In Public Domain. Digitization by eGangotri

महावीर हे दाता सबैं ज्ञानिहरुको र गरिपको उद्धार गर्नामा कल्पवृक्ष सरूप शरीर भैकन चितायाको दिन्या एक तपाई हुनुहुंछ.इन्द्रका झैं सबै दिशामा बडा नाम जाहीर भयाका श्रीगुरु गणपतिले पनि महाकालले पनि श्रीमत्स्येन्द्रनाथले पनि लक्ष्मीले पनि आफ्ना आफ्ना सिद्धिको अंशकन दि राष्याका तपाई हुनुहुंछ । एस्ता तपाईंले हामि जस्ता साना मानिसको उद्धार गर्नामा पनि क्यान धंधा लिनुहोवैन. अर्थात् सर्वथा धंधा लिनुहोला. ग्रंथकार बाँडाका दरिद्रता छुटाईदिनुहोला ॥

न्हुं न्हुं दुःख अपालयां ततुततं न्हुं न्हुं मही ता दतं
सुं सुं सुं ऋसुकाल तूं ततुतया छुं छुं मफू ज्या थिए।
धंधा तूं मनसं जुलो धन मडू धंधा सदा दामया
हा हा दैव थनी छिगू दरशनं दौर्भाग्य मोचं जुलो ॥२३॥

उप्रांत ग्रंथकर्ता सुन्दर बाडाले आफ्ना दारिद्रय र दौर्भाग्यकन जहारी गर्दै अर्जी गर्छ. दिन्का दिन बडुतै थप्तै थप्तै दुःख परिरह्यो. दिनका दिन केहि आरंभ गन्याका काज काममा व्यर्थ भैगयो. दरिद्रको त थोरै काज काममा पनि नसहिन्या ढेरै हुन्छन्. तस्कारण सुं सुं सुं गर्दै सुस्केरा फेर्दै केही काज काम छुनै सक्तैन. तेति नसक्ता आज कसो गरि निर्वाह गरनु. परियार पालनु. भोलि बेर क्यापं होला, कस्ता होला भन्या फिक्का मात्रै बढ्यो. ष्वामिद्रको चाकरी छोड्यो. तेस्माथि धन छैन. धंधा भन्याका सबैं दामका हुंछ. दाम पायेन र लालाबाला पालनु र कवितामा अभ्यास गनु अवसान भैगया. एसै प्रकारका हाहाकार हुंदाका बखतमा तिम्रो दर्शन पायाँ. हे त्रिरत्न हे प्रभु हे दैव मेरा दौर्भाग्य आज छुट्टि गया'

[परिशिष्ट 'क' बाट]

सुन्दरानन्दका यी उक्तिबाट सुन्दरानन्दको यस ग्रन्थरचनाको मुख्य उद्देश्य 'राजपरिवार तथा मन्त्रीलाई खुशी पारी उनीहरूबाट पुरस्कार पाउनु' थियो भन्ने कुरा स्पष्ट बुझिन्छ ।

भीमसेन थापा सबैलाई दबाई हर्ता-कर्ता भएका थिए । उनले त्यसरी अधिकार पाउनाको औचित्य सिद्ध गर्ने हेतु 'अघिका मन्त्रीहरूले स्वार्थबश राजाको र राज्यको अहित हुने काम गरेकाले मैले राज्यमा एकता ल्याई प्रबन्ध गरेको छु भन्ने उक्ति थियो[१] ।

---

१. "५४ सालदेखिन् ओढो नेपालमा अनेक तरहको प्रकृति फिर्दा नषप्रभृतिसंग सलुक हुँदा ६३ सालमा बडा बडा आदमीसमेत प्रभुको बैकुण्ठवास हुँदा ताहाँ फिरंगीका हात पस्छ भनि बुझ्याको रहेछ. ६३ सालदेखिन ओढो उत्तरोत्तर वृद्धि एकवाक्यता मुलुकमा बंदोबस्त सब बातमा षवरदारी सहर पुल घाट र हरद्वारमा हवेली केदारको मन्दिर बनाउनु धर्मतिर पनि चर्चा तोप बन्दूक बारूद गोला रोजबरोज तयार हुन्छ. जंगी

CC-0. In Public Domain. Digitization by eGangotri

भीमसेन थापाको यो मनसाय चतुरा सुन्दरानन्दले बुझेका थिए। यसैले दामोदर पाँडे शेरबहादुरहरूको निन्दा गर्नु सुन्दरानन्दले आफ्नो कर्तव्य संझेका छन् ÷।

भीमसेन थापा संस्कृतभाषा जान्दैनथे। यस कारण उनलाई आफ्नो कुरा सुनाउन नेपाली भाषाको आश्रय लिनु आवश्यक थियो। यस कारण भीमसेन थापाका प्रशंसक पं. वाणीविलास पाँडेले जस्तै गरी सुन्दरानन्दले पनि संस्कृतको साथै नेपाली भाषाको पनि आश्रय लिएका छन्। यस विषयको विशेष चर्चा 'वाणीविलास र सुन्दरानन्द' भन्ने प्रकरणमा गरिएको छ।

फौजले मजबुतिसंग भरमुलुक चयन रह्याको छ भन्या पबर अंतबाट पनि सुंदा विशेष शाह्रिजीले भंदा प्रतीति परी बडो धाक् मान्याको रहेछ."

बि. सं. १८७१ मा ग्वालियरबाट पद्मपाणि पण्डितले भीमसेन थापालाई लेखेको पत्रबाट। यो पत्र 'ज. भीमसेन थापा र तत्कालीन नेपाल' को २८५-२९१ पृष्ठमा प्रकाशित भएको छ।]

÷'ये केचिद् व्यभिचारिणः प्रकृतिषु स्वामिप्रवासं बहू-
कृत्वा मार्गनिरोधिनः प्रतिदिशं ये कूटसंचारिणः।
एनोभिर्बहुजन्मजैः परिणता विण्मूत्रपूयाकुले
ते चासंस्कृततन्तुबद्धकटयो ऽमज्जन् दुरन्तागसि ॥ १६९ ॥

श्री ५ स्वामि रणबहादुरका वनवास हुँदा षुसि हुन्या फेर वनवासदेषिन् फर्कि आउनन् भन्या डरले बाटघाट रोकन षोजन्या एस्ता व्यभिचारि कूट सचिव जो छन्, सेा पूर्वजन्मका पातकले कच्चा तुंबा झुन्डाई विशाल नदी तन्या भैं श्री ५ रणबहादूर साहका प्रतापरूपी नदी तरनु षोजन्या स्वामिद्रोही जो छन्, कपटरूपी कच्चा तुंबा फुटि मलमूत्र आदि कुह्याका अपवित्र दुर्गन्धको तरङ्गले व्याप्त भै छोपियाका नरक कुण्डविषे डुविगया ॥१६९॥

कूटसचिवहरूका नामराशि ग्रन्थविस्तार होला भन्नानिमित्त बहुधा लेखनु छोड्याको हो ॥१७३॥

ऐलेका भारदार दुनिञासमेत रातबिरात जुवा खेलनामा लाग्याका छन्, कोहि गांजा लि खान्छन्, गाजाले मातियाका भारदारले क्या सहि राष्तछन्, गाँजाका डम्काले कोहि रुदै रहंछन्, कोहि चित्तमा केही शंका नराषि मनोज्ञ बात बोल्छन्, कोहि उसै ठाउ वसि फाकाफाक षानापिना गर्छन्, कोही बक्सिस भयाका पनि वस्तुकन पनि पाउदैनन्, कोहि संदूक भरिराष्तछन्, एस्तै गरिकन एक स्वामीज्यूविना भारदारसमेत दुनिञा नानातरहका भै गया छन् ···॥१२५॥

तस्तै बीचमा श्री ५ स्वामिज्यूका पाउरषाली जानुभयाका श्रीमहारानी राज्य-लक्ष्मीदेवीलाई कटहरवनबाट मदपान-गंधले मातियाका डंकिनीका भैं यथेच्छाले बकबकी

CC-0. In Public Domain. Digitization by eGangotri

यताबाट त्रिरत्नसौन्दर्य्यगाथा बनाउनाको उद्देश्य त्रिरत्न अर्थात् राजा रानी मन्त्रीलाई खुशी पारी धन कमाउनु थियो भन्ने कुरामा सन्देह रहोइन ।

भयाका अजयरेखा १ मातु १ भ्रमरकला १ तुरकी १ आदि नामका केटीहरूले कांतिपुरमा लियाई षुसामतीले महारानीकन चाकरीले फुल्यायिन् र आफ्ना २ षुसिसंग सषारिमा द्याच्या भई राजकाज गर्दी भइन् ॥१२१॥

चेटीप्रायं च राष्ट्रं जनकरणबहादूरसाहं विनेति ॥१२३॥

[बुबा रणबहादुर शाह नहुँदा (काशीमा सवारी हुँदा) सबै राज्य केटीमय हुन गयो ।]

क्व च नृपरणबाहदूरसाहः
क्व च सहजाहितसेरबाहदूरः ॥१८४॥

··· श्री ५ रणबहादूर साह जस्ता यतीश्वर स्वामिज्यू सेरबहादूर जस्ता अहित गर्न्या तरबार छोडन्या वैमातृक भाइ.'

यसै गरी ११५, १२४, १७१, १७२ श्लोकमा पनि भीमसेन थापाभन्दा अधिका भारदारहरूको निन्दा गरिएको छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

ग्रन्थ-परीक्षा

कसीमा घोटी जाँचिएको सुनले नै उचित मोल पाउन सक्ने हुनाले सुनको गहनाको मोल लाउने मुख्य कुरो कसी हुन्छ। यसै गरी ग्रन्थको परीक्षाले ग्रन्थको उचित मोल लाउँछ। यस कारण अब यस त्रिरत्नसौन्दर्यगाथाको परीक्षा गरिन्छ।

यस ग्रन्थमा (पाठान्तर र परिशिष्ट 'क' मा समेत गरी)-

संस्कृतका	श्लोक	३१९
नेपालीका	श्लोक	११
नेवारीका	श्लोक	५
हिन्दीका	श्लोक	१४

परेका छन्। केही श्लोकलाई छोडी प्रत्येक श्लोकको नेपाली भाषामा अर्थ खुलाएर दिइएको छ। यो अर्थ नभएको भए मूल श्लोकबाट मात्र हामी ग्रन्थकारको भाव ठीकसंग बुझ्न सक्तैनथ्यौं। किनभने व्याकरणहरूको नियमलाई नाघ्ने[1] वाक्यको यही अर्थ हुन्छ भनी ठम्याउने साधन केही नहुँदा कवि कालिदास र उनकी गृहिणी हुने राजकुमारीको हातको ईशाराको अर्थ दुबैले भिन्नाभिन्नै लाए जस्तै[2] सुन्दरानन्दका श्लोकका अर्थ पनि मानिसपिच्छे भिन्नाभिन्नै हुने थिए। तर सुन्दरानन्दको नेपाली भाषा भाव बुझाउन सक्ने भएको हुनाले यो ग्रन्थको निश्चित अर्थ छ र यो ग्रन्थ परीक्षा गर्न सकिने पनि छ।

यस ग्रन्थमा इतिहासका कुरा मुख्य गरी परेका हुनाले त्यस भागको परीक्षा गर्नु नै हाम्रो मुख्य उद्देश्य हो। तर भाषा बुझ्न नसके इतिहास पनि बुझ्न नसकिने हुनाले भाषाको पनि परीक्षा गर्नु आवश्यक छ। काव्यको रूपमा श्लोकबद्ध गरी लेखिएको हुनाले काव्य-दृष्टिबाट पनि यसको परीक्षा हुनु उचित छ। यस कारण पहिले भाषा अनि इतिहास अनि काव्यको दृष्टिबाट यहाँ परीक्षा गरिन्छ।

हामीहरू ने. भा. प्र. समितिको व्याकरणको अनुसरण गर्ने भएका हुनाले हामीहरूको नेपाली भाषाको लेखाइ एक प्रकारले निश्चित भए जस्तै छ। हुनत यहाँ पनि संशोधन गर्नुपर्ने विषय धेरै छन्। सो व्याकरणका विपक्षीका दृष्टिमा त ने. भा. प्र. समितिको लेखाइ अशुद्ध ठहर्छ। यस्तो कचिङ्गल अहिलेसम्म रहिरहेकोले नेपाली

---

१. यो कुरा तल दिइएको छ।

२. यो कथा ने. भा. प्र. समितिद्वारा प्रकाशित सहायक-प्रवेशिका ५ भागमा पनि छ।

CC-0. In Public Domain. Digitization by eGangotri

भाषाको लेखाइमा एकरूपता आउन सकेको छैन । सुन्दरानन्दका पालामा त नेपाली भाषाको व्याकरण बनेको थियो, न दिग्गज विद्वान्हरू नेपाली भाषामा कलम चलाएर आफ्नो गौरव रहन्छ भन्ने अनुभवै गर्न सक्तथे । यस कारण अपठितहरूको काम चलाउको निमित्त लेखिएको त्यस वेलाको नेपाली भाषामा शुद्ध अशुद्धको कुनै कुरा उठाउन नसकिने हुनाले ग्रन्थकारलाई अशुद्ध लेखे भनी बात लाउन सकिंदैन । त्यस वेलाका नेपाली भाषामा लेख्नेहरूले कस्ता कस्ता रूप प्रयोग गरेका थिए तथा ती रूपमा र वर्तमान रूपमा के अन्तर परेका छन् भन्ने कुरा मात्र विचार गर्न सकिन्छ ।

हजारौं वर्षदेखि संस्कृतभाषा विद्वान्को भाषा भएर आएको छ । संस्कृत भाषाका वैयाकरण तथा कोशकारहरूले बडो परिश्रमसाथ संस्कृत भाषाको रूप निश्चित गरिदिएका छन् । सो निश्चत रूपको अवहेलना गर्दा च्युतसंस्कृति-दोष पर्छ भनी परीक्षकहरूले ठोकुवा गरी बोलेका छन् । च्युतसंस्कृति दोष पारी लेख्नेले आफ्नो अज्ञान स्वीकार गर्नैपर्छ । 'अपठितको उक्तिको मैले नक्कल गरेको हुँ' भनी त्यस्तो उक्तिमा च्युतसंस्कृति दोष पार्ने ग्रन्थकारले आफू उम्कने एउटा बाटो छ । त्यसभन्दा बाहेक च्युतसंस्कृति दोष पार्नेलाई क्षमा दिन सकिदैन । हाम्रा पण्डित सुन्दरानन्दले च्युतसंस्कृति दोष प्रशस्त पारेका छन् । जस्तै[१]—

श्लोक	सुन्दरानन्दले प्रयोग गरेका रूप—	शुद्ध रूप—
२	मह अतिसुखदं	महोऽतिसुखदं
५	ग्रसितवती	ग्रस्तवती
६	संशासिता	संशिष्टा
”	व्याक्रोशती	व्याक्रोशन्ती
७	त्रपयते	त्रपते
८	आश्रयाणः	आश्रयमाणः
१४	अनुशोचयन्तः	अनुशोचन्तः
१६	निष्पेषिताः	निष्पिष्टाः
२१	भवन्तो गुणं प्रगृह्णथ	भवन्तो गुणं प्रगृह्णन्तु
”	भवन्तः कृमिं नो पश्यथ	भवन्तः कृमिं नो पश्यन्तु
”	भवन्तो गच्छध्वम्	भवन्तो गच्छन्तु
४७	उपाक्रमेत्	उपाक्रामेत्
५०	आनयति (भूतकालमा)	आनयति स्म
५६	श्रीराजानम्	श्रीराजम्

१. मेरो प्रेरणाले घनवज्र वज्राचार्यले यो संग्रह गरेका हुन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

श्लोक	सुन्दरानन्दले प्रयोग गरेका रूप—	शुद्ध रूप—
५६	अभिद्रवन्ति (भूतकालमा)	अभिद्रवन्ति स्म
,,	अभिषेचिरे	अभिषिषिचिरे
५८	-हालाहल अवनिपति-	-हालाहलोऽवनिपति-
५९	उपारुहन्	उपारोहन्
६०	श्रौकौमारीययात्रा	श्रीकौमारयात्रा
,,	-दिवस अति-	-दिवसेऽति-
,,	श्रीपृथ्विनारायण अतुल-	श्रीपृथ्वीनारायणोऽतुल-
६१ र १७३	संमर्दयित्वा	संमृद्य
६२	तत अवनिपतिः	ततोऽवनिपतिः
६३	-रुचय अवनी	रुचयोऽवनी
,,	कुतुकता, आह्लादता	कुतुकम् आह्लादः
६६	पृथ्वीनारायण अवनि-	पृथ्वीनारायणोऽवनि-
,,	अनुकुरुते	अनुकरोति
६८, १०२,	आज्ञपत्	आज्ञापयत्
,,	धरातल अशेष-	धरातलेऽशेष-
६९	उपाक्रमत्	उपाक्रामत्
७०	अविदितविधवाः	अविदितवैधव्याः
८३	शाक्तिकाः	शाक्ताः
,,	बोधिकाः	बौद्धाः
७४	जप्तं	जपितं
८३	विरेमे	विरराम
८५	अर्पयत्	आर्पयत्
८६	मीमांसति	मीमांसते
८७	नन्दीसंज्ञान्	नन्दिसंज्ञान्
,,	साँढचोपनामैः	साँढचोपनामभिः
८८	व्याघ्रान्···संपालकः	व्याघ्राणां···सपालकः
८९	कान्तीपुरत अनुमितिम्	कान्तिपुरतोऽनुमितिम्
९३	-रणबहादूरत अथ	-रणबहादूरतोऽथ
१००	आनयिष्यति	आनेष्यति
१०३	गमिता	गन्ता
१०४	श्रोत्रियेभ्य अददात्	श्रोत्रियेभ्योऽददात्

CC-0. In Public Domain. Digitization by eGangotri

श्लोक	सुन्दरानन्दले प्रयोग गरेका रूप—	शुद्ध रूप-
११०	सिञ्चितस्य	सिक्तस्य
१११	किं बन्दुकप्रहननानि नो दीयसे	किं बन्दुकप्रहणनानि नो दीयन्ते
११६, १२३, २१३	स्मारन् स्मारन्	स्मारं स्मारं
११६	रणबहादूर अगमत्	रणबहादूरोऽगमत्
११८	आगमयति (भूतकालमा)	आगमयति स्म
१२२	अन्वमोदत्	अन्वमोदत
१२३	अददत्	अददात्
१२८	जपति (भूतकालमा)	जपति स्म
१३१	भीमसेन अभितः	भीमसेनोऽभितः
,,	काशिकात अभिनिष्क्रमणार्थम्	काशिकातोऽभिनिष्क्रमणार्थम्
१३५	ज्योतिषैः	ज्यौतिषिकैः
१४०	यूयमास्थ	यूयमाध्वे
१४६	परित्राहि	परित्रायस्व
१४७	-वत्सल असन्-	-वत्सलेऽसन्-
१६५	व्यजिज्ञापयत्	व्यजिज्ञपत्
१७०	अहोऽरुन्तुदं	अहो अरुन्तुदं
१७१	गर्दभं वाहयाना	गर्दभेण वाह्यमाना
,,	तप अचरत्	तपोऽचरत्
१७५	संव्यूहयित्वा	संव्यूह्य
१७९	हरिश्चन्द्रराजा	हरिश्चन्द्रराजः
१८१	कणश अपि	कणशोऽपि
१८३	धर्मराज अभितः	धर्मराजोऽभितः
,,	स्वामिराज अभितः	स्वामिराजोऽभितः
१९९	स बिभराम्बभूव	स राज्यं बिभराम्बभूव
२००	उल्लोचयदास	उल्लोचयन्नास
२०३	हनुमत अनुभावात्	हनूमतोऽनुभावात्
२०७	आरभत्	आरभत
२०९	निर्मापयित्वा	निर्माप्य
२११	पर्युष्टं	पर्युषितं
२१३	पायन् पायन्	पायं पायं
२२०	तिलोत्तमा···यशो गीयते'	तिलोत्तमया···यशो गीयते

CC-0. In Public Domain. Digitization by eGangotri

श्लोक	सुन्दरानन्दले प्रयोग गरेका रूप—	शुद्ध रूप–
२२६	विलसति असन-	विलसत्यसन्-
२२९	दाक्षिण्यः	दाक्षिणात्यः
२३२	यूथश अपत्य-	यूथशोऽपत्य-
२३६	अभिवर्द्धं तु	अभिवर्द्धं ताम्
२३७	मिथ अभाषत	मिथोऽभाषत
२४२	निन्दमानः	निन्दन्
२४३	शतश अतितराम्	शतशोऽतितराम्
,,	रमन्तम्	रममाणम्
२४६	परम अतितरां	परमोऽतितरां
२४९	द्रवितम्	द्रुतम्
२५४	गणयत अनिशम्	गणयतोऽनिशम्
२५६	वाहयानः	वहमानः
२५७	करीणां	करिणां
,,	हस्तीन्	हस्तिनः
२५८	येन नागा आनीयते	येन नागा आनीयन्ते
२६५	तिरश्चो-जग्मुः	तिर्यञ्चो···जग्मुः
,,	विसृजता	विसृष्टाः
,,	साम्यताम्	साम्यम्, समताम्
२७३	यक्षापतिः	यक्षपतिः

यसै गरी परिशिष्टमा दिइएका त्रिरत्न-सौन्दर्य-गाथाका संक्षिप्त प्रतिमा पनि अशुद्धि परेका छन् ।

— ——

CC-0. In Public Domain. Digitization by eGangotri

सुन्दरानन्दका नेपालीभाषामा र वर्तमान नेपाली भाषामा अन्तर+

सुन्दरानन्दका रूप	वर्तमान रूप-	सुन्दरानन्दका रूप-	वर्तमान रूप-
अघी (घि)	अघि (गि)	जन्याका	जडेका
अरणा / अर्ना	अर्ना	जौना	जुन
अवला	अमला	भै / भैं / भइँ	भैं
इन्हरु / इनिहरू	यिनीहरू(रु)	आहीं	यहीं
इहाछेउ	यहाँछेउ	टांकीकन	टाँगीकन
एति (ती)	यति	टुकरा	टुक्रा
एस्	यस	ढेरै	धेरै
एस्तो	यस्तो	ढोही (ई)	ढोई
एहि	यही	तनले	तिनले
क्यानभन्या / केनभन्या	किनभने	तपाजि (इँ)	तपाईं
कोहि (ही)	कोही	तस् / तेस्	त्यस
कौन (ना)	कुन	तस्ता	त्यस्ता
गुण	गुँड	तहाँ / ताहाँ	त्यहाँ
घरहि	घरघरै	तहि / तेहि	त्यही
घाई	घाउ	तिमि (मी)	तिमी
घिय	घ्यू(घिउ,घीउ)	दायिजो	दाइजा
चहन्या	चढ्ने	दियेर / दिएर	दिएर
चन्ह्याकी	चढेकी	देषि / देषिन् / देषीन्	देखि
चिल्ला	चील	नतर	नत्र
चोरावनु	चोराउनु	नम्रित	नम्र
छठमा / छेठा	छैटौं	नहौ	नहोऊ
छवै / छैं	छवटै		
जन्मनिबित्तिकै	जन्मनेबित्तिकै		

+मेरा प्रेरणाले धनवज्र वज्राचायले यो संग्रह गरेका हुन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

सुन्दरानन्दका रूप -	वर्तमान रूप-	सुन्दरानन्दक) रूप-	वर्तमान रूप-
पर्कन	पड्कन	लवांङ	ल्वांग (ङ)
पर्वार	पर्खाल	लिषेनछ	लेखिएनछ
पावैन	पाओइन	लियाई	ल्याई
फेर	फेरि	लुकुन } लुक्न }	लुक्न
फिनु पन्यो	फेर्नुपन्यो	लैगयाको	लगेको
फोहनुं } फोनुं }	फोनुं	लोटपोट	लूटपीट
बटोली	बटुली	वर्न्यो	ओढ्ने
बनायी	बनाई	वाल्लिकन	ओल्लीकन
बाषरा	बाख्रा	शुक्याका	सुकेका
बाति (ती)	बत्ती	शै	श(स)य
बिछोर	बिछोड	सकेनं	सकेनौं
बुभ्यौनन्	बुझेनौ	सदैं (धैं)	सधैं
बुढा	बूढा	सपर्दा	सप्रंदा
बुवासो	ब्वाँसो	समुझी (झि)	संझी
भणां	भएं	समुझ्या	सम्झे
भजुँ	भयौं	हउन्	होऊन्
भएर । भयेर	भएर	हरु (रू) } हेरु (रू) }	हरू(रु)
भागजाला	भाग्ला	हर्लो	हर्रो
भाव	भाउ	हवस् } हवोस् }	होस्
भै	भई	हवैनन्	होओइन्
भैं	अ, भ (भू, भु ईं (इँ)	हाति (ती)	हात्ती(ती)
मजूरा (र)	मुजूर	हामि (मी)	हामी
मरुति } मूर्ति }	मूर्ति		

आजकाल 'न्' लेख्ने ठाउमा सुन्दरानन्दले प्रायः अनुस्वार लेखेका छन् । जस्तै—

दिंछं=दिन्छन्

जांछन्=जान्छन्

रहंछ=रहन्छ

CC-0. In Public Domain. Digitization by eGangotri

भाषामा कण्ठ्य 'खकार' का ठाउँमा प्रायः सुन्दरानन्दले मूर्धन्य 'षकार' प्रयोग गरेका छन्। जस्तै—

षलवल=खलबल
षुस=खुश
आंषा=आँखा

आजकाल 'उकार' लेखिने ठाउँमा सुन्दरानन्दले कहीं कहीं 'वकार' प्रयोग गरेका छन्—

जीवन्=जिऊन्
छुटावन=छुटाउन
चोरावनु=चोराउनु
भाव=भाउ

आजकाल बीचमा हलन्त लेख्ने ठाउँमा प्रायः अजन्त रूप सुन्दरानन्दले प्रयोग गरेका छन्—

जितन=जित्न
जाँचदा=जाँच्दा
तरनु=तनुँ
बोलनु=बोल्नु

सुन्दरानन्दले ठाउ-ठाउँमा 'र' को ठाउँमा ल, 'ल' को ठाउँमा 'र' लेखेका छन्—

कसिंगल=कसिंगर
हरलो=हर्रो
फल्मायाका=फर्माएका
सत्तर=सत्तल

ठाउँ ठाउँमा कर्मणि प्रत्यय गर्ने नपर्ने ठाउँमा पनि सुन्दरानन्दले कर्मणि प्रत्यय गरेका छन्। जस्तै—

मल्लकन जितिन्या=मल्लकन जित्ने
काबु राषिन्या=काबू राख्ने
चित्त राषिन्या=चित्त राख्ने

कहीं कहीं 'टवर्ग' का ठाउँमा 'तवर्ग' प्रयोग गरिएको छ—

थकानमा=ठेकानामा
तक्सारी=टकसारी
बथालि=बढारी
षोतो=खोटो
बतैं=बट्टाइँ

CC-0. In Public Domain. Digitization by eGangotri

कहीं एउटैलाई तिमी र तपाईं भनी लेखिएको छ । जस्तै—

" हे शिव स्वामिन्...अग्निस्वरूप तपाजि हुनुहुन्छ...तिमि जतिका हरिका पियारा अरू कोहि छैनन् " (२१४ श्लोक

फेरि ' तिमि हुनुहुन्छ ' जस्तो वाक्य पनि प्रयोग गरिएको छ । (उहा श्लोक)

कहीं कहीं ' भूतकाल ' ' वर्तमानकाल ' आदिको राम्रो ख्याल गरिएको देखिदैन । जस्तै—

" अरे एस् वेला चाकरी गर्न्या म एक्ला थियां " (५५ श्लोक)

कहीं कहीं प्रथमपुरुष, उत्तमपुरुषको नियमको राम्ररी पालना गरिएको छैन । जस्तै—

" तिम्रो सेवा गर्नु विधानकन मैले जान्नु सक्तैनन् " (२११ श्लोक)

" यसको वर्णना गर्न म सक्दैन " (२३४ श्लोक)

कहीं कहीं परोक्ष भूतकाल र अपरोक्ष भूतकालमा राम्ररी दृष्टि दिएको देखिदैन—

" एति श्लोकको अर्थ भाषा लेखियेनछ " (५९–६० श्लोकको बीचको वाक्य)

" घर आउदा ता श्रीमहाराजाको दर्शन पायेनछु " (२४२ श्लोक)

—✱—

सुन्दरानन्दले नेपाली भाषामा प्रयोग गरेका नेवारी शब्द

यस ग्रन्थमा ५ वटा नेवारी भाषाका श्लोक परेका छन् भन्ने कुरा माथि भनिसकेको छु । तिनको अर्थचाहि नेपाली भाषामा सुन्दरानन्दले नै दिएका छन् । सुन्दरानन्दको नेपाली भाषामा पनि केही नेवारी शब्द पर्न आएका छन् । जस्तै ×—

ख्याक = ख्याक
नेवर = नेल
क्वाठ = किल्ला
लुंभ्याल = सुनको भ्याल
लुहकील = दुङ्गे सानो खामो
षराह्रा = खरायो
ध्वाका = ढोका
दलिङ = दलिन
मुसि = मुसी

×मेरो प्रेरणाले धनवज्र वज्राचार्यले यो संग्रह गरेका हुन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

सुन्दरानन्दले प्रयोग गरेका अरबी फारसी आदि मुसलमानी शब्दहरू×

अषतियार	(अरबी = इख्तियार)
अमल, अंबल	(अरबी = अमल)
अर्जि	(अरबी = अर्जी)
अर्सफि	(फारसी = अशरफी)
आइमी	(अरबी = आदम)
आराम	(फारसी)
इजारा	(अरबी = इजारः)
कदर	(अरबी = कद्र)
कपिला	(अरबी = कबीलः)
कबुजा	(अरबी = कब्जः)
करार	(अरबी)
कवाइत, कवाज	(अरबी = कवायद)
कागद	(फारसी = कागज)
काजी	(अरबी)
काबु	(तुर्की = काबू)
कायल	(अरबी)
कैद	(अरबी)
खामिद	(फारसी = खाविन्द)
खुसामति	(फारसी = खुशामदी)
खुसि	(फारसी = खुशी)
गञ्ज	(फारसी = गंज)
गरीप	(अरबी = गरीब)
गुजरान	(फारसी)
गुमान	(फारसी)
गुलजार	(फारसी)
चाकरी	(फारसी)
जगा, जगह, जगाह	(फारसी = जायगाह)
जवाप	(अरबी = जवाब)
जुवान	(फारसी = जवान)
तक्सीर	(अरबी = तकसीर)
तमाशा (सा)	(अरबी = तमाशः)
तरफ	(अरबी)
तरबीज	(अरबी = तजबीज)
तरह	(अरबी)
तर्कस	(फारसी = तर्कश)
तलास	(तुर्की = तलाश)
तवेला	(अरबी = तवेल)
ताकीत	(अरबी = ताकीद)
ताजी	(फारसीदखाज)
तारीफ	(अरबी) = तअरीफ)
दर्बार	(फारसी = दरबार)
दरवाजा	(फारसी = दरबाज)
दशषत	(फारसी = दस्तखत)
दुनिजा (याँ)	(अरबी = दुनिया)
दोकान (म)	(फारसी = दुकान)
नजर	(अरबी)
नजीक	(फारसी = नजदीक)
पसम	(फारसी = पश्म)
पोसाक	(फारसी = पोशाक)
फजिती	(अरबी = फजीहती)
फत्ये	(अरबी = फतह)
फरक	(अरबी = फर्क)

× मेरो प्रेरणाले धनवज्र वज्राचार्यले यो सग्रह गरेका हुन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

फर्द	(अरबी)
फर्मासी	(फारसी=फरमाइशी)
फल्ना फलाना	(अरबी=फुलाँ)
फ़िर्याद	(फारसी=फरियाद)
फौज (द)	(अरबी=फौज)
बक्सिस	(फारसी=बख्शिश)
बजार	(फारसी=बाजार)
बन्दुक	(अरबी=बन्दूक)
बमोजीम	(फारसी=बमूजिब)
बात्साह	(फारसी=बादशाह)
बाबत	(फारसी)
बारूद	(तुर्की=बारूत)
रस्ता	(फारसी=रास्त :)
रुजु	(अरबी=रुजूअ)
रोज	(फारसी)
लस्करि	(फारसी=लश्कर)
लाजीम	(अरबी=लाजिम)
लायक	(अरबी)
वकिल	(अरबी=वकील)
सपेत	(फारसी=सफेद)
सरम	(फारसी=शर्म)
सर्का(र्वा)र	(फारसी=सरकार)
सर्दार	(फारसी=सरदार)
सर्फराजि	(फारसी=सरफराजी)
सलाम	(अरबी)
सबारी	(फारसी)
सबाल	(अरबी)
सहर	(फारसी=शहर)
सहि	(अरबी=सहीह)
सालबसाल	(फारसी)
साहेब	(अरबी=साहिब)
सिकार	(फारसी=शिकार)
सोहरा	(अरबी=शुहर :)
सौगात	(तुर्की)
हजूर	(अरबी=हुजूर)
हवेली	(अरबी=हवाली)
हाजिरी	(अरबी)
हुकुम	(अरबी=हुक्म)

CC-0. In Public Domain. Digitization by eGangotri

इतिहासका घटनामा गडबडी

त्रिरत्नसौन्दर्यगाथामा इतिहासका कुरा नभएका भए हामीलाई काम लाग्ने पुस्तक यो बन्न सक्तैनथ्यो। सुन्दरानन्दका त्रिरत्नले उनलाई फल दिई वा नदिई आफ्नो यात्रा समाप्त गरेकाले अहिले सुन्दरानन्द बाँचेकै भए उनको दृष्टिमा पनि यो ग्रन्थको उपादेयता रहँदैनथ्यो होला। श्री ३ चन्द्रका पुत्र श्री ३ मोहनको हातबाट राज्याधिकार गएपछि 'विद्वच्चिरोमणि' बनेका पण्डित कुलचन्द्र गौतमले आफ्नो ग्रन्थ 'अलङ्कारचन्द्रोदय' लाई 'राघवालङ्कार' को रूपमा परिणत गरे झैं आफ्नो ग्रन्थको नाम फेरी भित्री कुरा पनि यताउति पार्न सुन्दरानन्दलाई उनको स्वभावले प्रेरणा दिन्थ्यो होला भन्ने अनुमान गर्न सकिन्छ। परन्तु सुन्दरानन्दको यस ग्रन्थमा इतिहासका कुरा परेका हुनाले यो ग्रन्थको उपादेयता अहिले पनि इतिहास-रसिकहरूका लागि छ। यस कारण यस ग्रन्थमा परेका इतिहासका घटनाको राम्रोसंग परीक्षा गर्दा देखिन आएका अशुद्धिहरू यहाँ दिइएका छन्+। अशुद्धिमा सुन्दरानन्दकै वाक्य उद्धृत गरिएका छन्। यिनका प्रमाणचाहिं मूलका ती ती ठाउँका टिप्पणीमा परेका छन्।

अशुद्ध	शुद्ध
"……गोर्षा राजधानीदेषीन्…प्रस्थान गर्दा सहजैले पर्वतका प्रत्येक थुम्का फत्ये गरि त्रिशूलगङ्गा नाघि… श्री ५ पृथ्वीनारायण…नुवाकोटमा विराजमान हुँदा भया" (८ श्लो.)	पृथ्वीनारायणका पूर्वजकै पालामा गोरखाराज्यको पूर्वपट्टि त्रिशूली साँध लागिसकेको थियो। यस कारण पृथ्वीनारायण शाहले त्रिशूली नतर्दै आफ्नै राज्यभित्रका पर्वतका थुम्का जितनुपर्ने आवश्यकता थिएन।
"ताहाँदेषी…नेपाल जितनकन आउँदा विष्णुमती गंगाका तीरमा पाल टाँकीकन कीर्तिपुर गाउँकन घेऱ्या" (१०-११श्लो.)	कीर्तिपुरमा आक्रमण गर्न पृथ्वीनारायण शाहले बाग्वतीको तीर भाजंगालमा ठाना हालेका हुन्।
"आफ्ना (पृथ्वीनारायणका) सोदर श्रीकीर्तिमोद साह…" (१८ श्लो.)	पृथ्वीनारायणका भाइको नाउँ महोद्दामकीर्ति हो।
"……जार हान्या भनिकन विश्वजित् मल्ल राजालाई भाद्रवदि १३ त्रयोदशीका दिन काटिदिया…तेजमल्लकन राजा थाप्या" (४८ श्लो.)	विश्वजित् मल्ल मारिएपछि जयप्रकाश मल्ल, रणजित् मल्ल, फेरि जयप्रकाश मल्ल, दलमर्दन शाह क्रमशः ललितपुरका राजा बनाइए। त्यसपछि मात्र तेजनरसिंह मल्ल राजा बनाइएका हुन्।

+मेरो प्रेरणाले धनवज्रले यो संग्रह गरेका हुन्।

CC-0. In Public Domain. Digitization by eGangotri

अशुद्ध	शुद्ध
"जयप्रकाश···तन राजा दिगुतले तले-जुका देवलमा सर्वत्र बारूद छरीकन गोर्षा राजाका सेनाहरू सर्दार भार-दारहरू देखदैबित्तिकै कातर भयेर··· अमात्यवर्गसमेत रात्रिका बीचमा भाद-गाउँमा लुकुन पस्याछन्" (५८ श्लो.)	पृथ्वीनारायण शाहले कान्तिपुर दख्खल गरेपछि जयप्रकाश पहिले पाटनमा गएका थिए। केही दिनपछि मात्रै भक्तपुरमा गएका हुन्।
"श्री ५ पृथ्वीनारायण साह जो छन् सो···सकल नेपालमंडलकन आफ्ना अधीनमा राषी अमल गर्दा···तेति गर्‍या प्रान्त युद्धयज्ञको विधिकन तार्हि समाप्त गर्दा भया" (६६ श्लो.)	वि. सं. १८२६ मा नेपाल उपत्यका जितेपछि पनि पृथ्वीनारायण शाहले पूर्वका चौदण्डी विजयपुर राज्य जिती पूर्वतिर सुखीम (सिक्किम) सम्म आफ्नो राज्य विस्तार गरेका थिए।
"ताहापछि···श्री ५ सिंहप्रताप साह जो छन्" (७९ श्लो.)	पृथ्वीनारायण शाहका जेठा छोराको नाउँ प्रतापसिंह हो।
"तज्जः सिंहपूर्वप्रतापः केहेरसिंहाभिध-हितसचिवः" [ती पृथ्वीनारायणका छोरा प्रतापसिंहका हित गर्ने मन्त्री केहरसिंह छन्]" (७९ श्लो.)	वि. सं. १८२८ मा सतहुँको लडाईमा केहरसिंहको मृत्यु भएको थियो। यस कारण प्रतापसिंहका पालामा [१८३१-३४ मा] केहरसिंह थिएनन्।
"[रणबहादुर शाह] वृद्धावस्थामा पुत्रसमेत भीमसेनसंग भूमिभारा सुंपेर निर्वाण पद पायाका महाराजा हुन्।" (८३ लो.)	वि. सं. १८३२ आषाढमा रणबहादुरको जन्म भएको हो तथा वि. सं. १८६३ वैशाखमा उनी भाइद्वारा मारिएका हुन। यस कारण मृत्यु हुँदा उनी ३१ वर्षका मात्र थिए।
"·····युवराज श्री ५ गीर्वाणयुद्धविक्रम साह माथि अत्यंत प्रेम हुनाले सत्कृपा-पूर्वक तेस्रो वर्षमा विधिपूर्वक···गादिमा बसालि···" (९४ श्लो.)	वि. सं. १८५४ आश्विनमा गीर्वाणयुद्ध जन्मेका हुन्। वि.सं. १८५५ फाल्गुनमा उनी राजा बनाइएका हुन्। यस कारण राजा हुँदा गीर्वाणयुद्ध डेढ वर्षका थिए।
"मंत्रीहरूले कापट्य बुद्धि राखि श्री ५ गीर्वाणयुद्धविक्रम साह महाराजाका सिकारका निहुले नुवाकोटमा लैगी श्री ५ रणबहादुर स्वामिकन थोरो अपमान	रणबहादुर शाहका रानी, गीर्वाणयुद्ध-का आमा कान्तिमतीको मृत्यु वि. सं. १८५६ कार्तिकमा भएको हो। यस कारण वि. सं. १८५७ मा उनी जीवित

CC-0. In Public Domain. Digitization by eGangotri

अशुद्ध	शुद्ध
देषाउदा···कान्तिपुर राजधानी छोडी श्रीसंवत् १८५७ सालमा आफ्ना सहधर्मिणी देवी श्रीकनकावती रानीलाई बेराम हुनाले सहर ललितपाटनका चौकोटसंम पाउ लाग्नु भै तही राज गर्दा भया" (९५ श्लो.)	थिइन् भन्नु अशुद्ध हो।
"श्रीस्वामी चन्द्रषष्ठाष्टशशिनि निरगात् काशिकायाः पुरीं स्वाम् [१८६१ मा श्रीस्वामी काशीबाट आफ्नो देशमा फर्कनुभयो]	वि. सं. १८५७ ज्येष्ठमा रणबहादुर काशी गएका हुन्। वि. सं. १८६० फाल्गुनमा रणबहादुर काशीबाट नेपाल फर्केका हुन्। सुन्दरानन्दले भने श्लोकमा १८६१ मा रणबहादुर नेपाल फर्के भनी लेखेका छन् तथा भाषार्थमा चाहिं १८५७ फाल्गुनमा फर्के भनी लेखेका छन्। यी दुवै अशुद्ध हुन्।
स्वस्ति श्रीसंवत् १८५७ सालका फाल्गुण मासमा तीर्थयात्राका प्रसंग गरि काशी सहर पाउ लागी···आफ्ना सहर नेपाल कान्तिपुरमा पाउ लागनुभै" (१३४ श्लो.)	
"उप्रान्त श्रीस्वामिज्यूका मूल प्रकृति कृताभिषेका महारानी श्रीराज्यलक्ष्मी देवी छन्" (१८८ श्लो.)	रणबहादुरशाहका जेठा बडा महारानीको नाउँ 'राजराजेश्वरी' हो।
"अधिका प्रताप मल्ल राजाले टासि राष्याका अठार जातका अक्षर पन्याका शिलापत्र भैं···स्थिर रहोस्" (२३३ श्लो.)	काठमाडौं हनूमान्ढोकाको जलद्रोणीमा तथा त्यसको सामुन्ने जगन्नाथ देवलको पेटीमा गरी प्रताप मल्लका दुइटा धेरै अक्षर भएका शिलापत्र पाइन्छन्। तिनमा जलद्रोणीको शिलालेखमा १५ जातका अक्षर परेका छन् तथा जगन्नाथदेवलको पेटीको शिलालेखमा १४ थरि अक्षर परेका छन् भन्ने कुरा तिनै शिलालेखमा स्पष्टसंग लेखिएको छ।

—o—

CC-0. In Public Domain. Digitization by eGangotri

इतिहासको नाउँमा किंवदन्ती

पृथ्वीनारायण शाहको पालाको इतिहास पनि सुन्दरानन्दको पालामा किंवदन्तीको रूपमा चलेर आएको पाइन्छ। जस्तै—

'अर्नाको सिङभरि मात्र रुपियाँ लिई पृथ्वीनारायण शाहले लडाइँको आरम्भ गरेका थिए।" (७ श्लोक)

"पृथ्वीनारायण शाह १०० नालको सैन्य लिई गोरखादेखि हिंडेका थिए।" (८ श्लो.)

"कम्पिलाको उदाहरणबाट पृथ्वीनारायण शाहले प्रेरणा पाए।" (२१ श्लो)

"शस्त्रप्रयोग नगरीकनै पृथ्वीनारायणले नेपाल उपत्यका विजय गरे।" (६६ श्लो)

यी कुरामा सत्यता देखिंदैन। मूलको टिप्पणी हेर्नुहोस्।

इतिहासबाहेक नेपालखाल्डोको भुवनकोष (भूगोल) पनि सुन्दरानन्दले राम्ररी बुझेको देखिंदैन। जस्तै—

" (पृथ्वीनारायण शाहले)···नेपाल जित्नकन आउँदा विष्णुमती गंगाका तीरमा पाल टाँकीकन कीर्तिपुर गाउँकन घेऱ्या" (१०-११ श्लो.)

कीर्तिपुर घेर्न विष्णुमतीको तीरमा ठाना हाले भनी लेख्नु भुवनकोषको दृष्टिले पनि अशुद्ध छ। (यस विषयमा मूलकै टिप्पणी हेर्नुहोस्।)

छन्द ज्यौतिष शास्त्रहरूमा पनि सुन्दरानन्द कच्चा थिए

सुन्दरानन्दका पद्यमा कहीं कहीं छन्दोभङ्ग भएको पाइन्छ। जस्तै—

'तदग्निप्लुष्टा' शतशोऽपि वृक्षाः' (१३ श्लो.)

'इत्येवं जगतीतलं षडधीनं तत्सृष्टिसंहारसं-
स्थित्या श्रीदलमर्दनं बुबुधिरे द्वैरूप्यवंशान्तये' (५० श्लो.)

'यथा दीपाद् दीपो घृतप्लुतसुवर्तीरनुत्तरन्' (९३ श्लो.)

'लज्जापीठे कदम्बद्रुमसुरभिवने, व्रज्रतुण्डीयक्षेत्रे' (१३७ श्लो.)

'तत्त्रैपुरं सत्रमियाच्च स्थैर्यम्' (२१८ श्लो.)

CC-0. In Public Domain. Digitization by eGangotri

छन्दलाई बाँच्न उचित ठाउँमा विश्रान्ति दिने चलन छ । सो भएन भने सो बाँच्न र अर्थ गर्न पनि गाह्रो पर्छ । यसलाई यतिभङ्ग दोष भन्दछन् । यतिभङ्ग दोष सुन्दरानन्दका ग्रन्थमा छेलोखेलो भएर रहेका छन् । नमूनाका लागि अलिकता यहाँ दिइन्छन्—

"कीटादेव गुणं प्रगृह्णथ भवन्तो नो कृमिं पश्यथ" (२१ श्लो.)

"पृथ्वीनारायणार्कः प्रथममिह समाक्रम्य नेपालभूमा-
वासप्ताब्दाहवेन प्रतिखनितसुरंगेण कीर्तिं प्रविष्टः ।
श्रीमद्व्याघ्रेशमुद्दिश्य च बलिमददात्तत्पुरीवासिलोक-
च्छिन्नघ्राणोष्णमांसैः स्म जयति नरभूपालजः पूर्वजिष्णुः ॥" (२३ श्लो.)

सेवित्वा कतिचिद्दिनानि निजभृत्यः पादसंवाहकः
ससुप्तं निभृतं वितर्क्य सहसा तं कालिदासं कुधीः ।
तीक्ष्णेनास्य परश्वधेन शिर आस्फोटयाशु राजाज्ञये-
त्युक्त्वा कान्तिपुरीमगाच्च नृपतिस्तुष्टो ददावीप्सितम् ॥ (५५ श्लो.)

श्रीमत्सिंहप्रतापात्मजरणबहादुरसाहाज्ञया श्री-
पृथ्वीनारायणस्यात्मजवरयुवराजेन बाहादुरेण ।
मूर्त्तीकृत्यार्द्धनारीश्वरमुपरि गवाक्षे विचित्रेष्टिकाभिः
काष्ठैः श्रीखण्डजातैर्ग्रहगणसहितं दौर्गपीठं न्यधायि ॥ (८४ श्लो.)

श्रीस्वामिद्रोहिणो ये धरणिपपरिचर्याप्रतीपाः परोक्षा
उल्लूनास्ते विलुण्ठद्भिवपरिजनाः पुल्कशानीततीर्थाः ।
आसुर्दात्यूहदाक्षाण्यवृकभषकगोमायुसंवाहिताङ्गाः
श्वयद्देऽन्यङ्गाष्टरूपे ह्यहह सुकृतिनो येऽवशिष्टाः कृतज्ञाः ॥ (१८७ श्लो.)

"अपि माषं मषं कुर्याच्छन्दोभङ्गं न कर्हिचित् = माषलाई बरु मष लेख्नू, छन्दोभङ्ग कहिल्यै नपार्नू" भन्ने उक्तिको भर परी कतै कतै एक दुइ ठाउँमा ठूलठूला कविहरूले पनि शब्दलाई बिगारेको उदाहरण पाइन्छ । तर सुन्दरानन्दका ग्रन्थमा भने यो कुरा पनि धेरै छ । जस्तै—

"तत्साहसं लिखति पृथ्विनारायणेषु
सौकर्यराज्यकरणं दलमर्दनःस्म ।" (५७ श्लो.)

"वीरामर्सिंहथापाद्यहितसचिवो धीरधीरो महात्मा" (९० श्लो.)

"स भीमसेनके मुदा नरायणे सकृष्णके" (९८ श्लो.)

"अजयरेखामातूभ्रमरकलिकाख्याथ तुरकी-
मुखाश्चेटचो डाकिन्य इव मदिरामोदमुखराः" (१२१ श्लो.)

CC-0. In Public Domain. Digitization by eGangotri

" राजा पाल्पीयो विदुर्साहसेरबाहादुर्साहोप्यमात्यो नृसिंहः ।
दाम्नैकेनानीतवन्तो निषादैरुल्लूनास्ते कर्मणे वै नमोऽस्तु ॥ " (१८६श्लो.)

" स्थित्वा तुल्जालये श्रीतलिजुसमभिधे भीमसेनेन सार्धं
थापारत्नेन तन्तुग्रहणपटुधिया लक्षदृष्ट्या निपीतः " ॥ (२०२ श्लो.)

" देवी श्रीललितत्रिपुर्समभिधा श्रीसुन्दरी राजते " (२१६ श्लो.)

" बुद्धिः सुन्दरनन्दजा क्षतिमगाद् दारिद्र्यतापोल्वणात् " (२२१ श्लो.)

' नैवाऽपश्यं हि गीर्वाणयुधनृपमहं शीतलायाः प्रतीपाद्' (२४२ श्लो.)

" धन्या सा काष्ठमण्डे विपणिपरिणता भूमिपप्रीतिपात्रम् " (२६४ श्लो.)

सुन्दरानन्दले ज्यौतिष शास्त्रको पनि केही चर्चा गरेका छन् । परन्तु ज्यौतिष शास्त्रको राम्रो ज्ञान उनलाई भएको बुझिदैन । जस्तै —

" स्वस्ति श्रीसंवत् १८८० साल मिति माघ शुक्ल श्रीपञ्चमी बृहस्पतिवारका दिन गुरु आदित्यादि शुभ ग्रहहरू उच्च स्थानमा पन्यामा..... श्री ५ मन्महाराजाधिराज राजराजेन्द्रविक्रम साहबाट ··महारानी दुई२कन ··· श्रीबालाज्यूमा विवाह गर्दा भया । "
(२३८ श्लो.)

माघ महीनामा सूर्य उच्चस्थानमा बसेका भन्नु अशुद्ध हो । किनभने सूर्यको उच्च मेष हो । त्यहाँ सूर्य वैशाख महीनामा हुन्छन् । फेरि सूर्य शुभ ग्रह पनि होइनन् ।

च्युतसंस्कृति तथा छन्दोभङ्ग यतिभङ्ग आदि दोषहरू भएको यस ग्रन्थमा अरू काव्य दोषहरूले कति ठाउँ पाएका होलान् , सो कुरा सहृदयहरू आफै बुझ्न सक्छन् । यस कारण यस विषयमा यहाँ बढ्ता विचार गर्नु आवश्यक देखिदैन ।

—०—

सुन्दरानन्दको राम्रो कविता

राजाऽयं जनतासु मेघसदृशो वक्तुं न शक्यो मया
मेघो वर्षति चातकस्य समयेऽसौ सर्वदा वर्षति ।
मेघो वर्षति चाम्भ एव विपुलं यो हेमरत्नाम्बरं
मेघः श्यामसुखः प्रदानसमये यो हेमगौराननः ॥ (२३४ श्लो.)

सुन्दरानन्दको यो पद्य काव्यको दृष्टिबाट सुन्दर छ । यो श्लोक बनाउन उनले खर्चा गरेको सीप अन्त पनि देखिन आएको भए उनका यो ग्रन्थले काव्यरसिकहरूलाई रिझाउन सक्तथ्यो ।

CC-0. In Public Domain. Digitization by eGangotri

चित्रकाव्य

बन्ध पारी कविता गरी आफ्ना मालिकलाई रिझाउने कुरामा प्रशसक कविहरू लागेका देखिन्छन् । यसका उदाहरणका लागि गु. पु. भुवनेश्वरको कीर्तिवर्णना, पण्डित जगन्नाथ वैजनाथको भूचन्द्रचन्द्रिका, पण्डित कुलचन्द्रको अलङ्कार-चन्द्रोदयलाई देखाउन सकिन्छ । स्तुति काव्यको परम्परामा हिंडेका पण्डित सुन्दरानन्दले पनि बन्ध पारी कविता गरेका छन् । जस्तै—

मानी ज्ञानी धनी यः परपुरहरणे स्कंदवद्दर्पदर्पः
श्रीमान् रामान् स मान्यः स हि महिमहिलश्चंडकांडःषडङ्गः ।
जीयात् पायाद् दयावानवनिवरवधूपालने लब्धलक्ष्मा
मूकं लोकं सकम्पं गुणगुणगणनायारगो रङ्गरक्तः ॥ १३० श्लो. ॥

यसलाई हारको रूपमा उतार्दा यस प्रकारको हुन्छ —

हारबन्ध



CC-0. In Public Domain. Digitization by eGangotri

राजा धोजा बजार्‌या सहज हरिहरं देवतावर्ग वर् लाक्
मानी ज्ञानी धनी हाय् परपुरहरणे छाकगू कण्टकं खः ।
श्रीराजा राजराजेन्द्र जुजु जुग जुगं आयु लायु थ्व युक्ती
काजी साजी सजीला मदु मदु मदु एक् हे धनी धन्य धन्ये (२३५ श्लो.)

यसलाइं हारको रूपमा उतार्दा यस प्रकारको हुन्छ—

हारबन्ध



अक्षरवैचित्र्य पारी पद्यरचना गर्ने चेष्टा पनि सुन्दरानन्दले गरेका छन् । जस्तै—

भीतिर्नश्यति राजराजविजिते गीर्वाणभूमौ यथा
मर्त्याःसन्ति निराकुला न जननी तातोऽत्यजत्सत्कृपाम्
सेवार्थं मुनयोऽपि दूरयमुनातीरात्तपस्योत्सुकाः
नन्दन्ति त्रिपुरेश्वरंलसदहो क्षेत्रं सधर्मध्वजि ॥२३१॥

एही श्लोकका चारै चरणका प्रथमाक्षर १।१, माझको अक्षर २।२ अन्त्यको अक्षर

CC-0. In Public Domain. Digitization by eGangotri

१।१ लोकन "भीमसेन जनरल विजय सत् थापा काजि" एति मंगलार्थक अक्षर पर्न गयाका छन् ॥ २३१ ॥

काव्यमा स्थल-विशेषमा देवताको स्तुति पनि आउँछ । जस्तै रघुवंशको दशम सर्गमा विष्णुको स्तुति परेको छ । यस्तै अरू काव्यमा पनि पाइन्छ। यसैको अनुसरण गरी सुन्दरानन्दले पनि कतै पृथ्वीनारायणको मुखबाट कतै रणबहादुरको मुखबाट, कतै त्रिपुरसुन्दरीको मुखबाट देवताको स्तुति गराएका छन् । २३ श्लोकको पाठान्तरको श्लोक, १३८-१५९ श्लोक, २१०-२१७ श्लोक हेर्नुहोस् ।

तलका यी पद्यले माथिका कुराको सार खिच्तछन्—

विसर्गलाई दुइटा अकारले
छोपे भने ती सब एक रूपले ।
ओकार हुन्छन् सबका प्रयोगमा
भिन्नै छ चाला तर यो त्रिरत्नमा ॥
पुंक्लीवलिङ्गादिक ती सुबन्तमा
तङादिका स्थान तथा तिङन्तमा ।
वास्ता नराखीकन शब्दशास्त्रमा
स्वतन्त्र भै देखिन आउँछन् यहाँ ॥
भाषा यहाँको नत शुद्ध संस्कृत
न हो कुनै प्राकृत नै परिष्कृत ।
विश्रान्तिमा भङ्ग हुँदा यताउति
कनी कनी पर्दछ भन्नु ती कति ॥
अगाडिका ती इतिहासका कथा
घेरै सुनेका भरकै यहाँ हुँदा ।
व्यत्यास पाइन्छ यहाँ थरी थरी
केहेरसिंहाभिधका कथा सरी ॥
चढ्दो उज्यालो द्युति भीमसेनको
देखी त्यसैका टकमा परेर यो ।
छ लेखिएको त्यसले यताउति
देखिन्छ राम्रै संग भीमको स्थिति ॥
खुशी भई शासकले दिऊन् धन
भन्ने लिई भाव गमी गमाकन ।
श्रीसुन्दरानन्द कवित्व गर्दछन्
कतै कतै सत्य कुरा लुकाउँछन् ॥

CC-0. In Public Domain. Digitization by eGangotri

ऐतिहासिक सार

सुन्दरानन्दले यस त्रिरत्नसौन्दर्यगाथामा इतिहासका घटनालाई नघुसाई राजा राना मन्त्रीको काव्यात्मक वर्णनमात्र गरेका भए काव्यको दृष्टिबाट पार्नै नहुने च्युतसंस्कृति दोषले दूषित भएको, काव्यचमत्कार पनि विशेष नभएको त्रिरत्नसौन्दर्यगाथाको महत्त्वलाई विद्वान्हरूले स्वीकार गर्न गाह्रो थियो। तर पूजा-पाठको विशेष महत्त्व भएको कालमा दरबारबाट पूजा-भाग आउने देवताहरूका मन्दिरसंग विशेष सम्बन्ध भएका तथा भारादारहरूकहाँ प्रवेश पाएका सुन्दरानन्दले देखेका सुनेका तथा देखे सुनेका भरमा कल्पना गरेका कुराले पनि विक्रमको उन्नाइसौं शताब्दीको नेपालखाल्डोको विशेष इतिहास र त्यसबाहेक बाहिरको (गोरखा आदिको) सामान्य इतिहास हाम्रो अघिल्तिर ल्याइदिन्छन् । सुन्दरानन्दसंग हामीले सम्बन्ध राखेनौं भने उन्नाइसौं शताब्दीको नेपालको पाइएको इतिहासलाई छोड्ने मूर्खता हामीले गरेको सरासर साबित हुन्छ । त्यस कारण बुद्धिले भ्याएसम्म यस ग्रन्थबाट आउने ऐतिहासिक सारलाई केलाई पाठकहरूको सामु राख्ने प्रयत्न गरिन्छ ।

"गोरखाका राजा नरभूपाल शाहका छोरा पृथ्वीनारायण शाह भए। गर्भमा सात महीना रही यिनको जन्म भयो। जन्मको हिसापले पृथ्वीनारायण जेठा भए तापनि गर्भका हिसापले अर्की रानीपट्टिका छोरा जेठा थिए।

पृथ्वीनारायणले त्रिशूलगङ्गा तरी नुवाकोट विजय गरे । पृथ्वीनारायणले देवीघाटमा भैरव भैरवीको पूजा गरे ।

कीर्तिपुर अग्लो ठाउँमा रहेको हुनाले त्यहाँ आक्रमण गर्न गोरखालीहरू तल्तिर परेका थिए । कीर्तिपुरका रक्षकहरूले दुङ्गाका भकारी थुपारी राखेका थिए । आक्रमण गर्न आएका गोरखालीहरूलाई पर्खालमा बसेका रक्षकहरूले घुयेत्रोले दुङ्गाले हानी ध्वस्त पारे। गोरखालीहरू कीर्तिपुरभित्र पस्न ढोका फोर्न चाहन्थे । सो काममा अघि सरेका धेरै गोरखाली सिपाहीहरू कीर्तिपुरेहरूका दुङ्गाका प्रहारमा परी मारिए। पृथ्वीनारायणका सेनापति कालु पाँडे यस लडाइँमा परे।

गोरखालीको आक्रमण होला भन्ने डरले काठमाडौंका राजाले आफ्नो शहरको वरिपरि पर्खाल बलियो बनाउन लाए, पाटनका राजाले बाहिरबाट सहायता पाउन उद्योग गरे, भक्तपुरका राजालाई के गरूं के गरूं भनी दोधार पऱ्यो ।

पाटनका ६ काजीहरूका मध्येमा कालिदास तौढिकहरू मुख्य थिए । यिनीहरू ६ प्रधान कहलाउँथे । पाटन राज्यको सर्वाधिकार प्रायः यिनै ६ प्रधानको हातमा थियो । यिनीहरू आफ्नो मन परेकालाई राजा बनाउन र मन नपरेकालाई राज्यच्युत गर्न सक्थे ।

CC-0. In Public Domain. Digitization by eGangotri

पाटने काजी कालिदासलाई गोरखालीका पक्षपाती संझी काठमाडौंका राजा जयप्रकाशले उनलाई मार्न आफ्नो गुप्त मानिसलाई कालिदासकहाँ चाकरी गर्न पठाए। त्यसले मौका पारी कालिदासलाई मारी सुइकुच्चा ठोक्यो +।

६ प्रधानले गद्दीमा राखिएका पाटने राजा विश्वजित् मल्लले ६ प्रधानमध्येका एक जनाकी घरकी आइमाईलाई हरी ल्याए भनी साधुले हुल उठाई दरबारमा गई जार काटें भनी विश्वजित् मल्ललाई मारिदिए। साधुले स्वास्नीलाई खुरुक्क घर ल्याए।

सुरुङ खनी कीर्तिपुरलाई उडाइदिन्छु भनी पृथ्वीनारायणले उद्योग गर्न लागेपछि कीर्तिपुरेहरूको मस्ती गल्न जाँदा कीर्तिपुरमा पृथ्वीनारायणले विजय गर्न सके। कीर्तिपुरको लडाइँमा पृथ्वीनारायणको सात वर्ष जति बितेको थियो। सो लडाइँमा पृथ्वीनारायणका भाइ शूरप्रतापको आँखा फुट्यो। कीर्तिपुरेहरूको नाक काटियो। केही कीर्तिपुरेहरूको विर्ता हरियो। कीर्तिपुरको केही जग्गा मिश्र गुरुज्यूलाई खानगी भयो।

कीर्तिपुर जितेपछि चोभार पांगा बुङ्मती खोकना सुनागुठी ठेचो चापागाउँ लेले आदि पृथ्वीनारायणका वशमा भए। सो ठाउँमा केही जंगल फाँडी आबाद गरे। ठाउँ ठाउँमा गोरखाली चौकी रहे। पृथ्वीनारायणले कान्तिपुर ललितपुर भक्तपुर तर्नै शहर घेरा हाल्ने उद्योग गरे।

पृथ्वीनारायणले बुङ्मतीका मछिन्द्रनाथ लेलेका टचाङभैरव चापागाउँकी वज्र-बाराही, कीर्तिपुरका बाघभैरव, चोभारका लोकेश्वर, गणेश, टौदहका कर्कोटक, चावहिलका शाक्यसिंह आदि देवताको पूजा गरे। प्रभावती (नखु) दोभानमा स्नान तर्पण गरे।

यसपछि काठमाडौं पाटन भादगाउँ यी तीनै शहरका राजाहरूको बल दिन-दिनै क्षीण हुँदै गयो।

+ जयप्रकाशको प्रेमलीलामा कालिदासले विघ्न पारेका हुनाले जयप्रकाश कालि-दाससंग रिसाएका थिए भनी वंशावलीमा लेखिएको छ। वंशावलीअनुसार कालिदास वि. सं. १८१२ मा मारिएका देखिन्छन्। सुन्दरानन्दले भने यसको नौ वर्ष जति पछि दलमर्दन शाहको पालामा कालिदास मारिएका हुन् भनी लेखेका छन् तथा तेज-नरसिंहको पालामा पनि कालिदासको उल्लेख गरेका छन्। सुन्दरानन्दलाई यहाँ दोधार परेको देखिन्छ।

वि. सं. १८१९ को पाटन मूलचोकको एउटा ताम्रपत्रमा भक्तपुरका राजा रणजित् मल्लले आफू पाटनका पनि राजा हुँदा बाँधिदिएका नियम लेखिएका छन्। त्यसमा पाटनको तर्फबाट साक्षी बस्ने काजीहरूमा कालिदास देखिँदैनन्। यसबाट त्यस बेला कालिदास मरिसकेका थिए कि भन्ने आभास पर्छ र वंशावलीको कुरामा केही विश्वास लागे जस्तो हुन्छ। तर यतिले निर्णयमा पुग्न सकिँदैन। मूलको टिप्पणी हेर्नुहोस्।

CC-0. In Public Domain. Digitization by eGangotri

गोरखालीसंग लड्न पाटने काजीहरूले देवताका गजूरहरू झिकी मासी ठाउँ-ठाउँमा चौकी राखे। तिन ताका मल्लहरूका सिपाहीमा भोटे पनि थिए। बहाल बहालका देवताहरूका गहना र ठाउँ-ठाउँका घरमा चोरी हुँदा यिनै भोटेहरूको हात छ भन्ने हल्ला चल्यो[१]। यसबाट दुनियाँमा असन्तोष फैलियो।

स्वदेश छोडी विदेशमा जानेलाई ठूलो दण्ड हुनेछ भन्ने कुरा पाटनमा भ्याली पिटी दुनियाँलाई सुनाइयो।

गोरखालीको घेराले पाटनमा कपास आदिको दुःख भएको हुनाले पाटने काजीहरूले पृथ्वीनारायणका भाइ दलमर्दन शाहलाई पाटनमा बोलाई राजा बनाए। विश्वासघातको शङ्का नरहोस् भनी पाटने काजीहरूले आफ्ना एक-एकवटा छोराहरूलाई गोरखामा पठाए।

गोरखालीको घेरा खुकुलो पारी दलमर्दनले पाटनमा कपास आदि ल्याउन नसकेका हुनाले पाटने काजीहरूले दलमर्दनलाई सिंहासनच्युत गरी व्यापारी तेजनरसिंह मल्ललाई पाटनका राजा बनाए।

काठमाडौंका राजा जयप्रकाश मल्लले आफ्नो राज्यका देवताका गजूरहरू मासी खर्चा चलाएका थिए[२]। जयप्रकाशका काजी नौसिंह कीर्तिसिंह थिए।

वि. सं. १८२५ भाद्रशुक्लचतुर्दशीका दिन पृथ्वीनारायणले काठमाडौंमा आक्रमण गर्दा कुमारीयात्रा (इन्द्रयात्रा)को दिन थियो। जयप्रकाश मल्ल देगुतले तलेज्यूका मन्दिरमा बारूद छरी रातमै काठमाडौंबाट भागे। गोरखाली सेनापति तुलाराम पांडे तलेज्यूको मन्दिरमा जांदा बारूद सल्की मरे।

पृथ्वीनारायण शाहले सुन्दरप्रसादनामक[३] हात्तीमा चढी काठमाडौं शहर घुमे।

पाटनमा संग्रामसिंह ख्वालपा ऐठानटुकु आदि बडा तान्त्रिक कहलाएका थिए। यिनीहरू हतियार भिर्थे। ६ प्रधानमा तथा राजामा यिनको प्रभाव थियो।

पृथ्वीनारायणले वि. सं. १८२५ मा ललितपुर विजय गरेपछि पाटनका काजीहरू (गोरखालीका विरोधी) पक्किए। स्वास्नीमान्छेको पहिरन लगाई शहर घुमाई तिनीहरूको

---

१. भोटे चोरहरूलाई ६ काजीले खटाएका हुन् भनी सुन्दरानन्दले लेखेका छन्।

२. तात्कालिक कागतपत्रबाट पनि यो कुरा देखिन आएको छ। मूलको टिप्पणी हेर्नु होस्।

३. यो हात्ती गीर्वाणयुद्धको पालामा ने. सं. ९३६ [वि. सं. १८७३] मा मर्‍यो भनी सुन्दरानन्दले लेखेका छन्।

CC-0. In Public Domain. Digitization by eGangotri

अपमान गरियो[1] र तिनलाई कान्तिपुर ल्याई कैद गरियो। राजा तेजनरसिंह भागी भादगाउँमा पुगे। मङ्गलबजारको मणिमण्डपमा बसी पृथ्वीनारायणले पाटनको राजा आफू भएको सूचना पाटने प्रजालाई दिए।

पृथ्वीनारायणले कान्तिपुरमा ब्राह्मण हरिवंशको देखरेखमा वसन्तपुर दरबार बनाउन लाए।

भादगाउँमा नेपालखाल्डाका तीनै शहरका राजा जम्मा भएका थिए। पृथ्वीनारायणले भादगाउँमा विजय गरेपछि भादगाउँले राजा रणजित् मल्ललाई काशीवास पठाइदिए। कान्तिपुरका राजा जयप्रकाश मल्लसंग मीत लाएको हुँदा बिरामी भएका उनलाई पृथ्वीनाराएणले पशुपति आर्य घाटमा घाट पठाइदिए। उहीं उनको मृत्यु भयो। पाटने राजा तेजनरसिंह मल्ल कैदमै विष खाई आत्महत्या गरी मरे। उनको लास पोडेलाई सुंपियो।

पाटनका बहाल बहालका देवता तथा भीमसेन कृष्ण आदि सबै देवताको पृथ्वीनारायणले दर्शन पूजन गरे।

गोरखाली शासन नेपालखाल्डोमा खडा भएपछि त्यहाँका प्रजाहरूमा "पुरानो राजवंश भयो, अब के हुने हो भनी शङ्का भयो। चोरी हटयो, बाटो—घाटो खुल्यो, कपास अन्नहरू आउन लागे, भाउ सस्तो भयो (१ रु. को ३२ पाथी भयो) भनी खुशी भयो। दुबै कुरा एकैपल्ट भयो।

चोरपुर गाउँका[2] केही बासिन्दाहरूले विद्रोह गर्दा विद्रोहीहरूको हात नाक काटिए।

श्रावणको जात्रा (गुँलाधर्म, गाईजात्रा) पृथ्वीनारायणले रस मानी हेरे। मुकुण्डो लाएकाहरूलाई पृथ्वीनारायणले रुपियाँ दिए। नेपालखाल्डोका हरसिद्धि आदि नाच, मत्स्येन्द्रनाथ आदिको यात्रा पृथ्वीनारायणले भक्ति र चाख मानी हेरे।

वि. सं. १८३१ माघे संक्रान्ति (ने. सं. ८९५ पौष शुक्ल नवमी मङ्गलवार) का दिन पृथ्वीनारायण नुवाकोटमा परलोक भए। महारानी समेत ९ जना[3] सती गए।

---

१. स्वास्नीमान्छेको पहिरन लाइदिई बेइज्जती गर्ने चलन अघि पनि थियो। मूलको टिप्पणी हेर्नुहोस्।

२. भक्तपुरबाट नैर्ऋत्य दिशामा, ठिमीदेखि दक्षिणपट्टि चोरपुर गाउँ पर्दछ।

३. तात्कालिक चिठीसंग यो संख्या मिल्छ। जयरत्नाकर र वंशावलीमा संख्या फरक फरक छन्। मूलको टिप्पणी हेर्नुहोस्।

CC-0. In Public Domain. Digitization by eGangotri

पृथ्वीनारायणपछि उनका जेठा छोरा प्रतापसिंह राजा भए । प्रतापसिंहले खेतमा अबल दोयम सीयम चार छुटचाई उब्जनीको चार खण्डको एक खण्ड सरकारी तिरो नियत गरे । एक रुपियाको ९० पाथीको भाउ राखी रुपियाँ तिरो लिने[1] चलन प्रतापसिंहले चलाए । दुनियाँको 'जग्गा'मा लाएको यस तिरोलाई पोता भन्ने चलन भयो ।

भोटसँग चलेको चाँदीको टकविषयको कलहलाई शाम्य पार्न प्रतापसिंहले भोटका लामासँग कुरा मिलाए ।

प्रतापसिंहका छोरा रणबहादुर शाह भए । यिनी बालकमै राजा भएका हुनाले यिनका कान्छा बाबु बहादुर शाहले राजकाज चलाए ।

रणबहादुरको पालामा पश्चिमका लमजुङ तनहुँ रिसिङ घिरिङ ढोर कास्की नुवाकोट भिरकोट सतहुँ पैयुँ गरहुँ पर्वत गलकोट गुल्मी अर्घा खाँची मुसिकोट प्यूठान भिल्ली उझुङ आदि चौबीसी राज्य र जाजरकोट सल्यान दुल्लु दैलेख कसौं आदि बाईसी राज्य नेपाल राज्यमा मिल्न आए ।

रणबहादुर शाहको राज्यकालमा तथा बहादुर शाहको शासन कालमा नेपालीहरूले कुती केरुङ जिती डिगर्चासम्म दखल गर्दै पुगे । डिगर्चामा भोटेहरूसंग ठूलो लडाइँ भयो । त्यहाँको मठमा रहेका सुनका गहनाहरू नेपालीहरूले लुटी ल्याए । यसपछि चीनका बादशाहले नेपालीहरूलाई दबाउन ठूलो फौज पठाए । सो फौज नेपालीहरूसँग लड्दै धेबुङसम्म आइपुग्यो । ठूलो लडाइँ भयो । दुबैतिरका धेरै मानिस लडाइँमा परे । यसपछि सन्धि भयो । चीनिया फौज फर्की गयो । नेपालका राजाका पत्र लिई राजदूत चीन जाने तथा चीनका बादशाहका पत्र लिई नेपाल आउने स्थिति बाँधियो ।

यस लडाइँमा चीनियाहरूलाई हटाउन सकियोस् भनी बहादुर शाहले देव-देवीका मन्दिरमा, पीठ-उपपीठमा, बाटा-घाटामा पुरश्चरण पूजाहरू गराएका थिए । यस काममा बौद्ध पुरोहित (गुभाजू बाँडाहरू) पनि लागेका थिए । उनीहरूले आफ्नो विधि अनुसार शान्ति स्वस्ति गरे, प्रज्ञापारमिताको पाठ गरे, बिर्ता पनि पाए ।

रणबहादुरको राज्यकालमा बहादुर शाहले काठमाडौंमा एउटा मन्दिर बनाए । त्यस मन्दिरको भयालमा श्रीखण्डले बनाएका महादेव-पार्वतीको मूर्ति राखे, त्यही मन्दिरमा अष्टमातृका, नवग्रहको पनि मूर्ति स्थापना गरे, घण्टा पनि चढाए ।

घण्टाको आवाजले भूत प्रेतहरूको भागाभाग हुन्छ भन्ने धारणाले रणबहादुर शाहले अष्टधातुले बनाएको ठूलो घण्टा इष्टदेवता प्रीति गरी चढाए ।

रणबहादुरले (काठमाडौं कालभैरवपछाडि) सुनका सेता भैरव स्थापना गरे । आफ्नो

---

१ तात्कालिक लेखहरूबाट पनि यो कुरा बुझिन्छ । मूलको टिप्पणी हेर्नु होस् ।

CC-0. In Public Domain. Digitization by eGangotri

इलाकामा रहेका प्राणीका रगत मासु बोसो आदि खाने भूत प्रेतहरूलाई भागाभाग गराउनु तथा इन्द्रयात्राको शोभा बढाई इन्द्रलाई खुशी पार्नु यसको मुख्य उद्देश्य थियो ।

रणबहादुर शाहले थुप्रै साँढे पालेका थिए[1] । मुख्य मुख्य साँढेका नाम माल्या बाज्या मंगल्या जुभ्या भोटचा आदि थिए । घ्यू सखर चाकु इत्यादि हाली अन्न दाना खुवाएर ती साँढेहरू पालिएका थिए । साँढेहरूको हेरविचारका लागी एक वैद्य खटिएका थिए । ती वैद्य 'साँढे वैद्य' भनी कहलाएका थिए ।

रणबहादुरले हात्ती घोडा बाघ भालु गैंडा जात-जातका मृग चखेवा बकुल्ला मुजुर बट्टाई परेवा आदि पक्षीहरू पनि पालेका थिए ।

अलमोडा (कुमाउँको राजधानी) मा रणबहादुरले आफ्ना गोतिया बम शाहलाई शासक नियुक्त गरेका थिए ।

रणबहादुरले हनूमान्ढोकालाई केन्द्र मानेर चारै दिशातिर क्रोशयष्टि लुहकील (यति कोश भयो भन्ने देखाउने ढुङ्गाको खामो) राख्न लगाए । यस विषयको कुरा लेखेको किताप पनि तयार गरियो ।

बूढा अमरसिंह थापा र साना अमरसिंह थापा (भीमसेन थापाका बाबु) गरी रणबहादुरका भारदारमा दुइटा अमरसिंह थापा थिए ।

रणबहादुर आफूले असल भनी सम्झेकालाई निस्फिक्री वैरिदिन्थे, आफूले कपटी भनी सम्झेकालाई कडा सजाए दिन्थे, विषादि तातो तेल जीउमा हाल्न पनि लाउँथे । रणबहादुर आफ्नो मनमा उठेको कुरालाई पूरा गरी छाड्थे ।

हरिपति पाँडे अङ्ग-ढङ्गले र कुरा गराइले अरूलाई हँसाउन जान्दथे । यही गुणले उनी रणबहादुरका प्यारा भएका थिए । उनले अर्दली पद पाएका थिए । साँढेहरूको हेर-विचार गर्न उनी खटिएका थिए । उनलाई 'साँढेवैद्य' भन्दथे[2] ।

रणबहादुरले डेढ बर्षका आफ्ना छोरा गीर्वाणयुद्धविक्रमलाई गद्दीमा राखी आफूले संन्यास ग्रहण गरे । संन्यास ग्रहण गरेपछि रणबहादुरले अघिबाट परमनिर्गुणानन्द र पछिबाट महानिर्वाणानन्द भन्ने नाम लिएका थिए ।

जोगीको भेष लिई स्वामी कहलाएका रणबहादुर बुई चढी हिंड्न लागे । उनलाई बोक्ने अभिमान खत्री चण्डवीरहरू थिए ।

रणबहादुरले पशुपतिको ठूलो बगैंचा (भण्डारखाल ?) पशुपतिलाई चढाए, नेपाल-खाल्डोको बीच भाग हो भनी पाटन लगनखेलमा ईंटको वेदि (डबली) बनाए ।

---

१. तात्कालिक पत्रबाट पनि यो कुरा बुझिन्छ । मूलको टिप्पणी हेर्नुहोस् ।

२. साँढेवैद्यको नाम अन्त लक्ष्मीनारायण दहाल भन्ने पाइन्छ । मूलको टिप्पणी हेर्नुहोस् ।

CC-0. In Public Domain. Digitization by eGangotri

रणबहादुरकी रानी गीर्वाणयुद्धकी आमा कान्तिमतीलाई × रोग लागेको हुँदा रणबहादुरले असल असल वैद्य लगाई हुन्ज्यालसम्म औषधि गराए। ज्योतिषीहरूलाई पनि देखाए। तर फाइदा हुन सकेन।

रणबहादुरले कान्तिमतीको रोगको शान्तिनिमित्त ब्राह्मणहरूलाई हजार गाई दान दिए, ब्राह्मणहरूलाई सिधा दक्षिणा दिई पिप्पलका पातमा ॐकार लेखाई वाग्वतीमा बगाउन लाए। यही प्रसङ्गमा रणबहादुरले काठमाडौं पाटन भादपाउँ तीनै शहरमा आबादी जग्गा मासी गौचर राखे, भूमिदान गरे, पाटन बालकुमारी क्वाछें, महालक्ष्मी पीठ थेछेंमा पुरश्चरण गराए, प्रसिद्ध पीठमा दोबाटोमा भूत प्रेत लाग्ने ठाउँ भनी प्रख्यात भएका ठाउँमा करबीर आदि मसानमा टेकु दोभानमा प्रसिद्ध पोखरीमा इनार धाराहरूमा प्रसिद्ध बहालहरूमा शिवमन्दिरहरूमा देगुतलेमा तलेजुमा मछिन्द्रनाथ मीननाथ भीमसेन नारायण कृष्ण गणेश भैरव भैरवीहरूको मन्दिरमा वज्रयोगिनीमा दक्षिणकालिकामा बिजेश्वरीमा पनि पाठ-पूजा शान्ति स्वस्ति गराए। रुद्री सप्ताह पञ्चरक्षा प्रत्यङ्गिराहरूका पाठ भए। जोगी जोगिनीहरू कुमारीहरूलाई भोजन गराए। यस काममा ब्राह्मण गुभाजू कर्माचार्य आदि लाएका थिए। तिनीहरूले आफ्नो आफ्नो मार्गअनुसार पूजा-पाठ गरे, दान दक्षिणा पनि पाए।

गिद्धले अपशकुन गर्छ भन्ने संझी गिद्धवंश निर्मूल पार्ने विचारले रणबहादुरले गिद्धलाई जिउँदै पक्रने वा गोली हाना पाशो थापी खोरमा पारी मार्ने काममा घेरैलाई खटाए[१]। गिद्ध पक्रने मार्नेहरूलाई शिरपाउ दिइयो। पाटनतिर मारिएका गिद्धहरूलाई जाउलाखेलमा पोले। घेरै गिद्धहरूलाई पोलेको सो ठाउँ मसान भएकोले केटाकेटीलाई भूत लाग्ला भन्ने डरले त्यहाँ तान्त्रिकहरूले सरस्वती स्थापना गरिदिए।

कान्तिमतीको रोग बढ्दै आउँदा भूत प्रेत पिशाच डाक डाकिनीहरू बसेका छन् भनी करबीर मसानलाई खनी खनी बिगारी विष्णुमतीमा बगाइदिए।

जति जति कान्तिमतीको रोग बढ्दै गयो, उति उति रणबहादुरको शोक पनि बढ् गयो। आखिरमा कान्तिमतीले पशुपतिमा देहत्याग गरिन्। कान्तिमतीको मृत्यु भए-पछि शोकले होश ठेगानामा नभएका रणबहादुर शाहलाई मिश्र गुरुज्यू राजपुरोहित आदि जान्ने मान्छेहरू गोतिया चौतरिया ज्यान शाह बम शाहहरू काजी दामोदर पाँडे बन्धु रानाहरू बैठके ज्योधन + गोवर्द्धनहरूले संझाए। तर रणबहादुरले संझेनन्।" म

× गीर्वाणयुद्धकी आमाको नाउँ सुन्दरानन्दले 'कनकावती' भनी लेखेका छन्। अन्त कतै कान्तवती कतै कान्तिमती पाइन्छ। मूलको टिप्पणी हेर्नु होस्।

१ तात्कालिक पत्रबाट पनि यो कुरा बुझिन्छ। मूलको टिप्पणी हेनु होस्।

+ यी बैठकेको उल्लेख तात्कालिक कागत-पत्रमा पनि पाइएको छ। मूलको टिप्पणी हेर्नु होस्।

CC-0. In Public Domain. Digitization by eGangotri

आत्महत्या गर्छु, मलाई मेरी प्यारीकहाँ पुऱ्याइदेऊ, नभए मलाई मार" भनी कान्तिमतीको चोलो छातीमा राखी रणबहादुर विलाप गर्न लागे । सो चोलो पछि आगोमा हाले । अनि कान्तिमतीको काजक्रिया भयो ।

कान्तिमतीको मृत्यु भएपछि रिस र शोकले व्याकुल भएका रणबहादुरले कान्तिमतीलाई ओखती गर्ने देउपाटने मिल्ह्या वैद्यको घरमा आगो लाइदिए । तिनको हात कोलमा लगी किचाइदिए । कान्तिमतीलाई ओखती गर्ने वैद्यहरू मारिए तथा तिनका घर पोलिए । पाटनका कुम्भेश्वरलाई फोहर मैलाको लेप लाइदिई फोहर मैलाको धूप दिन लाए । सिम्भूका हारती देगुतले तलेजु शीतला भैरव क्षेत्रपाल आदिका मन्दिर मूर्तिहरू बिगारिदिए । यी देवताको सरकारी गूठी पूजा पनि रोकिदिए । ठाउँ-ठाउँमा अघि आफूले लाएको पुरश्चरण गर्नेहरूलाई अपवित्र खुवाई जात लिई शासना गरे ।

गीर्वाणयुद्धविक्रमलाई शिकारको बहानाले मन्त्रीहरूले नुवाकोट पुऱ्याए । यसबाट झोक्किएका रणबहादुरले वि. सं. १८५७ मा पाटन पुलचोकमा आफ्नो अखाडा जमाए । जोगीकै भेषमा रहेका रणबहादुरले पाटनमा बसी हात-हतियार भिरेका मानिसहरूलाई बटुल्न लागे [1] ।

वि. सं. १८५७ ज्येष्ठ ९ गते× रणबहादुर पाटनबाट काशी हिंडे रणबहादुरको पछि लागी आफ्ना भाइहरूलाई साथ लिई भीमसेन थापा काशी गए । अरू केही भारादारहरू पनि आफ्ना बच्चाहरूलाई यहीं छोडी रणबहादुरको पछि लागी काशी गए ।

रणबहादुर काशी गएपछि मन्त्रीहरूले गीर्वाणयुद्धविक्रमलाई नुवाकोटबाट काठमाडौं ल्याए ।

काशी पुगेका रणबहादुर शाहले अंग्रेजसँग मिली हाम्रो अनिष्ट काम गर्लान् कि भनी नेपाली भारादारहरू आँत्तिए । अंग्रेजसँग रणबहादुर मिले भने नेपालराज्यको के दशा होला भन्ने चिन्ता पनि ती भारादारहरूलाई पऱ्यो ।

गीर्वाणयुद्धविक्रमका सौतेनी आमाहरूले गीर्वाणयुद्धलाई काखमा लिई राज्य चलाउन लागे ।

---

[1] तात्कालिक कागत-पत्रबाट पनि यो कुरा सिद्ध भएको छ । मूलको टिप्पणी हेनुँहोस् ।

× मुन्दरानन्दले ज्येष्ठ ९ गते रणबहादुर काशीतिर हिंडे भनी लेखेका छन् । परन्तु लक्ष्मीपतिको टिपौटअनुसार ज्येष्ठ ८ गते उनी हिंडेको देखिन्छ । मूलको टिप्पणी हेनुँहोस ।

CC-0. In Public Domain. Digitization by eGangotri

रणबहादुरको पछि लागी गएकी राजराजेश्वरी ÷ [रणबहादुरका जेठा बडा महारानी, गुल्मीका राजाकी छोरी] फर्की कटहरवनको बाटो काठमाडौं उत्रिन्[1] । काठमाडौंमा आई राजराजेश्वरीले अधिकार हातमा लिइन् । उनका हजुरिया अजयरेखा मातू[2] भ्रमर-कलिका तुरकी आदि केटीहरू थिए । राजराजेश्वरीको द्वारेको काम यिनै गर्दथे ।

रणबहादुरले काशी गङ्गाजीमा स्नान दान, विश्वनाथ भैरव ढुण्डिराज लोलार्ककुण्ड इत्यादिको दर्शन पूजन गरे । काशीका गङ्गापुत्र (घाटे) तथा महाजनहरूले रणबहादुर-संग सम्बन्ध बढाएका थिए । अंग्रेजहरूले पनि रणबहादुरसँग सम्बन्ध राख्न कोसेलीहरू पठाउने तथा आफै पनि भेट्न आउने गरेका थिए ।

भीमसेन थापा रणबहादुरलाई नेपाल फर्काउने उद्योगमा लागे । भीमसेन थापाले जासूस छोडेका थिए । रणबहादुरले काशीमा भीमसेन थापालाई 'सर्फराजी' भन्ने पत्रो दिए ।

काहरहरूले बोकिएका रणबहादुर काशीबाट हिंडेको ६ दिनमा काठमाडौं आइपुगे । काठमाडौं उत्रेपछि टुँडिखेल लुमडीमा रणबहादुरले बास गरे । भीमसेन थापाहरू साथै आएका थिए । रङ्गनाथ र उनका भाइ हरि (विष्णु) कृष्ण नारायण परिवारसाथ रणबहादुरको पछि लागि काठमाडौंमा उत्रे । बहादुरशाहका पालामा रङ्गनाथका बाबु ब्रजनाथ परिवारसहित काठमाडौंबाट निकालिएका थिए[3] । दामोदर ज्योतिषी पनि रणबहादुरसाथ काठमाडौं आए ।

लुमडीमा बसेका रणबहादुरले रत्नजडाउ कब्जा भएका तरबार दुबै हातमा लिएका थिए । भीमसेन थापा रणबहादुरका हजुरिया भई काम गर्न लागे । चप्रास भिरेका सिपाही (चप्रासी) हरूले रणबहादुरको रक्षा गरेका थिए । रणबहादुरले लुमडी भद्रकाली वज्रतुण्डी महाङ्काल संकटाको जप पाठ पूजा गरे ।

शङ्का लागेका लुकेर बसेका तथा भागेका मनुष्यहरूलाई कोशिशसाथ समात्ने काम भयो ।

÷ सुन्दरानन्दले 'राज्यलक्ष्मी' भनी लेखेका छन् । तात्कालिक लेखमा 'राजराजेश्वरी भनी लेखिएको पाइन्छ । मूलको टिप्पणी हेर्नुहोस् ।

१ वंशावलीमा र माथवरसिंहले पाएको जितापत्रमा राजराजेश्वरी काशी पुगी फर्केकी हुन् भनी लेखिएको छ । सुन्दरानन्दले भने काशी नपुगी कटहरबनबाटै राज-राजेश्वरी फर्केकी हुन् भनी लेखेका छन् । मूलको टिप्पणी हेर्नुहोस् ।

२ यिनको उल्लेख तात्कालिक कागतमा पाइएको छ । मूलको टिप्पणी हेर्नुहोस् ।

३ तात्काकिल पत्रबाट पनि यो कुरा बुझिन्छ । मूलको टिप्पणी हेर्नुहोस् ।

CC-0. In Public Domain. Digitization by eGangotri

रणबहादुर केही दिन लुमडीमा बसी सिन्दूरयात्रा गरी भीमसेन थापा पण्डितराज रङ्गनाथ दामोदर ज्योतिषीहरूलाई अगाडि लाई दरबारभित्र पसे। छोरा गीर्वाणयुद्धविक्रम-लाई काखमा लिई रणबहादुरले राज्य गर्न लागे। महारानी ललितत्रिपुरसुन्दरी रणबहा-दुरकी मन परेकी भइन्+।

रणबहादुरलाई काशी धपाउन, उनलाई काशीमै रोक्न तथा उनी काशीबाट फर्कंदा बाटो छेक्न को को लागेका थिए भन्ने निर्णय गर्नाका लागि रणबहादुरले भारादारी गरे। सो भारादारीमा छ थर (पाँडे पन्थ अर्ज्याल खनाल÷राना बोहरा) बस्नेत

+रणबहादुरका कान्छा महारानी ललितत्रिपुरसुन्दरी भीमसेन थापाका इष्टदेवता जस्ता थिइन्। भीमसेन थापाको शासनकालमा राजा (गीर्वाण र राजेन्द्र), रानी (ललित-त्रिपुरसुन्दरी) मन्त्री भीमसेन थापा यी तीनथरिको नेपाल मुलुकभर चकचकी थियो। सुन्दरानन्दका त्रिरत्न भनेका यिनै हुन्। राजा रानी शिलाका देवता जस्ता भीमसेन थापा पुजारी जस्ता भएका थिए र देवताबाट भएको शुभाशुभ फल भक्त जस्ता भएका दुनियाँ-लाई भीमसेन थापा सुनाउँथे तथा देखाउँथे। यस कारण भक्ति गरी नैवेद्य पाउने आशामा भक्त बनेका सुन्दरानन्दले ललितत्रिपुरसुन्दरीको प्रशंसा गर्नु स्वाभाविक थियो। काशीबाट फर्केर काठमाडौं दरबार पसेपछि रणबहादुरको सबभन्दा पहिले ललितत्रिपुरसुन्दरीसँग भेट भएको सुन्दरानन्दले देखाएका छन्। यसबाट रणबहादुर काशी नजाँदै ललितत्रिपुरसुन्दरीसँग उनको विवाह भए जस्तो देखिन्छ। वाणीविलासले रणबहादुरका कान्छा महारानी ललितत्रिपुरसुन्दरी हुन् भनी लेखेका छन्[१]। तात्कालिक कागतपत्रमा वि. सं. १८६० मा रणबहादुरले विवाह गरेको उल्लेख पाइन्छ[२]। लक्ष्मी-पतिले वि. सं. १८६१ मा स्वामी रणबहादुरले गरेका दुई विवाहको उल्लेख गरेका छन्[३]। यस कारण ललितत्रिपुरसुन्दरीसँग रणबहादुरको कहिले कहाँ विवाह भएको थियो तथा उनी कुन वंशकी हुन् भन्ने मैले अहिलेसम्म निश्चय गर्न सकेको छैन

÷६ थरमा खनाल पनि पर्थे, परन्तु सुन्दरानन्दले त्यसलाई छुटाएका छन्।

१ "इनै रणबहादुर साह महाराजाधिराजका श्रीललितत्रिपुरसुन्दरीदेवी कान्छा महारानी हुनुभयो" (वाग्वतीको स्तम्भलेखबाट)

२ "६० सालमा श्री ५ श्वामीज्यू श्रीमैयासाहेबका विवाहका वलक २ को तहसिल"
"श्री ५ श्वामीज्यूका विवाहका र मैआसाहेवका विवाहका ६० सालका वलक असुल"
(संशोधनमण्डलको संग्रहमा रहेका कागतबाट)

३ "विक्रम संवत् १८६१ वैशाखकृष्णप्रतिपदा (वैशाख १५ गते) श्रीस्वामिनो विवाह"
"विक्रम संवत् १८६१ फाल्गुनशुक्लसप्तमी (फाल्गुण २६ गते) श्रीस्वामिनो विवाह"
(लक्ष्मीपतिको पात्रोबाट। यो पात्रो मोहननाथ पाँडेसँग छ।)

CC-0. In Public Domain. Digitization by eGangotri

थापा खड्काहरू सभासद भई बसेका थिए । सो भारादारीमा अपराधा ठहरिएका कसै-लाई गुहुका कुण्डमा हाले, कसैका घाँटीमा पाङ्ग्रो बाँधिदिए, सो पाङ्ग्रोले गर्दा उठ्न सुत्न हुँदैनथ्यो र अत्यन्त कष्ट हुन्थ्यो ।

चौतरिया शिव शाहकी रानी पानकुमारी र उनका छोरा अमर शाह तथा परिवार-साथि रणबहादुर काशीबाट फर्कदा बाटो छेक्ने उद्योग गरेको दोष लाग्यो र सपरिवार अमर शाह कैद गरिए । पानकुमारीचाहिं गधामा चढाई हेलम्बुमा निकाला गरिइन् । राज-राजेश्वरीका हजुरिया तथा द्वारे भएका अजयरेखा मातू भ्रमरकलिका तुरकी यी केटीहरूका नाक र चुल्ठो काटिए । यी केटीका प्रभावबाट मान पाएका शङ्खधरलाई खाडलमा हाली उनको टाउकोमा खोटो हाली बत्ती बालिदिए । मन्त्री आदि भारादारहरू मारिए[१] । जेठा बडा महारानी राजराजेश्वरी हेलम्बुमा निकाला गरिइन् ।

---

१ रणबहादुरलाई काशीमै रोक्न कामना दामोदर पाँडेहरू मुख्य थिए । उनीहरूले पाएको सजायको भने स्पष्टसँग चर्चा सुन्दरानन्दले गरेका छैनन् । त्यस विषयमा सुन्दरानन्दले—

"एस प्रकारका श्रीस्वामि रणबहादुर साहविषे कपट उपद्रव गर्न्या द्रोहिहरूले सहजै यमराजका घरको अतिथि हुन गया, कूटसचिवहरूका नामराशि ग्रन्थविस्तार होला भन्नानिमित्त बहुधा लेषनुछोड्याको हो"

यस्तो वाक्य बेलेका छन् । तर विशेष प्रख्यात नभएका मानिसहरूको भने नाम लेखी उनीहरूले पाएको दण्डसमेत सुन्दरानन्दले खुलाएर लेखेका छन् । यसो गर्नाको कारण राजेन्द्रविक्रम शाह बढ्दै गएपछि उनको र उनका जेठा महारानी साम्राज्य-लक्ष्मीको समेत प्रिय बन्दै गएका रणजङ्ग पाँडे (दामोदर पाँडेका छोरा) हरूको कुदृष्टि आफूमाथि नपरोस् भन्ने सुन्दरानन्दको भाव देखिन्छ ।

रणबहादुर काशीतिर लागेपछिको वर्णनमा पनि दामोदर पाँडेहरूको नाम नलिई—

"सो विस्तार नुवाकोटमा पुग्दा कूटसचिवहरू सबै कृतार्थ भै बालष श्री ५ मन्महाराजाधिराजकन कांतीपुर राजधानीविषे ल्याई विराजमान गराउँदा भया. कूटसचिवहरूका थरघरकन इहा लिषेनछ"

यस्तो लेखेको देख्दा सुन्दरानन्दको सो भाव स्पष्टै बुझिन्छ । यसरी सच्चा इति-हासकार बन्नुभन्दा आफ्नो काम पट्याउने चेष्टा सुन्दरानन्दले गरेको देखिन्छ । यसै गरी-

"श्रीपृथ्वीनारायण साहका द्वितीय पुत्र श्रीबहादुर साहाबाट विना अपराध शासना गर्दा कांतीपुरदेखि कपिलासमेत निकालिदियाका काशी सहर बसी डिल्लीश्वर बात्साहका हुकुममा षुसि तुल्याउन्या ब्रजनाथ

CC-0. In Public Domain. Digitization by eGangotri

काशीबाट साथै आएका सपरिवार राधाकृष्णलाई मान मर्यादापूर्वक रणबहादुरले विदा गरिदिए । काशीबाट साथमा आएका जोगीहरूलाई[१] रणबहादुरले टुकुचामा घर-खेत दिई बसाले ।

रणबहादुरबाट भीमसेन थापाले जिउताभरका लागि मूल कजाइँको पद र कम्पू (सेना) को सारा अधिकार पाए । भीमसेन थापाको मार्फत नपरेको लालमोहर प्रमाण नलाग्ने भयो । भीमसेन थापाका हजुरिया भई मुलुकी बन्दोवस्तको काम गर्ने गुणवन्त श्रेष्ठ भए । कागतको एकहट्टी ठेक्का भयो ।

कान्तिमतीको विरहव्यथाको झोकमा आफूले अघि बिगार्न लाएका देवमन्दिरहरूको जीर्णोद्धार रणबहादुरले गर्न लगाए । ती देवताहरूको बन्द गरिएका सरकारी गूठी पूजाहरू पनि खोलिदिए ।

बिफर आइरहेका र काँचा (नखोपाइएका) केटाकेटीहरूबाट बिफरको रोग सरी बढला भन्ने शङ्काले सिपाही लाई त्यस्ता केटाकेटीहरूलाई शहरबाहिर पुऱ्याउने प्रबन्ध भयो । केटाकेटीका साथमा उनका आमा बाबुहरू पनि जानु स्वाभाविक थियो । पाथकको ठाउँ हेरी तिनीहरू एकै ठाउँमा गोल मिलाई बस्तथे । कोही तामाकोशीको किनारमा पुगेका थिए । कोही ठिगण पुगेका थिए । कोही मणिचूड पुगे । यस किसिमबाट धपाइ-एका परिवारलाई कष्ट हुनु स्वाभाविक थियो । रोग पनि हुँदा केही मरे । बचेकाहरू केही कालपछि घर फर्के ।

वि. सं. १८६३ मा त्रिभुवनको घरमा श्री ५ स्वामी रणबहादुरलाई उनका सौतेने भाइ चौतरिया शेरबहादुरले तरबारले हानी मारे । शेरबहादुर पनि त्यहीं मारिए । शेरबहादुरका मतियार ठहरिएका राजा पृथ्वीपालसेन रणबहादुरका सौतेने भाइ चौतरिया विदुर शाह काजी नर्सिंह गुरुङ काटिए । शेरबहादुर पृथ्वीपाल विदुर शाह नरसिंहहरूका लासलाई डोरीले बाँधी पोडेहरूले घिसार्दै विष्णुमतीपारि पुऱ्याई फालिदिए । दाह-संस्कार गर्न दिइएन । कुकुर श्याल गिद्धहरूले लास खाए । उनीहरूका स्वास्नी छोरा छोरी कमारा कमारीसमेतलाई च्यामे पोडे सार्की दमाईहरूलाई सुम्पी त्यही जातमा मिलाइदिए ।

पण्डित—"

रङ्गनाथका बाबुले पाएको दण्ड विनाअपराधको हो, उनले नेपाल छोड्नुपरे वापनि दिल्लीका बादशाहबाट मान पाएका थिए भनी प्रशंसा गर्ने सुन्दरानन्दले भीमसेन थापाका शासनकालमा उच्च पदमा पुगेका रङ्गनाथ गुरुज्यूलाई प्रसन्न पार्न उद्योग गरेको स्पष्ट छ ।

१ यी जोगी नानकसम्प्रदायका हुन् भनी सुन्दरानन्दले बोलेका छन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

रणबहादुर मारिएकै दिन सो समाचार लिई घोडचढी सवार हेलम्बुमा राजराजेश्वरीकहाँ गए। रणबहादुर मारिएका सातौं दिनमा[1] राजराजेश्वरी काठमाडौं आइपुगिन र पशुपति आर्यघाटमा सती गइन्।

गीर्वाणयुद्धविक्रम हात्ती चढी शहर घुम्दा भीमसेन थापा सोही हात्तीमा हुन्थे।

भीमसेन थापाले गीर्वाणयुद्धलाई पौडी खेल्नु तारो मार्नु आदिको शिक्षा दिलाए[2]। शिकार खेलाउन भनी भीमसेन थापाले राजालाई नुवाकोटमा लगे, केही महीनापछि काठमाडौंमा फर्काए।

तलेजुको मन्दिरमा बसी गीर्वाणयुद्धले चङ्गा उडाउँदा भीमसेन थापा धागो समाति-दिन्थे। सो तमाशा घेरैले हेर्थे। राजाका चङ्गाले आफ्नो चङ्गा काटिंदा दिक्क भएका शहरिया साना केटालाई बोलाई भीमसेन थापाले रुपियाँ दिई बुझाएथे।

मल्ल राजाका पालामा बनाउँदा बनाउँदै त्यसै छाडी अपूरो भई रहेको देवल (मजाक देवल=नसिद्धिएको देवल) लाई भीमसेन थापाले कोतभित्र पारी चूनहरू लाई सैनिक अखाडा बनाए।

भीमसेन थापाले वाग्वतीको पुल बनाए। पुलको आसपास फलैचा भएका पाटी धर्मशाला बगैंचा बनाए। यस कामका लागि गूठी राखे। गाउँ बसाले। त्यस ठाउँको नाउँ 'स्वामिगङ्ग' भन्ने राखे। यसबाट काठमाडौं र पाटनका बासिन्दाहरूलाई आवत-जावत गर्न सजिलो भयो[3]।

गीर्वाणयुद्धबाट भीमसेन थापाले जनरल भन्ने पद पाए। यसबाट उनको विशेष रबाफ बढ्यो।

शहरमा बिफर आँउदा गीर्वाणयुद्ध दरबारबाट बाहिर ननिस्की भित्रै बसी राजकाज

---

१ तात्कालिक लेखमा नवौं दिनमा राजराजेश्वरी काठमाडौं आइपुगिन् र सती गइन् भनी लेखिएको छ। मूलको टिप्पणी हेर्नुहोस्।

२ वाग्वतीका स्तम्भलेखमा पनि यो कुरा लेखिएको छ। हेर्नुहोस्।

३ कान्तिपुर र ललितपुर प्रतिद्वन्द्वी छिमेकी राज्यको रूपमा अढाई शय वर्ष जति रहे। बाच बीचमा शिवसिंहमल्ल महान्द्रसिंह जयप्रकाश यी तीन जना कान्तिपुरका राजाहरूले ललितपुरको सिंहासनमा पनि बस्न पाए तापनि यी दुइ राज्य एउटै हुन सकेका थिएनन्। यी दुइ राज्य बराबर लड्थे। यस कारण यी दुई राज्यले आफ्नो सीमाको रक्षाको प्रबन्ध गर्नु स्वाभाविक थियो। वाग्वतीले यी दुइ राज्यलाई छुट्याएको हुनाले यी दुइ राज्यका शासकहरू दुबै राज्यसँग सम्बन्ध राख्ने विशेष काम पर्दा वाग्वतीको

CC-0. In Public Domain. Digitization by eGangotri

चलाउन लागेका थिए । यसो गर्दा पनि दरबारभित्र बिफरको रोग पस्यो र सोही रोगले वि. सं. १८७३ मा गीर्वाणयुद्धविक्रमको मृत्यु भयो ।

गीर्वाणयुद्धको मृत्यु भएपछि उनका बालक छोरा [३ वर्षका] राजेन्द्रविक्रमलाई गद्दीमा राखी भीमसेन थापा अघिजस्तै राजकाज गर्न लागे । महारानी ललितत्रिपुर-सुन्दरीले बालक राजा राजेन्द्रविक्रमको हेरचाहको अभिभारा, लिइन् + ।

किनारा टेकुमा आई भेटघाट गर्थे[१] । त्यस वेला टेकुको बाटो नै यी दुइ राज्यमा जाने बाटो थियो ।

पृथ्वीनारायणले कान्तिपुर तथा ललितपुरलाई एउटै राज्यमा मिलाउन सके तापनि पुरानो बाटोको ठाउँमा दुबै राज्यमा ओहोरो दोहोरो गर्न सजिलो पर्ने बाटो बनाउन सकेका थिएनन् । पृथ्वीनारायणपछिका कर्मठ शासक बहादुर शाहको शासनकाल पूर्व पश्चिम उत्तरको लडाइँमा नै बितेको थियो । बहादुर शाहपछिका कर्मठ शासक भीमसेन थापा न थिए । राज्यमा एकाधिकार गरेका हुनाले आफ्नो इच्छाअनुसार काम गर्न उनी समर्थ पनि थिए । यस कारण कान्तिपुर र ललितपुरलाई एकतामा जोड्ने राजमार्ग हुनु आवश्यक परेको कुराको अनुभव गरी भीमसेन थापाले यो वाग्वतीको पुल बनाउन लाए । यस काममा धर्मात्मा महारानी ललितत्रिपुरसुन्दरीको हातबाट संकल्प गराई स्वामी महाराज रणबहादुरको दुर्गत मृत्युको उद्धार गराउन पनि भीमसेन थापा समर्थ भएका हुनाले भीमसेन थापाको यो काम 'एका क्रिया द्वयर्थकारी प्रसिद्धा' भन्ने उक्तिको उदाहरण बनेको थियो । सो पुल बनाउँदा तेह्र शय हात लामो सडक (पुल तथा पुललाई उपयुक्त हुने गरी खेतमाथि बनाइएको बाटो) बनाइएको थियो[२] ।

+ गीर्वाणयुद्धको साथमा उनका जेठा महारानी श्रीसिद्धिलक्ष्मी सती गएकी र त्यसको १४ दिनपछि गीर्वाणयुद्धका कान्छा महारानी गोरक्षराजलक्ष्मी (राजेन्द्रविक्रमकी मुमा) को पनि मृत्यु भएकोले ३ वर्षका बालक राजेन्द्रविक्रम आमा बाबु नभएका टुहुरा भएका थिए ।

---

१ "सं. ८०६ ज्येष्ठ कृष्ण द्वादशी सोमवार श्व कुह्न श्रीनिवासमल्ल जुजु वयाओ स्व नगर र चारकु तेखुस स्वह्मं राजां भेत जुयाओ···" [ठ्यासपुबाट । यसको परिचय इतिहास-संशोधन ५० क्रमागत संख्यामा हेर्नु होस् ।]

[ने. सं. ८०६ (वि. सं. १७४३) ज्येष्ठ कृष्ण द्वादशी सोमवारका दिन श्रीनिवास मल्ल राजा आई तीनै शहरका बाटा खुलाए । टेखुमा तीनै राजाले भेट गरेर···]

२ वाग्वतीको स्तम्भलेख हेर्नु होस् ।

CC-0. In Public Domain. Digitization by eGangotri

राजेन्द्रविक्रमको पालामा हनूमान्ढोकाको जीर्णोद्धार भयो ।
राजेन्द्रविक्रमका वशमा अंग्रेजहरू परेका छन् भन्ने प्रचार थियो[1] ।

वाग्वती र टुकुचाको दोभान भएको कालमोचनघाटमा ललितत्रिपुरसुन्दरीले आफ्ना स्वामी रणबहादुर शाहको उद्धारनिमित्त मन्दिर बनाई त्रिपुरेश्वर महादेव स्थापना गरिन्[2] मन्दिरको चारैतिर सत्तल बनाइन् । मन्दिरमा सुनको जलप लागेका छाना, सुनको जलप लाएको गजूर हालिन् । मन्दिरको वरिपरि अरू देवताहरूका मूर्ति स्थापना गरिए। मन्दिरमा घण्टा त्रिशूल पनि चढाइए। मन्दिरमा सर्वतोभद्र भएको चँदुवा, रुद्राक्षमालाहरू टाँगिए । श्रीखण्ड कस्तूरी कुङ्कुम केशर आदि सुगन्धी वस्तु मिलाइएको पञ्चामृतले महादेवको महास्नान गर्ने व्यवस्था भयो । चौघराको नजीकै बगैंचा लाइयो। सत्तलमा बस्ने परदेशी र स्वदेशी साधुहरूलाई चाहिने चुलो अगेनाहरू बनाई दाल चामल घिउहरू हाँडीमा हाली दाउरासमेत तिनलाई दिने प्रबन्ध मिलाइयो । नाङ्ला ढिकीहरू पनि त्यहाँ राखिए । सो सत्तलमा जोगी बूढा तथा धर्मात्मा कहलाएका मानिसहरू पनि वास गरी बस्न लागे । काशी प्रयागतिरका जोगीहरू पनि त्यहाँ बसेका थिए । भजनियाहरू पनि त्यहाँ बस्थे । भजन हुन्थ्यो । महारानी ललितत्रिपुरसुन्दरी पनि कहिलेकाहिं केटीहरूसाथ भजन गथिन् । भजनमा जम्मा भएका भक्तहरू राजा राजेन्द्र, महारानी ललितत्रिपुरसुन्दरी, मन्त्री भीमसेन थापाको जयजयकार गरी भजन टुङ्गचाउथे ।

वि. सं. १८८० माघ शुक्ल श्रीपञ्चमीका दिन [दश वर्षका] राजेन्द्रविक्रमको दुइटा महारानीका साथ बालाजुमा विवाह भयो ।

वि. सं. १८८४ आषाढ शुक्ल तृतीयाका दिन राजेन्द्रविक्रमले पशुपतिमा गई दर्शन गरी रत्न जडेको नाग चढाए

वि. सं. १८८६ ज्येष्ठ कृष्ण द्वादशीमा राजेन्द्रविक्रम भक्तपुरमा गए ।

---

१ यस्तो काममा सुन्दरानन्दहरू जस्ता अग्रसर थिए ।

२ ललितत्रिपुरसुन्दरीले आफ्ना पति रणबहादुरको सद्गति के गरेर हुन्छ भनी पण्डितहरूसँग सल्लाह गरी उनीहरूको रायले शिवलिङ्ग स्थापना गर्नु नै उत्तम ठहरिएकोले भीमसेन थापा र रङ्गनाथको प्रबन्धबाट वि. सं. १८७४ देखि ७७ सम्ममा यो मन्दिर बनाइएको हो भनी त्यहाँ रहेको शिलापत्रमा लेखिएको छ। (यो शिलालेख परिशिष्ट 'ग' मा दिइएको छ) वि. सं. १८७९ मा सो मन्दिरको छाना आदिमा सुनको जलप लाउन १२५३४ रु को सुन लागेको थियो । मूलको टिप्पणी हेर्नु होस् ।

CC-0. In Public Domain. Digitization by eGangotri

वि. सं. १८८६ आषाढ कृष्ण अमावास्या मङ्गलबारका दिन राजेन्द्रविक्रम चोभार गणेशको दर्शन गर्न गए ।

राजा राजेन्द्रविक्रम मन्त्री भामसेन थापालाई साथ लिई शहर घुम्थे तथा देवताका दर्शन गर्न जान्थे । राजेन्द्रविक्रम हात्तीमा हौदामा चढी डुल्दा जनरल भीमसेन थापा छवासीमा बस्थे र रत्नजडाउ सुनको डाँठ भएको छाता राजालाई ओढाउँथे ।

मूल ढुकुटी भीमसेन थापाको अधीनमा थियो[१] ।

वि. सं. १८८६ श्रावण शुक्ल षष्ठी बुधवारका दिन राजेन्द्रविक्रम ललितत्रिपुरसुन्दरी-सहित मणिचूडेश्वरको दर्शन गर्न गए । त्यहाँ मणिचूडवहको पनि पूजा गरे ।

वि. सं. १८८६ आश्विन शुक्ल सप्तमी रविवारका दिन राजेन्द्रविक्रमका जेठा छोरा सुरेन्द्रविक्रमको जन्म भयो ।

वि. सं. १८८८ भाद्र शुक्ल दशमीका दिन फर्पिङका प्रचण्डभैरवलाई खट-जात्रा गर्दै हनूमान्ढोकामा ल्याए । राजेन्द्रविक्रमले भक्तिपूर्वक दर्शन गरी पूजा गरे[२] ।

वि. सं. १८८८ पौष शुक्ल पूर्णिमा मङ्गलवारमा राजेन्द्रविक्रमका माहिला छोरा (उपेन्द्रविक्रम) को जन्म भयो ।

वि. सं. १८८८ चैत्र कृष्ण दशमी सोमवारका दिन रणबहादुर शाहका कान्छा महारानी ललितत्रिपुरसुन्दरीको देहान्त भया ।

हात्तीसार

पुरानो हात्तीसार थोत्रो र सानो पनि भएको हुनाले राजेन्द्रविक्रमले चौघरा नयाँ हात्तीसार बनाए । सो हात्तीसारमा लक्ष्मीप्रसाद हवडप्रसाद देवीप्रसाद, मोतीप्रसाद

---

१ तात्कालिक कागतबाट पनि यो कुरा सिद्ध हुन्छ । मूलको टिप्पणी हेर्नु होस् ।

२ योभन्दा अगाडि फर्पिङका यी भैरवलाई काठमाडौं ल्याउने चलन थिएन, मल्ल राजाहरूको पालामा पनि यस्तो हुँदैनथ्यो भनी सुन्दरानन्दले बोलेका छन् । फर्पिङ काठमाडौंका मल्ल राजाहरूको अधीन नभएको हुनाले उहांको जात्रा यहाँ नआउने कुरा यसबाट बुझिन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

जहरवेष अमरप्रसाद श्रीप्रसाद इत्यादि नाम भएका हात्तीहरू थिए[१]। लक्ष्मीप्रसाद हात्तीको एउटा मात्र दाँत थियो। राजा राजेन्द्र, मन्त्री भीमसेन थापालाई देख्ता यो हात्ती आबाज गरी मौलाको वरिपरि घुम्थ्यो। राजा मन्त्री प्राय लक्ष्मीप्रसाद श्रीप्रसाद हात्तीमा चढ्थे। अमरप्रसाद हात्तीहरूमा मुख्य गनिन्थ्यो। बनैया हात्ती पक्रने काममा श्रीप्रसाद सिपालु थियो। हात्तीसारका मौलामा लागेका सिक्रीमा हात्ती बाँधिएका हुन्थे। गाग्रोमा पानी ल्याई हात्तीलाई नुहाइदिन्थे। पिप्लको पात घाँस दाना ऊखु मसाला त्रिकटु शूठो मरीच पिपला) सह चाकु चिनी घिउ हालेको अन्न मुख्य मुख्य हात्तीलाई खुवाइन्थ्यो। राजाले पनि कहिलेकाँहि आफ्नै हातले हात्तीलाई खुवाउँथे।

तवेला

चीनबाट ल्याएका टांगन, भोटे, अरबी इत्यादि जात जातका घोडाहरू राजेन्द्रविक्रमका तबेलामा थिए। ती घोडालाई टुँडिखेलमा (कवायद खेल्दा?) प्रतिदिन भने जस्तै दौडाउँथे। मुख्य मुख्य घोडाका घाँटीमा रत्नजडाउ हैकलमाला लाइदिएको हुन्थ्यो।

चिडियाखाना

काठमाडौं टोलनजीकै हात्तीसारको बाहिरपट्टि मूल बाटोनिर बाघको खोर थियो। वि. सं. १८८६ जेठमा सो खोरमा बघिनीले २ बच्चा पाई। राजादेखि रङ्कसम्म लाखौं मनुष्य तमाशा हेर्न गए। खोरमा हावा पस्ने प्वाल थुनी मासु चाकुहरू खुवाई सुत्केरी बघिनीको स्याहार भएको थियो।

बाघका खोरनजीकै बाँदर गैडा अर्नाहरू पनि पालिएका थिए।

छाउनी

भीमसेन थापाको प्रबन्धबाट विष्णुमतीपारि सैनिकको निमित्त छाउनी बनाइयो। सो छाउनीमा घरहरू पनि बनाइए। ती घरहरूमा कुनै शीशमहल (ऐनादार घर) कुनै रङ्गमहल कहलाएका थिए। सो छाउनीमा ठाउँ-ठाउँमा पोखरा कूवा धाराहरू

१ यी हात्तीमध्ये केहीको उल्लेख तात्कालिक कागतहरूमा पनि पाइएको छ। मूलको टिप्पणी हेर्नु होस्।

CC-0. In Public Domain. Digitization by eGangotri

बनाइएका थिए । पोखरीमा रङ्ग बिरङ्गका कमलहरू लाइएका र माछाहरू पालिएका थिए । त्यहाँ बगैंचा लाइएको थियो । सो बगैंचामा फल-फूलहरूको बोट तथा लहराहरू लाइएका थिए । सो छाउनीमा हात्तीसार तबेलाहरू बनाइएका थिए । कालिगडहरू बसी काम गर्ने एक विभाग पनि त्यहाँ खुलेको थियो । पसलेहरूलाई त्यहाँ स्थायी पसल बाण्न लाइएको थियो[1] ।

कविका समयको र त्यसभन्दा केही अघिको लोकयात्रा

मल्लकालमा

पाटनका राजाहरू पाटन-दरबार (चौकोट दरबार)को सुनको भ्यालमा बसी सलामी दिन्थे ।

नेवार मल्ल राजपरिवार तथा नेवार भारादारहरूमा जार काट्ने चलन थियो[2] । बोइला गएको स्वास्नीलाई नाक काटी घपाइदिन्थे । अरू नेवार जातिमा विधवा-विवाह तथा मद्यपानको निषेध थिएन ।

तान्त्रिकहरू पूजामा पञ्च मकार (मद्य मांस मत्स्य मुद्रा मैथुन)को उपयोग गर्थे, तान्त्रिकहरू मन्त्र तन्त्र यन्त्रको प्रयोग, जम्भन स्तम्भन अञ्जनसाधन, गुटिकासाधन गर्थे, विष-औषधि जान्दथे ।

शाहकालमा

राजदरबार (हनूमान्ढोकाको पटाङ्गिनी)मा रागको अभ्यास गरेका नटुवी भटिनीहरू र गबैयाहरू मृदङ्ग सितार गितार वीणाहरू बजाई नाच-गान गर्थे । त्यहाँ राजा रानीको स्तुति परेका गानाहरू प्रायः गाइन्थे ।

महलका आस-पासमा बगचा थिए । बगैंचामा नानाप्रकारका फलफूलका रूख थिए । बगैंचाभित्र तथा अन्त पनि पोखरी थिए । पोखरीमा राता काला सेता माछाहरू तथा अरू जलजन्तुहरू पनि पालिएका थिए ।

---

[1] तात्कालिक पत्रबाट पनि यो कुरा बुझिन्छ । मूलको टिप्पणी हेर्नुहोस् ।

[2] अन्त उल्लेख भएका तात्कालिक प्रमाणबाट यिनीहरूमा एक पुरुषले घेरै स्त्रीहरूसँग विवाह गर्ने तथा सती जाने चलन पनि भएको बुझिन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

राजाहरूका विवाह धूमधामसँग हुन्थे ।त्यहाँ विभिन्न बाजाहरू बजाइन्थे,इनाम बाडिन्थे । विवाहको जात्रा हेर्न धेरै मानिस जान्थे । बूढा-पाकाहरू " अहिले विवाह भएका राजाका बाबु बाजे बराजुहरूलाई पनि हामीले देखेथ्यौं, अघि यस्तो भएथ्यो, उस्तो भएथ्यो " भनी कुरा गर्थे ।

जात्रामा राजा हात्ती चढी शहर घुमी रुपियाँ छर्थे। विशेष काममा देवस्थलहरूमा जाँदा पनि राजा बाटामा रुपियाँ छर्थे। बाटामा रहेका मानिसहरू सो रुपियाँ टिप्थे। शहरका आइमाईहरू संगिनीसहित भई सिंगारिई आफ्ना केटाकेटी लिई झ्याल झ्यालमा बसी रमिता हेर्थे ।

पाटन भादगाउँतिर राजा जाँदा शहरका ढोका पाटीमा हातमा बालेको धूप लिएका शहरियाले राजाको स्वागत गर्थे ।

राजा शहर घुम्दा शहरका (पाटनका) आइमाईहरू ढोकामा बसी राजालाई हात जोडी तमाशा हेर्थे । गोरखाली राजाले केही कुरा सोद्धा ' भाय् मसीया, सेवा जुजु महाराज महाराज, हाम्रो सेवा छ, हामीले कुरा बुझेनौ ' भनी हाँसी भन्थे ।

परदेशबाट फर्केका राजा शहरमा दरबारभित्र पस्ता कालिगडद्वारा शहरका मुख्य मुख्य ठाउँ सिंगारिन्थे । राम्रो साइत पारी पूर्ण घडा दही फल-फूल दूबो शङ्खहरूबाट मङ्गल गरी, छाता ओढेका चमर पङ्खा हम्किएका राजा दरबारभित्र पस्तथे । सो बेला शहरियाहरूले लावा अक्षता छर्दथे, बत्ती तथा बासना आउने धूप बाल्दथे, जय जयकार गर्दथे ।

राजदरबारमा ढोकामा केही कुरा आएको खबर भित्र पुऱ्याउने द्वारे केटी भण्डारीहरू हुन्थे ।

राजदरबारमा सभाहरू हुन्थे[१] ।

लडाइँमा मारिएका वीरपुरुषका हतियारहरू देवताका स्थानमा टाँसी राखिन्थे[२] ।

---

१ धर्मविषयका सभा (इन्द्रयात्रा आदिमा ?) कामविषयका सभा (फागु आदिमा ?) धर्मराजी सभा (मुद्दा मामिलाविषयका सभा ?) वीरसभा (पल्टनविषयको सभा ?) शास्त्रार्थसभा (पण्डितहरूका सभा) यी पाँच थरि सभाको वर्णन सुन्दरानन्दले गरेका छन् ।

२ कीर्तिपुरको लडाइँमा कालु पाँडे मारिएपछि उनका हतियार कवचहरू कीर्तिपुरेहरूले बाघभैरवमा लगी टाँसी राखे भनी वंशावलीमा लेखिएको छ । कीर्तिपुरविजय भएपछि पृथ्वीनारायणले लडाइँमा मारिएका सिपाहीहरूका हतियार कवच देवलमा टाँसे भनी सुदरानन्दले लेखेका छन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

सिपाहीहरू सधैं कवायद खेल्थे, त्यसमा व्यूहरचनाको पनि अभ्यास गर्थे ।

लडाईंमा जाँदा देवताहरूलाई संझी साइत गरीकन जान्थे ।

महामारीबाट मरेका मानिसको गणना चौकीदारले सरकारमा पुऱ्याउँथे ।

पाटनका मछिन्द्रनाथको जात्रा गर्ने दिन ज्वानुसँग पलाशको बियाँ पिनी षडक्षरी मन्त्र जपी खायो भने वर्ष-दिनसम्म विषको दोष लाग्दैन भनी १२ वर्षसम्मका केटा केटीलाई खुवाउँथे ।

अचला-सप्तमी (माघ शुक्ल सप्तमी) को दिन लौंकामा बत्ती बाली नदीमा बगाइन्थ्यो ।

देवतास्थानमा पाठ-पूजा हुन्थे । बौद्धहरू प्रज्ञापारमिताको पाठ गर्दथे ।

ब्राह्मणहरू दान पाउँथे । रोग लागेमा त्यसको शान्तिको निमित्त गाई-दान, देवता पीठहरूको पूजा, रुद्री पाठ गराइन्थे । पिप्पलका पातमा ॐकार लेखी बगाइन्थे ।

भूत-प्रेत लाग्यो भन्ने संझदा ज्योतिषीहरूलाई देखाई उनीहरूले भनेअनुसार शान्ति स्वस्ति गर्थे ।

ब्राह्मण गुभाजू कर्माचार्यहरूद्वारा शान्ति स्वस्ति गराइन्थे । राजाबाट पनि यस किसिमको शान्ति स्वस्ति गराइन्थ्यो । शान्ति स्वस्ति गर्नेहरू दक्षिणा पाउँथे । विशेष काममा बिर्ता पनि पाउँथे ।

जग्गा दिदाखेरि त्यसको सीमानामा लुहकील (सानो ढुङ्गे खामो) गाडी सीमाना छुटचाई जग्गा दिन्थे ।

देवता-स्थानका केही नैवेद्य पुजारीले माग्न आउने गरीप केटाकेटीहरूलाई बाँडि-दिन्थे ।

सदावर्त पाइन्छ भनी आफ्ना पेटका लागि वेष लिएका (जोगी भएका) प्रपञ्ची मनुष्यहरू थुप्रै थिए ।

घर बनाउँदा जग्गाको परीक्षा गरी बास्तु-नागकन पूजा गर्थे ।

वैद्यहरूकहाँ पुष्टकारी पाइन्थ्यो ।

श्रीखण्ड जटामसी अगुरु कर्पूर कस्तूरीहरू घोटी मिलाई गर्मी हटाउने शीतल सुगन्धी जल तयार गरिन्थ्यो ।

सुन चांदी तामा पारो आदि धातुका नामले र हीरा मोती मुगा आदि रत्नका नामले बिक्री हुन्थे ।

कपासबाट लुगा बुनी जीविका गर्ने मानिसहरू थिए । पर्वततिरबाट नेपाल खाल्डोमा कपास आउँथ्यो ।

भुइँ खन्दा कल्याणधन पाइन्थ्यो ।

अर्ना रांगाका सिङमा रुपियाँ पैसा हाल्ने चलन थियो ।

CC-0. In Public Domain. Digitization by eGangotri

वेष–भूषा

नेवार्नीहरू कपालमा जुरो पार्थे, निधारमा रातो टीका (गुजराती सिन्दूर) लाउँथे, फूलले सिंगारिन्थे ।

धनी आइमाईहरू हीरा मोती माणिकहरू जडेको मुचिया लाउँथे ।

धनीहरू चीनमा बनेका कुचिन, साल दोसाल बनात पाटपटंवरहरू लाउँथे ।
मगर्नीहरू पिठ्यूँमा डोका बोक्दथे ।

खाने कुरा

नेपाल—उपत्यकाका बजारमा धान गहुँ जौ मास केराउ मुंग भटमास सर्स्यूं रायो तिल मूला साग–पातहरू तथा ऊखु चाकु सखर दूध दही हिङ जीराहरूको किन-बेच हुन्थ्यो, यहाँका बासिन्दाहरू यी पदार्थहरू खाने कुराको रूपमा प्रयोग गथ ।

हातहतियार

धनु बाण ठोक्को ढाल तरबार खुंडा खुकुरी छुरी कटारी फर्सा बर्छा भाला त्रिशूल द्विशूल एकशूल बन्दूक तोप गोला ।

कैची रण्डा टंक (छिनो) घन मुग्रो तीनखुट्टे कीलो चिम्टा सिक्री खन्ती । लडाईंका कामका लागि यी ज्याभलहरू संग्रह गरिन्थे ।

लडाकाहरू कवच लाउँथे ।

बाजाहरू

नगरा ढोलक तमोरा सारंगी सितार गितार कठताल बासुरी मृदङ्ग भ्याली तुरही ।

विशेष घर बनाउने सामान

दुङ्गा स्फटिक हस्तिहाड सीसा इस्पात फलाम विभिन्न रङका वज्रलेप, किसिम-किसिमका रङहरू ।

CC-0. In Public Domain. Digitization by eGangotri

लोकविश्वास

सपना देखेपछि फेरि मुत्यो भने सपना निष्फल हुन्छ ।

मसानमा भूत-प्रेत रहन्छन । मूडकट्टाहरू राति यताउति हिंड्छन्, तिनमा कसैको हातमा तरबार पनि हुन्छ, तिनीहरू आफू मूडकट्टा नहुँदै गरेको कुरा पनि गर्छन् ।

देवताका मूर्तिमा आएको पसीनाबाट शुभाशुभ फल हुन्छ ।

परिचित मनुष्य पनि अकस्मात् क्षणभर देवरूपको हुन जान्छ । त्यसबाट शुभाशुभ फल हुन्छ ।

भाग्यमा लेखेको कुरा कसैले टारेर टर्दैन ।
पूर्वजन्मका तपस्याले यस जन्ममा ठूलो पद पाइन्छ ।

राजा भनेका विष्णु तथा शिवका अंश हुन । यस कारण राजाको दर्शनले पशुपतिको दर्शनले जस्तै पाप काटिन्छ ।

ब्रह्मा विष्णु महादेव एकै हुन् ।

परम्परागत स्थितिसँग (रूढिसँग) विरोध खाने शास्त्रवचन प्रामाणिक हुँदैन । शास्त्र-वचनभन्दा देशाचार कुलाचार प्रमाण हुन्छ ।

जिउँदो मत्ता हात्तीको दाह्रामा कुशासन हाली त्यसमा बसी जप गर्न सके ठूलो सिद्धि हुन्छ ।

स्याल करायो भने अपशकुन हुन्छ ।

सुन्दरानन्दले विशेष वर्णन गरेका देव–देवीहरू

पशुपतिनाथ
स्वयम्भूनाथ } नेपालखाल्डाका मुख्य देवता

(पाटनका) मछिन्द्रनाथ—यिनी पनि नेपालखाल्डाका मुख्य देवता हुन् । यिनलाई शैवहरू शिव, बौद्धहरू मत्स्येन्द्रनाथ, वैष्णवहरू विष्णु, शाक्तहरू शक्ति, सौरहरू सूर्य भनी पूजा गर्छन् । यिनको नाम करुणामय लोकेश्वर भनी प्रख्यात छ । बाह्र वर्षमा एकपल्ट बुङ्मती–

CC-0. In Public Domain. Digitization by eGangotri

देखि यिनको रथयात्रा गरी पाटनमा ल्याउँछन् तथा बुङ्मतीमा लैजान्छन् । अरू वर्षमा पाटनमा मात्र मछिन्द्रनाथको रथ-जात्रा गरिन्छ । पाटनमा मीननाथको पनि साथै रथजात्रा हुन्छ । यस जात्रामा ठूलो खलबल हुन्छ । भजन गर्ने खूप हुन्छन् । अनेक थरि बाजाहरू बजाइन्छन् । जात्रामा सिंहमुखी आदि अष्टमङ्गलका सुवर्णध्वज,र सुवर्णछत्र ल्याइन्छन् । रथमा राजा र राजपुरोहित पनि बस्छन् । ब्रह्मा र नारदका रूपमा दुइ जना ब्राह्मण पनि त्यहाँ बस्छन् । रथ काठ र बेतले बनाइएको, भ्याउले छोपिएको हुन्छ । विमान (बस्ने ठाउँ) मा चाहिं सुनौला पाताले मोरिएको हुन्छ । मुहुडाको काठमा सुनौला हयग्रीवको मुख राखिएको हुन्छ ।

गुह्येश्वरी—यिनको कुण्डको पानी छिन—छिनमा फरक भइरहन्छ ।
हरसिद्धि—यिनको नाच प्रसिद्ध छ ।
वज्रयोगिनी—यहाँका पुजारी बाँडा हुन्छन् ।
गोरखनाथ—गोरखाका मुख्य देवता
लुमडी, भद्रकाली—वैद्यशास्त्रमा पारङ्गत भएकी देवी हुन् भनी यिनको पूजा हुन्छ । यिनको नामान्तर 'लज्जापीठ' हो ।

वज्रतुण्डी—भद्रकालीनिरकी देवी
महाकाल—यिनको नामान्तर टुँडिभैरव हो । यिनको (शिरमा) अक्षोभ्यमूर्ति छ । यिनले हातमा खप्पर र खट्वाङ्ग लिएका छन् ।

सङ्कटा—देव—देवीका (स्त्रीपुरुषका) संयुक्त मूर्ति हुन् ।
बाघभैरव—कीर्तिपुरका प्रसिद्ध देवता
हारती—स्वयम्भूस्थानकी प्रसिद्ध देवी
त्रिपुरेश्वर—ललितत्रिपुरसुन्दरीले स्थापना गरेका महादेव
कुम्भेश्वर—पाटनका प्रसिद्ध देवता
आनन्दादि लोकेश्वर—चोभारका प्रसिद्ध देवता
प्रचण्डभैरव—फर्फिङका प्रसिद्ध देवता । यिनको खट—जात्रा हुन्छ ।

यी बाहेक नरदेवीका श्वेतकाली, चोभारका गणेश, टौदहका कर्कोटक, लेलेका टचाङ-भैरव, चापागाउँका वज्रवाराही, तुवाकोटका भैरव—भैरवी, शार्दूलसिंह, पाटनका कृष्ण भीमसेन तथा बहाल बहालका देवता इत्यादिको नामोल्लेख भएको छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

सुन्दरानन्दले विशेष वर्णन गरेका स्थानहरू

ललितपुर—यहाँका मछिन्द्रनाथ र उनको रथजात्रा, कृष्ण, भीमसेन, बहाःहरूका देवता, यहाँको पछिल्लो मल्लकालको इतिहास, यहाँका आइमाईहरूको वेष—भूषा, गोरखाली राजा यस शहरमा घुम्दाको वर्णनसमेत सुन्दरानन्दले गरेका छन्। ती वर्णन यस उपोद्घातको तत् तत् स्थानमा प्रसङ्ग मिलाई दिइएका छन्।

कान्तिपुर—कान्तिपुरमा नानादेवताका देवल, रंग-विरंगका महल, चून लाएका निकै घरहरू, काटहरू थिए। कान्तिपुर शहरमा पसलका लङ थिए। बाटामा किन-मेल गर्ने र बटुवाहरूको प्रायः घुइँचो हुन्थ्यो। सिपाहीहरू कोतबाट बन्दूक लिई टुँडिखेलमा कवाज खेल्न जाँदा र कवाज खेली बन्दूक थन्क्याउन कोततिर फर्कंदा त बाटो काटा हिंड्नै सकिंदैनथ्यो। कान्तिपुर श्वेतकाली (नरदेवी) को मन्दिर भएको टोल=नेतटोलमा काशीबाट आएका वैद्य तथा पण्डित पेशा भएका सपत्नीक भट्ट मिश्र घाटेहरूका घर थिए। कान्तिपुरभित्र प्रसिद्ध 'असनबजार' छ। त्यहाँ अन्नका फलफूलका जीरा मरीच आदिका तथा अरू खाने कुराहरूका पसलहरू थिए। त्यहाँ अन्नपूर्णाको मन्दिर छ। चून लाएको ढोका, धर्मशाला सत्तल मठहरू पनि त्यहाँ थिए।

टुँडिखेल—प्रत्यङ्गिरादेवी र वज्रभैरवले वज्रतुण्डी देवीलाई दाइजो दिएको ठाउँ हुनाले तुण्डीक्षेत्र=तुण्डीखेल भनी कहलाएको हो। टुँडिखेलमा भद्रकालीनजीको घोडाजात्रा गरिन्छ। यस यात्रामा घोडा दौडाउने चलन मल्ल राजाहरूको पालामा पनि थियो।

पाटन जाने वाग्वतीको पुल—यस पुललाई भीमसेन थापाले बनाएका हुन। यस पुलको बाटो पाटनतिरबाट सागपात दही दूधहरू काठमाडौंमा आउँथे।

कीर्तिपुर—यो अग्लो ठाउँमा रहेको छ। यहाँ बाघभैरवको मन्दिर छ।

नुवाकोट—यहाँका भैरव—भैरवी प्रसिद्ध छन्।

काशी—यहाँका विश्वेश्वर ढुण्डिराज भैरव लोलार्क (कुण्ड) प्रसिद्ध छन्।

चीन—सुन्दरानन्दले चीनलाई 'महाचीन' भनी लेखेका छन्।

बासट्ठीहरण र सुन्दरानन्द

बासट्ठीहरणमा गूठी जग्गा पनि परेको थियो। त्यसबाट पुजारीवर्गलाई हानि भएको थियो। बासट्ठीहरणको विषयमा बोल्दा भीमसेन थापा रिसाउने कुरा स्पष्ट थियो। यस कारण बासट्ठीहरणका विषयमा सुन्दरानन्दले केही बोलेका छैनन्। आपनो प्रत्यक्ष

CC-0. In Public Domain. Digitization by eGangotri

हानिलाई बिर्सन पनि सुन्दरानन्द सक्तैनथे । यस कारण भीमसेन थापाको प्रबन्धबाट वाग्वतीको पुलमा रहेको गूठीको प्रशंसा गरी—

"गुठी भन्याका एस्तै हुन्छ
स्वदत्तां परदत्तां वा यो हरेत्सुरविप्रयोः।
षष्टिवर्षसहस्राणि विष्टायां जायते कृमिः ॥"

यस्तो बोली पुजारीवर्गका सुन्दरानन्दले मन शान्त पारेका छन् [१]।

श्री ५ पृथ्वीनारायण शाह र भीमसेन थापा

पृथ्वीनारायण शाहले ३२ वर्ष शासन गरी छिन्नभिन्न भइरहेको नेपाल राज्यलाई जोडी एउटा बलियो राज्य खडा गर्ने कामको उठान गरे। पृथ्वीनारायणपछि नेपालमा कुनै पुरुषले पनि यति लामो कालसम्म शासन गर्न सकेनन्। पृथ्वीनारायणको मृत्युको ३२ वर्षपछि हर्ताकर्ता हुन आएका भीमसेन थापाले फेरि ३१ वर्षसम्म नेपालमा लामो शासन चलाए। यस कारण पृथ्वीनारायण र भीमसेन थापा नेपालमा लम्बे शासन गर्ने पुरुषहरूको पंक्तिमा लगत्तै जोडिन आएका देखिन्छन्। यी दुवै पुरुष आफ्नो चातुर्यले आफ्ना बाबु बाजेभन्दा प्रशस्त ठूलो पदमा पुगेका थिए। आफ्नो योग्यताले गर्दा दुवैले आफ्नो नामलाई अमर पारेका छन्। पृथ्वीनारायण शाहदेखि उठान गरी भीमसेन थापामा बैठान गर्ने सुन्दरानन्दको ग्रन्थको उपोद्घातमा यी दुइ राजनीतिज्ञको तुलना गर्नु प्रसङ्ग मिल्दो हुन आउँछ भन्ने संझी अब यस विषयमा कलम चलाउँछु।

चेपे त्रिशूलीका बीचको गोरखा राज्यलाई पृथ्वीनारायणले आफ्नो पुर्खाबाट पाएका थिए। त्यसदेखि पूर्वपट्टि रहेको नेपाल राज्यको वर्तमान प्रदेशलाई एकतामा बाँध्न पृथ्वीनारायणले ३२ वर्षसम्म निरन्तर परिश्रम गनु परेको थियो। २० वर्षसम्मको परिश्रमले मकवानपुर राज्यलाई पृथ्वीनारायणले आफ्नो बनाउन सके। यत्तिकैमा भारत-बाट अस्ताउन लागेको मुसलमानी शक्ति र भारतमा उदाउन लागेको अंग्रेजी शक्तिले

---

१ पण्डितराज रङ्गनाथ पनि यही बाटोमा हिंडेका छन्—

"देवब्रह्मस्वपुष्टानि सैन्यानि पृथिवीपतेः।
युद्धकाले विशीर्यन्ते सिकतासेतवो यथा ॥२०२॥

राजविधानसार द्वितीयविलास। यो पुस्तक वीरपुस्तकालयमा छ। मेरो प्रेरणाले धनवज्रले यो उद्धरण ल्याएका हुन्।

[देवता, ब्राह्मणका सम्पत्तिद्वारा राजाले पालिएका सिपाहीहरू बालुवामा बनाएको पुल जस्तै लडाईंको वेलामा नष्ट हुन्छन्]

CC-0. In Public Domain. Digitization by eGangotri

कमैसँग पृथ्वीनारायणको उच्छित्तो गर्न भरसक उद्योग गरे । पृथ्वीनारायणले आफ्नै खुट्टाको भरले ती दुबैसँग लडी तिनलाई धपाउनुभ्यो । यति गरिसकेपछि नेपाल खाल्डाका कान्तिपुर ललितपुर भक्तपुर यी तीन राज्य तथा किरात प्रदेशका चौदण्डी विजयपुर यी दुइ राज्यलाई आफ्नो राज्यमा मिलाउन पृथ्वीनारायण समर्थ भए । यसरी चेपेदेखि टिष्टासम्मको प्रदेशलाई एकतामा मिलाउनामा नै पृथ्वीनारायणको सारा जीवन बित्यो ।

२३ वर्षको उमेरमा डेढ वर्षका आफ्ना छोरालाई गद्दीमा राखी रानीका साथ जोगी तथा भोगी भएका रणबहादुर आफ्नो दुर्विनयले नेपालमा टिक्न नसकी काशी पुगे । रणबहादुरको पछि लागी उनका दौंतरी चाकडीदार भीमसेन थापा पनि काशी पुगे । रणबहादुरलाई काशीमै रोक्न दामोदर पाँडेहरू तत्पर थिए । यस कामका लागि अंग्रेजी शक्तिको सहायता उनीहरूलाई चाहिन्थ्यो र सो उनीहरूले खोजे । नेपालभित्र पसी आफ्नो व्यापार तथा शक्ति बढाउन अंग्रेजहरूले मौका खोजिरहेकै थिए । यसै सूत्रबाट अंग्रेज दूत नक्स नेपाल आए । नक्स नेपालमा आफ्नो खुट्टा पसार्न चाहन्थे । पृथ्वीनारायणको शिक्षा पाएका दामोदरहरूको नीतिले नक्स सफल हुन सकेनन्[१] ।

नक्स नेपालबाट फर्के । रणबहादुरलाई बाहिर रोक्ने बन्धन भएन । भीमसेन थापाका प्रबन्धबाट उनी काठमाडौं उत्रे । दामोदरहरूको सर्वनाश भयो । आफ्ना छोरा बालक राजालाई काखमा लिएका रणबहादुर[२] भीमसेन थापाको सल्लाहले राजकाज गर्न लागे । दुइ वर्ष जति यो अवस्था रह्यो । यसपछि, रणबहादुर शाह आफ्ना भाइका हातबाट मारिए । राजा गीर्वाणयुद्ध नौ वर्षका बालक थिए । भीमसेन थापाले यो मौका छोपी आफू हर्ताकर्ता बन्ने काममा बाधक जस्ता सम्झेका भारादारहरूलाई रणबहादुरलाई मार्ने कामका मतियार हुन् भन्ने दोष लाई निर्दयतापूर्वक मराए । आफ्ना बाबु आफ्ना चार भाइ तथा आफूसमेत ६ वटा पुरुषले नै राजाको तथा सारा नेपाल राज्यको रक्षा गरिरहेछन् भन्ने कुरा[३] फैलाई ३१ वर्षको उमेरमा भीमसेन थापा शतद्रुदेखि टिष्टासम्म पुगेको नेपाल राज्यको (पृथ्वीनारायणले छोडेको राज्यको तेबर चौबरको) हर्ताकर्ता हुन पुगे ।

---

१ "इन् १८०१ क्याप्टेन् नक्स विशड् टु टेक् दामोदर पाँडे याँन्ड् सम् अफ् हिज् कॉलीग्स् इनटु आउर् पे; बट् दे वुड् नॉट् लिस्तु टु द प्रोपोजल् ।"

(ओल्डफील्डको 'स्केचेज् फ्रम् नेपाल' को २९६ पृ.)

(ई. सं. १८०१ (वि. सं १८५८) मा कप्तान नक्सले दामोदर पाँडे र उनका सहयोगीहरूलाई पैसा खुवाएर हाम्रो (अंग्रेजको) पक्षमा मिलाउन खोजे । तर उनीहरूले यस कुराको वास्ता राखेनन् ।

२ बाग्वतीको भीमसेन थापाको स्तम्भलेख हेर्नुहोस् ।

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी पृथ्वीनारायण शाह र उनका शिक्षा पाएका उनका भारादारहरूले ६० वषभन्दा बढ्ताको परिश्रमले जोडेको राज्यरूप सम्पत्तिको सर्वाधिकार भीमसेन थापाले ६ वर्षसम्म चाकडी तथा जालझेल गरी हात लाए।

\+ \+ \+

आफ्ना बाबु—बाजेदेखि आँट्दै आएको कामले (पूर्वतिर बढ्ने इच्छाले) ५

१ पृथ्वीनारायण शाहका प्रपितामह पृथ्वीपति शाह उत्साही पुरुष थिए। पृथ्वीपति शाहले दुइ पटक नेपाल-उपत्यकाको यात्रा गरी त्यहाँका मल्ल राजाहरूसँग मित्रसंबन्ध जोडेको उल्लेख तात्कालिक ठ्यासपुमा पाइन्छ—

"सम्वत् ७९८ आश्विन शुक्ल । दशमी आदित्यवार···श्व कुन्हु चारण याय धुनकाओ मोहनचुकस श्रीश्रीजयनृपेन्द्रमल्ल महाराजाओ गोरखाया प्रिथिपति साहिओ मित्र संबन्ध याङ त्वाच चिनका यँरया खप्पया प्रमाणपनि दथकाओ त्वाच चिनका जुरो" [ने. सं. ७९८ (वि. सं १७३५) आश्विन शुक्ल दशमी आदित्यवार··· यस दिन चारण (खड्ग चालन आदि विधान) सिद्धयाइसकेपछि मोहनचोकमा श्रीश्रीजयनृपेन्द्रमल्ल महाराज र गोरखाका पृथ्वीपति शाहले ललितपुरका भक्तपुरका समेत भारादारहरूको समक्ष मीत लाइयो।]

"सं. ८०६ पौष कृष्ण सप्तमी बुधवार श्व कुन्हु श्रीश्रीपार्थिवेन्द्रमल्ल खप्वया श्रीश्रीजयजितामित्रमल्ल नेह्म फुकिजं गोरखाया राजा पृथिपति साहि मोहनचुकस भेत जुव एल याकात"

ने. सं. ८०६ (वि. सं. १७४२) पौष कृष्ण सप्तमी बुधवारका दिन श्रीश्रीपार्थिवेन्द्र मल्ल भक्तपुरका श्रीश्रीजयजितामित्र मल्ल दुबै दाजुभाइले गोरखाका राजा पृथ्वीपति शाहसँग मोहनचोकमा भेट गरे। ललितपुर एकलै पन्यो]

नेपाल-उपत्यकाका मल्ल राजाहरूमा परस्परमा कलह हुँदा कहिले कसैको, कहिले कसैको मदतगार बनी नेपाल उपत्यकाको राजकाजमा हात हाल्ने प्रयास पृथ्वीपतिले निकै गरेको देखिन्छ। वि. सं. १७५८ मा ललितपुरका राजा योगनरेन्द्र मल्लले भक्तपुरका राजा भूपतीन्द्रमल्ललाई लेखिदिएको एउटा धर्मपत्रबाट पृथ्वीपतिको यो प्रयास स्पष्ट बुझिन्छ—

"···श्रीश्रीजयभूपतीन्द्रमल्लदेवस्त···श्रीश्रीवीरजययोगनरेन्द्रमल्लदेवसन तावापत्र चोस्य प्रसन्न जुयास भाषा, थते भाखा जल खपो गोर्षा मोकांपुर उपाध्या श्व डाह्म संगुतान एकान मित्र एकान शत्रु याङाव चोस्यं तया भाषा जलन खपो व विनासाहुतिन यं व बोलय यातमा मोहर टंका पियदोल ४०००० खपो गोर्षा मोकांपुर उपाध्या श्व

CC-0. In Public Domain. Digitization by eGangotri

मकवानी युवराज दिग्बन्धनसेनसंगको कलह र चन्द्रागिरिको टाकुराबाट नेपाल—खाल्डोको

पेह्म्स्यन जलस छेकय याङाओ काय जुरो···सम्वत् ८२२ मार्गशिरकृष्णनवम्यान्तिथौ।"

[यो ताम्रपत्र भक्तपुर मूलचोकमा छ। रामजी, देवीप्रसाद, भोलानाथ, शङ्करमान, धनवज्र, गौतमवज्र, महेशराज, नयनाथले यो सारेर ल्याएका हुन्। ऐतिहासिक-पत्र-संग्रह (दोस्रो भाग) मा सविवरण यो पत्र दिइएको छ]

[···श्रीश्रीजयभूपतीन्द्रमल्लदेवलाई श्रीश्रीवीरजययोगनरेन्द्रमल्लदेवले प्रसन्नतापूर्वक लेखि-दिएको ताम्रपत्रको बेहोरा यस प्रकारको छ। ललितपुर भक्तपुर गोरखा मकवानपुर उपाध्या (?) यी ५ मित्र राज्यहरूले एकानि मित्र एकानि शत्रु गरी लेखिएको बेहोरा, ललितपुरले भक्तपुरको सल्लाह नलिईकन कान्तिपुरसँग गुहार माग्यो भने ४०००० चालीस हजार मोहर भक्तपुर गोरखा मकवानपुर उपाध्या यी चार देशका राजाले ललितपुरलाई अँठ्याई लिनू।··· ने. सं. ८२२ (वि. सं. १७५८) मार्ग कृष्ण नवमीमा]

पृथ्वीपतिको यस नीतिको झलक वंशावलीमा पनि पाइन्छ—

"केहि दिन त्यस्तै तरहसित रहँदा त्यस्ता वषतमा मकवानीसित नवाफको इतराजी परेछ र मकवानपुरको तराहिमा नवाफको लस्कर चढदा मकवानि राजाले एस बखतमा ···बडो प्रचण्ड तेज भयाका राजा ता गोर्षे छन्— तहाँ बल माग्या हाम्रो कार्य सिद्ध होला भन्या एस्तो ठहराई बल मागी पठाया···अतिबल साह हरिचरण पाँडे दलमुषि भै बलिया शूरा छाटि छाटि एघार विश जवान् सिपाहि साथ लि···विदा भै गया···धना ठोक्का लि ढाल षुडा षुकुरी बाँधि एघारै विश जवान् तयारी भै अर्धरात्रीका विषयमा सबैलाई निद्रा भयाको वेलामा गया, नवाफ भयाको ठाउँमा पुग्या र तडातड धनु चढाइ हान्या, नवाफका लश्करमा ठुलो हल्ला भयो र लश्करमा भिडिया र तरबार षुडा षुकुरिले झडाझड हान्न लाग्या. निद्राको झोक हुनाले आफु आफु पनि काटाकाट पनि गर्न लाग्या. कोही भागन लाग्यो. तेस्तो हुदामा नवाफ ठहर्न सकेन र जो साबुद भयाको लस्कर पनि सबै भाग्यो तहादेखिन् गोर्षाका लस्कर पनि फिरि आया. मकवानि राजाका हजुरमा आइपुग्या र हजुरको वैरिलाई हामिले काटि धपाइ आयौं भनि सब विस्तार विन्ति गऱ्या···श्रीअतिबल साह हरिचरण पाण्डे प्रभृति एघारै विश २२० जवान् लस्करले विदा भै गोर्षा आइपुग्या र श्री ५ पृथ्वीपतिसाह महाराजका हजुरमा सर सौगात षलिता पत्र चढाइ दर्शन गरि सब विस्तार विन्ति गऱ्या"

[योगप्रचारिणी काशी गोरक्षटिल्लाद्वारा प्रकाशित 'गोरखावंशावली'को ७९-८२ पृ]

यो घटना कुन सालमा भएको हो, यहाँबाट खुल्दैन। तात्कालिक व्यासपुमा वि. सं. १७३९ मा कान्तिपुर ललितपुर भक्तपुर लमजुङका साथै गोरखा पनि मकवान-पुरको सहायक भई लड्न गएको एउटा घटनाको उल्लेख पाइन्छ—

CC-0. In Public Domain. Digitization by eGangotri

दर्शनपछि पृथ्वीनारायण शाहको मनमा गहिरो जरो हाल्यो । सो कामलाई पूर्ण गर्न

" सम्वत् ८०३ कार्तिक कृष्णः । दशमी हस्तनक्षेत्र अङ्गारवार श्व कुहुया वेला घटि ६ बेङाव घटि १० श्वतेनन्हा विष्टिसंखिवक्तान् दिनवियाव (?) मुकानपुलि हथार न्ह्याङा यँया यँरया खप्पया गोरखारि लन्त्रजुङ्या श्वतेया राजा मुङाव हथार वंङ जुरो ॥

सम्वत् ८०३ फाल्गुण शुक्ल ॥ चतुर्थी प्र पञ्चमी भरणीनक्षेत्र अङ्गाहवार कुन्हुया रात्रीस मुकानपुलि चार दिन ॥"

[ने. सं. ८०३ (वि. सं. १७३९) कार्तिक कृष्ण दशमी हस्तनक्षत्र मङ्गलवारका दिन ६ घडीदेखि १० घडीभित्र मकवानपुरमा लडाइँ गर्न गए । विष्टि संखिवक्ता (?) ले आक्रमण गरेकोले (?) कान्तिपुर ललितपुर भक्तपुर गोरखा लमजुङका राजाहरू मिली लडाइँमा गए ।

ने. सं. ८०३ (वि. सं. १७३९) फाल्गुन शुक्ल चतुर्थी उप्रान्त पञ्चमी भरणीनक्षत्र मङ्गलवारका दिन राति मकवानपुरबाट (शत्रु हटाई) बाटो खुलाए]

यही घटनालाई लिई माथि गोरखावंशावलीमा गोरखालीलाई ठूलो पारी वर्णन गरेको देखिन्छ ।

पृथ्वापतिपछि गोरखाको गद्दीमा बसेका नरभूपाल शाहले पनि नेपाल-उपत्यकामा मल्ल राजाहरूको कलहमा भाग लिई फाइदा उठाउने चेष्टा गरेका थिए । वि. सं. १७८८ मा रणजित् मल्लले भक्तपुरका प्रजाका नाउँमा गरिदिएको ताम्रपत्रबाट त्यस वेला कान्तिपुर र ललितपुरको सहायकको रूपमा गोरखा देखा पर्दछ—

"...श्रीश्रीजयरणजिन्मल्ल देव प्रभु थाकुलसन प्रजा पंचयाता ज जला गोर्षा सोह्र राजाया सोमलिंगस थाना भाचय याङाव वाभु लितेला वेलस छपुरुस दाहा प्रसन्न जुया जुरे...सम्वत् ८५१ चैत्र कृष्ण एकादशी बुधवार कुन्हु "

[भक्तपुर मूलचोकमा रहेको यो ताम्रपत्र रामजी देवीप्रसाद भोलानाथ शङ्करसान धनवज्र गौतमवज्र महेशराज नयनाथले सारी ल्याएका हुन् । यसको विशेष विवरण ऐतिहासिक—पत्र-संग्रह (दोस्रो) भागमा हेर्नुहोस् ।

[...श्रीश्रीजयरणजित् मल्ल देव प्रभु ठाकुरले कान्तिपुर ललितपुर गोरखाका तीन राजाको सोमलिङ्गमा ठाना तोडी वाभु फिर्ता गराएको खुशियालीमा प्रजा पञ्च-लाई एउटा दाहा (?) निगाह गरिदिइयो ।...ने. सं. ८५१ (वि. सं. १७८८) चैत्र कृष्ण एकादशी बधवारका दिन]

नरभूपाल शाहले कान्तिपुर राज्य अन्तर्गत रहेको नुवाकोट जित्न ठूलो प्रयत्न गरेका थिए—

CC-0. In Public Domain. Digitization by eGangotri

पृथ्वीनारायणले आफ्ना भारादार र आफ्ना मामासँग राजनीतिविषयमा छलफल गरे। त्यसबाट लमजुङसँग सन्धि गर्नु आवश्यक छ भन्ने कुरा संभी यसतर्फ उनी लागे। सो कामको साफल्य पाउन पृथ्वीनारायणलाई निकै उकालो परेको थियो। सो काम राम्रोसँग मिलाइदिएका हुनाले कालु पाँडेको योग्यतालाई पृथ्वीनारायणले देखे। सोही योग्यताको कदर गरी प्रजाको समेत राय लिई पृथ्वीनारायणले कालु पाँडेलाई आफ्ना मन्त्री बनाए। यसो गर्दा उनले आफ्ना मन परेको मानिसलाई मन्त्री बनाउन पाएनन्[१] यसबाट आफ्नो व्यक्तिगत इच्छाभन्दा राजनीतिको घटना र प्रजाको मनसायअनुसार चल्नु नै राजनीतिज्ञता हो भन्ने आचार्य कौटल्यको—

प्रजासुखे सुखं राज्ञः प्रजानाञ्च हिते हितम्।
नात्मप्रियं हितं राज्ञः प्रजानां तु प्रियं हितम् ॥३९॥

(कौटलीय अर्थशास्त्र १।१९)

"काजि महेश्वर पन्थ काजी जयन्त राना ई प्रमुष भै सब लस्कर लि नुवाकोट हान्न बिडा उठाई गोर्षादेषिन् आया, आउदामा कटुन्ज्यामा डेरा पऱ्यो। कटुंज्यादेषिन् साम्रिसम्मका घल्या भोट्याहेरूले···रात्रिमा कुल गरि दगा दिदामा···हटि गोर्षा आउदा भया. वाहादेषिन् फेरि शुभ साइत ठहराई भारि लस्कर लि···त्रिशूलगङ्गा तरि नुवाकोट चढि ठुलो लडाजा गर्दा भया. ठुलो लडाजी हुँदा नेपालतरफको ठूलो लस्कर भयो र लडाजी गर्दा बल नपुकि हटि त्रिशूलगङ्गाको साधु पोलि त्रिशूलगङ्गाको साँघ लाई काजि महेश्वर पन्थ काजि जयन्त राना सब लस्कर लि फिऱ्या वाहाँदेषिन् श्री ५ महाराजा नरभूपाल साहका हजुरमा काजि महेश्वर पन्थले विनति गर्दा भया"

['गोरखावंशावली' को १२२—१२३ पृ०]

१. चेप्याको षावा लिग्लीग्को आड गरि राषेका मेरा तीन विर छन्, तिनलाई बोलाहट-को रुका लेषन जैसि भन्दा तिनको नाउ के के हो भनि सुध्याया र रणजित् बस्यात् मानसि रोकाहा विरभद्र पाठक् मैंधिमा रातदिन गरी आई पुक भनि लेषी पठाजा र आइपुगे र तिनछेउ यकान्त गऱ्या. भनें दिकबन्दसेनसित हाक दि आजा नेपाल पनि देषि आजा हान्नाको मनसुवा पनि राषी आजा. तिमिहरू क्या भन्छौ भनि मैले भन्दा हान्नुहवस् महाराज भनेर सल्लाह दिया···यकान्तबाट उठि गोर्षा गयउँ र पुगेपछि मामाज्यू पनि श्रीगोरषनाथको दर्शनलाई गोर्षामा आउनभयो र दर्सन भयापछि मसित भेट भयो र मैले भन्या, मामाज्यू मकवानपुर पनि पुगि आजा. नेपाल पनि देषि आजा हान्नाको मनसुवा पनि राषि आजा कति कुराले मेरो काज फत्ये होला अति बक्सनुभया हुंदो हो भनि मैले भन्दा...लमजुन् भन्याको गरुड हो. गोर्षा भन्याको सरप हो. नेपाल भन्याको भ्यागुतो हो. अघी गरुडको आषा छलनु

CC-0. In Public Domain. Digitization by eGangotri

[दुनियाँलाई सुख भएमा राजाले आफ्नो सुख संझनुपर्छ । दुनियाँलाई हित भएमा राजाले आफ्नो हित संझनुपर्दछ । आफ्नो मन लागेको गर्दा राजालाई हित हुँदैन । दुनियाँलाई मन लागेको गर्दा राजालाई हित हुन्छ ।]

यस उक्तिलाई चरितार्थ गराई पृथ्वीनारायणले आफ्नो बल बढाए ।

अनुभव तथा योग्यता भएका उमेर पुगेका भारादारहरूलाई भन्दा अनुभव नभएका अधकल्चा आफ्ना मानिसलाई माथिल्लो पदमा पुऱ्याउने नीति भीमसेन थापाले लिए[१] ।

तव सर्पले भ्यागुतो षान पाउँछ...भनि अरु ढेरै कुराको अर्ति दि जानुभयोथ्यो उनै अर्ति लिजा र लमजुंग्या राजा रिपुमर्दनसाहसित भेट गर्न भनि गया र चेपेघाटमा भेट भयो र घाहा घरेसका वात गर्दा नौना कुराले घाहा बाधुला भंने जढ कुरो मेरो पेटमा थियो. सोहि जढ कुरो कालु पाँडेले गऱ्यो र घाहा बलियो बस्यो र मलाई आसर्जे लाग्यो र तर मलाई ता रिझायो. दुनियाँ जसदेषी राजि रहन्छन्. उसैलाई कजाई दिनु भन्ने सास्त्रमा पनि कहेको छ. दुनियाँमा बुझि हेरुँ भनि बुझि हेर्दा दुनियाँबाट पनि कालु पाडेको चाहा रहेछ र कालु पाडेलाई कजाई दिनु भया हामी दुनिजादारमा छाहारि रहदो हो भंन्या सल्लाहा दिया···मेरा मनमा ता विराजवषेतिलाई कजाई दिनू आटेको थियो. तर ज्याधा बुद्धी कालु पाडेकै ठहऱ्यो र कालु पाडेलाई कजाजि भयाको हो [पृथ्वीनारायणको उपदेशबाट]

१. छोराको (भीमसेन थापाको) चकचकामा पाल्पामा सर्वाधिकारी बनेका जनरल अमरसिंह थापा वि. सं. १८७१ आश्विन शुक्ल अष्टमीका दिन ५५ वर्षका उमेरमा दिवङ्गत भएका थिए—

"श्रावणशुक्लनवम्यां जन्मोत्सवदिनम्

श्रीसंवत् १८७० श्रावणमासदिन १ गते भौमबासरे श्रीसूर्योदयाद् गतघटी ३५ पलेषु ४९ श्रीमदमरसिंहनाम्नो गताब्दः (५)४ अस्मिनब्दे आश्विनशुक्लाष्टम्यां मृतः श्रीज॰ (नरलः) "

[लक्ष्मीपतिका छारा लीनानाथले गणना गरेका वर्षप्रवेशका कागतबाट । यी मोहननाथ पाँडेसँग छन् । यी कागतपत्रहरूको विषयमा म अर्को निबन्धमा लेख्नेछु ।]

उजीरसिंह थापा (भीमसेन थापाका भतिजा) को जन्म वि. सं. १८५२ चैत्रमा भएको र मृत्युचाहिं वि. सं. १८८१ मार्गमा भएको हो । यो पनि लीलानाथको कागतबाट पत्ता लागेको हो । यसबाट वि. सं. १८७१–७२ को अंग्रेजसंगको लडाईंमा पाल्पामा सर्वाधिकारी भई बसेका उजीरसिंह थापा १९ वर्षका देखिन्छन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

पुराना भारादारहरूलाई सकभर राजकाजमा हात हाल्न नदिने अठोट भीमसेन थापाले गरेका थिए । उनको यस नीतिको परिणाम अनुभवहीन मनुष्यको हातबाट राजकाज चल्न लाग्यो । काङ्डाको लडाइँमा बूढा काजी अमरसिंह थापाले गरेको कामलाई छोपी भीमसेन थापाका भाइ काजी नयनसिंह थापाले गरेको कुराको खूप प्रख्यापन गरियो[१]। लड्दा लड्दा जीवन बिताएका अरू भारादारहरूको नाम नलिई भीमसेन थापाले मेरो बाबु (साना) अमरसिंह थापाले अंग्रेजको बललाई रोकिरहेछन् भन्ने कुराको प्रख्यापन गराई[२] आफूलाई र आफ्ना बाबुलाई जनरल बनाई आफ्नो वंशबाहेकका अरू भारादार-हरूलाई होच्याउने प्रथाको श्रीगणेश गरे । अंग्रेजसँग उठेको सीमाको कलहलाई लिएर अहिले आफ्नो अनुकूल समय नहुनाले अंग्रेजसँग लड्नु ठीक छैन भन्ने राय बूढा अमरसिंह बम शाह आदि अनुभवी भारादारले दिएका थिए[३] । जनरल साहेब भएका भीमसेन थापाको

---

१ स्वाम्यर्थाय हि जीवनं भवति तद् भ्रातर्व्रज त्वं युधी—
त्याज्ञप्तो रणसंमुखे नयनसिंथापा यदीयोऽनुजः ।
स्वप्राणानजहाद्रिपून् भुजबलादाक्रम्य काङ्डाह्वये
कोटे क्लिष्टपथे प्रवेशसमये मन्त्री स यस्यास्त्यसौ ॥२०॥

जस्को भाइ नयनसिंह थापाले पनि काङ्डा कोटमा प्रभुका निमित्त लडाइमा प्राण दियो ।

[वाग्वतीको स्तम्भलेखबाट]

२ " यन्मन्त्रान्मनसापि नेच्छति भियाऽऽक्रान्तुं प्रवृद्धोप्यरिः
ताम्रास्योऽमरसिंहमन्त्रिवरतः सीम्नि स्थिताद् यत्पितुः ।

जस्का मंत्रणाले आफ्ना बाबा अमरसिंह थापा काजीलाइ सिमानामा राखनाले बढ्याको फिरंगी पनि आकन शकदैन ।"

[वाग्वतीको स्तम्भलेखबाट]

३ " हामीसँग भयेको हाम्रो आफ्नो राज्यको बन्दोबस्त गर्दैमा हामीलाई प्रशस्त भयेको छ। अवस्थाले गर्दा अङ्गरेजसँग लडाइँ गर्न हामीलाई कर लाग्यो भने राज्यका प्रजापले हामीले लडाइ गरी जित्नेछौं, तर यो मौका राम्रो छैन । मौका बुझी अङ्गरेज-हरू चोट पाये जसता भयेका छन् औ अहिले लडाइँ थाले ठूलो लडाइँ हुनेछ । उनीहरू आफ्नो अधिकार स्थापित नगरेसम्म सन्तुष्ट हुने छैनन् औ हामीले निकालेका पहाडी राजाहरूसँग मिल्ने छन् । अहिले सम्म हामीले मिर्गको शिकार गरेका छौं तर यो लडाइँ गरी हामीले बाघको शिकार गर्न तयार हुनुपर्छ । यो लडाइँ हुन नपाआस् भनी हाले बखत गरियेका सब जग्गा छोडियुन् भन्ने हाम्रो महाराजाधिराजसँग प्रार्थना छ । अंग्रेज-सँग राम्रै झगरा पऱ्यो भने हाम्रो राज्यका सम्पूर्ण व्यवस्था बिग्रने छ । यो इलाकाको

CC-0. In Public Domain. Digitization by eGangotri

शेष उत्साहले अंग्रेजसंग लडाइँ चल्यो । तर लडाइँ बिग्रेपछि भीमसेन थापाले यो दोष अरूका टाउकोमा हाल्ने चेष्टा गरे÷ । भीमसेन थापाको यस कामले उनमा राम्रो गुणज्ञता थिएन भन्ने देखाउँछ ।

यसरी गुणको कदर गर्ने परम्परा छाडिदिएकाले भीमसेन थापा आफू पनि कमजोर भए, राज्यलाई पनि कमजोर बनाए ।

\+ + +

भारतका मैदानका धनी शासकहरूलाई अंग्रेजले जित्दै लगेको र आफूले अंग्रेजको बललाई रोक्न सकेको कुरा पृथ्वीनारायणले प्रत्यक्ष गरेका थिए । यसको कारणमा धनीहरू ज्यानको आशा मारेर लडाइँको मैदानमा अड्न सक्ता रहेनछन् भन्ने कुरा पृथ्वीनारायणले बुझे । हामीले अंग्रेजसंग लडेनौं भने हाम्रो देश स्वतन्त्र रहन सक्तैन । त्यस कारण हामीले धनी बन्नुभन्दा वीर बन्नुमा उद्योग गर्नुपर्छ भन्ने कुराको निश्चय पृथ्वीनारायणले गरेका थिए । परन्तु धन नभई लडाइँ खेल्न सकिंदैन भन्ने कुराको अनुभव पनि पृथ्वीनारायणलाई थियो । यस कारण धनको आशा मार्न विजिगीषु पृथ्वीनारायण सक्तैनथे । यसैले उनले दुनियाँहरू गरीब नहोऊन् तथा भारादारहरू धनी नबनून् भन्ने उपाय खोजे । त्यस कारण भारादारहरूले एक माना खान र सामान्य गृहस्थ चलाउन

अवस्था राम्रो छैन । गोर्खा राज्यका अरू अरू भागमा पनी झगरा हुने छ । लडाई गर्न पर्छ भन्ने जो मानीस हो, सो दरबारमा बढेको हो औ सैनिक जीवनको गाहारो साङुरोको कुरा उसलाई थाहा छैन "

अंग्रेजसँग अहिले लडाइँ गर्ने कि नगर्ने भना नेपाल सरकारले सोधिपठाउँदा चौ. बम शाह अमरसिंह थापा हस्तदल शाहीले यो विचार प्रकट गरेका हुन् ।

(सूर्यविक्रम ज्ञवालीको ' अमरसिंह थापा' को ६० पृ.)

÷ (श्री ५ राजेन्द्रका प्रशस्ति)

" आगे श्रीजनरल भीमसेन थापाके·····तस्तै पैल्हे फिरंगीसित सिमानामा तक्रार हुन जांदा सानु कुराको मोकदमा छ. २।३ बादसाह दवाई अंगरेज ठूलो भयाको छ. त्योसंग बिगार गर्न्या होइन भनी तिमिले समझायाका रह्याछौ. उस बषतमा २।४ जना भारा पाँचले कबुल नगर्दा र गोल्दार सर्दार मोहडाका भारादारले अहंकार गर्दा तुल हुन गै लडाञी जोडियेछ. तेस बषतमा पनी तिमिले कनका तिष्टालगायेत सतरुद्रातक भारादार सिपाहि फौज षजाना अनाज बरोबर चाजा मिलाई राष्याका रह्याछौ । मोहोडाका भारादारले झक मारी बखतको चाजा सूर बिराईदिदा उठ्ठा लागी सतरुद्राको लस्कर महाकाली आई पुगेछ । "

[ज. भीमसेन थापा र तत्कालीन नेपालको २४७ पृष्ठ]

CC-0. In Public Domain. Digitization by eGangotri

पुग्ने पैसा पाउने तथा आफ्नो देशमा खेती वस्त्रकला निकासी व्यापार खानीहरूको विकास गरी दुनियाँलाई खान पुग्ने बनाई तिनबाट आएको करले आफ्नो बल बढाउने नीति पृथ्वीनारायणले लिए। यसका लागि बाली हुने खेतलाई नमास्नु, बाली हुने खेतमा घर भए पनि त्यसलाई पर सारिदिनु, विदेशी वस्त्रको वहिष्कार गर्नु, आफ्ना देशका राम्रा नराम्रा जस्ता हुन्छन् तिनै कपडाले निर्वाह गर्नु, विदेशी नाच गानको वहिष्कार गर्नु, दहचाकको बाँझो डाँडोमा राजदरबार बनाई त्यसका वरिपरि भारादारहरूको घर बनाई नयाँ बस्ती बसाउने योजना गर्नु यी कुराहरू पृथ्वीनारायणका बुद्धिमा फुरे+। उनले 'विलासमन्दिर' भनी बनाएको वसन्तपुर दरबारले विलासी पुरुषलाई सन्तुष्ट पार्न गाह्रो छ। सो दरबार पनि पुरानो मल्लदरबारको एक अङ्ग भई एक चोक थपिएर बनेको थियो। पृथ्वीनारायणले आफ्ना अत्यन्त प्रिय भारा-

---

+"क्या चुनी सिपाई भया. क्या भै भारादार भया. इनलाई दवलथ कमाउन नदिनु. आदमी हेरी हुर्मत् मात्रै राषीदिनु. क्यान भनौला. दवलथ भयाकाले तरबारमा पसि मर्न मार्न सकैनन् र हरिपको चमक हुन्छ··· देसका माहाजनलाई गोडप्रसाहदेषी उभ आउन नदिनु देसका महाजनहरू हाम्रा मुलुकमा आया भन्या दुनिञाँ कंगाल गरिछाड्दछन्. देशका कपरा लगाउनालाई मन्हाई गरिदिनु. आफ्ना देसका कपरा बन्न जान्न्यालाई नमना देषाई सघाउनु र बन्न लाउनु र यस्व भया नगद विदेस जादैन. आफ्ना देसका जिनीस जरिबुटि देस लैजानु र नगद षैचनु. नगद षैचा राषनु र प्रजा मोटा भया दर्बार बलियो रहन्छ. राजाका भंडार भन्याका रैतानहरू हुन्··· षानी भयाका ठाउँमा गाउ भया पनि गाउ अरु जग्गामा सारिकन पनि षानि चलाउनु. गह्रो बन्या जग्गामा घर भया पनि घर अरु जग्गामा सारि कुलो काटि षेत बनाई अबाद गर्नु··· मलाई यवटा कुराको संध्यह लागि रहेछ. कुन्कुरो भन्या मुग्लाना नजिकै रहेछ. त्यस जग्गामा छोकडा पत्रीया रह्याछन्. चित्रकार भन्याका कोठामा ढोलक सितार राग तानमा भुल्नन्. राग तान्मा बडो ठुलो मोहो हुन्छ र दवलथ पनि षोलिन्छ. देसको भेद पनि तिनैले लैजान्छन् र हरिपले दगा गर्छ. रागको अभ्यास पनि कसैले नगर्नु. तिन जातलाई पहाड आम्फदरफ पनि कसैले नषोलनु अथवा फागुलाई यक दुई गरी झिकि चाँडै बिदा गराईदिनु र देषको भेद पनि पाउँदैनन्. आफ्ना स्वष सयललाई ता सास्त्रबमोजिमको तिनै सहर नेपालका नेवारहरूको नाच झिकाई हेर्या पनि हुन्छ. यिनमा ता दियाको पनि आफ्नै देसमा रहन्छ. यस्व भया आफ्नु देस गमन रहन्छ··· मेरो मनसुवा ता दहचोकमा दरबार बनाउँला र चारैदिसा थरघरको गुरु प्रोहित भैयाद भारादार मिर उमराउको घर बनाई छुट्टा दरबार बनाउला र··· भन्या··· थियो।

[पृथ्वीनारायण शाहको उपदेशबाट]

CC-0. In Public Domain. Digitization by eGangotri

दारलाई पनि काठमाडौंमा घर दिएको थाहा पाइएको छैन÷ । सैनिकहरूलाई चित्रकार भरेका घरमा बस्न नदिनु नै पृथ्वीनारायणले असल संझेका थिए । यिनै कुराको परिणाम थोरै आवश्यकता भएका भारादारहरू राजभक्त र साहसी भए । गोरखाली शासनप्रति प्रजाको मनमा अनुराग रह्यो ।

÷ पूर्व किरात प्रदेश विजय गर्ने काममा अभिमानसिंह बस्नेतले प्रशस्त काम गरेका थिए । परन्तु पृथ्वीनारायण छउन्जेल उनीबाट अभिमानसिंह बस्नेतले घर खेत पाएको देखिएको छैन । पृथ्वीनारायणको मृत्युको एक वर्षपछि मात्र अभिमानसिंहले प्रतापसिंह-बाट घर खेत पाएका थिए–

(श्री ५ प्रतापसिंहको प्रशस्ति)

" आगे अभिमानसिंके अघि हाम्रो काठमाडौं प्रवेश हुँदैदेखि आफु बस्याको केलटोलको भाजुदेव ब्राह्मणको घर सहरबाटोदेखि पश्चिम सिंजु कसाल दान-कसालका घरदेखि उत्तर भीमदेव मुकुन्दहरिको घर सुइकारननीदेषि पूर्व बुढा दलमर्दन साहको घर मिश्रज्यूको वारी भाजुदेउ उदासको घरदेषि दक्षिण सहरबाटोदेषि पूर्व छुंली कसालका घरसमेत एति चार किला साँघभित्रको घर जगा षा ५१ जवा १ हात १ चोक पाताल षा २९ जवा २ हात २ बिता १ वारी षा ३२ जवा १ हात २२ पुनः महासंगालवारी पूर्ण वेषासि महानको घर पश्चिम मुगल बाटो दक्षिण बेहेराको वारी उत्तर सिठी महानको घर एतिभित्र वारी षा ३४ जवा २ हात २६ सिगलको वारीसमेत एति घर वारी सुना बिर्ता गरा बक्स्यौं । तस्को मोल रुपैया ३५२२ तस्को छैटि रुपैया ५८७ सर्कार दाषिल भयो. बेचनु किन्नु आफ्नु मनोग्य गर्नु. इति सम्वत् १८३२ साल मिति पौष शुदि ८ रोज ६ मुकाम काठमाडौं शुभम् "

[वैद्य दिव्यवज्र वज्राचार्यसंग रहेको नक्कलबाट यो उद्धरण यहाँ दिइएको हो]

केहरसिंह बस्नेतले लडाइँमै प्राण दिएका थिए । यसैले उनका छोरा जहरसिंहहरूलाई पृथ्वीनारायणले मरवट दिएका थिए—

(श्री ५ रणबहादुर शाहको प्रशस्ति)

" आगे केहरसिंहले हाम्रा निमक बुझि जिऊ दिन्दा फटकसिला मरवट गरि हिजो श्रीजिज्यूबाज्यले केहरसिंहका सन्तानलाई बक्स्याको रहेछ. आज हामीले···थामि बक्स्यौं ··· इति सम्वत् १८४३ साल मिति चैत्रशुदि ७ रोज ४ शुभम् "

[श्रीबखतमानसिंह बस्नेतबाट यो पत्रको नक्कल हामीले लिएका हौं]

यसरी पृथ्वीनारायणले केहरसिंहका सन्तानलाई मरवट दिएका थिए तापनि पृथ्वीना-रायण छउन्जेल विशेष घर खेत उनीहरूले पाएको देखिएको छैन । पृथ्वीनारायणको मृत्युपछि वि. सं. १८३४ मा मात्र जहरसिंहले घर खेत पाएका थिए—

CC-0. In Public Domain. Digitization by eGangotri

पृथ्वीनारायणका नाति रणबहादुर पृथ्वीनारायणको नीतिभन्दा उल्टो नीति भएका भएर निस्के। पृथ्वीनारायणले बहिष्कार गरेको गानविद्याका उनी विशेषज्ञ बनेका थिए×। उनी राजदूतलाई खटाई प्रशस्त मोल तिरेर साँढे, कुकुरहरू झिकाउँथे*।

"स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का—

आगे देवान जहरसिंकन सहर काठमाडौंमहाँ चिकटि आचारका दुवै २ चोकसमेत घर एस् घरको लगपात वारि ज्या हेा. सेा सब बक्सिउँ. षातिर्जमासिन घरमाहाँ बस. लगपात भयामाफिक भोग्ये गर. मम्वत् १८३४ साल चैत्रवदि ७ रोज ६ मुकाम काठमाडौं सहर शुभम्"

[इतिहास-प्रकाश २।३ को ५९६ पृष्ठमा योगी नरहरिनाथद्वारा यो प्रकाशित भएको छ]

× "प्रादुभूंतोऽप्यमुष्माज्जगति रणबहादूरराजाधिराजः।
दाता पातानुशास्ता निखिलगुणनिधिर्गानविद्यादिविद्याऽभिज्ञः···

इनका पुत्र··· शस्त्र शास्त्र संगीत तंत्रादि सकल विद्याका निधान श्रीरणबहादुर साह महाराजाधिराज···हुनुभयो।"

(वाग्वतीको स्तम्भलेखबाट)

* (श्री ५ रणबहादुरको प्रशस्ति)

"···श्रीसुव्वा दिनानाथ उपाध्यायके···आगे···ठुला ठुला असल कुकुर पठाइदिनु भन्या क्या कारन्ले पठाएनौ. चांडो गरि पठाइदेउ विजैनगर सहरमा विजैराम राजा रह्या छन्··· उन राजाले आफ्ना सौषका निमित्त्य मछेलिवंदरका कुंड बेठसिमाबाट आँड्र बएल जोडा एक झिकायाको एस जोडामा एक त बहुत ठूलेा अग्लेा छ भनि वैजनाथ दषिनी भट्टले बिति गर्‍या. त्यो बयेल झिकाउन्या राजा पनि मर्‍याछन्. राज्य भर्‍या फिरंगिको ताबे भयाको छ गरे. त्यो ठूलेाचाहिं सांढ्या झिकाउन पर्‍यो. तसनिमित्य तेताबाट तिमिले दुइ गोटा जान्या मानिस षटाई विजैनगर सहरमा पठाई आफुले जान्याको जुक्ति बुद्धि लाई सक्यभर गरि त्यो ठूलेा सांड्या झिकाहि षर्च लाग्न्या भया षर्च लाई पनि कृतसक्यभरि झिकाउन्. एकलै ल्याउन् नभया उहिंको गाई बेस अल्गेा एक वियानू बाधासमेतको षरिद गरि नाउमा चढाई दाना घाँस मसाला पनि चेार डाँकु बेथाको ओषतिसमेत ताकित गरि बहुतै बहुतसंग संभार गरि हर्तरहसंग पनि ल्याउन्या काज गर्नु. त्यो सांढ्या ल्याई पुर्‍याया का दिन तिमिदेषि···षुसि हुन्याछौं। त्यो ल्याउनाको ताकिति तिमिले चित्त लाईकन मिहनत् नगर्‍या अघिपछि परेवा हाँस ल्याउँदा जस्तेा गरि एस पाला ढाँट्यादेषि बनाईकन बुझौला···इति संवत् १८५३ साल पौषवदि १५ रोज ७ मुकाम कान्तिपुर शुभम्।

[ऐ. शि. बाबुराम आचार्यबाट यस पत्रको उतार हामीले लिएका हौं।
परिशिष्ट 'ग' मा यो पत्र सम्पूर्ण दिइएको छ]

CC-0. In Public Domain. Digitization by eGangotri

रणबहादुरका यी काम तरङ्गका रूपमा उठेका थिए। उनका सेवक भीमसेन थापाले मालिकका साथमा राजसी विलासको स्वाद चाखिसकेका थिए। भीमसेन थापा प्रतिभाशाली पुरुष थिए। यस कारण विलासका लागि उनले राम्रोसंग प्रबन्ध गरे। आफूलाई विलास गर्न दुनियाँको प्रशस्त घर-खेत लिई×, नानाभाँतिका बिरुवा लाई, पोखरी बडे भारी महल बनाई+ नेपालमा बिलासीहरूको लागी आदर्श खडा गरिदिए। सैनिकहरूलाई बस्न पनि तडक भडकको घर बनाउन लाए*। विदेशी पोशाक विदेशी

× [श्री ५ गीर्वाणयुद्धविक्रमको प्रशस्ति]

" आगे काजी भीमसेन थापाके···तपसीलबमोजिमका असामीलाई आफ्ना आफ्ना घरबारीको साटो जग्गा र नगदी रुपैया बक्सि राजी गराई रैकर तुल्याई ज्मा घर २८··· पाताल ज्मा षा १०···वारी पाताल ज्मा षा ८३···घर बनाउनालाई थप आफ्ना पुरानु घरस्मेत बिर्ता वितलब पिकदार गरिबक्स्यौं।

तपसील

वीरभद्र पंथ सर्दारको घर···बारी	वियानन्द बाडाको घर···बारी
अमितमुनि बाँडाको घर···	धंचा मुनिहरूको बारी
दुर्गादास धंजुको घर···बारी	···वैद्यको घर···बारी
धंचा बाडाका छोराहरूको घर···बारी	विरमान नेवारको बारि
देवानन्द बाँडाको···बारी	सुनारको घर
बिदनुनरसिंको बारी	भान्नरसिंहको बारी
···नेवारको घर	धिर्जनारायणको घर
धर्मनारायणको घर	बैलोचन भगवान्को पाताल
जग्यनारायण झाहरूको घर	राजिन्द्रको घर

इति सम्वत् १८६८ साल मिति चैत्रसुदि १५ रोज ६ मुकाम कान्तिपुर शुभम् "

(ज. भीमसेन थापा र तत्कालीन नेपालको २६४-६८ पृष्ठमा प्रकाशित पत्रबाट)

+ त्रिरत्नसौन्दर्यगाथा परिशिष्ट 'क' का १६-१९ श्लोक हेनुंहोस्।

* स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का-

" आगे छाउनामा रहन्या जंगा लस्कर गैह्रप्रती छाउनीमा कर्नेल कप्तान लेफ्टेन बरिदार सुवेदार जमादार मेजर कोत्या अजाटन हुद्दा सिपाही लाजिमा गैह्र जंगी लस्कर बस्नालाई बनाइबक्स्याका घरमा जो जो बस्तछ, पगरीका दर्जाअनुसार र आफ्ना मन-सुवमाफिक घरमा रंगविरंग चित्रकार गरी सीसाका झ्याल अेना गैह्र लगाई झाड तस्वीर टाँसि बन्या नबन्याको घर तवेला बनाउन्या सिगार्न्या काम गनुं ··· इति संवत् १८८२ साल मिति फागुण सुदी ८ रोज ६ शुभम्. "

['ज. भीमसेन थापा र तत्कालीन नेपाल' को ९०-९१ पष्ठमा यो पत्र छापिएको छ]

CC-0. In Public Domain. Digitization by eGangotri

ढाँचा काँचामा डुबेका, जनरल साहेब बनेका भीमसेन थापाले नेपालीहरूका मनमा भाग्यै भए मात्र यस्तो मोज गर्न पाइँदो रहेछ भन्ने भाग्यवादको निराशालाई जमाइदिए। यसको परिणाम नेपाल राज्यले विदेशीको मुटु थर्काउन छोड्यो। केही चतुरा झेलीहरूको भोग्यभूमि सम्पूर्ण देश बन्न गयो।

\+ \+ \+

लडाइँको मैदानमा नाउँ कमाउँदै आएका मनुष्यहरू पृथ्वीनारायका पालामा क्रमैसंग माथि तिर उक्लन्थे÷। भीमसेन थापाले कुनै लडाइँमा बहादुरी गरेको अहिलेसम्म सुनिएको छैन। उनका प्रशसकहरूले पनि काशीबाट रणबहादुरलाई फिर्ता ल्याउनु र रणबहादुरका हत्यारा ठहरिएकाहरूलाई मार्नु नै भीमसेन थापाको ठूलो पुरुषार्थ हो भनी बयान गरेका छन्+। भीमसेन थापाले आफ्नो नाउमा गराएको लालमोहरमा पनि यिनै कुरा लेखाएका छन्×। भीमसेन थापाका भाइहरूले दाजुको उदय नभएसम्म कतै बहादुरी गरेका थिए भन्ने सुनिएको छैन। परन्तु भीमसेन थापा हर्ता--कर्ता बनेपछि भीमसेन थापाका वंश नै ठूला ठूला वीरहरूका भन्दा पनि माथिल्ला पदमा पुगेको देखिन्छ=। यो पृथ्वीनारायणको परम्पराको विरुद्ध थियो तथा देशलाई उद्योगविमुख बनाउने काम थियो। यसको परिणाम पृथ्वीनारायणले जितिएका अंग्रेजले नेपाली जितिए। भीमसेन थापाले आफूले बहाली गर्दा पाएको नेपाल राज्यको $\frac{१}{३}$ भाग गुमाए।

भीमसेन थापा विलासी तथा स्वार्थी पुरुष थिए तापनि उनको हृदयमा देशभक्तिले पनि ठूलो स्थान पाएको थियो। यसैले उनले बाँकी रहेको नेपाल राज्यलाई बचाउन र मौकामा अंग्रेजसंग बदला लिन शक्तिले भ्याएसम्म जीवनभर उद्योग गर्दै रहे 卐। यसैले गर्दा वर्तमान नेपाल राज्यले आफ्नो अस्तित्वलाई संसारमा राख्न सक्यो।

÷ "पजनि गर्दामा पनि सयेनालका कम्पनी जमाउनु र सयेनालका सुवेदार चार पाँच लडाजीमा जस पाई आयाका यस्ता आफुले जाँचि सुवेदार हाल्नु. सुवेदारले पनि सात पगरि दुई चार बाढ षायाका यस्ता सात पगरि हाल्नु. सात पगरिले स्वह्र हुदा हाल्दा आफुसित मर्ने मान्यो जाची १६ हुद्दा हाल्नु. १६ हुद्दाले पनि आफुसित मर्ने मान्यो जाँची सिपाही हालि आपना आपना पट्टि भर्ना गर्नु."

[पृथ्वीनारायणको उपदेशबाट।

\+ त्रिरत्न-सौन्दर्य-गाथाको १३०-१३४, १८५-१८८ श्लोक हेर्नु होस्।

× परिशिष्ट 'ग'मा दिइएको १८९२ सालको लालमोहर हेर्नु होस्।

= वाग्वतीको स्तम्भलेख हेर्नु होस्।

卐 यसको विशेष वर्णन 'गल्लीमा फ्याँकिएका कसिगर' को उपोद्घातमा मैले गरेको छु।

CC-0. In Public Domain. Digitization by eGangotri

भीमसेन थापाको पतन

यस ग्रन्थमा वि सं १८८८ सम्मका घटना मुख्य रूपले दिइएका छन् । श्री ५ रणबहादुरका कान्छा महारानी ललितत्रिपुरसुन्दरीको मृत्युको वर्णन अन्तिम घटना परेको छ÷ । यस ग्रन्थको अन्तिम वर्णनमा पनि भीमसेन थापा हर्ताकर्ताकै रूपमा देखा परेका छन् 卐 । यसपछि भीमसेन थापाको जे भयो, त्यो कुरा इतिहासमा प्रसिद्ध छ । यस कारण यसपछिको भीमसेन थापाको वर्णन गर्नु यस ग्रन्थको उपोद्घात लेख्न बसेको मनुष्यको काम होइन भन्ने देखिन आउँछ । तर भीमसेन थापाका २५ वर्षको लामो शासनको इतिहास सुन्दरानन्दले जति जसरी दिएका छन्, मैले देखेका अरू ग्रन्थकारले त्यति त्यसरी दिन सकेका छैनन् तथा भीमसेन थापालाई जुन घटनाले हर्ताकर्ता बनायो तथा जसरी उनी हर्ताकर्ता भए भन्ने कुराको वर्णन पनि यस ग्रन्थले अलि घुमाउरो पारेर दिएको छ । यस कारण भीमसेन थापाका बाँकी रहेका ६ वर्षको शासन र त्यसपछिका २ वर्षको उनको दुःखी जीवन तथा दयनीय मृत्युको° नजीकमा

÷ यसपछिका दुइ वर्षको (१८९० सम्मको) फाटफुट घटनाको वर्णन पर्न गएका छन् तापनि मुख्य रूपले १८८८ सम्मका घटनालाई नै सुन्दरानन्दले वर्णन गरेका छन् ।

卐 २७३-७५, २७७ श्लोक हेर्नु होस् ।

° (श्री ५ राजेन्द्रविक्रमको प्रशस्ति)

"उप्रांत राजद्वारमा विषाधी औषधी नगर्नु भन्या सास्त्रमा पनि छ. अघिदेखि हाम्रा दरबारमा विषाधि आषधि नगर्नु भन्या उर्दि पनि भयाको थियो. मनाही भयाको छदाछदै हाम्रा कांछा नानीलाई ९४ सालका आषाढ महिनामा बेराम हुन गयाको श्रावण महिनाको ११ दिन जांदा मुक्त भया. इनै मुक्त भयाकालाइ इलाज दिदामा भाजुमन वैद्यले हाम्रा हजुरमा विति नगरि अफिम धतुरो विष पऱ्याको औषधि खुवाइ यस्तो हुन जांदा त्यो विष पऱ्याको औषधि खुवा उदामा भीमसेन थापा एकदेव वैद्य सिवानन्द भवानी इन्हेरुको समेत सल्लाहको भनी येहीं वैद्यले विती गर्दा इन्हेरुको धन माल जफत गरी कैद गरी राष्याका थिया. अघिदेषिका कुरा षोजिदै थिया. एकदेव वैद्यलाइ ल्याइ षारषेर गर्दा हजुरका कांछा नानीलाइ विष पऱ्याको औषधि दिन्या कुरामा भीमसेन थापाका र मेरा सल्लाहाले हो भनी वक्ता उसै कुरामा पनी कायेल हुंदै आयाको मुषले वक्तु मात्र बाकि रह्याको थियो. पछि पनि विष पऱ्याको औषधि नगर्नु भनी मनाही गऱ्याको थियो. विचमा एकसूर्य वैद्यले एकदेव वैद्यका सल्लाहसंग हाम्रा हजुरमा विती नगरी विषसमेत मिलाइ हरिताल पाऱ्याको औषधि यो औषधि बढिया छ भनी भुक्याइ औषधिको पोका हाम्रा हजुरमा चढाउन आयाको रहेछ. सो कुरा प्रकाश हुन जांदा मनाही भयाको कुरामा विष

CC-0. In Public Domain. Digitization by eGangotri

सुन्दरानन्दले हामीलाई परोक्ष रूपमा पुऱ्याइदिए जस्तो मलाई लाग्छ। यस कारण

समेत मिसाइ हरिताल पऱ्याको औषधिको पोका किन चढाउन आयिथिस् भनी भंदा जानिन विराजा भनी कायल भयो र येस वैद्यलाई पनि कैद गरी राष्याको थियो. फेरि पछि कैद भयाको एकदेउलाई झिकी षारषेर गर्दा हजुरका कान्छा नानीलाइ पनि विष पाऱ्याको औषधि षुवाउँदा मेरो र भीमसेन थापाको सल्लाह हो. अघि हजूरका श्री ५ मुमाज्यू र श्री ५ बुबाज्यूलाई पनि विराम हुँदा भिमसेन थापाको सल्लाहले बिष पऱ्याको औषधि षुवाइ वैकुण्ठवास गराया को हो भनी कायल भयो र भीमसेन थापासँग जोरी पुर्पक्ष गर्नपर्ला भनी उसै कयदमा रहन गयाको थियो. पुर्पक्ष भयाकोँ थिएन. तेस्तै बिचमा एकदेउ वैद्यले यो अघि पछिको सबै कुरा बक्याको थाहा पायेछ र आफुले गऱ्याको अघिको र पछिको कुकर्म प्रकास हुन लाग्यो भंन्या डरले कसैले थाहा नपाई हतियार मगाई ९६ साल श्रावण महिनाका दिन ८ जांदा हतियारले आफनु गला आफैले काटी अपहत्या गरी ९ दिन बाँची श्रावण महिनाका १६ दिन जाँदा भिमसेन थापा मऱ्यो. अघि पछिको यस्तो कुकर्म गर्न्या वैद्यहरु पनि जो जो थियो, सबैलाइ बिराउमाफिक जो जो सासना गर्नुपर्न्या हो. सो सो सासना भयो. ...इति सम्वत् १८९६ साल श्रावण शुदि ३ रोज २ शुभम्"

[ज. भीमसेन थापा र तत्कालीन नेपालको २७९-८० पृष्ठमा यो पत्र छापिएको छ]

[श्री ५ राजेन्द्रविक्रमको प्रशस्ति]

"आमे जनरल रणवीरसिंह थापा जनरल मातवरसिंह थापा काजि त्रिविक्रमसिंह कम्यान्डर कर्नेल सेरजङ्गबहादुर थापा तम्रा भाइ दाज्यू छोरा भतिजा पर्न्या दसाहा भाइ बिरादर गैह्र प्रति.....कांछा साहेबज्यू छ मैन्हाका उमेरमा कालवसले ९४ सालका श्रावण मैन्हामा परलोक हुंदा दुष्ट कुबुद्धि भयाका अघिका निगुता नसमझ्न्या कृतघनी निमकहरामी करवीऱ्या रणजंग्या रणदल्या कुल्या पाँडे र इन्द्रविऱ्या रनबम्या थापा कर्नसिंग्या बस्न्यात कासिनाथ्या बाहुन कुलचन्द्र साहि रंगु अर्ज्याल जगत नैनी केटि चीत्री केटी वंस्या बस्न्यात् बोधमान्या कार्कि यति जनाले मतलव मिलाई जालसाजिको षेल उठायाछन् र श्रीजनरल कम्यान्डर इन चीफ भीमसेन थापाले वैद्यलाई मतलब दि विषसंबन्धको इलाज ज्यूनार गराई परलोक हुनुभयाको हो। कालवसले होइन भनी इ दुष्टहरुले हाम्रा र हाम्रा श्रीजेठा रानिका हजुरमा चुक्ली पारि श्रीजनरल कम्याण्डर इन चीफ भीमसेन थापा इनका भाइ छोरा भतिजा दसाहा भाई बिरादर रकमी कारबारीसमेत पक्री कयेतमा तिमिहरुलाई हलाया. तम्रा चेलि बेटिसमेतको सबै आल्माल धन दौलत जिमी जगा हातहतियार सबै सर्वस्व हरण गरि लिया। तिमीहरु सबैलाई नानातरहका व्यहुर्मंतको सासना गऱ्या। तेस बेलामा तिमीहरुसमेत श्राजनरल कम्यान्डर इन चीफ भीमसेन थापा बिन्ति गर्थ्यौं. हामिले सर्कार को कुभाउदो कौनै बातको गऱ्याको छैन। हामी निसाफ पाउँ भनी बारंबार विन्ति गर्दै थियो। दुष्ट बुद्धि भयाका निमष हरामीहरुले कृत्या कागत बनाई कायल भया भंन्या

CC-0. In Public Domain. Digitization by eGangotri

बेहोराका चुल्कि गर्थ्यो. पछि हामिबाट बुझिवक्सदा श्रीजनरल कम्यान्डर इन चीफ भीमसेन थापा प्रभृति तिमिहरु सर्व जनाले हाम्रा गातगादिमाथि कौनै बातको बिगार नचिताया को हाम्रा निमकको सोझो षरुवाइमा रह्याका ठहराव्यू र श्रीजनरल कम्याण्डर इन चीफ भीमसेनथापा प्रभृति कयेतमा रह्याका तिमिहरु सबैलाई फोइबक्स्यौं। काह तम्रो धन दौलत जिमि जगा पनी फिराईबक्स्यौं। श्रीजनरल कम्यान्डर इन चीफ भीमसेन थापा हरहम्यास हाम्रा हजुरमा रह्या. जनरल मातवरसिह थापालाई हाम्रा काम निमित्य लाहुर पठाईबक्स्यौं। सबै बात बिबस्ता भैरह्याको थियो ई दुष्टबुद्धि भयाका अघिको निगुता नसंझन्या कृतघ्नी निमकहरामी रणजंग्याप्रभृतिहरुले फेरि थापाहरुको बन्न लाग्यो. हामिले आँट्याको मनसुबा पृगेन भन्या ठहरायाछन् र फेरि जालसाजको षेल गरि हाम्रा २ सर्कारमा विरोध पारि थापाहरुले सर्कारको बिगार गर्यैका छन् भनि तिमि थापाहरुको चुकली पाऱ्या र श्रीजनरल कम्यान्डर इन चीफ भीमसेन थापालाई फेरि पक्राई कयेतमा हाल्या। हामीबाट बक्सीस भयाको धन दौलत फेरि सर्वस्व गरिलीया। जाल साजीका अर्जि कृत्या कायल्नामा आफुले लेषि थापाले यो बेहोरा गर्याका रह्याछन् भन्या बेहोरा पारि कृत्या कागत हाम्रा दुई सर्कारमा नजर गराई ई दुष्टहरूका चुल्किमा हाम्रा चित्त बिरोध गराई पत्यार पाऱ्या। हामीबाट हुकुम भयाको छ भन्या बेहोरा पारि श्रीजनरल कम्यान्डर इन चीफ भीमसेन थापा प्रभृतिहरूलाई नानातरहको सासना ब्येहुर्मत् गराया। कान्छी मुख्यानीलाई विपर्दा गराई सासना गर्नु श्रीजनरल कम्यान्डर इन चीफ भीमसेन थापालाई देखाउनु भनी हुकुम भयाको छ भनी आफुले कल्पना गरि श्रीजनरल कम्यान्डर इन चीफ भीमसेन थापालाई सुनाया छन्. यस्तै बेहुर्मत्को भय सुनाइ दिदा दुष्टहरूले विना अपराध येकदेउ बौद्यको अजात गराया। ब्राह्मणलाई यो फजियत गर्न्यालि हामिलाई पनी इ दुष्टले ब्येहुर्मत् गर्न्यैछन्। यो बेहुर्मत् मैले हेर्न योग्य छैन भनी हाम्रा हजुरमा बिन्ति नपारी इनै दुष्टका कुराको पत्यार मानी बेहुर्मत्का भयले श्रीजनरल कम्यान्डर इन चीफ भीमसेन थापाले आफ्नै हातबाट हात र चलाइ प्राणत्याग गऱ्या। यसपाछ इ दुष्ट निमकहरामिहरुको बल बढ्यो र रणजंग्या प्रभृतिहरुले कार्यसिद्धि भयो भन्या ठहराइ तिमि थापाहरुलाई जनै झौकि पानीसंमको अजात गराई चोकसम्म गै मागि षानु कसैका भन्यां नउक्लनु भनि उर्दि फिराया प्रजा भयौ भनी सुनाया. तम्रा जनाना आईमाईहरूलाई तिलंगा प्यादा लाई बिहुर्मत् गरी नङ्गा पयरसित हिंडाई हेल्मु भोट पुऱ्याया। वाहावाट फिराई यस्तै बिहुर्मत्सित बोर्ला बुंकोट पहाड डुलाया.

[इतिहास प्रकाश-१।१ को ४१-४६ पृष्ठमा योगी नरहरिनाथद्वारा यो प्रकाशित भएको छ]

" यस्तै समयमा दैवइच्छा जेठा रानीतिरका कान्छा साहेबज्यू देवेन्द्रविक्रम शाह ६ महीनाका बालकलाई बिरामी भै ६४ साल श्रावणका ११ दिन जांदा सोमवारक दिन

CC-0. In Public Domain. Digitization by eGangotri

आँखाको अगाडि झलझल आइरहन्छ तथा भीमसेन थापाको त्यस दयनीय अवस्थाको कारण अरू अरू ग्रन्थकारले गरे जस्तो+ अरूका टाउकामा दोष हाल्न मलाई कौटल्यले दिदैनन्। किनभने जुन परिस्थितिमा भीमसेन थापा हर्ताकर्ता हुन पाएका थिए, त्यो स्थिति यो ग्रन्थ समाप्त हुँदा थिएन÷। अब पनि साबिकमोजिम

आर्याघाटमा मुक्त भया..... त्यहाँपछि श्रीजेठा बडामहारानी बहुतै क्रोध गरी...कुमंत्रीका कुरा पछि लागि रीस गरी... जुठैभित्रमा मन्त्री भीमसेन थापा इनका भाइ छोरा दशाहा भाइ चाकर वाकरहरूका घरमा तिलङ्गा लगाई घरमा घेरा दिई बन्द गरी राख्या. सबैका सर्वस्व पनि लिया. रणजंग पाँडेलाई देवान भंन्या नाउ दी मुक्तियारी दिनुभयो..... भीमसेन थापा बन्धनैमा थिया. ८ महीनापछि छोडिदिया र आफ्नै घरमा बसिरहेका थिया. त्यहाँपछि फेरि श्री ५महाराजा महारानीबाट हुकुम भई दरबारमा आउनू भंन्या दरबारमा जाँदै गर्थ्या.खाना खर्च पनि दिंदै थिया...त्यहाँपछि फेरि थापामाथि खेदो गर्न्या पाँडेहरू सबै मिली थापाहरूलाई फेरि नगिराया त राजालाई एक दिन अवश्य रिझाउन्याछन्. देशदेशावरमा पनि इनैका नाम जाहेरै छ. ३४ वर्षसम्म मुक्तियारी चलायाका हुनाले फौज दुनियाँहरू पनि इनका हात चढ्याकै छ. अचेल दरबार बराबर गर्न लाग्याका छन्. पछि हामीहरूको अवश्य खराप हुन्याछ भनी जालखेल गरी राजा जेठी रानीसंग फेरि चुक्ली पारी फेरि ९६ सालमा भीमसेन थापाको घरलाई घेरा दिई तिलङ्गा लगाई नेलसमेत हाली आफ्ना जहान सबै बोर्लाङमा पठाइदिया र उहीं बन्धनैमा थिया. फेरि केही महीनापछि राजाबाट भीमसेन थापालाई नेपाल झिकायाका थिया. कुलराज पाँड़े बस्याकै घर गई बेहुर्मत लज्जाको भय देखाई आयाको रहेछ. यही दिन दिउँसो राजाबाट हुकुम भई बोलाहट आउँदा आउँछु भनी कोठामा पसी मनमा बहुतै दिकदार गरी.....अविवेकी राजाले मेरो दम छन्ज्याल फेरि बेइज्जत गरी दुःख दिन्याछ. बरु मैले मर्नु बढिया हो भनी विरक्त भई..... खुकुरी लिई आफ्ना हातले गलामा प्रहार गर्न्या प्राण गएको थिएन। ९ दिनपछि ९६ सालमा श्रावण वदि ४ रोजमा मन्त्री भीमसेन थापाको प्राण मुक्त भयो.भारादारहरू सब आई हेरी दागबत्ती गर्न पनि नदिई भीमसेन थापालाई विष्णुमतीमा अफ़ाली चप्रासी पहरा केही दिनसम्म पनि राख्न लाया.....थापा खलकहरूलाई जनै पनि झिकी दिया.

[भाषावंशावलीबाट]

+ चित्तरञ्जन नेपालीले भीमसेन थापाको पतनको कारण पजनी प्रथा हो भन्न देखाउनुभएको छ। 'भीमसेन थापा र तत्कालीन नेपाल' को ३७ पृष्ठ हेनुँहोस्।

÷ वि. सं. १८६३ मा राजा गीर्वाणयुद्धविक्रम ९ वर्षका बालक थिए। रणबहादुरका कान्छा महारानी ललितत्रिपुरसुन्दरीको हातमा राजकाज पर्न गएको थियो। ऊ महारानीका विश्वासपात्र भीमसेन थापा हुन सकेका थिए। यो ग्रन्थ समाप्तिको अवस्थामा राजा राजेन्द्र-

CC-0. In Public Domain. Digitization by eGangotri

हर्ताकर्ता भई बस्न भीमसेन थापाले अर्कै बाटो× लिनुपर्‍यो। तर अधिकार हातमा लिई ३१ वर्षसम्म राज्यको हर्ताकर्ता भई काम गर्दै आएका ६२ वर्ष पुगेका भीमसेन थापाले त्यस बेला अकस्मात् त्यो बाटो लिनु पनि सजिलो थिएन। यस कारण भीमसेन थापाले आत्मरक्षा गर्न कौटल्यले भने जस्तै एउटा मात्र बाटो थियो भन्ने कुरा मेरो मनमा खेलिरहन्छ। कौटल्यको आँखाले भीमसेन थापाको विषयमा अध्ययन विचार गरेको पनि मलाई थाहा छैन। यस कारण कौटल्यका सूत्र र भीमसेन थापाको जीवनलाई मिलाई राजनीति दर्शनको एउटा उदाहरण प्रस्तुत गर्न मेरो मनमा उठेको विचारलाई अहिले यहाँ लेख्ता अप्रासङ्गिक होला जस्तो मलाई लाग्दैन।

पृथ्वीनारायण शाह आफ्नो ५२ वर्षको उमेरमा १२३ वर्षका आफ्ना जेठा छोरा प्रतापसिंहलाई छाडी परलोक गए। यस उमेरमा प्रतापसिंह आफ्ना भारादारको सहायताले बाबुको राज्य थामी खान सक्तथे। आफ्नो २६ वर्षको उमेरमा २ वर्षका छोरा रणबहादुरलाई छोडी प्रतापसिंह स्वर्ग गए। यस कारण रणबहादुरको राज्य उनकै नाममा चले तापनि उनको बुद्धिबाट चल्नु सम्भव थिएन। यस्तो अवस्थामा राज्यको अभिभारा अर्काको हातमा नगई छोड्दैन। यस्तो अवस्थालाई 'राजव्यसन' भनी भन्दछन्। रणबहादुरको राज्य कहिले उनका मुमा महारानी राजेन्द्रलक्ष्मीको हातबाट, कहिले उनका कान्छा बाबु राजकुमार बहादुर शाहको हातबाट चल्यो। यो अवस्था दैवले पारेको थियो।

रणबहादुरले आफ्नो तेइस वर्षको उमेरमा आफ्ना डेढ वर्षका छोरा गीर्वाणयुद्धविक्रमलाई राजा बनाएर आफैंले जानाजान राजव्यसन खडा गरे। आफैंले बालेको राज्यव्यसनको आगोको राप सहन नसकेर रणबहादुरले काशी भाग्नुपर्‍यो। यही राज्यव्यसनले कीर्तिमानसिंह बस्नेत दामोदर पाँडेहरूलाई हर्ताकर्ता बनायो तथा मरायो। ननिभेको यही राजव्यसनको आगोको रापले ९ वर्षका आफ्ना छोरा गीर्वाणयुद्धविक्रमलाई छोडेर ३१ वर्षको अवस्थामा आफ्ना भाइका तरबारका चोटले रणबहादुर परमधाम गए। प्रतिभाशाली भीमसेन थापाले त्यो राजव्यसनको आगोलाई आफ्नो अनुकूल बनाएर त्यसबाट काम लिई आफू हर्ताकर्ता भई ३१ वर्षसम्म नेपालको एकलौटी शासन गरे।

विक्रम २० वर्ष जति पुगिसकेका थिए। उनका युवति रानीहरूलाई भीमसेन थापाले रिझाउन सकेका थिएनन्। भीमसेन थापा जसका विश्वासपात्र बन्न सकेका थिए, ऊ महारानी ललित-त्रिपुरसुन्दरी स्वर्ग भइसकेकी थिइन्।

× जङ्गबहादुरले गरे जस्तै पुराना भारादारहरूलाई सखाप पारी राजालाई निरस्त्र पार्नु। (यस विषयको विचार अर्को निबन्धमा गरिनेछ)

CC-0. In Public Domain. Digitization by eGangotri

२४ वर्ष पुगेका जवान राजा राजेन्द्रविक्रम, उनका दुइटा तरुना रानी, उनका छोराहरूलाई ६० वर्ष नाघिसकेका भीमसेन थापाको व्यवहार उपयुक्त लागिरहनु सम्भव थिएन। यस अवस्थामा भीमसेन थापाले राजालाई सुरुक्क राज्यको अधिकार सुम्पी आफू पर सर्नुपर्थ्यो। भीमसेन थापाको मनमा 'राजेन्द्रविक्रम राजकाज गर्न राम्रो जान्दैनन् तथा उनले राज्यमा अण्डबण्ड पारी अव्यवस्था फैलाउनन् भन्ने डर हुँदो हो' भन्ने कुरा कोही कोही भन्न सक्छन्। तर कौटल्यले भने जस्तै भीमसेन थापाले अघिबाटै देखि यसको प्रबन्ध गर्नुपर्थ्यो र राजालाई राजकाज गर्न सक्ने शिक्षा दिलाउनुपर्थ्यो। राजकाजको शिक्षा दिने परम्परा नभएको र आफ्नो थर पौडेल लेख्न छाडी पण्डितराज तथा पण्डितज्यू लेख्न लागेका÷ गुरुज्यू रङ्गनाथले र पौरोहित्य र अध्यापकत्वको भेद देख्न नसक्ने विद्वानहरूले राजालाई पाठपूजाहरू सिकाएर+

÷ "स्वस्ति श्रीगुरुपण्डितराजश्रीरंगनाथपण्डितकस्य पत्रम्—

आगे चैनपुरमा झारा मेगजीं साउन्या फागुको रकम उठाउन जान्या रकमी कलमी अमाली गैह्रके यथोचित. उप्रान्त बस्न्यात काजीको वषतसुन्दरहिटी बघैंचाको जगेरा गुठीको जगा धन पनि पाध्याका गाउँ घर-भित्र झारा मेगजीन साउन्या फागु लालमोहरबमोजिम माफ भयाकों जाँचमा पनि सोहीबमोजिम थामियाको रहेछ। ताहाँ तिमीहरूले टंटा तक्रार नगर. छाडिदेऊ। संवत् १८९४ कार्तिक शुदि १५ रोज १ शुभम्."

[यस पत्रको नकल हामीले श्रीबख्तमानसिंह बस्नेतबाट पाएका हौं]

"स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का—

आगे विरभद्रपाध्याप्रति तिमिलाई हाम्रा हजूर आउ भन्या बोलाहटको श्रीगुरु पण्डितराज श्रीरङ्गनाथ पण्डितज्यूबाट चिठि लेषि अघि गयाको हो. अब र लालमोहर पुग्नीमात्र येक छिन विलंव नगरि चाँडो हाम्रा हजूर आउन्या काम गर. इति सम्वत् १८९४ साल मिति भाद्रवदि २ रोज ६ शुभम्"

[ऐ. शि. बाबुराम आचार्यबाट यस पत्रको उतार हामीले लिएका हौं।]

+नानानिबन्धनविलोकनखेदशान्त्यै
संगृह्य धर्मनयमूलवचो विभाव्य।
सारं निगृह्य नृपशिक्षणकौतुकाय
श्रीरङ्गनाथकृतिना रचितो निबन्धः ॥२॥
[राजविधानसार, प्रथम विलास]

प्रातरुत्थाय शिरसि ध्यात्वा गुरुमतन्द्रितः।
नत्वा च देवं हृत्कञ्जे स्तुवीत च यथामति ॥११॥
आवश्यकं च सम्पाद्य दन्तकाष्ठमनिन्दितम्।
आयुर्बलं यशो वर्चः प्रजाः पशुवसूनि च ॥१२॥

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो र आफ्ना परिवारको दुनो सोझ्याउने वा देशलाई अकर्मण्य बनाउने शिक्षालाई जानेर वा नजानेर फैलाइरहेको देशमा एकला भीमसेन थापालाई मात्र हामीले दोष दिन हुँदैन भन्ने तर्क मेरो मनमा उठ्छ तापनि २२ वर्ष पुगिसकेका राजा राजेन्द्रविक्रमलाई राजकाजबाट पर राखी अघि जस्तै अधिकार हत्याउँदै रहँला भन्ने भीमसेन थापाको उद्योग× प्रत्यक्ष देखेपछि उनको दयनीय मृत्यु उनकै नीतिको कुपरिणाम थियो भनी भन्दा भीमसेन थापाप्रति अन्याय होला भन्न म सक्तिनँ। हो, राजनीतिको पठन-पाठनको परम्परा टुटेको हुँदा भीमसेन थापाले कौटल्यहरूका विचारलाई बुझ्न पाएका थिएनन् भन्ने कुरामा भने हामीले आफ्नो देशको पठन-पाठनको परम्परालाई दोष नदिई भीमसेन थापाको टाउकामा मात्र दोष हाल्न सक्तैनौं।

राजव्यसनलाई कसरी हटाउनुपर्छ तथा सो हटाइसकेपछि के गर्नुपर्छ भन्ने विषयमा कौटल्यको विचार अब दिइन्छ—

"राजव्यसनमेवममात्यः प्रतिकुर्वीत ॥१॥ राजपुत्रमात्मसंपन्नं राज्ये स्थापयेत् ॥३८॥ संपन्ना वा व्यसनिनं कुमारं राजकन्यां गर्भिणीं देवीं वा पुरस्कृत्य महामात्रान्सन्निपात्य ब्रूयात् ॥३९॥ अयं वो निक्षेपः ॥४०॥ पितरमस्योवेक्षध्वं सत्त्वाभिजनमात्मनश्च ॥४१॥ ध्वजमात्रोऽयं भवन्त एव स्वामिनः ॥४२॥ कथं वा क्रियतामिति ॥४३॥ तथा ब्रुवाणं योगपुरुषा ब्रूयुः॥४४॥ कोऽन्यो भवत्पुरोगादस्माद् राज्ञश्चातुर्वण्यमर्हति पालयितुमिति ॥४५॥

धर्मं प्रज्ञां च मेधां च त्वन्नो धेहि वनस्पते।
मन्त्रेणानेन संशोध्य दन्तधावनमाचरेत् ॥१३।
मुखं प्रक्षालयेत् स्नायाद्वारुणादिविधानतः।
सन्ध्याग्निहवनादीनि नित्यकर्माणि साधयेत् ॥१४॥
[राजविधानसार, द्वितीय विलास]

[धेरै ग्रन्थ हेर्नु पर्दा हुने दुःख नहास् भन्नाका लागि श्रीरङ्गनाथ पण्डितले धर्मशास्त्र नीतिशास्त्रका मूलवचनलाई विचार गरी सार झिकी राजालाई शिक्षा दिने इच्छाले संग्रहको रूपमा यो निबन्ध बनाइएको हो ॥२॥... बिहान उठेपछि आलस्य नगरीकन मनले गुरुको ध्यान गर्नू, मनैले देवतालाई नमस्कार गर्नू तथा आफूले जानेको स्तोत्र पाठ गर्नू ॥११॥ आवश्यक काम (दिसा पिसाप गर्नु आदि) सिद्धचाइसकेपछि असल जातको दतिवन बनाउनू र 'हे वनस्पति तिमी मलाई आयु, बल, जस, तेज, सन्तान, वस्तुभाउ, सम्पत्ति, धर्म, बुद्धि स्मरणशक्ति देऊ' भन्ने यस मन्त्रले दतिवनलाई सफा गरेर दाँत माझ्नू ॥ १२-१३ ॥ मुख धुनू, वरुण आदिका विधानपूर्वक नुहाउनू, सन्ध्या हवन आदि नित्यकर्म गर्नू ॥१४॥]

× श्री ५ राजेन्द्रबाट वि. सं. १८९२ मा भीमसेन थापाले आफ्नो नाउँमा गराएको लालमोहर हेर्नु होस्। यो पत्र परिशिष्ट 'ग' मा दिइएको छ।

CC-0. In Public Domain. Digitization by eGangotri

तथेत्यमात्यः कुमारं राजकन्यां गर्भिणीं देवीं वाधिकुर्वीत ॥४६॥ बन्धुसंबन्धिनां मित्रामित्रदूतानां च दर्शयेत् ॥४७॥ भक्तवेतनविशेषमामात्यानामायुधीयानां च कारयेत् ॥४८॥ भूयश्चायं वृद्धः करिष्यतीति ब्रूयात् ॥४९॥ एवं दुर्गराष्ट्रमुख्यानाभाषेत ॥५०॥ यथार्हं च मित्रामित्रपक्षम् ॥५१॥ विनयकर्मणि च कुमारस्य प्रयतेत ॥५२॥ कन्यायां समानजातीयादपत्यमुत्पाद्य वाभिषिञ्चेत् ॥५३॥ मातुश्चित्तक्षोभभयात्कुल्यमल्पसत्त्वं छात्रं च लक्षण्यमुपनिदध्यात् ॥५४॥ ऋतौ चैनां रक्षेत् ॥५५॥ न चात्मार्थं कञ्चिदुत्कृष्टमुपभोगं कारयेत् ॥५६॥ राजार्थं तु यानवाहनाभरणवस्त्रस्त्रीवेश्मपरिवापान्कारयेत् ॥५७॥

यौवनस्थं च याचेत विश्रमं चित्तकारणात् ।
परित्यजेत्तुष्यन्तं तुष्यन्तं चानुपालयेत् ॥५८॥
निवेद्य पुत्ररक्षार्थं गूढसारपरिग्रहान् ।
अरण्यं दीर्घसत्रं वा सेवेतारुच्यतां गतः ॥५९॥
मुख्यैरवगृहीतं वा राजानं तत्प्रियाश्रितः ।
इतिहासपुराणाभ्यां बोधयेदर्थशास्त्रवित् ॥६०॥
सिद्धव्यञ्जनरूपो वा योगमास्थाय पार्थिवम् ।
लभेत लब्ध्वा दूष्येषु दाण्डकर्मिकमाचरेत् ॥६१॥

[कौ. अ. ५।६]

[राजव्यसनलाई मन्त्रीले यसरी हटाउनू ॥१॥ आत्मवत्ता [आफ्नो भलोलाई बुझ्न सक्नु आदि शासकमा हुनुपर्ने गुण] भएका राजकुमारलाई गद्दीमा राख्नू ॥३८॥ आत्मवत्ता भएका राजकुमार नपाइएमा व्यसनी (दोष भएका) राजकुमारलाई अथवा राजकुमारीलाई अथवा गर्भिणी महारानीलाई अघि सारी भारादारहरू जम्मा पारी भन्नू ॥३९॥ यहाँ यहाँहरूकै नासो हुनुहुन्छ। यहांका पिताजीलाई संझनुहोस् तथा आफ्ना पराक्रम र कुललाई पनि संझनुहोस्। यहाँ त देखौवा मात्र हुनुहुने हो, राज्यका मालिक त यहाँहरू नै हुनुहुन्छ। अब यहाँ के गरे बेस होला ॥४०—४३॥ मन्त्रीले यसो भन्दा योगपुरुष (पहिले नै कुरा मिलाइराखेका मानिस) हरूले भन्नू ॥४४॥ "यहाँको देखरेखमा रहनुभएको यहाँ (राजा वा रानी) सिवाय लोकको रक्षा गर्न अरू कसले सक्ला?" ॥४५॥ अनि हुन्छ त, भनी मन्त्रीले राजकुमार वा राजकुमारी वा गर्भिणी महारानीलाई गद्दीमा राख्नू ॥४६॥ गोतिया नातादारहरू र परराष्ट्रका दूतहरूलाई (राजाको) दर्शन गराउनू ॥४७॥ मन्त्रीहरूको सैनिकहरूको जागीर भत्ता बढाइदिनू ॥४८॥ यहाँ ठूलो हुनुभएपछि फेरि बढाइदिनुहुनेछ भनी भन्नू ॥४९॥ यसरी नै किल्ला र राष्ट्रका ठूला-ठूला मानिससंग भन्नू ॥५०॥ परराष्ट्रका पक्षका मानिससंग पनि जस्तो ठीक पर्छ, त्यस्तै भन्नू ॥५१॥ राजकुमारलाई शिक्षा दिलाउन कोशिश गर्नू ॥५२॥ राजकुमारीमा चाहिं जात मिल्दो पुरुषबाट सन्तान पैदा गराई गद्दीमा राख्नू ॥५३॥ आमाचाहिंको मन बिग्रने डर हुँदा कुलीन

CC-0. In Public Domain. Digitization by eGangotri

निर्बल लक्षणले युक्त भएको विद्वान्लाई नजीकमा राखिदिनू ॥५४॥ ऋतुकालमा यिनको रक्षा गर्नू ॥५५॥ आफ्नो लागि कुनै विशेष भोगविलासको व्यवस्था नगर्नू ॥५६॥ राजाको लागि चाहिं सवारी (बग्गी आदि) र घोडा हात्ती आदि पोशाक गहना आइमाई महल तथा सरसामानहरूको राम्रो व्यवस्था मिलाइदिनू ॥५७॥ चित्त सधैं एकनास नहुने हुनाले राजा तरुना भएपछि 'म विश्राम चाहन्छु' भनी राजासंग भन्नू। भइगयो, जाऊ भनी भने सुरुक्क छोडिदिनू। होइन, तिमीले नै चलाइरहनू भनी भनेमा काम गर्दै गर्नू ॥५८॥ आफू राजाका मन पर्न छोडेमा आफ्नो सन्तानको रक्षाको लागि गुप्ति कुरा दुकुटी सरसामान आदि राजालाई बुझाई जङ्गल पस्नू, अथवा घेरै काल लाग्ने यज्ञ गर्न थाल्नू ॥५९॥ दण्डनीति जान्ने मन्त्रीले मुख्य मानिसहरूको वश परेका राजालाई तिनका प्यारा मानिसको आश्रय गरी इतिहास र पुराणका कुरा सुनाई बुझाउनू ॥६०॥ अथवा सिद्धको रूप लिई उपायद्वारा राजालाई आफ्नो वशमा गराई आफ्ना विरोधीहरूको दमन गर्नू ॥६१॥]

कौटल्यले भने जस्तै गरी राजेन्द्रविक्रमलाई सानैदेखि राजकाजको शिक्षा दिलाउने प्रबन्ध मिलाई उमेर पुगेका राजा राजेन्द्रविक्रमको हातमा राजकाज सुम्पी भीमसेन थापा पर सरेका भए आफ्नो अधिकार सुरुक्क आफ्नो हातमा आएको हुनाले राजा रानीहरूले भीमसेन थापालाई बिगार्न जाल卐 रच्नुपर्दैनथ्यो। रणजङ्ग पाँडेहरूले पनि भीमसेन थापाको प्रभाववाट आफ्नो उन्नतिमा तगारो लाउन छोडेपछि उनको नाश गर्नुभन्दा आफ्नो उन्नति गर्नुतर्फ नै विशेष जोड दिन्थे। भीमसेन थापाको ईमानदारीको प्रशंसा दुनियाँमा फैलिन्थ्यो र सेनाका प्यारा भीमसेन थापाको परोक्ष प्रभाव सेनाका मनमा रहिरहन्थ्यो। यसबाट भीमसेन थापाको दयनीय मृत्यु हुने सम्भावना कम हुन्थ्यो।

卐 भीमसेन थापाले विष खुवाई राजकुमारलाई मराएका हुन् भन्ने कुरालाई राजेन्द्र-विक्रमले माथि उद्धृत गरिएको ९६ सालको लालमोहरमा समर्थन गरेका र अर्को लाल-मोहरमा खण्डन गरेका छन्। यसबाट सो विष मुद्दा किन उठेको रहेछ भन्ने कुरामा विचार गर्न बाटो पाइन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

राता मछिन्द्रनाथको जात्रा

पृथ्वीनारायण शाहले आफ्नो अन्त्य कालमा आफ्नो जीवनसम्बन्धी केही कुरा र गनु पर्ने राजकाजका विषयलाई लिई आफ्ना भारादारहरूलाई उपदेश दिएको कुरा प्रख्यात छ। पाटनका बासिन्दा सुन्दरानन्दले पृथ्वीनारायण शाहले आफ्नो अन्त्य कालमा नेपाल-खाल्डोको विशेष गरी पाटनको मछिन्द्रनाथको रथजात्राको वर्णन गरे भनी लेखेका छन्। पृथ्वीनारायण शाहले अन्त्य कालमा दिएको उपदेशको कुरा सुनेका, पौरोहित्य-वृत्तिका सुन्दरानन्दले पृथ्वीनारायणको मुखबाट पनि आफ्नो जन्मभूमिका जात्राहरूको वर्णन गराउनु उनको योग्यताअनुसारको हो भनी भन्न सकिन्छ।

विक्रमको पाँचौं शताब्दीमा भारतमा आएका चीनिया यात्री फाहियानले गुप्तहरूको राजकाजतिरको वर्णन नगरी धार्मिक कुराहरूको वर्णन गरेको कुरा यस प्रसङ्गमा मलाई संझना भयो। यसबाट पाटलिपुत्रमा चलेको रथजात्राको अनुकरण गरी नेपालमा मछिन्द्रनाथको[1] रथजात्रा चलेको हो कि भन्ने मेरो मनमा आभास परेकोले फाहियानले दिएको रथयात्राको वर्णन र सुन्दरानन्दले दिएको रथजात्राको वर्णन तुलनाको निमित्त यहाँ प्रस्तुत गरिन्छन्।

"पाटलिपुत्रमा···प्रतिवर्ष रथजात्रा हुन्छ। दोस्रो महीनाको आठौं तिथि (चैत्रशुक्ल-अष्टमी?) का दिन जात्रा निस्कन्छ। चार पाङ्ग्रा भएको रथ हुन्छ। यूप (यलसि=बीचमा ठड्याउने लामो काठ) हालिन्छ। त्यहाँ धुर (पाङ्ग्रा अडाउने काठ=आग्लो) हरिस (घः मा=मुढ्चा काठ) रथमा हालिएको हुन्छ। रथ २० हात अग्लो तथा स्तूपको आकारको हुन्छ। सफा चमकदार ऊनी कपडाले माथिदेखि रथ ढाकिन्छ। किसिम

---

[1] मछिन्द्रनाथको विषयमा यस्तो अनुश्रुति पाइन्छ—

"अतीतकलिवर्षेषु शून्यद्वन्द्वरसाग्निषु।
नेपाले जयति श्रीमानार्यावलोकितेश्वरः॥"

[कलिगत वर्ष ३६०० (वि. सं. ५५६) मा नेपालमा आर्यावलोकितेश्वर (मछिन्द्रनाथ) पूज्य हुनुहुन्छ।]

यताबाट विक्रमको छैटौं शताब्दीमा नेपालमा मछिन्द्रनाथको पूजा चलेको देखिन्छ। विक्रमका आठौं शताब्दीका नेपालका राजा द्वितीय जयदेवको पशुपतिको अभिलेखमा कमलको वर्णनको प्रसङ्गमा—

'पद्मं किं करुणाकरस्य करतो लोकेश्वरस्यागतम्'

[करुणामय लोकेश्वरको हातबाट आएको कमल पो यो हो कि?];

भन्ने देखिएकोले त्यस वेला करुणामय (राता मछिन्द्रनाथ) को अस्तित्व नेपालमा भएको अनुमान हुन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

किसिमका रङ्गलेसो सिंगारिएको हुन्छ । सुन चाँदी स्फटिकहरूका देवताका राम्रा मूर्ति बनेका हुन्छन् । रेशमी ध्वजा चँदुवा टाँगिन्छन् । चार कुनामा कल्की हालिएको हुन्छ । बीचमा बुद्धको मूर्ति हुन्छ । नजीकै बोधिसत्त्व राखिन्छन् । बीसवटा रथ हुन्छन् । ती रथहरू एकसेएक राम्रा, भड्किला तथा भिन्न भिन्न रङका हुन्छन् । आफ्नो नियत दिनमा वरिपरिका भिक्षु र गृहस्थी गाउने बजाउने मानिससाथ जम्मा भई फूल चन्दनले पूजा गर्छन् । ब्राह्मण आईकन बुद्धलाई शहरमा पाल्नुहुन निम्ता दिन्छन् । पालो पालोसंग शहरमा प्रवेश हुन्छ । यसमा दुइ रात बित्छन् । रातभर बत्ती बालिन्छ । गाना बजाना हुन्छ । पूजा हुन्छ । जनपद जनपदमा यस्तो हुन्छ ।"

[जगन्मोहन वर्माको 'फाहियान' को ६०-६१ पृ]

"···नेपालमा बुगमती भन्या अमरावती नाम भयाका देशदेषिन् श्रीमत्छेन्द्रनाथको यात्रा बाह्र वर्षका मेला हुंछन्. अघि पछि पाटनमा मात्रै यात्रा हुन्छन् ।।७२।।

श्रीमत्स्येन्द्रनाथकन कोही विष्णु भन्दछं. कोहि शैवले शिव भनि भजन गर्छं. कोहि शाक्तिकले देवी काली तारा भंछं. कोही विरिंचि नारायण भंछं. कोही आदित्य भंछं. कोहि ब्रह्म भनि भंछं. कोहि मत्स्येन्द्रनाथ भंछन्. कोहि लोकेश्वर भनि भंदछं. कोहि करुणामय बुंगदेव भन्छन् . एस्ता प्रकारका भजन् गरिकन यात्रामा महाअल्लोल कल्लोल गरि भजन् गर्छन्···।।७३।।

यात्रा गर्न्या वेलामा सिंहमुखी आदि भयाका अष्टमंगलका सुवर्णध्वजा अगाडि ल्याउंछन्. पछाडि सुवर्णछत्र ल्याउंछन्. बडा ठूला सोरका डिंडिम बाजा बजाउंछन्. तत्कालैमा लोक लाषौं बटोल्छन् र रथका मुढ्या काठमा सुनका हयग्रीव भैरवको मुख दि गास्याका काठमा सुनका नाग छत्र समाइ दुई जना ब्राह्मण ब्रह्मा र नारद मुनि खडा भै बस्न आउंछन् र बेतका मुष्टिग्राह्य डोरि तानिकन दाहिनापट्टि वामापट्टि घिसार २ भनि जुक्ति जान्याले जुक्तिसंग भनिदिन्छन् र है है है हा हा हा भनि उचा सोरले मेघ गर्ज्याका झैं गरि रथकन घिसार्छन्···।।७५।।

अकस्मात् रथको आगलो भाँच्छ तपनि सुस्त २ आगलो चल्दछन. धृतराष्ट्र विरूपक्ष विरूपाक्ष वैश्रवण इ चार दिक्पालले साक्षात् रथकन बोक्छन् . हरिया घांसले छोपियाका शोभायमान ३२ बत्तिस लक्षणका रथ बांगो हुन्छ तपनि सुनका विमान माझ बस्याका राजा पुरोहित स्थिर भै रहंछन् . सारथि ब्राह्मणले नागयष्टिकन समाइ डर लाग्दो जस्तो बस्ता ठुला ठुला डिंडिम बाजा र कांसका भ्याइ बजाउंदा हाहा हूहू गरि तुरंत आगलो तयार हुंछ र रथमाथिका बेतका ब्रह्माण्ड ठाउं रहन्छ. फेर यात्रा जाहाको ताहा पुग्याउंछन् ···।।७६।।"

[त्रिरत्न-सौन्दर्य-गाथा]

CC-0. In Public Domain. Digitization by eGangotri

शक्तिवल्लभ र सुन्दरानन्द

सुन्दरानन्दलाई नेपाली भाषाका गद्य-रचयिताका रूपमा हामीले विशेष गरी पाएका छौं। हुनत विक्रमका पन्ध्रौं शताब्दीदेखिका नेपाली भाषाका फाटफुट गद्य पाइएका छन्। तर त्यताबाट विशेष काम लिन अहिलेसम्म मैले सकेको छैन। सुन्दरानन्दभन्दा चालीस वर्षअगाडि वि. सं. १८४९ मा राजपुरोहित शक्तिवल्लभ अर्ज्यालले जयरत्नाकर नाटक बनाएका हुन्। उनैले बनाएको हास्यकदम्बक + भन्ने संस्कृत नाटक पनि पाइएको छ। सो संस्कृत नाटकको नेपाली अनुवाद पनि पाइन्छ। शक्तिवल्लभ संस्कृत-भाषामा राम्रो लेखपढ गर्न सक्थे भन्ने इत्यादि कुरा जयरत्नाकर नाटकको उपोद्घातमा मैले बोलिसकेको हुनाले त्यसको चर्चा गरिरहनु यहाँ आवश्यक म देख्तिनँ। हास्यक-दम्बकको अनुवाद शक्तिवल्लभले नै आफैं गरेका हुन् वा होइनन् भन्ने कुरामा मूल संस्कृत र नेपाली अनुवाद कतै कतै नमिलेको देख्दा विवाद उठ्न गएको देखिन्छ। परन्तु त्रिरत्न-सौन्दर्य-गाथाको उपोद्घात लेख्न बसेको मनुष्यको लागि सो विवादमा पर्नु प्रसङ्ग मिल्दो हुन आउँदैन। यस कारण शक्तिवल्लभको ग्रन्थको सो अनुवादको भाषामा र सुन्दरानन्दको नेपाली भाषामा के कति अन्तर परेको छ भन्ने कुरामा यहाँ अलिकता विचार गरिन्छ।

शक्तिवल्लभको हास्यकदम्बकमा रणबहादुर शाह राजगद्दीमा बसिरहेको कुराको उल्लेख छ। यस कारण वि. सं. १८५५ भन्दा पछि सो ग्रन्थ बनेको हुन सक्दैन। त्यसको अनुवाद सोही कालमा वा पछि पनि हुन सक्छ तापनि सुन्दरानन्दभन्दा ४० वर्ष जति अघि शक्तिवल्लभ देखिएका हुनाले अहिले विशेष ऊहापोह गर्न नपाएसम्म ४० वर्षको अन्तरका यी २ भाषा हुन् भनी भन्दा उस्तो फरक पर्दैन। यस कारण हास्यकदम्बकको अलिकता उद्धरण दिई त्यसको भाषासंग सुन्दरानन्दको भाषाको अलिकता तुलना यहाँ गरिएको छ* ।

"पूर्ण सामग्री तयार भयो. नटुवाहेरू सबै जना नानाप्रकारका चन्दन सिन्दूर पोसाक पहिरिकन तयार भया. ताँहाँउप्रांत रंगभूमिमा जाईकन गाउन्या बजाउन्या प्रभृति नाच नचाउन्या षलक सबै जना मिलिकन नान्दी मंगलाचरण गऱ्या॥ अब ढेरै प्रसंग कहिरहेको केही प्रयोजन छैन. नान्दी मंगलाचरण भएपछि सबै नाचन्या नटुवामध्ये पहिले रंगभूमिमा निस्कन्या सूत्रकार भन्याको नटुवा जो छ सो संपूर्ण पृथ्वीमडल विषे जति देश छन्. ति संपूर्ण देशका तिलक जस्तो भयाको नेपाल देशका अधिपति

+ राष्ट्रिय-पुस्तकालयका अध्यक्ष प. गङ्गाधर पराजुलीको सौजन्यबाट त्यस पुस्तकको अलिकता उद्धरण गौतमवज्र वज्राचार्य र महेशराज पन्तले ल्याएका हुन्।

* मेरो प्रेरणाले गौतमवज्र र महेशराजले यो तुलना गरेका हुन्।

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालेश्वर श्रीमन्महाराजाधिराज रणबहादूरसाह आफै विराजमान हुनाले अति उज्वल भयाको बढिया भयाको साभामा प्रवेश गरिकन हे माहा [रा] ज जयजयकार रहोस् भनि श्रीराजाधिराज महाराजाकन प्रणाम गर्दो भयो ॥ ताँपछि सूत्रधारले आकाशतिर कान् थापिकन केही शब्द सुन्यो र बोल्नुलाग्यो. अहो मेरी प्राणपियारी नटी नभैकन जाहाँ कसो गरि बस्नु सकिएला. एति भनिकन डंवलीमा [रंगभूमी] मा नाच्न्याहेरू पहिले राषँन्या पर्दातिर हेरि नटीकन बोलाउदो भयो ॥ हे कुरंगनयने नटि. आजु आकाशतिर कान थापि सुन्दाषेरि सकल भूमंडलमा जति भयाका राजाहेरूमध्ये नायक भयाका हीनप्रताँसेन भन्याका माहाराजाधिराजका बढिया कथाकन मैले सुन्याँ तस् अर्थ सोही कथाको प्रस्ताव गरिकन हामिहेरू सबै जना मिलिकन नाचौं. रंगभूमिमा पर्दा टाँगी तयार गन्या. आफ्ना साजबाज सामाजिकहेरू सबै जनाले संयुक्त भया हुंदि जाहाँ रंगभूमिविषे प्रवेश गर ॥ हे कमलनयने हे कामदेका अहंकारले परिपूर्ण भयाका सुन्दर कटाक्ष भयाकी हे श्रीषंडचन्दन कस्तूरी इत्यादि··· [३ प.]

अब उप्रांत कथाका प्रस्ताव चलाउनाकन श्रीगणेशका स्तुति गर्छन्. ॥ श्रीगणेश जो छन्सो सबै अर्थले जयजयकार भयाका छन्, कस्ता गणेश भन्या उप्रांत आफ्ना भक्तहेरूकन संसारस्वरूपी समुद्रदेषिन् सुषले तार्न्या भयाका संपूर्ण देवताहेरूले जन्का चरणकमलका सेवा गर्दछन्. फेरि शत्रुस्वरूपी वनको बन्चरा जस्ता भयाका कंठदेषिन् हृदयसंम लंबायमान भयाको. पारिजात फुलका मालाले शोभित भयाका. गजासुरकन विदारण गर्न्या भयाका तिन् प्रकारका तापकन नाश गर्न्या भयाका छ मुख भयाका, कुमार सहोदर भयाका, देदीप्यमान भयाका एस्ता लंबोदर जो छन्सो जय २ कार छन् ॥ . ॥ अबउप्रांतँ नाचको प्रबंध कहंछन् ॥ ॥ हिमालय पर्वतका निकटविषे पुण्यकुठारा पुण्यकन काट्न्या बन्चरा जस्ता भयाकी भन्याकी कोही एक नदीका तीरमा महारण्यपुर भन्याको सहर छ ताँहाँ हीनप्रतापसेन भन्याका राजा छन्. तन्का दीपमालिका भन्याकी पटबंधा रानी छन्. तन्का पुत्र अद्भुतदर्शन भन्याका युवराज भया. ॥ ताँहाउप्रान्त कोही एक दिनमा दर्बारभित्र रहन्या बस्न्या फिर्न्या भयाका केटीहेरू जाईकन साभामंडलकन बढारि लिपि पोति तयार गन्या, ताँहापछि द्वारपालहेरूले ताँहाँ साभाबिषे बिछाउनाके तयारी गर्नुलाग्या. राजाका सिंहासन ल्याईकन साभामा राष्या. फेरि जगा २ मा नसलंद बालिष्ट नानाप्रकारका चँदुवा पर्दा इत्यादि वस्त्रकन विस्तार गरि साभाकी शोभा गर्नुलाग्या ॥ तांहाउप्रांत छत्र चँवर आसागुर्जा इत्यादि राजलक्षण राजचिह्नले युक्त भयाका राजाधिराज श्रीहीनप्रतापसेन महाराजा जो छन्सो साभाविषे सिंहासनमा जाइकन बस्दा भया. ॥ । राजाका बाँउँपट्टिमा दीपकलिका रानी बस्दी भईन्, दाहिनुतिर अद्भुतदर्शन् जुवराज बस्दा भया. ॥ ताँहापछि जथाजोग्य प्रकारले राजाका भैयादहेरू गुरु पुरोहित मंत्री सेनापती पजांचो कपर्दार वैद्य रथी सारथी सवारी दरोगा ज्योतिषी लेषक देवान द्वारपाल चोपदार कोटवाल भाट

CC-0. In Public Domain. Digitization by eGangotri

नाउप्रभृति सबै जना आईकन आफ्ना आफ्ना जगगामा जथाक्रमैले बस्दा भया. राजाका सहोदर भाईहेरु कस्ता भन्या उप्रांत सर्वांगमा षरानि घस्याका बाँदरहेरुले सहित भयाका मद्यपान गरिकन मत्त भयाका संग्रामदेषिन् फर्कन्या भयाका कामशास्त्रकन बहुतै अभ्यास गन्याका अर्काको द्रोह गर्नाविषे तत्पर भयाका अतिधर्मी भयाका एस्ता तैरहका भाईहेरु आईकन साभामा बस्दा भया. ॥ ताहापछि भैयादहेरु कस्ता भन्या उप्रांत युद्ध गर्नाविषे तत्पर भयाका एस्ता भाई बंधुहेरु आईकन कचहरीमा बस्दा भया. ॥ ताँहापछि रौरवमिश्र भन्याका गुरु आया. ति गुरु कस्ता भन्या उप्रांत मल्लशास्त्र कुस्ति गर्न्या कामविषे निपुण भयाका.''

(९-१० प.)

शक्तिबल्लभले प्रयोग गरेका रूप—	सुन्दरानन्दले प्रयोग गरेका रूप—
आजु	आज
ढेरैं	ढेरै
तस्	तस, तेस्
ताँ, ताँहाँ	तहाँ, ताँहाँ
दर्बार	दर्बार
देषिन्	देषि, देषिन्, देषीन्
पोसाक	पोसाक
साभा	सभा

सम्पूर्ण हास्यकदम्बक हेर्न नपाइएकोले अहिले विशेष कुरा भन्न सकिएन।

पछिल्लो मल्लकालमा नेपाल-खाल्डोमा नाटक भनी चलेका ग्रन्थमा देशवर्णन गर्ने चलन चलेको थियो। त्यसैको नक्कल गरी शक्तिवल्लभले आफ्नो ग्रन्थमा पनि देशवर्णन पारेका थिए⊙। यही परम्परामा सुन्दरानन्दले पनि आफ्नो ग्रन्थमा देशवर्णन घुसाएका छन्+।

वाणीविलास र सुन्दरानन्द

वि. सं. १८६८ मा भीमसेन थापाको प्रशंसा गर्न पण्डित वाणीविलास पाँडेले वाग्वतीको स्तम्भलेख लेखे। त्यसमा संस्कृतको छोटकरी भावार्थ नेपालीमा दिन—

'अतः परं संस्कृतवाणीमजानानामपि झटित्यर्थबोधाय स एवार्थः संक्षिप्य भाषया प्रकटीक्रियते'

⊙ जयरत्नाकर नाटकको उपोद्घातको २२ पृष्ठ हेर्नुहोस्।

+ त्रिरत्नसौन्दर्यगाथाको २२२-२२७ श्लोक हेर्नुहोस्।

CC-0. In Public Domain. Digitization by eGangotri

[अब संस्कृत भाषा नबुझ्नेले पनि चाँडै कुरा बुझ्नून् भन्नाका लागि त्यही कुरा छोटकरीमा भाषामा दिइन्छ ।]

वाणीविलासले यति भूमिका बाँधेका छन् । वाग्वतीको सो स्तम्भलेख सुन्दरानन्दले देखेका थिए÷ । वाणीविलासकै बाटोमा पाइलो हाली सुन्दरानन्दले पनि संस्कृत तथा भाषा दुवैलाई अङ्गालेको देखिन्छ+ ।

पण्डित वाणीविलास राजपरिवारसंग अघिदेखि संम्बन्ध भएका पुरुष थिए । बहादुर शाहको आज्ञाले उनले ग्रन्थ पनि बनाएथे । बस्नेत पाँडेहरूसंग र सेन राजाहरूसंग पनि उनको पुर्ख्यौली सम्बन्ध थियो । आफ्ना जजमानहरूको प्रशंसात्मक निबन्ध लेखी शिलापत्रमा राख्न लगाइदिनु त वाणीविलासको पेशा जस्तै थियो ×।

भीमसेन थापाको ठूलो पुरुषार्थ दामोदर पाँडेले काशीमा रोकेका रणबहादुर शाहलाई नेपालमा भित्र्याउनु थियो । यो कुरा भीमसेन थापाले वारंवार बोले बोलाएका छन् ⧈ । यहाँनेर भीमसेन थापाको प्रशंसा गर्दा दामोदर पाँडेहरूको निन्दा नगरिहुँदैनथ्यो । यस कारण यो कुरालाई वाणीविलासले छलेका छन् ●।

आफ्नो मनमा लागेको कुरा संस्कृतमा लेखी नेपालीमा चाहिं भीमसेन थापाहरूले सुन्दा उनीहरूलाई राम्रो लाग्ने कुरा लेखिदिएका छन् । जस्तै—

"प्रादुर्भूतो ऽप्यमुष्माज्जगति रणबहादूरराजाधिराजः ।
बालामालावशी...निखिलगुणनिधिर्गानविद्यादविद्याऽभिज्ञः" (६-७ श्लो.)

[वाग्वतीको स्तम्भलेखबाट]

यसको ठीक भावानुवाद यस्तो हुन्छ—

"उहाँ (प्रतापसिंह) बाट रणबहादुर महाराजाधिराज पैदा हुनुभयो । उहाँमा सम्पूर्ण गुण थिए । तरुनीहरूका समूहलाई उहाँ वश पार्न सक्नुहुन्थ्यो । संगीतविद्या आदि सबै विद्यालाई उहाँ जान्नुहुन्थ्यो ।"

÷ त्रिरत्नसौन्दर्यगाथाका १९३-१९९ श्लोक हेर्नुहोस् ।

+ मल्लकालका अभिलेखहरूमा संस्कृतमा राजनीतिका घटनालाई र भाषामा गूठीलाई प्रधान गरी लेख्ने चलन प्रायः थियो ।

× वि. सं. २०१७ आश्विनको 'जयतु संस्कृतम्' मा छापिएको 'वैक्रम्या एकोनविंश्या शताब्द्या नेपालकास्त्रयो ग्रन्थकाराः, भन्ने निबन्ध हेर्नुहोस् ।

⧈ परिशिष्ट 'ग' मा दिइएको वि. सं. १८९२ को लालमोहर तथा त्रिरत्नसौन्दर्यगाथाका १३०-१३४ श्लोक हेर्नुहोस् ।

● वाग्वतीको स्तम्भलेख हेर्नुहोस् ।

CC-0. In Public Domain. Digitization by eGangotri

वाणीविलासले चाहिं यसको नेपाली भावानुवाद यसरी दिएका छन्—

"इनैका पुत्र अतिसुन्दर मूर्ति भयाका...शस्त्र शास्त्र संगीत तंत्रादि सकल विद्याका निधान. श्रीरणबहादूर साह महाराजाधिराज"

वाणीविलास संस्कृतमा लेख्न अत्यन्त निपुण थिए×। उनी शब्दलाई राम्ररी खेलाउन सक्तथे। जस्तै—

"यो दक्षं लक्ष्यवेधे रुचिरहरिकथाकर्णनैकाग्रचित्तं
तुङ्गं रिङ्गत्तुरङ्गं व्यधित वशयितुं संप्रवीणं प्रभुं स्वम्।" (१७ श्लो.)
(वाग्वतीको स्तम्भलेखबाट)

वाणीविलासको वंश राजदरबारसंग सम्बद्ध भएको थियो। उनीभन्दा अघिका र पछिका उनका वंशजहरूले राजकाजमा हात हाली ठूलो पद प्राप्त गरे। परन्तु वाणीविलासले जन्मभर विद्याभ्यासमा लागी राजकाजसंग आफूलाई मुछेनन्। बहादुर शाहका पालादेखि मन्त्रिपरिषद्मा प्रशस्त हेरफेर हुँदै भीमसेन थापा प्रधान मन्त्री हुन आइपुगे। यस अवधिमा राजकाजमा लागेका विद्वान्हरूको पनि उत्थान र पतन भयो। जस्तै दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेको÷। यस अवस्थामा पनि वाणीविलास सबै मन्त्रीहरूसंग पण्डितको हैसियतबाट मिली आफ्नो विद्या बढाउँदै गएका देखिन्छन्।

वाणीविलास आफ्नो लेखको शुद्धताको विषयमा अत्यन्त सावधान रहन्थे भन्ने कुरालाई नक्साल नन्दिकेश्वर बहालको वि. सं. १८६५ को रानी सुवर्णप्रभा (रणबहादुरका रानी) को वाणीविलासले लेखेको अभिलेख अशुद्ध कुँदिदा त्यसको संस्कृत भागलाई फेरि अर्को ढुङ्गामा शुद्धसंग कुँदाई त्यहीं राख्न लाइएको कुराले देखाउँछ।

वाणीविलास स्तुति गर्थे तापनि आफ्नो हीनतालाई देखाउँदैनथे। गुरुले अधिकारसम्पन्न आफ्ना चेलासंग बोले जस्तै+ वाणीविलासका वाणी छन्—

× कतै कतै उनको लेखमा पनि त्रुटि पाइएको छ।

÷ वि. सं. २०१७ आश्विनको 'जयतु संस्कृतम्' मा छापिएको 'वैक्रम्या एकोनविंश्याः शताब्द्या नेपालकास्त्रयो ग्रन्थकाराः' भन्ने निबन्ध हेर्नुहोस्।

+ वि. सं. १८५४ देखि (गीर्वाणयुद्ध गर्भमा रहेदेखि) वि. सं. १८६३ सम्म नेपालमा ठूला ठूला नरहत्या भए। त्यसले गर्दा वाणीविलासका घेरैं आप्त पुरुषहरूले प्राण छोड्नुपर्‍या। यस कुरालाई वाणीविलास विर्सन सक्तैनथे। यस कारण आफ्नो मनोभावलाई

"प्रायो भूयोऽपि भूयोद्भुतकलिमहिमोद्भूतभूभारहेतु-
ध्वस्त्यै कृष्णोवतीर्णोऽयमियमपि मुदे रुक्मिणी सत्यभामा।"

कलियुगका महिमाले फेरी भूमीमा जा जो भारका कारण छन्, तन्को विनाश गर्नानिमित्त

CC-0. In Public Domain. Digitization by eGangotri

" एषा भागवतार्थमन्तसमये वाणीविलासाद् बुधा-
दाकर्ण्यैव हरिं निधाय हृदये लीना परब्रह्मणि ॥९॥

कृष्णजीको अवतार महाराज रुक्मिणीजीको र सत्यभामाजीको अवतार ई दुई महारानी हुन् भनि लोक यस्तो तर्कणा गर्दछन्. "

(वाग्वतीको स्तम्भलेखबाट)

यसरी प्रकट गरी वाणीविलासले चित्त बुझाएका छन् ।

महाभारतका पात्रहरूमा भीष्मको जीवन विचित्ररूपको छ । अघबैसे कामुक आफ्ना बाबु शन्तनुलाई तरुनी सुन्दरीसंग विवाह गराउन आफ्नो राज्यको हक छोडी जन्मभर ब्रह्मचर्यमा रहने प्रतिज्ञा भीष्मले गरे । सानीआमापट्टिका भाइ भतिजा नातिहरूको पालासम्म पनि उनी राजकाजबाट पर हटेनन् । आखिरमा सानी आमापट्टिका दुइटा भतिजाका छोराहरूको (नातिहरूको) राज्यको अंशमुद्दामा एकापट्टिको सेनापति भई लडी भीष्म घाइते भई पछारिए । यो लडाइँ हुन नपाओस् भनी भीष्मले हुनेसम्म प्रयत्न गरेका थिए । तर आफूले मानेका राजाको आज्ञा मानेर उनी लडाइँमा उत्रे । अन्यायी राजालाई मान्नु हुँदैन भनी उनलाई कतिले भड्काएका पनि थिए । तर उनले राजाको आज्ञाको विरुद्ध म जान्न भनी स्पष्ट जवाफ दिएका थिए । ठूलो लडाइँ भयो । दुवै पक्षका लाखौं मनुष्य मरे । एक पक्षको सत्यानाश भयो । जित्ने पक्षका एक जना नाति युधिष्ठिर मरणासन्न रूपमा रहेका भीष्मकहाँ गई उनीसंग कुरा गर्न लागे । त्यस बेला भीष्मको शरीरका घाउबाट रगत बगिरहेको थियो । " मैले गर्दा हजूरलाई यस्तो दुःख भयो, के गर्नू, त्यस अघमले मानेन र यस्तो भयो " भनी युधिष्ठिरले भन्दा "जे हुनु थियो, सो भयो, यो कसैको दोष होइन, महाराज हजूरको दोष पनि होइन, उहाँ महाराजको दोष पनि होइन " भनी भीष्मले जवाफ दिएथे । जस्तै—

युधिष्ठिर उवाच ॥

शराचितशरीरं हि तीव्रव्रणमुदीक्ष्य च ।
शर्म नोपलभे वीर दुष्कृतान्येव चिन्तयन् ॥३॥
रुधिरेणावसिक्ताङ्गं प्रस्रवन्तं यथाचलम् ।
त्वां दृष्ट्वा पुरुषव्याघ्र सीदे वर्षास्विवाम्बुजम् ॥ ४ ॥
अतः कष्टतरं किं नु मत्कृते यत्पितामहः ।
इमामवस्थां गमितः प्रत्यमित्रैः रणाजिरे ॥ ५ ॥
तथा चान्ये नृपतयः सहपुत्राः सबान्धवाः ।
मत्कृते निधनं प्राप्ताः किं नु कष्टतरं ततः ॥ ६ ॥
वयं हि धार्तराष्ट्राश्च कालमन्युवशं गताः ।
कृत्वेदं निन्दितं कर्म प्राप्स्यामः कां गतिं नृप ॥ ७ ॥

CC-0. In Public Domain. Digitization by eGangotri

"श्रीकान्तिमती···अंतकालविषे···वाणीविलास पण्डितका मुखदेखिन् संपूर्ण श्रीभागवत पुराणका अर्थ श्रवण गरी नारायणकन हृदयविषे राखी परमधाममा प्राप्त हुनुभयो."

(वाग्वतीको स्तम्भलेखबाट)

इदं तु धार्तराष्ट्रस्य श्रेयो मन्ये जनाधिप ।
इमामवस्थां संप्राप्तं यदसौ त्वां न पश्यति ॥ ८ ॥
सोऽहं तव ह्यन्तकरः सुहृद्वधकरस्तथा ।
न शान्तिमधिगच्छामि पश्यंस्त्वां दुःखितं क्षितौ ॥ ९ ॥
दुर्योधनो हि समरे सहसैन्यः सहानुजः ।
निहतः क्षत्रधर्मेस्मिन् दुरात्मा कुलपांसनः ॥ १० ॥
न स पश्यति दुष्टात्मा त्वामद्य पतितं क्षितौ ।
अतः श्रेयो मृतं मन्ये नेह जीवितमात्मनः ॥ ११ ॥
अहं हि समरे वीर गमितः शत्रुभिः क्षयम् ।
अभविष्यं यदि पुरा सह भ्रातृभिरच्युत ॥ १२ ॥
न त्वामेवं सुदुःखार्तमद्राक्षं सायकार्दितम् ।
नूनं हि पापकर्माणो धात्रा सृष्टाःस्म हे नृप ॥ १३ ॥

भीष्म उवाच ॥

स्वकर्मप्रत्ययाँल्लोकान् सर्वे गच्छन्ति वै नृप ॥ ८१ ॥
नैव त्वया कृतं कर्म नापि दुर्योधनेन वै ।
कालेनैतत्कृतं विद्धि निहता येन पार्थिवाः ॥ ८२ ॥

[महाभारत, अनुशासनपर्व, पहिलो अध्यायबाट]

[युधिष्ठिरले भने– हे वीर ! बाणले शरीर छिया छिया परेका, ठूलठूला घाउ लागेका (हजूरलाई) देख्ता र आफ्ना कुकर्म संझदा मलाई चैन हुंदैन ॥३॥

हे महापुरुष ! पहाडबाट छहरा जस्तै रगत चुहिरहेका हजूरलाई देखेर वर्षाकालको कमल जस्तै म गलिरहेछु ॥ ४ ॥

बुबा ! मेरो लागि शत्रुहरूले लडाईंमा हजूरलाई यो दशामा पुऱ्याए, योभन्दा ठूलो दुःख के होला तथा छोरा भैयादसहित कति अरू राजाहरूले मेरो लागि प्राणत्याग गरे, योभन्दा ठूलो दुःख अरू के होला ॥५-६॥

महाराज ! कालको झोकमा परी यो निन्दित काम गरेका हुँदा हामीहरू र धृतराष्ट्रका छोराहरूको कुन गति हुने होला ॥७॥

महाराज ! धृतराष्ट्रको छोराले (दुर्योधनले) हजूरको यो दशा हेर्नुपरेन । यसैले बरु त्यही भाग्यमानी रहेछ भन्ने मलाई लाग्छ ॥८॥

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी वाणीविलास आफ्नो कुलले रफत गरेको राजकाजको मार्गबाट हटी विद्याको मार्गमा अग्रसर हुन खोजेका देखिन्छन् ÷ ।

वाणीविलासको नेपाली भाषा काव्यगुणले परिपूर्ण भएको छैन । ऐतिहासिक सार पनि संस्कृतमा जति त्यहाँ छैन । यस कारण वाणीविलासको नेपाली भाषाले उनलाई माथि उकालेको छैन ।

वाणीविलास जस्तै सुन्दरानन्द पनि पेशाका रूपमा लेख लेख्ने जस्तै पुरुष थिए+।

सुन्दरानन्दले पनि वाणीविलासले जस्तै संस्कृत तथा नेपाली दुवैको आड लिएका छन् तापनि सुन्दरानन्द संस्कृतमा काँचा भएका हुनाले उनको नेपाली भाषाले नै उनलाई माथि उकालेको छ ।

म हजूरको र अरू इष्टमित्रहरूको नाशको कारण बनें । हजूर भुइँमा छटपटाइरहनु-भएको देख्ता मलाई अशान्ति हुन्छ ॥ ९ ॥

दुष्ट कुलाङ्गार दुर्योधन भाइहरू र फौजसमेत लडाइँमा क्षत्रीको धर्मअनुसार मारियो । यसैले दुष्ट त्यसले भुइँमा परेका हजूरलाई देख्नुपरेन । यस कारण म पनि बाँचेकोभन्दा मरेकै भए बेस हुने थियो ॥१०-११॥

हे वीर ! मलाई पनि भाइहरूसाथ लडाइँमा शत्रुले मारेका भए आज बाणले छिया छिया पारिएका, वेदनाले छटपटाइरहनुभएका हजूरलाई मैले हेर्नुपर्ने थिएन । महाराज ! दैवले हामीलाई पापी नै सृष्टि गरेको रहेछ ॥१२-१३॥

भीष्मले भने—हे महाराज ! सबै मनुष्य आफ्नो कर्मअनुसारको लोकमा जान्छन् यो हजूरले गरेको पनि होइन, दुर्योधनले गरेको पनि होइन । यो सबै कालले गरेको हो । कालले नै राजाहरूको संहार गरेको हो ।]

यहाँनिर भीष्मले कसैलाई पनि दोष नदिएर 'जे हुनु थियो, भयो' भनी चित्त बुझाएको कुराको प्रभाव परेका वाणीविलासले यसो लेखेका हुन् कि भन्ने मेरो तर्क छ ।

÷ यति भएर पनि वाणीविलासले विद्यावंश चलाउन किन सकेनन् ? भन्ने कुराको खोजी अर्को निबन्धमा गरिनेछ ।

+ वि. सं. १८९० मा पाटन हिरण्यवर्णविहारका भाजुनरसिंहले 'सम्यग्भोजन' खुवाउँदा राजेन्द्रविक्रमलाई चढाएको निमन्त्रणा-पत्र रूपको निबन्ध सुन्दरानन्दले लेखेको पाइएको छ । त्यस निबन्धको अन्त्यमा—

'कर्तिरियं महाबुद्धोपासकसुन्दरानन्दस्येति'

[यो रचना महाबुद्धका उपासक सुन्दरानन्दको हो]

भनी लेखिएकोछ ।

[संस्कृत-सन्देश १।८ मा योगी नरहरिनाथद्वारा यो निबन्ध छापिएको छ]

CC-0. In Public Domain. Digitization by eGangotri

सुन्दरानन्द चतुर पुरुष थिए तापनि उनको बुद्धिलाई विद्याले माथ्न सकेको थिएन भन्ने कुरा उनका संस्कृत श्लोकले स्पष्ट गराएका छन् ।

विद्याले मानिसलाई आत्मगौरव दिलाउँछ । विद्या भन्ने पदार्थ चतुरो मनुष्यको मनमा रहेन भने अपरिहार्य सांसारिक विषयको साधन भएको धनलाई जे गरेर भए पनि हात लगाऊँ भन्ने बुद्धि उदाउनु स्वाभाविक छ। यसै कारणले व्यवहारचतुर सुन्दरानन्दका कलमबाट 'ग्रन्थरचनाको हेतु' मा माथि उद्धृत गरिएका गद्य पद्यहरू निस्केका हुन् भन्ने मेरो अडकल छ ।

उपसंहार

त्रिरत्न-सौन्दर्य-गाथा पाएकै दिनदेखि त्यसलाई प्रकाश गराउने इच्छा मलाई लागिरहेको थियो । नेपाल-सांस्कृतिक-परिषद्को सुदृष्टिबाट सो काम हुन आएकोमा मलाई हर्ष लाग्नु स्वाभाविकै छ । यस काममा सो परिषद्का कोषाध्यक्ष फील्डमार्शल श्रीकेसरशमशेर ज. ब. रा. ज्यूको प्राचीन विद्याको रुचिले सहायता नदिएको भए मेरो हातबाट यो काम अहिले हुन सक्ने थिएन । यस काममा रुचि देखाई प्रारम्भको प्रबन्ध मिलाइदिने काम सो परिषद्का कार्यसचिव प्राध्यापक ईश्वर बरालले गरिदिनुभएको हो ।

यस पुस्तकलाई सम्पादन गर्न चाहिने कारिन्दा खर्च मो. रु. २०० (दुइ शय) सो परिषद्ले हामीलाई दिएको छ । पुस्तक प्रकाशन गर्ने अभिभारा सो परिषद्ले लिएको छ । प्रकाशित पुस्तकमध्ये १० (दश) थान हामीले पाउने भएका छौं । पुस्तक-प्रकाशनमा सो परिषद्कै अधिकार रहनेछ । बजारमा पुस्तक सिद्धिएको तीन वर्षभित्र पनि परिषद्बाट पुनः संस्करण हुन नसकेमा यो पुस्तक प्रकाश गर्ने अधिकार नेपाली मात्रलाई रहनेछ ।

भाइ रामजी तेवारीले मसंग रही यो पुस्तक लारेका हुन् भनी माथि ने भनिसकेको छु। अहिले यस पुस्तकको सम्पादन नानी धनवज्र वज्राचार्यले गरेका छन् । यसमा अलिकति काम नानी ज्ञानमणि नेपाल्ले पनि गरेका थिए । यस उपोद्घात लेख्ने काममा मेरो साथ रही मेरो इच्छा र विचारअनुसार धनवज्र वज्राचार्यले काम गरेका छन् । यसमा अलिकति काम रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, गौतमवज्र वज्राचार्य, महेशराज पन्तले पनि गरेका छन् ।

यस काममा सहायता दिने सबैलाई यथोचित धन्यवाद दिनु मैले आफ्नो कर्तव्य ठान्छु ।

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्नो जन्म भयो जहाँ अनि बढें, त्यो देशको प्राक्तन
कस्तो रूप रहेछ, त्यैकन बुझूँ भन्ने लिई चिन्तन ।
भ्याए जत्ति विवेकले गहिरिई गर्दै छु नित्य श्रम
धेरै वर्ष बिते, परन्तु हुन गो साफल्य ज्यादै कम ॥

" जे होला पछि दैवकै छ भरमा यो सप्रने बिग्रने
बाँधी हात बसे त निश्चय भयो त्यो आखिरी बिग्रने+ । "

यस्तो व्यास महर्षिको वचनमा आस्था म ता राख्तछु
धेरैलाइ अचम्मको हुन गई बाँचीरहेको म छु ॥

श्रीभीमसेनकन लक्ष्य गरेर बोल्ने
नेपालका विषयलाइ निकै अंगाल्ने ।
यो ग्रन्थले पठन-पाठनमा प्रकाश
केही दियो, अलिकता म भएँ सहर्ष ॥

वि. सं. २०१८ मार्गसंक्रान्ति — नयराज पन्त
महाबौद्ध काठमाडौं नेपाल

+ऐकगुण्यमनीहायामभावः कर्म्मणां फलम् ।
अथ द्वैगुण्यमीहायां फलम्भवति वा न वा ॥
[महाभारत उद्योगपर्व १३५ अध्याय]

CC-0. In Public Domain. Digitization by eGangotri

वक्तव्य

नेपाल-अंग्रेज-युद्धमा चोट खाएपछि भीमसेन थापाको पहिलेको दृष्टिकोणमा अन्तर आयो र उनी देशको भविष्य र आफ्नो भविष्यबारे पनि बढ्ता विचार गर्न लागे। देशको रक्षाका लागि अंग्रेजका विरोधी राष्ट्रहरूसंग सम्पर्क बढाउनाका साथसाथै त्यहाँको राजकाज, इतिहास, ऐन-कानून इत्यादि कुरा जान्ने इच्छाले पनि उनलाई प्रेरणा दिन थाल्यो तथा आफ्नो देशमा प्रचलित राजनीति विषय परेका ग्रन्थको नेपालीमा अनुवाद गराई ती हेर्न सुन्ने चेष्टा पनि भीमसेन थापाले गरे [१]।

यसबाट यहाँका कलम चलेका लेख-पढ गर्ने व्यक्तिहरूलाई केही प्रोत्साहन हुनु स्वाभाविक छ।

नेपाल अंग्रेज युद्धमा भएको असफलताले सो युद्धपछि भीमसेन थापालाई राजदरबारमा पूर्ववत् स्थिति कायम गर्न केही मुश्किल हुन लागेको अनुभव प्रतिभाशाली भीमसेन थापाले गरेका थिए। हुन पनि राजा राजेन्द्रविक्रम र उनका महारानीहरू समर्थ हुँदै आएपछि भीमसेन थापाका विरोधीहरूले भीमसेन थापाको विरोधमा उनीहरूका कान भर्न शुरू गरेका थिए तथा बाहिरतिर पनि भीमसेन थापाको विरुद्ध प्रचार गर्न लागेका थिए। यस अवस्थामा चतुर भीमसेन थापाले आफ्नो स्थिति कायम गर्न आफ्नो अनुकूल प्रचारमा जोड दिनु स्वाभाविक थियो तथा आफ्नो अनुकूल प्रचार गरिदिने व्यक्तिउपर भीमसेन थापाको सुदृष्टि पर्नु पनि स्वाभाविक थियो।

पाटन महाबुद्ध ओकुबहालमा बस्ने पण्डित सुन्दरानन्द नेपाली नेवारीमा र केही अंशमा संस्कृतमा समेत कलम चल्ने चतुर पुरुष थिए। भीमसेन थापाको अनुकूल कुरा लेखी स्तुति गरे भीमसेन थापाबाट अर्थलाभ गर्न सकिएला भन्ने उद्देश्यले चतुर पण्डित सुन्दरानन्दले राजा रानी मन्त्रीलाई त्रिरत्नको रूपमा वर्णन गरी उनीहरूको स्तुति पारी पृथ्वीनारायण शाहदेखि राजेन्द्रविक्रमसम्मको आफूले जानेको इतिहास पारी वि. सं. १८९० तिर त्रिरत्नसौन्दर्यगाथा लेखिसिद्धाए। यसको प्रचार गरी भीमसेन थापालाई प्रसन्न पार्ने उद्देश्य भएकोले विस्तृत त्रिरत्नसौन्दर्यगाथा लेखिसकेपछि पनि त्यसबाट सार झिकी केही फेरफार पारी संक्षिप्त त्रिरत्नसौन्दर्यगीथाहरू पनि पछि पछि प्रचार गर्न लागे। यसैले एउटै नामका विभिन्न त्रिरत्नसौन्दर्यगाथा देखापरेका छन्।

गुरुपुरोहित जनकराज पण्डितज्यूकहाँ रहेको प्रति र राष्ट्रिय-पुस्तकालयमा रहेको

---

[१] 'गल्लीमा फ्याँकिएका कसिंगर' को उपोद्घातको 'अनुवाद-हेतु' प्रकरण हेर्नुहोस्।

CC-0. In Public Domain. Digitization by eGangotri

प्रति विस्तृतरूपका र समानरूपका छन् । तिनमा राष्ट्रिय-पुस्तकालयमा रहेको प्रति-चाहिं खेस्रा हो भन्ने कुरा त्यसको लेखाइ र आकार प्रकारबाट बुझिन्छ । त्यसको एका-पट्टिको पत्रसंख्या १२९ देखि शुरू गरिएको छ तथा बीचमा फुगेर फेरि २५, २६ देखि पत्र-संख्या शुरू गरिएको छ । यसबाट भन्नाट्ट हेर्दा राष्ट्रिय-पुस्तकालयको यो प्रति अपूरो र पत्र तल माथि परेको जस्तो देखिन्छ । परन्तु अरू नै पुस्तक लेख्नाका लागि पत्रसंख्या राखिसकेका पत्रहरू जोडी त्रिरत्नसौन्दर्यगाथाको खेस्रा लेखिएको हुँदा यस्तो हुन गएको हो । त्रिरत्नसौन्दर्यगाथाको पत्रसंख्या देखाउनचाहिं अर्कोपट्टि छेउमा 'त्रिरत्न', 'त्रिरत्न', यसरी पत्रसंख्या दिइएको छ । परन्तु बीच बीचमा कुरा थप्न पत्रहरू थपेका हुँदा यो पत्रसंख्या पनि काम लाग्ने छैन । यस प्रतिमा ठाउँ-ठाउँमा केरमेट गरिएका छन् तथा ठाउँ ठाउँमा चिह्न दिई छेउ छेउमा कुरा थपिएका छन् । कति ठाउँमा त श्लोकहरू लेखी त्यसै अपूरो नै छोडिएका छन् । यसरी राष्ट्रिय-पुस्तकालयमा रहेको त्रिरत्न-सौन्दर्यगाथाको प्रति खेस्रा हो भन्ने कुरामा सन्देह गर्ने ठाउँ छैन ।

केरमेट गरिएको थपिएको ऐतिहासिक घटनाका तिथिमिति टिपिएको भागमा र मूल भागमा परेका अक्षर एकै हस्ताक्षरका देखिएका तथा कारिन्दा राखी खेस्रा लेखाउन सक्ने हैसियतका पण्डित सुन्दरानन्द नदेखिएकाले राष्ट्रिय-पुस्तकालयमा रहेको प्रति सुन्दरानन्दकै हस्ताक्षरको हो भन्ने देखिन्छ ।

यस कारण सुन्दरानन्दले प्रयोग गरेको भाषाको रूप विचार गर्न यो प्रति उपयोगी छ । यसैले प्रस्तुत संस्करणमा ह्रस्व दीर्घ शकार सकार आदि यही प्रतिको आधारमा दिइएका छन् ।

गु. पु. जनकराजकहाँको प्रति र राष्ट्रिय-पुस्तकालयमा रहेको प्रति तुलना गरी हेर्दा गु. पु. कहाँको प्रति साफी गरिएको प्रति हो भन्ने बुझिन्छ । यस प्रतिमा कतै अपूरो श्लोक छैन तथा राष्ट्रिय पुस्तकालयको प्रतिमा परेका हिन्दी जस्तो भाषामा लेखिएका दोहा यस प्रतिमा परेका छैनन् । राजेन्द्रविक्रमका हात्तीको वर्णनमा लेखिएका अतिशयोक्तिपूर्ण श्लोकहरू पनि यस प्रतिमा परेका छैनन् । इत्यादि कुरा विचार गर्दा यो प्रति साफी भई सकेको प्रतिको आधारमा लेखिएको देखिन्छ । परन्तु यो प्रति केही काल यता मात्र लेखिएको हुँदा सुन्दरानन्दले प्रयोग गरेको भाषाका रूपको ठीक ठीक प्रतिनिधित्व यसले गर्न सक्तैन ।

यस कारण राष्ट्रिय पुस्तकालयमा रहेको र गु. पु. जनकराजसंग रहेको दुबै प्रतिको आधारमा सम्पादन गर्दा उचित हुने देखिएकोले यसै गरी प्रस्तुत पुस्तकको सम्पादन गरि-एको छ । यी दुइ प्रतिमा देखिएका पाठभेदलाई टिप्पणीमा पाठान्तरको रूपमा दिएको छु ।

वीरपुस्तकालयमा दुइ थरी संक्षिप्त त्रिरत्नसौन्दर्यगाथा पाइएका छन् । तिनमा पहिलोमा

CC-0. In Public Domain. Digitization by eGangotri

मङ्गलाचरणश्लोक र उपसंहारश्लोकलाई छाडी बाँकी भाग गद्यवाक्यमा लेखिएको छ पृथ्वीनारायण शाहदेखि राजेन्द्रविक्रम शाहसम्मको संक्षिप्त वर्णन लम्बेतानको समास गरिएका वाक्यमा गरिएको छ तथा त्यसको नेपाली अनुवाद पनि दिइएको छ । यसमा सुन्दरानन्दले संस्कृत भाषामा आफ्नो भएभरको पाण्डित्य देखाउन खोजेको जस्तो प्रतीत पर्छ । दोस्रो प्रतिमा पनि पृथ्वीनारायण शाहदेखि राजेन्द्रविक्रम शाहसम्मको संक्षिप्त वर्णन श्लोकमा गरिएको छ । प्रत्येक श्लोकको नेपाली अनुवाद पनि दिइएको छ । यसमा भीमसेन थापा र उनको दरबारको वर्णनमा लेखिएका नेपाली भाषाका र नेवारी भाषाका केही श्लोक पनि परेका छन् । यसबाट नेपाली र नेवारी भाषामा कविता लेख्ने शक्ति सुन्दरानन्दको कतिको थियो ? भन्ने कुराको झलक पाइन्छ । यसरी यी दुइ संक्षिप्त प्रतिबाट पनि सुन्दरानन्दलाई चिन्न र त्यस बेलाको केही परिस्थिति बुझ्न सहायता दिने हुनाले ती दुइ प्रति परिशिष्ट 'क' मा दिइएका छन् ।

राष्ट्रिय-पुस्तकालयमा रहेको प्रतिको उठानका दुइ पत्रमा र अन्त्यका दुइ पत्रमा राजाहरूको वंशक्रम, ऐतिहासिक घटनाका तिथिमितिहरू टिपिएका छन् । त्रिरत्नसौन्दर्यगाथा लेख्न सामानका रूपमा विभिन्न ठाउँबाट ती तिथिमितिहरू सारिएका देखिन्छन् । विभिन्न ठाउँबाट त्यसै सारिएका हुँदा एउटै घटनाका तिथिमिति पनि दुइ तीन थरी त्यहाँ परेका छन् । यस कारण ती तिथिमिति भरपर्दा छैनन् तथा त्यहाँ दिइएका राजाहरूको वंशक्रम पनि ठीक ठीक मिलेका छैनन् तापनि परीक्षकहरूलाई परीक्षा गरी हेर्न केही काम लाग्ने हुनाले परिशिष्ट 'ख' मा ती वंशक्रम, ऐतिहासिक घटनाका तिथिमितिहरू जस्ताका तस्तै दिइएका छन् ।

सुन्दरानन्दले पृथ्वीनारायण शाहदेखि राजेन्द्रविक्रम शाहसम्मका आफूले जाने जति इतिहासका घटनाको चर्चा त्रिरत्नसौन्दर्यगाथामा गर्न खोजेका छन् । परन्तु ठाउँ ठाउँमा अशुद्धि पर्न गएका छन् +। यस कारण तिनको प्रमाणसहित विवेचन गर्नु आवश्यक भएकोले तत् तत् ठाउमा टिप्पणीमा त्यसै गरिएको छ । सुन्दरानन्दले लेखेका कुरा अरू प्रमाणद्वारा पनि सिद्ध हुन आएको ठाउँमा पनि प्रमाणसाथ त्यसको चर्चा गरिदिनाले पाठकहरूलाई विचार गर्न सुबिधा हुने हुनाले ठाउँ ठाउँमा त्यसका लागि पनि टिप्पणी दिइएका छन् । यसरी प्रमाणसहित विचार गर्दा टिप्पणी ज्यादै लामो हुने हुनाले अत्यावश्यक र साना साना प्रमाण मात्र टिप्पणीमा दिइएका छन् । यस ग्रन्थलाई परीक्षा गरी हेर्न सहायता दिने केही ऐतिहासिक सामानचाहिं परिशिष्ट 'ग' मा दिइएका छन् । तिनमा केही प्रकाशित र केही अप्रकाशित सामान पनि परेका छन् । यसको चर्चा परिशिष्ट 'ग' मै तत् तत् ठाउमा गरिएको छ ।

+उपोद्घातको 'इतिहासका घटनामा गडबडी' भन्ने प्रकरण हेर्नुहोस् ।

CC-0. In Public Domain. Digitization by eGangotri

सुन्दरानन्दका संस्कृतमा धेरै ठाउँमा अशुद्धि परेका छन । तिनको प्रमाणसहित चर्चा पनि टिप्पणीमा गरिएको छ ।

सुन्दरानन्दले त्रिरत्नसौन्दर्यगाथालाई जम्मा चार खण्डमा विभक्त गर्न खोजेका छन् । शुरूदेखि पृथ्वीनारायण शाहको अन्त्यसम्म पहिलो खण्डमा, प्रतापसिंह शाहदेखि रणबहादुर शाहको अन्त्यसम्म दोस्रो खण्डमा, त्यसपछि त्रिपुरेश्वरनिर्माणसम्म तेस्रो खण्डमा, बांकी भाग चौथो खण्डमा पार्न खोजिएको छ। परन्तु यो विभाजन विधिपूर्वक भएको छैन । पृथ्वीनारायणको वर्णन सिद्धिएपछि 'इति श्रीपृथ्वीनारायणचरित्रं समाप्तम्' भनी लेखिएको छ । रणबहादुरको वर्णन सिद्धिएपछि 'इति प्रथमं प्रकृतिरत्नम्' भनी लेखिएको छ। त्रिपुरेश्वरनिर्माणको वर्णन सिद्धिएपछि 'इति श्रीत्रिरत्नसौन्दर्यगाथाया भाषायां द्वितीयं प्रकृतिरत्नम्' भनी लेखिएको छ । अन्त्यमा चाहिं 'इति श्रीत्रिरत्नसौन्दर्यगाथायां प्रकृतिरत्नं समाप्तम्' भनी लेखिएको छ । यसरी चार खण्डमा विभाजन गर्न खोजिएको छ तापनि विधिपूर्वक नगरिएको स्पष्ट छ । श्लोकसंख्या पनि दुइ प्रतिमा दुइ किसिमले दिइएका छन् । यस कारण शुरूदेखि अन्त्यसम्म क्रमबद्ध श्लोकसंख्या दिंदा पढ्नेहरूलाई सुविधा हुने हुनाले यहाँ त्यसै गरिएको छ ।

बाँकी 'ऐतिहासिक पत्रसंग्रह (पहिलो भाग), गल्लीमा प्रयोगिएका कर्सिगर' हरूमा हामीले लिएका नियमअनुसार नै यसको पनि सम्पादन गरिएको हुँदा तिनको फेरि उल्लेख यहाँ गरिरहनुपर्ने आवश्यकता देखिन्न ।

२०१८ मार्गसंक्रान्ति
महाबौद्ध, काठमाडौं, नेपाल

सम्पादक—
धनवज्र वज्राचार्य

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

त्रिरत्न-सौन्दर्य-गाथा

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीगुरुगणेशाय नमः ।

यस्य प्रसादकिरणैः स्फुरितात्मतत्त्व-
रत्नप्रभापरिकरप्रहतान्धकाराः।।
पश्यन्त्यनाविलदृशः सविकाश[1]मुच्चै-
स्तस्मै नमस्कृतिरियं गुरुभास्कराय ।।१।।卐

श्रीगणेशो जयति ।। ॐ नमो रत्नत्रयाय ।। जोना श्रीगुरुको प्रसादका ज्वालाले आत्म-तत्त्वज्ञानरूपि हीराका तेजको समुदायले अज्ञानरूप अंधकारकन नाश गरेर भूत भविष्य वर्तमान समयको वृत्तान्त सबै श्यकानमा आइरहंछ. प्रत्यक्ष गरि तत्क्षणैमा देख्याको झै सुन्याको वृत्तान्त मिल्न जांछन्. एस प्रकारका श्रीगुरुरूप सूर्यलाई नमस्कार छ ।।१।।

श्रीमद्रत्नत्रयाख्यं महा[2]अतिसुखदं सर्वभूताश्रयं तद्
यद् दारिद्र्यान्धकारं क्षपयति विदुषां सुन्दरानन्दरूपम् ।
जीयात्तत्क्षोणिपृष्ठे शतमिह शरदां सर्वदिक्षु प्रसर्प-
ज्ज्योतिः श्रीपृथ्विनारायणकुलजलधौ जातमच्छिद्रवृत्तम् ।।२।।

श्रीपदले युक्त भयाका रत्नत्रय भनि नाम भयाका महं उत्साह तेजकन अत्यंत चित्त हर्षले म स्मरण गर्छु. जोना रत्नत्रय भन्याका महं उत्साह तेजले विद्वज्जनका दरिद्ररूप अंधकारकन नाश गरेर धनी तुल्याई चित्त स्वास्थ्य गराई बुद्धिको चमत्कार बढ्दछ र पुराणादि ग्रन्थको उक्ति वचन समुझिछन् र प्रामाणिक माहात्म्य वर्णना गर्नामा बुद्धि फैलाउंछन्. फेर द्वात्रिंशत् ३२ लक्षणले युक्त भयाका हृष्ट-पुष्टांग अष्टदिक्पालका अंशले सधै मनोहर सुन्दरताले महा आनन्दरूप भयाका एस् प्रकारका रत्नत्रय नाम भयाका तेज आसमुद्रांत पृथ्वीमा विशेषले सबै दिशामा ज्योति फैलाई शै वर्षपर्य्यंतको आयुष भई जीवन्.

पाठान्तर- [1] *सविलास-*

卐 यो श्लोक वज्राचार्यहरूको कर्मकाण्डको पुस्तक 'रत्नमण्डलपूजापद्धति' बाट उद्धृत गरिएको हो ।

[2] यहाँ सन्धि गरेको अशुद्ध छ । रुत्व अनि 'अतो रोरप्लुतादप्लुते' ६।१।११३ [अप्लुत अकारदेखि पर रहेको 'रु'कोउकार आदेश हुन्छ, अप्लुत अकार पर भएमा] सूत्रले उत्व अनि गुण, पूर्वरूप भई 'महोऽतिसुखदम्' यस्तो हुनुपर्छ ।

यस सन्धिमा सुन्दरानन्दले सर्वत्र प्रायः अशुद्धि गरेका छन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

जौना रत्नत्रय नाम भयाका उत्साह तेज गोर्षाधिप श्री ५ पृथ्वीनारायण महाराजाका कुलरूपी समुद्रमा जन्म पाइकन अछिद्र भैकन रेखा बिंदु त्रासादि कलंकले रहित भयाका छंदो बाटुला भयाका अर्थात् श्री ५ पृथ्वीनारायण महाराजाका कुलमा जन्म्याका श्रीराजा रानी मंत्री जय २ भै रहुन् ॥२॥

दिक्पालका अंश कहिन्छ—

इन्द्रात्प्रभुत्वं ज्वलनात्प्रतापं कोपं यमाद् वैश्रवणाच्च वित्तम् ।
सृष्टिस्थिती रामजनार्दनाभ्यामादाय राज्ञां कुरुते शरीरम् ॥३॥ +

देवराज इन्द्रले प्रभुत्व दिंछन. अग्निले प्रताप दिंछन्. यमराजले कोपकन दिंछं. कुबेरले वित्तकन दिंछन्. रामजीले सृष्टि गर्नु कार्यकन दिंछं. जनार्दनले स्थिति गर्नु कार्यकन दिंछन्. एस् प्रकारले दिक्पालहरूले आफना अंश दिएर राजाका शरीर तुल्याउंछन् ॥३॥

ने पालेशाः पद्मपाणिशाक्यसिंहस्वयम्भुवः ।
पान्तु गोरक्षाचलेश[1]पृथ्वीनारायणान्वयम् ॥ ४ ॥

नेपालभूमंडलका ईश्वरहरू एति हुन्. कुन् कुन् भन्या पद्मपाणि भन्याका बुगमलोकेश्वर हुन्. बुगमती भन्याका अमरपुरी हुन्. आजकाल मत्स्येन्द्रनाथ भनि भंछन्. शाक्यसिंह भन्याका सर्वत्र प्रसिद्ध छन्. स्वयंभू भन्याका प्रसिद्ध छन्. इनहरूले श्रीगोर्षाका[2] पर्वतराज श्रीमहाराजा पृथ्वीनारायण साहको सन्तानकन रक्षा गरुन् ॥४॥

नेपालेश्वरगोरषेश्वरकृपालब्धप्रसादोदयः
श्रीगोर्षाधिपसाहदेवनरभूपालाभिधः स्माभवत् ।
तस्यैका महिषी नृपस्य शयने सुष्वाप सौख्यं यथा
सा स्वप्ने रविमण्डलं ❀ग्रसितवत्यस्मीति भर्त्रेऽब्रवीत् ॥५॥

पाठान्तर- १ गोरषनाथश्री-, २ गोर्षाधिप साहदेव,

+ यो श्लोक अन्तबाट उद्धृत गरिएको हो । सुभाषितरत्नभाण्डागारमा पनि यो श्लोक छापिएको छ ।

❀ उकारान्त 'ग्रसु अदने' धातुदेखि 'क्त्वा' प्रत्यय पर भएमा 'उदितो वा' ७।२।५६ [उकारको इत्संज्ञा हुने धातुदेखि क्त्वाप्रत्यय पर भएमा विकल्पले इट् आगम हुन्छ] सूत्रले विकल्पले इट् आगम हुने हुनाले निष्ठा (क्त र क्तवतु) प्रत्ययमा 'यस्य विभाषा' ७।२।१५ [जुन धातुको कहीं इट् आगम विकल्प गरिएको छ, त्यस धातुको निष्ठामा इट् आगम हुँदैन] सूत्रले नित्यं इट् आगम हुँदैन । यस कारण 'ग्रसितवती' यो रूप अशुद्ध हो । शुद्ध रूप 'ग्रस्तवती' हुन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्वकालविषे नेपालका ईश्वर श्रीपशुपति श्रीमत्स्येन्द्रनाथ श्रीकरुणामय श्रीगोरखनाथ कालिकाका वरप्रसादले उदित भयाका श्री ५गोर्खेश महाराजा नरभूपाल साह जो छन् अंतःपुरविषे महारानीले सहित भै सुखशयन गरिरहँदा श्रीसूर्यबिम्बकन ग्रास गऱ्यां भनि श्रीरानीकन स्वप्न हुँदा बिउझिन् र तत्क्षणैमा श्री ५ महाराजाकन जागो गराई स्वप्नाको वृत्तांत अँजि गर्दी भइन् ॥५॥

सूर्यविम्ब निलेको आदि स्वप्न देखेमा असल पुत्र पैदा हुन्छ भन्ने धारणा प्राचीन कालदेखि चलेर आएको छ । उत्तरभारतका सम्राट् प्रभाकरवर्द्धनका छोरा राज्यवर्द्धन, हर्षवर्द्धन र छोरी राज्यश्री जन्मनुभन्दा पहिले उनकी रानी यशोवतीले 'दुइटा कुमार र एउटी कन्या सूर्यमण्डलबाट निस्केर आफ्नो पेटभित्र पसेको सपना देखिन्' भनी कवि बाणले लेखेका छन् (हर्षचरित चतुर्थ उच्छ्वास हेर्नुहोस्)। पृथ्वीनारायण शाह गर्भमा रहँदा उनकी आमा कौशल्यावतीले सूर्यविम्ब निलेको सपना देखेको कथा वंशावलीमा पनि लेखिएको छ—

"कोहि दिनमा रात्रिमा श्री ५ माहिला महारानीका षोपिमा श्री५ महाराजा नरभूपाल साह सुकला गर्नुभयाको थियो. प्रहर रात्रि बाँकि छदामा श्री ५ महारानिले स्वप्न देषनुभएछ. स्वप्नमा श्रीसूर्य निल्याको देषि जागो हुनुभएछ र श्री ५ महाराज नरभूपाल साह पनि जागो हुनुभयेछ र श्री ५ महारानीवाट श्री ५ महाराजा नरभूपाल साहसित स्वप्नाको विस्तार विन्ति गर्नुहुंदा श्री ५ महाराजा नरभूपाल साहबाट केहि हुकुम नभ पटापट पिट्नुभएछ र स्वप्ना विनति गर्दामा पनि विनाविरावै कुट्नुभयो भनि दुष मानि रोईकन रात्रि बिताउनुभयो. जब प्रातःकाल भयो. श्री ५ महाराजा नरभूपाल साह जागो हुनुभयो र श्री ५ महारानी रोइरहनुभयाको देषनुभयो र श्री ५ महारानीलाई···बुझाउनुभयो."

[गोरखावंशावली ११२ पृ.]

पृथ्वीनारायण शाहका सामानकालिक कवि ललितावल्लभले भने पृथ्वीनारायण गर्भमा रहँदा उनकी आमाले सपनामा विष्णुको दर्शन पाएको कुरा लेखेका छन्—

रत्नानेकलसत्किरीटिनमलङ्कुर्मीणसत्कुण्डलं
स्फुर्ज्जत्कौस्तुभरत्नशोभिहृदयं श्रावत्ससंराजितं ।
चञ्चत्काञ्चनकङ्कणं झणझणत्प्रक्वाणमञ्जीरकं
देवी पिञ्जरवाससं शिशुवरं स्वप्ने ददर्शाङ्कगम् ॥

[पृथ्वीन्द्रवर्णोदयबाट]

[रत्नहरू जडेको किरीट लाएका, असल कुण्डलले सुहाएका, चहकिलो कौस्तुभमणि र श्रीवत्स चिह्नले छाती झलमल्ल भएका, सुनका बाला लाएका, आवाज गर्ने पाउजेब लाएका, पीताम्बर पहिरेका बालक (विष्णु) आफ्नो काखमा बसेको सपना रानीले देख्नुभयो]

CC-0. In Public Domain. Digitization by eGangotri

[1]स्वापोद्बोधितदोषरोषकुपितव्याजेन संशासिता□
सापत्न्यादसहिष्णुनेव रजनीं व्याक्रोशती● व्यत्यगात् ।
गर्भज्येष्ठमुदस्य साशु सुषुवे श्रीपृथ्विनारायणं
मासैः सप्तभिराख्यया समगुणं प्रत्यक्षनारायणम् ॥ ६ ॥

श्री ५ महाराजाले रानीका अद्भुत स्वप्नका फल अन्तःकणले बुझि मनमा बहुत हर्षित भै तेरा सौताले मलाई कैह्ले पनि उठाउन सक्तीनथि. तैले आज मेरा निद्रा षल-बल्याई दिईस् भन्या अपजसकन दि निर्दय भै शासना गर्दा भया, ताहाँ अकस्मात् राजाबाट शासना पाई बहुत विलाप गरि त्यो रातभर निदाउदी भइनन् रात बिति गई. एही स्वप्नका प्रभावले गर्भज्येष्ठ अर्का रानीका भन्दा अघिबाट सातै महीनाका बीचमा नाम तुल्य पराक्रम भयाका श्री ५ पृथ्वीनारायण साहरूपी साक्षात् चतुर्बाहु नारायणका अद्वितीय पराक्रम भयाका पुत्र पैदा हुँवा भया* ॥६॥

पाठान्तर– १ स्वप्नो–

□ उकारान्त 'शासु अनुशिष्टौ' धातुदेखि क्त प्रत्यय पर भएमा इट् आगम नहुने हुनाले 'संशासित' यो रूप अशुद्ध हो । शुद्ध रूप 'संशिष्ट' हुन्छ ।

● भ्वादि 'क्रुश आह्वाने रोदने च' धातुदेखि 'शप्श्यनोर्नित्यम्' ७।१।८१ [शप् र श्यन्देखि पर रहेको शतृप्रत्ययको नित्यै नुम् आगम हुन्छ शी र नदी पर रहेमा] ले नित्यै नुम् आगम हुने हुनाले 'व्याक्रोशती' यो रूप अशुद्ध हो । शुद्ध रूप 'व्याक्रोशन्ती' हुन्छ ।

* नरभूपाल शाहले चार बिहे गरेका थिए । माहिली रानी कौशल्यावतीको गर्भबाट पृथ्वीनारायण शाह जन्मे। साहिली रानी बुद्धिमतीबाट १० महीना गर्भमा रही बृन्दकेशर शाहको जन्म भयो । पृथ्वीनारायण शाह जन्मको हिसाबले जेठा भए तापनि गर्भ रहेको हिसाबले वृन्दकेशर शाह जेठा थिए । त्यस कारण जन्मज्येष्ठ गद्दीको हकदार हुन्छ कि गर्भज्येष्ठ ? भन्ने बिवाद राजदरबारमा उत्पन्न हुने संभावना थियो । तर चाँडै नै वृन्दकेशर शाहको मृत्यु हुँदा यस्तो विवाद उठ्न पाएन । यहाँ सुन्दरानन्दले यही कुरालाई लक्ष्य गरेका हुन् । वंशावलीमा यस कुराको वर्णन यसरी गरिएको छ—

"एस्तै क्रमले चार विवाह हुदो भयो, वहादेखिन् ६ मास वर्ष दिनपछि श्रीमाहिला महारानि श्रीसाहिला महारानि दुवैतर्फ गर्भ हुँदो भयो··· अब श्रीनायक कतातिर हुनुहुन्छ भनि भाई छोरा प्रभृति थरघर सब भारा पाँचहेरु बडो हर्षको षलबल गर्दा भया··· मैन्हा७ सात् भयामा अर्धं रात्रिमा माहिला श्री ५ महारानीतरफ श्रीनायक पैदा हुनुभयो··· श्रीपृथ्वीनारायण साह नाम राषनुभयो. श्री ५ साहिला महारानीतरफ पनि दश मैन्हा पूर्ण भयापछि श्रीसाहेब पैदा हुनुभयो··· श्रीवृन्दकेशर साह नाम राषनु हुँदो भयो. जन्मका जेठा र गर्भका जेठा

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालं विजिगीषुरेकगबलं मुद्राभिरापूरितं
तूणीकृत्य मृगं यथैव मृगयुर्निर्भीः प्रतस्थे मुदा ।
इत्येवं श्रुतमन्यतस्तदिह मे सङ्क्षिप्य संवर्णितं
किं नारायणवर्णने[1] त्रपयते[❀] याथात्म्यसंपादकः ॥७॥

एस्ता श्री ५ पृथ्वीनारायण साहदेव जो छन्. प्रतापले उन्नत हुनाले गोर्खाका रजाई-देखिन् तृप्ति नहुंदा नेपाल अंबल गरुं भन्या भन्सुवाले रुपैजाकन बटोल्दा भया. ताहाँ एक १ अर्नाका सिङ्भरि रुपैजा हुंदा बहुत षुस् भै तेहि रुपैजाले भरियाका सिङ्कन तर्कस भैं बोकाई धनुर्बाण ढाल तरवार षुंडा गैह हतियारले सहित सिपाहीहरू लि व्याधाले मृगको सिकार गऱ्या झैं बहुत धनाढ्य भयाको नेपालका मल्ल राजारूपी मृगहरू मार्नानिमित्त निःशंक भै गोर्खादेखिन् प्रस्थान गर्दा भया छन्. नारायण भन्याका सर्वव्यापी हुन्. तनले देषायाका सिङ्भरिका रुपैजा अक्षयनिधान हुन्. तनलाई ज्यासुकै आत्माको वर्णन गऱ्या पनि कस्तै अपवित्र बोल्या पनि योग्यै हुन्छ. फल्ना आत्माको उपमा गर्दा पनि लाजीम् पर्छ भन्या कुरो केही छैन. तसनिमित्त किंचित् धनको वर्णन भया पनि अघीका बुढाहरूले कह्याका श्री ५ पृथ्वीनारायण साहको अघि चलि आयाका चरित्रको इतिहासकन संक्षेपले वर्णना गऱ्याको हो सिङ्को प्रभावकन जानिसक्नु छैन ॥७॥

पाठान्तर--१. -कीर्तने,

भन्या षलबल पर्ने षोज्याको थियो. तेस्तै वषतमा श्रीवृन्दकेशर साह शान्त हुनुभयो.
(गोरखाकंशावली ११२-१३ पृष्ठ)

पृथ्वीनारायण शाहको जन्म वि. सं. १७७९ पौष २७ गते भएको हो। उनको जन्मपत्र यस प्रकारको छ—

"....स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजकुमारश्रीमन्नृपश्रीश्रीश्रीश्रीश्रीपृथ्वीनारायणसाहदेवानां सदा समरविजयिनां जन्म-

संवत् १७७९ शालिवाहनशाके १६४४ चान्द्रेण पौषमासे कृष्णपक्षे अमावास्यातिथेर्घट्यः ४ पले २ तदुपरि शुक्लपक्षे प्रतिपदि तिथौ गुरुवासरे पूर्वाषाढानक्षत्रघट्यौ २ पलानि ५८ तदुपरि उत्तराषाढानक्षत्रे व्याघातयोगे घट्यौ २ पले २ तदुपरि हर्षणयोगे। ववकरणे। सौरेण पौषमासस्य गतदिनेषु २७ श्रीसूर्योदयतो गतघटीषु ३६ पलेषु १५ रात्रिगतघटीषु १० पलेषु १९ जन्म."

(संस्कृतसन्देश १।६ मा ऐ. शि. बाबुराम आचार्यद्वारा यो प्रकाशित भएको छ)

❀ 'त्रपूष् लज्जायाम्' धातु भ्वादि हुँदा 'त्रपयते' यो रूप अशुद्ध हो। शुद्ध रूप 'त्रपते' हुन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

त्रैशूलगङ्गामधिकृत्य भैरवीं
श्रीमन्महामण्डपमाश्रयाणः+ ।
श्रीपृथ्विनारायणवासुदेवो
बभौ नुवाकोटवितिष्ठमानः ॥८॥

मृगको सिकार गर्दा भैं सयलपूर्वक शै १०० नालको सैन्य फौद ली गोर्षा राजधानीदेषीन् कुलानन्द जैसिले जोतिघर जैसीले दियाका मुहूर्तमा प्रस्थान गर्दा सहजैले पर्वतका प्रत्येक थुम्का फत्ये गरि÷ त्रिशूलगङ्गा नाघि श्रीदेवीघाटमा श्रीभैरव भैरवीको दर्शन् गरि राजोपचारपूर्वक अलि बलिले पूजा गरी गाउँभित्रका श्रीमहामण्डपमा बस्ति गर्नुभयाका श्री ५ पृथ्वीनारायण साहरूपी श्रीवासुदेव नुवाकोटमा विराजमान हुंदा भया ॥८॥

+ भ्वादि 'श्रिञ् सेवायाम्' धातुदेखि शानच्प्रत्यय गर्दा 'आने मुक्' ७।२।८२ [आन पर भएमा अकारान्त अङ्गको मुक् आगम हुन्छ] ले मुक् आगम हुने हुनाले 'आश्रयाणः' रूप अशुद्ध हो। शुद्ध रूप 'आश्रयमाणः' हुन्छ।

÷ यहाँ त्रिशूली तर्फ भन्दा पहिले नै पृथ्वीनारायण शाहले पर्वतका प्रत्येक थुम्का जित्दै त्यसपछि त्रिशूली तरा नुवाकोट दखल गरे भनी सुन्दरानन्दले लेखेका छन् । परन्तु नरभूपाल शाहको पालामै त्रिशूली सांघ लागिसकेको थियो । सो कुरा वंशावलीमा यसरी लेखिएको छ—

"वाहादेषिन् त्रिशूलगङ्गा तरि नुवाकोट चढि ठूलो लडाजी गर्दा भया. ठूलो लडाजी हुंदा नेपालतरफको ठूलो लस्कर भयो र लडाजी ,गर्दा बल नपुकी हटि त्रिशूलगङ्गाको सांघ पोली त्रिशूलगङ्गाको सांघ लाइ काजि महेश्वर पन्थ काजि जयन्त राना सब लस्कर लि फिर्‍या. वाहाँदेषिन् श्री ५ महाराजा नरभूपाल साहका हजुरमा काजि महेश्वर पन्थले विनति गर्दा भया"

[गोरखावंशावलीको १२३ पृ.]

कवि ललितावल्लभले पनि गोरखाराज्यको सीमा यसरी दिएका छन्—

गोरक्षाभिधपर्वतो विजयते गौरीगुरोर्दक्षिणे
कृष्णायाः सरितश्च पूर्वविषये शूलोद्भवापश्चिमे ।'

[पृथ्वीन्द्रवर्णोदय]

[हिमालयदेखि दक्षिण, कृष्णा (चेपे ?) देखि पूर्व, त्रिशूलीदेखि पश्चिमपट्टि पहाडी राज्य गोरखा रहेको छ]

यसबाट गोरखाराज्यको पूर्वपट्टिको सीमाना त्रिशूलीसम्म थियो भन्ने स्पष्ट छ । यस कारण त्रिशूली नतर्फ आफ्नै राज्यक्षेत्र जित्नुपर्ने आवश्यकता थिएन ।

CC-0. In Public Domain. Digitization by eGangotri

जातः स्तन्यं न जग्राह कण्ठीरवकिशोरकः ।
चक्षुर्व्यापारयामास कुञ्जे कुञ्जरशालिनि ॥९॥

सिंहका बच्चाले जन्मनिबित्तिकै दुध खानाको कांक्षा लिदैन. बडा २ हातिका बथानमा आंषा लगाउँछ. त्यो कुरो बषानै छ ॥९॥

पर्यन्तभूखर्वट कांश्च[1] जित्वा
तानेव कृत्वा ऋजुमार्गदेशिनः ।
सेनानिवेशानुपकल्प्य विष्णु-
मत्याः प्रतीरे सरितां वरायाः ॥१०॥

ताहांदेषि वरीपरीका पर्वतका थुम्का नाना नाउँ भयाका गाउकन सहजै जिती तहिका लोकहरूकन सिपाहि तुल्याई तनैहरूले देषाइदियाका सोझा बाटा गरी नेपाल जित्नकन आउदा विष्णुमती गंगाका तीरमा पाल टाँकीकन ×

पाठान्तर—1. कार्पटिकांश्च

× यहाँ कीर्तिपुरमा आक्रमण गर्न पृथ्वीनारायण शाहले विष्णुमतीको तीरमा ठाना हाले भनी लेखिएको छ । अब यहाँ यस विषयमा विचार गर्नु परेको छ ।

विष्णुमती नदी कान्तिपुरदेखि उत्तरपिट्ट रहेको विष्णुद्वारबाट निस्की दक्षिण हुँदै सानाभन्ज्याङ बसिकोट पुगी, दक्षिण पश्चिमतिर लागी टोखा गाउँको नजीक हुँदै, बानियाटार पुग्दछ र त्यताबाट बालाज्यू निस्की दक्षिण हुँदै शोभाभगवतीबाट टेकुदोभानमा पुग्दछ । त्यहाँ वाग्वतीसँग मिली वाग्वतीकै रूपमा बग्न थाल्दछ । विष्णुमतीका यी प्रस्रवणक्षेत्र कान्तिपुर इलाकाभित्र पर्दछन् ।

पृथ्वीनारायणले वि. सं. १८०१ मा नुवाकोट विजय गरेपछि वि. सं. १८०३ मा कान्तिपुर इलाकाभित्र पर्ने सांखु चांगु दरखल गरेका थिए । परन्तु आफ्नो राज्यक्षेत्रबाट टाढा रही काम गर्न गाह्रो हुँदा सो विजय दिगो भएर रहेन । यसपछि पृथ्वीनारायणले एकासी-उपत्यकाभित्र नपसी बाहिर चारैतिरबाट उपत्यकालाई घेर्ने नीति लिएका थिए । यसैले पश्चिमपट्टि दहचोक दरखल गरेपछि थानकोट सतुंगल आदि दरखल गर्दै वि. सं. १८१४ मा पहिलो पटक कीर्तिपुरमा आक्रमण गरेका थिए । यस युद्धका लागि भाजंगालमा उनले ठाना हाले भनी वंशावलीमा लेखिएको छ । भाजंगाल चोभारनजीकै कीर्तिपुरको दक्षिणपट्टि वाग्वतीको तीरमा पर्दछ । यस युद्धमा असफल भई फर्कंदा पनि पृथ्वीनारायण दहचोक पुगी त्यताबाट नुवाकोट पुगेका थिए ।

उपर्युक्त विष्णुमतीका प्रस्रवणक्षेत्र पृथ्वीनारायणले जितिनसकेका र पश्चिमतिरबाट कार्तिपुरमा आक्रमण गरेको देखिनाले विष्णुमतीको तीरमा ठाना हाले भन्ने कुरा मिल्दैन ।

CC-0. In Public Domain. Digitization by eGangotri

रुरोध कीर्तीपुरमाहवेन+ अधोमुखैरूर्ध्वमुखैश्च बाणैः ।
अत्युच्चवप्रोपरिधार्यमाणैः पाषाणकोषैः परिपूर्यमाणम् ॥११॥
बभूव युद्धं तुमुलं तदानीमधोमुखैरूर्ध्वमुखैश्च तैस्तैः ।
सप्रस्तरोवैरुपरि स्थितानां बालाबलावृद्धपुरोगमानाम् ॥१२॥
नाराचनिक्षेपणिकाश्मवर्षानिर्घर्षणो'द्भूतकूपीटयोनिः ।
तदग्निप्लुष्टाः शतशोऽपि वृक्षाः स्थूणावशेषा भयदायमानाः ॥१३॥
पाषाणनिष्पिष्टतनुत्रभाजो वीराः कबन्धा रुधिराक्तदेहाः ।
अद्यापि रात्रौ करुणायमाना रुदन्ति बन्धूननुशोचयन्तः÷ ॥१४॥

कीर्तिपुर गाउंकन घेऱ्या. तहा उचा जगा हुंदा उभो र उधो गरि बाणप्रहार गर्दै अत्युग्र कटक भया. अति उचा पर्खारमाथि राखिछोडचाका ढुंगाका भषारी षसालिंदा महातुमुल युद्धका अधोमुख ऊर्ध्वमुख बाणप्रहारका कटक भैकन शूर वीर सिपाही ढेर षर्च हुंदा भया. गाउंभित्रका लोकहरू स्वास्नि भया. बालक केटाकेटी भया. बुढाबुढी भया. इन्हरू सबै ढुंगा हांन्या भया ॥ सेनाले छोडचाका तीरको र गाउंबाट हान्न्याका ढुंगाका सम्पर्क हुंदा आकाशबाट आगोको पनि वृष्टि हुंदा भया. शुक्याका झारपातमा त्यो आगो पर्दा डढ्चालो भै हजारन् वृक्षहरूकन भस्म पारिदिया. ताहापछि अगुल्टो फालिराख्याका मसान भूमि झैं डर लाग्न्या ठाउं भया ॥ मानिसकन पनि लागो भागो भयो। गाउंका लोकले पर्खारबाट ढुंगाका भषारि छोर्दा चूर्णीभूत भयाका कोही वीर सिपाही रक्तले मुछ्याका देह भैकन विना शिरका कबंध जागेर आफ्ना बंधुवर्ग परियार माता पिताका नाम लिंदै अतिदीन भावले शोक लिंदै कारुण्य भावले रुदै रात्रिका समयविषे कबंध ख्याकहरू कराउंदै नाचदै गर्न्याका छन् ॥११-१४॥

श्येना उलूका अथ काकगृध्रध्वांक्षाः×शृगाला अथ फेरवश्च °।
हृष्टाश्च तुष्टाश्च भवन्ति सद्यो मांसोष्णरक्तैश्च वसाविमिश्रैः ॥१५॥

पाठान्तर– १ निष्पेषणो–

+ यहाँ सवर्णदीर्घ हुनुपर्नेमा सन्धि नै गरिएको छैन ।

÷ 'शुच शोके' भ्वादि धातु हुनाले शतृ प्रत्ययमा 'अनुशोचन्तः' यस्तो रूप बन्छ । अतः 'अनुशोचयन्तः' यो रूप अशुद्ध हो । णिच् गरे 'अनुशोचयन्तः' रूप बन्छ । परन्तु यहाँ णिच्को प्रयोजन छैन ।

× "काक तु करटारिष्टबलिपुष्टसकृत्प्रजाः
ध्वांक्षात्मघोषपरभृद्बलिभुग्वायसा अपि ॥" १।५।२० अमरकोशअनुसार काक र

CC-0. In Public Domain. Digitization by eGangotri

तहाँ रणभूमिमा श्येन भया. उलूक भया. काग भया. मसानकाग भया. गृध्र भया. चिल्ला भया. श्याल भया. फेरु आदि भयाका पशुजात पंछिजातहरू शूर वीर सिपाहीका आलो मासु आलो रगत बोसो गिदी आंत्रा भुँडीसमेत यथेष्ट षान पाउँदा हृष्टपुष्टांग भयाका छन् ॥ १५ ॥

शूरा गोपुरसन्निकर्षमगमन्नायोधनाग्रेसरा
ये ते तूर्णममूमुचन्नुपलवर्षाघातनिष्पेषिताः÷ ।
प्राणान्, प्रस्तारसाद्भवन्त्यनुदिनं संपीडिताः प्रस्तरै–
र्गाङ्गेयस्य शरेण पीडिततनुः सेनेव यौधिष्ठिरी ॥१६॥

तेस् प्रकारका कटक हुंदा कोहि आदिन्या शूर बीर सिपाई अर्दलीसमेत भै हठले गाउंको ढोका फोहर्नु भनि गयाकालाई गाउँसमेत एकै बल ढुंगा भयाका कीर्तिपुन्याले बीचैमा ढुंगाका प्रहारले गरि चूर्णीभूत गराया. एसै प्रकारसित दिनका दिन केवल ढुंगाका वर्षाले पीडित गर्दा श्री ५ पृथ्वीनारायण साहका सिपाई घट्तो जांदा भारत संग्राममा गंगाका पुत्र गाङ्गेय श्रीभीष्मले तीर छोर्दा युधिष्ठिरका सेना झैं ढेरै सेना षर्च भैगया. ढोका फोरन सकेनन् ॥१६॥

दृष्ट्वैवं प्रतियोगिनीं रणभवां नीचैः स्थितां स्वां चमूं
संसीदन्निव वप्रभेदनविधावस्त्राणि शस्त्राण्यथो ।
निर्मातुं चकमे धनानि बहुशः श्रीपृथ्वीनारायणः
केभ्यश्चिद् धनवद्भ्य उत्सुकतया तद्युद्धसंसिद्धये ॥१७॥

एस् प्रकारका कटकको प्रयोगकन हेर्दा उचा जगाका वैरी नीचा जगाका आफुकन बुझदा महाखेद चित्तले क्षणभर सुस्केरा राषि तत्कालैमा धीरचित्त भै श्री ५ पृथ्वीनारायण साहले हुकुम गर्दा भया. अरे २ एति जति भया त अब उप्रान्त सुरुंगको विधान गरेर पर्खार फोर्नु उपाय गर्नुपर्‍यो. तस्मात् कोहि घनाढ्यसंग नेपाल बाँधा राषेर पनि

ध्वांक्ष शब्द समानार्थक हुन् । सुन्दरानन्दले ध्वांक्षको अर्थ ' मसान काग ' दिएका छन् । यसको मूल चिन्त्य छ ।

• ' शृगालवञ्चकक्रोष्टुफेरुफेरव जम्बुकाः २।५।५' अमरकोशअनुसार शृगाल र फेरु शब्द पनि समानार्थक हुन् । सुन्दरानन्दले अर्थमा ' फेरु 'नै लेखेका छन् । उनले फेरु शब्दले केलाई लक्ष्य गरेका हुन्, थाहा छैन । तर फ्याउरोलाई लक्ष्य गरेका हुन् कि भन्ने शङ्का उठ्तछ ।

÷ ' पिष्लृ संचूर्णने ' धातु अनिट् हुनाले ' निष्पेषित ' यो रूप अशुद्ध हो । शुद्ध रूप ' निषिष्ट ' हुन्छ । णिच् गरे ' निष्पेषित ' रूप बन्छ तापनि यहाँ णिच्को प्रयोजन छैन ।

CC-0. In Public Domain. Digitization by eGangotri

धनकन ल्याउनुपऱ्योx. धन ल्यायापछि नाना तरहका हतियार बनाउन लाउंला र वैरी हटाउंला भनि निश्चय गर्दा भया ॥१७॥

संभूयामात्यवृन्दैरनुजदलजिता कीर्तिमोदेन साकं
शूरैः पार्थादिसंज्ञैरथ च सुरप्रतापेन कीर्तिपुरीष्टेः।
श्रीदेवीघाटमाप्लाव्य च सपदि महामण्डपं संविवेश
क्लिष्टात्मा पञ्चपाब्दावधि युधि बलवद्योधृलोपात्सुदीनः ॥१८॥

आफ्ना सोदर श्रीकीर्तिमोद साह÷ श्रीदलमर्द्दन साह श्रीसुरप्रताप साह प्रमुख भयाका पारथ भंडारि कालो पांडेसमेत मंत्रीहरूसंग साम दान विग्रह भेद आदि भयाका उपायकन गरि कीर्तिपुरका कटकदेखिन् पराजय भया जस्तो पारि फर्केर त्रिशूलगंगा श्रीदेवीघाटमा स्नानादि संध्यावंदन गरेर राजोपचारका विधानले श्रीभैरवीको पूजा गरि अलिबलि चढाएर पाँच वर्ष बिति छेठा वर्ष लाग्याका कटकमा शूर वीर महाबलिया सिपाइ षचं हुंदा दीन चित्तले कृशांग भयाका श्री ५ पृथ्वीनारायण साहदेव जो छन् सो गाउभित्रका श्रीमहामण्डपका बस्ति अंतपुरमा प्रवेश गर्दा भया ॥१८॥

×कीर्तिपुर युद्ध भइरहेंदा नेपाल-उपत्यका पृथ्वीनारायण शाहले जितिसकेका थिएनन्, नेपाल-उपत्यकाको अलिकता भाग मात्र पृथ्वीनारायणको अधीनमा थियो । यहाँ 'कोहि धनाढ्यसंग नेपाल बाँधा राखेर पनि धन ल्याउनुपऱ्यो' भनी उपत्यकाको त्यही भागलाई नै 'नेपाल' भनेको हुनुपर्छ ।

÷ यहाँ सुन्दरानन्दले पृथ्वीनारायणका एक जना भाइको नाउँ 'कीर्तिमोद साह' भनी लेखेका छन् । परन्तु तात्कालिक लेखमा यिनको नाउँ 'महोद्दामकीर्ति' भनी लेखिएको पाइन्छ–

"स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नत श्रीमन्महाराजाधिराजकुमारश्रीमन्महोद्दामकीर्तिसाहदेवेषु सदा समरविजयिषु आशिषपूर्वक-पत्रमिदम् "

[पृथ्वीनारायण शाहले महोद्दामकीर्तिलाई लेखेको पत्रबाट । इतिहास प्रकाश १।१ को १२ पृष्ठमा ऐ. शि बाबुराम आचार्यद्वारा सम्पादित भई यो पत्र छापिएको छ]

तस्यानुजाः सन्ततशुद्धभावाः सन्तोह चत्वार उरुप्रभावाः । ...
श्रीमन्महोद्दामकपूर्वकीर्तिसंज्ञाधरः सङ्गरभीममूर्तिः ॥ ३–४ ॥
[ललितावल्लभको भक्तविजयकाव्यबाट]

[उहाँ (पृथ्वीनारायण) का सबै शुद्ध मन भएका, प्रभावशाली चार भाइ हुनुहुन्छ । ... लडाईंमा डरलाग्दा भएका श्रीमहोद्दामकीर्ति (माहिला हुनुहुन्छ)]

CC-0. In Public Domain. Digitization by eGangotri

शस्त्राणि चास्त्राणि च कञ्चुकानि
वीरोपयोग्यानि परश्वधांश्च ।
शस्त्रोः शिताः कर्तरिकास्तथा स्फ्यां-
स्त्रिशङ्कुशूलान्यथ भल्लबाणान्[1] ॥१९॥

तहांपछि श्री ५ महाराजाले निश्चय गर्‍याका प्रतिज्ञाबमोजीम् नानाप्रकारका शस्त्र भर्‍याका आफुसंग राख्न्या अस्त्र भर्‍याका तीर बदुक गोला आदि छोडन्या कंचुक भर्‍योका आंगमा लाउन्या कवच भयो. फर्सा भयो. अतितीषा छुरिहरू भया. तरबार भया. षुंडा भया. कटारि भया. षुकुरि भया. बर्छा भया. कैची भया. रंडाहरू भया. टंक भया. घना भया. मुग्रो भया. तिनषुटचा किलो भया. त्रिशूल भया. द्विशूल भया. एकशूल भया चिप्टो भया. सिक्री भया. नेवर भया. अर्धचन्द्रका आकारका भल्ल बाण भया. कोदालो भया. खनति प्रभृति हतियारकन हजारन् जुवान सिपालु कर्मि आदमी-हरूकन राषि चांडै तयार गर्न लाग्या ॥१९॥

तत्रापश्यदमेध्यपुञ्जजनितं सोऽङ्गुष्ठमात्रं कृमिं
भूयोभिश्च पिपीलिकाकुलशतैरावाह्यमानं हठात् ।
दन्तादन्ति पिपीलिकाभिरसकृद्दष्टं च षष्ठाच्च्युतं
संनिन्युश्च पिपीलिकाः स्वविवरं यत्रास्ति तन्नायकः ॥२०॥

तहांपछि एक दिन श्री ५ महाराजा श्रीमहामण्डपमा कचहरीका[2] बीचमा विराजमान हुँदा अगाडिका उकालो बाटामाका कुह्राको गोबरदेषिन् निस्क्याका अंगुष्ठ प्रमाणका बलियो एक कृमिकन ढेरै बथानका पिपीलिका कमिलाहरूले टोक्तै घिसारी बोकाइ गर्दै फेरि खसतै फेरि टोकेर घिसार्दै दाँतले टोकता टोकतै एक कृमिको र ढेरै पिपीलिका बथानको परस्पर दांतले टोकता टोकतै घिसारि फेरि बोक्तै हंठ गरिकन परस्पर जुझ्याको कृमिकन नजर गर्नु हुंदा भया. कचहरीका सबै काज कामकन छोडी कृमिको र पिपीलिकाको युद्धयात्रा हेर्न लाग्याका थिया. तत्क्षणैमा पिपीलिकाहरूले कृमिलाई घिसारिकन चार पांच हातको भैइंसम्म पुऱ्याएथ्यो. फेरि उल्टेर गोबरैमा पुग्यो. यस्तै ६ फेरासम्मको टोकाटोक हुँदा सात फेरामा कृमिका बल घट्तो जांदा पिपीलिकाहरूले जौना प्वालभित्र आफ्ना षामिद पिपीलिका बस्याका छन्, तेसै प्वालभित्र कृमिलाई ले गयाको सबै दुनिजाले पनि देख्या. श्री ५ महाराजाबाट त विवेकपूर्वक सबै तरहसित नजर गर्नु भयोथ्यो ॥२०॥

पाठान्तर- १ भल्लसंज्ञान् २. वैटकमा

CC-0. In Public Domain. Digitization by eGangotri

तत्सादृश्यबलाबलं रिपुकुलध्वस्त्यै विचिंत्यात्मनः
श्रीमत्पृथ्विनरायणो निजबलं संबोधयामास ह ।
किटादेव गुणं प्रगृह्णथ भवन्तोऽनेा कृमिं पश्यथ
गच्छध्वं पुनरेव कीर्तिपुरिकां मत्कीर्तिसंरक्षणे[1] ॥२१॥

पिपीलिका बथानको र एक्ला कृमिको परस्पर जपत् भयाको बलाबलकन नजर गर्नु-हुँदा श्री ५ पृथ्वीनारायण साहदेवबाट निज बल सिपाई प्रमुख आपंतमा संबोधन गरीं चैतन्य गराई हुकुम गर्दा भया हे आपंत निजबलहरूहो, बुझ्यौ कि बुझ्यौनन् . कृमिलाई र पिपीलिकालाई देष्छौ कि देषतैनौ. कृमिको र पिपीलिकाको गुण लिन्या गर. पाँच वर्ष नाघि छठमा वर्ष लाग्यो. किंचित् एक गाउ हटाउनामा दीनता नहौ. मेरा यशकन राषना निमित्त फेरि जाउ र कीर्तिपुरकन घेर× ॥२१॥

पाठान्तर–१.राष्ट्रिय पुस्तकालयको प्रतिमा'यसपछि अरू दुइ श्लोक बढ्ता छन्–

"शंकुला अपि च कारयति स्म वक्रकर्त्तरिषुडेत्यभिधाय ।
शंकुलागमविदो मगराख्यानाजुहाव स कुटुंबविहारान् ॥
निजपृष्ठनिबद्धडोकिनीभिः कपिकान्ताकुटिलावलोकनाभिः ।
भुवि मल्लनृपालपालितायां मगरीभिर्विसुखानि चक्रिरे ॥ "

(नेपाली अर्थ छैन)

÷ 'युष्मद्युपपदे समानाधिकरणे स्थानिन्यपि मध्यमः' १।४।१०५ [समानाधिकरण (एउटैलाई बुझाउने=तिङ्ले जसलाई बुझाएको छ, उसलाई बुझाउने) युष्मद् शब्द उपपद भएमा सो युष्मद् शब्द प्रयोग भएमा पनि नभएमा पनि मध्यम पुरुष हुन्छ] सूत्रअनुसार युष्मद् शब्दसंग सम्बन्ध भएमा मात्र मध्यम पुरुष हुने हुनाले यहाँ ' भवन्तः गुणं प्रगृह्णथ ' भवन्तः कृमिं किं न पश्यथ' भवन्तो गच्छध्वम् ' यी वाक्यमा मध्यमपुरुषको प्रयोग गरिएको अशुद्ध छ । फेरि ' प्रगृह्णथ' ' गच्छध्वम् ' यी रूप पनि अशुद्ध हुन् । यहाँ ' भवन्तो गुणं प्रगृह्णन्तु, भवन्तः कृमिं किं न पश्यन्ति, भवन्तो गच्छन्तु ' यस्ता वाक्य लेख्नुपर्छ ।

× कीर्तिपुर अग्लो ठाउँमा दुर्गको रूपमा रहेको छ । अतः पृथ्वीनारायण शाहलाई कीर्तिपुर जित्न निकै गाह्रो भयो। ठूलो परिश्रमले, घेरै समय लाई, क्षय र व्यय निकै सही उनले कीर्तिपुर दख्खल गरेका थिए । यस कार्यमा धैर्य र उत्साह आवश्यक थियो । यहाँ कमिलाको घटनाबाट उत्साही भई पृथ्वीनारायण शाहले कीर्तिपुर विजय गर्ने काम छोड़ेनन् भन्ने कथा सुन्दरानन्दले लेखेका छन्। पृथ्वीनारायणको विजययात्रा योजनाबद्ध थियो। योजनाअनुसार काम गर्ने विजिगीषु पुरुषले काम सफल नहुन्जेल त्यसमा लागिरहन् कुनै आश्चर्यको कुरा होइन । यस कारण यस कथामा सत्यता देखिदैन ।

CC-0. In Public Domain. Digitization by eGangotri

अरिर्मित्रमुदासीनमभवद् भुवनत्रयम् ।
कीर्तिपुरीवनं स्थूणावशिष्टं वीक्ष्य भीरुवत् ॥२२॥

प्रथम नजीक पन्याका कांतीपुरका राजा अत्यंत वैरि हुन गया. बाघ पस्ला भन्या डरले खिकि बांध्या झैं गरि पर्वार इत्यादि बनाया. ताहादेषि मध्यस्थ ललितपत्तन मित्र हुनकन चिठीपत्र पठाया[१]. अलिक टाढा पन्याका भक्तपुरका राजा उदासीन दोमन चित्त हुन लाग्या. क्यानभन्या कीर्तिपुर जत्रो छिचरो जगा एतिका दुःख पारी वनकन चूर्णभूत पारी अगुल्टो शेष राखि भस्म पारिदियो भनि तिन त्रिभुवनकन शंकाविषको भय लाग्यो[२] ॥२२॥

पृथ्वीनारायणार्कः प्रथममिह समाक्रम्य नेपालभूमा-
वासप्ताब्दाहवेन प्रतिखनितसुरुंगेण कीर्तिं प्रविष्टः ।
श्रीमद्व्याघ्रेशमुद्दिश्य च बलिमददाच्चत्पुरीवासिलोक-
च्छिन्नघ्राणोष्णमांसैः स्म जयति नरभूपालजः पूर्वजिष्णुः ॥२३॥

श्री ५ पृथ्वीनारायण साह जो छन्, सयलपूर्वक सिकार खेलना झैं दैभुङ नुवाकोट दहचोक किरान्चोक फत्ते गरिकन सिपाहि बढाउदै नेपाल पाउ लागनुहुंदा उच्च जगा हुंदा कीर्तिपुन्यासंग अधोमुख ऊर्ध्वमुख शस्त्र अस्त्र प्रहार गरि लडाई हुंदा आकाशबाट असिना बर्साया झैं ढुंगाको राशी वसालिदिदा सात वर्षसम्म व्यतीत भया. तहांपछि सुरुंग खनि लिन्या हो भनि उद्योग गर्नै मात्र श्री ५ पृथ्वीनारायण साहरूपी सूर्यका अद्वितीय प्रतापका ज्वालाले दग्ध भयाका कीर्तिपुन्याहरू आतुर भै गया. ताहां सुरुंग षन्ने नपर्न्या गरि सहजै कायल भयाका कीर्तिपुन्याहरूका नाक काटि आलो रगतले सहित गरि व्याघ्रभैरवमा अर्पण गरी बलि दिदा भया. एस्ता प्रकारले श्रीनरभूपालका पुत्ररत्न श्री ५ पृथ्वीनारायण साह विशेष गरि एस् नेपालमंडलमा जय २ कारले प्रथम

पाठान्तर– १. *ललितापातन मित्रहरूकन चिन्तिपत्र चढाया.*

२. रा. पु. को प्रतिमा यो श्लोकपछि अर्को एउटा श्लोक चढ्ता छ—

" लोकोऽशुभस्तिष्ठतु तावदन्यः पराङ्मुखानां समरेषु पुंसाम्।
पत्न्योपि तेषां न ह्रिया मुखानि पुरः सखीनामवलोकयन्ति ॥

अशुभ लोक कातर सिपाही नेवस. हाम्रा प्रतिज्ञा नपुन्यासम्म संग्रामबाट फर्केर गयाकाको स्वास्निहरूले मुख पनि नहेर्नु लाज पारी फर्केर कटक छोडी आउन्याको भनि हुकुम भया."

CC-0. In Public Domain. Digitization by eGangotri

युद्धयज्ञमा विराजमान हुंदा भया[1] ॥२३॥

आसप्तमाब्दप्रथनेन वितिष्ठमानं
गोर्षाधिपं स्फटिकवद्ध्युपधावशेन ।
श्रीव्याघ्रभैरवमिति प्रणिधाय सर्वे
निन्युः पुरीं प्रणतिपूर्वमहोत्सवेन ॥२४॥

जस्ता २ प्रकारसंग लडाइं पऱ्यो, तस्ता २ प्रकारका हतियार तैयार गरि लडाइं हुंदा कीर्तिपुऱ्याका चित्तले शंका मानिकन भऱ्न लाग्या. हे २ प्रजाहो. एति वर्ष लडाइ भैगया पनि हाम्रो केही क्षिप् लागेन, श्रीव्याघ्रभैरबले गोर्षालाई वरदास्ति दिशक्या हुन्. तस्मात् नील पीतादि रंगायाका द्रव्यमाथि राख्याका फटिक झैं देदीप्यमान तेज बढ्यो. श्रीव्याघ्रभैरवेश्वर पक्ष पऱ्यो हो भनि संमत गऱ्या. तस्मात् हामि सबै मिलि बंदोवस्त गरि ढोका उघारेर महाषुसि तुल्याई प्रवेश गराउन्या हो भनि ठहराई विनयपूर्वक गाउंभित्र प्रवेश गराउंदा गया ॥२४॥

उक्तं च

उद्यमः साहसं धैर्यं बलं बुद्धिः पराक्रमः ।
षडेते यस्य तिष्ठन्ति तस्य देवोऽपि शङ्कते× ॥२५॥

पाठान्तर– १. रा. पु. को प्रतिमा यसपछि केही श्लोक थपिएका छन्—

"श्रीव्याघ्रभैरवाय नमः ॥
कदम्बामोदाढ्ये महति विपिने वासनिरतं
निराभासं रोमावलिविहितभूषं मृगरिपुम् ।
जटाजूटच्छिद्रीकृतगगनचक्रान्तरगल-
ल्ललद्वार्दं व्याघ्रं निशि दिनमहं नौम्यवनतः ।
श्रीव्याघ्रेश्वरभैरवः प्रणमतां सर्वार्थसंपत्प्रदो
योऽसौ पाशवरूपतः शुनकगोमाख्वेडकाजादिकान् ।
कृत्वा पारिषदान् कदम्बविपिने निर्भीश्चरन् भीतिहा
स स्ताद्भक्तिमतां दुरन्तविपदि श्रीभैरवोऽभैरवः ॥
इत्येवं प्रणिपत्य भूपतिरसौ पृथ्व्यादिनारायणः
प्राविक्षन्नगरीं ···

(यति लेखी त्यसै छोडिएको छ)

×यो श्लोक अन्तबाट उद्धृत गरिएको हो । सुभाषितरत्नभाण्डागारमा पनि यो श्लोक छापिएको छ।

CC-0. In Public Domain. Digitization by eGangotri

जौना पुरुषमा उद्यम आदि ६ प्रकार हुन्छन्. तस् देखि देवताहरूले पनि चित्तमा शंका राख्छन् ॥२५॥

आयोधनाग्रसरवीरसुरप्रताप-
साहस्य चैकनयनं सहसा बबाधे ।
जाल्मेन केनचिदिव क्षितिजाकुचाग्र-
स्याबाधकस्य रघुजेन सकृत्प्रजस्य ॥२६॥

ताहांपछि हुन्या काम नबुझ्न्या रिसाहा दुर्मति एक कोहि प्रजाले तिर छोर्दा सिपाहिमा सर्दार भयाका श्रीसुरप्रताप साहका नेत्रमा लाग्यो. डेरा पुगि तिर झिक्दा आंषासमेत् तिर झिक्यो. तस्तै पूर्वकालविषे श्रीरामजीका अर्धांग शरीरमा सुखशय्या गरि सुत्याका सीताका कुचमण्डलमा महाधूर्त कौवाले नखक्षत गर्दा श्रीरामजीले कौवाका आंषामा घाँसले हानदा एक आंषा अद्यापि कानो रहेछ. तस्तै एक आंषा झिक्यो. तांहापछि काना बाज्यू बोलायो ॥२६॥

ज्येष्ठशुक्लदशम्यां श्रीपृथ्वीनारायणस्य यः ।
सेनानीः कीर्तिपुरजैः कालोपाँडेः निपातितः ॥२७॥

ज्येष्ठ शुक्ल दशहराका दिनमा[1] श्री ५ पृथ्वीनारायण साहका सैन्यमा सर्दार भयाका अतिशूरा कालो पांडेकन कीर्तिपुरवाले कपटले मारिदियो + ॥२७॥

तत्साहसेन नृपपृथ्विनरायणोसा-
वापश्चमाब्दिकनरं सहसा बबाधे ।
विश्वास[2]घातकमिवेति च नासिकाभि-
श्छिन्नाभिरालुठितवित्तधनेन साकम् ॥२८॥

पाठान्तर-*१. ज्येष्ठ शुक्ल दशमी पर्वकालमा मेला पारिकन, २. विसूम्भ-*

+ कीर्तिपुरको पहिलो लडाइँमा वि. सं. १८१४ ज्येष्ठ शुक्ल दशमीका दिन काजी कालु पाँडे मारिएका हुन् । यहाँ कीर्तिपुर विजय भएपछि कीर्तिपुरेको कापट्यले उनी मारिए भनी लेखिएको छ । ज्येष्ठ शुक्ल दशमी तिथिचाहिं सुन्दरानन्दले मिलाएका छन्, सालको उल्लेख भने गरेका छैनन् । वंशावलीमा काजी कालु पाँडेको मृत्युको विषयमा यस्तो लेखिएको छ—

"यहाँपछि गोर्खाका काजी कालु पाँडेको विति पृथ्वीनारायणसंग नलागा बाल-कृष्ण जैसीलाई डाकी सायत हेराउनुभयो । शाके १६७९ संवत् १८१४ ज्येष्ठका १९ दिन जांदा दशहरा शनैश्चरवारका दिन हान्या सायत लेखी चढाया ।

CC-0. In Public Domain. Digitization by eGangotri

तांहापछि काना बाज्यू भनि बोलायाको रिसले श्री ५ पृथ्वीनारायण साहबाट बक्साई कीर्तिपुन्या आइमाईसमेत समाई उसै दिनमा पांच वर्षसंमका लोग्न्याको नाक काटिदिया. बन दौलत वृता सबै हुरन् गरि लुटायाको बंदोवस्त गरि प्रवेश गराई पछि विश्वासघात गन्याको एही फल पायो. अद्यापि कीर्तिपुन्याले कापट्य छोड्दैनन्. सुख पनि पाउंदैनन् ॥२८॥

संसेरराणाकालुराणादलमर्दनसहायकैः[1] ।
दलजित्साहतुलारामथापापार्थभंडारिभिः ॥२९॥
श्रीविश्वनाथो मिश्रेशो रणयज्ञमपूपुजत् ।
सप्ताहभागवतवद्दत्तसर्वस्वदक्षिणम् ॥३०॥

तांहापछि समसेर राणा कालु राणा दलमर्दन साह दलजित साह तुलाराम थापा×

पाठान्तर-१. दलमर्दनसाहयुक्,

जब काजीले अझ पनि महाराजमा विंत गर्छु. कीर्तिपुर गुहारलाई तीन राजाका लस्कर आयाको छ, कीर्तिपुर बलियो भयाको छ, हान्न्या होइन, इ राजा फर्केपछि हान्नुहोला भनी विन्ति गर्दामा पनि मंजुर नपरी तँलाई मर्न गाह्रो लाग्यो र भनी हुकूम हुंदा मैले मरी हजुरका सव्ये हुन्यारहेछ भन्या म मर्न जान्छु भनी मुखमा पंचरत्न हाली आफ्ना जेठा छोरा वंशराज पाँडेलाई हात समाई महाराजका पिछडीमा हाली विदा भै भाजंगालमा ठाना हाल्या.कालु पांडेका साथ आफूसित भयाका लस्कर साथ लाई कीर्तिपुरमा ठूलो लडाजी भयो. दुइ पक्षका सेना घेरै मऱ्यो ···गोर्खाका लस्कर ४०० ठहरै पऱ्यो । यस लडाजीमा गोर्खा महाराजातर्फका मुख्य मुख्य सर्दारहरूमा काजी कालुपांडे···प्रभृति गोतिया थरघर भाराहरू घेरै मऱ्या । घायेल पनि घेरै भया."

×यहाँ तुलरामलाई 'थापा' भना लेखिएको छ । किन्तु यिनी थापा होइनन्, पाँडे हुन् । यिनी गणेश पांडेका वंशज हुन् । विष्णुमती पुलनिर रहेको भोटु पाँडेको शिलालेखमा उनको वंशक्रम यसरी दिइएको छ—

"हिमालय पर्वतका नजिकमा रह्याका गोर्षा पर्वतमा सुबुद्धि भयाका गणेश पाँडे भैगया, तन्को पुत्र···विष्णु पाँडे भया, तन्को पुत्र विरु पाँडे भया. तन्को पुत्र··· वली पांडे भया. तन्को पुत्र विष्णुदाश पांडे भया. तन्को पुत्र धर्मात्मा भयाका लडाइमा ठूला पराक्रम भयाका तुलाराम पांडे भया"

[संस्कृत-सन्देश २।२ मा श्यामराज+मोहननाथ+बाबुराम+किशोरमणि +सुशीलकुमारहरूद्वारा यो अभिलेख छापिएको छ]

स्वयं सुन्दरानन्दले पनि अर्को ठाउँमा (५९ श्लोकमा) यिनलाई पांडे भनी लेखेका छन्। यस विषयमा सुन्दरानन्दलाई भ्रम भएको देखिन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

पारथ भंडारि गैह संमत गरि श्रीविश्वनाथ गुरुज्यूले रणयज्ञको प्रतिष्ठा गऱ्या झैं बढाइ गऱ्या जस्तै सप्ताह भागवत सुन्दा पवत. दक्षिणा दिन्छन् र श्रीभगवान् प्रसन्न हुंछ. तस्तै गरि कीर्तिपुऱ्याका सर्वस्व वृत्ता खेतसमेत गुरुदक्षिणा भै गयोथ्यो ॥२९ ३०॥

उक्तञ्च--

स विश्वजितमारेभे यज्ञं सर्वस्वदक्षिणम् ।
आदानं हि विसर्गाय सतां वारिमुचामिव ॥३१॥

जस्तै मेघले भूमिबाट रस झिकेर फेरि दश गुण बर्साउंछ. तस्तै गरि श्री ५ पृथ्वीनारायणबाट विश्वजित् यज्ञ गऱ्या झैं सर्वस्व लुटाइ दान गर्दा भया ॥३१॥

सर्वस्वदक्षिणवरेण मखेन तुष्टो
व्याघ्रेश्वरो नृपतिपृथ्विनरायणानाम् ।
स्वेदाम्बुनाङ्गगलितेन कृताभिषेक-
साम्राज्यसिद्धिमदिशत् पशुपाशमोक्त्रीम् ॥३२॥

सर्वस्व दक्षिणा दियाका रणयज्ञले संतुष्ट भयाका श्रीव्याघ्रभैरवका अंगमा आयाका पसिनाले श्री ५ पृथ्वीनारायण साहदेवलाई सार्वभौम चक्रवर्तिका साम्राज्य सिद्धि फलका अभिषेक दिया झैं कौनै मनुष्यरूपी पशुका पाशो नलाग्न्या सिद्धिफल दिया जस्तो पसिनाको धारापात[1] भयो ॥३२॥

स्वप्नलब्धप्रसादेन पृथ्वीनारायणेन ह ।
विपिनानि प्रकाशानि क्रियन्ते रघुणा यथा ॥३३॥

एसै प्रकारले बिपनामा देख्याका सपनामा पनि श्रीव्याघ्रभैरवका प्रसाद हुंदा श्री ५ पृथ्वीनारायण साह जो छन् सो साक्षात् दिलीप राजाका पुत्र रघु राजाले विपिनानि प्रकाश गऱ्या झै कीर्तिपुरका जंगलकन मंगल गरी वृक्षहरू ढलाइ उज्यालो तुल्याई चोभाल् बुग्मती षोकना पांगा सुनागुठी ठेचो चापागाउँ लेले इत्यादिसंमका जंगल उज्यालो गरिदिंदा भया ॥३३॥

लुब्धेनोपशयस्थेन दक्षिणारुर्मृगो यथा ।
निरुध्यते हि सहसा नेपालभुवनत्रयम् ॥३४॥

मृग मार्न्या षोलाका नगीचमा डेरा गऱ्याका व्याधाले जस्तै घाई लाग्याका मृगका बथानकन घेरेर बाँद्धछ. तस्तै गरि तिन् सहर नेपाल कान्तिपुर ललितपाटन भादगाउ एति तिन सहरकन घेऱ्या ॥३४॥

पाठन्तर- १.धारा आयो,

CC-0. In Public Domain. Digitization by eGangotri

कबन्ध उदजागरीत्तदधुनापि कीर्तिपुराद्
गणेशमुपधावति प्रतिभटेषु गर्जन्निव ।
गृहीतकरवालको निशि निशातहिक्कारवैः
परस्परपराहतं[1] प्रतिनिनादमुज्झन्निव ॥३५॥

कीर्तिपुरीदेषीन् चोभालका श्रीगणेशथानसम्मका अद्यापि कबन्धहरू परस्पर हानाहान गरि शस्त्रास्त्र ली सिपाहीसंग हिक्का स्वर गर्दै निशान समाई लडाई गऱ्याका कुरा बोल्दै रातमा दगुर्छन् ॥३५॥

लोकेश्वरं[2] हयग्रीवं भैरवं पीठयोगिनीः ।
आनन्दादिं लोकनाथं कर्कोटमुरगाधिपम् ॥३६॥
यथाविधि पूजयित्वा गणेशानमपूपुजत् ।
पृथ्वीनारायणनृपः सस्नौ प्रभावतीजले ॥३७॥

ताहाँपछि बुग्मतीमा मछिन्द्रनाथ रुद्रकुंड हयग्रीव भैरव लेलेमा त्याङाभैरव मंजुश्री. गाउँ गाउँका शिवालय नारायण चावहिका शाक्यसिंह चैत्यभरार चंपागाउँम वज्रवाराही पीठयोगिनी मातृगण चोभालका आनन्दलोकेश्वर चोभालका श्रीगणेश टौदहका कर्कोटक नागराजा गैहकन विधिपूर्वक राजोपचार पूजा गरि प्रभावती तीर्थसंगम डुखु दोभानमा स्नान सन्ध्यातर्पणादि गर्दा भया ×॥३६-३७॥

पाठान्तर- १. *हताहतं* २. *श्रीमत्स्येन्द्रं*

×पृथ्वीनारायण शाहले कीर्तिपुर विजय गरेपछि त्यहाँका बौद्धको पूजानिमित्त गूठी राखिदिएको उल्लेख तात्कालिक कागतमा पाइन्छ—

(श्री ५ रणबहादुरको प्रशस्ति)

"आगे भागसीं बाडाके श्रीबौद्धको थानमा आश्विन सुदि १५ का दिन होम गर्नु. आगम गणेशको पूजा गर्नु. तहांका नाइक्या बाडा सबकन भोज खुवाउनु. रात्रिमा गोनाल चक्रमत बालनु. जात्रा गर्नु तसनिमित्त श्री ५ जीजुबाज्या कीर्तिपुर प्रवेश हुँदा रोपनि पच्चीस २५ गल्सी खेत गुठी राखिबक्स्याको रहेछ. आज अमली-दारबाट सालीन्ना रूपैयाँ २ असुल लीदा रहेछन्. आज हामीले माफ गरी गुठी विर्ता गरीबक्स्यौं. पातीरजामासंग हीजोका परंपरासंग गुठ चलाव बालीको भोग गर. अमालीदारको लाग नास्ति. इति संवत् १८४९ साल कार्तिक शुदी ९ रोज ४ शुभम्"

[कीर्तिपुर भगवान् गूठीको गू. ल. नं. १५४ । इतिहास-प्रकाश १।१ को ७६ पृष्ठमा श्रीगुरु पं. नयराज पन्तद्वारा यो प्रकाशित भएको छ]

CC-0. In Public Domain. Digitization by eGangotri

भुवनत्रितयाक्रान्तप्रकाशीकृतविक्रमः ।
पृथ्वीनारायणनृपो बिरजे वामनो यथा ॥३८॥

नेपालमंडलका देवदेवीहरूका प्रसादले र तीर्थोत्तम प्रभावतीका प्रभावले शुद्ध आत्मा भयाका श्री ५ पृथ्वीनारायण साह बो छन् सो तिन् सहर नेपालकन ढाकन्या भयंकर डरलाग्दो पराक्रम पाई त्रिविक्रम औतार लियाका वामन झैं गरि बडा शोभायमान हुन्थ्या ॥३८॥

भूर्भुवःस्वर्महीपालो मल्लो बलिरिवाभवत् ।
पादाक्रान्त्यानतशिराः षट्प्रधानप्रपञ्चितः ॥३९॥

ताहाँपछि गोर्षा राजाका प्रतापरूपी चरणले आक्रान्त शिर भयाका तिन सहरका मल्लरूपी बलि राजा कालिदास प्रभृति छै प्रधानका प्रपंचरूपी रसातलमा पुग्न तयार भया ॥३९॥

उक्तं च

रामः सोमं पपिर्यज्ञे ददिर्गाश्चक्रिरद्भुतम् ।
याजकान् वव्रिराजह्रिः पुण्डरीके महाद्विजान् ॥४०॥

पूर्वकालविषे रामजीले पुण्डरीकनामा यज्ञमा सोमपान गर्‍या झैं गोदान गर्‍या झैं याजक ऋत्विकहरूलाई वरण गर्‍या झैं गोर्षाविषेका वेदांत विद्वान् जयमंगल पौड्याल कविहरूलाई सन्मानपूर्वक वरण गर्‍या. गोर्षा राजधानीका कुलीन महाआढ्य लोकहरूलाई झिकन पठाया. श्री ५ पृथ्वीनारायणरूपी वामनले कीर्तिपुरका रणरूपी यज्ञमा पूर्णाभिषेक पाई ताहा जति भयाका गाई गोरु रांगा भैसी भेडा बाषरा गैह्र मिश्रजी विश्वनाथ गुरु गैह्रलाई दान गर्‍या झै लुटाउन लाग्या. बाटाघाटमा चौकी राख्न्या गरि वाग्मतीका सेतु हालन्या गरि जंगलको मंगल गरी अद्भुत तमासा देषाया ॥४०॥

कालिदासप्रधानोऽथ शुक्राचार्यवदुन्मनाः ।
कर्णेजपः सूचकस्तु पिशुनो दुर्जनोऽभवत् ॥४१॥

कालिदास प्रधान भन्या बलिका गुरु शुक्राचार्य जस्तो भैकन चित्त अल्मल्याईकन गोर्षासंग गुप्त मंत्रणाको चिठि लेषिदै आफुसित एसो गरुंला. इहाछेउ पर्षाल बनाउला. झुपरी तुल्याउला. अंजन्साधन् गरि गोलि तलाग्न्या उपाय गरुंला. इहाछेउ ठाना राषी कटक गरुंला भनि भन्न लाग्या. ठाउँ-ठाउँमा ठाना पनि विनासित्ति बनायी दुर्जन भैगया ॥४१॥

CC-0. In Public Domain. Digitization by eGangotri

ब्रह्मविष्णुशिवप्रायान् सात्त्विकांस्त्रीन् महीक्षितः ।
मल्लांस्तमोमयान् कृत्वा रजसा रञ्जयन् प्रजाः ॥४२॥

ब्रह्मा विष्णु शिव जस्तो सात्त्विक स्वभाव साधु भयाका तिन् सहरका मल्ल राजाकन तामस तुल्याई रिस् बढाईकन रिसाहा तुल्याई, वचनका प्रपंचले प्रजालाई फुल्याइ बोल्न लाग्या ॥४२॥

प्रासादशिखरस्थानि चूडारत्नान्यपाहरत् ।
सौवर्णानि विचित्राणि गोर्षाभूपयुयुत्सया ॥४३॥

हे पंचहो, अमुक देवालयका फलाना देवलका गजुरी झिकन जाउ. ति गजुरी मासीकन एति रूपैजा महीनासारीहरूकन दर्माहा खर्च दिउंला. दलीकहरूलाई बलिया तुल्याउंला र गोर्षासंग जुझाउंला र हटाउंला भन्या ॥४३॥

टौधीधनप्रभृतयो भोट्याचौरानयूयुजन् ।
षट्प्रधानानुमत्या हि देशोपद्रवकारकान् ॥४४॥

टौधीधननामा प्रभृति ६ प्रधानले[1] घर चोरावनु बहाल २ का देवताका गहना चोरावनाकन भोटचा चोरहरूकन पाल्न लाग्या र घर घर चोराया. बहुत दुःख दिया ॥४४॥

उक्तं च

यत्र राजा स्वयं चौरः ससैन्यपरिवारकः ।
तत्राहं किं करिष्यामि यतो रक्षा ततो भयम् ॥४५॥

जहांका राजा आफै चोरी जारी गर्छन्. ताहाँ बसन्याहरू क्या काम गरून्. जहाँबाट रक्षा हुंछ. ताहांबाट भय दिन्या भया कस्को क्या सिप् लाग्छ ॥४५॥

पौरोपि चाशपत्तस्य त्वमस्मान् बाधसे वृथा ।
पिपीलिकौघवत् क्षुद्रांस्त्वमस्य फलमाप्नुयाः ॥४६॥

देवताका गहना चोराई बलात्कारले प्रजालाई नहाक्मा पीडा गरि आलमाल चोराई दुःख दियाछन्. प्रजाले पनि नहाक्मा दुःख पीडा पाउँदा शाप दिन लाग्या. छल बल कल नजान्या कमिला जत्रो क्षुद्र जन्तुसमान भयाका हामीलाई दुःख दियाछौ. तेस्का फल पछिल्ला दिनमा पाउलाउ भनि भन्न लाग्या ॥४६॥

पाठान्तर- १. टौधीधननामा चिधीधननामा भिंख्वाधननामा प्रभृति सैरुवाल धनवन्तहरूले,

CC-0. In Public Domain. Digitization by eGangotri

स्वदेशपथमुल्लङ्घ्य योऽन्यदेशमुपाक्रमेत् ÷ ।
स एव दण्डनीयः स्यादिति घोषमकारयत् ॥४७॥

फेरि आफ्ना देश छोडिकन अर्काको देशको बाटो ताक्यो[1] भन्या भारि दंड पर्ला भन्या आज्ञाले भ्यालि पिटाया ॥४७॥

तदा रल्लोऽभवन्मल्लः परस्परविरोधनात् ।
अग्निदो गरदश्चैव शस्त्रपाणिर्धनापहः ॥
क्षेत्रदारापहारी चाततायी चाभवत्स्वयम् ॥४८॥

प्रधानहरूले तेति गर्‍या उप्रान्त मल्ल राजाहरू आगो लम्पट आफै रल्ल भै गया. परस्पर 'अग्निदो गरदश्चैव शस्त्रपाणिर्धनापहः' भई काठहरू पोलन लाग्या. झुपडीकन पनि पोल्या. विषका प्रयोग गरिकन मारिकन पनि युक्ति लगाया. हतियारहरू पनि लिया. धन पनि चोर्‍या. खेती पाती पनि बांझो राख्या. परस्पर आततायी भैकन द्रोह गर्न्या भया. रानीहरू पनि फकाया. जार हान्या भनिकन विश्वजित् मल्ल राजा भाद्र वदिका त्रयोदशीका दिन तलेजुका कोठाभित्रसंम, भागी[2] गयाकालाई काटिदिया. स्वास्नी घर ल्याया. तेजमल्लकन राजा थाप्या ★ ॥४८॥

पाठान्तर– १, नाघ्यो, २. बसिरह्याकालाई,

÷ 'क्रमः परस्मैपदेषु' ७।३।७६ [परस्मैपदमा शकारको इत्संज्ञा हुने प्रत्यय पर भएमा क्रम्को दीर्घ हुन्छ] ले दीर्घ हुने हुनाले 'उपाक्रमेत् यो रूप अशुद्ध हो । शुद्ध रूप 'उपाक्रामेत्' हुन्छ ।

★ 'विश्वजित्मल्ल मारिएपछि तेजनरसिंहलाई ललितपुरको गद्दीमा राखे' भनी यहाँ सुन्दरानन्दले लेखेका छन् । परन्तु विश्वजित् मल्लको मृत्युपछि वि.सं. १८१७ मा काठमाडौं-का राजा जयप्रकाश मल्ल पाटनका पनि राजा बनाइएका थिए (परिशिष्ट 'ग' को वि. सं. १८१७ को अभिलेख हेर्नुहोस्)। पछि पाटने काजीहरूसंग ठ्याक्कठुक पर्दा जयप्रकाशले पाटन छोड्नुपर्‍यो । त्यसपछि वि. सं. १८१९ मा भक्तपुरका राजा रणजित् मल्ललाई पाटने काजी-हरूले पाटनको गद्दीमा राखे (परिशिष्ट 'ग' को वि. सं १८१९ को अभिलेख हेर्नुहोस्) किन्तु रणजित् मल्ल पनि पाटनमा टिक्न सकेनन् । अनि गोरखालीको घेराबाट उम्कन विवश भएर फेरि जयप्रकाशलाई नै ललितपुरेहरूले राजा थापे । राजा जयप्रकाशले अघि आफूलाई निकालेको रिसले पाटने काजीहरूको बेइज्जती गर्न सम्म गरे । यसबाट गृहकलह मात्र बढ्यो । गोरखालीहरूलाई हटाउने शक्ति उनीहरूमा भएन । गोरखालीलाई नै राजा थापे अन्न कपास आदिको हाहाकारबाट बचिएला कि भन्ने आशाले फेरि जयप्रकाशलाई भिक्की पृथ्वीनारायणका भाइ दलमर्दनलाई वि. सं. १८२० मा पाटनको गद्दीमा राखे ।

CC-0. In Public Domain. Digitization by eGangotri

उक्तं च

कुस्त्री हन्ति कुटुम्बानि कुपुत्रेण हतं कुलम् ।
कुमन्त्री हन्ति राजानं राष्ट्रं चौरेण हन्यते ॥४६॥

चाणक्यले भन्याको छ कुचरित्र स्त्रीले कुटुंब नाश गर्छे. कुपुत्रले कुलको नाश पार्छ. कुमन्त्री भया राजाको ह्रास्य फजिती हुंछ. चोरकन ननासिदिया[1] राज्य नाशिछ ॥४६॥

पाठान्तर– *१. नमारिदिया*

दलमर्दनबाट पनि सो काम नहुँदा अनि मात्र वि.सं. १८२२ मा व्यापारी तेजनरसिंहलाई राजा थापेका हुन् । वंशावलीमा यी घटनाको वर्णन यसरी गरिएको छ–

"विश्वजित् मल्ल राजाले ··· संवत् ८८० भाद्रवदि १३ का दिन प्राणत्याग गऱ्या ··· यहाँपछि संवत् ८८० भाद्र वदि १४ का दिन जयप्रकाश मल्ल राजा भया. भोग वर्ष १।२ इन राजाले हुकूम चलायाको देषी डर मानी टेकुदोभानतिर जाँदा उतैतिरबाट घपाई कान्तिपुर पठाया. यहाँ उप्रान्त पाटनका काजीहरूले भक्तपुर जाई रणजित् मल्लकन बुझाई संवत् ८८२ साल ज्येष्ठ मैन्हामा ल्याई ललितपत्तनमा राजा थाप्या. भोग वर्ष १ इन राजाकन मन नपरी शंखमूलमा श्राद्ध गर्न जाँदामा त्यसै बाटो घपाया. फेरि इनै प्रमाणहरूले कान्तिपुरका राजा जयप्रकाश मल्लकन अनेक तरहसंग बुझाई ल्याई राजा गऱ्या. मन्हा ६ भया उप्रान्त काजीहरूसंग चित्त नमिली राजा जयप्रकाश मल्लले दगा गरी ··· छवै काजीहरूकन बन्धन गराया ··· पाटनका प्रजाहरू जाई गोर्षाका राजा पृथ्वीनारायण साहकन राजा गर्नुपऱ्यो भनी विन्ति गर्न जाँदा राजाले आफ्ना भाइ दलमर्दन साहकन आफ्नु साटो छाप चिन्ह दिई पठाया र नेपाली संवत् ८८४ माघ शुक्ल १५ शुक्रवारका दिन पाटन सहरमा प्रवेश गराई राज्याभिषेक दिया. थोरै दिन व्यतीत भयापछि नून कपास राजा पृथ्वीनारायण साहले पठाइनदिंदा ··· ६ प्रधानहरू र प्रजाहरू मिली राजा पृथ्वीनारायण साहको नामका टीकाहरण गरी दलमर्दन साहकन राजा थाप्या. भोगवर्ष १. ताहापछि ··· प्रमाणहरू प्रजा रिसाइ दलमर्दन साहकन छेकी पछिबाट छाडिपठाया. यहाँपछि संवत् ८८५ वैशाखशुक्ल १२ वृहस्पतिवारका दिन पाटनवासी ठाकुर तेजनरसिंह मल्लकन राज्याभिषेक दिया. "

सुन्दरानन्दले विश्वजित् मल्लपछि तेजनरसिंह मल्ल राजा भए भनी यहाँ लेखी अर्को ठाउँमा दलमर्दन पाटनका राजा भएको कुरा उल्लेख गरेका छन् । दलमर्दनबाहेकका बीचका अरू राजा भएका घटनाको उल्लेख भने गरेका छैनन् । यस विषयमा सुन्दरानन्द भ्रममा परेका देखिन्छन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

मल्लं विश्वजितं प्रमाथ्य निभृतं षट्कानुमत्यैकलो
दारानानयति ÷ स्वकीयभवनं नासाद्यतिं नाकरोत् ।
इत्येवं जगतीतलं षडधीनं तत्सृष्टिसंहारसं-
स्थित्या श्रीदलमर्दनं बुबुधिरे द्वैरूप्यसंशान्तये ॥५०॥

६ प्रधानका अनुमतले थाप्याका राजा श्रीविश्वजित् मल्लकन ६ प्रधानमध्येका स्वास्नी बिगारिदियो भन्दा बाबत देषाई हुलकुल गरिकन दर्बारभित्र गुप्तस्थानमा फेला पारिकन जार हान्यां भनि काटेर भादौ कृष्ण त्रयोदशीका दिन केही दंड शासना नगराईकन स्वास्नि घर ल्याया. ताहा आमाचाहिं जोगमति माजुले शस्त्र दियोन्. राजा काटनाको अनुमतमा पस्याका' जति छन्. तिन्हरूका धन खेत वृत्ति बुद्धि कैल्है नबढोस् भनि भनिन्. एसै प्रकारले राजा थापनु मासनु राखनु आफ्ना मनोग्य गरिरहंदा ६ प्रधानको र मल्लहरूको बषेडा पक्षपात भै द्विधा हुंदा इहाछेउ राजा फिर्नुपन्यो भनी भन्या र कालीदासले श्रीदलमर्दन साह राजा थाप्या हुंदि कपास आदिको व्यवहार चल्ला बषेडा पक्षपात पनि शांत होला भन्न्या अभिप्रायले श्रीदलमर्दन साहकन समुझ्या*॥५०॥

पाठान्तर- १. टासिन्या,

÷ यहाँ 'ल्यायो' भन्ने अर्थमा (भूतकालमा) वर्तमानकालको रूप 'आनयति' प्रयोग गरिएको अशुद्ध हो । यहाँ 'आनयति स्म' हुनुपर्छ ।

*पृथ्वीनारायण शाहले नेपाल-उपत्यका विजय गर्न उपत्यकालाई चारैतिरबाट घेरा हाली बाटो थुनी उपत्यकाभित्र नून कपास अन्न आदिको पैठानी बन्द गरिदिएका थिए। यसबाट उपत्यकाका बासिन्दामा असन्तोष फैलाउने उनको विचार थियो-

"यहाँबाट राहां छेकनकन रुक्का पठाएको हो. तहाँ बाटामा चौकि चिया लाव. जो जहाँबाट नुन कपास छिराउँछ. तसकन पक्री ब्राह्मण भये बाँध. अरू जात भये नेपाल जाने बाटामा लैजाइ कटाउ. थांकोट चितलांग्मा पनि नुन कपास चीज माल जानु दिनु छैन. थांकोट चितलाङ पुग्यो त नेपाल पुग्यो."

[ऐ. शि. बाबुराम आचार्यको संग्रहमा रहेको पृथ्वीनारायण शाहले रामकृष्ण कुवरलाई लेखेको पत्रको सारांश। यसको उल्लेख इतिहास-प्रकाश २।३ को ४६३ पृष्ठमा पनि भएको छ ।]

यसबाट पृथ्वीनारायणको सो नीति स्पष्ट झल्कन्छ। हुन पनि पृथ्वीनारायणको यस कार्यबाट आवश्यक वस्तु नपाउँदा उपत्यकाका बासिन्दाहरूमा निकै खलबली मच्चियो। यसैलाई शान्त पार्न पाटनका काजीहरूले दलमर्दन शाहलाई राजा थापेका हुन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

दलमर्दननामानं नरभूपालसाहजम् ।
छद्मना राज्यदानेन ललिताधिपतिं व्यधुः ॥५१॥

गोर्षाका श्रीनरभूपाल साहका पुत्र श्रीदलमर्दन साहकन राज्य दिनाको संकेतका विश्वासले चित्तमा कापटच राखि लिन पठाउंदा राज्यका लोभले सहजै अाइपुग्दा ललितापुरका राजा थापेर हुकुम चलाया ॥५१॥

स ह्येकैकं[1] निजग्राह प्रणिध्यर्थं सुतं नृपः ।
मा गोर्षाधिपभूपालप्रत्यवायोदयो भवेत् ॥५२॥

६ प्रधानका छवै छोराकन मागेर गोर्षा पुऱ्याया. क्यानभन्या कदाचित् प्रत्यवाय आदि गर्नन् भन्न्या यस्ता अभिप्रायले हों ॥५२॥

दलमर्दनसात् क्षितिर्भवित्री–
त्यनुमत्या नृपतिर्जयप्रकाशः ।
निजभृत्यमवासयत्स्वराष्ट्रा–
च्छरणार्थी[2] स च कालिदासमागात् ॥५३॥

ताहांपछि कांतिपुरका राजा जयप्रकाश मल्लले अरे दलमर्दन साहकन जाँदा राजा पाप्या भन्न्या तिनै सहर गोर्षाका अधीनमा जाला. तस्मात् युक्ति गनु पऱ्यो भनि मतो गरि एक जना छिचरो एस्ता निजभृत्य चाकरकन केहि अपराधका शासना देखाई कांतिपुरबाट निकाली दिया. त्यो अपराधी पुरुष कालीदासका शरणमा आईकन विश्वाससंग चाकरि गरि बस्याको थियो ॥५३॥

चौकोट्वातायनस्थो विलसति+ दलमर्दन्नृपो लोकदृष्ट–
स्तत्काले कालिदासं परिवृतमनुगै राजमार्गेष्वपश्यत् ।
हेरम्बं दक्षहस्ते परशुमितरके मोदकं स्वां च शुण्डां
बिभ्राणं तं निमेषावधि तदनु च सदनाभ्यन्तरे सोयमेव ॥५४॥

एका दिन दलमर्दन शाह चौकोटका झ्याल्मा राज गर्नु हुंदा सलाम दियाका वेलामा चाकरीवाला लोकका साथमा बसी बाटामा आयाका कालीदासकन दाहिना हातमा फर्सा बायाँ हातमा लड्डु र आफ्ना शुंड धारण गरी दिव्य सुन्दर हेरम्ब गणेशको औतारकन निमेषभर नजर गर्नु भया. त्याहांपछि चौकोटभित्र पस्न्या ताकमा सोही कालीदासै थिया ॥५४॥

पाठान्तर- १ बद्ध्वैकैकं २. च्छरणेप्सुः
+ यहां 'विलसति स्म' हुनुपर्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

सेवित्वा कतिचिद्दिनानि निजभृत्यः पादसंवाहकः
संसुप्तं निभृतं वितर्क्य सहसा तं कालिदासं कुधीः
तीक्ष्णेनास्य परश्वधेन शिर आस्फोट्याशु राजाज्ञये-
त्युक्त्वा कान्तिपुरीमगाच्च नृपतिस्तुष्टो ददावीप्सितम् ॥५५॥

तांहा उप्रान्त केही महिना दिन बित्यापछि विश्वाससित राख्याका त्यो निज भृत्यले दिउँसो सुतिरह्याका कालिदासका पाउ समाई नियानु सुसारा गरिरह्याको त्यो निज भृत्यले तर्कना गऱ्यो. अरे एस् वेला चाकरी गर्न्या म एक्ला थियां. ऐल्हे वषत पऱ्यो भनि ताकेर जयप्रकाश राजाका हुकुम् पुऱ्याउंला भनि चाडै गरि कालीदासका शिरमा तिषा परशु छोड्यो तेति कुकर्मकन गरेर कुमति विश्वासघातक त्यो निजभृत्य ढगुरिकन कांतिपुरमा पुग्यो. त्यो वृत्तान्तकन सुनि जयप्रकाश राजाले यथेष्ट शिरपाउ दिया.* ॥५५॥

---

* 'दलमर्दनलाई राजा थाप्यो भन्ने रीसले जयप्रकाशले आफ्नो मानिसद्वारा कालिदासलाई मराए' भनी यहाँ सुन्दरानन्दले लेखेका छन्। तर वंशावलीमा आफ्नो प्रेमलीलामा विघ्न पारेको रिस फेर्न जयप्रकाशले वि. सं. १८१२ मा कालिदासलाई मराए भनी लेखिएको छ–

"त्यहाँपछि काजी कालिदासले कान्तिपुरमा जयप्रकाश मल्लले बाहिर राख्याका स्त्रीसंग मानिस पठाई तिम्रा महाराज जयप्रकाश मल्लले निश्चय तिम्रो नाक काट्न्याछन् भनी तर्कना देषाई पाटन ल्याई राख्या. उहाँ एक रातमा हात्तीमा चढी जयप्रकाश मल्ल आफनी स्त्रास्नीथाइँ आउँदा माथि भ्यालमा कालिदास काजी भातको माउसो मिसी लिई बस्याका थिया. जयप्रकाश मल्ल ढोकामा आइपुग्दा भातको माउसो मिस्याको खन्याइदिया. जयप्रकाशले चिन्ही तंलाई मैले चिन्ह्यां. देख्लास् फसलि तेरो शिर चिर्न सकिनं भन्या म जयप्रकाश मल्लै होइन भनी फर्क्या ..... तहाँपछि जयप्रकाश मल्लले अघिका प्रतिज्ञा पुऱ्याउनानिमित्त आफ्ना नगरकोटी चाकर २ जनालाई गुप्ति मतलबसंग दगा गर्नाको बेहोरा अह्राई बाहिरबाट निको नमानी बहुतै रिसाई मुखमा मोसो घसी फजित गरी कान्तिपुर सहरबाट निकाला गरी पठाउदा तिनीहरू जयप्रकाशको बदनाम गरी ललितपत्तनका कालिदासका घरमा आई रोई तिम्रा शरण आया निमित्तले लाया अह्रायामाफिक रुजु भै टहल गर्छौं भनी रोई भन्दा लौ बस भनी आफ्ना घरमा राखी टहल गराई राख्याको ६ मैन्हापछि दसैंका पूजा गरी सकी खान्या कुरो खाई घरका चोकको फलैचमा बसी लपेटा हुक्कामा तमाखु खाइरहँदा शाके १६७७ आश्विन शुदि ७ का दिन नगरकोटा चाकरले फसलि काजी कालिदासको शिरमा हान्दा ... मरी गया।"

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीराजानमभिद्रवन्ति+ मिलितास्ते षट्प्रधानास्त्वरा
किं त्वं राजसि प्रत्यवायजनकः कार्पासदुर्भिक्षकृत् ।
एवं चेदवतारयाम भवतामैश्वर्यमेतत् क्षम-
स्वोत्कैर्वाश्वभिषेचिरे÷ नरपतिं श्रीतेजमल्लाभिधम् ॥५६॥

एति भया उप्रांत प्रधानहरू बटोलिकन चाँडै दर्बारि गैकन क्षुद्र वचनले भन्न लाग्या. रे महाराजाहो, कपास आदि पर्वत व्यापार व्यवहार चलाइ दिउँला भन्या करारले थाप्याका राजा तिमि हौ. आज तिम्रा कारणमा एतिका विपरीत प्रत्यवाय लक्षण भै

वि. सं. १८१९ मा भक्तपुरका राजा रणजित् मल्ल पाटनका पनि राजा बनाइँदा पाटनको व्यवस्थाका लागि उनले एउटा ताम्रपत्र गरिदिएका थिए । सो ताम्रपत्रमा साक्षी बस्ने भारादारमा कालिदास छैनन्—

"सम्वत् ८८२ आश्विणीशुक्लदशम्यान्तिथौ ॥ ··· श्रीश्रीजयरणजित्मल्लदेव प्रभु थाकुरसनः ··· ताम्रपत्र चोस्यं तया ··· थ्वतेया साक्षि चौतारा दल्लाछेया रत्नसिंह भारो धनवन्तसिंह भारो, देवीदास भारो, अमृतसिंह भारो, वीरनरसिंह भारो, जयनरसिंह भारो, भवानीदास भारो, कीर्तिलक्ष्मीसिंह बाबु, कृष्णशंकर बाबु, लक्ष्मीधर भारो, एते दृष्ट ॥"

[पाटन मूलचोकमा रहेको यस ताम्रपत्रको उतार केही वर्ष पहिले हामीले (धनवज्र+ज्ञानमणिले) लिएका थियौं। परिशिष्ट 'ग' मा यो पत्र संपूर्ण दिइएको छ]

यसबाट त्यस वेला कालिदास मरिसकेका थिए कि ? भन्ने आभास पर्छ । अरू प्रमाण भेट्टिएपछि यस विषयमा निर्णय गरिनेछ ।

☞ 'राजाहस्सखिभ्यष्टच्' ५।४।९१ [राजन् अहन् सखि अन्त्यमा हुने प्रातिपदिकदेखि तत्पुरुष समासमा टच् प्रत्यय हुन्छ] ले समासान्त टच् प्रत्यय हुने हुनाले 'श्रीराजानम्' यो रूप अशुद्ध हो । शुद्ध रूप 'श्रीराजम्' हुन्छ । श्री शब्द पूजावाचक हुँदा 'न पूजनात्' ५।४।६९ [पूजावाचक शब्ददेखि पर रहेका प्रातिपदिकदेखि समासान्त प्रत्यय हुँदैन] ले समासान्त प्रत्ययको निषेध पाउँछ, परन्तु 'पूजायां स्वतिग्रहणं कर्तव्यम्' [पूजावाचक शब्दमा सु र अतिको मात्र ग्रहण हुन्छ] भन्ने वार्तिक भएको हुँदा यहां समासान्त प्रत्ययको निषेध हुँदैन ।

+'यहाँ अभिद्रवन्ति स्म' यस्तो हुनुपर्छ ।

÷अभि पूर्वमा हुने उभयपदी 'षिच् क्षरणे' धातुदेखि आत्मनेपदमा लिट्को प्रथम पुरुषको बहुवचनमा 'अभिषिषिचिरे' यस्तो रूप बन्छ । षिच् धातुदेखि एत्व अभ्यासलोप गर्ने कुनै सूत्र नभएको हुनाले 'अभिषेचिरे' यो रूप अशुद्ध हो ।

CC-0. In Public Domain. Digitization by eGangotri

आयो. एति जति भयाक्रान्त बांकि क्या २ परिआउंछ. तिन् वर्ष नाघ्यो× रजायाका. आज तिमिलाई रजाइमा राषनुहुंदैन. तिम्रो राजत्व ऐश्वर्यकन षोसिदिउंला भनि भन्या र दोकासको व्यपार गरिरहन्या तेजमल्लकन रजाइं दिया. तेति भै गयाको देषि सुनि प्रजालाइ चित्तमा बडो फिक्रि लाग्यो. अब उप्रांत क्या २ महाविघ्न पर्ल्या भन्न्या शंका भया ॥५६॥

तत्साहसं लिखति पृथ्विनरायणेषु
सौकर्यराज्यकरणं दलमर्दनः स्म ।
बुद्ध्या तदाशु प्रणिधाय हृदा सुरौघान्
नेपालजान् स्वविषयान्नृपतिः प्रतस्थे ॥५७॥

दलमर्द्दन साहले नेपालका मल्ल राजाहरूका र प्रधानहरूका कापट्य चरित्रकन जेठा महाराजा श्रीपृथ्वीनारायणसंग अर्जि लेख्याछन्. अब त एतिका परस्पर विरोध भै गयाछन्. नेपाल रजाई गर्न सजिला डबल् आयेछ. भनि चिठी पठाउंदा त्यो संकेत बुझेर काय वाक् चित्तले चाडै गरि आफ्ना विषयका देव देवीकन र नेपालका प्रख्यात देव देवीहरूकन स्मरण गरि गोर्षा राजधानीदेषिन् सगुणपूर्वक सुसाइतमा अरणका शृंग भरिको द्रव्य बोकायेर सिकारी झैं षुडा तरवार ढाल पंच हतियारका सिपाहि १०० सैनाल लस्करो लि प्रस्थान गर्दा भया.+ त्यो वृत्तान्त अगिल्ला सिलोकमा लेखियो ॥५७॥

× वि. सं. १८२० मा दलमर्दन शाह पाटनको गद्दीमा राखिएका र वि. सं. १८२२ मा उनलाई हटाई तेजनरसिंहमल्ल पाटनको गद्दीमा राखिएका हुनाले यहाँ 'दलमर्दनले राज्य गरेको तीन वर्ष नाघ्यो' भनी लेखिएको मिल्दैन ।

+ 'कान्तिपुरमा आक्रमण - गर्न पृथ्वीनारायण शाह गोरखादेखि फौज हातहतियार लिई हिंडे' भनी यहाँ लेखिएको छ । परन्तु यस वेला पृथ्वीनारायणले कीर्तिपुरसम्म दखल गरिसकेका थिए । ठाउँ-ठाउँमा गोरखाली चौकी रहन लागेका थिए । वि. सं. १८२२ मा काठमाडौंका सेता मछिन्द्रनाथको महास्नान गर्न विष्णुमती शोभाभगवतीनिर गई पानी लिन जानुपर्नेमा गोरखालीको डरले साविक विधान पूरा गर्न नसकेको उल्लेख तात्कालिक कागतमा पाइन्छ–

"संवत् ८८६ मिति पोसशुक्ल ७ स देओ र कारओने कुन्हु ग्वरखालि ओयाओ खुसिस पूजा याय मजियाओ बाहालस पूजा याङाओ खूसिस लखजक तुरओना जुजुन सिपाहि बिज्यासलस तयाओ रख तुयाओ ओया."

[मछिन्द्रबहालमा रहेको 'शान्तिसफु' बाट । वैद्य सिद्धिवज्र वज्राचार्यको सौजन्यबाट हामीले यो हेर्न पाएका हौं]

CC-0. In Public Domain. Digitization by eGangotri

मल्लोऽभूद् व्याजहालाहल* अवनिपतिर्यो जयादिप्रकाशः
प्रास्तीर्याशेषप्रासादतलदिगुतले वैरिदाहौषधानि ।
गोर्षाभूपालसेनापरिवृढगणनाकातरः कांदिशीकः
संभूयामात्यवृन्दैरधिरजनि विलिल्ये द्रुतं भक्तपुर्याम्॥५८॥

श्रीमहाराजा पृथ्वीनारायण कांतिपुर अमल् गर्नु मन्सुब गरेर ताहांका राजा जयप्रकाश मल्ल अघि एक हातिका बापत् कपट गर्दामा अत्युग्र हलाहल विषसरूप मर्म फोर्न्या क्रोधस्वरूप भयाका आफ्ना सहरभित्रका देव देवीहरूको प्रतिमा गजूरी फोहर गरी मासन्या× जयप्रकाश मल्ल थिया. नौसिंहनामा कीर्तिसिंहनामा काजी थिया.

[ने. सं. ८८६ (वि. स. १८२२) पौष शुक्ल सप्तमीका दिन देवताको (मछिन्द्रनाथको) पानी (महास्नान गराउने पानी) लिन जाने दिन गोरखाली आइरहेका हुँदा खोलामा (विष्णुमतीमा) पूजा गर्न जान नहुनाले बहालमै पूजा गरियो। खोलामा पानी मात्र लिन गइयो। राजाले (जयप्रकाशले) सिपाही विजयेश्वरीमा राखिदिनुभएकोले पानी ल्याइयो]

यसबाट वि.सं.१८२२ मै उपत्यकाभित्र विष्णुमती शोभाभगवतीसम्म पनि गोरखाली प्रवेशको डर भइसकेको थियो भन्ने बुझिन्छ। कान्तिपुर शहर प्रवेशभन्दा १३ दिन पहिले पृथ्वीनारायण शाह बालाजुनिर लुटिकोटमा आई बसेको उल्लेख तात्कालिक पत्रमा पाइन्छ [ऐतिहास-पत्र संग्रह पहिलो भाग को २७ पृष्ठ हेर्नु होस्] योबाहेक वि. सं. १८१९ मा नुवाकोटमा दरबार बनाई पृथ्वीनारायण शाह त्यहीं रहन लागेका थिए। [परिशिष्ट 'ग' को वि. सं. १८१९ को अभिलेख हेर्नु होस्] यस कारण कान्तिपुर आक्रमण गर्न फेरि गोरखादेखि पृथ्वीनारायण शाहले सैन्यसाथ प्रस्थान गरेको वर्णन प्रसङ्ग मिल्दो देखिदैन।

* यहां सन्धि गरेको अशुद्ध छ। ' हालाहलोऽवनिपति- ' यस्तो हुनुपर्छ।

× जयप्रकाशले काठमाडौंका सेता मछिन्द्रनाथको गजूर लिएको तथा महाबौद्धका बुद्धमन्दिरको उष्णीष (चैत्यको शिरोभाग) लिएको कुरा तात्कालिक कागतबाट पनि बुझिन्छ—

" शुभ सम्वत् ८९९ आखाढ शुक्ल तृतीया कुन्हु केलतोल जमलगण्ठिया श्री ३ आर्य्यावलोकितेश्वरया न्हापायागु गजुलि श्री २ जयप्रकाश मल्ल जुजुन कायाओ मदयाओ चोनगु केलत्वालकटक समुचय जुयाओ ··· गजुलि छाल ॥

" शुभ सम्वत् ९१२ वैशाष शुक्र त्रयोदशी शुक्रवार कुन्हु श्री ३ महाबुद्ध चैत्यया न्हापायागु उष्णीकर श्री २ जयप्रकाश मल्ल जुजुन गोर्षान देश घिरे याङा तओ वेलस थ्व उष्णीकर कायाओ मदसे चोनगु थ्व सम्वत्स श्री ३ रणबहादुर साहया पर्य्यायस महाबुद्धया तोलयापनि सकलें जानाओ साहुतिनं ··· छाय "

[गुह्यहर्ष वज्राचार्यको संग्रहमा रहेका या कागत देवहर्ष वज्राचार्यका सौजन्यबाट हामीले हेर्न पाएका हौं]

CC-0. In Public Domain. Digitization by eGangotri

तन राजा दिगुतले तलेजुका देवलमा सर्वत्र बारुद छरीकन गोर्षा राजाका सेनाहरू सर्दार भारदारहरू देखदैबित्तिकै कातर भयेर म कहाँ लुकुँ कहाँ जाउँ भन्दै अमात्यवर्ग-समेत रात्रिका बीचमा भादगाउमा लुकुन पस्याछन्+ ॥५८॥

[ने. सं. ८९९ (वि. सं. १८३६) आषाढ शुक्ल तृतीयाका दिन केलटोल जमलगण्ठिका श्री३ आर्यावलोकितेश्वरको (सेता मछिन्द्रनाथको) पहिलेको गजूर श्री२ जयप्रकाश मल्ल राजाले लिएका हुनाले खाली भइरहेका थियो। (अहिले) केलटोलका सबै जना मिली···गजूर चढाइयो।]

[ने. स. ९१२ [वि. सं. १८४९] वैशाख शुक्ल त्रयोदशी शुक्रवारका दिन श्री ३ महाबुद्धचैत्यका अघिको दक्षणीष गोरखालीले देशलाइ घेरा हाल्दा श्री २ जयप्रकाश मल्ल राजालेलिएकाले नभइरहेकोमा यस साल श्री ३ रणबहादुरको शासनकालमा महाबौद्ध टोलका सबै जना मिली सल्लाह गरी···चढाइयो]

+ पृथ्वीनारायण शाहले कान्तिपुर दख्खल गरेपछि जयप्रकाश मल्ल भागी सोझै भादगाउँमा गए भनी यहाँ लेखिएको छ। परन्तु वंशावली, तात्कालिक कागतमा जयप्रकाश पहिले पाटनमा गएका, अनि मात्र भक्तपुरमा गएको उल्लेख पाइन्छ···

"राजा जयप्रकाश मल्लले २।४ घडीसम लडाइं गरी गोरखाका लस्करकन हटाउन नसक्दा उहींबाट तुलजाभवानीका देवालयका जगामा सेतो बारूद फिजाई कान्तिपुर सहर छाडी पाटनका राजा तेजनरसिंहमल्लकहाँ आफ्ना असल २ हिन्दुस्थानी सिपाही ३०० तीन शय लिई ललितपत्तन गया."

(भाषावंशावलीबाट)

"सम्वत् ८८८ भाद्रशुक्ल १४ श्रीश्रीपृथ्वीनारायण राजातं यं देस कार. श्रीश्रीजयप्रकाश ह्मासय याङा रात्रिया घति ११ जाय वेरस कार. राजा जयप्रकाश यर देस बिज्यात. यरया राजा तेजनरसिंह. काजि धाराछेया संख्वार. थ्वनरि राजा जयप्रकाश स्वह्म चोङा खोप बिज्याकर जुरो. खोपया राजा श्रीश्रीरणजित राजा."

[ऐश्वर्यधर शर्माको संग्रहमा रहेको यो तात्कालिक कागत उनको सौजन्यबाट हामीले हेर्न पाएका हौं]

[ने. सं. ८८८ (वि. सं. १८२५) भाद्र शुक्ल चतुर्दशीका दिन रातको ११ घडी जाँदा राजा श्रीश्रीपृथ्वीनारायणले श्रीश्रीजयप्रकाशलाई हटाई कान्तिपुर कब्जा गरे। राजा जयप्रकाश पाटनमा जानुभयो। (त्यस बेला) पाटनका राजा तेजनरसिंह हुनुहुन्थ्यो, काजी धाछेंका संख्वाल थिए। त्यसपछि राजा जयप्रकाश···भादगाउँमा जानुभयो। भादगाउँका राजा श्रीश्रीरणजित् हुनुहुन्थ्यो।]

CC-0. In Public Domain. Digitization by eGangotri

प्रासादे तुलजालये दिगुतले राजाधिराजेश्वरीं
द्रष्टुं यावदुपारुहंश्च मुदिताः पांडेतुलारामकाः।
दग्धाङ्गाः सहसा तदौषधिबलद्वैश्वानरज्वालया ×
शूरास्ते ययुरव्ययं वत सखे दैवी विचित्रा गतिः ॥५९॥

श्रीतलेजु देवलमा देगुतलेमा श्रीराजराजेश्वरी आगम देवताका दर्शन गर्न भनी हर्षित भयेर तुलाराम पांडे प्रभृति शूर वीर सर्दारहरू वैरिदाह औषधि बारुदले पोलिदै दग्ध भै तत्क्षणैमा यममन्दिरमा पुग्या. दैवकी गति बडो विचित्र रहेछ भनि जान्नू ॥५९॥

कुमारीपूजाविधिर्महाकालसंहितायाम्–

भूषणानि दुकूलानि सिन्दूरालक्तकानपि।
कर्दलादर्शविख्याता तालवृन्तानि पोतिका ॥
पसि(?)कर्माधारचोलमंचिका पीठदोलिकाः।
पञ्चालिका च सच्छत्त्रा पादुके कुलपट्टिके ॥
चण्डातकं च संव्यानं तथोद्वर्तनभाजनम्।
शय्योपधानपर्यङ्कसमुद्गाश्च प्रसाधनी ॥
प्रतिग्राहिश्चहिंग्वला तथा सीमन्तचर्तिका।
गोरोचनामृगमदौ कर्पूरकुङ्कुमं तथा ॥
एवमादीनि चान्यानि यावच्छक्तानि सुन्दरि।
प्रदातव्यानि वस्तूनि कुमारी तुष्यते यथा ॥

यामलेऽपि–

यः कुमारीं यजेन्मन्त्री सर्वपर्वसु सर्वदा।
तेनार्चिता महादेवी सत्यं सत्यं न संशयः ॥

---

* 'पुगन्तलघूपधस्य च' ७।३।८६ [पुक् अन्त्यमा हुने र लघु उपधामा हुने अङ्गको इको गुण हुन्छ सार्वधातुक पर भएमा] ले गुण हुने हुनाले 'उपारुहन्' यो रूप अशुद्ध हो। शुद्ध रूप 'उपारोहन्' हुन्छ।

× 'बल संवरणे संचलने च' भनी धातुपाठमा पढिएको बल धातुको अर्थ ढाक्नु र चल्नु मात्र भएकोले 'वलेको' भन्ने अर्थमा यहाँ 'बलत्' रूप प्रयोग गरिएको उचित देखिंदैन।

CC-0. In Public Domain. Digitization by eGangotri

एति श्लोकको अर्थ भाषा लेखियेनछ।

★श्रीकौमारीययात्रादिवस❁ अतिमहोत्साहधूपोपवासैः
स्वस्ति श्रीपृथ्विनारायण☞ अतुललसत्कीर्तिपुण्योदितश्रीः ॥६०॥

दुनिजाले महा उत्सव सिंदूरजात्रा धूप बाति पूर्णकलश अष्टमंगलका सुवर्णको नागमुख आदि भयाका सुवर्णछत्र ध्वज चामर आदि गीत वादित्र मंगल उत्साह गरि अतुल्य पुण्य सत्कीर्तिका जोरले उदित भयाका श्री ५ पृथ्वीनारायण साहदेव ज्यू छन् सो कांतिपुर राजधानीबिषे प्रवेश गर्दा भया ॥६०॥

आर्यैः प्राज्ञैर्धनाढ्यैर्बलिभिरथ महायन्त्रमन्त्रौषधीनां
पर्यायज्ञैश्च षड्भिः परिवृतमनिशं कालिदासप्रधानैः ।
तेजोमल्लं हि चाणूरमसुरमिव संमर्दयित्वा❁ क्षणेन
साक्षान्नारायणश्रीर्मधुविपिनमिव प्राविशन्मण्यगारम् ॥ ६१ ॥

ताहाँपछि ललितापुरमा अमल गर्नु मन्सुवा गर्दा ताहां महाधनाढ्य ज्ञानि गृहस्थहरू पंचहतियार लिन्या संग्रामसिंहनामा ख्वालपानामा ऐठानटुकुनामा, बलिया दलिकहरू शस्त्रास्त्र प्रहार मिटाउनु उपाय जंभन स्तंभन आदि अंजनसाधन गुटिकासाधन मंत्र तंत्र यंत्रका प्रयोग जान्या विषवर्ग°औषधीकन पनि जान्या छै प्रधानले मन्त्रणा दि

★ 'कुमार्या इदम्' भन्ने अर्थमा कुमारी शब्ददेखि 'तस्येदम्' ४।३।१२० ['त्यसको यो' भन्ने अर्थमा षष्ठीसमर्थदेखि यथाविहित (माथि विधान गरिए जस्तो) प्रत्यय हुन्छ] ले 'अण्' प्रत्यय हुने हुनाले 'कौमार' रूप बन्दछ। 'कौमारीय' रूप बनाउन 'छण्' प्रत्यय गर्नुपर्छ। परन्तु यस अर्थमा कुमारी शब्ददेखि छण् गर्ने कुनै सूत्र छैन। यस कारण 'कौमारीय' यो रूप अशुद्ध छ।

❁ यहाँ सन्धि गरेको अशुद्ध छ। 'दिवसे अति' यस्तो हुँदा 'एङः पदान्तादति' ६।१।१०९ [पदान्त एङ् (ए ओ) देखि ह्रस्व अकार पर भएमा अघिल्लो र पछिल्लोको ठाउँमा पूर्वसवर्ण (अघिल्लो जस्तो) एकादेश हुन्छ] ले पूर्वसवर्ण भई 'दिवसेऽति' यस्तो हुन्छ।

☞ यहाँ पनि सन्धि गरेको अशुद्ध छ। 'श्रीपृथ्वीनारायणोऽतुल-, यस्तो हुनुपर्छ।

❁ 'समासेऽनञ्पूर्वे क्त्वो ल्यप्' ७।१।३७ [नञ् अगाडि नभएको समासमा क्त्वा प्रत्ययका ठाउँमा ल्यप् आदेश हुन्छ] ले क्त्वाका ठाउँमा ल्यप् हुने हुनाले यो रूप अशुद्ध हो। शुद्ध रूप 'संमर्द्य' हुन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

राष्याका तेजनरसिंहमल्लकन पक्री छवै प्रधानकन समाति स्वास्नीका झैं कपोलम गुजराति सिंदूर लगाई पहिरङ फिराई हातमा षपर लियाई दोकाममा मुष्टि मगाई × कांतिपुरका बंदिषानामा बंदि पारि आफू श्री ५ पृथ्वीनारायण साह जो छन् सो चाणूर दैत्यकन पराजय गरिकन हर्षित भै श्रीनारायणजी मधुवनमा प्रवेश गऱ्या झैं पाटन सहरका मंगलभट्ट मणिमण्डपमा विराजमान हुंदा भया. तेजनरसिंहमल्ल भन्या भादगाउंमा लुकन पस्यो ॥६१॥

भक्तग्रामं जिघृक्षुस्तत+ अवनिपतिस्त्रींस्त्रिलोकैकनाथान्
कृत्वा कारोदरीयांस्तदनु रणजितं काशिगं कारयित्वा ।
आर्यातीर्थाकृतासुं नृपमपरमथो तेजमल्लं विपन्नं
क्ष्वेडग्रस्तं निरस्यन् स्म जयति नृपतिः पृथ्विनारायणाख्यः॥६२॥

ताहांपछि भादगाउ सहरको अमल गर्नु मनसुवा गर्दा तिन् सहरका मल्ल राजा-हरूकन तहीं भेट हुंदा प्रतापका जोरले सहज पक्री कारागारमा बंधन राषी तिनै सहरका रजाइ गर्दा गया÷ ताहां केही मैन्हा बित्यापछि राजा रणजितमल्लकन

× स्वास्नीमान्छेको पहिरन लाइदिई बेइज्जती गर्ने चलन अघि पनि थियो । जयप्रकाश मल्लले पनि ललितपुरका काजीहरूलाई यसै गरी बेइज्जती गरेको उल्लेख वंशावलीमा पाइन्छ --

"फेरि इनै प्रमाणहरूले कान्तिपुरका राजा जयप्रकाश मल्लकन राजा गऱ्या. मैन्हा छ राजा भया उप्रान्त काजीहरूसँग चित्त नमिली राजा जयप्रकाश मल्लले दगा गरी··· ५ काजीहरूकन स्त्रीको पोशाक पैह्राई आबरु लिई फजिती गरी छाडि पठाया"

+ यहाँ सन्धि गरेको अशुद्ध छ । 'ततोऽवनिपति-' यस्तो हुनुपर्छ ।

÷ तात्कालिक एउटा कागतमा पृथ्वीनारायणले भक्तपुर-विजय गरेको वर्णन यसरी गरिएको छ-

"संवत् ८९० मिति कार्तिक शुक्ल द्वादशी कुन्हुया चान्हस श्री २ प्रिथ्विनारायन जुजु बिज्याङाओ ख्वप्वदेस ह्यासययात दिन. क्षखा ५०१ मि तर. स्याक २००१. थनंलि जयपरकास जुजु गोर हयाओ अभा जुर. ख्वपया जुजु यरया जुजु जोनाओ हर"

[काठमाडौं मछिन्द्रबहालको 'शान्तिसफु' बाट]

[ने० सं० ८९० (वि०सं० १८२६) कार्तिक शुक्ल द्वादशीका दिन राति राजा श्री २ पृथ्वीनारायण जानुभई भक्तपुर ध्वस्त पारियो । ५०१ घरमा आगो लाइयो, २००१ मानिस मारिए । यसपछि राजा जयप्रकाश देउपाटनमा ल्याइनुभयो र त्यहीं मृत्यु भयो। भक्तपुरका राजा र पाटनका राजा समातिनुभयो ।

CC-0. In Public Domain. Digitization by eGangotri

काशीवासको हुकुम् दिदा भया. मित्रसंबन्धि भयाका राजा जयप्रकाश मल्लकन विरामी हुंदा श्रीपशुपति आर्याघाटमा पुग्याया. ति राजा तहीं मुक्त भया. राजा तेजमल्लकन विष षाई मरणात संकष्ट पायाका बुझी निरस्त गरि अफालिदिदा भया. एसै प्रकार श्री ५ पृथ्वीनारायण साह महाराजा जय जय शब्दले विराजमान भई निःकंटक राज्य गर्दा भया ॥६२॥

पृथ्वीनारायणार्के समुदयति हठात्पश्चिमाशाचलेन्द्रा—
दष्टाष्टाष्टाभिरब्दे (८८८) गतवति विलयं यान्ति पूर्वाचलेन्द्रात् ।
मल्लद्रोणीपखद्योतरुचय+ अवनी सा च नेपालसंज्ञा
सुस्था चास्ते प्रजानां मनसि कुतुकताल्हादता ❀ मल्लपातात् ॥६३॥

कवि ललितावल्लभले वि०सं० १८२६ मा बनाएको आफ्नो ग्रन्थ भक्तविजयकाव्यमा भक्तपुरविजयको वर्णन यसरी गरेका छन्—

" राज्ञाथ दैवज्ञकुलावतंसः पृष्टः कुलानन्द इति श्रुतः सः ।
लक्ष्मीशतिथ्याश्रितपौष्णभाद्यं लग्नं समूचे रिपुभक्तसाद्यम् ॥१६॥
तस्मिन् स भक्तं पररा़जयुक्तं सद्योऽरुणद् भूरिबलैः प्रशक्तम् ।
इलानिधिकलाशाके तपस्यैकादशीतिथौ ।
श्रीशश्रियि दले सौम्येऽलिखत्कान्त्यां कृतिं कविः ॥११०॥ '

[त्यसपछि ज्योतिषीहरूमा मुख्य कुलानन्द (ढकाल)सँग राजा पृथ्वीनारायण शाहले शत्रुहरूको भक्तपुर जित्ने साइत सोद्धा उनले द्वादशीयुक्त रेवतीनक्षत्रको पूर्व भागको लग्न बताए । त्यही लग्नमा प्रशस्त सैन्यले गर्दा ज्यादै बलियो र शत्रु राजा (कान्तिपुर ललितपुरका राजा) हरूसमेत भएको भक्तपुरलाई पृथ्वीनारायण शाहले उत्तिखेरै घेरा हाल्नुभयो ।...शक संवत् १६९१ (वि०सं० १८२६) फाल्गुन कृष्ण एकादशी बुधवारका दिन कान्तिपुरमा कविले यो ग्रन्थ लेखे ।]

" सं० १८२६ शा १६९१ मार्गदिन १ ग १४ रो १ मा भादगाउँ सहर अंवल भयो
(मोहननाथ पाँडेसँग रहेको, वि०सं० १८३४ तिर टिपौट
गरिएको कागतबाट)

यताबाट वि० सं० १८२६ कार्तिक शुक्ल द्वादशीको दिन पृथ्वीनारायण शाहले भक्तपुरमा आक्रमण गरेको र चतुर्दशीका दिन दख्खल गरेको देखिन्छ । (रामजी तेवारी+ देवीप्रसाद भण्डारी+शङ्करमान राजवंशीको पहिलो इतिहास—संशोधन हेर्नुहोस् ।)

+ यहाँ 'रुचयोऽवनी' यस्तो हुनुपर्छ । ❀ भाववाचक शब्ददेखि भाववाचक प्रत्यय नहुने हुनाले ' कुतुकता ' 'आल्हादता' रूप लेख्नु उचित होइन । कुतुक आल्हादः लेखे पुग्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

पश्चिम दिशाबाट श्रीसूर्य उदाया झैं अकस्मात् गोर्षाचलदेषिन् श्री ५ पृथ्वीनारायण साहरूपी श्रीसूर्य उदय हुंदा आपस्मा पोलापोल गर्नाले द्वेषभाव गरिरह्याका नेपालका मल्ल राजारूपी ताराहरू जो छन्. तत्क्षणैमा निपात भै जांदा नेपालवासीहरू हर्ष बिस्मात गरिरह्या. अर्थात् अघिदेषीन्का मल्ल राजाहरू विनाशकन प्राप्त भया नि. अब प्रान्त क्या क्या दुःख सुख परिआउछन् भन्या केहि बिस्मात पनि हो. तिन् सहरका राजाहरू विग्रह कलहरूपी अग्निका ज्वालादेषिन् डढ्याका भोट्या चोर गैहका झिल्कादेषिन् आतुरी र दुर्भिक्षको नाश भया ॥६३॥

अनाढकेऽष्टाढकमन्नमासीददोहदे द्रोणदुग्धाविरासीत् ।
शुनाम्बराण्याशुरनम्बरेऽस्मिन्नेपालदेशे सति गोरषेशे ॥ ६४ ॥

आढक भन्तु चार ४ पाथिको प्रमाण हो. तेस्ता आठ आढकै चावल आठ आढक केराउ उपर अनाज प्रशस्त भावले मिल्दा र गाई आदि भयाका पशुहरूको द्रोणप्रमाण पाथीका क्षीर. बढाउंदा र चारौ तरफ रस्ता षुली ज्यादा कपास आउंदा जात जातका पोसाक गैहको फर्मासीले तृप्ति हुंदा हर्षकन पनि गर्दा भया ॥६४॥

श्रीमच्छाक्यमुनींस्त्रिलोकविजयान्मैत्रेयनाथानथो
चैत्यान्स्तूपविशेषकानपि विहारस्थान् हनूमन्मुखान् ।
हारीतीरथ शीतलामथ महाकालं गणेशं क्रमा-
च्छ्रीकृष्णं हरभीमसेनप्रमुखान् भूपो मुदापूपुजत् ॥ ६५ ॥

... का शाक्यसिंह भगवान् त्रिलोकविजय आगम-देवता मैत्रेयनामा बोधिसत्त्व बहार २ का चैत्य-भलाड स्तूपका विशेष हनूमान् प्रमुख हारीति अनि शीतला महाकाल गणेश श्रीकृष्ण महादेव भीम भैरव प्रमुखकन हर्ष गर्दै पूजा गर्दा भया ॥६५॥

इत्थं श्रीपृथ्विनारायण❁ अवनितलम्÷ आत्मसात्कृत्य दिष्ट्या
चोपुर्ग्रामस्य पाणिच्छिदिमनुकुरुते✠ स्मापराधानुरूपाम् ।
जित्वैवानाहवेन क्षितिमभुमुपयास्यन्नुवाकोटयात्रां
कंसं जित्वा च नारायण इव मथुरां दृष्टनेपालचर्यः ॥ ६६ ॥

❁ यहाँ 'पृथ्वीनारायणोऽवनि-' यस्तो हुनुपर्छ ।

÷ यहां सन्धि नै गरिएको छैन । सन्धि गरे छन्दोभङ्ग हुन्छ ।

✠ 'अनुपराभ्यां कृञः' १।३।७९ [अनु र परा पूर्वमा हुने कृञ् धातुदेखि परस्मैपद हुन्छ] ले अनुपूर्वमा हुने कृञ् धातुदेखि परस्मैपद मात्र हुने हुनाले 'अनुकुरुते' यो रूप अशुद्ध हो । शुद्ध रूप 'अनुकरोति' हुन्छ (भोलानाथ पौडेलको 'व्याकरण-संशोधन' ४ संख्या हेर्नु होस्)

CC-0. In Public Domain. Digitization by eGangotri

एस्ता प्रकारले श्री ५ पृथ्वीनारायण साह जो छन् सो पूर्वजन्मको तपस्याका जोरले विना शस्त्र अस्त्र प्रहारका संग्रामले सकल नेपाल मंडलकन आफ्ना अधीनमा राखी अमल गर्दा अकस्मात् केही कपटले कुल्याहा भयाका अपराधले चोपुर गाउँका चोपुन्याका प्रत्येक गरि कीर्तिपुन्याका नाक काटचा भैं हातसमेत नाक काटिदिंदा भया. तेति गर्या प्रान्त युद्धयज्ञको विधिकन ताहि समाप्त गर्दा भया+ अपराधअनुसार शासना गर्न्या भयाका महाविवेकी महाराजाधिराज श्री ५ पृथ्वीनारायणसाह स्वच्छ चित्त भै कंसासुरकन पराजय गरि साक्षात् चतुर्बाहु नारायण मथुराप्रवेश गर्या झैं नेपालका चरित्रकन बुझ नुवाकोटमा पाउलागनु मनसुवा गरिकन कांतिपुर राजधानीमा विराजमान हुँदा भया ॥६६॥

आनंदमिदमसाम्प्रतं बभाषे
नहि सितपक्षनभोमहो ÷ महीपः ।
ललितपुरभवं हि चैत्यसेवो–
परतजनं वरमेव मन्यते स्म ॥ ६७ ॥

जौना श्री ५ महाराजाबाट ललितापुरीका श्रावणमासका चैत्यसेवा आउन्या लोककन महाखुशी मान्दछन्. एसो गर्न्या हो एस्तो नगर्न्या हो भनि भन्दैनन्. तस्ता रूपका मुख मंडी लायेर आउँछन् त्यो नजर गर्दा हासतै सन्तोष मात्रै हुन्छन्. रुपैआ खसालिदिन्छन् ॥६७॥

वसन्तपुरनामकावसथमाज्ञपद् × भूपतिः
स्वयं स्थपतिनायको विविधचित्रशिल्पोद्यमी ।

पाठान्तर– १. सुस्थ

+ नेपाल–उपत्यकाका जितेपछि पृथ्वीनारायण शाहको युद्धयात्रा समाप्त भयो भनी यहां सुन्दरानन्दले लेखेका छन् । परन्तु पृथ्वीनारायण शाहले मकवानपुर, सम्पूर्ण नेपाल-उपत्यकाका विजय गरिसकेपछि क्रमशः चौदण्डी विजयपुर राज्य दख्खल गरी पूर्वमा सुखीम (सिक्किम) सम्म आफ्नो राज्य विस्तार गरेका थिए। यस कुरालाई स्वय पृथ्वीनारायण शाहले–

"हामिले च्यांगा पागा लाई तिन शहर नेपाल र नौलाख किरायत र हिन्दु-पतिको राज आज्यं थ्येउं"

(पृथ्वीनारायणको उपदेशबाट)

यसरी व्यक्त गरेका छन् । परन्तु सुन्दरानन्दले मकवानपुर र पूर्व सुखीमसम्मको विजय कार्यको चर्चा गरेका छैनन् ।

÷ 'श्रावण शुक्लपक्षको जात्रा' भन्दा 'नभःसितपक्षमहः' भनी लेख्नुपर्छ ।

× 'ज्ञा निमोगे' धातु चुरादि हुँदा लङ्को प्रथम पुरुषको एकवचनमा 'आज्ञापयत्' रूप बन्छ । 'ज्ञप ज्ञाने ज्ञाने च' धातु पनि चुरादि नै हुंदा त्यसको लङ्को प्रथम पुरुषको एक वचनमा 'अज्ञपयत्' रूप बन्छ । यस कारण 'आज्ञपत्' यो रूप कतैबाट पनि बन्न आउँदैन ।

CC-0. In Public Domain. Digitization by eGangotri

न तत्सदृगभूद्धरातल+ अशेषशिल्पादिविद्
द्विजं स हरिवंशकं विमलशिल्पबुद्ध्यन्वितम् ॥ ६८ ॥

कांतिपुर राजधानीमा विराजमान' हुँदा अन्तःपुरीको चमत्कार शोभा बढाउना र यश कीर्ति राखन'निमित्त वसंतपुरमा कोट बनाउनानिमित्त शुद्ध बुद्धि हितचित्त भयाका हरिवंशनामा ब्राह्मणलाई हुकूम गर्दा भया ↗ ति राजा आफु पनि नानातहका विचित्र शिल्पविद्यामा अभ्यास गर्न्या भयाका ति राजा समान एस नेपालभरमा शिल्प-विद्याकन जान्ध्या कर्मी न भूतो न भविष्यति ॥६८॥

शिल्पं शिक्षयति स्म शिल्पविदसौ नेपालजान् पुंगवान्
पाषाणस्फटिकास्थिदन्तिरदनायस्कान्तमृत्स्नादिकम् ।
वास्तूकृत्य भुवस्तलं शुभदिने श्रीपृथ्विनारायणो
देवीघाटमुपाक्रमत्प्रमुदितः श्रीभैरवीतुष्टये ॥ ६९ ॥

पाठान्तर- १. वस्ता

↗ पृथ्वीनारायण शाहले वसन्तपुर दरबार वि. सं. १८२६ मा बनाएका हुन् । सो दरबारमा चारवटा बुर्जा छन् । तिनको बेग्ला बेग्लै नामकरण पनि भएको देखिन्छ । त्यहाँ पृथ्वीनारायणका दुइटा शिलालेख पाइएका छन् । (ती शिलालेख परिशिष्ट 'ग' मा दिइएका छन्)

'वि. सं. १८७७ मिति आश्विन वदि ७ रोज ५ मा काठमाडौं ३ शहरका जगा २ का देवल नापियाको फर्द' भन्ने देवलहरूको सूची भएको एउटा कागतमा सो दरबारका बुर्जाहरूको उचाइ यस प्रकार दिइएको छ—

"श्री ५ पृथ्वीनारायण साहले बनायाको वसन्तपूर कैलास उचा हात- ७२
" " वायव्यपट्टीका बङ्गला उचा हात- ४९
" " इसानपट्टीको लक्ष्मीविलास बुर्जा-५०।१९
" " आग्नेयपट्टीको विलासमन्दिर बुर्जा ५१।६
[यो कागत श्रीबखतमानसिंह बस्नेतसंग छ]

+ यहाँ 'धरातलेऽशेष' यस्तो हुनुपर्छ ।

⊙ 'क्रमः परस्मैपदेषु' ७।३।७६ [परस्मैपदमा शर्वारवो इत्संज्ञा हुने प्रत्यय पर भएमा क्रमको दीर्घ हुन्छ] ले दीर्घ हुने हुनाले 'उपाक्रमत्' यो रूप अशुद्ध हो । शुद्ध रूप 'उपाक्रामत्' हुन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

ति राजाले नेपालका नानावर्ण जातिका मस्त मस्त पुरुषकम शिल्पविद्या सिकाउँदा भया. दुङ्गाको फटिकको हस्तिदन्त भयो सिसा भयो चित्र विचित्र रँग भयो वर्ण वर्णको वजूलेप भयो, इसिपांत आदि भयाका लोहाको कामकन लोहारलाई सिकाउंदा भया. एस्ता २ कामभां सिपालु भयाका कालिगर कमिहरूकन बटोली वसंतपुरीनामा जगह बनाउनाकन भूमि-परीक्षा गराई वास्तु नागकन पूजा गरि वास्तु बसाली बिशाशय पूजा गर्नानिमित्त श्री ५ पृथ्वीनारायण साह महाराजा नुवाकोटका श्रीबेवीघाटमा श्रीभैरबी भैरवका दर्शन गर्न श्रीमहारानीसमेत जाँदा भया ॥६६॥

रम्ये नेपालदेशे विजितसुरनरे पञ्चपीयूषमाद्ये
योगिन्यो वज्रपूर्वा इव वरुणसुता मादका दुर्विनीताः ।
श्रीगुह्येशीप्रभावादविदितविधवा÷ पूर्वनेपालपालै-
र्दत्तापातित्यदीक्षाः पुमधिकसुबलाश्चावलाः संरमन्ते ॥७०॥

तहि राज गर्नु भया पनि नेवारका भन्दा नेवार्नीका चरित्र समुझि वारंवार भारदारसंग हुकुम हुन्थ्यो । अहो धन्य नेपालका चर्या. पुरुषभन्दा स्त्री प्रधान रह्याछन् नेपालका लोक देवताकन पनि वश गर्न शकन्या मंत्र तंत्र यंत्रका विधिले पंच मकारका अमृतपानले मदमोहित भैकन सबाईसक्याका रह्याछन्. पञ्चमकार भन्याका मत्स्य मांस मदिरा मुद्रा मैथुन हुन्. श्रीगुह्येश्वरी माइका प्रभावले कैल्ले पनि विधवा नहुन्या अधिका नेपालका राजाहरूले पतित नहुन्या दीक्षा पायाका नेवार्नीहरू वज्रयोगिनीका जस्ता वस्त्र अलंकार सिंदूरले पहिरियाका मदले साक्षियाका रह्याछन् भनि भारादारसंग हुकुम हुंथ्यो ॥७०॥

रम्ये नेपालदेशे निजनिजभवनद्वारदेशे निषण्णा
जूटीं बध्वा कचानां सुललितवदना भालसिन्दूररम्याः ।
सीमन्तिन्यो नवीनाः परिवृतकुसुमाः कुञ्चितापाङ्गभारा
भावन्ते बद्धहस्ता' सुललितवचसा भाय् मसीया मसीया ॥७१॥

बस्नु लायक भयाका नेपालदेशका नायिकाहरू आफ्ना आफ्ना घरका दहिलामा बसीकन कपालका केश जूटी पारि निधारमा सिंदूर लगाई महाचमत्कारसग

पाठान्तर-१. पान्थपृष्टाः,

÷ 'विधवा नहुन्या' भन्ने अर्थमा यो समस्त पद अशुद्ध छ । यहां 'अविदितवैधव्या' यस्तो हुनुपर्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

बसिरह्याका नेवार्नीहरूसित तिमि हामिले केही कुरा सुध्याउंदा हंसाइदो मुख गरि भाय् मसिया, भाय् मसिया भनिकन मात्रै भंछन्. सेवा जुजु महाराज भनि बोल्दी हाथ जोरि तमासा हेर्दी रह्याका छन् ॥७१॥

तद्देशे हरसिद्धिनृत्यनिरते[1] नेपालपीठोत्तमे
नानादैवतमन्दिरोत्सवतरे तीर्थोपतीर्थावृते ।
मत्स्येन्द्राभिधमीननाथरथयात्राऽऽरक्तलोकोत्सवे
धन्येयं ललितापुरीत्यकथयच्छ्रीपृथ्विनारायणः ॥७२॥

नेपाल भन्याका देश निकै रह्याछन्. श्रीहरसिद्धि भन्याका देवता त्रितत्त्व डाकिनी १ वर्णिनी २ रोचनी ३ नाच्दछन्. तन्ले र बहुत चमत्कारको वाद्य विशेषले चित्त हर्ष हुन्या हरसिद्धि नाचका हातिसंग वैरि पन्यो भन्या हाम्रा हाति लगाइदिंछन्. फेर श्रीपशुपतिक्षेत्रका पूर्वतरफ श्रीगुह्येश्वरी पीठले क्षण क्षणमा वर्ण वर्णका पानि बाँति गर्छन्. ठाउँ ठाउँमा नाना नाउका देवलले उत्तम मनोहर नाना नाउका तीर्थ वाग्द्वार आदि भयाका द्वादश तीर्थले र चषु चा आदि भयाका द्वादश उपतीर्थले वेष्टित भयाका नेपालमा बुगमती भन्या अमरावती नाम भयाका देशदेखि श्रीमत्छेन्द्रनाथको यात्रा बाह्र वर्षका मेला हुंछन्. अघि पछि पाटनमा मात्रै यात्रा हुन्छन् ॥७२॥

यं विष्णुं प्रवदन्ति वैष्णवजनाः शैवाः शिवं शाक्तिकाः×
शक्तिं, भास्करवन्दका दिनकरं ब्रह्मस्वरूपं द्विजाः ।
मत्स्येन्द्रं मुनयो वदन्ति सततं लोकेश्वरं बोधिका+
अन्ये तं करुणामयं प्रतिदिनं तं नौमि लोकेश्वरम् ॥७३॥

श्रीमत्स्येन्द्रनाथकन कोही विष्णु भन्दछं. कोहि शैवले शिव भनि भजन गछं. कोहि शाक्तिकले देवी काली तारा भंछं. कोहि विरिंचिनारायण भंछं. कोहि आदित्य

पाठान्तर-१. -*ललिते*,

×'शक्तिर्भक्तिरेषाम्' भन्ने अर्थमा शक्ति शब्ददेखि 'भक्तिः' ४ । ३ । ९५ ['ती यिनको सेवा गरिने' भन्ने अर्थमा प्रयमासमर्थदेखि यथाविहित (माथि विधान गरिए जस्तो) प्रत्यय हुन्छ] ले अण् प्रत्यय भई 'शाक्त' रूप बन्दछ। यस कारण 'शाक्तिकाः' यो रूप अशुद्ध हो।

+'बुद्धो भक्तिरेषाम्' भन्ने अर्थमा बुद्ध शब्ददेखि पनि अण् प्रत्यय हुने हुनाले 'बोधिकाः' यो रूप अशुद्ध हो। शुद्ध रूप 'बौद्धाः' हुन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

भंछं. कोहि ब्रह्म भनि भंछं. कोहि मत्स्येन्द्रनाथ भंछन्. कोहि लोकेश्वर भनि भंदछं. कोहि करुणामय बुंगदेव भन्छन्. एस्ता प्रकारका भजन् गरिकन यात्रामा महा अल्लोल कल्लोल गरि भजन् गर्छन्. तस्ता श्रीमत्स्येद्रनाथकन प्रणाम छ भनि वारंवार हुकुम् हुन्छ. भारदारसंग नेपालका चर्चा हुन्छन् ॥७३॥

षडर्णैर्जप्तं* यः पिबति मनुजो दीपिनियुतं
सुबीजं पालाशं भवति विरलं तस्य ज्वरलम् ।
अहो धन्यं याभ्यर्चशिखितिथियात्रादिदिवसं
स लोकेशो देवः[1] प्रतिदिनमपायादपतु वः ॥७४॥

रथ चह्रन्या दिन वैशाख प्रतिपदा भरणीनक्षत्र रहेछ. तस दिनमा दुनिआले विशेष गरि बाह्र वर्षसंमका बालबहरूलाई पलासका बियाको रक्षा गलामा कुमारीले कात्याका धागाले बाधिदिछन्. बिया पिनिकन जुवानुसंग षडक्षर मंत्र जपि पियाउंछन् र वर्ष दिनका हालाहल आदि भयाका विषवर्ग हराउंछन्. एस्ता प्रत्यक्ष प्रभाव पायाका स्वामी लोकेश्वरले प्रतिदिन तिमी हामिलाई रक्षा गरून् ॥७४॥

शीघ्रं चाकर्षतेति प्रतिवदति भृशं सारथौ तद्विधिज्ञे
हैहैहैहाहहाहाध्वनिभिरथ दिशः पूरिता यत्प्रयाणे ।
रज्वाकर्षोद्यतानां वदनसमुदितैर्मेघघोषैरिवोच्चैः
सोऽयं श्रीलोकनाथो[2] दिशतु सुरशिरोरत्नचूडं मंगलं वः ॥७५॥

यात्रा गर्न्या बेलामा सिंहमुखी आदि भयाका अष्टमंगलका सुवर्ण ध्वजा अगाडि ल्याउंछन्. पछाडि सुवर्ण छत्र ल्याउंछन्. बडा ठूला सोरका डिंडिम बाजा बजाउंछन्. तत्कालैमा लोक लाषौं बटोल्छन् र रथका मुढचा काठमा सुनका हयग्रीव भैरवको मुख वि गास्याका काठमा सुनका नाग छत्र समाइ दुई जना ब्राह्मण ब्रह्मा र नारद मुनि खडा भै बस्न आउंछन् र बेतका मुष्टिग्राह्य डोरि तानिकन दाहिनापट्टि वामापट्टि घिसार २ भनि जुक्ति जान्याले जुक्तिसंग भनिदिन्छन् र है है है हा हा हा भनि उचा सोरले मेघ गर्ज्याका झैं गरि रथकन घिसार्छन् एस्ता देवगणका चूडामणि भयाका श्रीमत्स्येंद्रनाथका महामङ्गल यात्रा गर्छन् ॥७५॥

पाठान्तर–१. *स्वामी*, २. *मत्स्येन्द्रनाथो*,

*जप् धातु सेट् हुनाले 'जप्तम्' यो रूप अशुद्ध हो। शुद्ध रूप 'जपितम्' हुन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

भग्ने× युग्येऽपि नीचैः प्रतिसरति रथाङ्गे रथे वक्त्रिते वा
सुस्थीभूते विमानस्थितपुरुषवरे सारथौ लग्नयष्टौ ।
गर्जज्जीमूतघोषध्वनिभिरथ महाडिंडिमैर्वाद्यमानः
सोयं मत्स्येन्द्रनाथो दिशतु सुरशिरोमण्डनं मङ्गलं वः ॥७६॥

अकस्मात् रथको आग्लो भाँच्छ तपनि सुस्त २ आग्लो चल्दछन्. धृतराष्ट्र विरूपक विरूपाक्ष वैश्रवण इ चार दिक्पालले साक्षात् रथकन बोक्छन्. हरिया घांसले छोपियाका शोभायमान ३२ बत्तिस लक्षणका रथ बांगो हुन्छ तपनि सुन्का विमानमाथ बस्याका राजा पुरोहित स्थिर भै रहंछन्. सारथि ब्राह्मणले नागयष्टिकन समाइ डरलाग्दो जस्तो बस्ता ठुला ठुला डिंडिम बाजा र कांसका भ्याइ बजाउंदा हाहा हूहू गरि तुरुंत आग्लो तयार हुंछ र रथ माथिका बेतका ब्रह्माण्ड ठाउं रहन्छ. फेर यात्रा जाहाको ताहा पुग्याउंछन्. यस्ता श्रीलोकनाथ श्रीमत्स्येन्द्रनाथले हामिहेरूकन मङ्गल गरून् ॥७६॥

इत्येवं ललितोद्भवं सुखकरं यात्रोत्सवं संस्मर-
न्नर्काकाष्टशरोन्मिते मकरसंक्रान्तौ च पौषे कुजे ।
गङ्गालाभमचीकरन्नृपवरः श्रीपृथ्विनारायणो
देवीघाटमहास्थले शुचितले श्रीभैरवीपालिते ॥७७॥

यसै प्रकारले ललितपाटन् सहरका सुखकर यात्राको प्रशंसाकन भारदार दुनिञासंग गद÷ नेपालका तिन् सहरका यात्रा बिस्क्यात इंद्रयात्रा रथयात्रा उत्साहका कथाकन

×यहाँ 'आग्लो' भन्ने अर्थमा 'युग्य' शब्द प्रयोग गरिएको छ । 'तद् वहति रथयुग-प्रासङ्गम्' ४।४।७६ [द्वितीयासमर्थ रथ युग प्रासङ्ग शब्ददेखि 'बोक्छ' भन्ने अर्थमा यत् प्रत्यय हुन्छ] ले युग शब्ददेखि यत् प्रत्यय भई 'युग्य' रूप बन्दछ । यस कारण युग्य शब्दले घोडा आदि वाहनलाई बुझाउंछ । अतः 'आग्लो' भन्ने अर्थमा 'युग्य' शब्दको प्रयोग उचित छैन ।

÷ आफ्नो अन्त्य अवस्थामा नुवाकोटमा पृथ्वीनारायण शाहले आफ्ना भारादार-हरूलाई आफ्नो संक्षिप्त जीवनी र आफ्नो नीतिसम्बन्धी उपदेश दिएथे । तर यहाँ सुन्दरा-नन्दले भने ' आफ्नो अन्त्य अवस्थामा नुवाकोटमा पृथ्वीनारायणले भारादार दुनियांसंग ललितपुरको वर्णन गरे ' भनी लेखेका छन् । पृथ्वीनारायणले अन्त्य अवस्थामा भारादार-हरूलाई उपदेश दिए भन्ने कुरा थाहा पाएका सुन्दरानन्दले आफ्नो जन्मभूमि ललितपुरको गौरव बढाउन राजाको मुखबाट ललितपुरको प्रशंसा गराएको देखिन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

र नेवारका चरित्रकन समुझी श्री ५ पृथ्वीनारायण साह महाराजा शुद्धांतपुर परिवारसमेत भैकन अघि कीर्तिपुर लडाइमा शस्त्र अस्त्र बनाउंदा भयाका नुवाकोटका देवीघाटस्थल श्रीभैरव भैरवीका सन्निधानमा श्रीनेपालसंवत् ८९५ आठ शै पचानब्य पौष शुक्ल नवमी मकर संक्रांतिका दिन गंगालाभ हुँदा भया. महारानीसमेत ९ नौ सहगामिनी रहेछन्+ ॥७७॥

इत्थं श्रीपृथ्विनारायणनृपचरितं यः शृणोतीह भक्त्या
दारिद्र्यं तस्य दूरं निवसति दुरितं पूर्वजं वै क्षिणोति ।

+वि. सं. १८३१ मकरसंक्रान्तिका दिन देउघाटमा पृथ्वीनारायण परलोक हुँदा उनका साथमा नौ जना सती गएका थिए । तात्कालिक पत्रबाट पनि सुन्दरानन्दको यो कुरा प्रमाणित हुन्छ–

"उप्रान्त गोर्षाका राजा हामीमाथि दावा राषी पश्चिम हेल्न भनि नुवाकोटसम्म पुग्याथ्या. मकरसंक्रान्तिका दिन १ घरी दिन चढ्दा भगवत् इच्छा तह आफै हेलिया. ९ जना सती गया."

[पर्वतका मल्ल राजाको पत्रको एक अंश । जयरत्नाकर नाटकको उपोद्घातमा श्रीगुरु पं. नयराज पन्तद्वारा यो प्रकाशित भएको छ ।]

तर. वि. सं. १८४९ मा राजपुरोहित शक्तिवल्लभ अर्ज्यालले बनाएको जयरत्नाकर-नाटकमा र वंशावलीमा भने सती जाने संख्या फरक फरक छन्—

" ... महायशस्वी राजा पृथ्वीनारायणो बभूव । ... स च राजा एकादशसहचरीयुतया प्राणप्रियनरेन्द्रलक्ष्मीमहिष्या द्वाभ्यामुपभोगिनीभ्यां च सह पुरन्दरलोकं गतः"

(जयरत्नाकरको द्वितीय कल्लोलबाट । यो घनवज्र+ज्ञानमणिद्वारा सम्पादित भई श्रीगुरु पं. नयराज पन्तविरचित विस्तृत उपोद्घातसहित नेपाल-सांस्कृतिक परिषद्बाट प्रकाशित भएको छ ।)

[ठूलो कीर्ति फैलिएका राजा पृथ्वीनारायण शाह हुनुभयो। ... उहाँ राजा पृथ्वीनारायण शाह एघार्‌ह्वटी केटी साथ लिएकी, प्राणभन्दा प्यारी बडामहारानी नरेन्द्रलक्ष्मी र दुइटी रानीसाहेबसँग स्वर्ग जानुभयो ।]

"श्रीपृथ्वीनारायण साह ... बिरामा हुनुभयाकोले नेपालबाट नुवाकोट पाल्नुभै ९ दिन सम्म देवीघाटमा बस्नुभै शाके १६९६ विक्रम सं. १८३१ ने. सं. ८९५ मिति पौष शुदि ९ मकरसंक्रान्तिका दिन रात्रिविषये त्रिशूलगंगा श्रीदेवीघाट मोहनतीर्थमा परलोक हुँदा भया. श्रीमहारानी नरेन्द्रलक्ष्मी प्रभृति ४ स्त्रीहरू सती गया."

(भाषावंशावलीबाट)

CC-0. In Public Domain. Digitization by eGangotri

स स्याद्रत्नत्रयाणामपि परमसखः[1] क्षुद्ररोगैर्विमुक्तो
दीर्घायुर्भाग्ययुक्तो निजकुलसुखदः सर्ववर्गैरुपेतः ॥७८॥

एस्ता प्रकारका श्री ५ पृथ्वीनारायण साह महाराजाका अद्भुत चरित्रकन जसले सुन्ला सुनाबला. तस्को दरिद्रताले टाढाबाट छोड्ला. पूर्वजन्ममा गर्याको पाप पनि टाढासम्म भाग्जाला. रत्नत्रय भन्नु राजा रानी मंत्री ई तीनका अत्यंत हित होला. क्षुद्र रोगले पनि मुक्त होला. क्षुद्र रोग भन्नु छिरुवा रोगले पनि प्रत्यक्ष छोड्ला अर्थात् यो ग्रन्थ सिद्धयाका साल संवत् १८··· श्रावणमा यो ग्रन्थ बनाउन्याको पनि प्राणांत लाग्योथ्यो. दिनप्रति ७० जनासंग १ महिना मर्‍या. ग्रन्थकर्ताकन पनि अर्घजल तयार गर्‍यो. ३ दिनका बीचमा क्षणभर निद्रा पायेर बच्योथ्यो। चौकिदारले मर्‍याकाको लेखो दि राखेछ सर्कारमा ॥७८॥

॥ इति श्रीपृथ्वीनारायणचरित्रं समाप्तम् ॥

तज्जः श्रीमान्महीपः क्षितिपतितिलकः सिंहपूर्वप्रतापः
पित्राज्ञापालको योऽखिलधरणितलं द्योतयामास नीत्या।
मर्यादां स्थापयित्वा करजितवसुधो रञ्जकः पौररीत्या
रेजे केहेरसिंहाभिधहितसचिवो÷वृद्धपौरानुमन्ता ॥७९॥

पाठान्तर– १ परमहितः

÷ यहां प्रतापसिंहका मन्त्री केहरसिंह थिए भनी सुन्दरानन्दले लेखेका छन्। परन्तु वि. सं. १८२८ मा चौबीसीहरूसंगको लडाईंमा सतहुँमा केहरसिंहको मृत्यु भएको थियो। तात्कालिक अभिलेख कागत पत्रहरूबाट यो कुरा सिद्ध हुन्छ।

केहरसिंहका कान्छा भाइ धौकलसिंहको नारायणहिटीको वि. सं. १८५० का अभिलेखमा सतहु मा केहरसिंह मारिएको कुराको उल्लेख यसरी गरिएको छ–

"भूपस्याधिकयत्निनस्य धरणिं कृत्वा च भोगं परं
वारुण्यां दिशि यो रणे रिपुगणान् विध्वंसयन् स्वर्गतः। ···
केहरसिंह गाजी भए, बाजी दस दिस नाम।
सतहूँके मयदानमो करी भूपको काम॥"

[संस्कृत-सन्देश १।५ मा योगी नरहरिनाथद्वारा यो प्रकाशित भएको छ।]

[आफ्ना राजाको राज्य बढाई, ठूलो मजा गरी, पश्चिमपट्टिको लडाइँमा शत्रुहरूलाई नष्ट पारी केहरसिंह स्वर्ग जानुभयो।

दशै दिशामा नाउँ चलेका विजयी केहरसिंह हुनुभयो। सतहुँको मैदानमा राजाका काममा उहाँ जानुभयो।]

CC-0. In Public Domain. Digitization by eGangotri

ताहाँपछि दुनिजाबिषे अत्यंत करुणा राख्न्या श्री ५ सिंहप्रताप साह+ जो छन्. ३ तिन सहर नेपालका लोककन सौंख विस्तार दिनानिमित्त बालिका चौथाई कर ली सबका बिर्ता अधिजा षेत थामिबक्सदा भया. जस्तै श्रीसूर्यले षैची लीयाका अन्न पानी गैह्र पृथ्वीका रसकन १००० गुण बढाई वर्षा गरिबिछन्. तस्तै स्वच्छ राषि लियाका चौथाई करका बालिको धन अतिथि अभ्यागत ब्राह्मण गरिप् प्रजा गैह्रकन कद्दर राषि दान मानले गरि उडाई दिदा संपूर्ण दुनिजा धनी भै ६० पाथि धानको भावले सुभिक्षा हुँदा घरहि सळामि पनि चह्रायो ॥७६॥

केदाराणां तुरीयांशकमनुजगृहे शस्यराजेः प्रजाभ्य–
स्तत्पश्चाद्दासिचाऔलिति चतुरभिधां लेखयामास पोताम् ।
श्रीमान् सिंहप्रतापः स्म जयति नृपतिर्यद्यशोऽद्यापि मूर्तं
वर्वर्त्येवं जगत्सु त्रिषु दुरितहरं स्वान्नपाकानुदायि ॥८०॥

दुवै वर्षका बीचमा संपूर्ण दुनिजाका घरहि धनद्रव्यले पोषत् भयाको जानि अब त

एउटा टिपौटे कागतमा वि. सं. १८२८ मा सतहुँमा केहरसिंहको मृत्यु भएको कुराको उल्लेख पाइन्छ—

" १८२८ शा १६६३ पौष शुदि १० केहरसिं सतौंमा (प)र्‍या. "

[यो टिपौटे कागत मोहननाथ पांडेसंग छ]

रणबहादुर शाहले केहरसिंहका सन्तानलाई लेखिदिएको एउटा लालमोहरमा यस्तो लेखिएको छ—

" आगे केहरसिंहले हाम्रा निमक बुझि जिऊ दिन्दा फटकसिला मरवट गरि हिजो श्रीजिज्यूबाज्यालें केहरसिंहका सन्तानलाई बक्स्याको रहेछ. आजि हामीले ··· बामी बक्स्यौं··· इति सम्वत् १८४३ साल मिती चैत्र शुदि ७ रोज ४ शुभम् ।

[बखतमानसिंह बस्नेतको संग्रहमा रहेको कागतबाट]

यताबाट पनि पृथ्वीनारायण छँदै केहरसिंहको मृत्यु भएको स्पष्ट बुझिन्छ । यस कारण प्रतापसिंहको पा.मा [वि. सं. १८३१-३४मा] केहरसिंह मन्त्री थिए भनी लेख्नु अशुद्ध हो ।

+ सुन्दरानन्दले यहाँ र तल अरू ठाउँमा पनि पृथ्वीनारायण शाहका जेठा छोराको नाम 'सिंहप्रताप' भनी लेखेका छन् । परन्तु यिनका टंक लालमोहरहरूमा र तात्कालिक अभिलेख ग्रन्थ आदिमा यिनको नाम 'प्रतापसिंह' लेखिएको पाइन्छ । यस कारण 'सिंहप्रताप' यो नाम ठीक होइन । शुद्ध नाउँ प्रतापसिंह हो ।(लक्ष्मण सत्याल+अक्रूर कुईकेलको इतिहास-संशोधनको छैटौं संख्या हेर्नु होस् ।)

CC-0. In Public Domain. Digitization by eGangotri

अन्न गैहको कर लिनाचाहिं रुपैआ कर लिया दुनिआ सुखी होला भंनानिमित्त ओल्नामा १ दोयम्नामा २ सिमनामा ३ चाहारनामा ४ ई चार प्रकारका नामले पोता दरिंदिदा भया. धर्मार्थले गन्याका हुनाले दुनिआले पनि पोता तिरि सब बाली पक्क गरि षाईं रह्याछन्. धर्मार्थले गन्याको पोतानामका कीर्ति अद्यावधि स्थिर भै सूर्यले गन्या झ आफ्ना षेतिपाताका अनाज पक्कं गरि षांदछन् . पातक पनि केही लाग्दैनन् ॥८०॥

काम्बोजैः सोनुमत्या नृपतिरथ महोत्साहपूर्वं प्रकृत्या
सौम्यो लामागुरूणामनुगतचरितो रौप्यमुद्रानुपातात् ।
श्रीमान् सिंहप्रतापः सह बहुभिरलं मल्लराजानुवृत्तं
मुद्राणां रौप्यजानामनुचरणविधिं कारयामास धन्यः ॥८१॥

स एव श्री ५ सिंहप्रताप महाराजाले कांबोज देशका लामा गुरुसंग हित चित्त भैकन स्वभावैले साधु[1] चर्याका श्री ५ राजाले रौप्य मुद्रा मोहोर पारनुकन श्रीरणजितमल्ली आफ्ना वंश पारी तक्सारी हात ली मोहोर चलन गन्या+ ति महाराजा धन्य रह्याछन् ॥८१॥

तज्जः सम्राट् पशूनां पतिरिव विजयी शीतलापूतनानां
सार्द्धैकाब्दाय गीर्वाणयुधनृपतये सूनवे राज्यभारम् ।
दत्त्वा स्वामीत्यभिख्यां नृपतिरणबहादुरसाहः प्रपेदे
क्षोणीपेशो न भूतो न भवति न भवेत्तत्सदृग्घोररूपः ॥८२॥

पाठान्तर- १. साधु चित्त भयाका,

+ भोटसंग नेपाल-उपत्यकाको व्यापारसम्बन्ध धेरै पहिलेदेखि चलेर आएको थियो । यस व्यापार सम्बन्धले गर्दा नेपाल-उपत्यकाका मल्ल राजाहरूका टकहरू भोटमा पनि चल्न थालेका थिए । पछिका मल्ल राजा जयप्रकाश, रणजित्हरूले आफ्नो आर्थिक स्थिति राम्रो नहुँदा चाँदीमा तामा मिसाई रुपियाँ ढाल्ने गरेका थिए । ती मिसावटी टकहरू भोटमा पनि प्रशस्त पुगेका थिए ।

पृथ्वीनारायणको नीति 'शुद्ध चाँदीका टक चलाउनुपर्छ' भन्ने थियो । यसैले नेपाल-उपत्यका विजयपछि 'मिसावटी टक मासी शुद्ध टक मात्रै चलाउनुपर्छ' भन्ने कुरा पृथ्वीनारायण शाहले भोटका अधिकारीहरूसंग गरे । परन्तु यसबाट आफूलाई फाइदा नहुने हुँदा भोटे अधिकारीहरूले यो कुरा मञ्जूर गरेनन् । यसबाट मुद्राविषयको कलह उठी व्यापारसम्बन्धमा धक्का परिरहेको थियो । पृथ्वीनारायणपछि प्रतापसिंहले वि. सं. १८३२ मा मुद्राविषयको यो कलह शान्त पार्न भोटसंग एक सन्धि गरेका थिए । यही कुराको चर्चा सुन्दरानन्दले यहाँ गरेका हुन् । [सो सन्धिपत्र परिशिष्ट 'ग' मा दिइएको छ ।]

CC-0. In Public Domain. Digitization by eGangotri

ताहापछि सम्राट् चक्रवर्ती महाराजा श्री ५ रणबहादुर साह जो छन्. स्वभावैले ब्रह्मज्ञानविषे निपुण हुँदा मायारूपी राजकाजका मोहदेखिन् फरक भै बालक अवस्थामा राजकाजका अषतियार बहादूर साहकन सुंपि कुमार अवस्थामा २४ चौबीस राजाका राज्य लिई कर लिन्या जुवान अवस्थामा संपूर्ण राज्यका अभिषेक श्री ५ मत् गीर्वाण-युद्धविक्रम साह पुत्रकन बक्सी शीतला पूतना आदि ईति उपसर्ग विघ्नकन घपाई श्रीपशुपति झैं अत्युग्र वैरि गैह्रकन पराजय गरि सार्वभौम पदवीकन पाई वृद्ध अवस्थामा संपूर्ण राजका भारकन पुत्रसमेत काजी श्रीभीमसेन थापाकन सुंपि ब्रह्मज्ञानको चर्चा गरि रहंदा भया.+ एतिका उपमा दिनामाफीकका अरू राजा घोररूप भूत वर्तमान भविष्यमा पनि हवैनन् ॥८२॥

+यहाँ सुन्दरानन्दले रणबहादुर शाह "···वृद्ध अवस्थामा सम्पूर्ण राजका भारकन पुत्रसमेत काजी श्रीभीमसेन थापाकन सुंपि ब्रह्मज्ञानको चर्चा गरिरहंदा भया" भनी लेखेका छन् । वि. सं. १८६३ मा भाइ शेरबहादुरद्वारा रणबहादुर मारिए भन्ने कुराको वर्णन त सुन्दरानन्दले नै गरेका छन् (१८५-१८७ श्लो.) रणबहादुरको जन्म वि. सं. १८३२ आषाढमा भएको थियो—

"संवत् १८३२ शाके १६९७ आषाढकृष्णदशम्युपर्येकादश्यां तिथौ अश्विन्यां गुरुवासरे श्रीसूर्योदयाद् गतघ. ४२।१७ श्रीरणबहादुरसाहजन्म"

[मोहननाथ पांडेसंग रहेको कागतबाट]

यसबाट रणबहादुर मारिंदा उनको उमेर ३१ वर्षको मात्र थियो भन्ने स्पष्ट बुझिन्छ । अतः ३१ वर्ष पुगेकालाई वृद्ध भन्नु युक्तिसंगत देखिंदैन ।

प्राचीन कालमा मनुष्यको आयुको चार भाग लाई पहिलो भागमा ब्रह्मचर्य (विद्याध्ययन), दोस्रो भागमा गार्हस्थ्य, तेस्रो भागमा वानप्रस्थ र अन्तिम भागमा मात्र संन्यास लिने चलन थियो । पछि पछि अध्यात्मवादको प्राबल्य हुँदै जाँदा संन्यासलाई ज्यादा महत्व दिइन थालियो । जोगीहरूको प्रभाव राजादेखि रङ्कसम्म फैलिन लाग्यो । यस्तै जोगी-परम्पराको व्याख्यानको प्रभावमा परी आफ्नी मन परेकी रानी बिरामी हुँदा पीरले विह्वल भई २३ वर्षको उमेरमा आफ्ना डेढ़ वर्षका छोरालाई गद्दीमा राखी रणबहादुरले संन्यास ग्रहण गरेका हुन् । परन्तु संन्यास-ग्रहण गर्नाका लागि सांसारिक विषयभोगदेखि विरक्त भई जुन ज्ञानमय भावना मनमा स्थायी भएर रहनुपर्थ्यो, सो अवस्था रणबहादुरको थिएन । यसो हुँदा स्वामी बने तापनि रणबहादुर संसारको प्रपञ्च त्याग गरी ब्रह्मचिन्तनमा लागेका थिएनन् । आफ्नी मन परेकी रानीको मृत्युपछि स्वामी महाराजले जुन उग्र काम गरे, त्यसको वर्णन त खुद सुन्दरानन्दले नै गरेका छन् । (१०५-१११ श्लो.) त्यसपछि नुवाकोटकाण्ड हुँदा राज्याधिकार

CC-0. In Public Domain. Digitization by eGangotri

बाल्ये बाहादुरस्यार्पितधरणीभरो निर्ममो यो विरेजे
कौमारे वीरयोद्धारक+जितवसुधः सार्वभौमो विरेजे।
श्रीमद्गीर्वाणयुद्धार्पितधरणितलो यौवने योभिरेमे
सार्द्धं पुत्रेण भीमार्पितधरणिभरो वार्द्धके यो विरेमे÷॥८३॥

बाल्यावस्थामा बाहादूर साहसँग भूमिभाराकन सुंपि निर्मायासंग विराजमान भयाका कुमारावस्थामा वीर वीर वैरिसंग लडाई गरि जितिकन कर लिन्या यौवनावस्थामा श्रीगीर्वाणयुद्धविक्रम साह पुत्रकन भूमिभार सुंपि मनोज्ञसंग खेलन्या वृद्धावस्थामा पुत्रसमेत भीमसेनसंग भूमिभारा सुंपेर निर्वाण पद पायाका महाराजा हुन् ॥८३॥

श्रीमत्सिंहप्रतापात्मजरणबहादूरसाहाज्ञया श्री–
पृथ्वीनारायणस्यात्मजवरयुवराजेन बाहादुरेण।
मूर्त्तीकृत्यार्द्धनारीश्वरमुपरि गवाक्षे विचित्रेष्टिकाभिः
काष्ठैः श्रीखण्डजातैर्ग्रहगणसहितं दौर्गपीठं न्यधायि॥८४॥

जौना श्री ५ सिंहप्रताप महाराजाका आत्मज श्रीरणबहादूरबाट हुकुम् पाएर श्री ५ पृथ्वीनारायणका द्वितीय आत्मज श्रीबाहादुर साहले अर्द्धनारीश्वर मूर्ति भयालमा राखेर श्रीखण्डकाष्ठले विचित्र ऐटले शोभायमान भयाका अष्टमातृकासहित नवग्रहका पीठकन

आफ्नो हातमा लिई शस्त्रधारण गरी नुवाकोटमा आक्रमण गर्ने चेष्टा स्वामी महाराजले गरेका थिए (परिशिष्ट 'ग' मा दिइएका वि. सं. १८५७ का कागतपत्रहरू हेर्नुहोस्)। मुक्तिक्षेत्र काशीमा पुगेपछि पनि उनी मोक्षमार्गमा लागेका थिएनन्, राजनीतिकै दाउपेचमा लागेका थिए। काशीबाट नेपाल फर्केपछि पनि स्वामी महाराजले तीन बिहे गरेको उल्लेख तात्कालिक कागतमा पाइएको छ। (उपोद्घातको 'ऐतिहासिक सार' प्रकरण हेर्नुहोस्) तथा आफूलाई छोरा राजाको मुख्तियार घोषित गरी सोझै राजकाजमा लागेका थिए। (परिशिष्ट 'ग' को वि. सं. १८६२ को पत्र हेर्नुहोस्) यसको दुइ महीनापछि त भाइद्वारा स्वामी महाराजको अन्त पनि भयो। यसरी नानाथरी परिपञ्चमा लागेका रणबहादुर शाह 'ब्रह्मज्ञानको चर्चा गरिरहंदा भया' भन्ने कुरो उचित होइन।

+ योद्वारक पद र यसको अर्थ चिन्त्य छ।

÷ 'व्याङ्परिभ्यो रमः' १।३।८६ [वि आङ् परि पूर्वमा हुने रम् धातुदोख परस्मैपद हुन्छ] ले वि पूर्वमा हुने रम् धातुदेखि परस्मैपद हुने हुनाले 'विरेमे' यो रूप अशुद्ध हो। शुद्ध रूप 'विरराम' हुन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

ठुला घण्टासमेत पीठ बनाउँदा भया+ ॥८४॥

घण्टां दिव्यधुनीतरंगधवलां कैलाशकूटोपमां
भूतप्रेतपिशाचडाकभयदध्वानैकदिव्यध्वनिम् ।
सूताद्यष्टकधातुभिर्विघटितामिष्टेश्वरीप्रीतये
श्रीमत्सिंहप्रतापजो रणबहादूरोऽर्पयद्÷भूपतिः॥८५॥

एस्ता प्रकारका श्री ५ रणबहादूर साहदेवबाट श्रीइष्टदेवता प्रीति गरि ठुलो घण्टा अर्पण गर्दा भया.* कस्तो घण्टा भन्या आकाशगंगाका तरंग जस्तो सपेत तेज भयाको कैलास पर्वतका शिखरसमान ठुलो भयाको गति नपाई मन्याका जंतु वायु भयाकालाई भूत भन्नु भैरव भैरवीले आसन गन्याकालाई प्रेत भन्नु मसानमा बसी अभक्ष्य भक्ष्य सबै थोक खान्यालाई पिशाच भन्नु पाक्यालाई डाक भन्नु एस्ता २ अत्युग्र भयंकर भूत प्रेत पिशाच डाकडाकिनीकन त्रास दिन्या सोरले दिव्य ध्वनि भयाको पारो आदि अष्टधातुले पूर्ण गरि खान्याको ॥८५॥

मज्जामेदोवसान्त्रीसरुधिरतरसाहारिणीनां विमोक्ष-
प्राप्त्यै योगाधिरूढं शरभमुखमहाभैरवं नातिघोरम् ।
श्रीमत्सिंहप्रतापात्मज'रणबहादूरसाहक्षितीशः
स्वाराट्तुष्ट्यै स्म मीमांसति+कनकभरं सीधुमांसादिगृध्नुम्॥८६॥

पाठान्तर- १. *श्रीमत्सिंहप्रतापेशसुत-*,

+ बहादुर शाहले बनाएको यो मन्दिर काठमाडौं गद्दी-बैठकबगाडि छ ।

÷ 'आडजादीनाम्' ६।४।७२ [अजादि धातुको लुङ् लङ् लृङ्को बिषयमा आट् आगम हुन्छ] ले आट् आगम हुने हुनाले 'अर्पयत्' यो रूप अशुद्ध छ । शुद्ध रूप 'आर्पयत्' हुन्छ ।

* रणबहादुर शाहले यो घण्टा वि. सं. १८५४ मा देवीलाई चढाएका हुन् । (यस घण्टाको अभिलेख परिशिष्ट 'ग' मा हेर्नुहोस्)

+ अनुदात्तको इत्संज्ञा हुने आत्मनेपदी 'मान पूजायाम्' धातुदेखि 'मानबधदान्-शान्भ्यो दीर्घश्चाभ्यासस्य' ३।१।६ [मान् बध दान् शान् धातुदेखि सन् प्रत्यय हुन्छ, अभ्यासको इकारको दीर्घ पनि हुन्छ] ले सन् प्रत्यय र अभ्यासको इकारको दीर्घ भई मीमांस धातु बनेपछि 'पूर्ववत् सनः' १।३।६२ [सन् प्रत्यय हुनुभन्दा पहिले जुन् धातु आत्मनेपदी छ, त्यस धातुदेखि सन् प्रत्यय गर्दा खेरि पनि आत्मनेपद हुन्छ] ले आत्मनेपद हुने हुनाले 'मीमांसति' यो रूप अशुद्ध हो । शुद्ध रूप 'मीमांसते' हुन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

फेर श्री ५ सिंहप्रताप साहका पुत्ररत्न श्रीरणबहादूर साहबाट स्वाराट्तुष्टयै भन्नु इंद्रयात्राको शोभा बढाउनानिमित्त मत्स्य मांस मदिरा मुद्रा मैथुन मकार पंचका आलो रगत षान्या भयंकर रूप पनि नहुन्या सौम्य रूप पनि नहुन्या एस्ता मध्यम रूपका सुवर्णका शरभमुखनामा भैरवकन निर्माण गर्दा भया. आफ्ना अमल्विषेका मज्जा मेद बोसो रगत आंद्रा मासु इत्यादि षान्या प्राणाका जीउमा दुःख दिन्या डाकिनी शाकिनी भूतिनी पिशाचीहरूका मुक्ति गर्नानिमित्त योगमूर्ति भयाका शरभमुख भैरव स्थापित गर्दा भया* ॥८६॥

माल्याबाज्याभिधानान् वृषभपरिवृढान् पालयन् श्रीमहीशो
नंदीसंज्ञान्⊙ यथैव प्रमथपरिवृढान् श्रीमहेशो विरेजे ।

---

* काठमाडौं कालभैरवपछाडि देगुतलेको मन्दिरसंगै यी भैरवको विशालमूर्ति छ। यी भैरव अहिले 'सेता भैरव' को नामले प्रसिद्ध छन्। इन्द्रजात्रामा अहिले पनि यी भैरवको मूर्ति खुलाएर राखिन्छ। यो मूर्ति रणबहादुर शाहले वि. सं. १८५२ भाद्रमा बनाएका हुन् भन्ने कुरा त्यसै मूर्तिको गलानेर स्वर्णपट्टमा कुँदिएको अभिलेखबाट बुझिन्छ। सो अभिलेख यस प्रकारको छ—

"स्वस्ति श्रीसंवत् १८५२ साल भाद्रशुक्लपक्षे द्वादश्यां तिथौ शुक्रवारे धनिष्ठानक्षत्रे धृतियोगे एतस्मिन् दिने भैरवमूर्तिनिर्माणपूर्वकं प्रतिष्ठा विहिता श्रीरणबहादूरभट्टारकैरिति शाके १७१७ शुभम्"

(श्रीगुरु पं. नयराज पन्तको संग्रहबाट यो पाठ यहाँ दिइएको हो)

[वि. सं. १८५२ शकसंवत् १७१७ भाद्रशुक्लद्वादशी शुक्रवार धनिष्ठानक्षत्र धृतियोगका दिन श्रीरणबहादुर शाहदेवले भैरवमूर्ति बनाईकन प्रतिष्ठा गर्नु भयो]

तात्कालिक आमदानी खर्च भएको एउटा कागतमा यो भैरवमूर्ति बनाउन सुन किन्दा लागेको खर्चको उल्लेख परेको छ। सो यस प्रकारको छ—

"सम्वत् १८५२ साल श्रावन शुदि १ रो ६ के

षर्च—
ठुलो भैरव ढालदा सुन किनाकन कपर्दार भोटु पाडेले
लैगयाको महिद्रमलि रुपैया चार हजार डेढ रुपैया—४००१॥
[संशोधन—मण्डलको संग्रहमा रहेको कागतबाट]

⊙ महादेवका वाहनलाई बुझाउने 'नन्दिन्' इन्नत शब्द हुनाले यहाँ 'नन्दिसंज्ञान्' बस्तो हुनुपर्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

वैद्यैः ×साँढ्योपनामैरुपकलितचिकित्साविवेकः पशूनां
कर्पूरैलालवङ्गत्वगगुरुसगुडव्यूषणाज्यान्नपिण्डैः ॥८७॥

फेर श्री ५ रणबहादूर साहदेवबाट नंदी नाम भयाका प्रमथ गणसमान साढ्याकों बथान आफ्ना षुसिसंग नाम ऋषिदिदा माल्या नाम बाज्या नाम मंगल्या नाम जुभ्या नाम भोट्या नाम इत्यादि प्रत्येक नाम संज्ञा राषि दियाका साढ्याका बथानकन सांढ्यावैद्य भनि नाम राषि दियाका वैद्यले मस्ताराम नाम भयाका नाउले चिकित्सा विवेक गराई कपूर अलैची सुकुमेला लवांङ तेजपत्र दालचिनी अगरु सषर गुड हरलो बररा अवला हलेदो त्रिकटुसमेत इलाज मसाला घिउले मुछ्याका अन्नपिंड दाना षुवाइ नियानु गरि पालिराष्याका हजारौं साढ्याकन पालन्या+ श्रीमहाराजा प्रमथगणकन पाल्न्या श्रीमहादेव झैं शोभायमान हुंण्या ॥८७॥

व्याघ्रानृक्षांश्च कीशान् गजतुरगमृगान्यङ्कुगोकर्णखड्गान्
सारङ्गांश्चक्रवाकान् वकशिखिसरटान् वर्तकादीन् कपोतान् ।
यत्नात्संपालकः÷ श्रीनृपतिरणबहादूरसाहोऽभवत्स्मा-
हारैस्तज्जातियोग्यैर्वृकभषकशशानाखुमार्जारबभ्रून् ॥८८॥

× 'नामन्' नकारान्त शब्द हुनाले 'साँढ्यापनामैः' यो रूप अशुद्ध हो । शुद्ध रूप 'साँढ्योपनामभिः' हुन्छ, अथवा कप् प्रत्यय गरेको खण्डमा 'साँढ्योपनामकैः' हुन्छ ।

+ पशुपक्षी पाल्नामा रणबहादुर शाहलाई ठूलो सौंख थियो । विशेष गरेर साँढेको जुधाइ हेरेर रणबहादुर दङ्ग पर्थे । यस कारण असल असल साँढे उनले प्रशस्त पालेका थिए । जुनसुकै कुरामा पनि भित्तै पुग्ने आफ्नो स्वभावअनुसार देश बिदेशबाट बेजोड साँढे तलासीमा रणबहादुरले प्रशस्त परिश्रम र धन खर्च गरेका थिए । कलकत्तामा दूत भई बसेका दीनानाथ उपाध्यायलाई रणबहादुरले लेखेका पत्रमा राजनीतिका कुराले जस्तै साँढे झिकाउने कुराले पनि स्थान पाएको देखिन्छ । विजयनगरका राजाकहाँ एक उत्तम साँढे आइपुगेको छ भन्ने खबर रणबहादुरकहाँ आइपुगेपछि 'पैसा खर्च गरेर हुन्छ कि अरू जे गरेर हुन्छ, त्यो साँढे हातलाई यहाँ पठाइदिनू' भनी रणबहादुरले दीनानाथलाई लेखेका थिए । (सो पत्र परिशिष्ट 'ग' मा हेर्नुहोस्)

साँढेबाहेक अरू पशुपक्षीहरू पनि रणबहादुरले पालेका थिए । यसरी एक किसिमको 'चिडियाखाना' नै उनले तयार गरेको देखिन्छ ।

÷ 'कर्तृ कर्मणोः कृति' २।३।६५ [कृदन्त संग सम्बन्ध भएमा कर्ता र कर्ममा षष्ठी विभक्ति हुन्छ] ले कर्ममा षष्ठी हुने हुनाले 'व्याघ्रान् संपालकः, 'कीशान् संपालकः' आदि यी रूप अशुद्ध हुन् । यहाँ 'व्याघ्राणां संपालकः, कीशानां संपालकः आदि हुनुपर्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

फेर बाघ भया. भालु भया. वानर भया. हाति भया. घोडा भया. मृग भया. न्यंकु भया. गोकर्ण भया. गैडा भया. सारंग पंषि भया. चषेवा भया. बकुला भया. मजुर भया. सरट भया. बतै भया. परेवा भया. बुवासो इत्यादि जंतुकन वनकुकुर भया. खराया भया. मुसा भया. न्याउरीमुसा भया इत्यादिकन जातियोग्य आहारा दिकन पालन्या भयाका श्रीरणबहादुर साह महाराजा थिया ॥८८॥

अल्मोढां राजधानीं छलबलकलनाद् बम्मसाहात्सगोत्रा–
न्मर्यादीकृत्य कान्तीपुरत + अनुमितिं क्रोशयष्टिं चखान ।
सोऽयं श्रीमान् शुभंयुनृपतिरणबहादूरसाहः प्रतापी
चातुर्दिश्योक्तकीर्ती रघुरिव च दिलीपान्ववायप्रदीपः ॥८९॥

जौना श्री ५ रणबहादूर साहदेवले सगोत्र श्रीबम्मसाह चौतराका अषतियार गरि अलमोढा सहरदेखि क्रोशयष्टि चिह्न राषतछं. एस्ता प्रकारका वीरविक्रम श्रीमान् प्रतापी श्रीरणबहादूर साह चार दिशमा पुण्य श्लोक कीर्ति चल्याका जस्तो रघुकुलका रघु राजा झ शोभायमान हुंथ्या. कांतीपुरदेषिन् चारं षुट्मा क्रोशयष्टिका सीमाना लुहकील राषनु छल बल कल जान्या श्री ५ रणबहादूर साहदेव शोभायमानसंग कांतीपुर राजधानीमा विराजमान हुन्थ्या ॥८९॥

वीरामर्सिंहथापाद्वयहितसचिवो धीरधीरो महात्मा
पृथ्वीनारायणानामिव सकलजगद्व्याप्तकीर्त्युग्रशीलः ।
यादोरत्नैरिवाम्भो निधिरभवदधृष्यस्तथा चाधिगम्यो–
ऽत्युग्रैः कान्तैर्धरित्रीपतिगुणनिकरैः सेवकानां स राजा ॥९०॥

पाठान्तर– १. रा. पु. को प्रतिमा यस श्लोकको नेपाली अर्थ यस प्रकारको छ—

"जौना राजाको सबै वैरिका छल बल कलले पनि घटाउन नसक्याका प्रताप पायाका हुनाले आफ्ना गोतिया श्रीबम्मसाह चौताराका मार्फत गऱ्याका अल्मौढा सहर आफ्ना वश पारिकन कांतिपुरका हनूमान्ढोकादेषिन् सीमानाको कोशयष्टि लुहकील राषीदिंदा भया. पूर्वकालमा श्रीदिलीप राजाका पुत्र रघु राजाले दिग्विजय गरेर आफ्ना राजधानीदेषीका सीमाना राष्या जस्तो सीमाना गरि राष्नुभयाका धन्य श्रीरणबहादुर महाराजा भैगया. सीमानाको लुहकील चौ दिशामा कितापै भैगया ॥"

+ यहाँ 'कान्तिपुरतोऽनुमितिम्' यस्तो हुनुपर्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

ठुला र साना दुई अमरसिंह थापा÷ हित मंत्री भयाका महागंभीर थाहा पाई नशक्नु अभिप्राय चित्त भयाका श्री ५ बुढा महाराजा पृथ्वीनाराण साहका झैं जगत् व्यापक यशका प्रतापले अतिउग्र स्वभाव र कोमल स्वभावका महात्मा श्री ५ रणबहादूर साह जो थिया. सा रत्नाकर समुद्रजस्तो जलजंतुले जाई नशक्ना रत्नका समुदायले जाईपन्य भयाका छं. अर्थात् नूनको सोझो गर्न्यालाई रत्नजस्ता नूनको बिसोझालाई ग्राहजस्ता भयंकर थिया ।।९०।।

अर्दलीकृतपदो हरिपाँडेः कीशवत्खरणसो विकलास्यः ।
स्वामिमानसवनान्तरचारी साँढ्यवैद्य इति गौष्वधिपोऽभूत् ।।९१।।

तत् महाराजा श्री ५ रणबहादूर साहदेवका अर्दली भनि मान पायाका हरिपतिनामा पांडे थिया. कस्तो पांडे भन्या वानरको जस्तो अनुहार बाँगा चेपटा नाक भयाका हड्नामा बोल्नामा स्वामिका हुकुममा बारंबार उत्तिकै जवाप् दिन्या स्वामी महाराजका चित्तरूपी वनांतरमा हिंड्न्या ज्याज्या त्यात्या कुराले पनि राजाका चित्त षुसि तुल्याउन्या सरम पनि नमानि षान्या हुनाले कतिनौ ननिका वचन बोल्या पनि स्वामिले हित गरि-राख्याका हरिपति पाँडे साढयाका मालिक भयाको थियो+ ।।९१।।

पाठान्तर– १. गाली गर्न्या

÷ यस वेला दुइ जना प्रसिद्ध अमरसिंह थापा थिए । पश्चिमको लडाइमा नाउँ कमाएका अमरसिंह थापाको जन्म वि. स. १८०८ मा भएका थियो । प्रधान मन्त्री भीमसेन थापाका बाबु अमरसिंह थापाको जन्म वि. सं. १८१६ मा भएको थियो । यस कारण उमेरक्रमले पहिला ठूला (बूढा) अमरसिंह र दोस्रा साना अमरसिंह भन्ने नामले प्रसिद्ध भएका थिए ।

+ साँढेहरूको रेखदेख, पालनपोषणका लागि हरिपति पाँडेलाई रणबहादुरले 'साँढे-वैद्य' को रूपमा नियुक्त गरेका कुरा यहाँ लेखिएको छ । एक जना अर्का 'साँढे-वैद्य' लक्ष्मी-नारायण दहालको उल्लेख तात्कालिक पत्रमा पाइन्छ—

(श्री ५ गार्वाणयुद्धविक्रमको प्रशास्त)

" आगे साड्यावद लक्ष्मीनारायण दहालके तम्रा नजा पुरानु वितर्ा बाँधा डिह घड्यारा षेत जा छ. तपसालबमोजिम ··· सर्व अंक मारी मेटा ··· ताम्वापत्र मोहर गारबक्स्यौ ···इति सम्वत् १८६२ साल मिति माघ शुदि १ रोज २ "

[इतिहास-प्रकाश १।१ को ७३-७४ पृष्ठमा देवनागरसह बस्नेतद्वारा यो पत्र प्रकाशित भएको छ]

CC-0. In Public Domain. Digitization by eGangotri

हयग्रीवाकारो नृपगुरुरभूच्छ्रीरणबहा—
दुरो निर्वाणांशः क्वथितविषतैलः खलजने ।
विशिष्टानां नृणां प्रतिदलितदारिद्र्यदुरित—
स्तदन्यूनांशेनाऽजनि जगति गीर्वाणनृपतिः।।९२।।

श्री ५ मन्महाराजाधिराज रणबहादूरका अद्भुत चरित्रकन संक्षेपले कहिंछ. साक्षात् श्रीहयग्रीव भैरवका औतार भयाका संपूर्ण राजमण्डलका गुरु भयाका शासन गर्दामा राजनीतिमा राजाधिराज रणबहादुर जो छन् सो चित्तमा कपट राखी मुखले मिठो बोलन्या एस्ता खलजन इत्यादि बुर्जनहरूका शासना गर्नामा राजनीतिमा कह्याका बमोजिम् विषतैल पकाई आंगमा छरिदिनु इत्यादि बिरानुअनुसार दंड शासना गरि आफ्ना नूनको सोझो चिताउन्या धर्मात्मा निःकपटि जनकन तत्कालैमा द्ररिद्र अफाली नीति निसाफपूर्वक रजाई गर्न्या वीरहरूले गर्न्या संपूर्ण काज कामको अनुभव गरि पारंगत भयाका एस्ता महावीर श्री ५ रणबहादूर साहदेवका पूर्ण अंशले ब्रह्म जो छन् संसारमा श्री ५ गीर्वाणयुद्धविक्रम साह कहलाई सात्त्विक रूपमा युवराज पैदा हुंदा भया ।।९२।।

यथा दीपाद्दीपो घृतप्लुतसुवर्त्तीरनुसरन्
दिदीपे तुल्यार्चिः क्षपयति तमोप्यंधतमसम् ।
महादीपाकारान्नृपरणबहादूरत* अथो
महादीपज्वालोज्ज्वलितसुयशाः श्रीयुवनृपः ।।९३।।

अस्ता प्रकारले घिउमा भिज्याई राख्याका बाति अर्का बातिमा सल्काउदै मात्र दुवै बातिमा बरोबर तेज हुन जांछ. तस्तै श्री ५ मत् रणबहादूर साहरूपी आदि दीप-देखिन् दरिद्ररूपी अंधकारको नाश गर्न्या जाज्वल्य प्रतापका तेजले पूर्ण भै यशस्वी भयाका श्री ५ गीर्वाणयुद्धविक्रम साह युवराज पैदा हुंदा भया ।।९३।।

पाठान्तर— १. *औतार,*

हरिपति पांडे त खाली साँढे-वैद्य मात्र नभई रणबहादुरका नजीकमा रहने उनका प्यारा भएको वर्णन सुन्दरानन्दले यहाँ गरेका छन्। सुन्दरानन्दका वर्णनअनुसार वास्तवमा हरिपति पाँडे रणबहादुरका विदूषक (ठटेउलो साथी) देखिन्छन् । उनको अङ्ग ढङ्ग पनि विदूषकमा हुने लक्षणकै अनुरूप पण्डितजीले देखाएका छन्।

* यहाँ 'रणबहादूरतोऽथो' यस्तो हुनुपर्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

स वात्सल्याल्लेभे गतवति तृतीयेब्दनिचये-
ऽभिषिक्तः साम्राज्यं पितृरणबहादूरकरगम् ।
स योगीन्द्रैर्लभ्यं परमशिवनिर्वाणपदयुङ्
महानन्दस्वामीत्यभिधमभजद्÷ भूमिवलये ॥९४॥

षट् शास्त्रविषे पारंगत भयाका श्री ५ मन्महाराजा रणबहादूर साह जो छन् साक्षात् पूर्ण ब्रह्मका तेजले युक्त भयाका युवराज श्री ५ गीर्वाणयुद्धविक्रम साहमाथि अत्यंत प्रेम हुनाले सत्कृपापूर्वक तेस्त्रो वर्षमा+ विधिपूर्वक सुमुहूर्त लगनमा गादिमा बसालि साम्राज्य पदवीको अभिषेक दि श्रीफु योगीन्द्रहरूले पनि निस्तुक ठहराई नसक्ना एस्ता एकत्व ज्ञान युक्ति पक्को स्वस्ति श्रीतुहिनगिरिवरासन्नभूमण्डलाखण्डल-निगु णानंदसदासत्कर्मशालीत्यभिख्या कहलाउदा भया❁ ॥९४॥

÷ 'अभिधं' यो पद चिन्त्य छ ।

+ गीर्वाणयुद्धविक्रमको जन्म वि० सं० १८५४ आश्विनमा भएको थियो—

"संवत् १८५४ आश्विनशुक्लद्वादश्यां धनिष्ठानक्षत्रे कुम्भराशौ रविवासरे श्रीगीर्वाणयुद्धविक्रमसाहजन्म"।

(मोहननाथ पाँडेसंग रहेको कागतबाट)

गीर्वाणयुद्धको राज्याभिषेकचाहिं वि० सं० १८५५ फाल्गुनमा भएको थियो—

"सवत् १८५५ फाल्गुनशुक्लद्वितीयायां उत्तराभाद्रभे फाल्गुनगते २८ शुक्र-वासरे दिनगतघटी १०।५७ श्रीगीर्वाणयुद्धविक्रमसाहवर्मणो राज्याभिषेकः"

(मोहननाथ पांडेसंग रहेको कागतबाट)

दूत दीनानाथलाई गीर्वाणयुद्धको राज्याभिषेकको सूचना दिएको पत्रबाट पनि उनको राज्याभिषेकको मिति थाहा पाइन्छ। (परिशिष्ट 'ग' को वि० सं० १८५५ को पत्र हेर्नुहोस्) यसबाट राज्याभिषेक हुँदा गीर्वाणयुद्धविक्रमको उमेर डेढ वर्षको थियो भन्ने स्पष्ट बुझिन्छ। डेढ वर्षमा गीर्वाणयुद्ध राजा भए भन्ने कुरा माथि (८२ श्लोकमा) सुन्दरानन्दले पनि लेखिसकेका थिए। यस विषयमा पण्डितजीलाई भ्रम परेको देखिन्छ।

❁ वि० सं० १८५५ मा गीर्वाणयुद्धलाई गद्दीमा राखी रणबहादुर शाहले संन्यास ग्रहण गरेका थिए। संन्यास-ग्रहण गर्दा नाम फेर्ने चलनअनुसार रणबहादुर शाहले पनि नाम फेरेका थिए। रणबहादुरले उठानमा 'परमनिर्गुणानन्द' र पछि 'महानिर्वाणानन्द' भन्ने नाम लिएका थिए। यसैले स्वामी महाराजका यी दुवै नाउँ प्रसिद्ध भए। (यस विषयको विशेष विवरण गौतमवज्र वज्राचार्यविरचित 'इतिहास-संशोधन' को ५२ संख्यामा पढ्नुहोस्)

CC-0. In Public Domain. Digitization by eGangotri

नुवाकोटे[१] नीत्वैनमपि नृपप्रारब्धमृगया-
विहारे गीर्वाणाग्रिमयुधनृपं कूटसचिवाः ।
कृपागारं निर्वाणसुखनिरतं स्वामिनमहो
मुनीष्वष्टाब्जेऽब्दे ललितपुरवास्तव्यमदधुः ॥९५॥

चक्रवर्त्ती साम्राज्य पदवीकन पुत्रलाई नुं पि आफु योगाभ्यासमा लाग्याका श्री ५ रणबहादूर साहमाथि मंत्रिहरूले कापटच बुद्धि राखि श्री ५ गीर्वाणयुद्धविक्रम साह महाराजाकन सिकारका निहुले नुवाकोटमा लैगि श्री ५ रणबहादूर स्वामिकन थोरो अपमान देखाउदा राज्यमा बसी गर्न्या सौखकन पसम् बरोबर मानि कांतिपुर राजधानी छोडी श्रीसंवत् १८५७ सालमा आफ्ना सहधर्मिणी देवी श्रीकनकावतीx रानीलाई

पाठान्तर- १. *नुवाकोटीकृत्यैनमपि,*

यसैले हाम्रा पण्डित सुन्दरानन्दले यहाँ श्लोकमा 'महानिर्वाणानन्द' र भाषार्थमा 'निर्गुणानन्द' लेखेका हुन् । यहाँ भाषार्थमा सुन्दरानन्दले दिएको प्रशस्ति अन्त नदेखिएकोले ठीक छ, छैन भनी निश्चय गर्न सकिएन ।

x सुन्दरानन्दले गीर्वाणयुद्धविक्रमकी आमाको नाउँ 'कनकावती' दिएका छन् । परन्तु तात्कालिक अभिलेख कागतहरूमा यिनको नाउँ 'कनकावती' लेखिएको पाइएको छैन । वि० सं० १८५४ मा रणबहादुरले राखेको काठमाडौंको ठूलो घण्टाको अभिलेखमा यिनको नाउँ 'कान्तवती' लेखिएको छ । (परिशिष्ट 'ग' मा सो अभिलेख हेर्नुहोस्) वि० सं० १८६८ को वाग्वतीको स्तम्भलेखमा चाहिं 'कान्तिमती' लेखिएको छ । (परिशिष्ट 'ग' मा सो अभिलेख हेर्नुहोस्) । गीर्वाणयुद्धविक्रम जन्मदा दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेले वि० सं० १८५४ को पात्रोमा टिपोट गरी राखेको 'कान्त. रा. पु.' (अर्थात् कान्तवतीबाट राजाको पुत्रजन्म भयो) भन्ने वाक्यबाट उनको नाउँ 'कान्तवती' देखिन्छ । महिन्द्र-बहालको 'शान्तिसफु' मा –

"सम्वत् ९२० मिति कार्तिकशुक्लचतुर्थि पुन्ह श्रीकान्तिमती रानि अभा जुलो" [नि. सं. ९२० (वि० सं० १८५६) कार्तिकशुक्लचतुर्थीका दिन श्रीकान्तिमती रानीको मृत्यु भयो] भनी 'कान्तिमती' लेखिएको छ । सुन्दरानन्दले चाहिं केको आधारमा 'कनकावती' लेखे, थाहा छैन ।

CC-0. In Public Domain. Digitization by eGangotri

वेराम[1] हुनाले सहर ललितपाटन् चौकोटसंम पाउ लाग्नुभै तही राज गर्दा भया ÷ ॥६५॥

विधातृच्मापालैर्विलिखितमसत्सच्च नियतं
मरौ वा मेरौ तत्फलति नहि चित्रं स्वसमये ।

---

[1] सुन्दरानन्दको यस वर्णनअनुसार वि. सं. १८५७ सम्म पनि कान्तिमती जीवित देखिन्छिन् । परन्तु कान्तिमतीको मृत्यु वि. सं. १८५६ कार्तिकमा भएको थियो । माथि उद्धृत मच्छिन्द्रबहालको 'शान्तिसफु' मा १८५६ कार्तिकमा कान्तिमतीको मत्यु भएको उल्लेख परेको छ । वंशावलीमा पनि–

"नेपाली संवत् ९२० [वि० सं० १८५६] कार्तिकशुदि ४ रोज का दिन श्रीस्वामिनीको श्रीपशुपति आर्यघाटमा गङ्गालाभ भयो"

यस्तो लेखिएको छ ।

÷ कान्तिमतीको मृत्युदेखि लिएर रणबहादुर काशी जाउन्जेलसम्मका घनटालाई सुन्दरानन्दले अलि अस्पष्टसंग लेखेका छन् । सुन्दरानन्दको वर्णनअनुसार भारादारहरूले गीर्वाणयुद्धलाई नुवाकोटमा किन लगेका हुन्, रणबहादुर पाटनमा गई किन बस्न लागे आदि कुरा स्पष्टसंग बुझिदैनन् ।

वि० सं० १८५६ मा कान्तिमतीको मृत्यु भएपछि रणबहादुरको होश ठेकानामा रहेन । कान्तिमतीको रोग शान्त होस् भनी अघि आफूले पूजा गरिएका देवताको अपमान गर्नु आदि उग्र कार्य रणबहादुरले गर्न थाले । यसो हुँदा भारादारहरूले यहाँ बसी काम गर्न नसक्ता राजा गीर्वाणयुद्धलाई नुवाकोट लगी त्यहीं राजधानी बनाए । यसबाट ती भारादारहरूदेखि रणबहादुर अप्रसन्न हुनु स्वाभाविक थियो । यत्तिकैमा 'हजूरलाई कैद गर्ने योजना भारादारहरूले बनाइरहेका छन्' भन्ने कुरा बलभद्र शाहले नुवाकोटबाट आई रणबहादुरलाई सुनाइदिंदा उनी रिसले आगो भएर आफ्नो पक्ष लागेका केही भारादारको सहायताले नुवाकोटमा हमला गर्छु भनी तंसन लागे । यसका लागि उनले पाटनमा अखाडा जमाए । ठाउँ-ठाउँमा रहेका फौजलाई पाटनमा सामेल हुने आदेश रणबहादुरले, राजराजेश्वरीले र रणबहादुरका अनुयायी भारादारहरूले दिन थाले । यो कुरा नुवाकोट पुगेपछि उता नुवाकोटबाट पनि भारादारहरूले राजा गीर्वाणयुद्ध-विक्रमको नाउँबाट फौजहरूलाई नुवाकोटमा सामेल हुने आदेश दिन थाले । यसरी एउटा अनर्थको ठूलो संकट आइपर्न लागेको थियो । यस्तैमा आफ्नो बल कम भएका अनुभव गरी रणबहादुर आफ्ना अनुयायी भारादारसाथ रातारात गरी काशी पुगेका हुन् (यस नुवाकोटकाण्डविषयका कागतपत्रहरू परिशिष्ट 'ग' मा दिइएका छन्)

CC-0. In Public Domain. Digitization by eGangotri

चिकित्सानिष्णातैश्चरकमुनिधन्वन्तरिसमै-
र्जगत्ख्यातैर्वैद्यैर्न भवति+ चिकित्स्या नृपप्रसूः ॥९६॥

विधातारूपी राजाले ललाटमा लेखिल्याथाका भाविका पत्ता जो छ. संसारमा कसैले पनि मेट्नाको समर्थ रहेनछ. मरुस्थलमा गया पनि मेरुस्थलमा गया पनि काल बहुच्याको दिनमा लेख्यैबमोजीम हुन्या रहेछन्. केनभन्या श्री ५ मन्महाराजा गीर्वाण-युद्धविक्रमसाहका महतारीज्यू श्रीकनकावती देवीलाई लाग्याका व्यथा आराम् गराव-नानिमित्त चरकनामा सुश्रुतनामा धन्वंतरिनामा वैद्यहरूका तुल्य पराक्रम स्वभाव भयाका वैद्यांगशास्त्रविषे पारंगत भयाका वैद्यहरूले ज्योतिषिहरूले भरिशक्य शास्त्रोक्त मेहनत् गरि इलाज गन्याथ्या÷ । चिकित्सामा केहि सिप लाउन सकेनन् ।

समांसमीनगोकुलं[1] सहस्त्रशः सदक्षिणं
सभूमिकं समत्यजत्सधर्मिणीरुजां क्षये ।
अवाहयच्च कुञ्जराशनच्छदेषु वर्णशः
सचत्वरे सपीठके न्यपाठयच्च शांतिकम् ॥९७॥

फेर इनै श्रीरानी स्वामिनीको रोग शांति हुवस् भन्नानिमित्त शास्त्रमा कहियाका समांसमीना जातिविशेषका गाई हजारन् १००० अलंकार दक्षिणाले सहित गरि विज्ञ ब्राह्मण भट्टहरूकन दान दिंदा भया. फेर हजारन् ब्राह्मणकन दक्षिणा सिघा दि पिपलका पातमा प्रणवाक्षर लेखि वाग्मतीमा चन्हाउँदा[2] भया. तिनै सहरमा अपार भयाका अवादी खेत मेटि गोचर पनि राखता भया. भूमिदान पनि गर्दा भया. पीठ पीठमा

पाठान्तर १.- गोधनं, २. बहाउदा,

+ यहाँ 'न भवति स्म' यस्तो हुनुपर्छ ।

÷गीर्वाणयुद्धले वि० सं० १८५६ श्रावणमा दीनानाथ उपाध्यायलाई लेखेको पत्रबाट कान्तिमतीको औषधि गराउन विदेशबाट पनि हकीम झिकाएको बुझिन्छ- "उप्रान्त हकीमलाई आषाढभरीमा हिंडाउँला भनि लेख्याछौ. हिंडायाको तारीक अलिक अगावै आहाँ आइपुग्न्या गरी पठाउनु र औलामा डाँक सषी झिकाउन्या अर्थ गरीयला. व्यथाको इसारा पायाको भया उसैमाफिकका इलाज षरीद गरी लैजाँदा हुँ भनी हकीम भन्छ भन्याका अर्थलाई क्षयरोग र निरन्तर लागी रहन्या षाँसी छुट्न्या बल बढ्न्या शरीर मोटाउन्या इलाज साथमा ल्याउनू. चाँडो गरी पठाइदेउ··· संवत् १८५६ साल श्रावणवदि ४ रोज १."

[ऐ. शि. बाबुराम आचार्यको संग्रहमा रहेको पत्रबाट]

CC-0. In Public Domain. Digitization by eGangotri

दाबाटोमा उग्र उग्र ठाउँमा पाठपूजा गैन्ह शांति स्वस्त्ययन गर्दा भया. श्रीकौमारीका पीठ क्वाटक्षेमा महालक्ष्मीका पीठ थेछेमा पनि पुरश्चरण राषता भया ॥९७॥

शिवालये शवालये दिगूतले तलेजुके
नदीषु संगमेष्वथो प्रणालिकासु कूपके।
मछिन्द्रनाथमीननाथशाक्यसिंहधामसु
सभीमसेनके मुदा नरायणे सकृष्णके ॥९८॥

शिवालयमा शवालय करवारादिनाम भयाका उत्कट मसानमा दर्बारभित्रका श्रीदेगुतलेमा श्रीतलेज्यूमा टेखुदोभानमा[1] हिटीमा इनारमा वापीमा सरोवर तडागमा फेर श्रीमछिन्द्रनाथका ठाउमा मीननाथका ठाउमा जेतवननामा विहारमा शाक्यसिंह गैह बौद्धका ठाउँ विहारमा श्रीभीमसेन नारायण श्रीकृष्णज्यूका ठाउमा पनि शांतिस्वस्त्ययन गराउदा भया ॥९८॥

गणेशभैरवेष्वथो स गोपुरेषु वर्णशो
व्यचीकरत्स्वशाखया प्रतिक्रियां सरुद्रिकाम्।
स योगियोगिनीगणं ह्यभोजयच्च प्रत्यहं
नृपप्रसूरुजां क्षये धराधिपेशयोगिराट् ॥९९॥

श्रीयोगीश्वर स्वामिज्यूबाट गणेशको ठाउमा भैरव भैरवीको ठाउमा ढोकाप्रति श्रीवज्रयोगिनीका ठाउमा फर्पिङका योगिनीमा दक्षिणकालिका ठाउमा बिजेश्वरीमा आफ्ना-आफ्ना मार्गका अनुसार पूजा रुद्री सप्ताह गैन्ह पंचरक्षा प्रत्यंगिरा ग्रहमातृका आदि आदित्यहृदय योगिनीविजय विपरीत प्रत्यंगिरा आदि शान्तिपाठ गराउदा भया. योगिहरू योगिनीहरू कुमारीहरूकन पनि इच्छाभोजन गराउंदा भया ॥९९॥

दाक्षाय्याणामपूर्वं समभवदुदितं दुर्दिनं खेचराणां
पाशैर्यन्त्रालिनद्धैर्बहुविधिमिरुषायैर्यथा मारणं स्यात्।
जीवन्तं चानयिष्यत्यथ[2] मम यदि यस्तस्य दास्ये यथेष्ट--
मित्याज्ञा गृध्रबन्धे समजनि नृपतिस्वामिनामव्यलीका ॥१००॥

पाठान्तर–१. *नदीसंगममा*

२. 'णीञ् प्रापणे' धातु इट आगम नहुने धातु हुनाले 'आनयिष्यति' यो रूप अशुद्ध हो। शुद्ध रूप 'आनेष्यति' हुन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

एस्ता वषतमा गिद्धहेरुलाई दुर्दिनले घेरि असंख्यात गिद्ध अकाशबाट नेपालमा देषा पर्न आया र कुबषतमा पर्न जांदा उत्पात उपद्रव ठहराइ अकाशमा उड्न्या जाति भया पनि बंदूक आदि हतियारले हानिकन र पाशो यंत्र षोर इत्यादि थापि ल्याउनु भनि हुकुम् दि संपूर्ण गिद्धकन जीउंदै पक्री ल्याउनु, पक्री मारी ल्याउन्याहरूकन अभीष्ट फल शिरोपाउकन दि संपूर्ण गिद्धकन निर्मूल गर्दा भया + ॥१००॥

गृध्रान् दग्ध्वाभवदथ सुखी स्वामिराजो महात्मा
नैतादृग्गृध्रयुद्धं श्रुतिविषयगतं नैव दृष्टं कदाचित् ।
अद्याप्यास्ते ज्यभालस्थलमिति कथितं स्थापिता तत्र वाणी
भूतावेशाच्छिशूनां हितकृतिकुशलैर्ज्ञानिवृद्धैर्दयस्थैः॥१०१॥

महात्मा श्रीस्वामिज्यूबाट देषन त क्या कसैले सुन्न पनि नपायाका एस्ता असंख्यात गिद्ध मारि पोल्याका क्षेत्र जो छ, बहुतै जीवात्मा मार्याको क्षेत्र हुनाले तेस ठाउमा केटाकेटिकन लागन्या हुदा पाटनका ज्ञानिजनहरूले तेहि ज्याभाषेलमा सरस्वती थापना गरिराष्याको छ ।

भैरवेशवदथो नरवाहो देवराज इव दिव्यदृगास ।
पञ्चधाऽऽयुधधरानथ लोकानाज्ञपच* मुदितः स्वसमीपम् ॥१०२॥

श्रीदेवराज इन्द्रका झैं अभ्यन्तरमा हजार ज्ञानदृष्टि भयाका योगेश्वर श्री ५ स्वामिज्यूबाट दिव्यदृष्टिले विचार गरि देश देशका पंच भला आद्मीहेरूकन पंच हतियारले समेत गरि बोलाई आफ्ना साथमा राषि★ साक्षात् भैरवका औतार हुनाले हाति

पाठान्तर- १. *हितकृतिपटुभि-*,

+ गिद्धहरू निर्मूल पार्न रणबहादुर शाहले देशभर आदेश पठाउन लाएका थिए । यो कुरा तात्कालिक पत्रबाट पनि थाहा पाइन्छ । जुम्लाका अमाली द्वारे जेठा बूढा गाउंले गैन्हका नाउंमा पठाएको एक पत्रको सारांश यस प्रकारको छ—

"---गिद्धको गुंड लायको रुष ढाली माउ फुल बचा जो मिल्छ, विष पासो लाई मार्नु, नमान्र्यालाई जिय धन सर्वस्व होला. सं. १८५६ फागुनवदि १० रोज ४ शुभम्"

[ऐ. शि. बाबुराम आचार्यको संग्रहमा रहेको पत्रबाट]

★ 'आज्ञपत्' यो रूप अशुद्ध हो (६८ श्लोकको टिप्पणी हेर्नु होस्)

★ रणबहादुर शाहले देश देशका पञ्चहतियारसहित मानिसलाई पाटनमा किन बोलाएर राखेको हुन्, सुन्दरानन्दको यस वर्णनबाट बुझिदैन । माथि उल्लिखित नुवाकोट आक्रमणका लागि रणबहादुरले पाटनमा फौज जम्मा गर्न लागेका हुन् । तात्कालिक पत्रबाट यो कुरा खुल्दछ (परिशिष्ट 'ग' मा दिइएका वि. सं. १८५७ का यस विषयका पत्र हेर्नु होस्)

CC-0. In Public Domain. Digitization by eGangotri

घोडामा चढ्नु छोडि अभिमान खत्रिनामा चण्डवीरनामा केटाहरूका आँगमा चढि[१] सवारी हुँदा भया ॥१०२॥

यत्र यत्र गमिता[●] नरयाना-
त्तत्र तत्र ह दधार सुकीर्तिम् ।
कृत्रिमाण्युपवनानि पशूना-
मीश्वराय मुदितोऽर्पयति स्म ॥१०३॥

अपार कीर्ति भयाका योगेश्वर श्री ५ स्वामिज्यू यक्षराज कुबेर झैं मानिस्माथि सवारि भै जहाँ जहाँ पालनुहुंथ्यो. तहां तहां कीर्ति पोषत् गरि बनाउनुहुंथ्या. एक दिन श्रीपशुपतिक्षेत्रमा पाउन्नाग्नुहुंदा देवपाटनमा स्वर्गको नंदन वन झै कुबेरको चैत्ररथ वन झै बहुत शोभायमान भयाको बडो बगैचा जमाई श्रीपशुपतिनाथलाइ अर्पण गर्दा भया. पाटनका लगनखेलमा पनि नेपालखण्डका मध्यभागभूमि जाही हो[२] भनिकन ठहराइ इटका वेदी बनाइ राखनुभया. एस्ता एस्ता योगेश्वर श्रीस्वामिज्यूको कीर्तिको वर्णन असंख्यात हुंदा ग्रंथ विस्तार होला. भन्नानिमित्त लेखियेनछ ॥१०३॥

गोचराण्यपि गवामुपचार उत्ससर्ज रणबाहदुरेशः ।
योजनावधि रुजामपनुत्यै श्रोत्रियेभ्य✓ अददाच्च धरित्रीम् ॥१०४॥

श्रीकनकावती देवीको रोगशांति हवस् भन्नानिमित्त तिन ३ सहरमा अवादी षेत मेटी योजन प्रमाणका सिमाना लुहकिल राषि गाई गोरु चन्हाउनानिमित्त गौचरकन उत्सर्ग गरि राखताभया. फेरि विज्ञ ब्राह्मणहरूलाई दारिद्र छुट्न्या रोग हर्न्या संकल्प गरि भूमिदान गर्दा भया ॥१०४॥

कर्णवीरपितृकाननमाराच्चक्षति स्म रणबाहदुरेशः ।
तत्र येऽपकृतिनोऽपसरन्त्वित्यादिशद् रुगुपवर्द्धितमन्युः ॥१०५॥

फेर भूत प्रेत पिशाच डाक डाकिनीहरू पस्याका छन् भनि कर्णवीर मसानकन पनि षनि षनि विष्णुमतीका जलमा बहाइदिंदा भया ॥१०५॥

पाठान्तर— १. *अभिमान षतृनामा आदि मानिसमाथि चढी, २. रा. पु. को प्रतिमा यहाँ—*
"मध्यभागमिह चेति । कृत्वा नेमपालभुव उत्कटतेजाः । ज्ञानडाकिनिसमीप…"
यति लेखी बीचमा छोडिएको छ ।

● गम् धातु अनिट् हुनाले 'गमिता' यो रूप अशुद्ध हो । शुद्ध रूप 'गन्ता' हुन्छ ।
✓ यहाँ 'श्रोत्रियेभ्योऽददात्' यस्तो हुनुपर्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

स्वामिमन्युविनिवेदितुकामा त्रीक्षणस्य सदसीव जगाम ।
मर्त्यलोकमपहाय समन्युं स्वामिनी कनकवत्यभिधा सा ॥१०६॥

तैपनि रोग बढ्दै आउंदा श्री ५ स्वामिज्यूले बहुतै सुर्ता लिदामा सुर्ता अफालन्या युक्ति सुध्याउन मनसुवा राषी श्रीकनकावती देवी आफै श्रीत्रीक्षण पशुपतिका सभामा शोकव्याप्त भयाको :मर्त्यलोक छाडिकन जांदि स्वर्ग पुगिन् ॥१०६॥

वैद्यदेहसदनानि दिधक्षुर्निःकृपो दव इवास महीपः[1] ।
औपचारिकविधेरपचारं व्यादिशच्छुगुपवर्द्धितमन्युः ॥१०७॥

श्रीकनकावती देवीको रोग सुर्त्तामाथि बढ्दै आयाका वियोगशोकले व्याप्त भयाका श्री ५ रणबहादुर स्वामि जो छन्. वैद्यहरूका देहसमेत गेह पोलनामा डढ्चाला झैं निःकरुणा हुन गया. देउपाटनका मिल्ह्या वैद्यका घरमा आगो लगाउनु हुकुम भया. ह्यात पनि कोलमा चूर्ण पारि केलाउनु भनि हुकुम भया. विधाता विमुख हुंदा उपचारले पनि अपकार हुन जांछ ॥१०७॥

अत्यघोरवपुषे बहु मत्वा कुम्भसंज्ञकशिवाय नरेशः ।
धूपनार्थकमवस्करजातं व्यादिशच्छुगुपवर्द्धितमन्युः ॥१०८॥

दिव्यदृष्टि भयाका श्री ५ स्वामिज्यूबाट आदरपूर्वक कतिनौ पूजा मान दि राख्याका पाटनका कुम्भेश्वर महादेवकन सुर्तामाथि वियोगशोकका जोरले अवस्करनामा अपवित्र वस्तुलेप गराउंदा भया. अपवित्र वस्तुकन धूप दिंदा भया. पूजा मानकन पनि बंध गरिदिंदा भया. जग्गा २ पीठ २ मा लगायाका पुरश्चरण पनि ध्वंस गरिदिंदा भया. पुरश्चरण गरिरहन्याहरूकन पनि अपवित्र खुवाइ शासना पनि गऱ्या ॥१०८॥

पटीरनलदोल्वणै रगुरुनाभिसम्मिश्रितै-
र्विचित्रजलशीतलैर्व्यजनचामरोत्थानिलैः ।
ससभ्यबुधबान्धवप्रकृतिसान्त्वसल्लापनै-
र्न्यवारि न च भूपते रणबहादुरस्योष्णता ॥१०९॥

ताहाँपछि कनकावती देवीका सुर्तामाथि वियोगशोक पायाका श्री ५ स्वामी रणबहादूर साहका वियोगशोकले भयाका संतापकन शांति गर्नानिमित्त सभामा बस्न्या

पाठान्तर-१. नृपेशः,

CC-0. In Public Domain. Digitization by eGangotri

ज्योधन गोवर्धन बैठक्याहरू* भया. गुरु प्रोहित मिश्रज्यू आदि ज्ञानिवर्गहरू भया. आफ्ना बांधव कुल कुटुंबका चौतरा ज्यान साह वम्म साहहरू भया. काजिहरू[1] दामोदर पांडे आदि भया. बंध राणा आदि काजीहरू भया. इनहरूले विनतिपूर्वक मधुर वचनले बिात गरि बुझाउदा पनि फेर श्रीखण्ड जटामासी अगुरु कर्पूर कस्तूरी संयुक्त विचित्र शुभ शीतल सुगंध जलले सिंचना गर्दा पनि पंषा चउरी उचालीकन शीतल वायु लाउंदा पनि संतापकन निवारण गरि शांति गर्न शक्तैन ।।१०९॥

प्रियाविरहजेन्धना क्षितिपतीन्द्रगीर्वाणयु-
द्धविक्रमवचोमृतैरहह ÷सिञ्चितस्यापि हि ।
कलङ्कमिव शीतगोः प्रियनिचोलमुद्बिभ्रतः
शशाम न गरीयसी रणबहादुरस्योष्णता ।।११०।।

औरस पुत्र श्रीगीर्वाणयुद्धविक्रम साह महाराजाका वचनरूप अमृतले सिंचना गरि बुझाउँदा पनि अत्यंत पियारी कनकावती देवीका वियोगरूप समिधाले बल्दो शोकाग्नि शान्ति नहुंदा कनकावती रानीले लायाको चोला १ एक चन्द्रमाका कलंक झैं अंकमा राखिकन विलाप गर्दा भया।

किमङ्ग मयि बन्दुकप्रहननानि नो दीयसे×
स्फुटत्यहह बन्दुकः शुगनलप्रतप्तीभवन् ।
किमर्थमिदमर्दलीहरिपते विडम्बेन हो
प्रिया मम गता कुतस्तदनु तत्र मां प्रापय ।।१११।।

पाठान्तर १. *मन्त्रीहरू,*

* यी बैठकहरूको उल्लेख तात्कालिक कागतमा पनि पाइएको छ—

"सम्वत् १८६५ साल
मिति फागुन सुदि ७ रोज ३ ठुला बैठकका तादादि जीउधन गोवर्धनले दिएको"
('संशोधन-मण्डल' को संग्रहमा रहेको कागतबाट)

÷ 'सिञ्चित' रूप बनाउन सिच् धातुदेखि इट् आगम र नुम् आगम गर्नुपर्छ, परन्तु सिच् धातु अनिट् छ तथा 'शे मुचादीनाम्' ७।१।५९ [मुच् आदि धातुको श प्रत्यय पर भएमा नुम् आगम हुन्छ] यस सूत्रले 'श' पर भएमा मात्र नुम् आगम हुने हुनाले 'क्त' प्रत्यय पर भएमा नुम् आगम हुँदैन। अतः सिञ्चित रूप अशुद्ध हो। शुद्ध रूप 'सिक्त' हुन्छ।

× कर्मवाच्यमा कर्मअनुसार क्रियापद हुने हुनाले यो वाक्यरचना अशुद्ध छ। यहाँ 'किमङ्ग मयि बन्दुकप्रहणनानि नो दीयन्ते' यस्तो हुनुपर्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

त्यस्तै बीचमा अतिहित भयाका हरि पाँडेलाई हुकुम् गर्दा भया. हे अर्दलि हे लाठ्या गोली तैयार गर. वियोगशोकका अग्निज्वालाले बन्दुक पर्कन लाग्यो. फुटनु बेर छैन. कि मेरी प्राणप्रिया रानी जहाँ छन्. तहाँ चाडै गरि मकन पुऱ्याउ. नतर त्यो बंदूक म पर्काउछु. आत्महत्या गर्छु भनि हुकुम् गर्दा भया ॥१११॥

इतीत्थमनुशोचयन्नहह जातसच्चिचिरा-
न्निचोलमुदपास्य निर्ममतया बृहद्ज्ञानव ।
यथागतमजागरीदज इवेन्दुमत्याः क्षणा-
त्तदूर्ध्वगतिमातनोदुदितधीरचेता विभुः ॥११२॥

एसै प्रकार विलाप गर्नु हुंदा धीर चित्त राखी श्री ५ स्वामिज्यूले धैर्य पायेर आया नराखि चोलाकन अग्निमा फालिदिंदा भया। तहांपछि जस्तै इंदुमती रानीका वियोग शोक लिदै धैर्य गरिकन जागर्त्त हुंदा अज राजाले इंदुमती रानीका ऊर्ध्वगति पिंडादि क्रियाकन गऱ्या. तस्तै संस्काराबि पिंडक्रिया दिलाउदा भया ॥११२॥

प्रत्यहं रणबहादुरसाहः पूलचोकमधिगच्छति× वत्साः ।
मर्त्ययानमधिरुहय च तत्तत् किं वदन्त्यनुविचारणदक्षः ॥११३॥

ताहांपछि श्री ५ स्वामी रणबहादुर साह जो छन् सो नेपालका उच्च जगा हुनाले रोज रोज दुनियाको वृत्तांत बुझनु र रमेता हेर्नानिमित्ता§ मानिसमाथि चढि पुलचोकनामा जगामा पाउलाग्नुहुन्थ्या[१]. हे सहायहरू हुन् भनि आपस्तमा भन्न लाग्या ॥११३॥

एकदा शुचिदिने स सप्तुत्थः प्रातरेव शकुनानि विदित्वा ।
दुण्डिराजनगरीमुपगन्तुं दक्षिणां दिशमगादुपगूढः ॥११४॥

पाठान्तर- १. पुलचोकनामा एक जगा छ तहाँ पाउ लाग्नुहुंथ्या.

× यहाँ 'अधिगच्छति स्म' हुनुपर्छ।

§ यहाँ सुन्दरानन्दले भने जस्तै 'दुनियाँको वृतान्त बुझन अथवा रमिता हेर्न' रणबहादुर पुलचोकमा गएका होइनन्। नुवाकोटमा आक्रमण गर्न बाटोघाटोको सुविधा हेरी पाटन पुलचोकमा र काठमाडौं पकनाजोलमा रणबहादुरले ठाना हालेका हुन्—

"स्वामीकन पक्री बन्धनमा राखनु भन्या सल्लाह महारानी प्रभृति भारारहरू जम्मा भै साहुति सल्लाह गरी धर्मपत्र लेखिरह्याको मैले देख्यां भनी यो खबर बलमद्रले रातारात गरी नुवाकोटबाट आई श्रीस्वामिज्यू बस्नुभयाको ठाउ पाटनमा गै सबै विस्तार विति गऱ्या. तहांपछि स्वामिज्यूबाट बहुतै क्रोध गरी···लडाइं गर्नाको इच्छा गरी···पुलचोकमा गढ बनाया. पकनाजोलमा पनि गढी बनाया."

(भाषावंशावलीबाट)

CC-0. In Public Domain. Digitization by eGangotri

ज्येष्ठमासको नौ दिन ९ जाँदा सबैरै जागो भया र केहि सपनाका शकुनको लक्षण अनुभव बुझि श्रीदु डिराजनगरी भन्नु काशीक्षेत्र जानु मन्सुब गरेर एकांत बसी दक्षिण दिशामा जानकन तैयार भैरहंदा भया+ ॥११४॥

कलौ लोका दुष्टाः प्रकृतिप्रतिकूलाः प्रकृतयो
ह्यतः श्रीविश्वेशं शरणमुपयास्ये ★ सुकृतये ।
पुरा पृथ्वीनारायण इति पितुस्तातचरणः
स गङ्गाम्भःस्नायी विधिवदथ विश्वेशमभजत् ॥११५॥

+ वि. सं १८५७ ज्येष्ठ ८ गते रणबहादुर शाहि काशीतिर हिंडेका हुन् । हिंडेका चारौं दिनमा नेपालको सीमाना नाघी ज्येष्ठ १६ गते उनी काशी पुगे । यस कुरालाई लक्ष्मीपतिले १८५७ सालको पात्रोमा संक्षेपले यसरी टिपेका छन्—

"ज्येष्ठकृष्णदशमी आदित्यवार पूर्वभाद्रनक्षत्र (८ गते)
रा. घ. ५।१७ हिड्याको"

"ज्येष्ठकृष्णत्रयोदशी बुधवार अश्विनीनक्षत्र (११ गते)
रात्रिशेष घटी ०।३० सिवाना नाघ्याको."

"ज्येष्ठशुक्लतृतीया सोमवार आर्द्रानक्षत्र (१६ गते)
काशी आईपुग्याको प्रातर्घरी थाप्नी वेलामा"

[लक्ष्मीपतिका वंशज मोहननाथ पांडेसंग रहेको पञ्चाङ्गबाट]

यस कुराको पुष्टि तात्कालिक अरू कागतबाट पनि हुन्छ—

"संवत् १८५७ साल जेष्टवदि १० रोज १ के
षर्च—
जगन् षजांचिले कोठाबाट झिकि जालिम डिट्ठाहस्ते
पुलचोकमा श्रीस्वामिजिका हजुर पठाईदियाका छापसमेत
थैला ३ के पटना रुपैआ हजार तिन् ——— ३०००
संवत् १८५७ साल आषाढवदि ३० रोज १ के
षर्च-
श्रीस्वामिका हजुर कासि पठाउनाकन तकिया सुजनी
सियाउनाको हस्ते फरासका मानिस् सिताराम. कोचिन षगाम-१६
(संशोधन-मण्डलको संग्रहमा रहेका कागतबाट)

यताबाट ज्येष्ठकृष्णदशमीसम्म रणबहादुर यहीं थिए तथा आषाढकृष्णअमावास्याका दिन उनी काशी पुगिसकेको देखिन्छ । सुन्दरानन्दले रणबहादुर काशी हिंडेको मितिमा १दिन फरक पारेका छन्, सालचाहिं उल्लेख गरेका छैनन् ।

★'या' धातु परस्मैपदी हुँदा 'उपयास्ये' यो रूप अशुद्धहो । यहाँ 'उपयास्यामि' हुनुपर्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ स्वामिज्यू एकांत बसी चित्त दोलाउदा भया. क्याहा भन्या आजकालका लोक विशेष कपट स्वभावको हुन्छ. तस्मा पनि आफुले बढाई राष्याका भारदारहेरूले पनि आफुमाथि व्यंगता गर्याको देषता अघि मेरा बाज्या श्री ५ मत्पृथ्वीनारायण साहबाट पनि नेपाल मार्नाका मन्सुबाले श्रीविश्वेश्वरको दर्शन गरि आफ्ना मनसुब पूर्ण गर्नु-हुंथ्यो. त्यो कुरा आफ्ना बाबाज्यू श्री ५ बिहप्रताप साहबाट हुकुम् भयाको समुझी ॥११५॥

स नैपालीं भूमिं यदनुकृपया द्रागधिकया
विजित्यास्मत्पित्रंघ्रिभिरुदितमेतन्मम मतम् ।
इति स्मारन् स्मारन्÷ नृपरणबहादूर× अगम-
न्नृपागम्यां काशीं कनकवतिदेवीव्युपरमात् ॥११६॥

श्री ५ मत् रणबहादुर साह योगेश्वर स्वामी जो छन्. आफ्नी रानी श्रीकनकवती देवी स्वर्ग हुनाले पनि विरक्त भै अब त परत्र सुधार्न्या हो भन्या निस्तुक ठहराई राजा-हरूले गरिनशक्नु एस्ता मायाकन छोडि योगसिद्धि गर्नाकन काशीक्षेत्र पाउलाग्दा भया ॥११६॥

गते दूरं स्वामिन्यनु रणबहादूरनृपता-
वमर्सिंहामात्यात्मजमणिरसौ सानुजगणः ।
स भीमाद्यः सेनो दशरथसुतं राममिव यः
समुद्विग्नः सौमित्रिरभवदथ[1] भर्तुः सहगतिः ॥११७॥

रात्रिका बीचमा निस्कनुभयाका श्री ५ स्वामिज्यूका पछि-पछि अमर्सिंह थापाका पुत्ररत्न भीमसेन थापा भाइ भतिजासमेत भै श्रीरामजीका बनवास हुंदा लक्ष्मणजी पाछ-पछि लाग्या झै श्रीस्वामिका ज्या गति सो मेरा छ भनि आटियेर पछिपछि लाग्या. ॥११७॥

ततोऽनेके लोकाः समसुखरतास्तत्परिवृढा-
स्तदासक्ता भक्ताः परिजनविरक्ता अनुययुः ।

पाठान्तर- १. *सामित्रिरिव सहभूष्णुः*

÷ 'आभीक्ष्ण्य णमुल् च' ३।४।२२ [आभीक्ष्ण्य = वारंवार हुनु) बुझिएमा धातुदेखि णमुल् पनि हुन्छ] ले णमुल् प्रत्यय हुंदा 'स्मारं स्मारम्' यस्तो रूप बन्दछ । अतः 'स्मारन् स्मारन्' यो रूप अशुद्ध हो ।

× यहाँ '-रणबहादूरोऽगमत्' यस्तो हुनुपर्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

नुवाकोटादप्यागमयति÷ नृपं कान्तिनगरीं
महोत्साहारक्तः सपदि मिलितः कूटसचिवः ।।११८।।

एस्तै प्रकार तत्कालैमा श्री ५ स्वामिज्यूका आश्रयमा भुंडिरहन्या अरु भारदारहरू पनि यामींदको चरण छोडन्या होइन भनि आफ्ना आफ्ना घर कुल कुटुंब सबै छोडिकन पाउ नछाडी जाँदा भया. सो विस्तार नुवाकोटमा पुग्दा कूटसचिवहरू सबै कृतार्थ भै बालष श्री ५ मन्महाराजाधिराजकन कांतिपुर राजधानीविषे ल्याई विराजमान गराउदा भया. कूटसचिवहरूका थर घरकन इहा लिषेनछ ।।११८।।

श्रीमद्गीर्वाणयुद्धः क्षितिपतितिलकः स्वामिराजे स्वतातें
काशीस्थेऽप्यंगवर्ये महसि विरुरुचे स्वामिवद्राष्ट्रधूर्धृक् ।
सम्राट् साम्राज्यलक्ष्म्या धृतपितृचरणज्ञोपि सद्धर्मिणीभि-
र्देवीभिः पाल्यमानो दशशतभुजवान् कार्तवीर्यार्जुनर्द्धिः ।।११९।।

राजमध्ये तिलक भयाका श्री५महगीर्वाणयुद्धविक्रम साह जो छन्, सप्तांग राज्यमा उत्तम तेज भयाका श्रीयोगेश्वर आफ्ना पिता श्री ५ स्वामिज्यू काशीविषे विराजमान गर्नु भया पनि तनैका शिक्षाबमोजिम चक्रवर्ति साम्राज्यलक्ष्मीकन सहस्त्रबाहु कार्त्तवीर्यार्जुनले झैं अत्युग्र प्रतापले शोभायमान भै राजकाजमा आफै धुरंधर भै मातृवर्ग देवीहरूले पालना गरियाका सात्त्विक स्वभावका तेजले विराजमान हुँदा भया ।।११९।।

बालोऽबालपराक्रमो हरिरिव क्षोणीभृदुद्धारको
न्यायेनाऽहितचेतसां शमनवद्गीर्वाणयुद्धाधिपः ।
यः पाण्मातुरवच्च शक्तिधृगथो[1] यः सर्ववर्गाधिपो
यो द्वैमातुरवच्छतक्रतुवदासाहस्रदृग्गोचरः ।।१२०।।

आफु बालष भया पनि अबाल पराक्रम भयाका श्री५मद्गीर्वाणयुद्धविक्रम साह महाराजा जो छन्, जस्ता प्रकारले बालमुकुन्दले गोवर्द्धन पर्वतकन हातले धारण गरि गोकुलकन रक्षा गर्नाथ्या, तस्तै प्रकार राज्यभाररूपी पर्वतकन धारण गरि यमराजले झैं नीतिपूर्वक निसाफ् गरि स्वामिकार्त्तिकेयले झैं शक्तिरूपी पुरुषार्थकन धारण गरि गणेशले झैं सकल वर्गको आधिपत्य गरि इन्द्रले झैं विवेकरूपी हजारन् आषाले नजर गरि आफ्ना सहज ज्ञानले राज्य गर्दा भया ।।१२०।।

पाठान्तर- १. *शक्तिधरणो*,

÷ यहाँ भूतकालको अर्थमा वर्तमान कालको रूप 'आगमयति' प्रयोग गरिएको अशुद्ध हो। यहाँ 'आगमयांत स्म' यस्तो हुनुपर्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

अजयरेखामातूभ्रमरकलिकाख्याथ तुरकी–
मुखाश्चेट्यो डाकिन्य इव मदिरामोदमुखराः ।
महाराज्ञीं कृत्वा कटहरवनात् कांतिपुरगां
यथेच्छं ता दौवारिकविधिमकुर्वन्नृपगृहे ॥१२१॥

तस्तै बीचमा श्री ५ स्वामिज्यूका पाउरषाली जानुभथाका श्रीमहारानी राज्यलक्ष्मी+ देवीलाई कटहरवनबाट* मदपान गंधले मातियाका डंकिनीका झैं यथेच्छाले बकबकी

+ यहाँ र तल पनि ठाउँ ठाउँमा सुन्दरानन्दले रणबहादुरका जेठा बडामहारानीको नाउँ 'राज्यलक्ष्मी' भनी दिएका छन् । परन्तु तात्कालिक लेख टक आदिमा यिनको नाउँ 'राजराजेश्वरी' भन्ने पाइन्छ । वि. सं. १८५४ को काठमाडौं ठूलो घण्टाको अभिलेखमा-

"यस्य क्षोणिपतेः सुधांशुकिरणश्रीहारिकीर्तेरियं
धर्मज्ञा सहधर्मिणी विजयते श्रीराजराजेश्वरी ॥"

[योगी नरहरिनाथद्वारा इतिहास-प्रकाश १।१ को ६४ पृष्ठमा यो छापिएको छ । सम्पूर्ण यो अभिलेख परिशिष्ट 'ग' मा दिइएको छ ।]

यस्तो लेखिएको छ । वि. सं. १८५१ को टकमा यस्तो लेखिएको छ—

"श्री ३ राजराजेश्वरीदेवी
श्रीश्रीभवानी १७१६"

[श्री ५ को सरकार पुरातत्त्व र संस्कृति विभागद्वारा प्रकाशित 'नेपाली मुद्राको सूची' बाट]

यस कारण रणबहादुरका जेठा बडामहारानीको शुद्ध नाउँ 'राजराजेश्वरी' हो भन्ने देखिन्छ ।

* यहाँ र तल १८८ श्लोकमा सुन्दरानन्दले 'रणबहादुर काशी जाँदा पछि लागेर गएकी राजराजेश्वरी काशी नपुग्दै कटहरवनबाटै फर्किन्' भन्ने भाव झल्काएका छन् । वंशावलीमा र माथवरसिंहहरूले पाएको जितापत्रमा 'राजराजेश्वरी काशी पुगी त्यहाँबाट फर्केर आउँदा बाटामा राजधानीबाट गएका सिपाहीहरूले रोक्दा केही महीना कटहरवनमा बसी पछि त्यहाँबाट जबरजस्ती राजधानीमा उत्रिन्' भनी लेखिएको छ—

"....महारानी १ भित्र्यानी ३ रातारात गरी श्रीस्वामिज्यूको पछि लागी काशी गया.... नेपालको हाल-खबर केही नपाउँदा श्रीस्वामीबाट नेपाली संवत् ९२१ मा जेठा महारानी र चौतरिया बलभद्र साहेलाई तिमीहरू नेपाल गई क्या क्या बुझ रहेछ. तहकिकातको

CC-0. In Public Domain. Digitization by eGangotri

भयाका अजय्रेखा १ मातु १ भ्रमर कला १ तुरकी १ आदिनामका केटीहरूले × कांतिपुरमा लियाई बुसामतीले महारानीकन चाकरीले फुल्यायिन् र आफ्ना आफ्ना बुसिसंग सर्वारमा द्वान्या भई राजकाज गर्दी भईन् ॥१२१॥

खवर लेखी चांडै पठाउनू. तिमीहरू नगई भएन भनी विदा दिई पठाउनुभयो र रानी चौतरिया मकवानपुरमा आई बास गऱ्या. यो खबर नेपाल पुग्दा पछि कंपनीलाई अह्राई रानी चौतरियालाई आउन नदिनू फिराइदिनू भनी पठाउंदा···तिनै कंपनीले कटरवन-सम्म पुऱ्याउन पठाया. केही महीना ताहीं राज गर्नुभयो···स्वामीबाट रिसानी होला अब त नेपाल अवश्य नगई भएन भनी आउन खोज्दा कंपनीले हुकूम छैन भनी बन्दूक सुताई राख्ता मेरो राज्य मेरो छोरासंग जान किन पावैन भनी रिसानी भै बन्दूकैमा कुल्ची पाउलाग्नुहुंदा तिल गाहरूका मनमा यस्तो आयो कि···भारादारहरूका खेलमा हामीले निमकहरामी हुनुछैन भनी सिपाहीहरू सब बाटुला भई काहारहरूलाई म्याना बोकाई नेपाल पुऱ्याया."

(भाषावंशावलीबाट)

(श्री ५ राजेन्द्रको प्रशस्ति)

"···श्रीबाज्याज्यू दर्बार छोडी···श्रीकाशी पाउलाग्नुभया···(पछि) श्रीबज्याज्यूलाई दर्बार पठाइबक्सनुभयेछ. बनारसबाट श्रीबज्याज्यू पाउलाग्नुभयेछ. दामोदर पांडेका षेलमा सिसागढि बन्द गरि वोढो आउन दिएनछ र फेरि फिर्नुभै चौमासा कडहर-वनमा राज गर्नुभयेछ. दर्बार पुग्न सकेनन् भनी रिसानि भै चिठि पठाई बक्सनु-भयेछ. र श्रीबज्याज्यू जफ्तैसित जानुपऱ्यो भनी कडहरवनबाट पाउ लाग्नुभयेछ. दामोदर पांडेका षेलमा आउन नदिनु भन्या बेहोरा गरि आफ्ना तरफका दुष्टहरूलाई लस्कर लि थुंन पठायेछ. थानकोटदेषि भीमफेदिसम्म लस्कर बसायेछ. श्रीबज्याज्यू पाउलाग्नुहुंदा हुकुम छैन भनी दामोदऱ्याबाट गएका अषतियारहरूले सिपाहिहरूलाई बाटामा सुत्न लायाछन्. इनले यो कर्म गर्दा श्रीबज्याज्यूबाट आफूले पनि तर्वार लीबक्सनुभएछ. केटीहरूलाई पनि तर्वार बंधाई जफतैसित सुत्याका सिपाहीलाई मिचि पाउलाग्नुहुंदा सिपाहिले थाम्न सकेनछन् र भारादारका षेलले मुलुककी मालिक जगत्मातालाइ थुन्न जोग्य छैन. दर्बार चलाउं भनी सिपाही सिपाहीले पाल्की उठाई दामोदर पांडेबाट गयाका अषतियारहरूलाई समेत मिची ल्याइ श्रीबज्याज्यूलाई दर्बार प्रवेश गराया."

[इतिहास-प्रकाश १।१ को ४१-४६ पृष्ठमा योगी नरहरिनाथद्वारा
यो प्रकाशित भएको छ]

× यहाँ उल्लिखित केटीहरूमध्ये 'मातु' भन्न केटीको उल्लेख तात्कालिक कागतमा पनि पाइन्छ—

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीराज्ञ्या राजलक्ष्म्या कटहरविपिनात्प्राक्क्रमित्वापि यत्नाद्
वात्सल्यात्पाल्यमानो धवलदलशशीवातिरेजे वपुष्मान् ।
श्रीमत्स्वामिक्षितीशाभ्युपगमनसमुत्कण्ठितस्वान्तवृत्तिः
श्रीमान् गीर्वाणयुद्धक्षितिपतितिलकश्चेतसा नान्वमोदत्+ ॥१२२॥

तस्तै बीचमा श्री ५ स्वामिज्यूका पाउरषाली जानुभयाका श्रीमहारानी श्रीराज्य-लक्ष्मीदेवी कटहरवनबाट फर्किन् र तन्‌ले पनि अतियत्नपूर्वक अतिस्नेह' भावले ताकीत राष्ता श्री ५ गीर्वाणयुद्धविक्रम साह जो छन्. शुक्लपक्षका चन्द्रमा झैं दिन-दिनै वृद्धि हुंदा पोखत भया. एस्ता श्रीपदले युक्त भयाका चक्रवर्ती पदवीकन पाया पनि आफ्ना पितृचरण स्वामिज्यू कैले पाउलागनुहोला कैले भोलाकात गरुँला भन्या चित्तका खेद दिनदिनै हुँदा चित्तमा बहुत हर्ष हुँदा भयेनन् ॥१२२॥

स्वस्ति श्रीतातपादाम्बुजसमधिगमे श्रीमहाराजगीर्वा-
णेशः क्षेत्राण्यमेयान्यददथ❁ धरादैवतेभ्योऽथ विद्भ्यः ।
चेटीग्रायं च राष्ट्रं जनकरणबहादूरसाहं विनेति
स्मारन्[1]स्मारन् स्म विस्मापयतिच सबलं राजभारं बभार॥१२३॥

पाठान्तर-१.*अतिपियारा,*

"सं. १८५९ साल आषाडवदि १ रो १ के
जहरसिंका महतारिके श्रीमाहिला महारानिबाट बकस हस्ते
र प्रमांगि मातु च्या ठुलो माप च्या — १.'
"आषाडवदि ३० रो १ के
श्रीमैयासाहेवका बिछाउनाके हस्ते मातु धर्मावाल लिहु-१.
"आषाड शुदि १२ रोज ६ के
बिछाउना बनाउनाके हस्ते मातु लिहु -२
श्रीमहाराजाका बिछाउनाके—१
श्रीमाहिला महारानिका बिछाउनाके—१
[संशोधनमण्डलको संग्रहमा रहेका कागतबाट]

+ 'मुद हर्षे' धातु अनुदात्तको इत् संज्ञा हुने हुनाले आत्मनेपदी छ। यस कारण 'अन्वमोदत्' यो रूप अशुद्ध हो। शुद्ध रूप 'अन्वमोदत' हुन्छ।

❁ दा धातुको लङ्‌को प्रथमपुरुषको एक वचनमा 'अददात्' रूप हुन्छ। यस कारण 'अददत्' यो रूप अशुद्ध छ।

[1] यहाँ 'स्मारं स्मारं' यस्तो हुनुपर्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्ना पितृचरण श्री ५ स्वामिज्यू चाडै पावलागनुहवस् भन्नानिमित्तले वैदिक पण्डितहरूलाई असंख्यात भूमिदान गऱ्या. अजयरेखादि केटीहरूले बेहोरियाका मुलुककन समुझि २ विस्मय पनि लाग्यो. तैपनि लक्षांग राजकन पालना गर्ण्या ॥१२३॥

उक्तं च भाषया—

भारादार्ले त भर्दा सहि फरदमहाँ दूनियाँ सब् भयामा
पश्चात्तापले सबैले अघि गरनु पछी एक गोल् बोल् भयामा ।
काशीवासी त स्वामी फिरडिसंग मिली क्याप गर्छन् घडर्मा
भाराले दार राषी यक्क मत नभया क्या गती होलि देशमा ॥१२४॥

उसै ताकमा सबै भारदारसमेत दुनिञाले रातबिरात जुवा षेल्दा रह्याछन्. भारदारले दशषत्मा फर्दमा एकाको सहि भया ता एकै निसाप् सबैको हुन्छ. सबैका एक गोल एक बोल हुंदामा अघि नै गर्न्या मतो पछि गरेर क्या पुग्दछ. आजकाल्मा श्री ५ स्वामिज्यू काशीवास गर्दामा फिरङ्गिसंग मिल्यो भन्या क्याप गर्दैनन्. यो पनि चित्तको डर लाग्यो पनि देशको पनि क्या गतिकन होला भनि भन्न लाग्या ॥१२४॥

खेल्छन् रात् दीन जूवा कति कति विजया फुक्तछन् कोहि रुन्छन्
निःशंकै बात हाँक्छन् कति अति खुशि छन् कोहि रात् दिन् घ्वरिंछन् ।
कामका[1] पर्फाक पर्छन दिइ पनि नमिली कोहि सन्दूक भर्छन्
एक्ले एकै थिया सब् यकबिनु दुनिया ढेर्प्रकारका रहेछन् ॥१२५॥

ऐलेका भारदार दुनिञासमेत रातबिरात जुवा खेलनामा लाग्याका छन्. कोहि गाँजा लि खान्छन् गाँजाले मातियाका भारदारले क्या सहि राष्तछन्. गाँजाका डम्काले कोहि रुदै रहंछन्. कोहि चित्तमा केही शंका नराषि मनोज्ञ बात बोल्दछन्. कोहि उसै ठाउ बसि फाकाफाक षानापिना गर्छन्. कोहि बक्सिस भयाका पनि वस्तु पाउदैनन्. कोहि सन्दूक भरि राष्तछन्. एस्तै गरिकन एक स्वामिज्यूबिना भारदारसमेत दुनिञा नानातरहका भैगयाछन् भनि श्री ५ महाराज गीर्वाणयुद्धबाट चित्तमा खेदकन लिंदा भया ॥१२५॥

एस्तै सूर्ता लिदामा नृपति रणबहादूर साहेब काशी
बस्ता गीर्वाण राजा प्रतिदिवस बटोल्दा भया विज्ञ जोसि।

पाठान्तर- १. फांका

CC-0. In Public Domain. Digitization by eGangotri

लागोभागो अफाल्दै बहुविध उपचारले गरिए दूरदेशी
ब्राह्मणको मान गर्दै बहुत बिषुस भै राज गर्छन् त कौसी ॥१२६॥

श्री ५ गीर्वाणयुद्ध महाराजाबाट नानाप्रकारका उपचारले श्री ५ पितृचरणका माथा राखि लागोभागोकन विज्ञ जोसिका उपदेशले अफालदा दूरदेशीका बाहुनकन मान मर्यादा गरि महाबिखुसिसंग कसैलाइ पनि मुजरा नदाकन कौसीमा मात्र विराजमान भै बस्ता भया ॥१२६॥

स्नात्वा गाङ्गेम्भसि रणबहादूरसाहो न्वहंयुः
स्वर्णाम्भोदः प्रतिदिनमभूद्दीनकल्पद्रुरेवम् ।
श्रीविश्वेशं प्रति बहुतिथं मन्यमानः स्वदिष्ट्या
श्रीमद्राजद्धर्युपकरणदोऽपूर्वनम्रो ननाम ॥१२७॥

तहां उप्रांत दीन जनका कल्पवृक्ष झैं इष्टार्थ दिन्या भयाका योगेश्वर श्रीस्वामिज्यू जो छन्. अहंताले युक्त भयाका छंदा काशीक्षेत्रविषे मेघले जल बर्साया झैं असर्फि वृष्टि गरि श्रीगंगाजीमा स्नान गरि कौनै देवदेवीलाई कैल्हे नमस्कार नगर्न्याले श्रीविश्वेश्वरको भाग्यले दर्शन पायाँ भनि बहुतै चित्तमा श्रद्धा राषि एकाग्र[1] भावनाले राजोपचारपूर्वक विधानले पूजा गरि पैल्हेको नमस्कार तंही गर्दा भया ॥१२७॥

गंगापुत्रैरथ च विबुधैः स्तूयमानः समन्तं
श्रीविश्वेशोऽपर इव हयग्रीवलब्धावतारः ।
श्रीमान् स्वामी प्रकृतिसुभगो[2] दुण्डिराजं च लोला-
र्कं संप्रक्रम्य जपति÷ मुहुर्विश्वनाथं शरण्यम् ॥१२८॥

काशीक्षेत्रमा गंगापुत्रहरू[3] इतर बुनिआ महाजनहरू इनहरू सबैले पनि हयग्रीव भैरवका औतार हुनाले जाग्रत्स्वरूपकन देवि द्वितीय विश्वेश्वर जस्ता काशिक्षेत्रविषे पाउन्नाग्याका छन्. धन्य हाम्रा भाग्यले दर्शन पायाँ भनि प्रशंसा गर्ण्या. श्री ५ रणबहादूर साह पनि सकल लोकसंग सुहृदभाव गरि दिनदिने श्रीढुंडि भैरव श्रीलोलार्क प्रभति देवताहरूको दर्शन गन पाउलाग्नुहुन्थ्यो. श्रीविश्वेश्वरको विशेष शरण जप तप गर्नामा एकत्व भावना पक्कनुभयाको थियो ॥१२८॥

पाठान्तर – १. एकत्व, २. –सुमुखो, ३. गङ्गापुत्र भया विज्ञहरू भया,
÷ यहाँ 'जपति स्म' हुनुपछं।

CC-0. In Public Domain. Digitization by eGangotri

काशीस्थैश्चापि फैरङ्गिभिरपि च तदा स्वामिराजं स्वपाल्यं
मत्वा दासायमानैर्बहुभिरुपपदैः सान्त्वयद्भिः समन्तात् ।
नैपालीयोपसर्पद्विविधरससुधास्वादविस्मापनार्थं
चक्रे साम्राज्यशोभाधिकतरसुभगं स्वामिसन्मानकृत्यम् ॥१२९॥

एसै प्रकारले काशीक्षेत्रविषे विराजमान हुंदा श्री ५ रणबहादूर साहदेवका उद्धत प्रतापका ज्वालाकन देषि ईनलाई साथ ली संग्राममा जान पाया त सकल[1] पृथ्वी हात लाग्ला भंन्या ठुलो श्रद्धा राषि फिरंङ्गिहरू जो छन्. नेपालका विषयका राज-भोगरूपी अमृतको स्वाद बिर्साउनानिमित्त अनेक सौगातले र आफुहरू पनि मान-मर्यादापूर्वक दासभावले नम्र भै चाकरी गरि भुलाउनाको उपाय गर्दा भयो ॥१२९॥

वीरो[2]ऽमर्सिंहथापाकुलमणिरखिलं तद्धि तर्केण बुद्ध्वा
छन्नप्रायं कुशाग्रायितशुभधिषणो भीमसेनः क्षणेन ।
श्रीविश्वेशं क्षमाप्यासकृदतिकरुणं यत्प्रसादाग्रजाग्रत्-
प्रत्यूहध्वस्तिमार्गो नगरमुपनिनाय स्म ह स्वामिराजम् ॥ १३० ॥

एस्ता विपरीत चिह्न समस्त[3] ज्ञान बुद्धिमा पारंगत भयाका अमर्सिंह थापाका पुत्ररत्न भीमसेन थापाबाट कुशको टुप्पा झैं तीक्ष्ण बुद्धिले तत्क्षणैमा तर्कले ठहराइ श्रीविश्वेश्वरका चरणमा एकत्वभावले प्रार्थना गर्दा तन्‌को भावदेषि बहुतै संतुष्ट भै करुणापूर्वक अभीष्ट वरदान दिदा जाग्रत् भै आयाको विघ्नको छेदन गरि श्री ५ स्वामि-ज्यूकन तेस अनिष्टदेषिन् उमकाई नेपाल ल्याउनाको उपाय गर्दा भया ॥१३०॥

सामदानविधिभेदविधानैर्भीमसेन× अभितः स्पशशाली
काशिकात× अभिनिष्क्रमणार्थं[4] योगमार्गमभितः स विवेद ॥ १३१ ॥

साम १ दान २ भेद ३ दण्ड ४ ई चार प्रकारका उपायमा निपुण भयाका भीमसेन थापाबाट परिआयाका विपरीत चिह्नको चेवा गरि संपूर्ण कुरो बुझि श्रीकाशीक्षेत्रदेषि श्री ५ स्वामिज्यूलाई उम्काई ल्याउनाको सजिलो बाटो निस्तुक ठहराउदा भया ॥१३१॥

सर्फराजिपदवीकृतनामा हर्षराजिविषयीकृतवर्मा ।
रक्षिताखिलपरिष्कृतवर्त्मा योगमार्गमभितः स्म विवेद ॥ १३२ ॥

पाठान्तर- १. *सम्पूर्ण*, २. *धीरो*, ३. *संपूर्ण*, ४. *अभिनिष्क्रमणार्हं*,

× यहां 'भीमसेनोऽभित': 'काशिकातोऽभिनिष्क्रमणार्थं' यस्तो हुनुपर्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

एस्ता भीमसेन थापाका तर्कना बुद्धि श्री ५ स्वामिज्यूका चित्तले बुझि बहुत हर्षित भै सर्फराजिनामा पदवीकन भीमसेन थापालाई बक्सदा भया ॥१३२॥

अम्भोधिं स्थलयन्÷ धरं त्वधरयन् गर्तं समक्षेत्रयन्
क्षुद्रं कण्टकितं स्थलं कुसुमयन् वेगं शरक्षेपयन् ।
वोढृं श्रापि विवस्वदश्वयदसौ+ श्रीभीमसेनस्त्वरा
षड्घस्रैर्वसुमुड्निनाय लुमडीदेवीमुप स्वामिनम् ॥ १३३ ॥

कस्ता प्रकारले ल्याया भन्या समुद्रकन पनि स्थल बरोबर मानि उँचा पर्वतकन पनि समभूमि जस्तो मानि बाडल गैहकन मैदान जस्तो मानि कांढा गैह बिझन्या कुरो पनि नरम फूल झैं मानि धनुषबाट छुटचाका तिर झैं वेग गरि सूर्यका रथमा कसि राख्याका घोडा जस्ता वेगपूर्वक हिंड्न्या काहारले बोकाइ असफि मोहर रुपैआ बर्साई छवै दिनका बीचमा नेपाल कांतिपुरका लुमडि माइका स्थलमा ल्याई पुन्याउंदा भया ॥१३३॥

श्रीस्वामी चन्द्रषष्ठाष्टशशिनि निरगात्काशिकायाः पुरीं स्वां*
हृष्टो विश्वेशतुष्ट्या प्रकृतिभयवपुः काशिजान् वादिराजान् ।
जित्वा हैयंगवीनं मधुरिपुरिव तद्देशतेजश्च हृत्वा
गोपीभीतेरिव स्मापसरति लुमडीं भीमसेनानुमन्ता ॥ १३४ ॥

÷ यहाँ 'समुद्रकन पनि स्थल बरोबर मानि' भन्ने अर्थमा 'अम्भोधिं स्थलयन्'....'काँढा गैन्ह बिझन्या कुरो पनि नरम फूल झैं मानि' भन्ने अर्थमा 'कण्टकितं स्थलं कुसुमयन्' आदि रूप प्रयोग गरिएका छन् । यस अर्थमा 'स्थलयन्, कुसुमयन्' आदि रूप सिद्ध गर्न गाह्रो छ । यस अर्थमा त 'उपमानादाचारे' ३।१।१० [उपमानवाचक, कर्म भएको सुबन्तदेखि गर्नु भन्ने अर्थमा विकल्पले क्यच् प्रत्यय हुन्छ] ले पुत्रमिवाचरति पुत्रीयति छात्रम्, 'विद्यार्थीलाई छोरा जस्तै गर्छ' भन्ने अर्थमा 'पुत्रीयति' रूप बनेजस्तै स्थलीयति, कुसुमीयति आदि रूप बन्दछन् । यस कारण यहाँ 'स्थलयन्, कुसुमयन्' आदि रूप प्रयोग गरिएको उचित छैन । स्थलीयन्, कुसुमीयन् आदि रूप प्रयोग गर्नु पर्छ ।

+ तानतुन गरी णिच् प्रत्यय गरी अश्वयति रूप बनाए तापनि त्यसदेखि शतृ प्रत्यय गर्दा 'उगिदचां सर्वनामस्थानेऽधातोः' ७।१।७० [धातुबाहेकको उक्को इत्संज्ञा हुने अङ्गको र अञ्च् धातुको नुम् आगम हुन्छ सर्वनामस्थान पर भएमा] ले नुम् आगम हुने हुनाले 'विवस्वदश्वयद्' यो रूप त अशुद्ध हो । यहाँ 'विवस्वदश्वयन्' हुनुपर्छ ।

* सुन्दरानन्दले यहाँ श्लोकमा वि. सं. १८६१ मा रणबहादुर काशीबाट नेपाल फर्के भनी लेखेका छन्, तथा उनले दिएको भाषार्थबाट चाहिं १८५७ फाल्गुनमा उनी फर्के

CC-0. In Public Domain. Digitization by eGangotri

स्वस्ति श्रीसंवत् १८५७ सालका फाल्गुण मासमा तीर्थयात्राका प्रसंग गरि काशी सहर पाउ लागी तांहा श्रीविश्वेश्वर श्रीढुंडि भैरव श्रीलोलार्क प्रभृतिका सेवा सत्कार-पूर्वक राजोपचारले पूजा गर्दा श्रीविश्वेश्वर संतुष्ट गराई स्वभावले हयग्रीव भैरवका औतार हुंदा अरू वादिहरूले हटाइ नसकना भयाका देषनै मात्र भयंकर डर लाग्दा मूर्ति भयाका श्रीस्वामिज्यू जो छन्, जस्ता प्रकारले श्रीबालमुकुन्दले गोपिनीहरूका दहि ठेकि लुटि महि षाई वै गर्नन् भनि यशोदा आमाका डर्ले यमुनाका तीरमा लुकन गयाथ्या. तस्तै प्रकारले काशीदेशका सकल वादिहरूका तेजकन हरण गरि भीमसेन थापाका अनुमतले वायुवेग गरि आफ्ना सहर नेपाल कांतिपुरमा तत्क्षणै पाउलागनुभै ढुंडिवेलबिषे विराजमान भयाका श्रीलुमुडी भगवती भद्रकालीका शरणमा पर्दा भया ॥१३४॥

सार्द्धं श्रीव्रजनाथपण्डितसुतैः श्रीरङ्गनाथाभिधै—
र्बाहादुरयुवराजसाहनिकृतैः काशीप्रविष्टैश्चिरम् ।
श्रीडिल्लीश्वरवाग्विलासरसिकैर्दामोदरैर्[1] ज्योतिषै⊙
राशीभिः स पुरोधसां रणबहादूरोऽविशत्स्वां पुरीम् ॥ १३५ ॥

पाठान्तर- १ *विश्वेश्वरानुग्रहाद्-*,

भन्ने भाव झल्कन्छ । परन्तु रणबहादुर वि. सं. १८५७ ज्येठमा काशी गएका (११४ श्लोकको टिप्पणी हेर्नु होस्) तथा वि. सं. १८६० फाल्गुनमा नेपाल फर्केका हुन् । उनी नेपाल फर्केको मिति वंशावलीमा यसरी दिइएको छ—

"त्यहांपछि (रणबहादुर शाह) सरासर १८६० साल फाल्गुन मैन्हामा नेपाल पुगी श्रीलुमडीसंधि टुंडिखेलमा पाले टोंगी त्यहीं मुकाम गर्नु भयो."

काशीबाट फर्की नेपाल पुगेपछि रणबहादुर शाहले दामोदर पांडेहरूको वध गराएका थिए । खरीदार विश्वनाथ पांडेको टिपोटे कागतबाट दामोदर पांडेको मृत्युको समय थाहा पाइन्छ—

"श्रीदामोदर पांडे क्षेत्रको जन्म संवत् १८०८ को वैशाख. मरण १८६० को चैत."

(यो कागत मोहननाथ पांडेसंग छ)

⊙ 'ज्योतिषमधीते वेद वा' भन्ने अर्थमा 'ऋतूक्थादिसूत्रान्ताट्ठक्' ४ । २ । ६० यज्ञ विशेषलाई बुझाउने प्रातिपदिक, उक्थ आदि प्रातिपदिक, सूत्र अन्त्यमा हुने प्रातिपदिक-देखि ठक् प्रत्यय हुन्छ 'त्यो कुरा पढ्दछ, त्यो कुरा जान्दछ' भन्ने अर्थमा] सूत्रले उक्थादि गणभित्र परेको ज्योतिष् शब्ददेखि ठक् प्रत्यय हुने हुनाले 'ज्योतिषैः' यो रूप अशुद्ध हो । शुद्ध रूप 'ज्यौतिषिकैः' हुन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीपृथ्वीनारायण साहका द्वितीय पुत्र श्रीबाहादुर साहबाट विना अपराध शासना गर्दा कांतिपुरदेषिन् कपिलासमेत निकालीदियाका+ काशी सहर बसी डिल्लीश्वर बात्साहका हुकुम्मा षुसि तुल्याउन्या व्रजनाथ पंण्डितका पुत्र श्रीरंगनाथ पण्डितका कपिलासमेत भै श्रीस्वामि रणबहादुर साह[1] स्वनगरी राजधानीमा प्रवेश हुदा भया ।। श्रीरंगनाथ श्रीहरि श्रीश्रीकृष्ण श्रीनारायण ४ भ्राता ।।१३५।।

स्वस्ति श्रीभद्रकाली लुमडिभगवती स्वामिराजं स्वपान्यं
मत्वैवं स्वागताभ्युद्गमनसुरसिकेवोत्थिता तूर्णमासीत् ।
प्रांशूदञ्चद्विचित्रध्वजवसनकृतोल्लोचमुल्लोचयन्ती
सद्ध्वानैः कीचकानां मुखरितवदना क्षेमकौतूहलेन ।। १३६ ।।

श्री ५ स्वामीज्यू[2] माईका सन्निधानमा आईपुग्नीमात्र वायुले कसिगल बढारी षुर्घपूर्वक ढिलो आयाका वायुले चंचल भयाका विचित्र ध्वजाबाट मंगल बाजाका सोर उठाउदो भयो. पाट पाटंबरका ढाकिराष्याका चंदुवा बांशका प्वालमा पस्याका बतासले बासुरीका आवाजकन दिंदो भयो. श्रीमंगलमूर्ति लुमडि भगवती जो छन्. गंगाजल चढाई शरणमा आयाका[3] आफैले पालनुपर्न्या श्री ५ स्वामिज्यूकन देषि बहुते संतुष्ट भै एस्तै प्रकारका क्षेम शिष्टाचार मंगल उत्सव गरि हर्ष बिस्मातले[4] आफ्ना शरणमा लिदो भईन् । १३६।।

कादम्बैः पत्रपुष्पैर्विकिरति पवनोद्धूतशाखाविमुक्तै-
र्लज्जापीठे कदम्बद्रुमसुरभिवने वज्रतुण्डीयक्षेत्रे ।
दिष्ट्या भद्रं ममेति द्रुमगतवयसां रावतूर्यप्रणादै-
र्देवी श्रीभद्रकाली लुमडिभगवती बज्रतुण्डीसमेता ।। १३७ ।।

पाठान्तर- १. श्रीरणबहादुर साह विश्वेश्वरका कृपादृष्टिले गरि, २. श्रीयोगीश्वर स्वामीज्यू, ३. पन्याका, ४. कौतुकले,

+ व्रजनाथका बाबु जयमङ्गल पौडेलले पृथ्वीनारायणका महारानी नरेन्द्रलक्ष्मीलाई दीक्षामन्त्र सुनाएका थिए। यस कारण राजदरबारमा यिनीहरूको प्रतिष्ठा थियो। वि. सं. १८३४ मा प्रतापसिंहको मृत्युपछि बालक राजा रणबहादुर शाह र राजमाता राजेन्द्रलक्ष्मीको नाथगादी ताकेको अभियोग लगाई सपरिवार व्रजनाथ निकालिएका थिए। (यस विषयको पत्र परिशिष्ट 'ग' मा हेर्नुहोस्।) त्यस वेला रङ्गनाथ ४ वर्षका थिए। निकालिएपछि सपरिवार व्रजनाथ काशी गई बसेका थिए। रणबहादुर शाह काशीबाट फर्केपछि उनको पछि लागी सपरिवार रङ्गनाथले स्वदेश फर्कने मौका पाए काथि।

CC-0. In Public Domain. Digitization by eGangotri

पूर्वकालविषे श्रीप्रत्यंगिरा देवी र श्रीवज्रभैरवले वज्रतुंडीनामा देवालाई दायिजो दियाका हुनाले तुंडीक्षेत्र भनि नाम भयाको हो. अद्यापि तेस क्षेत्रको नाम तुंडीषेल भनि प्रख्यातै छ. एस्ता क्षेत्रविषे वज्रतुंडीनामा देवीले सहित लज्जापीठ भनि प्रख्यात भयाका उपपीठका लुमुडी भगवतीले श्रीस्वामिज्यूलाई देखी बहुत संतुष्ट भई आफ्ना समीपमा भयाका वृक्षहरूमाका अनेक चराहरूले सुस्वर गरि करायाका तुरहिरूपी बाजाले बहुत हर्षकन दिन्या आवाजले युक्त भयाका एस्ता कदंब इत्यादि वृक्षहरूविषे सुगंध बतास चलाई मंगल उत्सवनिमित्त अभ्रकले सहित अबीर उडाया झ वृक्षका फूलको केसररूपी अबीरमा पातरूपी अभ्रकले सहित गरि छरिदिदी भईन् ॥१३७॥

चण्प्रासीसैन्यमध्ये विलसति निभृतं भीमसेनानुयायी
वीरश्रीः स्वामिराजो भुजयुगलधृतोच्चण्डरत्नत्सरूणाम् ।
निष्कोशानामसीनां रुचिभिरुपनिषद्भूषितानेकरूपां
मूर्तिं बिभ्रत्प्रदध्यावबननिकृतपूर्वां नतिं भद्रकाल्याः ॥ १३८ ॥

इन्द्रियनिग्रह गरेर तपस्या गरि श्रीविश्वेश्वरबाट पायाका वरलब्ध प्रसादले पूर्ण तेज भयाका भीमसेन थापालाई अगाडी राषी चण्प्रासीनामा सैन्य फौदको माझमा विराजमान भयाका श्री ५ स्वामि जो छन्. दुवै हातमा हीरा मोति जडयाका सुवर्ण कबुजा भयाका तरबार ली रहनुहुँदा तेस तरबारका कांतिमा वरिपरि रहन्या आझीको छाया पर्दा नाना भयङ्कर मूर्तिहरू तेस तरबारमा देखिदा विशेष भयंकर मूर्ति भयाका एस्ता श्री ५ स्वामिज्यू जो छन्. जन्मावधि नगन्याका प्रणाम गरि श्रीलुमडी भगवती श्रीभद्रकाली श्रीवज्रतुंडीसमेत श्रीमहाकाल श्रीसंकटाको पूजास्तोत्र[१] आरम्भ गर्दा भया ॥१३८॥

एकाग्रीकृत्य चित्तं जलशयनगतं विष्णुमुद्बोध्य वेधा
अस्तावीद् योगनिद्रां मधुमुखमसुरं चण्डमुण्डौ च हन्तुम् ।
हन्तुं प्रत्यग्रमन्युं महिषमथ ससैन्यं यथा मन्युवेशा–
च्छ्रीस्वामी योगिराजो लुमुडिभगवतीस्तोत्रकृत् स्तौति हा स्म॥१३९॥

पूर्वकालमा शेषशय्यामा शयन गरिरहन्या[२] श्रीविष्णुकन जागो गराइ मधु कैटभ चण्डमुण्डकन वध गर्नानिमित्त ब्रह्माले योगनिद्राको स्तुति गऱ्या झैं आफ्ना परोक्षका वषेडारूपि दुष्ट जनहरूको शासना गर्नानिमित्त क्रोधले जाज्वल्यमान भयाका श्री ५ स्वामिज्यूबाट अष्टमातृकाले सहित लुमुडि भगवतीको स्तुति गरिकन प्रदक्षिणा गर्नु-भया हा अहो भन्दै ॥१३९॥

पाठान्तर–१. स्तुति, २. शेषशय्या गरि जलशयन गरिरहन्या,

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीगणेशाय नमः । श्रीमदष्टमातृभ्यो नमः ।

स्वस्तिश्रीभद्रकाली लुमुडिभगवती वज्रतुण्डी विशाला
ब्राह्म्याद्या मातरोष्टौ भवदुरितहरा आस्थ+ यूयं कृतज्ञाः ।
नेपाले पुण्यभूमौ निवसथ भगवत्पर्षदां सेवकोहं
मर्यादीकृत्य तन्मे प्रकृतिभवभयं मोचयन्तु प्रसन्नाः ॥ १४० ॥

पुण्यभूमि नेपाल-पीठविषे विराजमान भयाका संपूर्ण संसारको दुःख नाश गरिदिन्या कृतज्ञता गुणले युक्त भयाका हे मातर् भक्तजनको रक्षा गर्न्या एस्ता श्रीभद्रकाली श्रीवज्रतुण्डी श्रीविशाला श्रीप्रत्यंगिरा एस्ता २ नाम भयाका हे भद्रकालि लुमुडि हे भवानि ब्राह्मि आदि अष्टमातृकाले सहित भयाका हे जगदंब तपाजिहरुका चरणारविन्दको सेवक भयाका सकल मायारूपी संसारको भय नाश गरि आफ्ना मर्यादा स्थितिपूर्वक प्रसन्न भयाजाला ॥१४०॥

सङ्कष्टोत्पातहन्त्री भगवति भवती तारिणी सङ्कटाख्या
आम्नायेष्वप्यगम्या प्रकृतिषु विधुरा नामभेदैकगम्या ।
पद्मस्था पद्महस्ताऽन्तकतुरगकशा दुर्गहाऽरिष्टहन्त्री
नेपालेशी पुमान् स्त्री त्वमसि कृतकलिद्वापरत्रेतया युक् ॥ १४१ ॥

संकष्ट भन्नु स्वचक्र परचक्रदेखिन् भै आयाको दुःख विघ्न तस् विघ्नको नाश गर्न्या भयाका हे भगवति संकटा नामले प्रख्यात् भयाका हे तारिणि नाम लिदै मात्रले संकष्टकन तार्न्या भयाका तिमि आम्नाय भन्नु श्रुति स्मृति पुराण गैन्हमा पनि अगोचर भयाका प्रकृति भन्नु मायाबिषे अव्यक्त भयाका संकटा भनि लोकमा प्रख्यात भयाका कमलका फूलले अंगमा भरिपूर्ण अलंकार भयाका सौम्य मुरुति भक्तजनकन यमशासना नदिन्या भयाका अरिष्ट ग्रहका दुर्दशाकन हर्न्या भयाका नेपालका ईश्वरी स्त्रीरूप पनि पुरुषरूप पनि तिमि छौ। सत्ययुग कलियुग द्वापरयुग त्रेतायुग इ ४ चार युगमा पनि विद्यमान भयाका तिमि छौ ॥१४१॥

त्वं देवी वज्रतुण्डी त्वदधिकृतिरियं भूमिरेतर्हि तुण्डी-
क्षेत्रं लज्जोपपीठं जनयति विदुषां धीषु लज्जां कुकृत्ये ।

+ 'आस उपवेशने' धातु आत्मनेपदी हुँदा 'आस्थ' यो रूप अशुद्ध छ । शुद्ध रूप 'आध्वे' हुन्छ । अस् धातुको लट्को मध्यमपुरुषको बहुवचनको रूप 'स्थ' मा आ उपसर्ग लगाई यो रूप सिद्ध गरिएको भन्ने हो भने पनि अन्त त्यस्तो प्रयोग नपाइने हुँदा त्यसो गर्नु उचित होइन ।

CC-0. In Public Domain. Digitization by eGangotri

सिद्धैरानीतकूटं हिमशिखरिभवं त्वत्कृते ह्योषधीनां
तस्माच्चां वैद्यराज्ञीं प्रकृतिभवरुजां नौमि मूर्ध्ना नतेन ॥ १४२ ॥

जौना तुण्डीखेलविषे कुकीर्ति इत्यादि कसिगल मलोत्सर्ग मूत्रोत्सर्ग गरि फोहर् गर्नुमा सबै लोकको लाज मान्दा लज्जापीठ भनि उपपीठ भनि प्रख्यात भयाको छ अर्थात् तुंडीखेलविषे कसिगल ऐंट ढुंगो इत्यादि कैले पनि लाग्दैनछ. ओडियानपीठ १ जालंधरपीठ २ पूर्णगिरिपीठ ३ कमरूपीठ ४ गुह्येश्वरी गैह्र ६४ चतुःषष्टि बाहिक उपपीठ भयाका लज्जापीठमा विराजमान भयाका सहर:कांतिपुरका अधिष्ठाता भयाका हे देवि हे वज्रतुण्डि हे भगवति पूर्वकालबिषेका सिद्ध भयाका गुणपालनामा गैह्र राज-ऋषिहरूले हिमालय पर्वतका औषधीमय भयाका शिखरकन ल्याइ राख्याका शिखर-क्षेत्रमा विराजमान हुनाले सबै वैद्यांगमा पारंगत भयाका तिमिकन नमस्कार छ ॥१४२॥

श्रीतुण्डीभैरवस्त्वं करकलितकपालः किरीटी च दण्डी
त्वत्पादाब्जप्रसादादतिसुखमनुभूतं पुरा रल्लमल्लैः ।
अद्यापि त्वं महाकाल सफलयति निदिध्यासनां पुत्रराज्ये
यस्मादक्षोभ्यमूर्तिः क्षपयतु दुरितं त्वं गतिस्त्वं मतिर्मे ॥ १४३ ॥

फेर श्रीतुण्डीभैरव महाकालकन पनि स्तुति गर्दा भया. हातमा खप्पर धारन्या भयाका फेर दण्डरूपी खट्वांग धार्न्या भयाका हे वज्रभैरव हे महाकाल हे ईश्वर तपाजिका अनुग्रह छंज्याल् नेपालमा अधि भैगयाका श्रीप्रतापमल्ल श्रीभूपतीन्द्रमल्ल प्रभृति आपस्तमा नमिलि रहन्या परस्पर पोलापोल गरि रल्ल भै गयाका मल्ल राजा गैह्रले आफ्ना २ घुसि राजीपूर्वक राज्य गरिगयाथ्या. सोहि करुणा अनुग्रहको कटाक्ष दृष्टिकन आज मेरा पुत्र श्री ५ गीर्वाणयुद्धबिक्रम साह महाराजालाई पनि राषि मन्सुवा भन्याको साफल्य गरि पापकन दूर गरि राजकुलमा अध्यासन स्थिर गरि अचल राज्यकन दियाजावस् . हाम्रा गति मति तिमि छौ ॥१४३॥

ब्रह्माणीं कनकावदातवदनां चक्राङ्कपृष्ठस्थितां
सेवे पुस्तकमक्षसूत्रकरकाऽभीतीर्दधानां करैः ।
चञ्चत्कुण्डलमण्डितां प्रविलसत्सर्वाङ्गभूषोज्ज्वलां
ब्रह्मज्ञानसमाधिगम्यविषयां ब्रह्माणि नो रक्षतु ॥ १४४ ॥

फेर श्रीब्राह्मी आदि अष्टमातृकाको पनि वर्ण ध्यानसमेतको स्तुति गर्दा भया. शुद्ध सुवर्ण भैं पहेंला वर्ण भयाका राजहंसका आंगविषे विराजमान भयाका वेदका

CC-0. In Public Domain. Digitization by eGangotri

पुस्तक अक्षमाला कमण्डलु अभयमुद्रासहित चतुर्बाहु भयाका बिजुलिका तेज झैं चमत्कार दिव्य तेज कुंडलले कानबिषे अतिशोभा भयाका दिव्य सुंदर अलंकारले सर्वांग उज्ज्वल भयाका ब्रह्मज्ञानका ध्यानले मात्र गम्य हुन्या भयाका एस्ति ब्रह्माणी देवीले मकन रक्षा गरून् ॥ १४४ ॥

माहेशीं हिमकुन्दशङ्खधवलामुद्यच्छशाङ्कच्छविं
भेजे गोपतिवाहनां त्रिनयनां त्रैगुण्यसन्तानिकाम् ।
सृष्ट्यन्तस्थितिहेतुभूतनिशितं धत्ते त्रिशूलं करै-
स्त्रैलोक्योत्कटनादनादिडमरुं पर्शुं तथा पाशकम् ॥ १४५ ॥

हिम जस्तो कुंदफुल जस्तो शंख जस्तो पूर्णचंद्र जस्तो सपेत वण भयाका वृषभमा चढ्याका चंद्र सूर्य अग्निरूपी ३ तिन् नेत्र भयाका सत्त्व रज तम इ ३ तिन् गुणका प्रपंच विस्तार गर्न्या भयाका सृष्टि स्थिति संहारका कारण स्वभाव भयाका शूल र त्रिभुवनव्यापक सोर भयाका डमरु फर्सा नागपाशले शोभायमान चतुर्बाहु भयाका एस्ता माहेश्वरीकन भजन गर्दछु ॥१४५॥

श्रीकौमारि जपाप्रसूनरुधिराभासे परित्राहि÷ मां
भूयोभिर्विषयोग्रपन्नगविषैराघूर्णितं दुर्भगम् ।
या रेजे शृणिपाशमण्डितकरा शक्तिध्वजौ बिभ्रती
वैरिव्रातविदारणैककुशला मायूरयानस्थिता ॥ १४६ ॥

जपापुष्प जस्तो षराहाका रगत जस्तो रातो वर्ण भयाका अङ्कुश पाश शक्ति दिव्य ध्वजाले शोभायमान चतुर्भुजा भयाका अतिचतुर बुद्धिकन दिन्या भयाका हरिहर आदिले वर्णना गरियाका सधै तरुण अवस्था भयाका वैरिहरूका समुदायकन चूर्ण गरनामा निपुण भयाका मजूराका रथमा विराजमान भयाका एस्ता श्रीकुमारीले मकन रक्षा गरून् ॥१४६॥

श्रीविष्णोर्महिलां दधामि मनसा तार्क्ष्यङ्गमां त्रीक्षणां
या धत्ते ऽरिगदे च शङ्खचषकौ दूर्वादलश्यामला ।
भक्त्युद्रेकजनानुवत्सल★ असन्मार्गप्रतिध्वंसिके
भक्तानन्दकरि भवानि तरलं संसारपारं नय ॥ १४७ ॥

÷ 'त्रैङ् पालने' धातु आत्मनेपदी हुनाले 'परित्राहि' यो रूप अशुद्ध हो। शुद्ध रूप परित्रायस्व हुन्छ।

★ यहाँ '-वत्सलेऽसन्-' यस्तो हुनुपर्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीविष्णुका अत्यन्त[1] प्रिय भयाकी गरुडका आंगविषे[2] चढ्या भयाकी भूर्भुवःस्वर्लोक इ तिन भुवनस्वरूप आँषा भयाको चक्र गदा शंख षप्पर धारण गर्न्या भयाकी दुभो जस्तो हरियो वर्ण भयाकी भक्त जनको रक्षा गरि असत् मार्गको ध्वंस गरि आनंद दिन्या भयाकी एस्ती श्रीवैष्णवी देवीले मकन संसाररूपी समुद्रदेषीन् उत्तीर्ण गन्याजाला ।।१४७।

श्रीन्द्राणी कुलिशध्वजाङ्कितकरा स्तम्बेरमाध्यासिनी
धत्ते याऽऽतपवारणं शृणिवरं कौसुम्भरागच्छविः ।
सेयं पुष्कलभक्तिमुक्तिफलदा शम्भो भवत्वम्बिका
क्षन्तव्योऽसकृदेव मन्तुरपि मे देहि त्वदङ्घ्र्यालयम् ॥ १४८ ॥

वज्र ध्वजा सुवर्णको छत्र अंकुश एति आयुधले शोभायान भुजा भयाकी ऐरावत हातिविषे विराजमान भयाकी कुसुमका जस्तो रातो रंग भयाकी एस्ता इन्द्रायणी अंबिकाले इह जन्ममा संपूर्ण भुक्तिकन दि अंतकालमा मुक्ति दि मेरा अपराध क्षमा गरि प्रसन्न भै तिम्रा चरणका ऐश्वर्यकन प्राप्त गन्याजावस् ॥ ४८॥

वाराहीं घनघोरकालवदनां[3] दंष्ट्रोद्धृतक्ष्मातलां
सेवे सैरिभवाहनां पटुरवां खड्गाङ्कुशौ बिभ्रतीम् ।
धत्ते योग्रमुलूखलं च मुशलं दोर्भिश्चतुर्भिर्युता
पायान्मां विकसारुणा शिखिशिखापिङ्गोर्द्ध्वकेशाम्बिका ॥१४९॥

वर्षाकालका मेघ झैं कालो वण भयाकी उग्र भयंकर अघोर तुण्ड भयाकी बहुत लंबायमान दाह्राले पृथ्वीकन समुद्रदेषिन् धारन्या भयाकी महिष आसन गर्न्या भयाकी खड्ग अंकुश मुशल खप्परले शोभायमान चतुर्भुजा भयाकी मजिठो जस्तो लाल भै जाज्वल्यमान अग्नि जस्तो कैलो घुगुरियाका ठाँडा केश भयाकी यस्ती श्रीवाराही देवीले मेरा भावनादेषि रक्षा गन्याजाला ॥ १४९ ॥

श्रीकाली कालरात्री कवलितचषका कालवृन्दाभकाया
कंकाली कालकर्णी स्थपुटगतशिरा मुण्डमालाकुलाङ्गी ।
या धत्तेऽसिं त्रिशूलं कुणपहृदि गता प्रेतभूमौ रटन्ती
पायात्कालौघकाली फलकयुतकरा कांदिशीकं शरण्यम्[4] ॥१५०॥

श्रीकाली नाम भयाकी कालरात्री नाम भयाकी हातमा षप्पर ली वारंवार मदपान गर्दा उन्मत्त भयाकी गाजल्का थुप्रा झैं हेर्दामा डर लाग्न्या कालो तेजले युक्त शरीर भयाकी

पाठान्तर–१. बहुतं, २. स्कंधविषे चर्न्या, ३. घनघोरघोणवदनां, ४. शरण्ये,

CC-0. In Public Domain. Digitization by eGangotri

कालकर्णी नाम भयाकी अथवा कानमात्रै काला लक्षण भयाकी मर्म मर्मका गहीरो पर्नाले अव्यक्त सूक्ष्मरूप नाडीले व्याप्तदेह भयाकी आलो नरमुण्डमालाले चुह्याका रगतले शरीरमा व्याप्त भयाकी ढाल खड्ग त्रिशूलले सहित चतुर्बाहु भयाकी वेतालका छातिमा चढि मसानमा नाचन्या भयाकी एस्ती चामुण्डा देवीले आफ्ना शरणमा आयाका दीन जनकन रक्षा गर्न्याजाला ॥१५०॥

सिंजन्नूपुरपादपद्मयुगला कर्णोज्ज्वलत्कुण्डला
रत्नालङ्कृतिभूषणाऽतिसुभगा त्रैलोक्यसंरक्षिणी।
खड्गाम्भोरुहचर्मखर्परधरा पञ्चाननाध्यासिनी
दारिद्र्यानलतापमुत्क्षिप जगन्मातर्महालक्ष्मि हे ॥ १५१ ॥

झणत्कार शब्दले सहित भयाकी पादकमलविषेका चाँप गैह गहनाले पनि बहुतै शोभायमान भयाका कानविषे रत्नको कुंडलले बहुतै उज्ज्वल भयाकी संपूर्ण अङ्गमा रत्नका गहनाहरूले षचित भयाकी बहुतै भाग्यले पूर्ण भयाकी त्रैलोक्यरक्षा गर्नामा तत्पर भयाकी खड्ग कमल ढाल षप्परले युक्त चतुर्भुजा भयाकी सिंहका पीठमा चह्याकी एस्ती हे जगन्माता हे महालक्ष्मी दरिद्ररूपी अग्निको तापकन दूर गर्न्याजावस् ॥ १५१ ॥

पीयूषोत्तरपात्रनिर्गतसुधाधाराभिषेकोच्छल-
जीवद्दन्त्यजिनोत्तृंहितपराभूतत्रिलोकीरवम् ।
वेतालोरसि संरटन्तमसिचर्माङ्कं सुधांशुच्छटा-
चूडं त्रीक्षणमूर्द्ध्वबर्बरकचं सेवे महाभैरवम् ॥ १५२ ॥

हातबिषे लियाका षप्परमा भरिपूर्ण भै पोषियाका अमृतबिंदुले ओढी राष्याका हस्तिचर्मबिषे पर्दा जाग्याका हस्तिचर्मले सिंहनादले गर्ज्याका शब्दले तिन् त्रिभुवनका प्राणिले कराया को सोर सबै छोपियाका तिमि वेतालका छातिमा चढि नाचन्या भयाका खड्ग ढालले सहित विंदुपात्रले शोभायमान चतुर्भुज भयाका शिरविषे अर्द्ध चन्द्रचूडा भयाका तिन नेत्र भयाका निघुरियाका ठाडा केश भयाका एस्ता श्रीपीठनायक श्रीभैरवकन सेवा गर्छु ॥ १५२ ॥

तुष्टास्वष्टसु मातृकासु भवतीष्वष्टौ महासिद्धयो
रुष्टास्वष्टसु मातृकाभगवतीष्वष्टौ महाभीतयः ।
ये शृण्वन्ति पठन्ति चैवमुररीकुर्वन्ति गृह्णन्ति वा
तेषां भीतमिदं[1] भवेच्चिरतरं श्रीसिद्धिबुद्धिप्रदम् ॥ १५३ ॥

पाठान्तर-१. स्तोत्रमिदं

CC-0. In Public Domain. Digitization by eGangotri

एस्ता प्रकारका महामाया भद्रकालीको भक्तिपूर्वक स्तुति गर्दा भया. कस्ता मातृका भन्या जौना मातृका संतुष्ट गराउनु सक्या तत्क्षणैमा अणिमा आदि अष्टसिद्धिकन दिन्या कोप भया भन्या अपमृत्यु आदि अष्टमहाभयकन दिन्या एस्ता अष्टमातृकाको यो स्तोत्र जसले एकत्वभाव राषि सुनला पाठ गर्ला संग्रह गर्ला तसकन चिरकालपर्यन्त दुर्ग्रहको अरिष्ट दशा नाश हुन्छ. ऐश्वर्य सिद्धि बुद्धिकन प्राप्ति हुन्छ ॥१५३॥

इत्यष्टौ मातृकाः श्रीलुमुडि भगवति श्रीमहाकालवीर
देवि श्रीवज्रतुण्डि प्रकृतिभयहरे संकटे कष्टहन्त्रि ।
देवि प्रत्यङ्गिरे हे भगवति परकृत्याविनाशैकदक्षे
मा मे विघ्नमिमेतर्हि कुरुत घुणवर्णैकलक्षां नमो वः ॥१५४॥

इति मातृकाको स्तुति गरि फेरि प्रार्थना गर्दा भया. हे लुमुडि भगवति हे भद्रकालि हे वज्रतुंडि हे संकटा देवि हे अष्टमातृका देवि हे वीर महाकाल तिमिहरू स्वभावैले वैरभाव गरि मारण मोहन उच्चाटन विद्वेषण वशीकरण जंभन स्तंभन इत्यादि गर्न्याका षट्कर्मका कृत्या प्रयोग गर्न्या दुर्जनकन पनि नाश गर्नामा निपुण भयाका एस्ता तिमिहरूले जन्मावधि नगर्न्याका नमस्कार स्तुति प्रार्थना प्रशंसा गर्न्याका मेरा वचनकन घुन्ले काटचाका कागजमा पर्न गयाका अक्षर झैं व्यर्थ फालन्या काम नहवस्. तिमिहरूलाइ मेरो वारंवार प्रणाम छ ॥१५४॥

ससचिववलवर्गे स्वस्ति गीर्वाणयुद्धे
दिशत सकलसिद्धिं श्रीमहाराजराजे ।
मनसि च परितुष्टे कोऽर्थवान् को दरिद्र
इति भगवति मातः प्रार्थये भक्तिमेकाम् ॥१५५॥

मेरा संतानको सोझो गरि रातबिरात हित गरि चाकरि गरिरहन्या मंत्रि प्रभृति भारदार सप्तांग राज्यले समेत पुत्र श्री ५ मन्महाराजाधिराज श्रीगीर्वाणयुद्धविक्रम साहदेवलाई अखंड सिद्धि दियाजावस्. मेरा अर्थकन संसारमा चित्त संतोष भया धनी हुँदा त क्या उत्सव. दरिद्र हुदा क्या डर. सुन र माटो बरोबर देखियो. मेराउपर करुणा जगाई तिमिहरुका भाव भक्ति गर्दामा एकत्व श्रद्धा राषि दियाजावस् ॥१५५॥

जय विश्वैकवन्द्येश जय नागेन्द्रभूषण ।
जय गौरीपते शम्भो जय चन्द्रार्द्धशेखर ॥ १५६ ॥
जय कोट्यर्कसंकाश जयानन्तगुणाश्रय ।
जय रुद्र विरूपाक्ष जय नित्यनिरञ्जन ॥१५७॥

CC-0. In Public Domain. Digitization by eGangotri

जय नाथ कृपासिन्धो जय भक्तार्तिभञ्जन ।
जय दुस्तरसंसारसागरोत्तारण प्रभो ॥ १५८ ॥
प्रसीद मे महाकाल संसारात्परिखेदितम् ।
सर्वपापक्षयं कृत्वा रक्ष मां परमेश्वर ॥ १५९ ॥

इति स्तोत्रका अर्थ लेखिएनछ सुबोधै हुनाले ।

तुष्टा श्रीभद्रकाली लुम्बुडिभगवती वज्रतुण्डी विशाला
शान्ता प्रत्यङ्गिराऽक्षोभ्यमुनिकृतशिरस्को महाकालवीरः ।
हाहाहूहूनिनादैर्वियति घनघटागर्जितैर्दुर्दिनोत्थैः
स्वं स्वं नैसर्गरूपं दनुजकुलवधे स्वामिने यत्तदाऽदात् ॥ १६० ॥

एसै प्रकारले श्री ५ मत् रणबहादूर साह महाराजाबाट एकत्वभाव राषि प्रार्थना गर्दा श्रीभद्रकाली प्रभृति सकल देवता संतुष्ट भै तत्क्षणैमा आकाशबाट मेघ उठ्यो र बादल पनि लाग्यो. थोरै वृष्टि पनि लाग्यो. निश्चय हाहा हूहू सोर गरि देव देवीहरुले परिघनामा अस्त्र भुशुंडिनामा अस्त्र चक्र गदा बर्छा खड्ग त्रिशूल छुरि गोली प्रभृति शस्त्रास्त्रको सिद्धिकन र देवासुरसंग्राममाको आफ्ना २ तेजकन पनि श्रीस्वामिज्यूलाइ अन्तःकरणले सिद्धिकन दिदा भया ॥१६०॥

दत्तं संभूय देवीभिररिकुलवधूवृन्दवैधव्यदक्षं
रूपं चास्त्रं च लब्ध्वा नृपतिरणबहादूरसाहः प्रतापी ।
दोष्णां चाक्ष्णां सहस्रं दधदिव कृतवीर्यात्मजन्मेव शक्र-
श्छेत्ता भेत्ता रिपूणामपि बलिसदनाध्याश्रितानां बभूव ॥ १६१ ॥

संपूर्ण देव देवीहरुले दियाका सिद्धिले अधिका भन्दा प्रताप तेज बढी जस्ता प्रकारले सहस्त्रबाहु भयाका कार्तवीर्यार्जुनले र सहस्त्रनेत्र भयाका देवराज इन्द्रले सप्त पातालसंममा भागेर रहन्या वैरिहरुकन पनि षोजि २ पक्रि निर्मूल गऱ्याझ्या. तस्तै प्रकारले अधिका कूट सचिवहेरुका स्त्रीजनकन वैधव्य गर्नामा कुशल भयाका श्रीरणबहादूर साहबाट पनि तत्क्षणैमा जतातै लुकिरहन्या दुष्ट जनकन पैल्याइ समाति ल्याइ छेदन भेदन वध बन्धन ताडन लालन तक्सीरमाफिक फल दिदा भया ॥१६१॥

सौधेषु प्रमदाप्रमोदभणिते[1]ष्वारब्धगीतोत्सवे-
ष्वाविश्यन् रणबाहदूरनृपतिर्यद्गोपुरं प्राक्रमत्÷ ।

पाठान्तर- १. बुधमण्डलीप्रभणितैरा-, ÷ यहाँ 'प्राक्रमत' हुनुपर्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

भूयोभिः पुरवासिनेत्रजनितैर्हर्षाश्रुभिः साक्षतै-
र्गन्धैः क्षेमकुतूहलप्लुतमुखैर्भद्राशिषा संगतः ॥ १६२ ॥

केही दिन श्रीलुमडिमा बसी दर्बार प्रवेश गर्नाको कांक्षा गर्नु हुँदा सहरभित्र ठाउ २ मा कांसिगल बधालि छत्र चामर व्यजन पूर्ण कलश दधि फल कुसुम शंख दुर्वाङ्कुर आदि भयाका शकुनकन राषि सुलग्न वेलामा सहरवासि जन लोकका महाहर्ष अश्रुधारा प्रमुख लाजाक्षत सुगध धूप बाति गैह सिंधुरयात्रा गरि धन्य २ हाम्रा भाग्य अब उप्रान्त हाम्रो उद्धार भयो भंदै शुभ आशिष दिंदै चिरंजीव भन्दै अप्सरासरूपी केटीहरूले मंगल गीतको मंगल उत्साह गरियोका दर्बारभित्र पण्डितराज श्रीरंगनाथ दामोदर जैसी भीमसेन थापा गैह अगाडि राषि प्रवेश गराउदा भया ॥१६२॥

सौधं प्राप्य जितश्रमो रणबहादुरोपि सामर्षणः
पुंरत्नाननपंकजं सुललितं जिघ्रन् समाश्वासकः ।
देवीं च त्रिपुरेश्वरीं भगवतीं पादाब्जसंवाहिनीं
दृष्ट्वा मन्युममूमुचच्च कनकावत्युत्क्रमोत्थं त्वरा ॥१६३॥

दर्बारका अन्तःपुरमा प्रवेश गरि श्री ५ रणबहादुर साह बो छन् काशीवास गर्दामाको खेद परिश्रम छोडि महाहर्षोत्सवपूर्वक पुरुषमध्ये रत्न भयाका पुरुष श्रीमद्गीर्वाणयुद्धविक्रम साह महाराजाका मुखकमलकन बारबार नजर गर्दै सुंघी आश्वास विश्वास दिंदै विराजमान भै सुस्थ चित्तसंग विराजमान गर्दा भया. ताहा आफ्ना चरणारविन्दका सुसारा गरिरह्याका सदा सौभाग्यवती श्री ५ ललितत्रिपुरसुन्दरी रानीकन नजर गरि अघि गंगालाभ भयाका अतिपियारी कनकावति देवीको शोक दुःखकन बिसाइ हर्षित भै हुकुम गर्दा भया ॥ १६३ ॥

देवि प्रिये भामिनि चारुशीले दिष्ट्याऽभिवर्द्धस्व धरातलेस्मिन् ।
इति प्रियालापनिमीलिताक्षः[1] प्रेम्णानुभूतं निजमाजगाद ॥१६४॥

ताहा उप्रान्त हे प्रिये हे पद्मिनि हे चारुशीले हे सदा सौभाग्यवति भन्दै हर्षाले प्रकाशमान भयाका नेत्रकमलले नजर गरि प्रिय भावनापूर्वक दैवका करुणाले एस् पृथ्वीबिषेका राज्यैश्वर्य बढ्दै जावस् भन्या आशिषाले युक्त भयाका वचनले आफुले अनुभव गरि भुक्तमान गर्न्याका सुख दुःख संपूर्ण विस्तारकन हुकुम गर्दा भया ॥१६४॥

पाठान्तर- १. -प्रफुल्लिताक्षः,

CC-0. In Public Domain. Digitization by eGangotri

कौशल्येव धरापतेर्दशरथस्यारुन्धतीवद् वसि–
ष्ठस्यर्षेरिव जानकी रघुपतेर्मेनेव शैलेशितुः ।
स्वाहेव ज्वलनस्य शूलिन इव श्रीविष्णुभक्तिः प्रिया
देवी सा त्रिपुरेश्वरी रणबहादूरं व्यजिज्ञापयत्+ ॥१६५॥

ताहा उप्रांत राजा दशरथका कौशल्या रानी झैं ऋषीश्वर वसिष्ठका अरुन्धती देवी झैं श्रीरघुपति रामजीका सीता झैं पर्वतराज हिमालयका मेना देवी झैं अग्निका स्वाहा देवी झैं त्रिशूलधारी श्रीमहादेवका विष्णुभक्ति झैं श्री ५ स्वामि रणबहादुरका अतिपियारा भयाका पतिव्रता श्रीललितत्रिपुरसुन्दरी देवी जो छन. प्रीतिपूर्वक नम्रित भईन् र श्री ५ महाराजा योगेश्वर स्वामिज्यूका हजुरमा विति गर्दी भईन् ॥१६५॥

प्रातीच्यतत्त्वमितभूपगणान् विजित्य
प्राच्यैरनिर्जितभुवोऽपि हि साहदेव ।
काश्यां विहृत्य सफलीकृतमद्य जन्म
क्षात्रं नमो भगवतेऽमितविक्रमाय ॥ १६६ ॥

हे महाराजाधिराज अघिका राजाहरूले पनि जितन नसकियाका पश्चिम मुलुक तल्हौ रिसिङ् घिरिङ् सतौं पैजु भिर्कोट गह्रुं ढोर पर्वत नुवाकोट इस्मा लमजुन् कास्कि खाँचि जाजर्कोट उभुङ् मुसिकोट् अर्घा गलकोट् गुल्मी पाल्पा पीठान् दाङ् सल्यान् छिल्ली आदिका राजाहरू औ दुल्लु दैलेक सौंलगाईतकका (?) राजाहरूकन पनि पराजय गर्न्या यस्ता हे साहेब श्रीकाशीक्षेत्रमा पाउ लागि श्रीगङ्गास्नान गरि श्रीविश्वेश्वर श्रीढुंडिराज श्रीलोलार्क आदिका दर्शन स्पर्शन गर्नाले पनि क्षत्रियकुलमा जन्म पाइ साम्राज्यपदवीकन; साफल्य गरि फिर्नु भयाका अपार पराक्रम पायाका श्रीभगवान् हजूरका चरणकमलमा कोटि नमस्कार छ भनि श्रीललितत्रिपुरसुंदरी देवीले विति गर्दी भईन् ॥१६६॥

क्रोडीकृत्य सुतं ततो विरुरुचे गीर्वाणयुद्धं नृपं
श्रीस्वामी गिरिशो यथा गणपतिं प्रत्यर्थिदावानलः ।

+ वि पूर्वमा हुने 'ज्ञप ज्ञाने ज्ञापने च' धातुदेखि णिच्, ज्ञप धातु मित्‌भित्र पर्ने हुनाले ह्रस्व भई 'विज्ञपि' धातु बनेपछि लुङ्को प्रथम पुरुषको एकवचनमा ति, अनि अट् आगम, च्लिको ठाउँमा चङ् अनि णिको लोप, द्वित्व, हलादिशेष, सन्वद्भाव, इकारादेश भई 'व्यजिज्ञपत्' रूप बन्दछ । यस कारण 'व्यजिज्ञापयत्' यो रूप अशुद्ध हो ।

CC-0. In Public Domain. Digitization by eGangotri

मूलं निर्दहदेव❁ काण्डमविता पुष्पं फलं वृंहय–
न्नाहोस्विन्निकटे फलायिततरुर्दूरेण सन्तापदः ॥ १६७ ॥

जस्ता प्रकारले द्वैमातुर दुइ आमाका छोरा श्रीगणेशकन काँखमा राखि विराजमान हुँदा श्रीमहादेवको शोभा भयोथ्यो. तस्तै प्रकारले पार्वतीसरूप श्रीललितत्रिपुरसुन्दरी देवीका संनिधानमा श्री ५ गीर्वाणयुद्धविक्रम साहदेवकन काषमा ली विराजमान हुँदा श्रीरणबहादुर साह स्वामीज्यूका शोभा हुँदो भयो, कस्ता श्रीरणबहादुर स्वामी भन्या परोक्ष दुष्ट जन-रूपी वनखण्डको दावानल अग्नि जस्ता डढ्याला भयाका कस्ता प्रकारका अग्नि भन्या वनखण्डबिषे लाग्याका डढ्यालाले त जराकन बाँकि राषि हाँगा पात मात्र षान्छन्. रणबहादुर साहरूपी डढ्यालोले भन्या जराकन भस्म पारि डाँठ बाकि राषि पुष्पफल पत्रको बढाउन्या फेर टाढा पर्न्यालाइ संताप दिन्या नजीक पर्न्यालाई शीतलकन दिन्या भयाका यस्ता स्वामी रणबहादुर[1] समान अग्नि शोभायमान हुंदा भया ॥१६७॥

अर्ज्याल्नामकपन्थविष्टषडकाबस्न्यातथापाह्वयान्
पांडेइत्युपनामकानवितथव्यक्तार्थसंभाषिणः ।
गोरक्षाचलनायकस्य नृपतेः सन्नीतिनिर्णायकान्
राणाख्यानथ बोहरानपि समानाय्याकरोन्निर्णयम् ॥ १६८ ॥

ताहाँपछि श्रीगोर्षेश महाराजाका अघिदेषिन् नीति निसाफ निर्णय गर्नामा दरियाका जो भयाका निसाफकन कसैको षुसामति नगरि साफै व्यक्त गरि बोलन्या भयाका अर्ज्याल भया पंथ भया विष्ट भया षड्का भया बस्न्यात भया पाँडे भया. राणा भया बोहरा भया इत्यादि थर थोकिहरू बाटुला गरि निर्णय गर्दा भया. थर थोकिले निर्णय गर्न्यापछि कूट सचिवहरूका अद्भुत चरित्रको पाप फलकन निकाल्यो ॥१६८॥

ये केचिद् व्यभिचारिणः प्रकृतिषु स्वामिप्रवासं बहू–
कृत्वा मार्गनिरोधिनः प्रतिदिशं ये कूटसंचारिणः ।
एनोभिर्बहुजन्मजैः परिणता विण्मूत्रपूयाकुले
ते चासंस्कृततन्तुबद्धकटयोऽमज्जन् दुरन्तागसि ॥ १६९ ॥

श्री ५ स्वामी रणबहादूरका वनवास हुँदा षुसि हुन्या फेरि वनवासदेषिन् फर्कि आउनन् भन्या डरले बाट-घाट रोकन षोजन्या एस्ता व्यभिचारि कूट सचिव जो छन्. सो पूर्व-जन्मका पातकले कच्चा तुंबा झुन्डाई विशाल नदी तर्न्या झैं श्री ५ रणबहादुर साहका

पाठान्तर–१. स्वामिज्यूसरूपी

❁ यहाँ 'निर्दहन्नव' यस्तो हुनुपर्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

प्रतापरूपी नदी तरनु षोजन्या स्वामिद्रोहि जो छन् कपटरूपी कच्चा तुंबा फुटि मलमूत्र आदि कुह्याका अपवित्र दुर्गन्धको तरङ्गले व्याप्त भै छोपियाका नरककुण्डबिषे डुबिगया॥१६९॥

चक्रं निर्माय काष्ठोद्भवमथ बलवद् युग्ययन्त्रालिनद्धं
ग्रीवासज्जं बबन्ध प्रकृतिषु विधुरस्यात्यहो卐ऽरुन्तुदं यत् ।
यस्यैकस्यापि वाहद्विषत इव शिरोधौ हि निस्त्रिंशधारा–
पातप्रायं यथा स्यादहह रणबहादूरसाहप्रतीपात् ॥ १७० ॥

जो कोही भारादारकन महिषासुर भनि दोस्त्रो नाम थापिकन तस्को गलामा बाँधिदियाको काठका ठुला पांग्रा आलि बाँधिकन यंत्रले चुकुल ठोकीकन ताला कुंचि साह्रो गरिकन बांधि उठ्नु र सुतनु नहुन्या गरि बाँधिदिदा भया. जस्तै रांगाका गलामा छोडयाका षुंडाका चोटभन्दा पनि मर्म मर्मकन पीडा दिन्या एस्तो चक्रकन बोकेर महादुःख भोगको शासना पायोथ्यो ॥१७०॥

या काचित् पूतनाभा प्रकृतिषु विधुरा पानकौमारिकाख्या
काशीस्थं स्वामिराजं विजनमुपरटन्तं बहु मन्यमाना
सार्द्धं पुत्रेण वन्दीकृतनिजपरिष द्गर्दभं÷ वाहयाना
प्रालेयाद्रेः सुतेवोल्वणतप+अचरत्तद्गिरेः प्रस्थदेशे ॥ १७१ ॥

जो कोही पानकौमारी नाम भयाकी शिव साह चौतारांकी रानी थिन्. विषपूर्ण दुध पाल्पाकी पूतना नाम बोक्सीस्वरूप भयाकी सप्ताङ्ग राजकाजविषे निर्ऋतिनामान्तरक राक्षसीसमान भयाकी थीन्. सो योगेश्वर श्रीरणबहादूर स्वामीज्यूका काशीवास र दुर्गवनमा वास पायाका बढिया मानिन् र बाटघाट थुन्याका तेस्को पुत्र परिवार अमरसाही-समेत बन्धनमा राषी आफु गदाहामाथि सवारी भइन् र हिमालय पर्वतका पुत्री श्रीपार्वतीले गन्या झैं हिमालय पर्वतका शिखर हिरंबुनाम गाउका गुफामा तपस्या गर्न गइन् । श्रीस्वामिद्रोहको प्रभाव यस्तो रहेछ भनि जनायो ॥१७१॥

卐 'अहो' ओकार अन्त्यमा हुने निपात हुनाले 'ओत्' १।१।१५ [ओकार अन्त्यमा हुने निपात प्रगृह्यसंज्ञक हुन्छ] ले प्रगृह्यसंज्ञा भई सन्धि नहुने हुनाले 'अहोऽरुन्तुदं यो रूप अशुद्ध हो । यहाँ 'अहो अरुन्तुदं' यस्तो हुनुपर्छ ।

÷ 'गर्दभं वाहयाना' यो रूप अशुद्ध छ । यहाँ 'गर्दभेणोह्यमाना' यस्तो रूप प्रयोग गरिनुपर्छ ।

+ यहाँ 'तपोऽचरत्' यस्तो हुनुपर्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

यास्ताः शूर्पणखीकृता रणबहादूरेण दौवारिकाः
श्रीरामेण निशाचरीव सहसा चोत्कृत्त[1]नासाकचाः ।
मूर्ध्ना सर्जरसप्रदीपमदधात्स्वागोनुरूपं त्वरा
द्रोही शङ्खधरो नयोत्पथगतश्चेटीप्रपञ्चानुगः ॥१७२॥

जो अघि कह्याका अजयरेखा १ मातु २ भ्रमरकला ३ तुरकी ४ आदि सर्वारका द्वान्या केटीहरूकन श्रीरामज्यूले महाअपराधी राक्षसीकन नाक केश कटायेर शूपर्णखा तुल्याया झैं नाक केश काटिदिदा भया. स्वामिद्रोहका फल एस्तो रहेछ भनि जनायो. केटीहरूका प्रपंचले मान पायाका कोही केटा शंखधर नाम भयाकाले षाडलमा बसि आफ्ना टाउकामा षोताका महादीपकन धारण गर्य्यो. निसाप छोडेर केटीहरूका प्रपंचमा भूलन्याले तात्कालैमा एस्तो फल पायोभ्यो ॥१७२॥

एवं ये य उपद्रुता रणबहादूरं प्रति द्रोहिण–
स्ते सर्वेऽप्यभवन् द्रुतं ह्यतिथयो वैवस्वतस्यालये ।
इत्थं श्रीरणबाहदूरनृपतिः संमर्दयित्वा× द्विषो
भीमायादिशति स्म शाश्वतपदं प्रस्थापयन् काशिकान्[2] ॥ १७३ ॥

एसै प्रकारका श्रीस्वामि रणबहादूर साहबिषे कपट उपद्रव गर्न्या द्रोहिहरुले सहजै यमराजका घरको अतिथि हुन गया. कूट सचिवहरूका नामराशि ग्रन्थ विस्तार होला भन्नानिमित्त बहुधा लेखनुछोड्याको हो. श्रीस्वामीद्रोहि दुष्ट जनकन मर्दन गरिसक्यापछि श्रीस्वामिज्यूबाट भीमसेन थापालाई सदैं स्थिर रहन्या मुल कजाईको मानकन बकसदा भया. साथमा आयाका काशीवासि साधु सज्जन श्रीराधाकृष्ण प्रमुख कुल कुटुम्बलाई आदरपूर्वक मान–मर्यादासंग बिदा गरि प्रस्थान गराउंदा भया. चरणमा झुंडिआउन्या-हरूकन नानकनामा योगिहरूकन टुकुचांगणका समीपमा उपजा जगामा वास दीकन वृत्ता घर षेत दिया, अद्यापि बस्ती भया. षेतिपाति वृत्ता जागिर घर षेत बक्सिकन सुखसंग बसाल्दा भया ॥१७३॥

अद्यारभ्य मदंशमर्द्धमपि ते दत्तं मया सत्पदं
मद्धर्मार्द्धतनुर्मदीयचरणध्यानैकतानो यतः ।
श्रीगीर्वाणमहीपतेर्मम सुतस्याखण्डराष्ट्रेषु भो
मन्त्रिव्यूहशिरोमणिर्नृपहितस्त्वं भीमसेनः कृती ॥ १७४ ॥

पाठान्तर- १. संकृत्त– २. काशिजान्
× यहाँ 'संमदर्च' हुनुपर्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

मेरा चरणको टहल् गर्नामा सधैं एकतान भयाका मेरा अर्द्धांग शरीर भयाका पुत्ररत्न श्री ५ गीर्वाणयुद्धविक्रम साह महाराजाकन साम्राज्याभिषेक दियाका अखण्ड राज्यभरमा जांचदा सकल राजकाजमा धुरन्धर कुशल ठहरियाका श्री ५ महाराजाका हित गर्न्या एस्ता हे भीमसेन थापा आजदेखिन्, सत्पद भयाका मंत्रिवर्गमा शिरोमणी भयाका एस्ता मूल कजाई मानकन कैल्हे नषोसिन्या तलाई बक्स्यौं भनि श्रीयोगेश्वर स्वामिज्यूबाट हुकुं गर्दा भया ॥१७४॥

श्रीगीर्वाणमहीपतीन्द्रतिलकाल्लब्धप्रसादाधिकः
श्रीस्वामी रणबाहदूर* रघुपो लङ्कां यथा रक्षसे ।
कम्पूनामकसैन्यसंहतिमथो संव्यूहयित्वा× हठा-
दक्षौहिण्युपमां समर्पयति+ यत्तद्भीमसेनाय ह ॥ १७५ ॥

आफूले दियाका साम्राज्याभिषेक दि राष्याका राजामध्ये तिलक भयाका पुत्र श्री ५ गीर्वाणयुद्धविक्रम साहछेउ बक्साई सत्य प्रतिज्ञाकन पालन गर्न्या भयाका एस्ता श्रीस्वामि-सरूपी श्रीरामज्यूबाट विभीषणलाई लङ्काको अधिकार दिया झैं हर्षपूर्वक तत्कालैमा अक्षौहिणी सेनाका उपमा भयाका अघिकै नाना कवाइत व्यूह रचना गैह्र गुणले युक्त भयाका कंपूनामा सेनाको अधिपति सोही भीमसेन थापालाई बक्सदा भया ॥१७५॥

मुद्राणां पतनेनाऽसकृदसकृदभूद्धिंगुलानां महर्घ-
स्तत्तल्लेख्यानुकूलाक्षरततिलिखने कागदानां मषीणाम् ।
तत्तत्पत्रेषु मार्फत्समभिधलिखने खेदता÷ नास्य जाता
जीयान्मन्त्रीशथापाकुलमणिरनिशं भीमसेनो यशस्वी ॥ १७६ ॥

श्रीकाजी मूल देवान भीमसेन थापाबाट पनि विवेकपूर्वक मुलुकका बंदोबस्त बाँधनुहुँदा अधिक सवालमा छाप लाउनुपर्दा कागज पनि मसी पनि महंगा भैभया. कागदको इजारा एकहट्टी भैगया[२]. एस्ता प्रकारसंग भयाका सवालमा मोहर दशषतमा मार्फत

पाठान्तर– १. मोहरमा, २. मुलुकमा सिंग्रीप पनि दुर्ल्लभ भै गया. मोहर दशषत चिठ्ठि आदि लेषनुपर्दा कागज मसी पनि महंगा भै गया, कागदको एकठ्ठि भैगया,

* यहाँ 'रणबाहदूरो रघुपो' हुनुपर्छ ।

× 'सव्यूहयित्वा' यो रूप अशुद्ध छ । शुद्ध रूप 'संव्यूह्य' हुन्छ ।

+ यहाँ 'समर्पयति स्म' हुनुपर्छ ।

÷ यहाँ 'खिन्नता' हुनुपर्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

छाप हालनामा कत्ति पनि अलसी नमान्न्या गुणवंतनामा श्रेष्ठ छोरा अर्थात् जुन काजीका मार्फत परेन भन्या बेहोरनु कठिन छ भनि जान्नु. एस्ता मंत्री थापाकुलका रत्न[१] भयाका श्रीकाजी भीमसेन थापा तस्को चिरकालपर्यन्त जयजयकार रहोस् ॥१७६॥

न शास्त्रदृष्ट्या विदुषा नृपेण
वोल्लङ्घनीयाः कुलदेशधर्माः।
इत्येव विज्ञापकभीमसेनो
जीयाच्चिरं स्वामिहितो यशस्वी ॥ १७७॥

फेर श्री ५ महाराजासंग भीमसेन थापाले विनति गऱ्या.[२] हे यर्ताश्वर हे स्वामिन् हे महाराज हजूरका हित मन्त्री म जदि भजुं त सरम् थाम्नुहोला. क्या भन्या हजूरले[३] भयो वा पण्डितले भयो वा शास्त्रका बुझले कुलधर्म देशधर्मकन नाघ्नुछैन. कुलधर्ममा चलायाको धर्मशास्त्र हेरीकन पुगदैन. कुलधर्ममा लेष्याको देशधर्ममा पुगदैन. देशधर्मले र कुलधर्मले पुगन्या कुरो धर्मशास्त्रको अवलोकनले पुगदैन. तस्मात् कुलधर्मकन र देशधर्मकन थामिबक्स्याजावस्. आफ्ना २ रीतिमा. दुनिजाले चलोस. एति मेरा अर्जि माफ गऱ्याजाला भनि अर्जि गर्दा श्री ५ स्वामिज्यूका अंतःकरणले[४] महाहितकन मान्नुहुंदा एतिका यशस्वी भीमसेन थापा चिरकालपर्यन्त जय २ कारले रहोस् ॥ ७७॥

पूर्वं श्रीस्वामिना ये विलुठितमहसो लोपितार्चा महेशा
हारीतीशीतलाद्या दिगुतलितुलजाभैरवक्षेत्रपाद्याः।
ते सर्वे भीमसेनस्य हि सचिवमणेर्युक्तिनीतिप्रयोगात्
स्वां स्वामर्चामवापुर्नृपतिरणबहादूरवाक्याहितार्चाः ॥ १७८ ॥

अघिल्ला सालमा श्री ५ स्वामिज्यूबाट विरहशोकमा पूजालोप भै ध्वंसकन प्राप्त भैरह्याका कोहि मूर्तिसमेत देवल[५] पनि मथन गराया का महादेव भया हारीती भया शीतला भया दिगुतलि भया तुलजा भया भैरव भया क्षेत्रपाल आदि भया+ तनले

पाठान्तर- १. *मणि*, २ *फेर श्रीकाजी भीमसेन थापाले अर्जि गऱ्या*. ३. *महाराजले*, ४. *चित्तले*, ५. *गुठि*,

+ वि. सं. १८५६ मा कान्तिमतीको मृत्यु भएपछि शोकले विह्वल भएका रणबहादुरले कान्तिमतीको रोग-शान्तिको निमित्त अघि पूजा गरिएका देव-देवीहरूको अपमान गर्नु, बिगार्नु आदि गरेका थिए। तात्कालिक कागत वंशावलीमा पनि यसको उल्लेख पाइन्छ—

CC-0. In Public Domain. Digitization by eGangotri

अघिका भंदा पूजा मानकन र ढुंगाका माथि सुनाको मूर्तिसमेत मनोहर देवालयसमेत अघिका जगाहमाथि बढता षेत जगाहकन पाउदा भया. यतीश्वर श्री ५ स्वामिज्यूबाट भीमसेन थापा काजीका यत्न युक्तिले देवताहरूले पनि प्रतिष्ठाकन पाउदा भया ॥१७८॥

ये भूपाः शक्रकल्पाः[1] प्रमथितप्रतिपक्षा महोत्साहभाजो
येषां ज्ञानोत्तमानामपि सचिवकुलं सुप्रतिस्पर्द्धिजीवम् ।
तेप्याज्ञालेख्यभूमिं द्रुहिणनरपतेः श्रीहरिश्चन्द्रराजा❁
यद्वत्संसक्तकर्मावलिमिह न जहत्यत्र नो चित्रमेतत् ॥ १७९ ॥

देवराज इन्द्रका जस्तो ऐश्वर्य पराक्रमले युक्त भै संपूर्ण शत्रुकन जिति चक्रवर्ति साम्राज्य पदवी पाई जान्या बृहस्पतिबरोबर ज्ञानबुद्धिका मन्त्रीले सहित भयाका राजाहरू जो छन्. विवेकपूर्वक महाउत्सव गरि राज्य गऱ्या तपनि आषीर कर्मको भुक्तमान गरिगयाञ्या. ज्ञान गुण विवेक धर्ममा तारीफ गर्ना लायक भयाका श्रीहरिश्चन्द्र राजाले पनि कर्मले गर्दा महाकष्टकन पायाथ्या. एस्ता २ राजाहरूले पनि दैवका हुकुमरूपी कर्मको रेषाकन तरि नाघन सकेनन्. यो बडो चित्र लाग्छ ॥१७९॥

पाठान्तर- १. इन्द्रकल्याः,

"सम्वत् ९२० मि कार्तिकशुक्लचउथि षुन्हु श्रीकान्तिमती रानि क्षभा जुलो। श्रीहारति माजु स्यनकल. श्रीतलेजु स्यनकल. कर्णादि मुशान स्यनकल"

[मछिन्द्रबहालको शान्तिसफुवाट]

[ने.सं. ९२० (वि.सं. १८५६) कार्तिकशुक्लचतुर्थीका दिन श्रीकान्तिमती रानीको मृत्यु भयो। श्रीहारती माई ध्वस्त पारिइन्, श्रीतलेजु ध्वस्त पारिइन्,कर्णवीर मसान बिगारियो।]

"नेपाली संवत् ९२० कार्तिक शुदि ४ रोज का दिन श्रीस्वामिनी श्रीपशुपति आर्याघाटमा गंगालाभ हुनुभयो ··· ··· स्वामीज्यूबाट स्वामिनीका अंतकाल हुँदा चित्त अस्थिर भई भ्रमण गरिरहंदा समयमा नानातरहका कुकर्म्म गर्न लाग्या ··· ··· श्रीतलेजु भवानीकन उखेली अफाल्नु भनी हुकुम भयो. भादगाउँको वेताललाई पनि बंचरोले चिरी नरककुण्डमा हाली दिया. करवीर मसान विध्वंस गऱ्या. फेरि चोया माजुकन उखेली बिगारी फेक्न लाया. कुम्भेश्वरका लिंगमा नरक लेपन गरी पूजा बन्द गरिदिया."

(भाषावंशावलीबाट)

❁'राजाहस्सखिभ्यष्टच्' ५।४।९१ सूत्रले समासान्त टच् प्रत्यय हुने हुँदा 'हरिश्चन्द्रराजा' यो रूप अशुद्ध छ। शुद्ध रूप 'हरिश्चन्द्रराजः' हुन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

अब्धीनुल्लंघयन्ति प्रतिदिशमनुयान्त्यारुहन्त्यद्रिकूटान्+
कान्ताराण्याविशन्ति क्षितितलमनुगच्छन्ति कर्माणि नूनम् ।
पातालं चाविशन्त्यूर्मय इव पयसां प्राक्तनानां च येषां
यावद्भुक्तिर्न लोकाभ्यनुगमनविधौ मार्गरोद्धा न कश्चित् ॥ १८० ॥

कर्मका फल कसैले पनि मेटन सकन्या रहेनछन्. कसो भन्या कर्मले गर्दा मानिसकन समुद्रपार पनि पुऱ्याउँछ. आठौं दिशामा पनि घुमाउँछ. अतिउचा शिखर पर्वतकन पनि चढाउँछ. अतिदुर्गवनमा पनि घुमाउँछ. अस्ताचलको मानिस द्रव्यकन उदयाचलमा पुऱ्याउँछ. पातालमा पनि लैजान्छ. कर्मको फलरूपी तरंगकन छेकन कस्तै बुद्धिमान्ले पनि सक्तैन, जतिसुकै सीप् लाया पनि कर्मरूपी नदीका तरंग आफु सँगसँगै हिड्दछ ॥१८०॥

सा दीर्घा कर्मवल्ली सततमभिनवा या पुराणैः फलौघै-
र्व्याप्ता साश्चर्यरूपा सतनमनुगता देहिनां निश्चला च ।
या चाकृष्टोपविष्टा तदनु विघटितोत्पाटिता मोटिता वा
नैकैः पुण्यैः सुसूक्ष्मं कणश* अपि कृता नैव याति क्षयं या ॥१८१॥

फेर कसो भन्या कर्मरूपी लहरा जा छन्. सो पूर्वजन्मका फल दिनामा सँधै नजाँ झैं विस्तारपूर्वक फैलायाका छन्. संपूर्ण दुनियाँविषे संगसँगै हिड्दछन्. लहराकन अफाल्या पनि अफालीदैन, जिमीमा गाडया पनि कुहुदैन, सो लहराको आली भत्काई बोट ढाली जरा उषेली निमुठेर टुकरा पारि चूर्ण गऱ्या पनि धुलो नपर्न्या अनेक दान पुण्यले पनि नघटन्या यस्ता अक्षय कर्मरूपी लहरा कस्तै जुक्ति गऱ्या पनि नाश हुँदैन ॥१८१॥

कान्ते काये यदिन्दुर्वहति च मलिनं दोषविम्बं गरीयः
क्रुराकारो भुजङ्गः किरणसुजटिलं यन्मणिं कृष्णसर्पः ।
नानारूपैश्च किर्मीरचरितमनिशं भूभृतां दर्शयन्ती
सेयं चित्रक्रमालीपरिणतिबहुला कर्मनिर्माणरेखा ॥ १८२ ॥

दृष्टान्त पनि प्रत्यक्ष छ. अमृतले पूर्ण भयाका शीतलमूर्ति चंद्रमा आफ्ना विंबको कलंक छुटावन सक्तैनन्. विषमय भयाका छ तपनि कालसर्पले आफ्ना फणाविषे

+ यहाँ '-आरोहन्ति-' हुनुपर्छ ।
* यहाँ 'कणशोऽपि' यस्तो हुनुपर्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

उज्ज्वल तेज भयाका मणिकन धारणा गर्दछ. तस्तै अघि अघिका नल राजा नहुष राजा दिलीप राजा युधिष्ठिर राजा कर्ण इत्यादि प्रख्यात राजाहरूले पनि आफ्ना २ बल पुरुषार्थ छँदै नाना सङ्कष्टकन पायाथ्या. तसर्थ जो चित्र विचित्र फल परिआउँछ. पश्चात्कालबिषे सो सबै कर्मको लेहो भनि जान्नु ।।१८२।।

चित्रगुप्तविषयीकृतसारो धर्मराज★अभितः स्म रराज ।
भीमसेनविषयीकृतभारः स्वामिराज★अभितोऽपरराज ।।१८३।।

जीवात्मा प्राणिहरूका पुण्य पापको फल जाचनु काजकामकन चित्रगुप्तनामा कायस्थ भैयाकन सौंपि धर्मराजनामा यम सर्वत्र ज्या भयाका काजकाममा निर्द्वन्द्वसित बसिरह्या श्रीं श्री५मद्गीर्वाणयुद्धविक्रम साह पुत्रकन अभिषेक दियाका राज्यमा परिआयाका संपूर्ण भारकन काजी भीमसेन थापालाइ सौंपि स्वस्ति श्रीतुहिनगिरिवरा-सन्नभूमण्डलाखण्डलपरमनिर्गुणानन्दस्वामी रणबहादुर स्वामि जो छन्. समस्त विषय काजकाममा विरक्त भै वैकुण्ठबिषे[१] विराजमान हुनुभया ।।१८३।।

त्रिभुवनभुवनोदरेषु भावी फलति हि जन्तुषु कर्मणां विपाकः ।
क्व च नृपरणबाहदूरसाहः क्व च सहजाहितसेरबाहदूरः ।।१८४।।

सबै जीवात्मा प्राणिका हुनु भावि जो छ. सो तिन् त्रिभुवनरूपी घरका गर्भविषे अवश्यमेव हुन्छ. साक्षात् चक्रवर्ती सार्वभौम चौबीश राजा जितीकन् रहन्या श्री ५ रणबहादूर साह जस्ता यतीश्वर स्वामिज्यू सेरबहादूर जस्ता अहित गर्न्या तरबार छोड्न्या वैमातृक भाइ. त्रिभुवन नाम भयाको कोहि षबास केटो रहेछ. तस्ले बनायाको घरभित्र इनै दुवै भाइको भावी भै गयोथ्यो ।।१८४।।

स्नायी गाङ्गेषु वार्षु क्षितिपरणबहादूरसाहः सहाङ्गं
श्रीमद्गीर्वाणयुद्धं प्रकृतिषु सरले भीमसेनेऽर्पयित्वा ।
द्वन्द्वातीतं प्रपेदे पदममलमलं स्वाश्रयस्योपरिष्टात्
स्वाम्याज्ञां पालयित्वा जयति नृपहितो भीमसैनो यशस्वी ।।१८५।।

कूट सचिवहेरूका अपमानले र अतिपियारी रानीका विरहशोकको उदासले तीर्थाटन गरी श्रीकाशी विश्वेश्वरका दर्शन स्पर्शन गरी गंगास्नानका पुण्यले पवित्र आत्मा श्रीस्वामी रणबहादुर साह जो छन् सहाङ्ग राज्यसमेत स्वाम्यमात्यसुहृत्कोशराष्ट्रदुर्गबलकन

पाठान्तर- १. ब्रह्मविषे,
★ यहाँ 'धर्मराजोऽभितः' 'स्वामिराजोऽभितः' यस्तो हुनुपर्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ गीर्वाणयुद्धविक्रम साह राजाकन राजकाजमा धुरंधर' भयाका भीमसेन थापा काजीका आदरमा अर्पण गरि सुम्पेर आफु शीतोष्ण सुख दुःखले रहित भयाका अद्वैत पदवी मोक्षकन प्राप्त भया. पूर्वजन्मका भवितव्यताले आफु बस्याका डेराका अटालमा मुक्त हुँदा भया, श्री ५ स्वामिका हुकुम्बमोजीम मुलुकको भारकन रक्षक भै महाराजाका हित गर्न्या महायशस्वी भीमसेन थापाका जय २ कार चिरंजीवी होस् ॥१८५॥

राजा पाल्पीयो विदुर्साहसेर–
बाहादूर्साहोप्यमात्यो नृसिंहः ।
दाम्नैकेनानीतवन्तो ÷निषादै–
रुल्लूनास्ते कर्मणे वै नमोऽस्तु ॥ १८६ ॥

श्रीयतीश्वर स्वामिको र श्रीमहाराजको अहित गर्न्या प्रतीप भन्नु कूट सचिवहरूले आफुले गऱ्याका पाप पुण्यका अनुसारका फलकन भुक्तमान गऱ्याको कुराकन संक्षेपले कहन्छु. पाल्पाका पृथ्वीपालसेन नाम राजा वैमातृक भाइ सेरबहादूर साह विदुर साह चौतरा २ गुरुङ्ग काजी नर्सिह महाउल्लू ठहरिया. टाउको कटाइ कबंध तुल्याई दाम्लाले बांधि चण्डालहरूले आफालनु लैगयाका सबै दुनिआलाइ देषाया. एस्ता भवितव्यताकन प्रणाम छ. ॥१८६॥

श्रीस्वामिद्रोहिणो ये धरणिपपरिचर्याप्रतीपाः परोक्षा
उल्लूनास्ते विलुण्ठद्विभवपरिजनाः पुल्कशानीततीर्थाः ।
+आसुर्दात्यूहदाक्षाय्यवृकभषकगोमायुसंवाहिताङ्गाः
श्र्यब्देऽग्न्यङ्काष्टरूपे ह्यहह सुकृतिनो येऽवशिष्टाः कृतज्ञाः ॥ १८७ ॥

श्रीस्वामिज्यूका अनुग्रहले आर्जन गऱ्याका लाखौं दौलथ ऐश्वर्य सर्वस्वकन लुटाई परियार गैह कमारा कमारीसमेतकन कुजाति सार्कि नगार्चि पोढ्या इत्यादि च्यामाखरकलाई सौंपाई पुल्कश भन्नु चाण्डालजातिले विष्णुमतीतीर्थका पारि पुऱ्याई उल्लूना भन्नु शिर काटि कबंध तुल्यायाका शरीर जो छन्. मसानका गृध्र मसान कुकुर श्याल गैह चाकरले चाकरी गऱ्या झैं चारै तरफ घेरि हात पाउँ भुंडी आंद्रा गैह ज्या पायो त्यो घिसारि लैगिकन मासु खाई तृप्त भया. श्रीसंवत् १८६३ सालमा जो बाच्या. सो दुनियामा कृतज्ञ नूनको सोझो गर्न्या ठहरिया. अहो हो, स्वामिद्रोहफल र कूट सचिवको स्वभावफल एस्तो रहेछ भनि दृष्टांत तेहि सालमा प्रत्यक्ष देखियो. उसै दिन हिरंबुमा सवार पठाया ॥१८७॥

पाठान्तर—१. सोझो.

÷ यो वाक्यरचना अशुद्ध छ । + यहाँ 'आसन्' हुनुपर्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

राज्ञी श्रीराज्यलक्ष्मीः कटहरविपिनात्प्राक्क्रमित्वैव पूर्वं
दिष्ट्या लामागुरूणां परिचरणवशादक्षमालां जपन्ती ।
प्रालेयाद्रेः सुतेवोपरिगगनतलात्प्राक्क्रमित्वा हिरंबु-
स्थानादन्वग्ययौ श्रीपशुप[1]रणबहादूरमासप्तमाहात् ॥ १८८ ॥

उप्रान्त श्रीस्वामिज्यूका मूल प्रकृति कृताभिषेका महारानी श्रीराज्यलक्ष्मी देवी जो छन्. श्री ५ स्वामिज्यू रणबहादुर साह काशी पाउलागनुहुंदा कटहरवनसम्म पाउ रवाली भईन् र ताहांदेखिन् चेटीहरूका प्रपंचले कान्तिपुरका राजधानीमा फर्किन् र आफ्ना भवितव्यताका हुकुम्ले हिमालय पर्वतका शिखर हिरंबु स्थानमा पुगीन् र ताहांका लामा गुरुका परिचर्यालि तंत्र मंत्रका भेदज्ञानले कोही एक देवताका उपासना गर्दा अकारादि क्षकारान्तको अक्षमाला जप्न रहन्या भयाकी ति रानी हिमालय पर्वतका पुत्री पार्वती आकाशबाट आया झैं अकस्मात् हिरंबुदेखिन् फर्किन् र सात दिनका [2] बीचमा श्रीपशुपतिक्षेत्र आर्यघाटमा श्रीपशुपतिका औतार यतीश्वर स्वामि श्री ५ रणबहादूर साहका अनुगामिनी भईन् र सोलामा चढ्नुभइन् ॥१८८॥

गुल्मी जन्मस्थलं तत्पतिरपि जनकः क्षात्रधर्मेषु गण्यो
यस्या भर्ता च गोर्षापतिषु[2] परिवृढो मल्लजेतुश्च नप्ता ।
नाम्ना श्रीराज्यलक्ष्मीः कटहरविपिनं प्राप्य काशीमगत्वा
अन्वारोहच्चितां श्रीक्षितिपरणबहादूरमासप्तमाहात् ॥ १८९ ॥

जौना रानीका जन्मस्थल भन्या पश्चिम दिशाका गुल्मी नाम भयाका पर्वत राजधानी क्षात्र धर्ममा अग्रगण्य भयाका तेसै राजधानी गुल्मीका राजा जस्ता पिता पाणिग्रहण गर्न्या भन्या चौबीश राजाका राजत्वकन जितिलिन्या महात्मा श्री ५ रणबहादूर साह जस्ता भर्ता नेपालका मल्ल राजाहरूकन जितिन्या श्री ५ पृथ्वीनारायण साहका नाती जत्रा आफ्ना नाम भन्या लक्षणले शुद्ध भयाका श्रीराज्यलक्ष्मी एस्ता देवी जो थिया. सो श्री ५ स्वामि रणबहादूरबाट काशीवास हुँदा कटहरवनमा पाउरवाली हुँदी कोहि सखीजनका प्रपंचले काशी नपुगी ताहादेखि फर्किन् र कांतिपुर राजधानी पुगी पुत्र श्रीमहाराजा गीर्वाणयुद्धविक्रम साहका लालन पालना गर्दी रह्याकी जो देवी

पाठान्तर-१. श्रीनृपति- २. गोर्षापतिनृपति जयी,

[2] यहाँ रणबहादुर मारिएका सातौं दिनमा राजराजेश्वरी हेलम्बुबाट आइपुगी सती गइन् भनी लेखिएको छ । तात्कालिक लेखमा नवौं दिनमा सती गइन् भनी लेखिएको छ । (परिशिष्ट 'ग' मा सो लेख हेर्नु होस्)

CC-0. In Public Domain. Digitization by eGangotri

छन् . सो दैव विमुख हुनाले श्रीस्वामिराज कांतिपुर राजधानीमा प्रवेश गर्दै मात्र वियोगकन पाई हिरंबुस्थलमा तप गर्न जानुपऱ्यो. सोही देवी श्रीस्वामिराज मुक्त भयापछि हिरंबुदेखिन् आइन् र आर्यातीर्थमा सात दिनमा सोलाको अन्वारोहण गर्दी भइन् ॥१८९॥

इत्थं श्रीरणबाहदूरचरितं संक्षिप्य संवर्णितं
ये शृण्वन्त्यवधारयन्ति मनसा गोरक्षभूपाद्भुतम् ।
तेषां विग्रहप्रत्यवायजनितं लोकेषु संशाम्यते
श्रीरत्नत्रयसंभवं सुखकरं ज्ञानं धनं जायते ॥ १९० ॥

एसै प्रकारसंग संक्षेपले वर्णन गऱ्याका श्रीरणबहादूरका चरित्रकन जस्ले सुन्ला, चित्तले स्मरण गर्ला उनीहरूका कलह विघ्न भयाका वचन लोकमा शान्ति भै जान्छन्. सुखकर ज्ञान सुखकर धन श्रीरत्नत्रयबाट बढ्दै जाला ॥१९०॥

इति प्रथमं प्रकृतिरत्नम्

श्रीगणेशाय नमः ॥

नूवाकोटविहारिणाथ मृगयालुब्धेन तुष्टेन वै
सर्वं भीममयं जगत्कृतवता गीर्वाणयुद्धेन या ।
वीराणामपि भीतिदा जनरलेत्याख्या कृता तस्य या
सा प्रत्यग्रमजागरीत्क्षितितले प्रत्येकतेजःप्रदा ॥ १९१ ॥

ताहाँपछि श्रीमद्गीर्वाणद्धविक्रम साह महाराजा जो छन्, शरद् ऋतु घाम तापनु र श्रीदेवीघाटमा जलक्रीडा सिकाउनु माछा इत्यादि मृगको सिकार गर्नु भनि नुवाकोटमा पैले आरंभको प्रस्थान् गरि जाँदा भया. ताहा नूवाकोटमा राज गर्नु हुदा सबै राज-काजको भार अषतियार भीमसेन थापा काजीकन श्रीस्वामिज्यूका हुकुम्बमोजीम् गर्दा सबै काज काममा जयशब्दकन पाउदा सोसमहल रंगमहल आदि विचित्र देवालय आदि धर्मशाला बनाई नाना औषधि जातिका फलफूलका बोट रोपि विस्तार बगैचा जमाई जंगलमा मंगल जगाहकन बनाउँदा सर्वं भीममयं जगत् भनि हुकुम् गरिकन श्रीगीर्वाण-युद्धविक्रम साह महाराजाबाट अघि बुबाज्यूले बक्स्याका कजाइ मानमाथि वीर वैरिहरूकन

CC-0. In Public Domain. Digitization by eGangotri

भनि महाभय जमाउन्या जनरल भनि चार अक्षरको नामकन थपि महासंतुष्ट हर्ष चित्त भै जनरल काजी भीमसेन थापा भनिकन श्रीपञ्चले युक्त गरि बोलाउंदा भया. सोहि जनरल नाम प्रत्येक गरि दुनिजालाई विवेकपूर्वक आफ्ना मर्यादा देशाचार कुलाचारको निशाफ गरि तेज बढाउन्या सप्तांग राज्यमा जाग्रत भै प्रख्यात भयाका छन् ॥१९२॥

श्रीपृथ्विनारायणसाहदेवनप्त्रात्मजो दाशरथिः स्म येन ।
अभूतपूर्वो निरमायि सेतुर्भीमानुमत्याऽर्पितसिंहकेतुः ॥ १९२ ॥

केहि महिना नुवाकोट बसि जंगलको मंगल बढाउंदै कांतिपुरमा फर्काउदा भया. ताहापछि जनरल काजी भीमसेन थापाका अनुमतले श्रीबुढा महाराजा पृथ्वीनारायण साहका पनाती भै पैदा भयाका श्री ५ निर्वाणयुद्धविक्रम साहरूपी रामजीबाट अपूर्व नल्सँग चारै दिशाका षोलामा सिंहकेतु राषीकन सेतु बाँधि पूल बनाउंदा भया ॥१९३॥

यत्सिंहकेतोर्विवृतास्यकूटं विलोक्य पारस्थहनूमतापि ।
तृप्त्यै दधिक्षीरघृतेक्षुशाकान्युपाजिहीते स्म क्रयिकच्छलेन ॥ १९३ ॥

जोना सिंहकेतुका जमाईयाका मुखरूपी गुफाकन देषेर पारिका हनूमान्केतुले सिंहलाइ भोक लाग्यो भन्या अभिप्रायले संतोष गराउनानिमित्त बटोहिले व्यापार गर्नाकन ल्यायाको घिय दुध दहि उषु आदि शाकपातहरू पुऱ्याइदियाको हो भन्न्या अभिप्राय देषायाको हो ॥१९३॥

हनूमतोऽपीप्सितमाकलय्य यूपस्थसिंहः करमुन्नमय्य ।
कृतार्थतां वेदयतीव तस्य सिंहो हनूमानपि पान्थमव्यात् ॥१९४॥

मलाइ सौगात हनूमान्ले पठाईदियाको हो. मकन कृतार्थ भजां भन्या झैं गरि सिंहकेतुले पनि हात उचालेर हनूमान्लाइ धन्य २ म अतिपियारो रह्याछु भन्या अभिप्रायले हात उचाल्याको हो भनि कविका चमत्कार हो. एस प्रकारले चित्त मिलिरहन्या वारिपारिका सिंह र हनूमान्ले पथिक जनकन रक्षा गरून्. अर्थात् महाराजाका उज्ज्वल प्रतापले रात्‌बिरात् हिडन्यालाई दुष्ट जनका भय लाग्दैन भनि जान्नु ॥१९४॥

यहाँ वाक्यरचना अशुद्ध छ। यहाँ 'हनूमान् दधिक्षीरघृतेक्षुशाकान्युपाजिहीते' यस्तो हुनुपर्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

यत्सिंहकेतोर्मुखगोपुराद्वै कपोतपारावतसारिकादीन् ।
मेरुः स्वकूटादिव खेचरौघानमूमुचद्भूपनिबद्धयूपः ॥१६५॥

श्रीमद्गीर्वाणयुद्धविक्रम साह महाराजाबाट जनरल काजी भीमसेन थापाका अनुमतिले थाप्याका यूपमाथिका सुवर्ण सिंहकेतुको मुखरूपी ढोकादेखिन् पसेर गर्भमा गुण पारिकन बस्याका चराचरीहरू कपोत भया परेवा भया सारौं भया मैना भया भंगेरा इत्यादि पंक्षिहरू सुमेरुपर्वतशिखरदेखिन् आकाशगामी ग्रहगण उडि गया झैं सुवर्णका घरभित्र वास पायाका महाहर्षले उड्दै जाँदै आउदै गर्याका असंख्यात पंछि भाग्यमानी थिया ॥१६५॥

गीर्वाणयुद्धाधिपदत्तपूजं श्रीस्वामिगञ्जं रमणीयकुञ्जम् ।
तीरप्रतीरे सरितां वरायाः प्रक्षिप्तगुल्मद्रुमभूरिबीजम् ॥१६६॥

फेर नदीबिषे श्रेष्ठ भयाका वाग्मतीका वारिपारिका तीरभूमिमा धर्मशाला सत्रागार मण्डप आदि मनोरम कुंजगृह बनाउदा श्री ५ गीर्वाणयुद्धविक्रम साह महाराजबाट सत्कारपूर्वक दातव्य सदावर्तिका गुठि राख्याका श्रीस्वामिगंजनामा जो जगाह थियो. नानाप्रकारका वृक्षको र लहरा पात फलफूलका बिरुवा लायाका हुनाले चमत्कारका मनोहर बगैंचाले अतिरास्रो स्थल जमायो. गुठि भन्याका एस्तै हुन्छ. स्वदत्तां परदत्तां वा यो हरेत्सुरविप्रयोः । षष्टिवर्षसहस्त्राणि विष्टायां जायते कृमिः ॥१६६॥

जनाश्रयैश्चारुतरैः सुरम्यं बालाबलावृद्धजनैकगम्यम् ।
विशालवातायनशालहर्म्यं वितर्दिनिर्यूहविसृष्टनीडम् ॥१६७॥

बाल भया केटाकेटीहरू, अबला भया बुढी स्वास्नीहरू, वृद्ध भया ८० । ९० वर्षका बुढाहरू, इनहरूले पनि रात-बिरात हिंडनु डुलनु सजिलो भयाका बाटामा पाटी फलैचाले बसनु लायक भयाका घरमा ठूला साना भ्याल बनायाका हुनाले शीतल बतास लाग्याका विशाल घरका दलिङका धोपामा प्रत्येक गरि चराचरीले गुण् पारि राख्याका एस्ता प्रकारका विशाल घर पनि बन्यो. विशालनामा घरको लक्षण वैरोचननामा गृहलक्षणसमुच्चय ग्रन्थमा विश्वकर्माले कह्याको छ ॥१६७॥

कपोतपालीपरिशुद्धगोपानसीविचित्रीकृतपुत्तलीकम् ।
प्रवासिभिर्लंघ्यसदावृतीकं स्थेयात्तदाभूमिकमव्यलीकम् ॥१६८॥

फेर परेवाहरूलाई बास दिनाकन झुंडाइदियाका पिंजरा झुंडाइराख्याको गोपानसी भन्नु मुसिमनिका बांगा काठमा चित्र विचित्र मूर्तिकन कर्मिले बनायाका पुतली टाकि-

---

* यो रूप चिन्त्य छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

राष्याका पुतलीमहल्ले मनोरम भयाका फेर अतीत अभ्यागत प्रभति दान जनकन सदावर्त सिवा चलायाका हुनाले दुनिआले पनि संतोष पायाका श्रीस्वामीगजनामा जगाहले सहित भयाका पुलकन पृथ्वी आप तेज वायु आकाशका नाम जहाँसम्म चल्छ. तहाँसंम प्रतिष्ठा भै स्थिर रहोस् ॥१९८॥

इत्येवमासादयदास+ भूपो गीर्वाणयुद्धो नृपमण्डलीशः।
स शीतलाचारनिदर्शनेन शुद्धान्तचोरी बिभराम्बभूव× ॥१९९॥

एसै प्रकारसँग महल मण्डप धर्मशाला सत्रागार नाना फल फूलका वारि भयाका बगैंचा सेतुबंध पुलकन चारैतरफ बनाउदा भयाका नृपमण्डलीका अधिपति श्री ५ महगीर्वाणयुद्धविक्रम साह महाराजा जो छन्. शीतलाका उपसर्ग बिफरकन दुनियाँमा लाग्दा काही पनि सवारि पाउ नलागीकन. अंतःपुर सर्कारैमात्र राज गरिकन राज-काजको भारकन भित्रैभित्र अंतःपुरैमा पुग्याउंदा भया ॥ १९९॥

पतङ्गमुल्लोचयदास+ भूपो गीर्वाणयुद्धः स च भीमसेनः।
स्वतन्तुना कल्कविलेपितेन पौरं पतङ्गं गगनाद् बबाधे ॥२००॥

अंतःपुरका श्रीजनरल काजी भीमसेन थापासंगसंगै राज भैकन चंगा उडाउन्या उद्योग गर्नुहुंदा माझाले लिप्याका तंतुले गरि आकाशमा उडायाका कोहि दुनियाँका चंगाकन बोसिलिदा भया ॥२००॥

स भीमसेनेन कृतादरेण पौरं पतङ्गाहृतिलुप्तधैर्यम्।
विनोदयन् दत्तधनः स्वगेहं प्रस्थापयामास नृपः स धन्यः ॥२०१॥

आकाशबाट चंगा बोसिलिदा आतुर भै डर लाग्याको दुनियाँ बालककन लिन पठाएर जनरल काजी भीमसेन थापाबाट रिझाएर ढेरै रुपैयाँ बक्सीस् गरि भावि ज्यादा हुंदा दारिद्रयकन नाश गराई विदा गरि घर पुन्याइदिदा भया श्री ५ गीर्वाण-युद्धविक्रम साह धन्य २ रह्याछन् ॥२०१॥

श्रीमद्गीर्वाणयुद्धाच्च्युतकरकमलोल्लोचयन् सत्पतङ्गो
विष्णोर्नाभीसरोजोद्भव इव परमेष्ट्यन्तरीक्षे विरेजे।

+ यहाँ 'उगिदचां सर्वनामस्थानेऽधातोः' ७।१।७० ले नुम् आगम हुने हुनाले 'आसादयन्नास', 'उल्लोचयन्नास' हुनुपर्छ।

× यहाँ 'बिभराम्बभूव' को कर्म नै प्रयोग गरिएको छैन। यहाँ 'स राज्यं बिभ-राम्बभूव' यस्तो हुनुपर्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

स्थित्वा तुल्जालये श्रीतलिजुसमभिधे भीमसेनेन सार्द्धं
थापारत्नेन तन्तुग्रहणपटुधिया लक्षदृष्ट्या निपीतः ।। २०२ ।।

श्री ५ महगीर्वाणयुद्धविक्रम साह महाराजरूपी परं ब्रह्म श्रीनारायणज्यूका हस्त-कमलले अकाशमा उडायाका विचित्र फल्मायाका चंगा साक्षात् शेषशय्या गरि योग-निद्रामा रहनुभयाका विष्णुका नाभिकमलदेखिन् उत्पन्न भयाका परमेष्ठी चतुर्मुख ब्रह्मा शोभायमान भया झैं श्रीतुलजाका आलय तलिज्यूका देवल्मा राज गरि जनरल काजी भीमसेन थापाले तंतु समायी खेलायाका दंगा लाखौं आदमीका आषाले देषते शोभा हुंथ्यो ॥२०२॥

श्रीमद्गीर्वाणयुद्धाग्रिमनृपतियशःक्षीरधौ कोटनामा
डिण्डीरः प्रादुरासीद्धनुमत* अनुभावाद् यथा भीमयत्नात् ।
मैनाकः पत्तरत्नापर इव धरणीपालमल्लप्रतीपाद्
ध्वंसीभूतः पुरा श्रीनृपतिरणबहादूरजः स स्म धन्यः ॥ २०३ ॥

श्री ५ महगीर्वाणयुद्धविक्रम साह महाराजाका कीर्तिरूपी क्षीरसमुद्रको फिज जस्तो सपेत भयाका कोटनामा मजाक देवल अतिसुंदर महल उदय भयाको प्रत्यक्ष सबै दुनियाँले देषियो. कस्तो भन्या पूर्वकालबिषे देवराज इंद्रका वज्रबाणले प्वाँष काटन नपावस् भन्नानिमित्तले क्षीरसमुद्रमा लुकन पस्याको मैनाकनामा पर्वत श्रीरामावतारमा महामाया सीताकन लंकामा लिन जांदा श्रीहनूमान्को प्रभावले समुद्रदेषिन् निस्क्या जस्तो गरि अघीका मल्ल राजाहरूका रत्न भैकन व्यभिचारले ध्वंस भयाका मजादेवल जो छ. हनूमान्सरूप जनरल काजी भीमसेन थापा धन्य २ छन् ॥२०३॥

श्रीगीर्वाणमहीपतिर्जनरलः श्रीभीमसेनश्च तौ
जाग्रत्स्वप्नसुषुप्तिषु प्रतिपदं प्रीतौ जरत्कारुवत् ।
श्रीराजेन्द्रमहीपतिं स्वतनुजं विन्यस्य तस्यादरे
शक्रं जेतुमियादमर्त्यभवनं यच्छीतलानोदितः ॥ २०४ ॥

स्वस्ति श्री ५ महगीर्वाणयुद्धविक्रम साह महाराजाबाट जनरल काजी भीमसेन थापा जतिको जागर्तमा स्वप्नामा सुषुप्तिमा पनि प्यारो हित पात्र अरू कोहि छैन. कस्तो भन्या भारतमा कह्याका कोहि गृहस्थ गृहस्थी जरत्कारुको र जरत्कारुनामा बुई स्त्री पुरुषको झैं प्रीति प्रसन्नता हित चित्तकन राख्या महाराजा श्री ५ गीर्वाणयुद्धविक्रम साह

---

* यहाँ 'हनूमतोऽनुभावाद्' यस्तो हुनुपर्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

महाराजा जो छन्. आफ्ना औरस पुत्र श्रीपञ्चराजेन्द्रविक्रम साह युवराजकन श्रीस्वामि राजाले आफुलाई बक्स्या जस्तो गरि तनै जनरल काजी भीमसेन थापाका आदरभावमा बक्सीकन आफु शीतलाका अपचारले देवराज इन्द्रकन जितुंला र शीतोष्ण सुख दुःखले रहित भयाका अद्वैत पद मोक्षकन पाउ भन्ना मनसुव गरि स्वर्ग हुन गया.[1] भवसागरका प्रपंच स्वभावकन मेटन् कसैले पनि॰ सक्तैनन् भनि भाविनी कर्मरेखा अघि लेखीसकियो ॥२०४॥

श्रीमद्गीर्वाणयुद्धक्षितिपपरिवृढादन्तरा लब्धराज्यः
सम्राडाविर्बभूव क्षितिपतितिलको राजराजेन्द्रसाहः ।
शाकेऽग्न्यद्र्यष्टरूपे पशुपतिचरणोद्धूतधूलीवितानै
रल्लैर्मल्लैः प्रतिष्ठीकृतनृपसदने वैजयन्तीं चकार ॥ २०५ ॥

ताहाउप्रांत श्रीपञ्चमद्गीर्वाणयुद्धविक्रम साह महाराजाका औरस पुत्र श्रीराजराजेन्द्र-विक्रम साह महाराजा राजाहरूका तिलक चक्रवर्ती हुंदा भया. संवत् १८७३ सालमा तनै महाराजाले अघि २ बितिगयाका ३ सहरमा तिनौटा राजा थिये र आपंतमा नमिलि तर्कातर्क गरि रल्ल भै डाकु दिन्या मल्ल राजाहरूले प्रतिष्ठा गरिराष्याका पुराण राजकुल हनुमान्ढोका गैह्र जीर्णोद्धार गरि+ नया बनाइकन देवराज इंद्रका अमरावतीमा वैजयन्त देवल जस्तो दिव्य मनोहर बनाईकन कांतिपुर गैह्र मुलुककन उज्याला गर्नुभया छन् ॥२०५॥

कृष्णं यशोदेव ररक्ष येयं राजेन्द्रसाहं क्षितिपालरत्नम् ।
सेयं त्रिवर्गप्रकृतिः सुधन्या ललितत्रिपुरसुन्दरिका स्म रेजे ॥ २०६ ॥

एसै प्रकार राजमंडलका हिरा भयाका श्री ५ राजेन्द्रविक्रम साह महाराजाकन श्री ५ ललितत्रिपुरसुन्दरी महारानीबाट यशोदाले श्रीकृष्णकन रक्षा गऱ्या झै गरि रक्षा गर्थिन्. तिन् पुस्ताका महाराजा श्री ५ रणबहादुर साह १ श्रीगीर्वाणयुद्धविक्रम साह २ श्रीराजेन्द्रविक्रम साह ३ तिन् पुस्ताका वर्गप्रकृति राज्यका लक्ष्मी भयाका श्रीमहारानी सदा सौभाग्यवती धन्य २ रह्याछन् ॥२०६॥

धन्या श्रीशुभवर्णपुष्कलतया स्वर्गावतीर्णा शची
देवीव त्रिपुरेश्वरी वसुमती देवी वरीवर्ति सा ।

पाठान्तर—१. इंद्रलोकमा प्रस्थान गर्दा भया.,

+ यो कुरा तात्कालिक अभिलेखबाट पनि बुझिन्छ । परिशिष्ट 'ग' मा दिइएको वि. सं. १८८२ को अभिलेख हेर्नुहोस् ।

CC-0. In Public Domain. Digitization by eGangotri

सेयं श्रीत्रिपुरेश्वरं रणबहादूरप्रकृत्याऽऽरभत्↗
तीर्थे पुण्यतमे सनिष्कुटमहाप्रासादसत्रालयम् ॥ २०७ ॥

यतीश्वर श्रीरणबहादुर स्वामिज्यूका कृतज्ञता भै हित गन्याका फलले जाज्वल्यमान सौभाग्य तेज बढचाका पूर्ण लक्षणले शर्वा देवीरूप भयाका श्रीमल्ललितत्रिपुरसुन्दरी जगन्माता महारानीबाट श्री ५ मतपरमनिर्गुणानन्द स्वामिज्यूका प्रकृतिस्वरूपले शिवस्थापना गरि देवालय चौघरा निःकुट भन्नु घरभित्रका बगैचा गैह्र कीर्तिवन कालमोचन तीर्थ टुकुचासगममा श्रद्धापूर्वक आरंभ गर्दी भईन् ॥२०७॥

हाहाहूहुपुरोगमाश्च वसवः काष्ठार्धपाश्चेष्टदा
विश्वेदेवपुरोगमाश्च तुषिता आभास्वराः सानिलाः ।
सर्वे दस्रपुरोगमाश्च सह तैः श्रीविश्वकर्माऽचिरा-
च्छ्रीमत्स्वाम्युपवेशनार्थमगमत् प्रासादसंसिद्धये ॥ २०८ ॥

श्रीकाशी विश्वेश्वरका सायुज्य मुक्ति पाउनाले शिवमय भयाका श्री ५ मत् रणबहादूर साह परमनिर्गुणानन्द स्वामीरूपी श्री ५ त्रिपुरेश्वरका देवालय बनाउँदा श्रीशिवज्यू सन्तोष गर्ननिमित्त मनुष्यको भेष गरि स्वर्ग भुवनका मंगलोत्साह गर्न्या हाहा हूहू प्रभृति दिव्यगायन भया. फेर विद्याधर भया. ध्रुव भया. सोम आप अनिल अनल प्रत्यूष प्रभास नाउ भयाका अष्ट वसु भया. देवराज इन्द्र प्रमुख अष्ट दिक्पाल भया. विश्वेदेवता तुषिता देवता आभास्वरा देवता अनिलनाम भयाका वायुदेवता दस्र नाम देवता स्वर्गवैद्य भया इत्यादि देवतावर्गले पनि गुहार दिदा विश्वकर्मा देवकर्मिले सहजैमा तत्काल बहुत सुंदर गरि शिवालय चौघरासमेत बगैंचा सिद्धचाउंदा भया ॥२०८॥

एवं श्रीत्रिपुरेश्वरी भगवती +निर्मापयित्वादराद्
देवागारमुपस्करेण सहितं घण्टात्रिशूलादिभिः ।
तीर्थं कालविमोचनाभिधमधि प्रप्यार्पयच्छूलिने
ख्यातोऽस्तु त्रिपुरेश्वरोऽयमवनौ दुर्भिक्षकष्टादिहा ॥ २०९ ॥

↗ 'रभ' धातु आत्मनेपदी हुँदा 'आरभत्' यो रूप अशुद्ध हो। शुद्ध रूप 'आरभत' हुन्छ।

+ यहाँ क्त्वाका ठाउँमा ल्यप् हुने हुँदा 'निर्मापयित्वा' यो रूप अशुद्ध छ। शुद्ध रूप 'निर्माप्य' हुन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

एस्ता प्रकारसंग श्रद्धा राषि त्रिपुरेश्वरनामा शिवालय देवालय सिद्ध गरि सुवर्णका छानाले शोभा दियाको सुवर्णचूडामणि घण्टाका गजुरी हाली ठाउ २ मा घण्टिका माला गैह्र झुंडाई दिक् दिशामा गणदेवता गैह्र स्थापना गरि जगा २ मा ठुला घण्टा त्रिशूल गैह्र चह्राई रुद्राक्षमाला सर्वतोभद्र वितान लगाई घरभित्रको निष्कुट उद्यान उपवनसमेत साङ्गोपाङ्ग सिद्धचाई उपस्कर भन्नु डेरा गरी बस्न्याहरूलाई चाहिन्वा आगो पानी चुल्हो अध्यान् दियो कुचो जातो नाङला ढेकी मुसल षान्या पिन्या वस्तु सरोजाम सदावर्त्तसमेत घिय दाउरा हांडिसमेत् पोषत गरि गुठि बातव्य संकल्प गरि साक्षात् भगवती जगदंबा श्रीमल्ललितत्रिपुरसुन्दरी देवी जो छन् श्रीमत्त्रिपुरेश्वर शिवजीकन अर्पण गर्दि भईन्। एस्ता प्रकारका त्रिपुरेश्वर जाग्रत भैकन संसारका दुर्भिक्ष अनिकाल आदि संकष्ट हरण गर्न्या भै श्रीत्रिपुरेश्वरको कीर्ति स्थिर भैरहोस्× ॥२०६॥

× ललितत्रिपुरसुन्दरीद्वारा भीमसेन थापा र रङ्गनाथको प्रबन्धबाट वि. सं. १८७४ देखि ७७ सम्ममा यो त्रिपुरेश्वर-मन्दिर बनाइएको हो। यसको वर्णन लेखाई एउटा स्तम्भाभिलेख पनि त्यहाँ राख्न लाइएको छ। (परिशिष्ट 'ग' मा सो अभिलेख दिइएको छ)

फेरि वि. सं. १८७६ मा सो मन्दिरका छाना आदिमा सुनको जलप लाएको उल्लेख तात्कालिक कागतमा पाइन्छ—

"सम्वत—१८७६—साल

श्रीबडामहारानिबाट श्रीत्रिपुरेश्वर महादेवका देवालयको माझको छानामा तावाको छाना बनाई पातामा राग लाई नागोल गोगल कुंघाल कुंपा चरा दिगपताक ह्युतल गैह्रमा सुनले जलप सारि चह्राउनुभयाको सायेतको मिति फागुन सुदि ५ रोज १

वासीलवाकि

जमा नगदी रु. —			१५९९९
असामी—	मोहर	पैसा	जमा
तोसाषानाको—	१२९९९	३०००	१५९९९
			१५५०३॥=॥ १
षर्च—			
सुनमोल—	१२५३४॥०॥॥१		
कालिगढको ज्याला—	०	२८८६=॥२	
फुटकर षर्च—	०	२४॥॥=॥	
कालिगढको सिधाको ज्याला—	०	५८=।२	"

['संशोधन-मण्डल' को संग्रहमा रहेको कागतबाट]

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीदेव्युवाच। पुराणान्तरे

ध्यायेन्नित्यं महेशं रजतगिरिनिभं चारुचन्द्रावतंसं
रत्नाकल्पोज्ज्वलाङ्गं परशुमृगवराभीतिहस्तं प्रसन्नम्।
पद्मासीनं समन्तात्स्तुतममरगणैर्व्याघ्रकृत्तिं वसानं
विश्वाद्यं विश्ववन्द्यं निखिलभयहरं पञ्चवक्त्रं त्रिनेत्रम् ॥२१०॥

एस्ता श्रीत्रिपुरेश्वरकन म ध्यान गर्छु. कस्ता भन्या रूप्य पर्वत जस्तो सेता भयाका चंद्रचूड भयाका रत्नका आभरणले उज्ज्वल शरीर भयाका परशु मृग वर अभय हातले धारणा गर्न्या सदाकालै प्रसन्न हुन्या पद्मग[1] ासन गरिरहन्या देववर्गले सधै स्तुति गरिराख्याका बाघको छाला वर्न्या सकल संसारका जेठो भयाका संसारका वन्दनीय भयाका संपूर्ण भयकन हर्न्या पंचवक्त्रमा त्रिनेत्र भयाका ॥२१०॥

कीटैर्जुष्टममेध्यभूपरिगतं वस्त्राञ्चलस्पर्शि यत्
पर्युष्टं÷ गणरात्रमागमनिषिद्धं पुष्पमप्यर्पितम्।
नो जाने भवदीयसेवनविधिं प्रामादिकं केवलं
भूयस्त्वेन कृपालुना भगवता क्षन्तव्यमागो मम ॥ २११ ॥

हे ऐश्वर्य दिन्या हं प्रभो हे त्रिपुरेश्वर मैले तिम्रा पूजा गर्दामा कांढ्या बिभ्याका अपवित्र दोष लाग्याका अविहित पुष्पले माकुराले जाल फिजिराष्याका किराले टोक्याका ननिका भूमिमा खस्याका टिपि ल्यायाका आफैले लायाका लुगामा पोका पारि ल्यायाका ढेरै दिनका बासि रह्याका पुष्पहरू मैले चढायाको जदि भया ता ढेरै कृपाकन राखि यादै गर्न नसक्याका त्यो प्रामादिक श्रद्धाभाव चुक्याका अपराधकन क्षमा गर्नुहवोस्। तिम्रो सेवा गर्नु विधानकन मैले जान्नु सक्तैनन् ॥२११॥

यद्दत्तं भक्तिपूर्वं कुसुमफलजलं गन्धवस्त्रोपवीतं
दीपं नैवेद्यमन्नं पुनरपि मधुपर्कं पुनः पाद्यमर्घ्यम्।
मन्त्रेणोनाधिकार्णेन च जपितमहो चेतसा तामसेन
तन्न्यूनाधिक्यदोषं मम हर सकलं तुभ्यमेवार्पयामि ॥ २१२ ॥

पाठान्तर १. पद्मासन,

÷ परि पूर्वमा हुने वस् धातुदेखि क्त प्रत्यय पर भएमा 'वसतिक्षुधोरिट्' ७।२।५२ [वस् र क्षुध् धातुको इट् आगम हुन्छ क्त्वा र निष्ठा प्रत्यय पर भएमा] ले इट् आगम हुने हुनाले 'पर्युषितं' रूप बन्छ। अतः 'पर्युष्ट' यो रूप अशुद्ध हो।

CC-0. In Public Domain. Digitization by eGangotri

मैले श्रद्धापूर्वक तिम्रा चरणमा चढायाको फल भयो फूल भयो. जल भयो. गङ्गाजल भयो. गन्ध भयो. धूप भयो. वस्त्र भयो. यज्ञोपवीत भयो. दीप भयो. दीपमाला भयो. नैवेद्य भयो. अन्न भयो. पुनरामचन भयो. पाद्य भयो. अर्घ्य भयो. फेर तामस स्वभाव हुनाले अक्षर घटि बढि पऱ्याका ह्रस्व दीर्घ प्लुत संयोग नपऱ्याका मंत्राक्षरले माला जप्याको मंत्रोच्चारण गऱ्याको यस्ता दोष लाग्याको जदि भया. त्यो दोष अफालिकन अपराध क्षमा गर्नुहवस्. मैले गऱ्याका ज्या केहि कर्मकाण्डकन फलसमेत तपाञिका चरणारविन्दमा समर्पण गर्छु । म पनि तपाञिकै छु ॥२१२॥

ध्यायन् ध्यायन् धरणिपमहं चेतसा निर्ममेण
पायन्+ पायन् चरणजसुधां कर्मणा सादरेण ।
स्मारन्+ स्मारन् सुन्नृतमनसा÷भूतपं साहदेवं
भूयो भूयो हृदयकमले भावयेऽहं भवन्तम् ॥ २१३ ॥

ममता नभयाका शुद्ध मनसाले भूमिको रक्षा गर्न्या महाराजै हुन्. शिवरूप महाराजाविना भूमिको रक्षा गर्न्या अरू छैनं भनि निस्तुक ठहराई बारंबार ध्यान गरि कर्मणाले तिम्रा चरणामृत पिउंदै २ आदर राषि केवल सत्य वचसाले प्राणिकन रक्षा गर्न्या साहदेव तिमिकन समुझि २ बारंबार मेरा हृदय कमलबिषे श्रीभगवान् तिमिकन भावना गर्छु ॥२१३॥

त्वमसि भवपावको मम कलुषदाहकः
प्रमथगणनायको भवजलधितारकः ।
दिविषदनुषङ्गकस्त्वमसि हरिसेवक–
स्त्वमसि हरिपालको विहितविधिकौतुकः ॥ २१४ ॥

हे भव हे शिव स्वामिन् मेरो पापकन भस्म गर्नामा अग्निस्वरूप तपाञि हुनुहुंछ. प्रमथनामा गणका मुख्य पनि तपाञि हुनुहुंछ. संसारसागर तार्न्या देववर्गसँग मिलन्या तिमिजतिका हरिका पियारा हरिकन रक्षा गर्न्या अरू कोहि छैनन् भनि पुराणान्तरमा मैले सुन्याका छन्. तस्मात् हरि भन्या पनि हर भन्या पनि तिमि हुनुहुंछ. संसारमा पितामह बडाजु भनि विधाता भनि ब्रह्मा भनि भन्छन्. तन् ब्रह्म विष्णुको पनि कौतुक भन्नु चित्तको आश्चर्य जगाउन्या हुनुहुंछ ॥२१४॥

+ णमुल् प्रत्यय हुँदा 'पायं पायं' 'स्मारं स्मारं' यस्ता रूप बन्छन्। अतः'पायन् पायन्' 'स्मारन् स्मारन्' यी रूप अशुद्ध हुन्। ÷यहाँ 'सूनृतमनसा' हुनुपर्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

अकुलजनिबालको निखिलयुगवार्द्धकः
ससुरनररञ्जको विविधनिधिदर्शकः ।
अवतु भवदर्भकं धरणिपतिबालकं
सुचिरतरजीवकं हरतु तदरिष्टकम् ॥ २१५ ॥

कुल भन्नु जन्मस्थल र जन्म विना जन्मस्थलका विना मातापिताका बाल हुनुहुंछ. सत्य त्रेता द्वापर कलि चारै युगमा पनि बुढा हुनुहुंछ. देव मनुष्यकन प्रपंच गरि रचना गर्नुहुंछ । नानातरहका भैबाट उबज्या कल्याणधन देषाउन्या एस्ता तिमिले आफनु बालष महाराजाकन चिरकालपर्यंत आयुर्दा बीकन अरिष्ट दुर्दशाकन नाश गरि रक्षा गर्नूहवोस् ॥२१५॥

एतादृङ्मुखवाद्यवादनपरा हृष्टा प्रगल्भा सती
आयुःप्रार्थनया चिराय नृपते राजेन्द्रराजेशितुः ।
शिञ्जद्भूषणकङ्कणादिवलयोत्तालावरोधावृता
देवी श्रीललितत्रिपुरसमभिधा श्रीसुन्दरी राजते ॥ २१६ ॥

एस्तै प्रकार श्रीराजराजेंद्रविक्रम साह महाराजाका चिरकालपर्यन्त आयुर्दा प्रार्थना गर्दी श्रीललितत्रिपुरसुन्दरी जगन्माता देवी आफ्ना मुखरूपी बाजा बजाईकन धर्मशाला बरोंचासमेत देवालय चाँडै सिद्धचाई श्रीशिवप्रतिष्ठा गरि त्रिपुरेश्वर महादेवका नाम प्रख्यात गराया का महाहर्षले हर्षित प्रगल्भ[1] भईन् र अंतःपुरका अप्सरारूपी सखीजन सहित भइ आँगमा लायाका सुवर्ण कंकणादि अलंकारका शब्दरूपी करताल दिईन् र श्रीत्रिपुरेश्वर महादेवकन स्तुति गर्दी भईन् ॥२१६॥

एवं श्रीत्रिपुरेश्वरं स्मरति यः स्तोष्यत्यनुष्ठीयते
राजामात्यपुरोधसां हिततरः संजायते निश्चितम् ।
स्तोतुः श्रोतुरुरीकृतस्य पठतः प्रत्यूहदावानलं
राज्ञोऽग्नेः परिपन्थिनोऽप्यपमृतेश्चोराच्च न स्याद्भयम् ॥ २१७ ॥

श्रीललितत्रिपुरसुन्दरी जगन्माता देवीबाट रचना गन्याका श्री ३ त्रिपुरेश्वरका संक्षिप्त स्तोत्रकन स्तुति गर्न्याको सुन्न्याको श्रद्धा गर्न्याको नित्य भजन गर्न्याको क्षुद्र रोग आदि छिरुवा रोगको अपमृत्युको भय राजाको भय अग्निको भय जंगल वनमा डाकु इत्यादिको भय हुन्याछैनन्. निश्चय जान्नु ॥२१७॥

इति श्रीत्रिरत्नसौन्दर्यभाषायां त्रिपुरेश्वरस्तुतिः ।

पाठान्तर- १. जिराहा.

CC-0. In Public Domain. Digitization by eGangotri

तर्षं विनीया[1]र्थिजनोऽभ्युपात्तसत्रालयो यत्र सुलब्धवृत्तः ।
ददौ सदाशीर्वचनं च राज्ञे तत्त्रैपुरं सत्रमियाच्च स्थैर्यम् ॥२१८॥

एस्ता प्रकारले श्रद्धापूर्वक आरंभ गरिकन देव दानव यक्ष गंधर्व अष्टदिक्पाल स्वर्देद्य गैह स्वर्ग मर्त्य पातालवासिहरूका रूप[2] गरि महाहर्षका हाहा हूहू शब्दले अल्लोल कल्लोल कोलाहल शब्द गरी विश्वकर्माले चाडै गरि सिद्धचायाका चौघरासमेत देवालय जो छन्. जहासम्म पृथ्वी आप तेज वायु आकाश एति पंचभूत यावत्काल चलदछन्. ताहासम्म[3] तावत्काल लोपकर्ता नहोस्. जौन शिवालयबिषेका सदावर्तमा पुग्याका गरीप प्रजा योगी गैहले सदावर्त्त गुठको भोजन गर्न्या सराजाम पाई जीवनवृत्ति गरि अतिथि जनको चित्त सन्तोषले श्री ५ महाराजाका दुनिञाको समेत जय मनाई बसीरहच्याछन् ॥२१८॥

वृद्धास्तपोभिर्वयसा च वृद्धा ज्ञानेन वृद्धा न्यवसंश्च हृष्टाः ।
यत्रोपवासव्रतिनश्च धन्यास्तत्त्रैपुरं स्थैर्यमियाच्च सत्रम् ॥२१९॥

स्वस्ति श्रीस्वामिरूपि त्रिपुरेश्वरको अर्पण गरि बनायाका देवल चौघरा भयाका सत्तलमा बहुत हर्षपूर्वक वास गरिरह्याका वृद्ध तपस्वीहरू भया. वयसको बुढा भया. ज्ञानले जेठा भया. पण्डितहरू भया. शिवव्रत लिन्या निर्जला बस्न्याहरू भया. उपवास गर्न्याहरू भया. भजन गर्न्याहरू भया. नित्य २ सदावर्त्तमा घन दौलत् मेवामिष्टान्न गैह दिनाले धनि भयाका जोगिहरूले पनि ई शिवालय सत्तल सदावर्तसमेत स्थिरता भै रहोस् भनि आशीर्वाद दि जय मनाउंदा भयो ॥२१९॥

तिलोत्तमोर्वशी सुकेशिनी च मञ्जुघोषया
घृताचिका च मेनिका सरम्भया सहाप्सराः ।
दिवानिशं च गीयते★ यशस्तदीयमद्भुतं
नटी भटी सुरूपिणी स्वहस्तदत्तताल्किा ॥२२०॥

तनै श्री ५ महाराजाको र श्रीमहारानीको एस् प्रकारका वृत्तान्तकन स्वर्ग भुवन सुधर्मा देवसभामा बस्याका देवराज इंद्रले हजारन्[3] दृष्टिले हेर्दामा देख्या र आफ्ना

पाठान्तर– १. *विनिन्ये-*, २. *पातालवासी लोकहरूले* ३. *ध्यानदृष्टिले.*

★ 'तिलोत्तमा…यशो गीयते' यस्तो वाक्यरचना अशुद्ध हुन्छ । कि कर्मवाच्यमा 'तिलोत्तमया…यशो गीयते' यस्तो हुनुपर्छ । कि कर्तृवाच्यमा 'तिलोत्तमा…यशो गायति" यस्तो हुनुपर्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

अन्तःपुरीका तिलोत्तमा उर्वशी सुकेशी मञ्जुघोषा घृताची मेनका रम्भा गैह अप्सराहरू चाडै गरि पठाएर नटुवा भटुवा पतरियाका सरूपले गाउनानिमित्त करताल दि पठायाका छन्. रातबिरात श्रीराजा रानी त्रिपुरेश्वरसमेत जनरल भीमसेन थापाको पनि यश कीर्तन गर्‍याछन् ॥२२०॥

रम्भास्तम्भं दधदुरग्निरिव यः क्षिप्तः प्रदीपोऽम्भसि
प्रालेयांशुरिवाभ्रजालपिहितः सूर्यः शुचौ[1] दुर्दिने ।
गाङ्गेयस्य शरेण पीडिततनुः सेनेव यौधिष्ठिरी
बुद्धिः सुन्दरनन्दजा क्षतिमगाद् दारिद्र्यतापोल्वणात् ॥ २२१ ॥

जस्तै केराको बोटमा लायाको अग्नि बलियो गरि बल्दैनथ्यो. जस्तै अचला सप्तमीका दिन लौकामा बाति बालि गंगामा बहायाका पानीमाथिको महादीपको तेज बलियो गरि बढदैनथ्यो. जस्तै मेघमण्डलले छोपियाका पूर्ण चन्द्रमण्डलका ज्योतिकन तेज बढ्याको देखिदैनथ्यो, जस्तै अकाशमा बादल लाग्याका दिनको घाम तेज बढ्दैनथ्यो. जस्तै गाङ्गेय भीष्म पितामहका शरजालताडित गर्दै राख्याका युधिष्ठिर राजाका सैन्य फौद घटतै मात्र गयोथ्यो. तस्तै गरिकन सुंदरानंद बाडा पंडितको बुद्धिकन बढाउनाको शक्ति छैन। क्या हों भन्या हा कष्ट दरिद्ररूपी अग्निका ज्वालाले पोल्याका पुत्र पुत्रीसमेत परिवार भ्रातृबन्धुवर्गकन शीतल गर्न्या औषधि पायेन. महाशङ्काविषले[2] बुद्धि घटतो गयाको हो. तस्मात् शीतल हुन्या औषधि बक्स्याजाबस् भनि अर्जि गर्‍याको हो ॥२२१॥

इति श्रीत्रिरत्नसौन्दर्यगाथाया भाषायां द्वितीयं प्रकृतिरत्नम् ।

श्रीगणेशाय नमः ।

आपारावारगोत्रापतिषु परिवृढैः श्रीमहाराजराज-
राजेन्द्रैशप्रतापैरुपकलितसमस्तर्द्धिपौरव्रजेषु ।
देशेष्वारब्धपुण्योपवनविविधसच्चित्रदेवादिधाम-
स्वास्ते कान्तीपुरीयं सुरपतिनगरीलज्जयैवावतीर्णा ॥२२२॥

नेपालभूमण्डलबिषे कांतिपुर राजधानीको संक्षिप्त वर्णन गरिन्छ। आसमुद्रांत पृथ्वीको पालक भयाका कतिनौ राजवर्ग भूमिबिषे थिया तपनि इनिहरूले मान्य गर्न्या रा-

पाठान्तर- १. सूर्यांशुवद्दुर्दिने, २. महाफिक्काले,

CC-0. In Public Domain. Digitization by eGangotri

वर्गका नायक श्री ५ मन्महाराजाधिराज राजराजेन्द्रविक्रम साहदेव जो छन् तिनका बल्दो प्रतापका अग्निज्वालाले दारिद्र्य भस्म भैकन दुनिजा धनाढ्य भै षोषत हुँदा घरहि पुण्य कर्मकन गर्दा तेस् पुण्यका प्रभावले देश २ प्रति मनोरम घर उपवन नानादेवताका देवालय आदि चित्र विचित्रका महल आदि कोटहरूले शोभित देश भयाका कांतिपुर राजधानीकन देषीन् र इन्द्रका नगरी अमरावतीले बहुत लज्जाकन मानि अकाशदेषिन् वल्लिहकन कांतिपुर राजधानीमा शरण आइन् ॥२२२॥

यस्याश्चित्राणि धामान्यभिजनपठितस्तोत्ररम्याणि हृद्या-
न्यारामाणि प्रफुल्लैर्विटपिभिरभितो वापिकापल्वलैश्च ।
गोधामत्स्योद्रकूर्मक्षुभितजलतरङ्गैश्च पद्मोत्पलाढ्यै
रेजे कान्तीपुरीयं किमु सुरनगरी स्वर्धुनी नन्दनं वा ॥ २२३ ॥

अमरावतीस्वरूप कान्तिपुरमा चित्र विचित्र रंग वर्णका महल्महा बुद्धिमान् ज्ञानिजन पंडितहरूले वंदिजनहरूले गायाका गीतका शब्दले र स्तोत्रपाठ गर्याका मङ्गल ध्वनिले हृदय मनोहर भयाका घरभित्रका उपवन बगैचाले निर्मल जलले भरिपूर्ण भयाका वापिका भया. ससाना पोषरी भया, फलफूल फल्याका नानाप्रकारका वृक्षले महाहृद्य भयाका बगैचाका पोषरीमा वापीमा जल जन्तु गोधा भया. मत्स्य भया. उद्र भया. कूर्म भया. इत्यादि जन्तु षेल्नाले चञ्चल छहरा पर्याका जल तरंगले रक्त नील श्वेत माछाका वर्णले कमलका फुल फुलर्न्याका वापीका पोषरीहरूले आकाशगंगा हो कि भन्न्या बगैंचाले नंदन उद्यान हो कि भन्न्या शंका पर्याका एस्ता कान्तिपुरी अमरावती हो कि भनि पर्याका छन् ॥२२३॥

यस्यां रम्भासदृक्षैः सरसपटुतरै रागिणीनां समक्षै-
र्गीतज्ञानां मृदङ्गध्वनिनिनदसमाहूतदिव्याङ्गनानाम् ।
हाहाहूहूसुतालैः सतरलचकितं श्रीयशो गीयमानं
श्रुत्वा द्वाःस्थो हनूमान् नटति विजयते द्वाःस्थितः श्रीहनूमान्[1] ॥२२४॥

जौना कांतिपुर राजधानीमा रंभादि अप्सरारूप भयाका मेघमल्लार आदि रागकन जान्न्या नटी भटीका समुदायले बजायाका मृदङ्ग सितार गितार वीणाका स्वर ध्वनिका शब्दले गवैया लोकका गान स्वर्गका दिव्यांगनाहरू आई पुग्ला भन्ना जस्ता हाहा हूहू गरि कोमल करतालले तरल भन्तु गलामा लायाका रत्नको माला हल्लाईकन अथवा सर्षारका डर लाग्दा जस्तो चञ्चल गरि श्री ५ महाराजा महारानीको यश

पाठान्तर- १. श्रीहनूमानढोका,

CC-0. In Public Domain. Digitization by eGangotri

कीर्तना गन्याका गीतकन सुनेर यूपबिषे बस्याका श्रीहनूमानजी महाबुसिसंग नाचता भया. एस्ता श्रीहनूमानढोकाको जयजयकार रहोस् ।।२२४।।

यत्रास्ते राजराजप्रतिनिधिधनिनां पण्यवीथिभिरारा–
ज्जातस्पर्द्धेव काश्याऽविरलजनसमुत्कीर्णलीलाविशाला ।
देव्याः काशीव काल्या विलसति नितरां श्वेतकाल्याः प्रतोली
ङेताख्या काशिवासिद्विजमिथुनभिषग्भट्टवास्तव्यमिश्राः ।। २२५ ।।

फेर कांतिपुर राजधानीमा कुबेरसमान दौलत भयाका धनी महाजनका दोकान लायाका गल्लिले टाडाबाट पन्याका भया पनि श्रीकाशीसहरका बरोबरै दौलत् हुनु ईषले झैं गरि लोक बाक्ला हुनाले दुनिजाको हिंडनु डुलनुकन बाटा पनि चाडै नमिलन्या भयाका विशेष अक्षौहिणी समान कंपुका सिपाही कंपनी कबाज खेलन जाना आउना बखत छिचोलनु बाटातुटा पनि नपाउन्या श्रीकालिकादेवीले शोभित भयाका काशीदेश झैं गरि श्वेतकाली ङतदेवीले शोभा पायाका ङतटोलमा विशेष गरि काशीबाट आउन्या ब्राह्मण वैद्यहरू भट्टहरू मिश्रहरू गंगापुत्रहरू जोरुसमेत भै आईकन वास गन्याका हुनाले साक्षात् काशी सहर जस्ता भयाका ।।२२५।।

देवी काश्यन्नपूर्णेव विलसति+ असन्तोलिका याऽलकैव
पौलस्त्यस्यान्नपत्रौषधिविविधरसैश्चोष्यलेह्यैश्च पेयैः ।
भक्ष्यैर्भोज्यैश्च ।· खाद्यैर्विविधरसरसाग्रैर्वणिक्शालिकासु
न्यस्तैस्तारामठाद्यैर्धवलतरगृहैर्गोपुरैः सौधरम्यैः ।।२२६।।

फेर श्रीअन्नपूर्णादेवीले श्रीकाशीसहर झैं शोभायमान भयाका असन्नामा बजार थियो. सो बजार यक्षराजा कुबेरका अलकानाम राजधानी हो की भन्या शंका पन्याका कुबेरका समान दौलत पायाका हजारौं धनि महाजनको बजार अन्नको दोकाम् पानको दोकाम औषधीको दोकाम नानाफलफूलको दोकाम चोष्य वस्तु भोज्य वस्तु लेह्य वस्तु भक्ष्य वस्तु खाद्य वस्तु पेय वस्तु आदि भयाका नानातरहका रस रसायनका दोकामले र हिङ जिरो आदि किनारा वस्तुका दोकामले पनि विराजमान भयाका भवानीका तारादेवाका मठ महल आदि चुन लायाका ढोका धर्मशाला सत्तरले बिशेष मनोहर थिया ।।२२६।।

+यहाँ सन्धि गर्दा छन्दोभङ्ग हुने हुनाले सन्धि नै गरिएको छैन । यहाँ 'विल-सत्यसन्तोलिका' यस्तो हुनुपर्छ ।

·।·समानार्थक यी पदको एकै ठाउँमा प्रयोग गरिएको उचित छैन ।

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीकान्तीनगरी सुदुर्जयपुरी सौभाग्यरत्नाकरी
त्रायस्त्रिंशसदृक्षधन्यनगरी सौजन्यशोभाकरी ।
नानादैवतमन्दिरोत्तमवती श्रीबुद्धिसिद्धीश्वरी
नानारत्नसुवर्णकोषनिचयैर्वर्वर्त्ति नैपालिकी ॥२२७॥

नेपालभूमण्डलबिषेका कांतिपुरनामा राजधानी सहरको वर्णन गरिछ. कस्ता सहर भन्या श्रीपदले युक्त भै अतिशोभायमान भयाका वैरि राजाहरूले मनले पनि तर्कना गरि जितिनशक्न्या भयाका महाभाग्यरूपी रत्नका समुदायले अमरावतीसँग ईर्ष्या लायाका ठाउँ-ठाउँमा चित्र विचित्रका रंगबिरंग सिसमहल रंगमहल इत्यादि शोभत हुनाले अनेक देव देवीहरू सुवर्णमय तन्का मन्दिरले पनि बहुतै भ्याइ दियाका लक्षण बुद्धि सिद्धि सुभिक्षले र सकलकार्य्यसिद्धि हुनाले ऐश्वर्य बढाउन्या भयाका साधु सज्जनका सौजन्यसमुदायले मनोरम भयाका रत्न सुवर्णादिका कल्याणधनले पूर्ण भयाका ॥१२७॥

नित्यं देवसभा तथारिदलने वीरा सुधर्मोपमा
काम्ये काम्यसभा सुशान्तसमये श्रीधर्मराजी सभा ।
वीरैः पण्डिततर्कशास्त्रकविभिर्व्याप्तूरिता सा सभा
श्रीराजेन्द्रमहीपतेर्विजयते श्रीभीमसेनान्विता ॥२२८॥

एस् नगरीबिषे श्री ५ मन्महाराजाधिराज श्रीराजराजेंद्रविक्रम साह महाराजाका सुधर्मासभा १ वीरसभा १ कामसभा १ धर्मराजीसभा १ विज्ञहरूका शास्त्रार्थसभा १ एति ५ पांच सभामा मन्त्रिशिरोमणि श्रीजनरल काजी भीमसेन थापाबाट शास्त्रमर्यादा नीति निशापपूर्वक सदा सर्वदा चर्चा गर्नुहुँदा बहुतै गुलजार भयाका ॥२२८॥

महाचीनसीमस्थिती + शान्तिमैत्री—
सुपात्रं जनानन्दकारी गुणज्ञः ।
वशीभूतदाक्षिण्य × फैरङ्गिनाथः
स जीयाच्चिरं राजराजेन्द्रसाहः ॥ २२९ ॥

× दक्खिना भन्ने अर्थमा यहाँ 'दाक्षिण्य' रूप प्रयोग गरिएको छ। परन्तु यस अर्थमा 'दक्षिणापश्चात्पुरसस्त्यक' ४ । २ । ९८ [दक्षिणा पश्चात् पुरस् यी शब्ददेखि स्वार्थिक अर्थमा त्यक् प्रत्यय हुन्छ] ले त्यक् प्रत्यय भई 'दाक्षिणात्य' रूप बन्दछ। अतः 'दाक्षिण्य' यो रूप अशुद्ध हो ।

+ स्था धातुदेखि 'क्तिन्' प्रत्यय गर्दा 'स्थिति' रूप बन्ने हुँदा 'स्थिती' दीर्घ लेख्नु अशुद्ध हो ।

CC-0. In Public Domain. Digitization by eGangotri

उत्तर दिशाका महाचीनका बादसाहसँग मैत्रिभाव गरि परमहित मैत्रीपात्र गरिरह्याका मुलुकका लोककन हर्ष उत्सव दिन्या भयाका अनेक गुणबिषे पूर्ण भयाका महाचीनका बादसाहले मैत्रिभाव गरि हितपात्र गर्न्याका इतिहासकन संक्षेपले लेख्तछु. श्री ५ मन्महाराजा रणबहादुर साहबाट सप्तांग राज्य अषतियार श्रीबहादुर साहकन गर्दा किरङ कुति सहजै अंबल गरि डिगर्चामा भोटचासँग कटक हुँदा हुलमूलमा सुवर्ण-खचित देवतासमेत अलंकारकन लोटपोट गर्दा चिनीया बादसाहका शूर वीर सिपाहीका फौज अक्षौहिणी सेनाभन्दा आठ गुण शूर वीर आदमीहरू चारैतर्फबाट आयेर घेबुङमा कटक हुंदा नेपालखण्डका ठाउ ठाउका योगि योगिनी देव देवी पीठ उपपीठ बाटघाटमा श्रीरणबहादूर महाराजाबाट वैरिहरूकन हटाउंला भन्या अभिप्रायले पुरश्चरण आदि बौद्ध मार्गबाट शान्ति स्वस्त्ययन स्वस्वशाखाअनुसारले गराउदा कटक शान्ति भैगया. ताहापछि साम दान भेद विग्रहका युक्तिसंग वकिलकन पठाउंदा रणबहादूर साहका अत्युग्र बल्दो प्रतापका ज्वालाले चिनियाका अक्षौहिणी सात ७ समानका आफ्नीका काम क्रोध लोभ मोह दंभ मद मात्सर्य क्षुधा तृषा आदि शांति भैगया. ताहापछि आफ्नु पुरुष राषिकन महाचीन बादसाहको मोहोर कांतिपुरमा सालबसाल ल्याउनु. गोर्षा राजाका मोहोर महाचीनमा पुऱ्याउन्या बन्दोवस्त बांधिदा ÷ नेपालका

÷ 'खोटो टक मासी चोखो टक चलाउने' कुरालाई लिएर पृथ्वीनारायण शाहको पालादेखि भोटसंगको नेपालको सम्बन्ध बिग्रिरहेको थियो। यही बीजबाट उठी वि. सं. १८४५ मा भोटसंग नेपालको लडाइँ पऱ्यो। लडाइँमा नेपालको विजय भएको हुंदा 'वर्षको ५०००० रुपियाँ भोटले नेपाललाई तिनें, नेपालले कब्जा गरेका भोटका सबै ठाउँ छाडिदिने' गरी सन्धि भयो। परन्तु भोटले सो कर एक वर्ष मात्र बुझाई पछि बुझाउन छोडेको हुंदा वि. सं. १८४८ मा फेरि भोटमा आक्रमण गरी दिगर्चासम्म कब्जा गरी केही धन माल हात लाई नेपाली सैन्य फर्क्यो। यसपछि भोटले चीनका बादशाहसंग नेपालको विरुद्ध लड्न सहायता माग्यो। चीन-सरकारले पनि भोटको रक्षाको लागि आफ्नो फौज पठाइदियो। यसरी वि. सं. १८४९ मा चीन र नेपालको युद्ध भयो। चीन र भोटको संयुक्त सेना नेपालका प्रदेशहरू कब्जा गर्दै अघि बढ्दै नुवाकोट घेबुङसम्म आइपुग्यो। वेत्रावतीको तीरको आखिरी लडाइँ नेपालीहरू भए-भरको शक्ति लाई लडे। यहाँ विजय नेपालीको भयो। यसबाट चीनिया फौजले त्यसभन्दा अघि बढने आँट गर्न सकेन र नेपाल-चीनको बीचमा सन्धि भई सो युद्ध समाप्त भयो। यसपछि पाँच-पाँच वर्षमा नेपाली दूत-मण्डल चीन-बादशाहकहाँ जाने भयो। (यसविषयको विशेष विवरण 'ऐतिहासिक-पत्र-संग्रह' [पहिलो भाग] मा हेर्नुहोस्।

यहाँ यही कुरालाई सुन्दरानन्दले लक्ष्य गरी लेखेका हुन्। नेपाल-चीन-युद्धको विस्तृत वर्णन भएको पत्र परिशिष्ट 'ग' मा दिइएको छ

CC-0. In Public Domain. Digitization by eGangotri

आड्मीपिछे तोला १ चाँदिका यन्त्र बाँधिकन चिनीआ फर्कदा भया. अक्षौहिणी सेना-समानका आड्मी षर्च भयोहो. इहा नेपालमा पुरश्चरण शांति स्वस्त्ययन पाच खण्ड प्रज्ञापारमिताको अलिबलि-विधानको समाप्तिमा वृत्तासमेत बक्सदा भया. सांग गर्दा भया[1]. फेर दक्षिण दिशाका फिरंगिका नाथ बात्साहादि फिरंगीहरूकन पनि आफ्ना वशमा राषि नेपाल कांतिपुर राजधानीबिषे विराजमान भयाका एस्ता श्री ५ मन्म-हाराजाधिराज श्री ५ राजराजेन्द्रविक्रम साह देवका चिरकालपर्यंत जयजयकार रहोस् ॥२२९॥

मानी ज्ञानी धनी यः परपुरहरणे स्कन्दवद्दर्पदर्पः
श्रीमान् रामान् समान्यः स हि महिमहिलश्चण्डकाण्डः षडङ्गः ।
जीयात्पायाद्दयावानवनिवरवधूपालने लब्धलक्ष्मा
मूकं लोकं सकम्पं गुणगणगणनापारगो रङ्गरक्तः ॥ २३० ॥

नेपालभूमण्डलबिषेका चक्रवर्ती श्री५मन्महाराजाधिराज राजराजेन्द्रविक्रम साह देवकन शतंजीवी हवस् भनि आशिषाले युक्त भयाका हारबंधनामा श्लोकको अर्थ कहिन्छ । सकल लोकले मर्य्यादापूर्वक संमान गरियाका सत् ज्ञानी भयाका हाति घोडा षानि प्रभृति कल्याणधन गैह नवनिधिले पूर्ण भै कुबेरतुल्य धनाढच भयाका वैरिहरूकन स्वामिकार्तिकेयले तारकासुरमाथि दर्प गऱ्या झैं दर्प गर्न्या भयाका प्रतापवान् भयाका श्रीरामचन्द्रकन झैं अधिक सन्मान गर्नु योग्य भयाका पृथ्वीका पति भयाका तिषो कांढ गैह पांच हतियारले युक्त भयाका पृथ्वीकन रक्षा गर्न्या संपूर्ण बत्तीस लक्षणले युक्त भयाका गुणसमुदायको गणनामा धुरंधर भयाका जात जातका चित्र विचित्र रंगबिषे सरस चित्त भयाका एस्ता श्रीमन्महाराजाधिराज राजराजेन्द्रविक्रम साह देव जो छन्. दरिद्ररूप त्रासले मूढजस्ता भयाका हामीकन रक्षा[2] गरून् ॥२३०॥

भीतिर्नश्यति राजराजविजिते गीर्वाणभूमौ यथा
मर्त्याः सन्ति निराकुला न जननी तातोऽत्यजत्सत्कृपाम् ।

पाठान्तर १. तहाँपछि 'निसाफ गर्दा श्रीबहादुर साह देखे विमुख हुंदा अयशकन पाई वध बंधन आदि शासनाबमोजिंको कष्ट पायोथ्यो । उक्तं च-

अश्वं नैव गजं नैव व्याघ्रं नैव च नैव च ॥
अजापुत्रं बलिं दद्याद् देवो दुर्बलघातकः ॥ ॥

घोडा हाति बाघहरू कसैले बलिदानकन दिदैनथ्यो. सानु भया तपनि बोक्याकन बलि दिइंछ । दैवका गऱ्या कसैको क्या लाग्छ ।

२. उद्धार,

CC-0. In Public Domain. Digitization by eGangotri

सेवार्थं मुनयोऽपि दूरयमुनातीरात्तपस्योत्सुकाः
नन्दन्ति त्रिपुरेश्वरैर्लसदहो क्षेत्रं सधर्मध्वजि ॥ २३१ ॥

जौन श्री ५ मन्महाराजा राजराजेन्द्रविक्रम साहबाट रजाइ गर्नु हुँदा जस्ता प्रकारले सुमेरु पर्वतमा भीति भन्तु भयको नाम किंचित् रहदैन. तस्तै गरि मुलुकभरमा भयको लेश पनि रहेनछ. संपूर्ण दुनिआ निराकुल भै स्वस्थ चित्तपूर्वक वास गरिरह्या. बाबु आमाले पनि छोरा छोरिमाथिको सत्कृपा छोडेनन्. एस्ता संपूर्ण शुभ लक्षणकन देषि बडा बडा मुनिजनहरू पनि गंगा यमुना प्रयाग गैह तीर्थयात्रा गर्न छोडि नेपालमा बसि साक्षात् नारायणका अंश भयाका श्री ५ मन्महाराजाधिराज राजराजेन्द्रविक्रम साह देवको नित्य दर्शन गरि मोक्ष पाउनाको कांछाले श्रीत्रिपुरेश्वर महादेवले उल्लास भयाका क्षेत्रबिषे झुल्ली रह्याछन्. ठाउं ठाउंमा सदावर्त औ पुण्यक्षेत्र हुनाले घरहि अतिथि अभ्यागतको संमान गर्नाले धर्मध्वजी भन्तु आफ्ना पेटका निमित्त भेष धार्न्या योगिहरू पनि असंख्यात षचित भैरह्याछन्. फेरि एहि श्लोकका चारै चरणका प्रथमाक्षर १।१ साझको अक्षर २।२ अन्त्यको अक्षर १।१ लीकन भीमसेन जनरल विजय सत् थापा काजि एति संगलार्थक अक्षर पर्न गयाका छन् ॥२३१॥

यद्गोपुरान्तकगता वनिता बभाषे
संमील्य यूथश+ अपत्यमुखारविन्दम् ।
उन्नाम्य पश्यसि गजोपरि राजराजं
दारिद्र्यतापशमने जलदायमानम् ॥ २३२ ॥
प्रासादमन्दिरजनाश्रयछौउनादि
यद्यत्सुधाधवलितं रचितं सचित्रम् ।
राजेन्द्रसाहनृपतेः स्थिरतामियात्तन्–
मल्लप्रतापनृपतेर्लिखिता शिलेव ॥ २३३ ॥

जौन श्री ५ महाराजाधिराज राजेन्द्रविक्रम साह देव श्रीजनरल काजी भीमसेन थापासमेत सहरबिषे सवारी हुनामा मेघले जल बर्साया झैं रुपैयाँ छरि पाउलाग्नु-हुँदा तेहि रुपैयाँ टिपि घर घर पोषत हुँदा सुर्ता फिक्कि जीवनवृत्तिको काज काम छोडि हिमालय पर्वत झैं शोभायमान भयाका सफेत चूनले र चित्र विचित्रका रंगले शोभायमान भयाका ढोका हवेलीको चमत्कार देखाइ सहरवासि स्त्रीजनहरू संगिहरू मिलि छोरा छोरि फुल्याउनासमको काज काम गरि हाम्रा दरिद्रताकन टाढा फालि-

+यहाँ 'यूथशोऽपत्य–' यस्तो हुनुपर्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

दिन्या यस्ता महाराजा धर्मात्माबाट बहुत शोभायमान मनोहर गरि बनाउनुभयाको देवालय पुल मण्डप छाउनी हबेली इत्यादि तारिफ गर्ना लायकको संपूर्ण कीर्तिहरू अघिका प्रताप मल्ल राजाले टासि राख्याका अठारजातका अक्षर पर्‍याका शिलापत्र+ झैं युग युगपर्यन्त स्थिर रहोस् भनि प्रशंसा गरि हर्षपूर्वक टोल टोल भयाल भयाल प्रति गहना पोसाक पोखत गरि लाई बसिरह्याछन् ॥२३२-३३॥

राजाऽयं जनतासु मेघसदृशो वक्तुं न शक्यो मया
मेघो वर्षति चातकस्य समयेऽसौ सर्वदा वर्षति ।
मेघो वर्षति चाम्भ एव विपुलं यो हेमरत्नाम्बरं
मेघः श्याममुखः प्रदानसमये यो हेमगौराननः ॥ २३४ ॥

+ यहाँ सुन्दरानन्दले प्रताप मल्लको शिलापत्रमा १८ प्रकारका अक्षर परेका छन् भनी लेखेका छन् । काठमाडौं हनूमान्ढोकाको जलद्रोणीमा तथा त्यसको सामुन्ने जगन्नाथदेवलको पेटीमा गरी प्रताप मल्लका दुइटा घेरै अक्षर भएका शिलालेख पाइएका छन् । तिनमा जलद्रोणीको अभिलेखमा १५ जातका अक्षर परेका छन् तथा जगन्नाथदेवलको पेटीको अभिलेखमा १४ थरी अक्षर परेका छन् भन्ने कुरा ती अभिलेखमा स्पष्टसंग लेखिएको छ—

"महाराजाधिराज श्रीश्रीकवीन्द्र जयप्रतापमल्लदेवन···जिमञाता आखरया नाम चोस्य तया ॥···

पंचदशप्रकाराणि, अक्षराणि शिलातले ।
श्रीभवाण्याः प्रसादेन, ज्ञात्वा तु लिखितं मया ॥"

(जलद्रोणीको अभिलेखबाट)

[महाराजाधिराज श्रीश्रीकवीन्द्र जयप्रतापमल्लदेवले···१५ किसिमका अक्षरका नाम लेखेर राख्नुभयो ।

श्रीभवानीको निगाहाले १५ थरी अक्षर जानेर शिलापत्रमा मैले लेखेर राखें ।]

"महाराजाधिराज श्रीश्रीकवीन्द्र जयप्रतापमल्लदेवन जिमपेता जात आखलन श्लोक दयकाओ थम चोस्यं तया"

(जगन्नाथदेवलको पेटीको अभिलेखबाट)

[महाराजाधिराज श्रीश्रीकवीन्द्र जयप्रतापमल्लदेवले १४ थरि अक्षरले श्लोक बनाई आफैंले लेखेर राख्नुभयो ।]

CC-0. In Public Domain. Digitization by eGangotri

इनै श्री ५ महाराजा जन-लोकबिषे मेघसमान हुन्. यसको वर्णना गर्नु म सक्दैन. क्यानभन्या चातक पक्षिले माग्याका बखतमा वर्षा गरिदिइंछ. एहि महाराजाले सर्वदा बर्षन्छ मेघले ता विस्तार पानि मात्र बर्षाउंछ. जौना महाराजले सुवर्ण हीरा मोती बर्षाइदिन्छन्. जल बर्सन्या समयमा मेघ कालमुख हुन जान्छ. जौन महाराजा दिन्या समयमा सुवर्ण जस्तो गौरवर्णको मुख गराउंछन् ॥२३४॥

राजा धोजा बजार्‌या सहज हरिहरं देवतावर्गवर्लाक्
मानी ज्ञानी धनी हाय् परपुरहरणे छाकगू कण्टकं खः ।
श्रीराजा राजराजेन्द्र जुजु जुग जुगं आयु लायु थ्व युक्ती
काजी साजी सजीला मदु मदु मदु एक् हे[1] धनी धन्य धन्ये ॥ २३५ ॥

नेपालभाषाको हारबंधनामा श्लोकको अर्थ कहिंछ. राजा भन्याका सबैले देखिन्वा हुंछ. राज्यरूपी बजारका उच्च ध्वजा हुन्. श्रीहरिहरजीका पनि सहोदर भाई जस्ता हुनाले संपूर्ण देवताहरूले राजालाई वर आशिष सधैं दिंदै रहन्छन्. एस्ता संपूर्ण लक्षणले युक्त भयाका श्री ५ मन्महाराजा जो छन्. मानले र ऐश्वर्यका जोडले गरि वैरिहरूकन हाहाकार गराई राज्य लिनामा काढाजस्ता कठोर भयाका एस्ता श्री ५-मन्महाराजा राजराजेन्द्रविक्रम साह देवकन हस्तिरत्न[2] गैह राज्यरक्षा गन्याका संपूर्ण लक्षणले गरि युगयुगपर्यन्त आयु बढाउन्या जुगतिहरू संपूर्णकन सहजैमा गर्न्या मर्द मन्त्रि जनरल काजी भीमसेन थापा एकमात्र देख्तछु. दोश्रो त कोही पनि हुन्याछैनन् ॥२३५॥

दिष्ट्याऽभिवर्द्धतु[3] शतं शरदो नृपेन्द्रो
यद्वच्च सुन्दरप्रसाद इमेन्द्ररत्नम् ।
पृथ्वीनरायणमहीपविनोदशाली
गीर्वाणयुद्धपरिधीकृतजीवरत्नम् ॥ २३६ ॥

पाठान्तर- १. भीमसेन् मर्द मंत्री,
२. रा. पु. को प्रतिमा यहाँ यस्तो टिप्पणी दिइएको छ-
"सं ९३६ ज्येष्ठ शुदि ७ रो ४ सुंदरप्रसाद किसि मुक्त"
"सं ९३६ माघ ३० फिरंगी मुकवानपुर चायु जुल"

[3] 'वृधु वृद्धौ' धातु आत्मनेपदी हुँदा 'अभिवर्द्धतु' यो रूप अशुद्ध हो। शुद्ध रूप 'अभिवर्द्धताम्' हुन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

जस्ता प्रकारले अधिका हातिमध्ये शिरोमणि जस्ता भयाका सुन्दरप्रसादनामा हस्तिरत्न श्री ५ पृथ्वीनारायण साहदेवका ऐश्वर्यदेखि श्री ५ गीर्वाणयुद्धविक्रम साह देवका ऐश्वर्यतक चार ४ पुस्ता बांची आफना तारीप् चलाई गयोथ्यो, तस्तै प्रकारले श्री ५ महाराज राजराजेन्द्रविक्रम साहका पनि सप्तांग राज्यले युक्त भयाका ऐश्वर्यले सहित राजामध्ये अद्वितीय पराक्रमको यशकन पाई चार युगसंम सौखशयलपूर्वक रहुन् ॥२३६॥

ज्योतिर्विदां निगमकल्पित एष पन्थाः
षष्टिर्द्विनिघ्नशरदायुरिभस्य नुश्च ।
आयुस्तदस्य नृपतेरपि राजराजे-
न्द्रस्यास्तु भो मिथ卐भाषत दृष्टभूपः ॥ २३७ ॥

अथवा ज्योतिषशास्त्रमा पनि कह्याको छ. मानिसको र हातीको परमायु १२० वर्ष ५ रात भनि कह्याको छ. तेहि परमायुबमोजीम १२० वर्षसंम यश नाम धाक पराक्रम ऐश्वर्यले सकल शत्रुकन कंपायमान गराइ डंका फिराई विराजमान हउन्[1] ॥२३७॥

निर्वर्त्योद्वाहयात्रामथ सदृशकुलज्योत्स्निके श्रीमहिष्यौ
गुर्वादित्यादिषूच्चस्थितशुभदिवसे[2] लग्नयद्वन्मुहूर्ते ।
श्रीमान् राजेन्द्रसाहो नृपकुलतिलकोऽशीतिवस्विन्दुतुल्ये
श्रीपञ्चम्यां च जीवे निगमनिगदितैरुद्वाहे÷विधानैः ॥२३८॥

स्वस्ति श्रीसंवत १८८० साल मिति माघशुक्लश्रीपञ्चमी बृहस्पतिवारका दिन गुरु आदित्यादि शुभ ग्रहहरू उच्च स्थानमा पर्‍यामा+शुभानुकूल लग्न मुहूर्त वेलामा राजामध्ये तिलक जस्ता भयाका श्री ५ मन्महाराजाधिराज राजराजेन्द्रविक्रम साहबाट

पाठान्तर– १. रा. पु. को प्रतिमा यहाँ यस्तो टिप्पणी दिइएको छ-
"समा षष्टिर्द्विघ्ना मनुजकरिणां पञ्च च निशा
हयानां द्वात्रिंशत्खरकरभयोः पञ्चककृतिः ।
विरूपा सा त्वायुर्वृषमहिषयोर्द्वादश शुनः
स्मृतं छागादीनां दशकसहिता षट् च परमम् ॥ इति जातकोक्तेः

२. समये

卐 यहाँ 'मिथोऽभाषत' यस्तो हुनुपर्छ ।

÷ यहाँ 'उदुवाह' हुनुपर्छ ।

+ माघ महीनामा सूर्य उच्च स्थानमा बसेका भन्नु अशुद्ध हो । किनभने सूर्यको उच्च मेष हो । त्यहाँ सूर्य वैशाख महीनामा हुन्छन् । फेरि सूर्य शुभ ग्रह पनि होइनन् ॥

CC-0. In Public Domain. Digitization by eGangotri

आफ्ना सदृश कुलका चंद्रकांति जस्ता शीतल स्वभाव भयाका धर्मपत्नी महारानी दुई २ कन शास्त्रले कह्याका विधानले उत्सवपूर्वक श्रीबालाज्यूमा विवाह गर्दा भया ॥२३८॥

ढक्काद्याणकवाद्यवादनपरास्तौर्यत्रिका गायका
वेणुध्माः करतालिकाः सुवचसो गान्धर्विका नाटकाः ।
ताटङ्कांगदहारकङ्कणलसच्चीनांशुकोत्तंसकै-
र्लब्धैर्दित्तु वितेनिरे नृपपतेर्मूर्त्तं यशस्तत्क्षणे ॥ २३९ ॥

एहि विवाहयात्राबिषे मंगलोत्सव गर्न आउन्या नगरा ढोलक तमोरा सारंग वेणु गितार सितार कठताल बासुरी मृदंग भयाली तुरहि इत्यादि बजाई बहुत सुस्वर गरि सप्त स्वरले राग उठाई अनेक चमत्कारसित नाचन्या पतरिया दुनिआ इत्यादिकन यथेष्ट सुन्चुन्या साल दोसाल चीनमा उन्याका कुचिन् पाटपटंबर बनात्का पोशाक इनाम सबैका मनोरथ पूर्ण गरि दिंदा श्री ५ मन्महाराजाधिराज राजराजेन्द्रविक्रम साह देवका मूर्तिमान् यशकन चार षुटमा प्रख्यात गर्दा भया ॥२३९॥

दिष्ट्या त्वया स भगवान् नृपतिर्मयापि
दृष्टः पुरेव नृपपृथ्विनरायणोऽयम् ।
इत्थं मिथः प्रभणितं मुदितैरशीति-
वर्षोत्तरैः सपलितैः स्खलदक्षरौघैः ॥ २४० ॥

श्रीबालाजुबाट विवाहयात्रोत्सवले महाहर्षपूर्वक सहरभित्र पाउलाग्नुभयाका श्री ५ मन्महाराजा राजराजेन्द्र साह देवका दर्शन गरि पछ्र भलाद्मीहरू बटोली आपस्मा एस्ता प्रकारको कुरा गर्थ्या. हे सँगिहरूहो, आज साक्षात् नारायण परं ब्रह्म श्री ५ मन्महाराजाको दर्शन पायाथ्यौं कि भनि सोद्धा दर्शन नपाउन्याहरूकन अभागी ठहराई बहुत वर्षले ८० वष नाघ्याका कपालका रौं पनि फुल्याका दाँत पनि झ्याका हुनाले बोलनु पनि व्यक्त वचन नभयाका बुढाहरूले तिन् सहर नेपालभरि आफ्नै पुरुषार्थले संपूर्ण शत्रुकन आफ्ना काबुमा ली नेपालभूमण्डलबिषे राज गर्नुभयाका श्री ५ मत्पृथ्वीनारायण साह देव महाराजाकन पनि दर्शन पायाथ्या. वयसको मात्र फेर थियो. तेज र अनुहार ता एकै देषतछु भनि भंदा भया ॥२४०॥

सिंहप्रतापनृपतिर्भगवान् मयापि
दृष्टोऽवलम्बितकराङ्गुलिना जनेतुः÷ ।

÷ या परू चिन्त्य छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

वर्णेन पुष्करतया वपुषा च तुल्यो
दिष्ट्याद्य तत्सुतसुतात्मज एष राजा ॥ २४१ ॥

फेर अरू पनि भंछन्. श्री ५ मर्त्सिंहप्रताप साह महाराजाकन ता म सानैमा मेरा बाबाको औंला समाति दर्शन गराउनु लगाथ्या. तनै श्री ५ महाराजा सिंहप्रताप भैं वर्षले पनि पोसाकले पनि उमेरले पनि एकै देष्तछु. आज र मेरा भाग्यले तनै श्री ५ मत्-सिंहप्रताप साहका पनातिकन दर्शन पायां. धन्य धन्य मेरा भाग्य भनि पचास ५० वर्षका साठी ६० वर्षका बुढाहरू पनि विस्तार गर्न लाग्या. एस्तै प्रकारले देखदै मात्रै सबै लोक संतुष्ट भै घर घर टोल टोलमा एस्तै प्रकारका प्रस्तारले गरि श्रीमहाराजाको प्रशंसा गर्न लाग्या ॥२४१॥

नैवाऽपरयं हि गीर्वाणयुधनृपमहं शीतलायाः प्रतीपा-
दावालं ताम्रकोशीगहनमुपगतो भ्रातृवर्गेण साकम् ।
श्रुत्वा यत्कीर्तिमारादहह धृतिहरो ❁निन्दमानोऽस्मि भाग्यं
दिष्ट्या पश्यामि तत्सूनुमसुमवनिपं राजराजेन्द्रसाहम् ॥ २४२ ॥

हे भाईहरूहो मैले ता श्रीमहाराजा गीर्वाणयुद्धविक्रम साहका दर्शन पायेनथ्यां क्यांहा भनौला मेरा अभाग्यले ३ वर्षका बालक मलाई शीतला पर्दा घरमा राषनु नहुँदा शीतला नपन्याका काँचा भाई बहिनीसमेत पूर्व दिशाका तामाकोशीपार दुग वनमा हुकुमले पुऱ्याया र ताम्रकोशीका जलले शीतलाका अभिषेक दिंदा चाँडै मलाई निको भयो. ताहाँपछि भाईलाई पऱ्यो. तसको विशेष नहुदैमा भगिनीलाई पऱ्यो. तेस्तै हुँदा केहि वर्ष बित्यो. सबै भाई बहिनीलाई शीतला छुटि गयापछि आमाबाबुको शोक पऱ्यो. चेत सत्त्व पनि हरायो. एस्तै विपदा पर्दा भाग्यकन धिक्कार गरि दुःख पाई-रह्या. कदाचित् कुलका व्यवहारले घर आउदा ता श्रीमहाराजाको दर्शन पायेनछु. भाग्यले श्री ५ मन्महाराजा राजेन्द्रविक्रम साह देवको दर्शन गऱ्यां. छोरा छोरी भन्या वहि नै छन्. लिनुजानुपर्याछ भनि भन्या ॥२४२॥

धन्याऽरण्यान्यगम्या ठिगणसमभिधा वेत्रवल्लीवितानाः
यत्रासन् शीतलार्ताः शतश×अतितरां शीतलाल्हादितायाम् ।
प्रत्यावृत्याहमस्याः स च स च ससखः स्वस्ति गीर्वाणयुद्ध
दिष्ट्या पश्यामि दीनानतु जनितकृपं द्रव्यवृष्ट्यारमन्तम् ॥ २४३ ॥

❁'णिदि कुत्सायाम्' धातु परस्मैपदी हुँदा 'निन्दमानः' यो रूप अशुद्ध हो। शुद्ध रूप 'निन्दन' हुन्छ।

× 'यहाँ 'शतशोऽतितराम्' यस्तो हुनुपर्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

फेर कोहि भंन लाग्या. धन्य मेरा भाग्य रामसिंह्या खवासले मेरा महतारीलाई सिस्नाकन देषाउँदा आमाबाबुसमेत मलाई काचाका निमित्त ठिगण भन्याको दक्षिण दिशामा महादुर्ग वनमा पुन्यायो. कस्ता ठिगण भन्या बेतका बोटले र लहराले बाकलो गरि छोपेर छाना बनायाका घरभन्दा अतिबलियो चन्द्र सूर्यका छाया पनि नपर्न्या हुनाले अतिशीतल ठाउँ हुनाले गुफा जस्तो हजारन् आदमी बस्नुहुन्या जहां शीतलाले पोन्याका आदमीहरू हजारन थिया. सुसार गर्नानिमित्त हजारन् आदमी जागर्त गरि बस्याका हुनाले बाघ भालु इत्यादि दुष्ट जन्तुका भय पनि नहुन्या चित्तका आह्लाद शीतल जगा हुनाले चाडै निको भयौं र अमुकसित मित लगाइ अमुका अमुकाका साथमा फर्केर आउँदा सहरमा डुलन जाँदामा श्री ५ मन्महाराजा गीर्वाणयुद्धविक्रम साह महाराजाकन हातिमा भीमसेन काजीसित सवारि हुँदा दर्शन पायां. घेरै रूपैयाँ मोहोर पैसा छरिदिनुहुँदा मैले प्रशस्त रूपैयाँ टिप्याँ. तो रुपैयाँले पुष्टकारी गुटिका वैद्यसँग माग्यां. तेति रुपैयाँले पुष्ट पनि भयां. गुजारान पनि गर्‍यां ॥२४३॥

स्वस्तिश्रीमणिचूडपर्वतगुहामाश्रित्य कृच्छ्रादहं
जीवन् भग्नजनित्रमातृसहजैरुन्मुक्तजीवातुकः ।
योगिन्या अनिशं च सेवनवशात् तत्पूजकेनैव य–
न्नैवेद्यं मम दीयते प्रतिदिनं तेनैव जीवाम्यहम् ॥२४४॥

कोहि भन्न लाग्या. म ता चण्डवीर केटाले काचा धपाउदा साँघुमा पनि बस्न नदिंदा मणिचूडपर्वतमा गुफामा लुकिरहंदा हामि दुई जना भाईलाई एकै दिन ज्वरले समात्ता बिफर निस्क्यो. तहाँपछि, आमाबाबुलाई वायुका दोष लागेर दुवै जना बहुला भया. हामी दुई भाईकन शीतलाको रगत मासि लाग्यो र प्राणांत भया. बहुलायाकाले क्याको सुसार गर्नन्. हामिले बहुलायाकालाई क्या उपाय गरौं. महाकृच्छ्र हुँदा महाउदास चित्तले श्रीवज्रयोगिनी माइका चरणको भजन गर्न बलैले गयाँ. तहाँ पूजारी बाडाले करुणा राषीकन दियाका ज्या केही यत् किञ्चित् नैवेद्यले निर्वाह गरि संतोष पायां. श्रीवज्रयोगिनीका प्रसादले हामी दुई जना बाँच्या. आमाबाबुलाई निको तुल्याउन सकेनं. अद्यापि बहुलायाकै छन् भनि भन्या ॥२४४॥

श्रीसंवद्युगहस्तिहस्तिविधुगे★आषाढशुक्ले बुधे
श्रीगौरीसुतिथौ नृपः पशुपतेः सन्दर्शनार्थं गतः ।
दृष्टो मे वसुवृष्टिभिर्बुधजनैः प्रस्तूयमानः शनै–
र्नागं हाटकसंभवं मणिगणैश्चित्रं शिवायार्पयत् ॥२४५॥

★यहाँ सन्धि नै गरिएको छैन । सन्धि गरे छन्दोभङ्ग हुन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

स्वस्ति श्रीसंवत् १८८४ आषाढ शुक्ल तृतीया बुधवारका दिन महाउत्सवपूर्वक श्रीपशुपति महादेवका प्रथम दर्शन गर्नाकन असंख्यात पुरवासिगैह्र कविजनले प्रशंसा गराईकन देवपाटनमा पाउलाग्नुभै सुवर्णका हीरा मोति जऱ्याका एक नाग यज्ञोपवीत चह्राई द्रव्यवृष्टि गरि दुनियाँ उद्धार गरि श्री ५ पशुपति प्रीति गरि अर्पण गर्दा भया. द्रव्यवृष्टि गरि दुनिजाँ उद्धार गर्दा भया. तस दिन पनि दर्शन पायाँ भनि आपस्मा भन्न लाग्या. ॥२४५॥

साक्षान्नारायणांशः पशुपतिचरणोद्धूतधूलीवितानः
श्रीमान् राजेन्द्रसाहः सपदि विरुरुचे लब्धभर्गैक्यभावः।
नास्ते नारायणाच्च[1] परम[卐]अतितरां प्रीतिपात्रं पशूनां
पत्युः संभूय तौ द्वौ पशुपतिनृपती रक्षतो भूर्भुवःस्वः ॥ २४६ ॥

साक्षात् श्रीनारायणका अंश भयाका एस्ता श्रीराजराजेन्द्रविक्रम साह जो छन् श्री ५ मत्पशुपतिका चरणबाट उठ्याका धुलाले पवित्र शरीर हुँदा तत्क्षणैमा बहुत शोभायमान भै श्रीशिवजिसँगको ऐक्य भावनामा प्राप्त हुँदा बहुतै शोभा हुँदा भया. जस् अर्थ श्रीशिवजीका परम प्रीतिपात्र नारायणबाहीक अरू छैनन्. नारायणका पनि शिवजी बरोबर प्रीतिपात्र अरू छैनन्. परस्पर हरि हरको परम प्रीति हुँदा पशुपति नरपतिरूपले स्वर्लोक भूर्लोक भुवर्लोकका पालना गर्दछन् भनि वर्णन गऱ्याका सुन्यां. दर्शन पनि ताँही मैले पायाँ भनि एकाले भन्या ॥२४६॥

ज्येष्ठे मास्यसिते दले हरितिथौ संवत् षडष्टाष्टभू—
याते काव्यदिने मुदा विजयते भक्ताभिधं पत्तनम्।
श्रीराजेन्द्रमहीपतिः पुरभवैः स्वस्त्याशिषा नन्दितः
सौभिक्षं जनता जगाद नृपतेः प्रोद्यत्प्रतापार्चिषा ॥ २४७ ॥

श्रीविक्रमाब्द साल १८८६ ज्येष्ठकृष्ण १२ रोज शुक्रवारका दिन पुरवासी जनले स्वस्त्याशिषले हर्ष बढाई गराई श्री ५ मन्महाराजा राजराजेन्द्रविक्रम साह जो छन् भादगाउँमा पाउलाग्दाभया. जाग्रत् प्रतापले युक्त भयाका श्री ५ मन्महाराजाबाट नजर दिनुहुँदा दुर्भिक्षको ध्वंस भै संपूर्ण पृथ्वी सुभिक्षमय भया. अनाज सस्ता भया भनि लोकहरूले वर्णना गर्दा भया. तस दिन मैले बाटामा दर्शन पायाँ भनि भन्या ॥२४७॥

---

[1] यहाँ छन्दोभङ्ग भएको छ।

卐 यहाँ 'परमोऽतितरां' हुनुपर्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

स्थानाद्गणेशितुरुपाक्रमतो नृपस्या–
पाढे कुहूयुजि कुजेऽन्हि बभूव शोभा।
नो दृष्टभातपतमिन्द्रदिवाकराभ्यां
प्रत्यग्रमर्द्धशशिशेखरलोकदृष्ट्या ॥ २४८॥

स्वस्ति श्रीसंवत् १८८६ आषाढकृष्णअमावास्या मङ्गलवारका दिन श्री ५ महाराजा राजराजेन्द्रविक्रम साह देव श्रीचोभालका श्रीगणेशका दर्शन गर्न पाउलाग्नुहुँदा बहुत आश्चर्यको शोभा भै गयो केनभन्या आषाढमासका दिनमा कि ता घाम चरकन्या हो, कि पानि बर्सन्या हो, तेस दिन दुइ कुरो भएन, चित्तको आह्लाद मात्रै भैगयो. यसको कारण लोकका चित्तबिषे विचार गर्दा यस्ता शोभारूपी सवारी आदित्यले र इन्द्रले अर्द्धचन्द्रकन शिरमा धारणा गर्न्या धेरै लोक देखता साक्षात् श्रीमहादेवरूपी देख्याछन् र इनहरूलाई लुगा पनि भिजाईदिन्या होइन गरम पनि ज्यादा गरिदिन्या होइन भन्नानिमित बदली गरिदियाको हो भन्या सिद्धान्त ठहराई बहुत खुसि हुँदा भया, मैले तस दिन ज्याभाखेलमा दर्शन पायां भनि भन्न लाग्या ॥२४८॥

लोकैरितस्तत इति द्रवितं÷नु पन्थाः
को वा भविष्यति महीपसमागमाय।
निर्गच्छते पुनरमात्यवरेण साक–
मुत्कण्ठयेति प्रतिगोपुरमीक्षते स्म ॥ २४९॥

चोभालबाट ज्याभाखेलमा पुगनुहुँदा हर्षोत्सवरूपी सोहरा पाटन सहरमा फैलिदा संपूर्ण लोकहरू दर्शन पावैन भन्या हडबडले सहरै व्याप्त गरि दौडाउँड गरि धूप बाती ली कुन ढोकाबाट पस्नुहुंछ भनि सोधदै ढोका ढोका पाटी चौर सबै व्याप्त गरि बसि-रह्या, तहाँ श्री ५ महाराजा पालनुहुंदा संपूर्ण लोकले दर्शन् गरि साक्षात् नारायणको दर्शन् पायाँ, अब जनरल काजीले सहित भयाका श्री ५ महाराजा कौना बाटो गरि फर्कनुहोला भनि आपसमा कुरा गर्दै यश वर्णन् गर्दै लोकहरू आफ्ना घर घर जाँदा भया, ॥२४९॥

प्राच्यामैरावताख्यं दिशि विदिशि बबन्धुर्दिगीशाः करीन्द्रा–
नाग्नेय्यां पुण्डरीकं क्रमश इति गजं वामनं कौमुदं च।
स्वस्तिश्रीराजराजेन्द्रधरणिपतिभिः स्वस्त्यमर्सिंहथापा–
पत्यश्रीमीमदिक्पैःसहयतमतयो(?)ह्येकतो यौगपद्यात् ॥ २५०॥

÷ 'द्रु गतौ' धातु अनिट् हुँदा 'द्रवितम्' यो रूप अशुद्ध हो। शुद्ध रूप 'द्रुतम्' हुन्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

देवराज इन्द्रले आफना दरबाजामा ऐरावतनामा हाति अभ्रमुनामा ढोहीकन मात्र बाँध्याको छ. अग्निनामा दिक्पालले पुंडरीकनामा हाति र कपिलानामा ढोहाकन मात्रै बाँध्याको छ. यमराजनामा दिक्पालले वामननामा हाती र पिंगलनामा ढोहीकन-मात्र बाँध्याको छ. नैर्ऋत्यनामा दिक्पालले कुमुदनामा हाति र अनुपमानामा ढोहीकन मात्र बाँध्याको छ. वरुणनामा दिक्पालले अंजननामा हाती र ताम्रकर्णी ढोईकन मात्र बाँध्याको छ. वायुनामा दिक्पालले पुष्पदन्तनामा हाती र शुभ्रदन्ती ढोहीकन मात्रै बाँध्याको छ. कुबेरनामा दिक्पालले सार्वभौम हाती र अंगनानामा ढोई मात्र बाँध्याको छ. ईशाननामा दिक्पालले सुप्रतीकनामा हाती र अञ्जनावती ढोहीकन मात्रै बाँध्याको छ भंदा सुन्दछु. हे संगिहरूहो श्रीगोर्षेश राजराजेन्द्र साह देवका दरबाजामा आठै दिशाका दिक्पाल भयाका अमरसिंह थापाका पुत्र कुलदीप भीमसेन थापाका तजबीजले असंख्यात हाती झुलिरह्याछन् ॥२५०॥

दुःशालां हस्तिशालां शिथिलगजघटां जीर्यमाणां विदित्वा
नूत्नां प्राच्यामवाच्यामथ विदिशि मनोहारिणीं स्तम्भनद्धाम् ।
कृत्वा लक्ष्मीप्रसादं गजहवडप्रसादं च देवीप्रसादं
क्रुध्यन्मोतिप्रसादं तदुपरि च जहर्वेषसज्ञं बबन्ध ॥ २५१ ॥

फेर श्री ५ महाराजाका प्रतापले आईपुग्याका असंख्यात हातीलाई षबारी दिनुपर्दा अघि अघिका हातिशालाले नअटाउँदा पूर्व दक्षिण पश्चिम उत्तर चारै नयाँ शाला बनाई बलिया षबारी स्थापित गरि आफु बस्नुकन पनि लायक जगा तुल्याई लक्ष्मणका हाति लक्ष्मीप्रसाद भया देवीप्रसाद भया हवडप्रसादनामा भया मलाहा मोतिप्रसाद भया जहर्वेष भया इत्यादि हातिहरूलाई÷ अन्योन्य खेलनु षानु बस्नु सजिला पाठ गरि ठाउठाउमा बाँधिदिनुभयाका छन् ॥२५१॥

÷ यी हात्तीहरूमा केहीको उल्लेख तात्कालिक कागतहरूमा पनि पाइन्छ—

१८७६ साल श्रावणसुदि ३ रोज १
अम्बरप्रसाद हातिके रोटि पकाई पुवा उनाके हस्ते दारोगा घिउ ऽ१ आटा ।३।

१८८१ पौषवदि ५ रोज ७
हातिसारमा अमलप्रसाद हातीका इलाजके हस्ते तेजनारां सालधुप तोला २१

१८८८ मार्गवदि १ रोज १
श्रीप्रसाद हातिके दाना वदे हस्ते माहुत्या मोटा चामल ।८।
देवीप्रसाद हातिके षीचडी वदे प्रमानगि हाक्या मोटा चामल ।५।
दाल ।३।

CC-0. In Public Domain. Digitization by eGangotri

नागोऽसावमरप्रसाद इति यः सौन्दर्यवीर्योदयै—
र्देवेन्द्रे भसमः सुशिक्षितगुणः सौभाग्यरत्नाकरः।
यद्दन्तोपरि विष्टरासनवरे स्थित्वा जपादिक्रिया—
कर्तुः सत्पुरुषार्थदो विजयते भूपालचूडामणेः ॥ २५२ ॥

स्वस्ति श्रीमन्महाराज राजराजेन्द्रविक्रम साहका दर्बाजामा मूल षवारीबिषे शोभायमान भैरह्याका अमरप्रसादनामा हस्तिरत्नको वर्णना गरिन्छ. कस्ता हाति भन्या सुन्दरताले र हृष्ट पुष्ट भै बहुत बाहाल हुनाले इंद्रको हाति ऐरावतको उपमा दिनु योग्य भयाका आफ्नाई भन्याका सबै कुराको अभिप्रायसमेत बुझ्न्या भयाका भाग्यरूपी रत्नको षानी भयाका फेर जौना हातिका दांतमाथि कुशासन हाली तेस् आसनमा बसी संध्या वन्दनादि जपक्रिया गर्न सक्या तत्क्षणैमा धर्म अर्थ काम मोक्ष इ चार पदार्थकन दिनाको समर्थ भयाका हातिमध्येका राजा अमरप्रसादको जय २ कार रहोस् ॥२५२॥

मत्तेभेन्द्रैकदन्तः स जयति नृपतेर्वीरलक्ष्मीप्रसादो
हृष्टाङ्गो लक्षणौघैर्निगमनिगदितैर्हस्तिरत्नं गरीयान्।
दानाध्यक्षस्तिरश्चां स्वकरविगलितैः स्वान्नपिण्डेक्षुदण्डैः
पोष्टा क्रेङ्कारवक्ता सुरभितनिगडो वर्ष्मणा विन्ध्यशैलः ॥ २५३ ॥

फेर श्री ५ महाराजा राजराजेन्द्रविक्रम साहका दर्बाजाबिषे शोभायमान भैरह्याका लक्ष्मीप्रसाद हातीको वर्णना गरिन्छ. कस्ता हाति भन्या गजशास्त्रमा कह्याका गजल-

---

१८९१ भाद्रसुदि १० रोज ७

श्रीप्रसाद हातिके दाना वदे हस्ते लक्ष्म्या मोटा चामल ।८।
हवडप्रसाद हातिके षी ३ डी वदे हस्ते लक्ष्म्या मोटा चामल ।४।
दाल ।१।
नून ॥१
घ्यू ।१

ऐजन हातिके बारा धार्नी २ मालपुवा धार्नी २ सुहारि धार्नी २ पकाई गयाको हस्ते अै
दाल ।१।४
घ्यू १।२
आटा ।४।

[मशोधन-मण्डलको संग्रहमा रहेका कागतहरूबाट]

CC-0. In Public Domain. Digitization by eGangotri

क्षणको समुदायले युक्त भै सुन्दर शरीर भयाका विंध्यनामा पर्वत झ भारी शरीर भयाका सधैं मद चुहुनाले मताहा भयाका कृपापूर्वक आफना मुखमा हाल्याका समेत दाना मसाला उषु घास गैह्र षसाली अरु गाई बाषा गैह्र पशुहरूकन दि पाल्न्या भयाका क्रैंक्कारको शब्द उच्चारण्या भयाका बषत २ मा शिक्रीको शब्द गर्न्या एस्ता हस्तिरत्न एकदंता लक्ष्मीप्रसादको जय २ कार रहोस् ॥२५३॥

मर्त्यानां दुर्ग्रहेभ्यो वितरति हि विमुक्तिं हठाद्वक्रतुण्डो
यद्भक्त्या सिद्धिमापुस्त्रिदशमुनिवरा वामदेवादयश्च ।
पार्वत्या गङ्गया वा+गणयत★अनिशं षड्गुणं चाग्र्यगण्यं
तं वन्दे चैकदन्तं गणपतिमभयं कार्यसिद्धे निदानम् ॥ २५४ ॥

मानिसकन परिआयाका दुर्ग्रह दशाकन तत्क्षणैमा निवारण गरिदिन्या जौन वक्र-तुण्डका भावनाले इन्द्रादि देवतासमेत वामदेव आदि पुराणमा प्रसिद्ध मुनिहरूले पनि सकल कार्यको सिद्धिफलकन पाइगया. संपूर्ण कार्यसिद्धिको कारणस्वरूप हुनाले जनका गुणकन पार्वतीले र गंगाजीले पनि बारंबार अग्र्यगण्य ठहराई गणना गर्न्याको छ. एस्ता संपूर्ण कार्यको सिद्धि गर्न्या सिद्धिनाथ वक्रतुण्ड एकदंता लक्ष्मीप्रसाद हातीकन प्रणाम छ ॥२५४॥

वीरो लक्ष्मीप्रसादो मदयति च मुहुः स्तम्भमालम्बतेऽहो
वक्ति क्रें क्रें किमाराज्जनरलसचिवं वीक्ष्य राजेन्द्रराजम् ।
स्तम्भं प्रक्रम्य शब्दायितनिजनिगडः कर्णतालं ददानो
राजन्मां जेतुमायात्विति गगनतलादभ्रहस्तीति बुद्ध्या ॥ २५५ ॥

जौना लक्ष्मीप्रसाद हातिको गुणवर्णना स्वर्गमा पुगी इंद्रका ऐरावतनामा हाति बारबार आकाशबिषे आई हेर्दछन्. अर्थात् तेहि आकाशबिषेका ऐरावत हाती देखि गण्डस्थ-लबाट सधैं मद चुहुन्छ. त्यसै मातका जोरले तेहि ऐरावतसंग लडनाका मनसुवाले आफनु बस्याका षमारी समाई हलाउँछन् . बडो उच्च सोर गरी शिक्रीको शब्द गर्छन् . कर्णको ताल पनि बजाउछन्. श्री ५ महाराजा राजराजेन्द्र साह देव र जनरल साहेब देषनेबित्तिकै टाढाबाट क्रैंक्रैं शब्द बोलि स्तंभ प्रदक्षिणा गरि आफनु स्वभाव देषायाको हो. हे महाराज. ऐरावतसंग म लडदछु. तमाशा हेर्नुहवस् भन्या अभिप्राय हो ॥२५५॥

+ यो वाक्यरचना अशुद्ध छ । यहाँ पार्वती गङ्गा च तमग्रगण्यं गणयतः ' यस्तो हुनुपर्छ ।

★ यहाँ 'गणयतोऽनिशम्' हुनुपर्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

भूयो भूयश्च सस्नौ घटगलितजले शीकरं गण्डुषोत्थं÷
प्रोज्झन् प्रान्तेषु भुक्तं धरणिपतिकरात् कत्तृणं कुञ्जराशम् ।
भुङ्क्ते चायाचितान्नं त्र्यूषणमधुघृतं शालिनीवारशष्पं
राजेन्द्रं वाहयानो🕮हरिमिव मुनिराड् वीरलक्ष्मीप्रसादः ॥ २५६ ॥

जौना लक्ष्मीप्रसाद हातीले मानिसले बोकि ल्यायाका निर्मल चैलाका जलले स्नान गर्छ. अंगसिंचना गर्छ. वारंवार मुखभित्रका कुल्ला गर्याको जलले दाहिना वामा अगाडि पछाडिका भूमि मार्जन गर्छन्. श्री ५ महाराजाका बाहुलिबाट पिपलका पात शुद्ध घास खाइंछ. बखत २ मा मरीच पिपली शुंठी मह गुड चिनि घियले मुछ्याका अन्नपिण्ड कैले पनि मागनुनपर्न्या अयाचितान्नकन खान्छ. तप गर्न्या मुनीश्वरले उञ्छवृत्ति भन्याका भैमा खस्याको नीवार टिप्नु गर्याको जस्तो गरि शालि धान नीवार धानले युक्त भयाका घासका मुष्टि खांछ. मुनीश्वरले हरिहरकन बोक्ता झैं श्री ५ महाराजारूपी हरिकन आफ्ना काँधमा बोक्न्या लक्ष्मीप्रसाद हातीरूपी मुनीश्वरको जयजयकार होस् ॥२५६॥

मल्लेन्द्रो यो दुर्घटानां करीणां× स्वस्ति श्रीमान् मङ्कुणः+ श्रीप्रसादः ।
राहुर्यद्वन्निग्रहेत्+चन्द्रसूर्यौ तद्वद्धस्तीन्★ दुर्विनीतान् पिनष्टि ॥ २५७ ॥

हातीका षानिरूपी जघीयाषेर षेदाका मुहुलग्गा हुनाले श्रीप्रसादनामा मंकुणाको पनि वर्णना गरिन्छ. कस्ता श्रीप्रसाद भन्या वनबिषे आफना स्वच्छन्दमा हृष्ट पृष्ट गरि षाइरहन्या बनका हातिहरूकन राहुले चन्द्र सूर्यकन ग्रहण गर्न्या झैं पहलमानले निबलियाकन पछार्न्या झैं आफ्ना बाहुबलका जोरले सहजैमा जौना हातिकन आफुले ताक्यो तत्क्षणैमा भेटाइ समाति आफना काबुमा ल्याउन्या अपार बल बुद्धि भयाका एस्ता

÷ यहाँ 'गण्डूषोत्थं' हुनुपर्छ ।

🕮 वह धातुदेखि शानच् प्रत्यय गर्दा 'वहमानः' रूप बन्दछ । अतः 'वाहयानः' यो रूप अशुद्ध हो ।

× इन्नन्त 'करिन्' शब्दको षष्ठीको बहुवचनमा 'करिणाम्' रूप बन्दछ । अतः 'करीणाम्' यो रूप अशुद्ध हो ।

÷ यहाँ 'मत्कुणः' हो कि ?

+ क्र्यादि गणभित्रको निपूर्वक ग्रह धातुको विधिलिङ्को प्रथमपुरुषको एकवचनमा 'निगृह्णीयात्' रूप बन्छ । अतः 'निग्रहेत्' यो रूप अशुद्ध हो ।

★ 'हास्तन्' शब्द पनि इन्नन्त हुनाले द्वितीयाको बहुवचनमा 'हस्तिनः' रूप बन्दछ, 'हस्तीन्' रूप अशुद्ध हो ।

CC-0. In Public Domain. Digitization by eGangotri

बलवान् श्रीप्रसाद हातीको स्वस्तिकार रहोस्* ॥२५७॥

स्वस्तिश्रीमद्राजराजेन्द्रराज्ञो❁ हस्ती जीयान्मङ्कुणः श्रीप्रसादः ।
येनैकेनाऽनेकशो वन्यनागाः साहाय्येनानीयते❁ राजवेश्म ॥ २५८॥

जौना श्रीप्रसाद हातीले आफुले पक्ष्याका अनेक हातिकन सघाइ सिकाई सहाय भावले फुल्याईकन आफना साथमा ल्याई हजुरमा चह्राइ श्री ५ महाराजाको जनरल साहेबको दर्शन गर्छ. एस्ता श्रीप्रसाद मंकुणा हाति चिरकालपर्यंत जिउन् ॥२५८॥

श्रीराजेन्द्रमहीपतिर्विजयते श्रीमङ्कुणाङ्कस्थितः
साक्षात् पृथ्विनरायणः प्रथमतः श्रीसुन्दरेभस्थितः ।
थापा×अम्बरसिंहसूनुमणिना श्रीभीमसेनेन य—
श्छत्रग्राहिसुखेन कान्तिनगरे दीनानुकम्पो विभुः ॥ २५९ ॥

एस्ता श्रीप्रसाद हातिबिषे उद्धत प्रताप भयाका श्री ५ मन्महाराजा राजेन्द्रविक्रम साह देव हौदामा विराजमान भै षवासीबिषे श्रीअमरसिंह थापाका पुत्ररत्न श्रीजनरल काजि भीमसेन थापा बसि रत्नषचित सुवर्णदण्ड भयाका छत्र बढाई महासुखपूर्वक दीन जनबिषे दयावान् भयाका प्रभु राजराजेन्द्र साह देव श्रीकान्तिपुर सहरबिषे सवारि हुँदा जस्ता प्रकारले नेपालसंवत् ८८८ साल भाद्र सुदि १४ चतुर्दशीका दिन गोर्खेश बुढा महाराजा श्रीपृथ्वीनारायण साह देव सुन्दरप्रसादनामा हातीमा सवारी गर्नुहुदा शोभायमान भयेथ्यो. त्यसभन्दा अधिक शोभा त्यस दिनमा हुँदो भयो ॥२५९॥

पाठान्तर—राष्ट्रिय-पुस्तकालयको प्रतिमा यसपछि केही श्लोक अरू छन्—

निरङ्कुशविसर्पिणा परमहंसवच्छ्यामल—
गजेन परिशिक्षितशमदमनिदिध्यासनं ।
समीरणनिरोधनं नरपतीन्द्रसेवा कृता
मृदाहरणशीलितः परमहंसनागोऽत्यगात् ॥

---

* श्रीप्रसाद हात्तीले अरू हात्ती पक्रेर ल्याएको उल्लेख तात्कालिक कागतमा पनि पाइन्छ— "सं. १८८१ ज्येष्ठवदि १ रोज ६. श्रीप्रसाद हात्तीका फनेत दया राउतके नयाँ मता जल-प्रसाद हाति बाघि ल्याउँदा सिरोपाऊ हस्ते डिठा बलभद्रजोसि दारोगा कासिनाथको छोरा"
[संशोधन-मण्डलको संग्रहमा रहेको कागतबाट]

❁ यहाँ '–राजेन्द्रराजस्य' हुनुपर्छ।
❁ कर्मवाच्यमा कर्मअनुसार क्रियापद हुने हुनाले यहाँ 'येन नागा आनीयन्ते'यस्तो हुनुपर्छ।
× यहाँ सन्धि नै गरिएको छैन ।

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ मत्राजराजेन्द्रविक्रम साह महाराजाका अत्यंत भक्त हुनाले परमहंसनामा श्याम गजको वर्णना गरिन्छ. जौना श्याम गज हाति योगेश्वर परमहंस जस्ता शांत स्वभाव हुनाले अंकुशी दिनु नपर्न्या आफ्ना घुससंग आज्ञा भयाका ठाउमा पुगी आज्ञा-बमोजीमको काज पुऱ्याउन्या एस्ता श्याम गजले परमहंस योगेश्वरले शिकाया झैं आज्ञा-माफिक् आसनबंध गरि बस्तछन्. फेर पंचइंद्रियनिग्रह गरि पंचवायुकन षंची नासाग्रदृष्टि राषि एकाग्रचित्तले ध्यान गर्दै झैं संध्यावंदन गऱ्या झैं त्रिसंध्यापर्यंत बसि आज्ञाले उठनीबीत्तिकै सलाम गर्छन्. बषत्मा चिराष समाई आफैले सल्काई जाहासम्म जानु-पर्न्या ठाउ छ. ताहासम्म पुऱ्याई सलाम् गरि शुंड उचालि एक फेरा कराई बिबा मागी आफ्ना शालामा फर्कंछन्. एस्ता परमहंसनामा श्यामगज संसारको स्वभाव एस्तो रहेछ भन्या जस्तो दुनिआलाई देषायेर दाना पाना षानामा चित्त नराषी माटैमा चित्त राषी माटैका आहाराले मुक्त भै गयाका सहकाल १८८८ हो ॥

पृथ्वीनारायणेन प्रथममतिरुषा प्रोषिता कीर्तिनारी
सापत्न्यात्सातिरुष्टाऽधिदिशमनुगता पांशुलेवोत्पथस्था ।
सारण्यानीं प्रविष्टा दवदहनमधावच्छुचा सा च वातै-
र्नीता धूमैर्द्विपानां कुलमभवदरण्यानिजं धूम्रवर्णम् ॥

नेपालका मल्ल राजाहरुकन सहजै जिति मकवानपुर अमल गऱ्याका श्रीपृथ्वीनारा-यण साह देवका कीर्तिनामा रानी पृथ्वी लक्ष्मी सरस्वती ई तिन् रानीका चरित्रकन सहनु नसकी बहुलायाकी झैं बेश्या झैं घरघर डुलन लाग्दी हुँदा श्रीपृथ्वीनारायण महाराजा अत्यन्त रुष्ट भै रे रे रंडी कीर्ति बेश्या बहुलायाकी छस् . तँ इहाँ नबस् घरघर डुलनाचाहिं देशदेश पुगीकन संतोष नमान्या भयाकी फेर मैले नपुग्याका दिशामा डुलन षोजन्या भयाकी तँ छस्. इहाँ पृथ्वी लक्ष्मी सरस्वती रानीसँग तँ नमिलन्या भंदै आफ्ना देशबाट निकाली दियाकी त्यो कीर्ति रानी दक्षिण दिशाका जंगलमा पसीन् र विरहशोकले डढ्यालामा फाल हाली हत्या मरण गर्न तयार हुँदी भै तत्क्षणैमा त्यै कीर्ति रानीकन बतासले उडाई स्वर्ग लैजानु भनि अकाशमा लैगयाकी झन् बहुलाकी भै ब्रह्माण्ड भ्रमण गरीन् . त्यो डढ्यालाका धुवाले जंगल बस्न्या हातिहरूका आँग धमिला भया. अद्यापि छँदै छ ।

अद्यैतद्धस्तिवृन्दे धवलिमगजराडेक उच्चैर्वपुष्मान्
श्रीमद्राजेन्द्रराजं सचिवकुलमणिं भीमसेनं निषेव्य ।
वर्णं स्वं धूमलिप्तं क्षपयितुमिव स ज्यूषणाजातिकोषा-
ज्याजाजीभृष्टमक्तुं शरणदमगमन्माथरव्सिंहसार्थः ॥

CC-0. In Public Domain. Digitization by eGangotri

तेही जंगलमाका गजघटा भन्नु हाति बथानमध्ये सत्ययुगदेषिका बुढा सेता हाती एक बडा भारी बाहाल पुष्ट शरीर रहेछ. त्यो हाती भवितव्यका संयोगले गजघटादेषि भ्रष्ट भई आफ्ना बथान बिछोर भयेर एका जंगलमा पऱ्यो. तेसै बीचमा सिकारी हातिले भेट हुँदा तेस् सिकारीले नेपाल राजदर्बारमा पुग्याको गजघटाको वृत्तान्तकन कहन लाग्या. सेता हातीले सब वृत्तांत सुनि सिकारीका वश परि भन्न लाग्या. हे बांधवहो मलाई पनि तेरा साथमा लैजाउ. तैले भन्या भैं आज वृद्ध अवस्थामा जंगल बस्न चाहिं तनै कीर्ति रानीका पाँचौ पुस्ताका पनाति भयाका श्री ५ महाराजाका र श्रीजनरल काजी भीमबहादुर साहेबको सलाम गरि रुजु भै सेवा गरिकन मरिच पिपला शुंठो जीरो हिंग जुवानु सह चिनि घीय इत्यादिले मुछ्याका मेवा मिष्टान्न खाई बलपुष्ट शरीर गरिकन श्री ५ पृथ्वी-नारायण महाराजाका रौतेरी कीर्ति रानी ढढचालामा फाल हार्दि आफु भन्या बतासले लैगया. ब्रह्माण्डमा भागी त्येहि डढचालाका धुवाले मेरा निर्मल शरीरमा चाँया जस्तो लाग्याका धूम्रवर्ण काही काही शेष बाँकी रह्याका आफालि देउन् भनि भन्या जस्तो सिकारीका वश परि थापाकुलप्रदीप श्रीमाथवरसिंह साहेबसग नेपाल राजधानी आउनाकन सेता हाती प्रस्थान गऱ्या. त्यो वृत्तांतकन कीर्ति रानीका मुखबाट देवराज इन्द्रले सुनी सहस्र आँषाले हेर्दा नेपाल पुगनु निमेष प्रमाण बाँकी रह्याको थियो. अरे मेरा ऐरावतका बान्धव सेता हाती नेपाल राजधानी पुग्या भन्या मेरा विभव ऐश्वर्यका पराजय गर्ला भन्न्या शंका मानि श्री ५ मन्महाराजाधिराज श्रीराजेन्द्र साहसाथि ईर्ष्या राषि इंद्रले ति सेता हातिकन बीचैमा यममन्दिर् पुऱ्याया. त्यो वृत्तांत अजि गर्ना निमित्त श्रीमाथवरसिंह थापा जो छन् सो कांतीपुर राजधानीका राजदर्बारमा परियारसमेत फिऱ्याद गर्नकन हर्षपूर्व आयाका छन् ।

नो मन्ये दृढबन्धनक्षतमिदं नैवाङ्कुशोद्घाटनं
स्कन्धारोहणताडनात्परिभवं नैवान्यदेशागमम् ।
चिन्ता मे जनयन्ति चेतसि यथा स्मृत्वा स्वयूथं वने
सिंहत्रासितभीरुभीरुकरभा यास्यन्ति कस्याश्रयम् ॥

यदेतदतिविस्तृतं भवतु राजराजेन्द्र भो
जलस्थलवनान्तरे विहरतः सभीमस्य ते ।
विनैव करणं करेणुरिह रूपमासाद्यते
मनीषिगणसम्मतं वरदराजसूत्रे हितम् ॥

कर्णौ नैष दधाति नैष विषयो वाहस्य दोहस्य वा
तृप्तिर्नास्य महोदरस्य बहुभिर्वंशैः पलालैरपि ।

CC-0. In Public Domain. Digitization by eGangotri

अतः परमश्वरत्नं लिख्यते ।

सहरकन बहुत शोभा दिन्या एस्ता अश्वरत्नको पनि वर्णन गरिन्छ ।

सौवश्वे + धरणीपतौ किमु शचीभर्ता स्पृहां नाचरे–
दाजानेयशताकुले पवनवेगोच्चैःश्रवाः केवलः ।
वानायुद्भवपारसीकजहयैः काम्बोजिभिर्वाह्लिकै–
र्हेषास्कन्दितवल्गितैरनुदिनं मेरुर्वनीश्रम्यते ॥ २६० ॥

जौना श्री ५ महाराजा राजराजेन्द्रविक्रम साह देवका तबेलाबिषे चान देशबाट तलास गरिराष्याका अनेकौ टागन् बाधियाका छन्. बनायुनामा देश काम्बोजनामा देश बाह्लिकनामा देश प्रभृति देश देशान्तरबाट तलास गरिराष्याका बहुतै तेजी भयाका वायुवेगले दगुर्नाको समर्थ भयाका हजारौं ताजी घोडा पनि शोभायमान भै रह्याछन्. यस्ता घोडा समुदायका ह्रेषा गर्न्याका शब्दले र स्कंदितनामा वल्गितनामा आदि भयाका अनेक चालका गतिले वेगपूर्वक दगुर्दा टापका शब्दले मेरु आदि पर्वतकन सुद्धा कंपायमान गराउंछन्.एस्ता हजारौं घोडाहरूका तमासा स्वर्गबिषे इन्द्रले देखी आफ्नु उच्चैश्रवा घोडा २ मात्र देखी ईर्ष्या गर्नाको कांक्षा पनि गरेनन् ॥२६०॥

उत्प्लुत्योत्प्लुत्य वेगाद् धरणिपतिप्रतापानलज्वालयेव
प्लुष्टां नेपालधात्रीमिति मनसि भवद्वाहना मन्यमानाः ।
स्मृत्वा क्षीराब्धिशैत्यं त्रिपुरशिवमहास्नानतोयौघमिश्रं
वाग्मत्यम्भः पवित्रं ÷ प्लवितुमिव हठात्तुण्डखेलाद् द्रवन्ति ॥ २६१ ॥

एस्ता रंग रंगका घोडाहरू पनि श्री ५ मन्महाराजा राजेन्द्रविक्रम साह देवका प्रतापरूपी अग्निले तातो भयाका नेपालका भूमिमा टापले बलियो गरि टेकन नसकदा उडेर गया झैं गरि उफ्रि उफ्रि दगुरि दाहशांति गर्ना निमित्त क्षीरसमुद्रका जलमा डुबुनुपाया शरीर ठण्डा हुंदो हो भन्या मनसुवा राखी हिड्दा श्रीत्रिपुरेश्वर महादेवका पञ्चामृत सुगंध श्रीखण्ड कस्तूरी कुंकुम केशरी आदि गन्याका सुगन्ध आदिले महास्नान गराया का जलधाराले मिश्रित भयाका पवित्र श्रावाग्मतीजलकन देखि तेसैमा डुबी शरीर शीतल गराउन्या हो भन्या मनमा श्रद्धा लि टुंडीखेलबिषे दगुर्छन् ॥२६१॥

हा कष्टं कथमस्य पृष्ठशिखरे गोली समारोप्यते
को गृह्णाति कपर्दकैरलमिति ग्राम्यैर्गजो हास्यते ॥

[यी ३ श्लोकका अर्थचार्हि त्यहाँ दिइएका छैनन्]

+ यसको अथ चिन्त्य छ । ÷ यहाँ 'प्लातुम्' हुनुपर्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

ऊर्द्ध्वं चाधश्च नीतं तुरगपरिवृढेनाऽमुना वक्त्रविम्बं
किंस्विज्जेतुं मघोनोऽश्वमिव गगनगं तर्कितं विम्बदृष्ट्या ।
प्रोथं विस्फार्य चोच्चैः सुतरलचकितं ह्रेषितं ह्रासवुद्ध्या
राजन्नोड्डीय यात्येष ह ह यदि नियन्ता सुधीर्भीमसेनः ॥ २६२ ॥

हृष्ट तुष्ट गरि षाई पुष्ट भयाको एस्ता तेजी घोडा मुखकन हल्लाइ शिरकन उघो उभो चलाउँछन् . आफना आंगमा लाई राष्याका तरल भन्नु हैकलमाला इत्यादिमा जडी राष्याका नौरत्नप्रभृतिकन देषाई हल्लाइ ह्रास गरि नाक फुल्याइ उफ्रीकन उच्चो सोरले गरि कराउँछन्. एसको कारण क्याहो भन्न्या आकाशमा उडि गयाका उच्चैश्रवा घोडाका छायाकन देषि तँसँग लडनुपन्यो भन्या पनि हट्न्याछैन भनि भन्याको हो. तस्मात् एस्तै तेजी घोडाहरू संपूर्ण गुणज्ञानबिषे पारंगत भयाका श्रीजनरल काजी भीमसेन थापावाट सावधान गरि कैदमा लि राष्याको हुनाले मात्र उडेर गएनन् . वाहाँबाट ताकित नराष्याको भया उडि जान्या थिया. ॥२६२॥

रल्लैर्मल्लनृपैः पुरैकसमये गन्धर्वयात्रा कृता
सैवाद्य प्रतिवासरं च लुमुडीश्रीभद्रकालीमुदे ।
तत्तन्मल्लनृपश्रियां हि शतशो द्राग् जित्वरैर्भूष्णुभिः
श्रीराजेन्द्रधराधिपैर्जनरलश्रीभीमसेनाश्रितैः ॥ २६३ ॥

आपसमा चित्त नमिली तिन मुलुक छुट्टि रल्ल भयाका अघिका मल्ल राजाहरूले श्रीलुमुडि भद्रकाली संतुष्ट होस् भन्नानिमित्त वर्षदिनमा एक दिन लुमुडि माइको अगाडि टुंडीखेलमा गंधर्वयात्रा भन्नु घोडायात्रा गर्थ्या. आज सोहि लुमुडि माई संतुष्ट हुँदा तेस्ता हजारौं मल्ल नैह राजाहरूका ऐश्वर्य तेजकन जिति वृद्धि भयाका एस्ता श्री ५ राजराजेन्द्रविक्रम साह देवबाट श्रीजनरल काजी भीमसेनका ताकितले देश देशबाट तलास गर्न्याका जात जातका असंख्यात घोडाका गन्धर्वयात्रा रोज रोज हुन्छ ॥२६३॥

मञ्जूषायां प्रसूतिद्वयमथ सुषुवेऽरण्यवद्व्याघ्रपत्नी
पुंसः पत्नीव हृष्यत्परिजननिचिता रुद्धवातायना च ।
मांसैर्भक्ष्यैश्च पेयैर्बलवदपघना सन्तती रक्ष्यमाणा
धन्या सा काष्ठमण्डे विपणिपरिणता भूमिपप्रीतिपात्रम् ॥ २६४ ॥

जौना श्री ५ महाराजा राजेन्द्रविक्रम साह देवका बलदो प्रतापका तेजले दुष्ट जनगैह कसको शेषी रह्याको छ. कसो भन्या वनमा बसी मानिस् षाई रहन्या दुष्ट बाघहरूकन

CC-0. In Public Domain. Digitization by eGangotri

पनि जहाँ तहिबाट सहजैले भेडा बाघरा बाघना भेँ बाँधि ल्याउँछन्. एस्तै बाँधि ल्याएका बाघमध्ये एक बाघिनीमध्ये भावि ज्यादा हुनाले श्रीसंवत् १८८६ सालका जेठ महिनामा काठमाडौंका नगीच मूल रस्ताका छेउमाका हातिसारका बाहिर घोरमा दुइ बच्चा बियाइ र दुनियाँहरू पनि लाखौं जम्मा भै अनौठा कुरा हुनाले तमासा हेर्न लाग्या. श्री ५ महाराजा-बाट पनि प्रीतिपात्र गरि टहलु राषि मानिसको प्रसूति हुँदा भेँ बतासको ग्वाल थुनि मासु गुड इत्यादि भक्ष्यले पुष्ट हुन्या कुरो षुवाइ बहुत सावधानपूर्वक पालना गर्दा भया ॥२६४॥

धन्यो राजेन्द्रसाहो यदतुलमहसः सात्त्विकाद् वैरभावं
मुक्त्वान्योन्यं तिरश्चो* हयकपिकरिणो गण्डकाः सैरिभाश्च ।
सार्द्धं व्याघ्रेण युद्धाय हह विसृजता**साम्यतामेव+जग्मुः
सांमुख्यीभूय भीमे स्थितवति जनता वैरभावं क्व कुर्यात् ॥ २६५ ॥

धन्य २ श्री ५ राजराजेन्द्र साह महाराजा. जौन श्री ५ महाराजाका सात्त्विक स्वभावका अतुल प्रतापका प्रभावले मंत्रिशिरोमणि जनरल काजी भीमसेन संमुख रहनुहुनाले घोडा वानर हाति गैंडा राँगा गैह्र पशुजातिसमेत मैत्रीभावले मिलिरह्या. जसर्थ लडाउना निमित्त छोडिदियाका बाघ पनि हातिसंग लडेनछ. पशुजातिको पनि एस्तो चित्त हुँदा दुनियाँका परस्पर चित्त नमिलि वैरत्व कसो गरि होला भन्या तात्पर्य हो ॥२६५॥

श्रावण्यां पूर्णिमायां श्रवणभृगुदिने सिंहगे सप्तसप्तौ
श्रीमत्कुम्भेशतीर्थे ललितपुरि महाराजराजेन्द्रसाहः ।
सस्नौ दारिद्र्यतापाय स रणकुशलो द्रव्यवर्षेण हर्षा-
दाशीर्भिर्नन्द्यमानो मुदितपुरजनैर्दीर्घकालं स जीयात् ॥ २६६ ॥

श्रावणशुक्लपूर्णिमाका दिन श्रवणनक्षत्र भृगुवार सिंहराशिगते सवितरि तस दिनमा ललितपत्तन कुम्भेश्वरका तीर्थमहा द्वारिद्र्य संताप दूर होस् भन्या मनसुवाले द्रव्यवृष्टि गराइ दुनियाँका चित्त संतोष गराइ पौरवासी जनलोक संतोष गराई स्नान गर्नुभयाका महाराजा चिरंजीवी हवोस् ॥२६६॥

---

* तिर्यञ्च् शब्दको प्रथमाको बहुवचनमा 'तिर्यञ्चः' रूप बन्दछ। अतः प्रथमाको बहुवचनमा 'तिरश्चः' रूप प्रयोग गरिएको अशुद्ध हो।

** यहाँ 'विसृष्टाः' हुनुपर्छ।

+ भाववाचक शब्ददेखि फेरि भावमा प्रत्यय नहुने हुनाले 'साम्य' शब्ददेखि फेरि भाववाचक तल प्रत्यय गर्नु अनावश्यक छ। यहाँ 'साम्यम्' अथवा 'समताम्' हुनुपर्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

श्रावण्यां हस्तषष्ठ्यां सितदलगबुधे षड्गजाष्टादशाब्दे
स्नाति श्रीमत्यगाधे मणिसरसि समं मातृभी राजराजः ।
राजद्ध्यां पूजितोऽस्मिन् वितरति मणिलिङ्गेश्वरस्तत्सदृक्षा-
पत्यद्विराजराजाय नृपपरिवृढाय क्षरद्वीचिहस्तैः ॥ २६७॥

स्वस्ति श्रीसम्वत् १८८६ साल श्रावणशुक्लषष्ठी हस्तनक्षत्र बुधवारका दिन श्री ५ राजेन्द्र साह महाराजा श्रीमातृवर्गले सहित भै प्रथम श्रीमणिचूडेश्वरको दर्शन गर्नु पाउला-गनुभया. ताहाँ राजोपचारले पूजा गरियाका पुत्रफलदायक श्रीमणिलिंगेश्वर संतुष्ट भै तलाउका तरंगरूपी हातले बाबुतुल्य प्रतापका पुत्रको आशीषरूपी वरदानकन दिंदा भया ॥२६७॥

प्रतापाधिक्येनोदधिशमनमाशङ्क्य वसति-
स्थलाकाङ्क्षी राजेन्द्रनृपमविशत् पीतवसनः ।
रमा कोषं वाणीममृतमहिराजोऽसिमनलः
प्रतापं वाहित्वं तुरगपतिरिन्दुस्तु मुकुटम् ॥ २६८॥

श्री ५ राजराजेन्द्रविक्रम साह देवका देव देवी तीर्थोत्तमका प्रसादले र अधिक प्रसादका ज्वालाले समुद्रशोषण होला भन्या शंकाले वास गर्ना निमित्त साक्षात् पीतांवर श्रीनारायण जो छन् तनै श्री ५ महाराजाका शरीरबिषे प्रवेश गर्दा भया. कोष भंडारबिषे लक्ष्मी प्रवेश गर्दी भइन्. अमृत जो छन् सो वचनबिषे प्रवेश गऱ्या. शेषनाग जो छन् तरबारबिषे प्रवेश गऱ्या. वडवा अग्नि जो छन् सो प्रतापबिषे प्रवेश भयो. उच्चैश्रवा घोडा जो छन् सो सवारीको घोडाबिषे प्रवेश गऱ्या. चंद्रमा जो छन् सो मुकुटबिषे प्रवेश गऱ्या ॥२६८॥

राजेन्द्रस्य सुरेन्द्रविक्रमसुजन्माहः सुलग्नं यदा
संवत् षड्वसुहस्तिभूमिरभवद्दुर्गोत्सवी ÷ सप्तमी ।
दारिद्र्यार्णवशोषकं त्रिजगतां श्रीपृथ्विनारायणः
साङ्गैः षड्भिरिवान्वयैरवततारास्मिन् महीमण्डले ॥ २६९॥

श्रीसम्वत् १८८६ सालका आश्विनशुक्लसप्तमी रविवारका दिन एस्ता दुर्गोत्सव शारदी महाउत्तम दिनमा श्री ५ राजराजेन्द्रसाह देवका कुलबिषे संपूर्ण दुनियाँका दरिद्ररूपी समुद्रकन शोषण गर्न्या तेजकन धारणा गरि श्रीसुरेन्द्रविक्रम साहनामा युवराज पैदा भया. तस समयमा लोकका घर घरमा पनि सामदान भेद दण्ड साहस दम ई ६ छवै राज्यांगले सहित भै छवै पुस्तामा श्री ५ पृथ्वीनारायण साक्षात् पैदा भया भन्या निस्तुक ठहराई पृथ्वीमा घरही महोत्सवले पूर्ण हुँदा भया ॥२६९॥

÷ यो पद चिन्त्य छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

यद्वत्तत्समये सुशालियवगोधूमादिसस्यर्द्धयः
कंगूमाषसतीनसर्षपतिलेक्षूणां महासम्पदः ।
मेघाः कालसुवर्षिणश्च तरवो गुच्छैः प्रसूनैः फलै–
राढ्या भूरिरसप्रदाश्च पशवः सन्त्यत्र जन्मोत्सवे ॥ २७० ॥

जौना श्रीसुरेन्द्रविक्रम साह युवराज गर्भमा प्रवेश भै विराजमान भयाकोदेखिन् बाहिन्या वेला बषतमा मेघले जलवृष्टि गरिदिदा शालिधान्य जौ गहुं केराउ मास मुंगी भटमास सर्स्यूङ राया तिला उखु मूला शाग गुड सषर आदि बालि नाली बहुतै गरि सपर्वा भया. रूष लहरा पात पनि कोपिलाले र फलफूलले भरिपूर्ण हुंदो भयो जस्ता प्रकारले श्री५ बुढा महाराजा पृथ्वीनारायण साह प्रवेश भयाका पालामा संपूर्ण अनाज गैह्र बहुतै सस्ता थिया. तस्तै सुभिक्षको लक्षण देखियो. सुभिक्ष सदाकालै रहोस् भनि संपूर्ण दुनियाँले प्रार्थना गर्दा भया ॥२७०॥

गोभूहाटकरत्नधातुरजतं भूयोऽपि भूयोऽन्वभू–
च्छ्रीमत्सिंहप्रतापसाहनृपतौ भूमण्डलं शासति ।
कार्पासैर्बहुलीभवज्जगदिदं मर्यादया मोदते
तद्वच्छ्रीयुवराजजन्मसुदिनं सर्वर्द्धिभव्यार्थदम् ॥ २७१ ॥

फेर जस्ता प्रकारले श्री ५ सिंहप्रताप साह महाराजाका पालामा गौ इत्यादि पशुधन भया भूमिबाट उपजन्या रस औषधि अन्न इत्यादि धन भया सुवर्ण चाँदि ताँबो पारो गैह्र अष्टधातु हिरा मोति मुंगा गैह्र नौरत्नको वृद्धि भयोथ्यो. औ कपासको पनि बहुतै वृद्धि हुंदा कपराको मर्यादा व्यवहारले जीविका गर्न्या लोक पनि दरिद्रताले रहित भै सुखपूर्वक संतोष भैरह्याथ्या. तस्तै गरि श्रीसुरेन्द्रविक्रम साह युवराजका जन्मोत्सवका सायतले गरि सबै थोक वृद्धि भैकन स्थिरता भैरहोस् ॥२७१॥

यदा छौनी वृत्ता कृतरुचिरचित्रा हरिहरै–
र्निवास्तव्या[1] भव्या प्रकृतिपरिसेव्या च विबुधैः ।
हयानां ह्रेषाभिर्विजितघननिर्ह्रादपटुभि–
स्तदा कैलाशाद्रेः परिभवति तेजांसि महसा ॥ २७२ ॥

---

[1] कृत्य प्रत्यय भाव र कर्ममा हुने हो तापनि 'वसेस्तव्यत् कर्तरि णिच्च' [वस् धातुदेखि कर्तामा तव्यत् प्रत्यय हुन्छ, त्यसको णिद्वद्भाव पनि हुन्छ] यस विशेष नियमले वस् धातुदेखि कर्ताको अर्थमा तव्यत् भई 'वास्तव्य' रूप बन्दछ । यस कारण यहाँ कर्ममा 'निवास्तव्य' रूप प्रयोग गरिएको अशुद्ध हो ।

CC-0. In Public Domain. Digitization by eGangotri

छौनी नाम राख्याका विष्णुमती पश्चिमका जगाको वर्णन गरिन्छ. कस्तो छौनी छन् भन्या अतिमनोहर बस्ति चित्र विचित्र रंगायाका सोसमहल रंगमहल प्रासाद देवालय अतिउच्चा कोत आदि देवताहरूले पनि वास गरियाका★ औ सेता कमल राता कमल नीलकमल इन्द्रकमल कल्हार आदि जलपुष्प स्थलपुष्प पल्लायाका गुल्म लता लहरा पातहरूले शोभायमान भयाका उपवनमा नाना रंग बिरंगका माछा कछुवाले खेलायाका जलले भरियाका वापी कूप तलाउ पनालिका धारा पानीले सुभिक्षस्थल भयाका औ हस्तिशाला अश्वशाला शिल्पशाला पण्यशाला दोकाम गैहले* विशाल भयाका बुधजनले वर्णन गर्न लायक भयाका छौनी जौना दिन जमाइसकियो. उसै दिनदेखि मेघ गर्ज्या जस्तो मत्त हातीका पुष्ट स्वरकन सुनि कैलास पर्वतले पनि लाज मानिरह्यो ॥२७२॥

धनाधीशो ❀यक्षापतिरपि च राजेन्द्रनृपते–
विंदित्वा सद्भावं मुमुचे इति मानं स्वमहसाम् ।
जितः कैलासो मे धवललयनैरर्द्धशशिभिः
सखा मे चैत्राद्यं वनमुपवनैश्चालकपुरी△ ॥२७३॥

धनको अधिपति यक्षराजा कुबेरले पनि श्री ५ राजेन्द्रविक्रम साह महाराजाका सत्स्वभावकन देखि आफ्ना ऐश्वर्य महत्त्वको गुमानकन छोड्यो. अहो सेता लयनले गरि मेरा बैठक कैलासकन जित्यो. अर्द्धचन्द्रले गरिकन मेरा मित्र श्रीमहादेवकन जितन लाग्यो. मेरो बगैंचा चैत्ररथनामा उद्यानकन विशिष्ट गरि जमाइयाका उपवनले जितिसक्यो. मेरो राजधानी अलकाकन पनि चार पुमर्थ नाउ गर्‍याका धर्म अर्थ काम मोक्षले गरि जितिसकियो. पद्म महापद्म शङ्ख आदि नाउ भयाका नौ निधिकन पनि भैबाट निस्क्याका कल्याण धनले जितिसकियो. मेरा पुष्पक विमानकन पनि हीरा मोति माणिकजराउ मुचीयाले

★ छाउनीमित्र बस्ने सैनिकहरूको सुखसुबिधाका लागि रंग रोगन लाएका, तसबीर ऐने भ्याल आदिले सिंगारिएका घरहरू भीमसेन थापाले बनाउन लाएका थिए। ती घरहरूमा दर्जाअनुसार सैनिकहरू राखिएका थिए। यस कुराको उल्लेख तात्कालिक पत्रमा पनि पाइन्छ। (परिशिष्ट 'ग' मा वि. सं. १८८२ को पत्र हेर्नुहोस्)

* सैनिकहरूलाई किनमेल गर्न सजिलो होस् भनी छाउनीमित्र व्यापारीहरूलाई सुबिधा दिई पसल खोल्न लाएको उल्लेख तात्कालिक पत्रमा पनि पाइन्छ (परिशिष्ट 'ग' मा वि. सं. १८८२ को पत्र हेर्नुहोस्)

❀ 'यक्ष' शब्द अकारान्त पुंलिङ्गी हुनाले 'यक्षहरूका पति' भन्दा 'यक्षपति' हुन्छ, 'यक्षापति' लेख्नु अशुद्ध हो।

△ यहाँ 'अलकापुरी' हुनुपर्छ।

CC-0. In Public Domain. Digitization by eGangotri

गरि जित्यो. मेरो भडारिका साचिव्य टहलकन पनि जनरल काजी भीमसेन थापाका मन्त्रणा बुद्धिले जित्यो.÷ एसै प्रकारले शेष बाकि केहि राषेनन् भनि दुःख मानी बारंबार धिक् २ गरि आफै निन्दा गर्न लाग्या ॥२७३॥

पुमर्थैः प्रख्यातैश्चतुरुपनतैः श्रीरणबहा–
दुरः स्माभूद् गोर्षापतिषु परिपूर्णः क्षितिपतिः ।
तदन्यूनांशेन त्रिजगति स गीर्वाणनृपति–
स्तद्दृष्ट्या पूर्णश्रीरिह जगति राजेन्द्रनृपतिः ॥ २७४ ॥

पुरुषार्थ भनि प्रख्यात भयाका धर्म अर्थ काम मोक्ष इ चार चतुर्वर्गफलकन पाई तिन त्रिभुवन स्वर्ग मर्त्य पातालमा फैलायाका कीर्तिले पूर्ण आत्मा भयाका श्रीगोर्षापतिमा अधिक प्रताप पायाका श्रीचक्रवर्ती श्री ५ रणबहादुर साह देव जो छन्. सो नानाप्रकार भय भैरव विरुदावलिकन प्रकाश गरि मुलुकको रजाजि गरिकन व्यतीत भै गयाथ्या. उनका

÷ यस ताका खजाञ्चीको काम भीमसेन थापाले गरेका थिए भन्ने कुरा तात्कालिक कागतहरूबाट पनि सिद्ध हुन्छ—

"सम्वत् १८८४ साल पौषवदि १४ रोज २. श्रीपशुपतिनाथका ठुला घंटमा थपनाके बमोजीम जनरल षजांचीका दसषत हस्ते दुर्गाबक्स कम्पनीका सिपाही केसरसिं षत्री गगधार्नि १२८
सम्वत् १८८८ साल मिति मार्गवदि १ रोज १. कर्णेल मातवरसिंह थापाका तैनाथी कम्पुका गोरष र सल्यानका सिंहनाथ पल्टनका षजानाके बमोजीम श्रीजनरल षजांचिका दसषत् हस्ते कोत्या अंगद थापा र सर्दु षडका महताव बनाउनाके गंधक धार्नि २०५
असल सोरा ठेमिमा दसषत भै गया सोरा पाथी ४०
पत्थर गोटा ४००
गोली गोटा २२०००
इस्पात धार्नि ६८
कुरिन धार्नि १०८"
सम्वत् १८९३ साल माघसुदि १० रोज ४. श्रात्रिपुरेश्वरका बरैचामा फर्मायसि कामके मार्फत सुबेदार चन्द्रविर बमोजिम श्री जनरल कम्यान्डर इन् चिफ षजांचिको दस्षत्हस्ते अम्बलदार रणसुर कार्कि इस्पात धार्नि १० "

(संशोधन-मण्डलको संग्रहमा रहेका कागतहरूबाट)

CC-0. In Public Domain. Digitization by eGangotri

भन्दा अद्वितीय पराक्रम राज्यलक्षणको शोभा लक्ष्मी ऐश्वर्यले पूर्ण शोभाकन पायाका श्री ५ गीर्वाणयुद्धविक्रम साह पनि भैगयाथ्या. तनका तस्ता ऋद्धि पराक्रमका वीर विरुदावलि-कन पायेर पूर्ण लक्षण भयाका श्रीराजमण्डलीका राजाधिराज श्री ५ राजराजेन्द्रविक्रम साह महाराजा श्रीकांतीपुर राजधानीबिषे आजकाल श्रीसंवत् १८८९ सालमा विराजमान भै दुनिञाले जयजयकार शब्दले आशीष् दिंदै दर्शन गरि राषीयाका महाराजा जो छन्॥२७४॥

सत्त्वद्ध्यां भ्राजमानो जयति नरपतिः श्रीमहाराजराजे-
न्द्रोऽयं संपाल्यमानो ललितत्रिपुरसुन्दर्यधिष्ठातृलक्ष्म्या ।
थापाहीरेण भीमेन स जठरकुलेनातिगोपायितोऽसौ
दिष्ट्या जीव्यान्नरेन्द्रः शतमिह शरदां श्रीसुरेन्द्रेण साकम् ॥ २७५ ॥

सो सात्त्विक स्वभावको नियम निष्ठाले विराजमान भयाका नरपति श्री ५ राजराजेन्द्र-विक्रम साह मुलुकको अधिष्ठाता साक्षात् लक्ष्मीसरूप भयाका जगत्माता श्री ५ ललित-त्रिपुरसुन्दरी देवी महारानीबाट बहुत यत्नसंग बाल अवस्थामा रक्षा गरि पालिराख्याका महाराजा श्रीसुरेन्द्रविक्रम भनि नाम भयाका युवराज साहसमेत आजकाल ८९ सालमा विशिष्ट गरि थापाकुलका हीरा भयाका जनरल काजी भीमसेन थापाबाट आफना भाई छोरा भतिजा पुत्र परिवार तैयार भैकन महाहर्षसित चिंतना गरिराख्याका गरिपका उद्धार गर्न्या महाराजा गरीपका आशिषाले शतंजीवी हवस् ॥२७५॥

आपारावारगोत्रापतिषु परिवृढश्रीमहाराजसाह-
पृथ्वीनारायणानां जितसकलजगन्मल्लभूमीपतीनाम् ।
नप्तारः पञ्चमास्तेप्यविरतमवनीपालनायासखेद-
द्वन्द्वैर्निर्मुक्तचित्ताः समसुखनिचिताः श्रीसमृद्धा जयन्तु ॥ २७६ ॥

नेपालभूमण्डलका मल्ल राजाहरूकन जिति आसमुद्रान्त पृथ्वीका राजाहरूका चूडामणि भयाका श्रीमत्पृथ्वीनारायण साह महाराजाका पाँचौं पुस्ता भै औतार लिनुभयाका एस्ता श्री ५ महाराजाधिराज राजराजेन्द्र विक्रम साह देव जो छन् पृथ्वीरक्षा गर्नामा खेद उदास र सन्देहले रहित भयाका चित्तले संपूर्ण प्रजाकन सुख दि सप्ताङ्ग राज्यले संयुक्त भै सर्वथा अविच्छिन्न राज्य गरि अखण्ड खड्गसिद्धि ऐश्वर्यले विराजमान भै चिरंजीवी हवस् ॥२७६॥

सौन्दर्ये मदनः प्रसन्नवदनो नीत्या प्रजारञ्जनः
शत्रूणां शमनः खलौघदमनो गीर्वाणहृन्नन्दनः ।
श्रीडिल्लीश्वरवीरसेनकलनो दारिद्र्यविध्वंसनो
थापाभीमबहादुरार्पितधनः श्रीराजराजार्जुनः ॥ २७७ ॥

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीमद्गीर्वाणयुद्धविक्रम साह महाराजाका औरस पुत्र भयाका सुन्दरताले कन्दर्प झैं देखनामा अतृप्त रूप भयाका सँधै संतुष्टरूप मुखकमल भयाका न्यायनिसापले गरि प्रजाको चित्त राखिन्या अहित गर्न्या शत्रुहरूको कालस्वरूप भयाका दुर्जनहरूकन काबु राखिन्या श्रीडिल्लीश्वर वीरसेन बात्साहले गर्न्याभन्दा अधिक गरि कवित्व बनाउन्या गरीप बुधजनको दारिद्रचकन दूर गर्न्या विशिष्ट गरि जनरल काजीका अधीनमा राज्य धन राखिन्या भयाका एस्ता प्रकारका श्री ५ राजेन्द्रविक्रम साहरूपी सहस्रार्जुन श्रीकार्तवीर्य राजा विराजमान भैरह्याका छन् ॥२७७॥

प्रतापजितभास्करो वदनचन्द्रशोभाकरो
महीपतिगुणाकरः स्वजनसङ्घदत्तादरः ।
कविव्यसनताहरः ÷ कृतसपत्नचित्तज्वरः ❀
अहो रणबहादुरक्षितिपतीन्द्रनप्तेश्वरः ॥ २७८ ॥

प्रतापका ज्वालाले सूर्यकन जितिन्या वदनका शोभाले चन्द्रमाकन जितिन्या राजलक्षणका समुदायले समुद्र जस्ता गंभीर भयाका स्वजन मानिकन जन लोककन आदर गर्न्या कविजनका आपदाकन हर्न्या वैरीजनका चित्तकन संताप दिन्या एस्ता उग्र प्रतापका श्री ५ रणबहादुर राजा चक्रवर्तीका नाति श्री ५ राजराजेन्द्रविक्रम साह देव अद्भुत कोमल प्रताप तेजले कान्तिपुर राजधानीबिषे विराजमान भयाका छन् ॥२७८॥

पञ्चानां जगतीभृतां पुरुषरत्नानां समुच्चारणा-
ज्जिज्ञासा बहुशोऽन्वकारि जिनजेनार्येषु भूभृत्सु या ।
तद्दारिद्र्यमहार्णवप्रतरणे नौकेव मे जायतां
स्वस्तिश्रीयुवराडयं हि शतवर्षायुर्वरीवर्तताम् ॥ २७९ ॥

अघि भैगयाका समयका चमत्कारको पुस्तावर सुभिक्ष गैह पछिका जन गैहलाई ज्ञान रहोस् भन्ना निमित्त नाम लिनै मात्र संपूर्ण पापकन हर्न्या पुरुषरत्न गोर्खेश श्री ५ पृथ्वीनारायण साह महाराजा प्रमुख सिंहप्रताप साह श्रीरणबहादुर साह श्रीगीर्वाणयुद्धविक्रम साह श्रीराजराजेन्द्र विक्रम साह एति ५ पुस्ताका नाम हाजीरी गरि पिछा पन्याका अर्जोले गरिकन सुन्दरानन्द पण्डित बाडाको दरिद्ररूपी महासमुद्रको पार लैजान्या महाबलियो हुंगा भै जावस्, परन्तु मुख्य कारण इनै गोर्खेश महाराजाबिषे छैटौं पुस्ता भै औतार भयाका श्रीयुवराज श्रीसुरेन्द्रविक्रम साहकन शत वर्षपर्यन्त आयुर्दा रहोस् ॥२७९॥

÷ यहाँ तल् प्रत्यय गरेको अनावश्यक छ । ❀ यहाँ सन्धि नै गरिएको छैन ।

CC-0. In Public Domain. Digitization by eGangotri

राष्ट्रिय-पुस्तकालयको प्रतिमा यसपछि केही श्लोकहरू बढ्ता छन्-

थापावंशालिरत्नावलिषु सुरुचिरं हीरकं भीमसेनं
यं च ज्योत्स्नोत्तमाङ्गं त्रिभुवनविपणौ सार्थवाहैरनर्घ्यं ।
उद्दामस्थानवामक्रमविषममिलत्कूटमानैरभेद्यं
पुण्यश्लोकावतारं जनरलसचिवं पान्तु मत्स्येन्द्रकेशाः ॥

आत्रेयगोत्रका थापाकुलका वंशावलीसरूप रत्नमालाबिषे सुमेरुरूपी भैकन अत्यंत उज्ज्वल कोमल हीरा भयाका श्रीमहाराजाका मंत्रिनायक जनरल काजी भीमसेन थापा-रूपीसुमेरुकन श्रीनेपालेश्वर श्रीमत्स्येन्द्रनाथ आदि श्रीब्रह्म विष्णु महेशहरूले रक्षा गरून् । कस्ता हीरा भन्या पंच भन्नु दुनिजाका ज्योत्स्ना भन्नु साम्य दान विधि भेद विक्रम भन्याका इ पांच थोकका जोतिले अतिदेदीप्यमान अंग भन्नु स्वामि अमात्य सुहृत् कोष राष्ट्र दुर्ग बल ई सात प्रकारका राज्यांगमा उत्तम भयाका अथवा पंच ज्योत्स्ना भन्नु थापाकुलमा चन्द्रमाका जस्तो आह्लाद तेज भयाका भाइ नैनसिंह भीमसेन बषताउर-सिंह रणवीरसिंह अमृतसिंह ई पांच ज्योत्स्नामध्ये उत्तमांग भयाका अग्रगण्य भयाका औ भुर्लोक भुवर्लोक स्वर्लोकरूपी सहरमा मुख्य महाजन भैकन रत्नको परीक्षा ब्रह्म विष्णु शिवरूपी महाजनहेरूले मोल गर्नु नसकनु भयाका औ वामक्रम भन्नु उल्टो भेद जंभन स्तंभन मोहन मारण उच्चाटन वशीकरण आदि षट्कर्म गर्नामा क्रूर स्वभावले मिलि रहन्या जो कोही मार भन्याका डाक शाक बोक्साले गऱ्याका कृत्याप्रयोगले र वैरीहेरुका अभिमानरूपी शत्रु मुगराले फोरनुकन नसकनु भयाका केवल पुण्यश्लोकका औतारा भयाका एस्ता प्रकारका ॥

भाषाश्लोकदोहा ॥

तोप् बंदूक दिगन्तकंपित शबुद् गर्जन्महामेघ है
वृष्टी हो त असर्फि मोहर पथर्दारिद्रचदुर्जात है ।
काला बत्तुक चिन घसाकि बिजुली चम् चम् चमत्कार है
श्रीराजेंद्र शचीशका सुमहिमा बोल्ना त शक्ता न है ॥

श्रीदिल्लीश्वर वीरसेनकि बपान् श्रीराजराजेंद्र है
बुद्धीसागर मंत्रि वीरकि बपान् श्रीभीमबाहादुरै ॥
श्रीकांतीपुरराजधानिकि बपान् श्रीहस्तिनापूर है
श्रीविश्वेश्वरकी बपान् पशुपती नेपाल धन्यै रहै ॥

CC-0. In Public Domain. Digitization by eGangotri

तीनौ अग्नि मिलै जगत्प्रलयके वांछा करैकं उठै
बारुत्खान डढै दिगंतनगरी डढ्ला कि शंका बढै ।
यावत्काल भडाल मेघ चिनमों श्रीधाक्य पानी झरै
आफै आफ विरक्त भै निभि गए धन्य प्रताप् राज है ॥

सूत्राम्नः स्पर्द्धयैवानिशमवनितले विद्युदुल्कां सिसृक्षो-
र्बारुत्खानाख्यकोषः स्वलयननिचितस्विष्टिकाप्रस्तरौघैः ।
उत्क्षिप्योत्क्षिप्य चोल्काशतमिव जनिताग्निः स्वयं पुस्फुटेऽहो
भीत्येवेन्द्रः सुभिक्षं जनरलसचिवायादिशद् भूपभर्त्रे ॥

सूत्रामा स्पर्द्धमानः स्वमिनि (?) हह महाराजराजेन्द्रसाहं
कोशं चापृथ्विनारायणत अतिचितं वैजयन्तातिरिक्तम् ।
आरामं नन्दनादप्यतितरसुभगं वीक्ष्य चाक्ष्णां सहस्रैः
कंपूनां बन्दुकाभा निशिदिनविकसद्विस्फुरद्विद्युदस्त्रं ।

विद्वन्निःकिंचनानां सकरुणरुदिताक्रन्दनिष्पन्दमेघै-
र्वर्षन्तं द्रव्यवृष्ट्या ललितत्रिपुरसुन्दर्य्यधिष्ठातृलक्ष्म्या ॥
कल्पद्रुं भीमबाहादुरसचिवमणिं स्वात्मजाशं सुरेंद्र-
साहं च श्रीप्रसादं गगनकरिवरं चेतसा स्वं निनिन्द ॥

दोहा ॥

धन्य सदैव हि भूपतिपालक जनरलकौ ।
दिशि दिशि बाल बुढा अबलाजन घूस भये सेतु बनाउनकौं ॥
जयजयकार सदैव हि वीर धुरंधर वायुसुतोपम जनरलकौ ।
शतकोटि व्यतीत भये यह भूमण्डल मल्ल नराधिपकौ ॥
कीर्तन लायक कीर्ति बन्यो नहि जनरलकीर्तिसमानक हात अधिककौ ।
कंपु जमावत भेरि बजावत नहि नहि कोपि नहि नहि तादृशकौ ॥
धिक्कृति धिक्कृति धिग धिग धिक्कृति नेपाललाधिपकौ अधिकौ ।
जयसिंहप्रतापज स्वामि महीपशिरोमणिसौं वरलब्धप्रसादित शब्दकौ ॥

CC-0. In Public Domain. Digitization by eGangotri

कदाचन पुरापि नो कृतयुगादिजाद् भूपतेः
स्वकीयपथमुत्सृजन्नटति यात्रयाऽन्यत्र यः ।
प्रचण्डशिवभैरवः शिखरिसंज्ञपूरक्षकः
स कान्तिपुरमभ्ययाज्जनसहस्रविस्मापकः ॥ २८० ॥

सत्ययुगका मल्ल राजादेषिन् ÷ त्रेतायुग द्वापरयुग कलियुगका राजातक कैले पनि आफना देशभूमिबाहिक अरू देशका यात्रा गरि नजान्या श्रीप्रचण्डभैरव भन्याका फर्पिन देशका श्रीभैरव सोहि यात्राका दिनमा आफना खुसिसँग बोकन्याहरुले पनि थाहा नलिन्या गरि कांतिपुर आउदा भया हजारौं जन विस्मात पारिकन ॥२८०॥

धन्य महीपति कोत बनायत गीर्वाणयुद्धविक्रम साहबकौ ।
श्रीगुरु पंडितराज पुरोहित कविजन लायक वर्णनकौ ॥

दोहा ।।

कृतयुग त्रेता द्वापर जैसे तिन जुग भूपतिपालित यशकौं ।
श्रीशिव जैसा अक्षय तपसौ धन्य महातपि थापाकुलकौ ॥
श्रीनाथेश्वर सिद्धिविनायक विघ्नविनाशक भक्तनकौ ।
करहु रिपुक्षय देउ जय पृथ्विनरायण संततिकौ ॥
धन्य महामति तीन महीमणिपालक इतिहास चलै भीमबहादुरकौं ।
श्रीहरसिद्धि त्याङाभैरव मंजुशिरी शिखरीमाइकौ ॥
जन्मस्थलका पीठभवानी चैत्यभटारक बौद्ध विनायककौ ॥
वरलब्धप्रसाद महातपसौं शतवत्सर आयु रहै जनरलकौ ॥
श्रीहयग्रीवसरूपभयंकर श्रीरणबाहदुर भैरवकौ ।
जाग्रत कोप हलाहल फालनसौं नदिसमान सुवीरन अवतारणकौं ॥
फर्किन्योगिनिदक्षिणकाली शिखरनरायण तीर्थोत्तमकौं ।
स्वस्त्याशिषसौं भीमबहादुरकौं जय जय भाईसमेत वषाननकौ ॥

÷ हाम्रा पण्डित सुन्दरानन्दलाई मल्लभन्दा अघिका लिच्छवि आदि राजाहरूको विषयमा अलिकता पनि ज्ञान नभएको देखिन्छ । यसैले अतिप्राचीन कालदेखि नेपालमा मल्लहरू राजा थिए भन्ने भाव उनले यहाँ व्यक्त गरेका छन् ।

CC-0. In Public Domain. Digitization by eGangotri

यथागतमजीगमद्धनुमदाद्यकं द्वारकं
स तत्र प्रतिहारकैः सपदि काञ्चुकीयादिभिः ।
धरापतिवचोमृतैः कृतविचित्रपूजाविधि–
र्नभस्यसितधर्मराट्तिथिशनौ जनैर्वाहितः ॥ २८१ ॥

ति भैरव यथाक्रमले गरुडका गमन गरि यथाक्रमसित आउदा हनुमान्ढोकामा आइपुगदा भया. ताहाँ द्वारीहरुले केटीहरुले भंडारिहरुले हजुरमा विन्ति गरि महाराजाधिराज श्री ५ राजराजेन्द्रका हुकुमले चित्र विचित्र तात्कालिक पूजाविधानले पूजा गर्दा भया. भाद्रपदशुक्लदशमी शनिवारका दिन आफना देशका आदमीले बोकिराख्याके थिया ॥२८१॥

द्वितीययुवराजकं प्रतिलभस्व राजन्निति
प्रचण्डशिवभैरवो निवृते खगेन्द्रो यथा ।
सराककुजपौषमास्यदितिमे च शुद्धक्षणे
द्वितीययुवराजको ह्यवततार सल्लक्षणः ॥ २८२ ॥

द्वितीय युवराजा साहेब पाबला भनि संतोष आशिष दि साक्षात् गरुडका गमन गरि श्रीप्रचण्डभैरव फर्कनुभयो. तहाँपछि श्रीसंवत् १८८८ साल पौषशुक्लपूर्णिमा पुनर्वसुनक्षत्र शुद्धियोगका शुभ दिनमा द्वितीय युवराज साहेब पैदा भया ॥२८२॥

स्वामिश्रीरणबाहदूरवचसा राज्याङ्गधूर्धारणाद्
गीर्वाणाग्रिमयुद्धविक्रमविभोर्लब्धप्रसादोदयः ।
यत्रास्ते दिशि राजराजसचिवः श्रीभीमसेनाभिधो
राजन्वत्याभिधाऽभवद्दिगधुना बोंकोटशैलस्थली ॥ २८३ ॥

स्वामि श्री ५ महाराजा रणबहादुर साहका हुकुमले गरि सप्तांग राज्यका भार बोकन्या फेर श्री ५ महाराजा गीर्वाणयुद्धविक्रम साह महाराजाका वरलब्धप्रसाद पायाका भीमसेन थापा काजी जहाँ बस्या, तहाँ राजन्वती भूमी भनि कहलायाका बोंकोट ग्राम सुभिक्ष राजन्वती भूमि कहलायाको थियो ॥२८०॥

शिवा रुतममूमुचंस्त्रिषु पुरेषु शृङ्गाटके
प्रदीप्तदिशि संमुखाः सुकरुणायमाना निशि ।
वसन्तसितपञ्चमीबुधदिने त्वहिर्बुध्नमे
त्रिधाष्टविधुजेऽन्दकेऽनिशमरिष्टसंसूचकम् ॥ २८४ ॥

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालका तिन सहरमा दोबाटामा बसि प्रवीप्तदिशा बसि संमुख बडो करुणा जगायाका सोर गरी रात्रिबिषे शिवारुत गर्‍याका माघ शीपञ्चमी बुधवार अहिर्बुध्न्यनक्षत्र श्रीसंवत् १८८८ मा अरिष्टसूचक शिवारुत भयो ॥२८४॥

मृषौघमिह नालिखं ह्यननुभूतपूर्वं तथा
भविष्यमपि यत्कलौ विविधप्रत्यवायश्रुतेः ।
तदेव हि कुलं कुलं नृपतिपृथ्विनारायण–
क्षमाजलनिधौ प्लुतं शुचि सदाऽतलस्पर्शि यत् ॥ २८५ ॥

इह एस् त्रिरत्नसौन्दर्यगाथा बनायामा व्यर्थवचन र पूर्वकालविषे अनुभव नगर्‍याका वचन र कलिसमयमा अनेकविध प्रत्यवाय सुन्दा मिथ्यावचन लिख्याका छैनन्. अन्यथा पर्‍याको भया क्षमा गर्नुहोला. श्री ५ पृथ्वीनारायण साह देवका कुलकन कुलै भनि भन्नु योग्यै छ. क्यानभन्या क्षमारूप समुद्रमा डुबिकन अन्ततलस्पर्शि भयाका सधैं शुचि रह्याका हुनाले यथाहा छन् ।२८५॥

तपोवनमवीविशद् रणबहादुरस्वामिना–
मपुत्ररचितावृषी卐 त्रिभवदुःखसंहारिणी ।
मधौ श्रवणभेऽसितेऽन्तकतिथौ विधोर्वासरे
ललित्त्रिपुरसुन्दरी वसुबसुद्विपैकेऽब्दके ॥ २८६ ॥

इति श्रीत्रिरत्नसौन्दर्यगाथायां प्रकृतिरत्नं समाप्तम् ।

卐 यो पद चिन्त्य छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

परिशिष्ट

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

[परिशिष्ट 'क']

नमो गणेशाय ।

मर्त्यानां दुर्ग्रहेभ्यो वितरति हि विमुक्तिं हठाद्वक्रतुण्डो
यद्भक्त्या सिद्धिमापुस्त्रिदशमुनिवरा वामदेवादयश्च ।
पार्वत्या गङ्गया वा गणयत अनिशं यद्गुणं चाग्रगण्यं
तं वन्दे सिद्धिनाथं गणपतिमभयं कार्य्यसिद्धे निदानम् ॥ १ ॥

ॐ नमः श्रीगुरुगणेशाय ॥ निर्विघ्नपूर्वक ग्रन्थ समाप्ति होस् भन्ना निमित्त प्रथम वक्रतुण्डको स्तुति गरिन्छ । मानिसकन परिआयाका दुर्ग्रह दशाकन तत्क्षणैमा निवारण गरिदिन्या जौन वक्रतुण्डका भावनाले इंद्रादि देवतासमेत वामदेव आदि पुराणमा प्रसिद्ध भयाका मुनिहरूले पनि सकल कार्य्यका सिद्धिफलकन पाइगया. संपूर्ण कार्य्यसिद्धिको कारणस्वरूप हुनाले जन्का गुणकन पार्वतीले र गंगाजाले पनि वारंवार अग्रगण्य ठहरायि गणना गऱ्याको छ. यस्ता संपूर्ण भयको नाश गर्न्या सिद्धिनाथ गणपतिकन नमस्कार ॥१॥

स्वस्तिश्रीपश्चिमाशागोरक्षाधिष्ठिताचलेन्द्रादसमसमरसाहससमासादितसमस्तसिंधुसीमासमुच्छलदविरलविमलयशःकलापकलितधवलदुकूलवसुधावधूदत्तभोगसौभाग्यखर्वीभूतविपुलनेपालमल्लभूपप्रतापः श्रीमत्पृथ्वीनारायणसाहदेववर्माऽष्टाष्टाष्टभिर्नेपालाब्दे नेपालविजयी स्माभूत् ॥ १ ॥

अब पृथ्वीनारायण महाराजादेषिन्को वंशावलीको प्रशंसा गर्छु. स्वस्तिश्रीगोरषनाथले अधिष्ठान गरेर रक्षा गरिराष्याका पश्चिमदिशामाका पर्वतदेषिन् जोडा नपायाका संग्राम गरि राज्य लिन मन्सुवा गरिकन गोर्षाली श्रीनरभूपाल साह राजाका कुमार श्रीपृथ्वीनारायण साह जो छन् सो दै १०० नालका सिपाही जमाईकन तीर्थयात्रा गर्नाका निस्तुक गरि गोर्षादेषिन् प्रस्थान गरिकन नेपालको तमासा नजर गर्नु हुँदा अरणाका सिङ्भरिको रुपैआ षर्च गर्दै दैभुङ दहचोक झिरतुङ नुवाकोटसंम पुग्नुहुँदा उच्चा जगा भयाका कीर्तिपुरमा कटक गर्दा दै नालका सिपाही भयाका राजाले हामिसंग जोडा हुनु क्याप सक्ला भनि कीर्तिपुऱ्याले नटेढडा कटक गरिकन छवै वर्षसंम बित्यो. तहाँपछि नेपाल ललितपत्तनका ६ प्रधानहरूले संकेतको गुप्त कागत चिठी पठाउँदा त्यो संकेतको अर्थ बुझि नेपालमा अधिष्ठाता देवताहरू श्रीमदार्य्यावलोकितेश्वर मत्स्येन्द्रनाथ मीननाथ पशुपतिनाथ शाक्यसिंह गैह त्रिलोकविजयलाई आराधनपूर्वक स्मरण गरिकन गुप्तसंग केटि भेटि चढाइ पठाउँदामा देवताहरू संतुष्ट भै प्रसन्न भएर सपनामा सिद्धिफलको वरदान दिंदा सातौं वर्षमा जोडा

CC-0. In Public Domain. Digitization by eGangotri

नपायाका संग्रामले कीर्तिपुर फत्ते गरि नेपालभूमण्डलको अनुभव गर्याको सुगंधवासनाको निःकण्टक यश फैलाउदा तेहि यशरूपी सेता कपरा पहिन्या जस्तै यशले व्याप्त गरि ढाक्याकी आसमुद्रान्त पृथ्वीरूप रानीले अर्पण गरि चढायियाका नाना सौगाद हाति घोडा हेरा मोति कुचिन् ताज किम्खाप आदि नेपालभूमण्डलका ऐश्वर्यमाथि ऐश्वर्यको भोग गर्नु पायाका भाग्यको दौलथले तिन सहर नेपालको राजा जयप्रकाश मल्ल १ तेजमल्ल १ रणजित् मल्ल १ इ तिनै राजन्कन भादगाउका दरबारमा बंधन राषतै देश देशका काजि प्रधान-हरूका आब्रु नराषिकन अरू दुनिआको आब्रु राषिकन सलामि लिदै निःकंटक राज्य गर्नुभयाका नेपालसंवत् आठ शय अठाशी सालका भाद्रशुदि ८ का दिन(?) शुभम् ॥ १ ॥

तदौरसश्च मल्लनेपालभूपतीन्द्ररमणीविलासानां विलोपको मूर्तिमान् शाप इव श्रीमत्सिंहप्रतापसाहदेववर्मा तत्तद्देशकुलमर्य्यादास्थापकः स्माभूत् ॥ २ ॥

श्रीमहाराजा पृथ्वीनारायण साह प्रवेश भयापछि तनै महाराजाका पुत्ररत्न श्रीसिंहप्रताप साह जो छन् सो मल्ल राजन्हरूकन बंधन पार्दा अगति भयाका रानीहरूले वियोगको पहिरन् पहिरीकन बिति गर्न लाग्दा एका मल्ल राजालाई काशीवासको हुकुम गर्दा भया. एका मल्ल राजा आर्यघाटमा मुक्त गराया. आत्महत्या गर्न्या तेजमल्ल राजालाई चंडालको हात सुंपिदिया. एस्तौ प्रकारसित मल्ल रानीहरूको सुख भोग विलासको नाश पार्न्या प्रत्यक्ष मूर्तिमान् शापरूपै भयाका श्रीमहाराजा सिंहप्रताप जो छन् सो तिन् सहर नेपालका देश देशको मर्य्यादा कुलको मर्य्यादा राषतै नेवारको दुनियाको दर्द राषिकन औ दोयम् सिचाह भन्याका चार प्रकारका बेतका पोता दरि आलीबालीको भोग्य गराउन्या श्रीमहाराजा सिंहप्रताप भैगया ॥ २ ॥

तदात्मजश्च प्रणतिप्रतिबिम्बितानन्तसामन्तचक्रशतपत्रैकपात्रीकृतनिर्मलमणिपादपीठः श्रीपृरणबहादूरसाहदेववर्मा श्रीभैरवत्रितत्त्वमूर्तिमांश्चिरं क्ष्मां पालयति स्म ॥३॥

श्रीमहाराजा सिंहप्रताप साहका कुमार श्रीरणबहादूर साह जो छन् सो हिरा मोति गैह अमोल रत्न जड्याका पीठासनमा बसि राज गर्नुहुंदामा चौबीश राजन्हरू प्रभति काँगडा अलमोडा पर्यंतकाले नम्र भै शिर नुहायी शरणागत भयाका सामंत राजन्लोकका मुखकमल जो छन् सो सलाम गर्दा पीठासनमा छाया पर्दा कमलका फुल चढाई राष्याका ढेरै कमल फुल जस्तो देषिया. तस्मात् सामंत राजनहरूको शरणघर भयाको श्री ५ मन्महाराजा रणबहादुर साह देव जो छन् सो भैरवजस्तो त्रितत्त्व सत्त्व रज तम गुणका तत्त्वज्ञानले घोर मूर्तिकन पाई चिरकालपर्यन्त राज्यैश्वर्यको अनुभव गर्नुभयाका महाराजा श्री ५ रणबहादुर साह देवसमान महाराजा एस् भूमण्डलबिषे न भूतो न भविष्यति. अगि भैगयाका र पछि हुन्या पनि छैनन् ॥३॥

CC-0. In Public Domain. Digitization by eGangotri

वृद्धे वयसि च स्वस्तिश्रीसमस्तयोगकलाकोविदयोगीन्द्रगणचिन्तनीयसच्चिदानन्दस्वरूपपरिपूर्णपरब्रह्मानुचिन्तनतदेकताधिगमैकलालससांसारिकसकलविषयाभिलाषविनिर्मुक्तमानसेत्यादिविविधलोकोत्तरगुणग्रामाभिरामश्रीमहानिर्वाणानन्दस्वामिनः सत्कर्मशालिन इति संज्ञां लभते स्म ॥ ४ ॥

सोहि श्रीमहाराजा रणबहादूर साह देव जो छन् तिश वर्षका अवस्थामा अठान्ह मैन्हाका कुमार श्रीगीर्वाणयुद्धविक्रम साह देवलाई राज्याभिषेक दी आफु स्वस्तिश्री समस्तयोगाभ्यासमा निपुण भयाका योगीन्द्र परमहसहरूले चिताउन्या सत् र चित् इ दुइ पदार्थको आनन्दस्वरूपले भरिपूर्ण भैकन परं ब्रह्मको ध्यान गरि परं ब्रह्मको सायुज्य पाउनामा लुब्ध भएर संसारको- विषयवासना स्त्रक् चंदन वनिता आदि पदार्थकन त्याग गरि माटा र सुन बरोवर मानि लोभ मोह कतै नगरि निरहंकार भै राज्यांगको माया नराखि केवल श्रीशिवजीको आराम फुलबारि गैन्ह वृत्ति चढाई शुद्ध शांतचित्त भै गंगास्नान गरि काशीबाट फर्केर केवल नैर्वाणिक गुणसमुदायमा मनोज्ञसित खेलन्या भयाका सत्कर्मशाली श्रीमहानिर्वाणानंद स्वामी कहलाउदा भयाका श्रीरणबहादुर साह भैगया॥४॥

तदनु तदात्मजश्च सुहृत्कुलकमलविकाशवासरेश्वरः स्फीतशौर्य्यमहावंशवनसात्त्विकपञ्चाननः पितृदत्तां श्रियमाबालं पालयन् श्रीमच्छ्री५गीर्वाणयुद्धविक्रमसाहदेववर्म्मा जगतीं शास्ति स्म ॥ ५ ॥

श्रीरणबहादूर साह देव महाराजाका कुमार श्री ५ गीर्वाणयुद्धविक्रम साह देव जो छन् सो तिन पुस्ताका इष्ट मित्र गुरु पुरोहित पण्डित गैह्र प्रजाहरूकन श्रीसूर्य्यले कमलका फुलकन प्रकाश गऱ्या झैं गरि सात्त्विक स्वभावले पालना गरिराख्ता भया. अधिका राजा पितृपितामहका भन्दा अधिक शौर्य वीर्यले महाप्रबल भयाका आफ्ना वंशबिषे वनमाहाँ सिंह केशरी जस्तो कोही सामंत राजनहरूले मिचन नशक्न्या भै सात्त्विक स्वभावको राजसिंह श्रीगीर्वाणयुद्धविक्रम साह देव जो छन् सो बालावस्थामा अठाह्र मैन्हादेखि पितृचरणले अभिषेक गरि दियाका राज्यैश्वर्यकन पालना गरेर कोत आदि पुल गैह्र ठाउँठाउँ निर्मल कीर्ति जग्गहकन बनाउदा भया ॥ ५ ॥

अतः परमिदानीं स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नततुहिनगिरिवरासन्नभूमण्डलाखण्डलनेपालेश्वरश्रीपशुपतिचरणकमलधूलिधूसरितचूडारत्नजगदुद्धरणैकतत्परदानपारमितापारङ्गताः श्रीमन्महाराजाधिराजराजेन्द्रविक्रमसाहबहादूरसंसेरजङ्गबर्माणः सदा समरविजयिनो नेपालेश्वरश्रीमदार्यावलोकितेश्वरादिबुद्धभट्टारककल्पितांशाः राजोपस्करविविधदिव्यवाद्यध्वनि-

CC-0. In Public Domain. Digitization by eGangotri

छत्रध्वजपताकावलिसन्नद्धसबलमन्त्रिजनरलभीमसेनानुचरा हस्त्यश्वरथपादातैर्जग-न्त्याल्हादयमाना दुर्गतपौरोद्धरणानुकम्पकाः श्रीमन्तो भगवन्तो राजेन्द्रविक्रमसाह-देवा महोद्देशेन दिशः प्रकाशयन्तः सकुमारा मूलचोकनामकद्वारदेशात् स्वेष्टदेव-तादर्शनार्थं प्रविशन्ति ॥ ६ ॥

श्रीमन्नेपालवर्षे श्रुतिविशिखनिधौ विक्रमाब्दे खखेटा-
ष्टैकाढ्ये क्रोधिसंवद्धिमसमयऋतौ पञ्चपञ्चाम्बुदाढ्ये ।
शाकेब्दे पौषशुक्ले सशनिदिनमहेशे तिथौ दासू ऋक्षे
चक्रे श्रीराजराजा दिगुतलितुलनादर्शनं सात्मजन्मा ॥ ७ ॥

आजकाल हाम्रा गरीपका भाग्यले श्रीमहाराजाधिराज राजराजेन्द्रविक्रम साह देव विराजमान भयाका छंदा स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादि प्रशस्तिले प्रशं-सामा लायक भयाका पर्वतराज गोर्खाका राजमंडलविषे चूडामणि भयाका नरलोकमा साक्षात् चतुर्बाहु नारायणै भयाका विविध नाना प्रकारका विरुदावली यशका पंगतले विराज-मानको शोभा पायेर मान मर्यादा राष्टै उन्नत भयाका फेर हिमालय पर्वतका नजीक हिम-वत्खण्डको आखण्डल साक्षात् इंद्र भयाका हुनाले नेपालखंडका अधिष्ठाता भयाका फेर श्रीपशुपतिका चरणकमलदेषिन् उठ्याका केशरका धुलाले पवित्र चूडामणि भयाका फेर दुनियाका उद्धार गर्नामा तत्पर भै रुपैआ छरिदिनु आदि अभीष्ट दिनामा पारंगत भयाका सर्व अखण्ड खड्गसिद्धिकन पायेर संग्रामबिषे जयशब्द पायाका फेर श्रीनेपालेश्वर श्रीम-द्वार्य्यावलोकितेश्वर आदि बुद्ध भट्टारक गैह्रले आफ्ना आफ्ना अंश दि राख्याका महाराजा को छन् सो नानातरहका राजोपचारका अलिबलिसमेत पूजा सामग्रीले विविध वाद्यध्वनि छत्र ध्वज पताका निसान लिन्या सैन्यसमेत भैकन जनरल काजी भीमसेन थापा मंत्रिरत्न सहाय भैकन हस्ति अश्व रथ पदाति हिंड्याका शब्दले मुलुकका चित्तकन आह्लादले नियानु गरी गरीप प्रजाका उद्धार गर्नामा करुणा जगाईकन महाप्रसन्नले चतुर्दिशाकन उज्यालो तुल्याईकन नेपालसंवत् ९५४ श्रीसंवत् १८९० शाकसंवत् १७५५ पौषशुक्लअष्टमी शनि-वारका दिनमा श्रीसुरेन्द्रविक्रम साह देव युवराजलाई श्रीतलेजुका दर्शन गराउना निमित्त पाटन सहरका मूलचोकका दर्वाजाबाट प्रवेश गर्नुभयाका दिनदेषिन् महासुभिक्ष भयो ॥६-७॥

श्रीमन्नेपालदेशोत्तमललितपुरे शाक्यसिंहस्वयम्भू-
श्रीगुह्ये शीत्रिलोकैकविजयपशुपत्यादिनित्योत्सवाढ्ये ।
श्रीगोकर्णेश्वराद्यैरथ च जयनिधानादिवाग्मत्यभिख्यै-
स्तीर्थैस्तीर्थीकृतेऽस्मिन् विजयत अधिपो राजराजेन्द्रसाहः ॥ ८ ॥

CC-0. In Public Domain. Digitization by eGangotri

नेपालमण्डलमाहाँ महाउत्तम भयाका ललितपत्तन राजधानी कस्तो छन् भन्या श्रीशाक्यसिंह भया श्रीस्वयंभूचैत्य भया चारै दिशाका स्तूपविव भया श्रीगुह्येश्वरी प्रमुख पीठ भया श्रीत्रिलोकविजयनामा आगमदेवता भया श्रीपशुपति आदि कुंभेश्वर लाखेश्वर गोकर्णेश्वर फणिकेश्वर आदि अष्टवीतरागका महादेवहरूले र वागमतीनामक प्रमुख प्रभावती विष्णुमती केशावती मणिमती टेषुदुभान आदि तीर्थहरूले महापवित्र भयाका फेर देवदेवीहरूका महाउत्सव यात्राले नित्य महामंगल भयाका संतोष चित्तका प्रजाहरू भयाका पाटन शहरको महाभाग्यकन जाग्यो, प्रजा सुख मानी रहँदो भयो ॥८॥

त्रिरत्नसौन्दर्यगाथामा पुरुषरत्न समाप्त भयो ।

शुभम् ॥

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीगणेशाय नमः ।।

आत्मीयाश्रयवासनाविरहिते देवान्तरानाश्रया-
च्चाञ्चल्याद् गतसौहृदं जनमनुज्ञात्वा स्वपाल्यं त्वरा ।
प्रज्ञोपायसमाधिदानवशतो यानत्रयप्रापकं
श्रीरत्नत्रयसंज्ञितं सुविपुलं धाम प्रपद्ये परम् ।। १ ।।

पहिले श्रीरत्नत्रय भनि नाउ भयाका सबै दुनिजाका होरा जस्ता जाज्वल्यमान तेज भयाका पुरुषरत्न श्री ५ मन्महाराजा १ सकल प्रकृतिबिषे मूलप्रकृति भयाका शक्तिरत्न श्री ५ मन्महारानी १ सप्त राज्यांगबिषे मंत्रणामा मूलरत्न भयाका काजी जनरल १ इ तिन वटासरूपी भूमण्डलबिषे निर्मल भयाका परं ब्रह्म तेजकन म शरण गर्छु. ई परं ब्रह्म तेज कस्ता छन् भन्या आफुसँग चाकरि गर्नामा अभ्यास नगऱ्याका कोहि घनिसंग पनि चाकरि नगरि चंचल मात्र भैरहन्या फेर इष्टमित्र पनि कोहि नभयाका एस्ता गरीपकन आफैले सघाउन्यै हो भनि जानि तस् ज्ञानले सिकाई षानापिनाको उपाय जीवनवृत्ति जागीर दीकन चित्त बुझ्काई आफुसग चाकरीमा राषिकन तिन तरहका याम भंनु मार्गमा पुऱ्याई इहलोकमा भुक्तिकन परत्रमा मुक्तिकन दिन्या याम इ तीन थोक वेदशास्त्र धर्म्म-शास्त्र नीतिशास्त्रका मार्गले देश देशका स्रेष्टा थितिबितिकन राषि निसाफ गर्न्या भयाका श्रीरत्नत्रयनामा श्री ५ राजा रानी मन्त्रीकन शरण गर्छु ।। १ ।।

श्रीधर्म्मोदयतः स्फुटीभवदिलाचेमङ्करी सात्त्विकी
प्रज्ञानीतिवरप्रदानरसिका गोर्षेशराजेश्वरी[1] ।
नेपालेश्वरसाहदेवनृपतिं श्रीपृथ्विनारायणं
चर्क्कर्य्यम्ब तवाङ्घ्रिपङ्कजयुगं ध्याये धराधीश्वरम् ।। २ ।।

अब उप्रान्त श्रीगोर्षा महाराजाको वर्णना श्रीराजवंशावलीका प्रशंसा संक्षिप्त गर्छु भनि नेपालका परमेश्वर परमेश्वरी स्मरणपूर्वक सुंदरानंद विनति गर्छ. हे हे श्रीगुह्येश्वरि हे अम्बिके तिम्रो चरणकमलकन म ध्यान गर्छु. तिमि कस्ता छौ भन्या श्रीधर्म्मोदय भनी नाउ भयाका तंत्रमा कहियाका यंत्रदेषिन् प्रकाशमान भईन् र पृथिवीमा अधिष्ठाता भैकन गोर्षेश श्रीनरभूपाल साह देवका मूलप्रकृति देवी भैकन नेपालभूमण्डलका अधीश्वर हुन्या श्रीपृथ्वीनारायण साह देवकन पैदा गराउन्या भयाकी तिमि फेर सत्त्वगुण प्रधानका रूप भैकन प्रज्ञा भन्नु सत्ज्ञान र नीतिको बरदान दिनामा रसिक भयाकी एस्तै भयाकी एस्तै भन्याको छ. न्याय हराया गोर्षा जातु विद्या हराया काशी पुग्नु भनि भन्याका कुराकन पुराउन्या भयाकी जौना तिमिले सात्त्विक अवतारका पृथ्वीनारायणकन नेपालेश्वर

---

[1] पाठान्तर—श्रीगुह्यराजेश्वरी ।

CC-0. In Public Domain. Digitization by eGangotri

तुल्यायौ. एस्ता प्रकारका तिमि सात्त्विकी रह्याछौ ॥२॥

गोर्षानाथतपःप्रसादितमतिर्मत्स्येन्द्रनाथः पुरा
दत्वा स्वांशमचीकरन्नृपवरं सिंहप्रतापाभिधम् ।
सोयं वो दिशतु श्रियं जिनसुतो नेपालभूमण्डला-
धीशः श्रीकरुणामयो विधिहरिश्रीनीलकण्ठात्मवान् ॥ ३ ॥

श्रीगोरषनाथका तपस्याले प्रसन्न चित्त भयाका श्रीमदार्यावलोकितेश्वर श्रीमत्स्येन्द्रनाथले पूर्वकालमा आफ्ना अंशकन दिएर श्रीसिंहप्रताप साहलाई नेपालेश्वर महाराजाधिराजको ऐश्वर्यकन भोग्य गराईदिया. एस्ता प्रकारसित श्रीमदार्य्यावलोकितेश्वरको तेजसमेत लीकन श्रीगोरषनाथ सिद्ध जो छन् सो श्रीमहाराजा सिंहप्रताप साह देव भैकन अवतार लिदा भया. श्रीमत्स्येन्द्रनाथ कस्ता छन् भन्या श्रीबुद्धमार्गीय शास्त्रका मतले अमिताभ तथागतका पुत्र भयाका फेर नेपालभूमण्डलमा अधीन देवताहरू जति छन्. तन्का पनि अधीश भयाका फेर श्रीकरुणामय भनि नाउ भयाका ब्रह्म विष्णु महेश इ तिनैका अंशको चिह्नरूप भयाका एस्ता प्रकारका श्रीमदार्य्यावलोकितेश्वर श्रीमत्स्येन्द्रनाथले राजैश्वर्यकन बढाईदिउन् ॥ ३ ॥

नेपाले विजितेऽप्युपायबलतो[1] गोर्षाधिराजो यदा
निष्प्रत्यूहतया नृपासनमधिष्ठातुं सशङ्कोऽभवत् ।
नानादैवतमंत्रणेन च हयग्रीवात्मकं सोऽसृज-
च्छ्रीमच्छ्रीरणबाहदूरनृपतिं प्रत्यूहदावानलम् ॥ ४ ॥

आफैले दियाका नेपालभूमण्डलका रजाजि गर्नामा क्षणक्षणै नेपालका दुष्ट जनका बषेडा परिआउदा गोर्षा राजा श्रीसिंहप्रताप साह देवका चित्तले उदास हुँदा निर्विघ्नपूर्वक राज्यासन गादि अधिष्ठान गर्नामा संशय भै चित्त चचल हुँदा श्रीमदार्य्यावलोकितेश्वर करुणामय श्रीमत्स्येन्द्रनाथले देवासुर गंधर्वगैन्हसित सल्लाह गरेर विघ्न-विध्वंसन गर्ना निमित्त वाडवाग्निसरूप डढ्याला भैं भयाका श्रीमन्महाराजाधिराज श्रीरणबहादूर साह देवकन हयग्रीव भैरवका सरूपले सृष्टि गर्दा भया. श्रीहयग्रीव भैरवसरूप हुनाले मानिसमाथी चह्नन्याका स्वभावले प्रख्यात भयाका राजा न भूतो न भविष्यति अघि भै गयाका छैनन् पछि हुन्या पनि छैनन्. उन महाराजा श्रीरणबहादूर साह देवका वर्णन गरिसक्न्या छैनन् पछिल्ला ग्रंथमा लेख्ला ॥ ४ ॥

गीर्वाणाग्रिमयुद्धविक्रमविधुं सौम्येन्द्रियं चीरधौ
ताराधीशमिव क्षमाप्रतिकृतिं ब्रह्मौजसा व्याप्तम् ।

पाठान्तर-१. वशतो

CC-0. In Public Domain. Digitization by eGangotri

तत्तत्कीर्तिसमृद्धये भगवती श्रीतारिणी निर्ममे
सोर्द्धीकृत्य निजां तनुं जनरलाभिख्ये महस्यत्यगात् ॥ ५ ॥

श्रीरणबहादूर साह देवले नेपालको रजाजि गरि अनेक विघ्नरूप शत्रुसमुदायकन कायल गरिसक्यापछि एस्ता एस्ना बडा कीर्ति सिद्धचाउना निमित्त क्षीरसमुद्रमा चन्द्रमा जस्ता क्षमासरूप शक्तिले युक्त भयाका मैत्री १ करुणा १ मुदिता १ उपेक्षा १ इनि चार प्रकारका ब्रह्मविहारतेजले व्याप्त भयाका श्रीमहगीर्वाणयुद्धविक्रम साह देवसरूप चन्द्रमाकन श्रीतारिणीनामा श्रीमदार्य्यावलोकितेश्वरको मूलप्रकृति तन्‌ले निर्माण गर्दा भईन्. सोहि राजचंद्रमा भूमण्डलकन वेदशास्त्रको धर्मशास्त्रको नीतिशास्त्रको निसाफले उज्यालो गराई विराजमान हुँदा भया. उप्रान्त उनै राजचन्द्रमा जनरलनामा थापा काजीका परं ब्रह्मतेजमा आफ्ना आत्माको अर्द्धांश विन्यास गरिकन जीवन्मुक्त भैगया परं ब्रह्मका धामबिषे लीन हुँदा भया । ५ ।

कौशल्येव धरापतेर्दशरथस्यारुन्धतीवद् वशि–
ष्ठस्यर्षेरिव जानकी रघुपतेर्मैनेव शैलेशितुः ।
स्वाहेव ज्वलनस्य शूलिन इव श्रीविष्णुभक्तिः प्रिया–
स्याभूच्छ्रीरणबाहदूरनृपतेः श्रीमत्त्रिपुरसुन्दरी ॥ ६ ॥

अब उप्रान्त प्रकृतिरत्न भयाको श्रीमन्महारानीको शरण गर्छु. राजा दशरथका रानीहरूका मध्ये कौशल्या पियारी भै वसिष्ठ मुनीश्वरका अरुन्धती पियारी भै श्रीरामजीका सीता पियारी भै पर्वतराज हिमालयका पियारी मैना भै अग्निदेवताका पियारी स्वाहा भै श्रीमहादेवका पियारी विष्णुप्रितका भक्ति भै श्रीमहाराजाधिराज रणबहादुर परम निर्गुणानन्द स्वामिका अतिपियारी श्रीमहारानी ललितत्रिपुरसुन्दरी देवी चिरकालपर्य्यन्त राज्यांगको शुभचिन्तना गर्दा श्रीकांतिपुर राजधानीमा साक्षात् लक्ष्मीका मूलप्रकृतिले विराजमान भयाकी राज्यांगबिषे निर्विघ्नपूर्वक महासौभाग्यवती भयाकी छन् ॥ ६ ॥

कृष्णं यशोदेव ररक्ष येयं
राजेन्द्रराजं क्षितिपालरत्नम् ।
सेयं त्रिवर्गप्रकृतिः सुधन्या
धाम प्रपेदे स्म सदाशिवस्य ॥ ७ ॥

अब उप्रान्त प्रकृतिरत्न भयाका श्री ५ मन्महारानीको वर्णना संक्षिप्त कहंछु. वसुदेव नाउ भयाका गोंपालका भार्य्या यशोदा गोपिनीले श्रीबालकृष्णलाई षेलाउदी रह्या झैं गरि श्रीस्वामी रणबहादूर साह देव महाराजाका देवी श्री ५ मत्ललितत्रिपुरसुन्दरी महारानीले

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ मन्महाराजाधिराज गीर्वाणयुद्धविक्रम साह देवलाई बहुत यत्नसंग श्रीस्वामी गंगालाभ हुँदा राज्यांग मूलकसमेत पालना गर्दी रह्याकी फेर श्री ५ मन्महाराजा गीर्वाणयुद्धविक्रम साह देव स्वर्गी भयापछि बहुत तरहसंग सिकाइ सघाईकन श्री५ मन्महाराजाधिराज राजेन्द्र-विक्रम साह देवलाई प्रतिपाल गर्दा रह्याकी एस्ता प्रकारसित तिन् पुस्ताका राज्यांगको अधिष्ठाता भईन् र दुनिआका महतारी श्रीमन्महारानी ललितत्रिपुरसुन्दरी संसारमा उज्यालो कीर्ति देवालय बनाई परं ब्रह्मका धामबिषे लीन हुँदी भईन्. श्रीमन्महाराजा रणबहादूरका राज्यांगबिषे साक्षात् धर्म अर्थ कामुनासरूप भयाका ।। ७ ॥

ये धर्मा बहुश. पठन्ति जिनजा एवं मयेत्यादिका
मार्कण्डेय उवाच पूर्वकमथो शृङ्गाटके वर्णशः ।
पृथ्वीं शासति भीमसेनसचिवे श्रीमन्महाराजरा-
जेन्द्रे धर्मपरायणाः समभवन् गेहे च गेहे महः ॥ ८ ॥

तहापछि जनरल भीमसेन थापा मंत्री पायाका श्रीमन्महाराजाधिराज राजराजेन्द्र-विक्रम साह देवले पृथ्वीमण्डलको पालना गर्दा दुनिआले घरघरपिछे महाउत्साह गऱ्या. चारै वर्णका प्रजाले आफ्ना आफ्ना वर्णका ढेरै जना बटोलीकन एवं मया श्रुतं भन्याका गाथाकन ठाउँ ठाउँमा गाउँदछन्. बौद्धका स्थानमहाँ ये धर्मा भन्याका गाथा श्लोकको पाठ गर्दछन्. प्रातःकालबिषे टोल टोलमाहाँ महाहर्षसित मार्कण्डेय उवाच गैह आदि गरिकन नानापुस्तकहरूकन चौबाटामा पनि पढ्दछन्. निर्द्वंदसित चित्त स्थिर गरेर माला जप्दछन्. देश देशका दुनिआले योग्यअनुसार वित्त शिल्पमाफिक दान धर्म गर्नामा तत्पर भै महाराजाको शुभाशिष दि ठाउँ ठाउँमा अनेक प्रकारका भजन गर्दछन्. महाषुसि छन्. परंतु सात्त्विक स्वभाव हुनाले हामि जस्ता गरिपले पनि केहि माग्नामा बोलन सकेनन्. पुरुषरत्नसंग नबोलिकन पनि फलित हुंछ भन्याका छन् ॥८॥

श्रीमानात्रेयथापाकुलजमणिररिस्त्रैणवैधव्यदीक्षा-
चार्य्यः ख्यातो यशस्वी जनरल इति यल्लोकतेजःप्रदत्वात् ।
चातुर्वर्ण्यस्थितीनां हितकृतिकुशलो रीतिनीतिप्रवीणो
जीयाच्छ्रीभीमसेनः सचिवकुलमणिर्ल्लब्धभर्गप्रसादः ॥ ९ ॥

श्री ५ मन्महाराजाको अर्द्ध देहको तेज पायाका श्रीजनरल काजी भीमसेन थापाका जयजयकार रहोस्. कस्ता छन् भन्या श्रीपदले युक्त भयाका आत्रेयगोत्रका थापाकुलमा जन्म लि कुलरत्न भयाका वैरिस्त्रीसमुदायको विधवा गनरूप दीक्षाकर्ममा आचार्य्य भयाका जन भन्नु लोक तेसलाई रल भन्नु तेज दिन्या अर्थात् जनलोकलाई योग्यानुसारको जीव-

CC-0. In Public Domain. Digitization by eGangotri

नवृत्ति दिनाले जनापिछे तेज दिन्या भै जनरल भनि यथार्थनामले सर्वत्र प्रख्यात यश पायाका ब्रह्म क्षत्र वैश्य शूद्र गैह्र नानाजातका जो स्थिति रीति छन्. तन्को गर्नामा निपुण भयाका देश देशका रीति र नीतिबिषे जाँन्या भयाका मंत्रीहरूमा रत्न भयाका श्रीमहादेवका श्रीगुरु गणेशका वरप्रसादकन पायाका ॥९॥

सकलसुरतोषकं निखिलनरपोषकं
विहितबहुभावनं प्रचुरतरकम्बुकम् ।
कनकमयकञ्चुकं दुरितदरखण्डकं
विविधमणिमन्दिरं निहितगुणिमण्डलम् ॥ १० ॥

सुहितनृपचिन्तनं सचिवकुलभूषणं
सकलदिशि कीर्तितं सुकृतमयभाजनम् ।
जनरल इतीरितं सुकृतिजनसङ्गतं
गृणत मह अद्भुतं भुवनभयगञ्जनम् ॥ ११ ॥

हे ज्ञानिलोकहो जनरल भनि प्रख्यात भयाका अपूर्व तेजकन स्मरण गर भनि ग्रंथकारले महाषुसिसंग भंदछन् . कस्ता तेज हुन् भन्या सकल देवताको संतोष गर्न्या भयाका संपूर्ण नरलोकको पालना गर्न्या भयाका सर्वप्रकारका लोकको कांक्षा पुऱ्याउन्या भयाका कंपुनामा लस्कर बहुतै भयाका सुवर्णमय कवचको धारणा गर्न्या भयाका पापको र डरको नाश गर्न्या भयाका नानाप्रकारका रत्नको घर भयाका क्या क्या रत्न भन्या अश्वरत्न १ गजरत्न १ खड्गरत्न १ मणिरत्न १ गृहपतिरत्न १ स्त्रीरत्न १ परिणायकरत्न १ इ सात प्रकारका रत्न शास्त्रमा कह्याका छन्. फेर कस्ता तेज हुन् भन्या गुणिजनहेरु बहुतै संग्रह गर्न्या भयाका श्रीमन्महाराजाका सेवा अतिबढिया प्रकारसित गर्न्या भयाका मंत्रिषलकमा अलंकार भयाका दिशा दिशामा कीर्ति चल्याका बहुत पुण्यका पात्र भयाका ससारका भयको नाश गर्न्या भयाका अर्थात् मुक्तिकन पनि दिन्या संसारमा पनि राषन्या एस्ता अधिक अद्भुत भयाका तेजको स्मरण गर. तब ज्ञानमा पनि संसारमा पनि दुवै मार्गमा सिद्धिकन पाउन्याछौ ॥ १०-११ ॥

नेपालभाषाको श्लोक ॥

जनरल प्रभु हे महावीर दाता
सदा ज्ञानिपिं लोक उद्धार यायेगुली ।
स्वरग भुवनया सिमारूपह्मं
इंद्रया थ्यं बडा नाम जाहीर दक्वो दिशास ॥ १२ ॥

CC-0. In Public Domain. Digitization by eGangotri

गुरु गणपतिनं महाकालनं
श्रीबुगंदेवनं लक्ष्मिनं अंश बिश्यं तया ।
जिपनि वह मनुष्य[1] उद्धार यायेगुलीसं
गठे छाय धंधा मकायी प्रभुम् ॥ १३ ॥

फेर चित्तका हर्षले नेपालभाषाबाट श्लोक भन्न लाग्यो. हे जनरल प्रभु हे महावीर हे दाता सधै ज्ञानिहरूको र गरिप्को उद्धार गर्नामा कल्पवृक्षसरूप शरीर भैकन चितायाको दिन्या एक तपाई हुनुहुन्छ. इन्द्रका झैं सबै दिशामा बडा नाम जाहीर भयाका श्रीगुरु गणपतिले पनि महाकालले पनि श्रीमत्स्येन्द्रनाथले पनि लक्ष्मीले पनि आफ्ना आफ्ना सिद्धिको अंशकन दि राख्याका तपाइ हुनुहुन्छ. एस्ता तपाईंले हामिजस्ता साना मानिसको उद्धार गर्नामा पनि क्यान धंधा नलिनुहोवैन. अर्थात् सर्वथा धंधा लिनुहोला. ग्रन्थकार बाँडाका दरिद्रता छुटाईदिनुहोला ॥ १२-१३ ॥

पर्वतभाषाश्लोक ॥

बलीया मानिस्ले[2] बल मिचि लियाका सहि भया
कहाँ पाऊँ नीसाप् जनरलविना भूमिभरमा ।
प्रभु स्वामीजीका धरममय अर्द्धांगमुरुती
दुनीयाका स्रेस्ता दुनिजसित राष्न्या धरमि हुन् ॥ १४ ॥

कोही रकमिहरूले सर्कारका बल मेरा छ. सर्कारका मानीस म छु भनि जफत गरि केहि काज कुरो उसै मिचिन्याले सहि गन्यो भन्या निर्बलियाले निसाफ पाउनु कठिनै छ. तस्कारण भरभूमिमा एक जनरल विना निसाफ बोलन्या अरू कोहि छैन.केनभन्या सत्त्व रज तम तिन् गुणका स्वभावले श्रीहयग्रीव भैरवका अवतार पायाको श्रीरणबहादूर स्वामिजीका धर्ममय अर्द्ध शरीर हुनाले बिनिसाफ बोलनु स्वभाव नहुन्याले र दुनियाका ज्या अधिको स्रेष्टा दुनियासित राज्न्या हुनाले सबैले निसाफै निसाफ पायाको छ. अर्थात् जनरलका नाम लिनैमात्र कसैले निसाफ छोडिकन मिचन सकेनन्. एस प्रकारका धर्मात्मा रह्याछन् ॥ १४ ॥

पर्वतभाषाश्लोक ॥

क्षत्रीधर्म्मबिषे प्रतापि जनरल् काजी बिराजमान् भया
जन्ले यो जिमि वैरिनिर्जित गरि श्रीस्वामिजीका बडा ।
राज्यैश्वर्य्य थमीदिया चहुदिगै मूलुक् खुसी भै दिया
कोटी लक्ष बिती गया नृपहरू क्या कीर्ति उन्का थिया ॥ १५ ॥

पाठान्तर– १. दरिद्र । २. हाकिम्ले

CC-0. In Public Domain. Digitization by eGangotri

क्षत्रीधर्म भन्नु राजनीतिमा प्रतापवान् तेजस्वी भयाका भीमसेन थापा जो छन्. काजी भन्नु मन्त्रिवर्ग तस्माका शिरोमणि हुँदा जनरल नाउँ प्रख्यात भै बहुत शोभायमानपूर्वक विराजमान हुँदा भया. जन्ले एस् मुलुकमा स्वामि अमात्य सुहृत् कोश राष्ट्र दुर्ग बल प्रकृति पौरश्रेणी गैन्ह राज्यांगले युक्त भयाका राज्यमा परिआयाका चारै दिशाका संपूर्ण काज काम बेहोरिकन वैरिहरूकन घपाई श्रीस्वामिजीका राज्य थामिदिया. जनले गन्याका स्तेस्ताले छोटा बडा संपूर्ण दुनियालाई सुबिस्ता हुँदा मुलुक् खुसि भै गया. एस्ता एस्ता उपमा दिनामाफिकको सत्कीर्ति नेपालमा लाषं कोटि राजन्हरू बितिगया. तनका क्या थिया. अर्थात् सामान्य मात्रै थिया ॥ १५ ॥

पर्वतभाषाश्लोक ॥

चित्रै चित्र बडा महल् बनिगयो श्रीविश्वकर्मा पनि
चित्रैदेषि त चित्तविभ्रम भयो धन्यै छ जनरल् भन्यो ।
दिक्पाल्हेरु दशै पनी षुसि भया दीदा भया जश् अधिक्
श्रीजनरैल खसम् प्रभू विजयते नेपालभूमण्डले ॥ १६ ॥

नेपालमा अपूर्व डबलसंग बनायाका कीर्तिकन कहंछु. चित्रै चित्र बडा महल बनिगयो. ऐटको चित्रमा काठको चित्र काठको चित्रमा पनि सुधालेपको चित्र सुधालेपको चित्रमाथि पनि रंगको चित्र रंगको चित्रमाथि पनि दर्पणको चित्र दर्पणमाथि पनि सुनहरिको चित्र एसै प्रकारका चित्रले ठुला ठुला घर बनिसक्यो. ति देषेर श्रीविश्वकर्माको पनि चित्तभ्रम भयो. भ्रम भयेर आफु बस्याका जग्गहको ठेगान पाउनुसक्येन र स्वर्ग हो कि मर्त्य हो भन्न लाग्या. साबास जनरल काजी धन्य छन्. मेरा मन पनि भुलाई दिन्या रह्याछन्. यसै प्रकारले दिशा दिशाका दश दिक्पालले पनि चित्त खुसि भएर अधिक् जश दिन्या भयाछन् एस्ता प्रकारले जनरलनामा काजी प्रभु ऐश्वर्यले युक्त भैकन जयजयकारले बस्याका छन्॥१६॥

नानास्तोत्रसुगीतिमंगल महल् बाघै बगैंचा असल्
धारा पानि सरोवरै जल अमल् माछा कछूवा कमल् ।
कल्हारोत्पलकेतकीगलित धूल् त्रैलोक्यका चित्त भूल्
श्रीभीमेश्वरपुण्यभूमि टुडिषेल् धन्यै छ नेपालतल् ॥ १७ ॥

अब टुनिषेलका भाग्य र उपमाकन कहंछु अघि ता मल मूत्र झार जंगलका काढाले कमिला माटाले व्याप्त भयाका टुंडिखेल थियो. ऐल्ले र अनेक प्रकारका रक्तति संगीति पुराण गैरह पढ्याका शब्दले र अप्सरारूपी केटीहरूका सुगीति गर्नाले मंगल् भयाका महल् ठुला ठुला घरले असल बेसै गरिबस्न्या जग्गह भयो. बाघै भन्नु यमराजको हतियार

CC-0. In Public Domain. Digitization by eGangotri

दंडसरूप अग्लो भैकन टाडाबाट पनि देखिन्या गरिबनायाका खंब तेस्‌ले पनि असल् मनोहर बस्न्या जग्गह भयो. नानातरहका झार लहरा रूष भयाका उद्यान बगैंचाले पनि असल् बेस् बस्न्या लाएकको जग्गह भयो. फेर नया बनायाका हिटिको पानि असल् हिम जस्तो शीतल फटिक जस्तो निर्मल एस्ता हिटिका पानिले असल् जग्गह भयो, सरोवरै जल अमल् राम्रो सिढि बनाइराष्याका पोषरीले र आठ गुण भयाका पानिले पनि असल् जग्गह भयो. क्या क्या आठ गुण भन्या स्वच्छ १ सुगंधि १ सुशीते १ सुस्वाद १ सुपथ्य १ सुस्निग्ध १ सुलघु १ सुजीर्ण १, एति एस् पोषरिमा नाना जाति वर्णका माछा कछूवा हुनाले पनि असल जग्गह भयो. राता सेता नीला कमल कल्हार केतकी एतिका केसरका धुलो उडेर तेस् धुलाले तिन लोकका चित्तकन पनि भुलाईदिन्या भया. फेर श्रीभीमेश्वर नाउले शिव थापना गरेर पवित्र टुडिषेक भयाका नेपालभूमण्डल धन्य धन्य रह्याछन् ॥१७॥

पर्वतभाषाश्लोक ॥

जाती चंपक मालती फुल फुलै शोभा बहूतै दियो
नारंगी फल जंबु दाष बदरी जंबीर चाक्सी भयो।
कांठ्याज्याबिर सुंतला कटहरै लंबायमानै थियो
साक्षात् नंदन झैं गरी बगइचा सब्जीजपूरै भयो[1] ॥१८॥

ऐल्ले र बगैचाको उपमाकन संक्षेपले गर्छु. जाइ भयो चमेरी भयो चंपा भयो एस्ता एस्ता गैरह फुल फुलेर बगैचाले टुडिषेलको बहुतै शोभा दियो, नारंगी फल भयो जामुन भयो दाष भयो बयर भयो ज्यामीर भयो चाकसी भयो काँठ्या ज्यामीर भयो सुंतला भयो कटहर भयो रूषकटहर भयो एति जात गैरहका रूषले र बोटले लहराले बहुतै सपन्याका फुलका भारले नरम भयाका बगैंचा साक्षात् स्वर्गमा देवराज इंद्रका नंदन उद्यान झै गरि सबै थोक फल फुलका बिरुवाले परिपूर्ण भयेर शोभायमान भयाको छ ॥१८॥

पर्वतभाषाश्लोक ॥

तरह तरह पारी बीच बीचै सधाम्‌दा
जलभर घइटाले सेचना सेचनैमा।
क्षणभर उबजै भै गुच्च गुल्मै लतामा
फलफुल भरि शोभा देषियो उस् घरैमा ॥१९॥

ऐल्ले र बगैचाको भूमि गुणकन संक्षेपले कहन्छु. जोना रूष भयो वा बोट भयो वा लहरा भयो वा एसमा जोना तरहसित आली गैरह बनायेर हांगा उघो उभो पन्याकालाई

पाठान्तर- १. सब्जीज पूरै थियो

CC-0. In Public Domain. Digitization by eGangotri

काउ गैरह डोरि लायेर रूषका बोटका लहराका अनुसार माफिक तह पारिकन केहि बीचबीचमा सारेर घडाभर पानी ले सिचन गर्दा गर्दै मा घरिभरका बीचमा रूषका बोटका लहराका बिरूवाका फलफुल सपारेर बगैचाको भारी शोभा देषिन्या भयो एस्ता चमत्कार टुडिषेलका माटाको गुण र लुमुडि माजुका प्रभाव र श्रीमहाराजाका प्रताप श्री-जनरल काजीका बुद्धिका पराक्रमको तेजले हो भनि जान्नु ॥ १९ ॥

वाग्द्वारैद्यषि वाग्मतीकन समाराधन् गरी सत्यले
श्रीकांतीपुर राजधानिविषये व्यापत् गरी पानिले ।
श्रीभीमेश्वर सौउता हुनुबिषे लज्जा बहूतै गरीन्
श्रीगंगाजि सरस्वती नदि भई पर्षारभित्रै पसीन् ॥ २० ॥

नया बनायाका टुडिषेलभित्रका हिटिको वर्णन गर्छु. पूर्वकालबिषे नेपालका राजा एक कोही मल्लले ईश्वरसग केहि वचनले सत्य गरिकन वाग्द्वार भन्याका ठाउँ देषिन् वाग्म-तीको बिदुका धारा आराधना गरि ल्याउदा साक्षात् प्रत्यक्ष देषिन्या भैकन श्रीकान्तिपुर विषयका घरहि रानीपोषरी गैन्ह पानीले भन्याका देषतै थिया. अब उप्रान्त रानीपोषरीका सिमानादेषिन् टुनिषेलमा ८० सालमा नयाँ बनायाका श्रीभीमेश्वर महादेवका ऐश्वर्य पाइकन जेठी गंगादेषिन् मनमा ढेर लाज मानीन् र श्रीवाग्मती गंगा सौताका छलले गरि सरस्वती नाउ भयाका गंगा भैमा लुक्या भै अरू कोही बिरानाको बगैचाका पर्षारभित्र लुकन पसिन् ॥ २० ॥

पर्वतभाषाश्लोक ॥

श्रीगंगा यमुना सरस्वतिसरूप् धारा तिनै भै गईन्
श्रीभीमेश्वरभूतिसंपदचमत्कार्ले कृतार्थै भईन् ।
बागै मण्डप सत्तलै बगइचा श्रीकांतिपुर् गैरहै
पुण्यक्षेत्र प्रदक्षिणा गरि यकै धारासरूप् निस्कईन् ॥ २१ ॥

पर्षारभित्र लुकन पस्याको वाग्द्वारका गंगाले भित्रैभित्र संगिनी पाया भै गंगा यमुना सरस्वतीसरूप तिन् धारा मुख्य भैकन श्रीभीमेश्वर महादेवका सनिधानको टुनिषेलका भैबाट निस्किन् र सोहि हिटि त्रिपुरधारा भईन् श्रीभीमेश्वरका विभूति ऐश्वर्य्यमान मर्य्या-दाको चमत्कार देषिन् र चित्तको कृतार्थले संतोष मानिकन टुडिषेलको बागै भयो मण्डप सत्तल भयो बगैचा भयो श्रीकांतीपुर भयो पुण्यभूमि टुडिषेल भयो एतिलाई प्रदक्षिणा गरिकन तिन् मूर्तिले एकै भैकन टुडिषेल नाघनै बित्तिकै धाराका सरूपले निस्कंदो भईन् र त्रिपुरेश्वर महादेवका अभिषेक जलले पवित्र भयाका वाग्मतीका उहि जलमा मिस्न गईन् ॥ २१ ॥

CC-0. In Public Domain. Digitization by eGangotri

शास्त्रं सीयधुनो मुलुक् स्त्रयधुनो लोकशास्त्रया सार् सिया
थो संसार असार सागरस सार् नेताजुको जिं सिया ।
धंधा त्याग यङा गुहास दुबिना माला जेप थो छता
रक्षा याय गरीपया थुगु छता जिंजा मसीया स्वता ॥ २२ ॥

नेपालभाषाका श्लोकबाट जनरलले दुनिजाका स्त्रेस्ता दुनिजासित राषनु धरम हो भन्ि कन चितायाको सात्त्विक भाव कहन्छु. भागवत भारत इत्यादि पुराण गैरह शास्त्र पनि जानिसक्युं. चारै दिशाका मुलुक पनि हेरि सक्युं. फेर लोकमाका स्त्रेस्ता पनि बुझि सक्युं. अब उप्रान्त अनित्य संसारमा यो नरदेहका सार भन्याका दुइ थोक मात्र मैले देष्छु. क्या क्या भन्या लोभ मोहको माया छोडेर गुफामा पसिकन माला जपनु १ गरीपको उद्धार गरेर आबु राषिदिनु १ इ दुई थोक मात्र सार छन् अरू हि तिन् थोक् मैले जानेनन् भनि चित्तले बुझि गरिप्को दारिद्रय फालि दिन्या भया ॥२२॥

नेपालभाषाको श्लोक

न्हुं न्हुं दुःख अपालयां ततुततं न्हुं न्हुं मही तादतं
सुं सुं सुं झसुकाल तूं ततुतयां छुं छुं मफू ज्या थिए ।
धंधा तूं मनसं जुलो धन मडू धंधा सदा दामया
हा हा दैव थनी छिगू दरशनं दौर्भाग्य मोचं जुलो ॥ २३ ॥

उप्रांत ग्रंथकर्ता सुन्दर बाँडाले आफ्ना दारिद्रय र दौर्भाग्यकन जहारी गर्दै अर्जी गछ. दिन्का दिन बहुतै थप्तै थप्तै दुःख परिरह्यो. दिनका दिन केहि आरंभ गर्‍याका काज काम व्यर्थ भै गयो. दरिद्रको त थोरै काज काममा पनि नसहिन्या ढेरै हुंछन्. तस्कारण सुसुंसु गर्दै सुस्केरा फेद केहि काज काम छुनै सक्तैन तेति नसक्ता आज कसो गरि निर्वाह गरनु. परियार पालनु. भोलिबेर क्याप होला. कस्तो होला भन्या फिक्का मात्रै बढ्यो. स्वामिद्को चाकरि छोड्यो. तेस्माथि धन छैन. धधा भन्याका सधैं दामका हुंछ. दाम पायेन र लालाबाला पालनु र कवितामा अभ्यास गर्नु अवसान भैगया. एसै प्रकारका हाहाकार हुँदाका बषतमा तिम्रा दर्शन पायाँ. हे त्रिरत्न हे प्रभु हे दैव मेरो दोर्भाग्य आज छुट्टि गयो ॥२३॥

पाठान्तर-योगी नरहरिनाथले छपाएको प्रातमा अन्त्यमा एक श्लोक बढता छ—

इति प्रमुदितचेताः श्रीमद राजकीर्ति
जनरलसचिवाग्र्यस्याज्ञया सुंदराख्यः ।
गणयति च तदस्तु श्रीत्रिरत्नस्य तुष्टयै
– यदि पदमपशब्दं क्षंतुमर्हन्ति सन्तः ॥

CC-0. In Public Domain. Digitization by eGangotri

[परिशिष्ट 'ख']

श्रीललितापुरीराजानः—

श्रीशिवसिंह मल्ल
श्रीसिद्धिनृसिंह मल्ल
श्रीनिवास मल्ल
श्रीयोगीन्द्र मल्ल
श्रीमहान्द्र मल्ल संव ८३५
श्रीविष्णु मल्ल संव ८४९
श्रीराज्यप्रकाश मल्ल
श्रीविश्वजित् मल्ल
श्रीरणजित् मल्ल
श्रीजयप्रकाश मल्ल
श्रीपृथ्वीनारायण साह ८८८
श्रीदलमद्दन साह
श्रीसिंहप्रताप साह वर्ष ३
श्रीरणबहादूर साह वर्ष २२
श्रीगीर्वाणयुद्धविक्रम साह २२
श्रीराजराजेन्द्रविक्रम साह

—०—

श्रीपर्वतराजानः—

१४८१ श्रीद्रव्य साही वर्ष ११
१४९२ श्रीपूरण साही वर्ष ३६
१५२७ श्रीछत्र साही वर्ष ३
१५३० श्रीराम साही वर्ष २४
१५५४ श्रीडंबर साही व. ९
१५६३ श्रीकृष्ण साही व. १८
१५७९ श्रीरुद्र साही व. ११
१५९० श्रीपृथ्वीपति साही ४६
१६६३ श्रीवीरभद्र साही युवराज
१६— श्रीनरभूपाल साही २६।८
१६६४ श्रीपृथ्वीनारायण साही ३२
१६९६ श्रीसिंहप्रताप साही वर्ष ३
१६९८ श्रीरणबहादूर साही वर्ष २२
१७२० श्रीगीर्वाणयुद्ध साही वर्ष १८
१७३८ श्रीराजराजेन्द्रविक्रम साही
श्रीसुरेन्द्रविक्रम साही
श्रीनरेन्द्रविक्रम साही

—०—

श्रीकांतिपुरीयां ललितपुरीयां राजा—

श्रीशिवसिंह मल्ल
श्रीलक्ष्मीनृसिंह मल्ल
श्रीहरिहरसिंह मल्ल लालमती रती.भा.

—०—

श्रीहरसिंहदेव मल्ल
तत्पुत्र श्रीबल्लालसिंह मल्ल
त. श्रीदेव मल्ल
तत् श्रीनाग मल्ल
त. श्रीअशोक मल्ल
त. श्रीजयस्थिति मल्ल
त. श्रीयक्षमल्ल बुगंदेवरस रुंया तोरं त.
त. श्रीराय मल्ल
त. श्रीभुवन मल्ल
त. श्रीप्राण मल्ल
त. श्रीविश्व मल्ल
त. श्रीत्रैलोक्य मल्ल
त. श्रीजगज्ज्योतिर्मल्ल
त. श्रीसुमति जितामित्र मल्ल
त. श्रीभूपतीन्द्र मल्ल
त. श्रीरणजित् मल्ल

— ० —

CC-0. In Public Domain. Digitization by eGangotri

अवाज्यें मुलुक फत्ये पृथ्वीनारायण साह
संवत् १७९९ अशुनवदि ५ रोज ७ नुवाकोट अंबल
" १८२३ साल कीर्तिपुर अंबल
" १८२५ साल भाद्र शु १४ रोज १ कांतिपुर सहर अंबल
" " " आशुवदि ११ रो ४ पाटन् सहर अंबल
" १८२६ मार्ग दिन गता १४ रो १ भद्गाउं सहर अंबल
" १८२९ भाद्रशुदि ८ रो ४ साझकिरात अंबल
" १८३४ श्राव शु ३ रो ४ शुमेश्वर अंबल
" १८३९ कार्ति वदि १० रो ५ लमजुं अंबल
" १८४३ आशुनशुदि ५ रो पवंत अंबल
" १८४५ भाद्र दि जुमला अंबल
" १८ ; ६ ··· डोटी कुमाऊ "
" १८०३ साल भाद्र वदि १ रो ४ महादेवपोखरी नालदुम् अंबल
" १८१६ आषाढ शुदि ७ रो १ स्युपुरी अंबल
" " माघवदि ९ रो ६ काभ्या "
" १८१९ भाद्र शु २ रो ७ मकवान्पुर "
" " आश्विनवदि रो ३ तिमालकोट "
" " कार्तिकवदि १ रो २ हरिहरपूर "
" " आशुन शु १४ रो ७ सिंघुलिकोट "
" १८२० आशुन शु रो ७ धुलषेल प्रभृति सात गाउ अंबल
" १८०३ भाद्र व रो ४ नालदुम् अंबल
" १८११ श्रावण व रो ५ महादेउपोखरी अं
" १८१२ श्राव वदि रो ३ रामच्यामा ठाना पन्याका
" १८१८ ज्येष्ठ शुदि रो २ चोकोट अंबल
" १८१९ पौ व रो ७ कविलासपुर अं.
" १८१९ कार्ति व रो विसंषु अंबल
" १८२१ भाद्र शु रो ३ चोभार पांगा अंब
" १८२३ भाद्र शु १५ रो ५ लाषाजु अं.
" १८२२ ज्येठ व ६ रो ६ लुटिकोट अंब.
" १८२२ प्रथम चै शु. २ रो ४ कीर्तिपुरी अं.
" १८२५ भाद्र व. रो ४ ठबहेल अं कांतीपुरप्रवेश दर्बारप्रवेश
" १८२७ फागु रो ३ तनहुं मन्पा अं.

CC-0. In Public Domain. Digitization by eGangotri

सं.	१८२७	फागु रो ४ छांग अं.
सं.	१८२७	फा रो ७ दुरुंचुका ठाना ४ अ ब.
सं.	१८२७	फा रो १ मालसुल पंचभैयास्मेत अ.
सं.	१८२७	वैशाष रो १ रांरु पांसिस्मेत् अं
सं.	१८२८	वैशा रो २ किन्हुं ठाना अं.
सं	१८२८	ज्ये शु रो ३ गुहाकोट अं.
सं	१८२८	ज्ये शु रो ४ क्याकमी अं.
सं.	१८२८	ज्ये रो २ भिर्कोटचा अं.
सं.	१८३०	भाद्र रो चिसंषु अं.
सं.	१८३१	मार्ग रो चौडंडि अ.
सं.	१८३१	आषा शु रो चैनपुर अं.
सं.	१८३२	भिर्कोटचा पञ्जु अं.
सं.	१८३२	चिसंषु र दिला अं.
सं.	१८३२	आषाढ शु ७ रो चौडंडी अं.
सं.	१८३१	आषा शु ९ रो १ इलामगढी अं.
सं.	१८३४	आशु रो ४ सुमेश्वर अं.
	१८३६	कार्ति व १० रो ५ लम्जु अं.
	१८४३	आशु ५ रो पर्वत अं.
	१८४५	भाद्र रो जुमला अं.
	१८४६	— — डोटी कुमाउं अं.
	१८०३	भाद्र शु १ रो ४ महादेउपुषुरी नालदुम् अं.
	१८१६	आषा शु ७ रो १ शिवपुरी अं.
	१८१६	माघ व ६ रो ६ काम्न्या अं.
	१८१६	भाद्र शु रो ७ मुकवानपुर अं.
	१८१६	आशुन रो ३ तिमालकोट अं.
	१८१६	कार्त्तिक व १ रो ३ हरिहरपुर अ.
	१८१६	आशुन शु १४ रो ७ सिधुलीकोट अं.
	१८२०	आशुन व रो धुलषेल प्रभृति गाउ ७ अं.
	१८२३	भाद्र व ६ रो २ किहान दारु अं ब
	१८०३	भाद्र १७ रो ४ नालाजुम् अं ब
	१८११	श्राव रो ५ महादेवपुषुरी अं.
	१८१२	श्राव रामच्यामा ठाना पन्याको
	१८१८	ज्येष्ठ शु रो २ चौकाट अं बल

CC-0. In Public Domain. Digitization by eGangotri

	१८१९	पौष रो ५ कविलासपुर अं.
	१८१९	कार्ती रो विसंषु अंब
	१८२१	भाद्र रो ३ चोभाल पांगा अं.
	१८२१	आषा रो इलाम अं.
	१८११	श्रावका दि ११ जांदा महादेउपोषरी नालदुम एकाता गरी अंबल
	१८२३	भाद्र शुदि १५ रो ५ लाषाजुं अंबल्
	१८२२	ज्येष्ठ वदि ६ रो ६ लुटिकोट अंबल
	१८२२	प्रथम चैत्र शु २ रो ४ कीर्तिपुर अंबल
	१८२५	भाद्र व रो ठंबहेल अंबल भाद्र शु १५ कांतिपुर दर्बारप्रवेश
	१८२७	फाल्गुन रो ३ तनहु मनपां अंबल्
	१८२७	फाल्गुन व रो ४ छाग् अंबल्
	१८२७	फाल्गुन व रो १ मालमुल पंचभैयासमेत अंबल
	१८२७	फागुन रो १ दुरुंचुका ठाना ४ अंब
	१८२७	फा. रो १ मालमुल् पंचभैयास्मेत् अंबल्
सं.	१८२८	वैशाष व. रोज रांरुं पांसिसमेत अंबल्
,,	१८२८	वैशाष रोज २ किन्हुं ठाना अंबल्
,,	१८२८	ज्येष्ठ रोज ३ गृहाकोट अंबल
,,	१८२८	ज्येष्ठ रोज ४ क्याकसि अंबल्
	१८२८	ज्येष्ठ रोज २ भीरकोट गरहुं पैजु अंबल
,,	१८३०	भाद्र व रोज चिसंखु रावा दिला अंबल
,,	१८३०	मार्ग दि रोज चौडंडि अंबल
,,	१८३१	आषाढ ९ रोज १ चैनपुर अंबल
,,	१८३१	आशुन वदि ५ इलामगढी अंबल
,,	१८३४	आषाढशु ९ रो २ कविलासपुर अंबल
,,	१८३८	माघ रो १ भिमन्याफ अंबल
,,	१८३८	माघ रो २ सिजुङ अंबल
,,	१८३९	भाद्र रो ७ पर्वत अंबल
,,	१८३९	आशुन वदि १३ रो १ रागनास लाषाजुं अंबल
,,	१८३९	आशुवदि १४ रो २ सालिम्बा प्रभृति ठाना २४ अंबल
,,	१८३९	कार्त्तिक व ९ रो ५ ताकुं अंबल्
,,	१८३९	कार्तिक १० रो ४ चिति चिसापानी अंबल
,,	१८४०	फाल्गु शु २ रो ७ वरपाङमो अं.

CC-0. In Public Domain. Digitization by eGangotri

सं १८४० फाल्गु शु ३ रो १ क्रिस्ति नुवाकोट अं.
" १८४० चैत्र व १ रा २ काली नदी तरी दर्छा जं
" १८४० चैत्र व ३ रो ५ सिलुवा पिलुवा अं. प्रथम अंबल
" १८४० चैत्र शु १३ रो ७ बाह्रवाँ ताँन्हु हुमीन् अं.
" १८४० चैत्र शु १४ रो १ पालपा प्रथम पटक अंबल
" १८४२ ज्येठ शु २ रो ५ रूपाकोट अंबल
" १८४२ ज्येठ शु ३ रो ६ अर्धौं ब्याङनास अंबल
" १८४२ ज्येठ शु ४ रो ७ कास्की सरांकोट अंबल्
" १८४२ ज्येठ शु ५ रो १ नुवाकोट अंबल्
" १८४२ ज्येठ शु १० रा ६ सतौं अंबल्
" १८४२ श्राव व ४ रो १ गरहुं अंबल्
" १८४३ भाद्र दि रो अर्घा अंबल
" " आशुन दि रो इस्मा "
" " " पर्वत "
" " आशु व रो बाघीकोट "
" " " देउपुर "
" " " प्यूठान्ना "
" १८४५ श्रावण व रो कुति "
" " श्राव दि रो ३ केरुं "
" " भाद्र दि रो ५ झोगा सहर अंबल
" १८६६ दुई आषा व ५ रो कांगडा अंबल भयाको षबर आयाको
" " पौष शु- रो श्रामोड फते भयाको षबर आयाको
" १८६८ कार्त्ति बदि ६ रो देसहर रामपुर फत्ये भयाको षबर आयाको

★★★

CC-0. In Public Domain. Digitization by eGangotri

[परिशिष्ट 'ग']

पाटन राजदरबार मूलचोकको जयप्रकाश मल्लको वि. सं. १८१७ को अभिलेख

स्वस्ति ॥ श्रीमत्पशुपतिचरणकमलधूलिधूसरितशिरोरुह श्रीमन्मानेश्वरीष्टदेवतावलरब्धप्रसाद देदीप्यमान मानोन्नत श्रीरघुवंशावतार रविकुलतिलक हनूमद्ध्वज नेपालेश्वर महाराजाधिराज राजराजेन्द्र सकलराजचक्राधीश्वर निजेष्टदेवदेवेश्वरीकृपाकटाक्षवलित विक्रमोपार्ज्जितवालनाकरसमुद्भूतगजेन्द्रपति श्रीश्रीजयजयप्रकाशमलदेवपरमभट्टारकदेवानां सदा समरविजयीनां प्रभु ठाकुलसन ॥ श्रीश्रीश्रीपशुपतिस्त श्रीश्रीजयसिंहमल्लदेवस प्रज्यायस न्हा तयाओ तयागुलि थ्व बुल्हुदेशस कांचिगल जुयाओ बिचाल याङाओ श्री ३ पशुपतिस्तं सहि याङाओ बुल्हुदेशया धंजु प्रमुखन देशच्छियात तामापत्र सछापत्र चोस्यं प्रशस्त जुसे बिज्याङा ॥ उपरान्त भाखा, थ्व देशस सुनानं उपद्रव यायमदु. बुल्हुदेशया नेम बिचाल चलन वरण देशछियां मेवन दुःख बियमदु. न्हेसाधिसा वितवाहाल मेवन हाङाओ छोयमदु बुल्हुया चिंता याकपनिस्त सुनानं दुःख बियमदु. सुनानं कोकायमदु. सुनानं सोयमफुसं वितवाहाल छुं हातसा गोहालि याङाओ देवयां सहि यायमाल. छुं जुयाओ ओनसां देवयाके अज्जययात ओयमाल. थकाय कोकाय देवयां सहि. देशजुकोया तलभुजुको देवया देशयापनि हेनेमदु. हेङाओ छोतसा तलभुया मूल देवयात पुलेमाल. थ्व पति भाखाथ्यं मयासे देव महसे देशवारपनिसेन अधिकन सनसा दाम शुका ८ श्रीपशुपतिस्त काय दु। थ्व बुल्हु गामया भुस मेश थातसा देवया जुरो ॥ थ्वते भु दको देवया आदिन जुल, थ्व पत्रया भाखाथं निस्तरपाओ ओनसा देवदेवया सुदृष्टि. निस्तरपाओ मओनसा देवदेवया कुदृष्टि जुलो ॥ छुं जुलसां दण्ड कुण्ड यातसां श्री ३ पशुपतिनं यायमाल. मेवन यायमदु. यातसा श्री ३ पशुपतिया निग्रह जुलो ॥ अत्र पत्रार्थे दृष्टसाक्षि श्रीश्रीजयज्योतिप्रकाशमलदेव ॥ सम्वत् ८८१ माघशुदि १५ ॥ न्हापा तयाओ तया सम्वत् ५४९ वंशाखशुक्लदशमी कुन्हु ॥ शुभ ॥

[छेउमा]

उपरान्त तओघङ बिरय जुलसां अपराध सोयाओ दण्ड यायदु. थ्वगुलि दण्ड श्री ३ पशुपतिस्त पुरेमाल ॥

(यो ताम्रपत्र अन्त प्रकाशित भएको छैन । केही वर्ष पहिले हामीले (धनवज्र+ज्ञानमणिले) यसको प्रतिलिपि उतार ल्याएका थियौं ।)

अनुवाद

श्रीपशुपतिका पाउरूपी कमलका धूलाले कपाल फुल्लो भएका आफ्ना इष्टदेवता

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीमानेश्वरीबाट वरप्रसाद पाएका, उज्याला, ठूलो इज्जत भएका, रघुको कुलमा जन्मेका रघुकुलका टीका जस्ता, हनूमद्ध्वज (ध्वजामा हनूमान् भएका), नेपालका मालिक, महाराजाधिराज, राजराजेन्द्र, सबै राजसमूहका मालिक, आफ्ना इष्टदेव र इष्टदेवीले कपापूर्वक कटाक्षले हेरिएका, आफ्नै पराक्रमले खेदा गरी ल्याएका हात्तीका धनी, सधैं लडाइँ जित्ने श्रीश्रीजयप्रकाश मल्ल देव परमभट्टारक प्रभु ठाकुरबाट अघि श्रीश्रीजयसिंह मल्ल देवको शासनकालमा श्रीश्रीश्रीपशुपतिलाई चढाइराखेको × बुल्हुदेशको विषयमा कचिंगल उठेकोले विचार गरी श्रीश्रीश्रीपशुपतिकै सदर गरी बुल्हुदेशका धंजु आदि सबै देशवासीका नाउँमा ताम्रपत्र गरिदिई निगाहा गर्नुभयो । यसको बेहोरा—

उप्रान्त यस देशमा कसैले उपद्रव गर्न हुँदैन । बुल्हुदेशको नियम रीति स्थितिमा तल-माथि गर्न हुँदैन, यहाँका बासिन्दालाई सताउन हुँदैन ।... बुल्हुदेशको हेरविचार गर्नेहरूलाई पनि कसैले दुःख दिन हुँदैन । तिनीहरूलाई कसैले खोसमोस गन पाइँदैन । कसैले नसही त्यहाँको धनसम्पत्ति मास्यो भने गुहार गरी देवताकै सदर गराउनुपर्छ । केही गरी कसैले केही बिगार गऱ्यो भने देवतासंग माफी माग्न जानुपर्छ । खोसमोस देवताले गरेकै सदर हुन्छ । देशभित्रको जग्गा जमीन देशवासीले बेच्न पाइँदैन, बेच्यो भने त्यसको मूल्य देवतालाई तिर्नुपर्छ । यस ताम्रपत्रमा लेखे झमोजिम नगरी देवतालाई नमानी मिची कसैले केही गऱ्यो भने ८ शुका दण्ड त्योसंग पशुपतिले लिन पाइन्छ । बुल्हुगाउँको इलाकाभित्र कसैको रांगो आई बस्यो भने त्यो देवताकै हुन्छ । यहाँका जमीन आदि जम्मै देवताकै हुन् । यस ता पत्रको बेहोराअनुसार काम चलायो भने महादेवको सुदृष्टि पर्छ काम चलाएन भने महादेवको कुदृष्टि पर्छ । केही गरी दण्डकुण्ड गर्नुपऱ्यो भने पशुपतिले नै गर्नुपर्छ, अरूले गर्न पाइँदैन, कसैले गऱ्यो भने पशुपतिको कुदृष्टि पर्छ । यस पत्रका दृष्टसाक्षी श्रीश्रीजयज्योतिर्मल्लदेव । ने. सं. ८८१ (वि. सं. १८१७) माघशुक्लपूर्णिमा । पहिले राख्ताको संवत् ५४९ (वि. सं. १४८६) वैशाखशुक्लदशमी ॥ शुभ ॥

उप्रान्त ठूलो अपराध गऱ्यो भने अपराध हेरी दण्ड गर्न पाइन्छ । दण्ड गरेको सो धन पशुपतिलाई चढाउनुपर्छ ।

—०—

पाटन राजदरबार मूलचोकको रणजित् मल्लको वि. सं. १८१९ को अभिलेख

स्वस्ति ॥ सम्वत् ८८२ आश्विणीशुक्लदशम्यान्तियौ ॥ श्रीपशुपतिचरणकमलेत्यादि ॥ श्रीमन्मानीग्लाधिपति महाराजाधिराज श्रीश्रीजयरणजित्मल्लदेव प्रभु थाकुरसनः थ्ववह्ला राहानीति सेङाओ चोङस अलदेश मंगलभट्टया राहानीति स्थितिबिति परिपाति दयकेयात ताम्रपत्र चोस्यं तयाः भाखा थ्वते ॥ थ्वन ह्लापा भीङ जुलसा मभीङ जुलसां ओङगुलि ओनो ॥ आवोनलिः न्याओनीति तयथास सुनानं परपक्ष दयके मदुः दोङया अनुसारण

× बुल्हुदेश=बुल्हुगाउँ चापागाउँसँगै छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

सास्ति याय दुः, स्वपात ख्याल चूल मलातक सास्ति यायमदू. ग्वह्मयां लुँछें लुँबु बिराओ-अनुसार मस्वस्यं हरण याङाओ कायमदु ॥ नीति तसेनलि राखतृणन राहाशिरन विमति याङाओ माफ फोने दु ॥ पुन भाखा, श्रीमूलचुकस बजा भान तोनेमदु.ईल वाय मदुः लकामन ह्न्यायमदुः लकाम तयमदु. उपरान्त ग्वह्मसेन परपक्ष याङाओ अन्याओन सन ओह्मयात श्री ३ करुणामय श्री ३ हरसिद्धि श्री ३ तलेजु श्री ३ देगुतले श्री ३ पशुपति श्री ३ गुह्येश्वरी श्री ३ गरुडनारायण थ्वते देवताया कुदृष्टि पंचमहापातक जुलो ॥ थ्वगुलि नीति राहाथे यातसा ओह्मयात थ्वते देवताया सुदृष्टि जुरो ॥ अश्वमेघ जज्ञ याङया धर्म्म राक जुरो ॥ पुन भाखा, श्रीश्रीराजासन अनन्हुनि याङाओ सनसा प्रमानपनिस्यनं प्रजापनिस्यनं श्रीश्री राजासके विनति याय दु जुरो ॥ प्रमानपनिसेनं अनन्हुनि याङाओ सनसा श्रीश्रीराजास्येनं प्रजापनिस्यनं प्रमानपनिसके विचाल यायदु जुरो ॥ प्रजापनिसेन अनन्हुनि याङाओ सनसा श्रीश्रीराजास्यन प्रमानपनिस्यनं विचाल याय दु जुरो । थ्वतेया साक्षि चौतारा दह्लाछेया रत्नसिंह भारो, धनवन्तसिंह भारो, देवीदास भारो, अमृतसिंह भारो. वीरनरसिंह भारो, जयनरसिंह भारो, भवानीदास भारो, कीर्तिलक्ष्मीसिंह बाबु लक्ष्मीधर भारो एते दृष्ट ॥शुभं॥

(२०१८ फागुन २६ गते शुक्रवारको 'नेपाल-समाचार' मा संशोधनमण्डलद्वारा प्रकाशित 'मल्लकालको राजकाजमा प्रजा पञ्चको स्थान' भन्ने निबन्धमा यो ताम्रपत्र छापिएको छ)

अनुवाद

ने. सं. ८८२ (वि. सं. १८१९) आश्विनशुक्लदशमी । श्रीपशुपतिचरणकमलेत्यादि । श्रीमानिग्ल (ललितपुर)का मालिक, महाराजाधिराज श्रीश्रीजयरणजित् मल्ल देव प्रभु ठाकुरबाट यसभन्दा पहिले नीतमाग बिग्रिरहेको हुनाले मंगलभट्ट (ललितपुरको राजधानी) को नीतिमार्ग स्थिति-रीति परिपाटीको बन्दोबस्त गर्नाको लागि यो ताम्रपत्र लेखी राखियो । यसको बेहोरा-यसभन्दा पहिले असल वा खराप जे भयो, भयो। अब उप्रान्त न्यायनिसाफ गर्दा कसैले पनि पक्षपात गर्न हुँदैन । अपराधअनुसार सजाय गर्नुपर्छ । तीनै पक्ष [राजा भारदार प्रजा] को उपस्थिति नभईकन सजाय गर्न हुँदैन । अपराधको परीक्षा नगरीकन कसैको चल अचल सम्पत्ति हरण गर्न हुँदैन । न्याय निसाफ गर्दा न्याय माग्नेले र न्याय गर्नेले पनि विमति (आफूले गरेको कुरामा पश्चात्ताप) हुँदा माफ माग्न पाइन्छ। फेरि (अर्को) बेहोरा-मूलचोकमा तमाखु भाङ खान हुँदैन । थुक्न हुँदैन । जुत्ता लाएर आउन हुँदैन । जुत्ता राख्न पनि हुँदैन ।

उप्रान्त जसले पक्षपात गरी अन्याय गर्छ, त्यसलाई श्री ३ करुणामय श्री ३ हरसिद्धि श्री ३ तलेजु श्री ३ देगुतले श्री ३ पशुपति श्री ३ गुह्येश्वरी श्री ३ चाँगुनारायण यी देवताको कुदृष्टि पञ्च महापातक लागोस् । यस नीतिमार्गअनुसार काम गऱ्यो भने उसलाई यी देवताको सुदृष्टि परोस् । अश्वमेध यज्ञ गर्दाको फल मिलोस् ।

CC-0. In Public Domain. Digitization by eGangotri

फेरि (अर्को) बेहोरा—श्री २ राजाबाट अन्याय भयो भने भारदार र दुनियाँहरूले श्री २ राजासंग बिन्ति गर्नुपर्छ। भारदारहरूले अन्याय गरे भने श्री २ राजा र प्रजाहरूले विचार गर्नुपर्छ। प्रजाहरूले अन्याय गरे भने श्री २ राजा र भारादारहरूले विचार गर्नुपर्छ।

यस ताम्रपत्रका दृष्टसाक्षी दलार्छेका चौतारा रत्नसिंह भारो, धनवन्तसिंह भारो, देवीदास भारो, अमृतसिंह भारो, वीरनरसिंह भारो, जयनरसिंह भारो, भवानीदास भारो, कीर्तिलक्ष्मीसिंह बाबु, कृष्णशङ्कर बाबु, लक्ष्मीधर भारो। शुभम्।

नुवाकोट—दरबारको पृथ्वीनारायण शाहको वि. सं. १८१९ को अभिलेख

स्वस्ति श्रीगणेशाय नमः ॥
पारावारद्विरदधरणीनायकैः १६८४ सम्मितेऽब्दे
राधे मासि त्रिदशगुरुणाऽधिष्ठिते मेषराशौ ॥
नेपालेशान् सपदि विगताहङ्कृतींस्तान्विरच्य
पृथ्वीनारायणनृपतिना निर्म्मितन्दुर्ग्गरत्नम् ॥१॥
त्रिविक्रमो नाम नरेन्द्रकेशरी
त्रितुङ्गभूमीधरभूमिभूषणः ॥
निबध्य येनायसपिञ्जरे हठा-
न्निवेशितोऽनुग्रहतो विसर्जितः ॥२॥
शङ्कुरीयनगरीं प्रति याता
शुल्कहारिषु विधित्सुरनिष्टम् ॥
योऽवधीत् पथि तुरुष्कनरेशान्
तस्य को नु कथयेद्गुणचर्च्चाम् ॥३॥
शुभम्भूयात् ॥

(श्रीसूर्यविक्रम ज्ञवालीद्वारा 'पृथ्वीनारायण शाह' को परिशिष्टमा यो शिलालेख प्रकाशित भएको छ। योगी नरहरिनाथद्वारा इतिहास-प्रकाश १।१ मा पनि फेरि यो छापिए-को छ।)

अनुवाद

श्रीगणेशलाई नमस्कार। शकसंवत् १६८४ (वि. सं. १८१९) वैशाख महीनामा बृहस्पति मेषराशिमा बसेका बेलामा पृथ्वीनारायण शाहले नेपाल(खाल्डा)का राजाहरूका घमण्ड तोडी (यो) असल किल्ला (किल्लारूपको दरबार) बनाउनुभयो ॥१॥

जसले राजाहरूमा सिंह जस्ता तनहुँका राजा त्रिविक्रम (सेन) लाई कैद गरी फलामको पिंजरामा हाल्नुभयो तथा (पछि) दया गरी छोडिदिनुभयो ॥२॥

CC-0. In Public Domain. Digitization by eGangotri

जसले काशी बाँदा (काशी गएर फर्केर आउँदा) बाटोमा भन्सारचौकीका अधिकारीहरूको मेख मार्ने इच्छाले मुसलमानी अधिकारीहरूलाई सिद्ध्याउनुभयो, त्यस्ता (पृथ्वीनारायण शाह)का गुणको वर्णन कसले गर्न सक्ला? ॥३॥

कल्याण होस् ।

काठमाडौं वसन्तपुर–दरबारको दक्षिण ढोकामा रहेको पृथ्वीनारायण शाहको वि. सं. १८२६ को अभिलेख

श्रीगणेशाय नमः ॥

घरानवर्तुभूमिते १६९ शके सुमासि माधवे
सितेऽथ पक्षके शनौ विधातृभे तिथावहेः ।
विचित्रजालमण्डितं विलासमन्दिरं मुदा
विधाय मन्मथोत्सवं व्यधान्महोशकेशरी ॥१॥

श्रीमद्दुर्गाङ्घ्रिरक्ताम्बुजमधुरमधुस्वादभृङ्गायमाण-
स्तस्या दृक्प्रान्तपातामितपरमकृपाप्तनेपालराज्यः ।
दानोद्रेकातिलुब्धभ्रमरगणसमानेकविद्वत्प्रशस्तः
पृथ्वीनारायणेशो जयति नृपशिखारत्ननीराजिताङ्घ्रिः ॥२॥

शुभमस्तु

स्वस्ति ॥

राजानः सन्ति नो किं दिशि दिशि धरणीपालवंशाब्धिजाता
द्यूतस्वापाबलासु प्रणिहितमनसो वानयुद्धप्रहीणाः ।
पृथ्वीनारायणेशो रिपुदवदहनप्रौढदालानलोऽसौ
दाने मेघोपमानो जयति निजघरावारितद्यूतदोषः ॥३॥

समस्तभूपालकुलाब्धिलक्ष्मी-
मादाय भूमौ विहिता विधात्रा ।
रमाभिरामा पतिविष्णुभावा
राज्ञी तदीया हि नरेन्द्रलक्ष्मीः ॥४॥

सूनुद्वयं भूपतिवर्गसिंहा-
दजोजनत्साथ कुमारकल्पम् ।
प्रतापसिंहः प्रथमः कनीयां-
ल्लोके बहादूर इति प्रसिद्धः ॥

शुभमस्तु ॥ ध्रु ॥ गृहमिदं स्थिरो (रं) भवतु ॥

CC-0. In Public Domain. Digitization by eGangotri

(यस शिलालेखको केही भाग श्रीसूर्यविक्रम ज्ञवालीद्वारा 'पृथ्वीनारायण शाह' को परिशिष्टमा छापिएको छ। संस्कृतसन्देश १।५ मा योगी नरहरिनाथद्वारा यो अभिलेख सम्पूर्ण छापिएको छ।)

अनुवाद

श्रीगणेशलाई नमस्कार। शकसंवत् १६९१ (वि. सं. १८२६) वशाखशुक्लपञ्चमी रोहिणीनक्षत्र शनैश्चरवारका दिन राजामा सिंह जस्ता (पृथ्वीनारायण शाह) ले मन्मथोत्सव (कामदेवको पूजा गरी गर्ने उत्सव=फागुको उत्सव) गरीकन किसिम किसिमका भ्यालले सिंगारिएको (यो) विलासमन्दिर हर्षपूर्वक बनाउनुभयो ॥ १ ॥

श्रीदुर्गाका चरणरूपी राता कमलको मीठो रस लिनामा भमरा जस्ता (दुर्गाको उपासना गर्ने), ती दुर्गाको कटाक्ष पर्नु रूपी ठूलो कृपाले नेपालराज्य पाएका, दान (हात्तीको मदजल) मा झुम्मिएका भमराहरू झैं प्रशस्त दान पाएका धेरै विद्वान्हरूले तारिफ गरिएका, राजाहरूका श्रीपेजका रत्नले पाउ झलमल्ल भएका (सामन्त राजाहरूले ढोगिएका) महाराज पृथ्वीनारायण शाह हुनुहुन्छ ॥ २ ॥

कल्याण होस्।

जुवामा लहसिएका, सुती सुती दिन काट्ने, आइमाईहरूमा भुलेका, दान नगर्ने, लडाइँ भिडाईदेखि हटेका अनेक राजकुलमा जन्मेका राजाहरू त के जतातै पाइंदैनन् र ? यहाँ पृथ्वीनारायण शाह ता डंढेलोले वन डढाए झं शत्रुहरूलाई सखाप पार्नुहुन्छ, मेघले पानी बर्साए झैं दान गर्नुहुन्छ तथा उहाँले आफ्नो राज्यभर जुवा बन्द गरिसक्नुभएको छ।

सारा राजकुलरूपी समुद्रबाट लक्ष्मी (शोभा) लाई लिई ब्रह्माजीले पृथ्वीमा पैदा गरिएकी, साक्षात् लक्ष्मी जस्तै राम्री, पतिलाई विष्णु सझने नरेन्द्रलक्ष्मी उहाँ महाराजका महारानी हुनुहुन्छ।

उहाँ (महारानी नरेन्द्रलक्ष्मी) ले राजाहरूमा सिंह जस्ता (पृथ्वीनारायण शाह) बाट स्वामिकार्तिक जस्ता दुइ पुत्र जन्माउनुभयो। जेठा प्रतापसिंह शाह र कान्छा बहादुर शाह भनी लोकमा प्रख्यात हुनुहुन्छ।

कल्याण होस्। योदरबार स्थिर भई रहोस्।

— ९ —

CC-0. In Public Domain. Digitization by eGangotri

काठमाडौं वसन्तपुर-दरबारको उत्तरपट्टिको ढोकाको (नासलचोकभित्रको) पृथ्वीनारायण शाहको वि. सं. १८२६ को अभिलेख

श्रीगणेशाय नमः ॥

गोरक्षेशनरेशवंशतिलकात्पृथ्वीपते(:) प्राभवद्
भूपालद्विरदाङ्कुशः क्षितितले श्रीवीरभद्रो नृपः ।
तत्सूनुर्नरभूपसाहसुकृती भूकल्पशाखी यतो
यातः को नु मृषाभिलाषसहितो दिश्यो जनः सोभवत् ॥१॥

तस्मादभवन्नृपतिः पृथ्वीनारायणेति नामासौ ।
दुर्जननिग्रहकारी रक्षावतीर्णगिरिधारीव ॥ २ ॥

भूम्निनन्दरसचन्द्र१६९१मितेब्दे शालिवाहनशके मधुमासे ।
धातृभे शनिदिने युगलग्ने नागदैवततिथौ सितपक्षे ॥ ३ ।
तेन भूपकरिसिंहवरेण निर्म्मितं किल वसन्तसुहर्म्म्यम् ।
चित्रजालबहुभूमविशेषं सुन्दरीसुदृढमाननिरासम् ॥ ४ ॥

समस्तभूपालकुलाब्धिलक्ष्मी-
मादाय लोके विहिता विधात्रा ।
नारीगुणाढ्या पतिविष्णुभावा
राज्ञी तदीया हि नरेन्द्रलक्ष्मीः ॥ ५ ॥

सूनुद्वयं भूपतिवर्गसिंहा-
दजीजनत्सिंहकुमारकल्पम् ।
प्रतापसिंहः प्रथमः कनीयां-
ल्लोके बहादूर इति प्रसिद्धः ॥ ध्रु ॥

स्वस्ति ॥

वीरोसौ जयति क्षितीशमुकुटालङ्कारहीरावली-
विद्यु(द्यो)तितपादपङ्कजयुगप्रोद्भासितक्ष्मातलः ।
नेपालक्षितिपालबालवनितासिन्दूरविन्दून् हठा-
न्नेपालं स्ववशीचकार तरसा संमार्ज्य बाह्वोर्बलात् ॥ १ ॥

कास्मल्लीखां प्रयातो वरुणदिशि जितो यस्य भल्लप्रहारा-
दार्त्तो मत्तः क्षणेन क्षणमपि न रणे स्थातुमीशः फिरङ्गी ।
गेहेशूराः प्रतीच्या रणभुवि सुभटैर्निर्जितास्ते वराकाः
पृथ्वीनारायणेशो रिपुवदवहनो भाति नेपालसिंहः ॥ २ ॥

CC-0. In Public Domain. Digitization by eGangotri

यावद्भूभूधराढ्या दिनमणिशशिनौ सप्त पाथोधयोपि
यावन्नक्षत्रमाला विलसति गगने तावदेव स्थिरः स्यात् ।
पृथ्वीनारायणस्य क्षितिपतिमुकुटप्रोतहीरस्य वंशो
नेपाले गुह्यकालीपशुपतिचरणद्वन्द्वधूलीप्रसादात् ।। ३ ।।
शुभमस्तु ।। × ।। श्रीश्रीश्रीपशुपतये नमः ।। छ्रु ।।

(संस्कृत–सन्देश १।११ मा हामीले (घनवज्र + ज्ञानमणिले) यस शिलालेखलाई छपाएका छौं ।)

अनुवाद

श्रीगणेशलाई नमस्कार छ। गोरखाली राजवंशमा श्रेष्ठ भएका राजा पृथ्वीपतिबाट राजारूपी हात्तीहरूमा अंकुश जस्ता भएका वीरभद्र शाह देव पृथ्वीमा पैदा हुनुभयो। उहाँका छोरा धर्मात्मा पृथ्वीका कल्पवृक्ष जस्ता भएका (दानी) नरभूपाल राजा हुनुभयो। जसबाट इच्छा पूर्ण नभई (रित्तै हात) कुनचाहिं दिशामा बस्ने मानिस फर्केर गयो र ?

उहाँबाट दुष्टलाई दण्ड दिने, रक्षानिमित्त अवतार लिनुभएका कृष्ण जस्ता यहाँ पृथ्वीनारायण राजा हुनुभयो ।।

शकसंवत् १६९१ (वि. सं. १८२६) चैत्र + शुक्ल पञ्चमी शनैश्चरवार रोहिणीनक्षत्र मिथुनलग्नमा ।।

राजारूपी हात्तीमा सिंह जस्ता भएका उहाँ महाराजले किसिम किसिमका भ्याल भएको घेरै तला भएको सुन्दरीहरूको दृढ मान तोडिदिने वसन्तपुर दरबार बनाउनुभयो।

सबै राजकुलरूपी समुद्रबाट लक्ष्मी (शोभा) लाई लिएर ब्रह्माजीले पृथ्वीमा पैदा गरिएकी स्त्रीजातिमा हुनुपर्ने गुणले युक्त भएकी, पतिलाई विष्णु भन्ने नरेन्द्रलक्ष्मी उहाँ महाराजका महारानी हुनुहुन्छ।

राजाहरूमा सिंह जस्ता भएका महाराज (पृथ्वीनारायण)बाट (उहाँ महारानीले) सिंहका डमरू जस्ता दुइ छोरा पैदा गर्नुभयो। जेठा प्रतापसिंह शाह र कान्छा बहादुर शाह भनी लोकमा प्रसिद्ध हुनुहुन्छ।

+बाहिर दक्षिण ढोकामा रहेको पृथ्वीनारायण शाहको शिलालेखमा महीना वैशाख दिइएको छ। यहाँचाहिं 'चैत्र' दिइएको छ। अरू संवत् तिथि नक्षत्र वारहरू दुइटै अभिलेखमा एउटै छन्। यस विषयमा गणना गरी पछि निर्णय दिइनेछ।

CC-0. In Public Domain. Digitization by eGangotri

स्वस्ति ॥ राजाका श्रीपेज सिंगार्ने हीराका लहरका तेजले सुहाएका (आफ्ना) दुइ चरणकमलले पृथ्वीतल उज्यालो पार्ने, वीर उहाँ महाराजले नेपालका राजाका आइ-माईहरूका सिन्दूरका टीकालाई बलजफतले पुछेर बाहुबलले नेपाललाई आफ्नो वशमा पार्नुभयो ॥

जसका भालाको चोटले घाइते भएको कास्मल्लीखाँ (मीरकासिम) हारेर पश्चि-मतिर भागेर गयो । केही काल माद चढेको फिरङ्गी (अंग्रेज) लडाइँमा एक छिन पनि टिक्न सकेन । घरका बाघ तो बिचरा पश्चिमाहरू (बाईसी चौबीसीहरू) जसका बलिया सिपाहीहरूले लडाइँको मैदानमा जितिए । शत्रुरूपी जङ्गलमा डढेलो भएका नेपालकेसरी महाराज पृथ्वीनारायण सुहाइरहनुभएको छ ॥

जबसम्म पर्वतले युक्त पृथ्वी चन्द्र सूर्य सात समुद्र रहन्छन् । जबसम्म आकाशमा ताराहरू चम्किरहन्छन् । तबसम्म राजाहरूको श्रीपेजमा जडेको हीरा समान भएका महाराज पृथ्वीनारायणको वंश गुह्येश्वरी र पशुपतिका दुइ पाउका धूलाका प्रसादले नेपालमा स्थिर भई रहोस् ॥ शुभ ॥ श्री३पशुपतिनाथलाई नमस्कार ॥

❀卐❀

प्रतापसिंह शाहको पालामा वि. सं १८३२ मा भएको नेपाल–भोट–सन्धि

श्रीश्रीश्रीसहाय ॥ ॐ स्वस्ति श्रीबुद्ध श्रीधर्म श्रीसंघ त्रिरत्नसहित थव थव श्रीइष्टदेवता श्रीकुलदेवता श्रीधर्मपाल थ्वते देवता साक्षी तयाव स्वस्तिश्रीनिखिलमुनिगणाधिष्ठितहिमा चलाद्रिनिर्झरदूरीकृतदुरितेषु निखिलदिग्विलासिनीकर्णपूरीकृतकीर्तितापल्लवेषु समस्तदि-क्तम्बेरमकर्णतालास्फालनबहलपवननर्तितप्रतापेषु श्रीश्रीश्रीग्यालछापरिबोछे लामाजुस्त स्वस्तिश्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीम-न्महाराजाधिराजश्रीश्रीश्रीमहाराजप्रतापसिंहसाहबहादुर समसेरजङ्गदेवानां सदा समरविजयिनां धर्मपत्र गच्छ ॥ ह्लापा श्रीरामसाह श्रीथाँचो ख्यम्बा लामाजु व ह्लापा नेपाल व ह्लासा व घा याङाव धर्म सच करार सहि थामय याङाव खासास ह्लासानं वव भारा वकिल श्रीयाजिरीम् पाछे अवतारी लामाजु पटेलाश्रीलामाजुया हजुरी स्यालुखंपोचमुया सरदार ढेवा याछाल भारादार छाँछाङ् दोभाषी छिरिंटुंटुपे नामुपाछेरिङ सुखिमया थुहितंदुल् लोवोनं चंदुर थ्वते गोर्खा नेपालया भारादार वकिल काजी सरूपसिंहया किजा रूपनारायण काजी वंशराज पाँडेया कायचा जगधर पाँडे टक्सारी भन्सारी प्रतापसिं जशराम थापा वैजनाथ उपाध्या लक्ष्मीनारायण उपाध्या.समन्तभद्र लक्ष्मीसिंह दामोदर उपाध्या रत्न बत्तीस कोठिया महाजन जयकुशल वीर महंत पंच बालकृष्ण दत्तसिंह भाजुदेव थ्वते आदमी खाससं चोङाव याङागु घा सच करार थामय याङाव धर्मपत्र चोस्यं बिया. संवत् ८९५ साल मिति श्रावण शुदि ८३ बुधवार थ्व खुल्ल. श्रीजिनेन्द्र मञ्जुश्री समुद्ररत्न लामाजु श्रीग्यालछापरिबोछे

CC-0. In Public Domain. Digitization by eGangotri

लामाजुया वकिल व गोरखा नेपालया महाराज श्रीश्रीश्रीमहाराज प्रतापसिंह साह बहादुर समसेरजङ्गदेवस वकिलं निखेंया खें मिलययाय धुनकाव निखेयानं तय जुया पत्रया अर्थ. नेपालनं वगु मोहर नेपालराज्ये नेपालया राजा राजाया पालास चलय याङागु मोहरया चासनीया व नेपाल व ह्लासा व बारंबार करार यातसां करारसं मचोस्यं चासनी घटीबढी याङाव सेनकाव हल गोवेलसं भिनक चासनी जुक चियाव हल. थवतेया कारण लुं वहया भाव मिलय याय मजियाव नेपालसं लुं वह थिके जुल. लंपु चलय मजुल. आवनलि मोहर छाप राजाया मनोग्य चासनीया खें खासास बानके हयाव दिनं तिनाव ठेकना याङाव तयागु चासनी मसेनक अदिक भरति याङाव मोहर दयकाव नेपाल यें देशनं छोय मोहरया चासनी बानकिसं घटय याय मदु. चासनी भिनक मालसा आमकन व थन व भिनके. थवते घुस्येंली ह्लासा सर्कार झुमझु (?) मदेशया महाजन बंजाल कोट कोटया (?)जिमिदार सकलसेन बलययायमाल. ह्लासा सर्कारनं हुकुम दयकाव पत्र बिया थुगु जात मोहर देश देशया राजाफिनीसेन छाप खुयाव छाप दयकाव मोहर दयकाब चलययात वलसां चलय यायमदु. कदाचित् सुनानं हलसा ह्लासा सर्कारनं निरख यानाव गोरखा नेपाल राजायात सोंपययायमाल. लुं वह चीजबीज उत्तर हनम चोङ भाव दयके मफु थास थासया महाजन बंजालन थव थव मनोमाननं भाव मिलय यानाव काय बिय याय. लुं वह पूर्व पश्चिम मधेश पर्वत लपुन संन्यासी मधेसे महाजनपनि कुती केरं थो निगुलि लपुन विना मेव लपुन चलय याय मदु. गोरखा नेपालया अंबलस गोरखा नेपालनं छेकययाय. ह्लासाया अंबलस ह्लासानं छेकययाय. ह्लासा भिक्काछें प्रमुख संदेश चोङ नेवार महाजन बंजालया खें न्हापा नेपालया मर्यादथे नेपालया न्हापा नायक याय. न्हापाया मर्याद बसय याङा. आव सर्वज्ञ श्रीकोसांदाता व तवघङ लामाजु वागीन्द्र शुभसुख समुद्र .व नेपाल देशया न्हापा राजा राजाया समयस जुयाव चोको साँघपिवाना थितिबिति बसययाय. अर्को तरह य यमदु थवते खँया वाचा घराङस गुह्यस मचोन वह्यसयाके ङ्ये धानि ५० लुं गच्छ ।काय. संवत् ८९५ साल मिति भाद्रपदशुक्ल शुभम्.

[भाषावंशावलीमा नेवारी भाषामा यो सन्धिपत्र दिइएको छ । श्रीडिल्लीरमण रेग्मीको 'मर्डन नेपाल' मा यो छापिएको पनि छ । परन्तु उहाँले छपाउनुभएको पाठको भरमा यसको अर्थ गर्न सक्नु गाह्रो छ । राष्ट्रिय पुस्तकालयमा रहेको वंशावली, संशोधन-मण्डलको संग्रहमा रहेको वंशावली, मास्टर मेरुनाथ पाँडेको संग्रहमा रहेको वंशावली यी तीन प्रति वंशावलीको आधारमा यहाँ यो पाठ दिइएको छ । यहाँ दिइएको पाठमा पनि एक दुइ ठाउँमा अलि शङ्का छ ।

अनुवाद

श्रीश्रीश्रासहाय ॥ ॐ स्वस्ति श्रीबुद्ध श्रीधर्म श्रीसंघ यी त्रिरत्नसहित आफ्ना आफ्ना श्रीइष्टदेवता श्रीकुलदेवता श्रीधर्मपाल यी देवता साक्षी राखी स्वस्तिश्री सारा मुनिहरूको आसस्थान भएको हिमालय पहाडका छहराहरूले पाप हटाइएका, सारा दिशा दिशा-

CC-0. In Public Domain. Digitization by eGangotri

सम्म कीर्ति फैलिएका, सारा दिशा दिशासम्म प्रताप फैलिएका श्रीश्रीश्री ग्यालछा परिबोछे लामालाई स्वस्तिश्री पहाडका राजसमूहमा श्रेष्ठ भएका मानिसमा नारायण जस्ता इत्यादि अनेक प्रशस्तिहरूले सुहाएका, ठूलो इज्जत भएका संघै लडाई जित्ने श्रीमहाराजाधिराज श्रीश्रीश्रीमहाराज प्रतापसिंह शाह बहादुर शमशेर जङ्ग देवले गरिदिएको धर्मपत्र गच्छ (घरोटसमेतको सन्धिपत्र) ॥

पहिले श्रीराम शाह र श्रीथाँचोख्यम्बा लामा तथा पहिले नेपाल र ल्हासका बीच भएको सन्धिपत्रको बेहोरा थामेर खासामा ल्हासाबाट आएका भारादार वकील (दूत) श्रीयाजिरीमपाछे अवतारी लामा पोटलालामाका हजुरिया स्यालुखंपंचमुका सरदार ढेवा याछाल भारदार छाछाङ दोभाषी छिरिटुंटुपे नामुपाछेरिङ् सुखीमका थुहितंदुललोवोन चंदुर यति, गोरखा नेपालका भारादार वकील काजी सरूपसिंहका भाइ रूपनारायण काजी वंशराज पाँडेका भतिजा जगधर पांडे टक्सारी भंसारी प्रतापसिंह जशराम थापा वैजनाथ उपाध्याय लक्ष्मीनारायण उपाध्याय समन्तभद्र लक्ष्मीसिंह दामोदर उपाध्याय रत्न बत्तीसकोठीका महाजन जयकुशल वीर महन्त पञ्च बालकृष्ण दत्तसिंह भाजुदेव यति जनाले खासामा बसेर गरेको सन्धिको बेहोरा मञ्जूर गरी धर्मपत्र लेखी दिइयो। ने. सं ८९५ (वि. सं. १८३२) श्रावणशुक्लत्रयोदशी बुधवारका दिन श्रीजिनेन्द्र मञ्जुश्री समुद्ररत्न लामा ग्यालछापरिबोछें लामाका वकील र गोरखा नेपालका महाराज श्रीश्रीश्रीमहाराज प्रतापसिंह शाह बहादुर शमशेर जङ्ग देवका वकीलहरूले दुवैतिरबाट कुरा मिलाई सकेपछि दुवै पक्षबाट मञ्जूर गरेको सन्धिपत्रको बेहोरा--

नेपालराज्यमा नेपालका राजाहरूले चलाएका नेपालबाट भोट पुगेका मोहरहरूको विषयमा नेपाल र ल्हासाका बीचमा बारंबार सन्धि भए तापनि सन्धिको पालना नभई चास्नीमा घटी बडी गरी बिगारी पठाइयो। कहिले असल चास्नीका मात्र टक पठाइए। यसबाट सुन चाँदीको भाउ मिल्न सकेन र नेपालमा सुन चाँदी महंगो भयो। (भोट र नेपालका) बाटाघाटा बन्द भए। अबदेखि मोहर छाप्न राजाले निश्चित गरेको चास्नीको नमूना खासामा देखाउन ल्याई ठेगाना भएपछि त्यस चास्नीमा घटी बढी नगरीकन मोहर बनाई नेपाल कान्तिपुरबाट पठाइएका मोहरमा गडबडी गर्न हुँदैन। चास्नी असल गर्नुपर्‍यो भने यहाँ र उहाँ (नेपाल र भोट) दुवै ठाउँमा असल पार्नुपर्छ। यति भएपछि ल्हासा सरकार···मदेशका महाजन व्यापारीहरू···सबैले चलाउनुपर्छ। अरू देशका राजाहरूले यसको छाप छोरी आफ्नो छाप बनाई मोहर चलाउन खोजे भने ल्हासा सरकारले त्यसलाई रोक्नुपर्छ। कदाचित् कसैले त्यस्ता मोहर ल्याए भने ल्हासा सरकारले कार्बाइ गरी गोरखा नेपालका राजालाई सुम्पनुपर्छ। सुन चाँदी चीजबीजको भाउ उत्तर हनमको जस्तो गर्न सकिएन भने ठाउँ ठाउँका महाजन व्यापारीहरूले आफ्ना सुबिधा हेरी भाउ मिलाई लिनु दिनु गर्नू। संन्यासी मधिसे महाजनहरूले सुन चांदी कुती केरुङ

CC-0. In Public Domain. Digitization by eGangotri

यी दुइ बाटोबाट बाहेक पूर्व पश्चिम मधेस पहाडका अरू बाटोबाट लैजान पाइँदैन। गोरखा नेपालको इलाकाभित्र गोरखा नेपालले रोक्नू। ल्हासाको इलाकामा ल्हासाले रोक्नू।

ल्हासा झिकाछें आदि भोटदेशमा बस्ने नेवार महाजन व्यापारीहरूविषयका कुरा-

नेपाल (खाल्डो)को स्थिति रीतिअनुसार पहिले जस्तै नाइके बनाउनू। अरू पहिलेकै रीति स्थिति कायम गरिएको छ।··· नेपालदेशका पहिलेका राजाहरूका पालामा निश्चित भएका साँध सीमाना स्थिति रीतिको पालना गर्नु, अर्को तरह नगर्नू।

यी वचनको घरानमा जो रहँदैन, उससंग ५० पचास धार्नी धरोटरूपको सुन लिनू। ने. सं. ८९५ (वि. सं. १८३२) भाद्रशुदि। शुभ।

रणबहादुर शाहले दलमर्दन शाहलाई पठाएको पत्र

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधिविरुदावलिविराजमानमानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्रीमहाराजेरणबहादूर्सह बहादुर्सम्शेर्जङ्देवानां सदा समरविजयिनाम् लि. स्वस्ति श्रीगिरिराजेत्यादि श्रीमन्महाराजाधिराजकुमार श्रीश्रीश्रीमद्दलमर्दनसाहदेवेषु सदा समरविजयिषु, सलामपूर्वक पत्रमिदं इहा कुशल ताहा कुशल चाहिये. आगे इहाँको समचार भलो छ.

उप्रान्त दैवयोगले श्रीबाबाज्यु पर्लोग हुनुभयो. माहिला बाबालाइ पनि बोलाइ कजगति गर्नु गराउनु लाडंउं. वाकी व्रजनाथ पंडितले श्रीमम्माज्युका जिय मेरा जिय नास्तु कुकर्म गर्न लाग्याका रह्याछन्. सहि साबुत गर्दा कायल भया. ब्राह्मणलाई ज्या गर्ना कृत्य हो सो गरिकन पूर्व सिंधुलि नघावनु पठाइउं. परन्तु हाम्रो घर फोर्न्या बिगर्न्या बिथोलन्या इनै हुन् भनी पश्चाम थापालाई पक्रिकन कोतमा राख्याको छ. सहि साबुत गर्दा ज्या ठहर्ला तितिले ज्या हुन्या होला सो गरिपेला. परन्तु दैवयोगले तपाइलाइ बलभद्र साहलाइ देस भयाको (थियो). तपाइ कविलदारिस्मेत हुनुहुन्छ. औलाको याम पनि छ. (म)हिना राज गर्न्या, बलभद्र साहका आफ्ना जिय जि ..डाकमा चौपाला गरि आव भनि बोलाहट पठाउ, तपाइ...नि बाज्यालाई कासिबास जाउन बलभद्र साहलाई एता जाउ भनि पठाउनुहवस्.

[ऐतिहासिक-पत्र-संग्रह (पहिलो भाग) मा हामीले (धनवज्र + ज्ञानमणिले) यो पठाएका छौं।]

CC-0. In Public Domain. Digitization by eGangotri

वि. सं १८४६ मा भएको नेपाल–चीन–युद्धसंग सम्बन्ध राख्ने पत्र

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहारांजेरणबहादुरसाहबहादुरसमशेरजङ्गदेवानां सदा समरविजयिनाम्.

स्वस्ति श्रीसर्वोपमायोग्यराजभारासामर्थ श्रीकाजी जगजीत पांडे श्रीसर्दार अम्बरसिं थापा श्रीकप्तान गोलजा षबासके आशीषपूर्वक पत्रमिदम.

यहा कुसल ताहा कुसल चाहिये. पत्र आयो अर्थ मालुम भयो. आगे यहाँको समचार भलो छ

उप्रांत कोडचामा वैरी आइ बस्याका कतिले तहा अर्का मुष आयाकालाई थामन बसो अम्बरसिं थापाले पल्टन र अरू फौजसमेत ग्वाहार दिन गयाको वैरिलाई घर्काई कत्तल गरी काटचाको हानमार गऱ्याको फर्दसमेत बिंति गरी पठाया छौ. विस्तार मालुम भयो. लडाइं फत्य गऱ्याछौ. बनायाछौ फागुणमा लेष्याको चिठी रहेछ. असौजका ८ दिन जांदा यहाँ आइपुग्यो.

उप्रांत आजकाल भन्या ताहाबाट आयेनन्. उप्रान्त वेबु सम्म चिनियाको लस्कर आइपुग्दा र हाम्रा मानिसको मनसुभ घट्ता हुंगा थामन्या घरी पऱ्यो र दोहरो फौज राषी पनी वैरि हटाउनुपऱ्यो. एस्तो काज परिआउंदा ताहा तिमीहरूसंग जान्या भारा तिलंगा ढलेत खोसीन गयाका हुन्. कहिं न्याय पनि कहीं अन्याय पनी पऱ्यो तपनी कसैलाइ दाम कसैलाइं धान गरी बक्सनेछौं. यसमा कसैले उदास हुनुपर्दैन. विवेक हामी राषनेछौं. सबैले यो कुरा सुनी षातिरजामा रहनु. बाँकी वैरिदेषि काठमाडौं येक दिनको दरम्यान रहदा थामिन्या ठाउँ थामी. मनाइ सनाइ सप्रन्या ठाउमा मनाइ. छोडी सप्रन्या जग्गा छोडी यहाँ यस्तो पनं गयो तिमिहरु घावा गरी आउ भनी लेषी पठायाथ्यौं, (ईश्वरका) कृपाले आयाको वैरी जुझ बुझ गरी ढुंगो ठाडो राषी फर्काऔं, ।

उप्रान्त ताहा तिमीहरूले पनि कुलच्याको जिमी थामी आयाको वैरी टाऱ्याछौ. अहाको बन्दोबस्त भयापछि काज तेतै येकोहोरियो. तसर्थ ती जग्गा बडा ऐश्वर्यले मिल्याको छ. नछाड, यहाँ यस्तो पर्दा केही कुरामा थामपुर पुग्न गयेन तापनि अब हाम्रो हो. थामपुर गरी बक्सनेछौं ।

उप्रान्त देव नघि पन्तले चिठि लेष्याको ४० दिंमा यहां आइपुग्यो. तस चिठीमा क्या लेषेको रहेछ भन्या श्रीमोरिया राजाको फौज मदतलाइ लंगुरगढमा थिया. गढवालका राजाले कब्जोल्याको रुपैजा नदिंदा फौज फिऱ्यो. नवाफका सल्लाहासित गोर्षाका भारा जगजीत पांडे अम्बरसिं थापा गोलैजा कप्तान यिनीहरु अलखनंदामा श्रीमोरिया राजासंग

CC-0. In Public Domain. Digitization by eGangotri

भेट भै घाको बन्दोबस्त भयो. श्रीयमुनापार श्रीमोरियाले षानु वार गोर्षाले षानु यो बन्दोबस्त गरी राजा फिन्यो. श्रीनगर गोर्षाको अम्बल भयो भनी लेष्याछन्. यही समाचार बस्न्या २।४ जना मानिसले पनि लेष्याछन् ताहाबाट आइपुग्याको छैन तपनी समाचार साचै ठहरायौं. समाचार साचै भयापछि त बढीयै काम गऱ्याछौं भनी षुसी भयौं. अब गर्न्या काजका अर्थकन कालु पाडे भगु षवासलाइ ताहा पठायाको छ. इ २ समेत इनका पल्टन औ जोगमल्ल भक्ति थापा तस नजा देसका सुवा ताहा राषी यति फौजले ताहा संभार रहने भनी काजी जगजीत पाडेका चित्तमा देष्या सरदार सुवा उमरा सुबेदारलाई तैले षटाई तहा राषनु काजीले षटायाका मानिसले षटनमा रहनु. जो रहदैन सो अपसरिया जो रहला सो सरिया. काजी जगजीत पांडेले चाहिंदा मानिस ली तहांको बन्देज गरी यस समय पजनी सबैरै गर्नु छ मोहर देषत हजुर आ ।

उप्रांत हाम्रो फौज डिंगर्चा पुगी फिरि आयाको विस्तार अघि तिमीहरूलाई लेषेकै हो. ताहापछि यहां भयाको समाचार डिगर्चा लुट्याको र भोटका काजीहरू पत्रियाको समाचार चान पुग्दा चीनका बादसाहाको उजीर ज्वाइ टुङ्थाङ् भन्याको र अरु च्यान चुन हैङ्न अंचा गैह सर्दार फौज औ चिनिजा सोक योग्या गरुम्बा षम्बा गैह फौज समेत तिंगलदा फागुनमा लासा आइपुग्याथ्या. लासाबाट १।२ चिठी केही कुरा सलुकको साह्रो कुरा भन्या हाम्रा पीछा पर्न आयाका स्यामरपा लामालाइ र तिमीहरूले छेक्याका लासाका घुरीन काजी इतो काजीलाई हाम्रा छेउ पठाइदेउ भनी उसले २।३ पटक लेषता हाम्रा पीछा परेकालाइ पाछाको धर्म थामनानिमित्त नर्सोपदा उजीर टुङ्थाङ् आफना जीय अघि सरी फौज ली आषाढ सुदी २ रोज ५ का दिन कुकुरघाटका हाम्रा दुइ-ठाना मिच्यो, १-ठाना रह्यो को छ भनी केरुङ हाम्रा लस्करका सर्दारछेउ षवर आउदा सर्दार शत्रुभंजन मल्ल आफ्ना तैनाथी सिपाहीसमेत तुलाराम उघौ २ सुवेदार कंपनी समेत केरुङबाट हिड्याछन् वैरिले कुकुरघाटको ठाना छिनी गुहार आउने फौज हानौंला भनी आफ्नो चांजो पारी बाटामा बस्याको रहेछ वैरिको चाँजो नबुझी पाङ्सीङटारका पल्ला-छेउ हाम्रा गुहार जाने मानिस पातलै पुग्न गयाछ. तेसै ठाउंमा लडाइ जोरियेछ तुलाराम सुवेदार समेत २०।२५ मानिस हाम्रा षेत रह्याछन् वैरिका पनि १०।१५ षेत रह्याछन् केहि घाइता भयाछन्. हाम्रा पछि हट्दै लड्दै केरुङ आयाछन् केरुङका ठानाका ढोकामा हाम्रा उघौ षवास सुवेदारलाई गोली लागी मरेछ. शत्रुभंजन मल्ल सर्दारले पनि १।२ आफुले पनि हानी आफुलाई पनि कंडामा र पाषुरामा तीरको घा लागी भागी लस्करसंग केरुङमा आइ सामील भयाछन्. केरुङभित्र २ गढी बाहिर १ गढी हाम्रा थिया हाम्रा कुन्हन्या मानिस पातलै रह्याछन्. उसै दिन किल्लामा वैरिले हम्ला गरेछ. किल्ला नफु-टता पछि हटी बसेछ. उसका भोलीपल्ट फेरि लडाइ गर्न आयेछ २ पहरसम्म लडाई भइ नसकी पछि हटेछ. चौथा दिनपछि येक पहर रात बाँकी छ भन्दा आइलागेछ. बन्दुक तीर

CC-0. In Public Domain. Digitization by eGangotri

बारुदका सिधिया झारपात आगो फुलटा हाली मोची पहिले बाहिरको किल्ला ४।५ घडी दिन चढ्दा अम्बल गरेछ भीत्रका २ किल्लामा तमास दीन लडाइ भयेछ. वैरिका पनि ३।४ सय मरेछन. हाम्रा पनि २ सय मरेछन. घडी ४ येक रात चढ्दा हाम्रा २ किल्ला फुटेछ. हाम्रा मानिस केहि निसको भागी आया. उसै रातमा लपेटा ली २ घडी दिन चढ्वा रसुवा आइपुगेछ. दिनभर बारपारबाट गोलीको लडाइ भयेछ १०।८ वैरिका मन्या छन्. रसुवा षोला माथिबाट तरी छेका हाल्ने गरी वैरी आउँदा हाम्राले रसुवा छोडी भाग्या छन. रसुवाबाट भाग्याका हाम्रा र यताबाट जान्या भास्कर जगबल सुबेदार कंपनी समे-तको भेट स्याप्रुकमा भयेछ. षोला बारपार वैरिको र हाम्रो आड बारावार भयेछ. गाउ स्याप्रुकका सह्यारलाई प्रवल राना भारत बबास रणकेसर पांडे श्रीनाथ कंपनी केही उत्रासमेत पुगेछन्. पुग्याका ७।८ दिनपछि तन्यां भैकन वैरि आउँदा बारीबाट हाम्राले बंदुकको सलक लाउदा तर्न पायेनछ हटेछ. २।३ दिनपछि माथिबाट बाकलो फौज तन्याको देषता हाम्रा लस्करलाइ उकालो पर्दा स्याप्रुकमा गाउँबेसीमा बस्याका हाम्रा फौज सल्लाह-सित धुंचे सन्याछन्. उपर हाम्रा भारी फौज दामोदर पांडेसमेत धुंचेमा बस्याका थिया भास्कर गजबल सुबेदार कंपनीसमेत धुंचेको थापलो देउराली भन्याको जग्गामा हातमाला पुगन्या गरी बस्याका रह्याछन्. वैरिले उसै जग्गामा कटक गर्न आउंदा २ पल्ट हाम्राले घर्काई तेस्रो पटक हाम्रा २ सुबेदार ४०।५० पन्याछन्. वैरिका दुइ सये अढाइ सये परा उ जगा अंबल गरेछ. उसै जगालाई धुंचेबाट गुहार गया छन्. बीचेमा वैरिले हान्न आइलागेछ. येक पटक हाम्राले हटायाछन्. फेरि उसको भारी फौज आउँदा हाम्रा २।४ उस्का २।४ मानिस मरेछन्. हाम्रा हटी धुंचेका भारादारसंग सामेल भै असजिलो जग्गा थियो र धुंचे छोडी घैबुङ आया. वैरिले पछेडा लिइ आउँदा कमान्यागढछेउ लडाइ जोरियेछ, हाम्रोले जित्याछन् ४०।५० वैरी गोली तरबारले मान्याछन्. सय डेढ सय भीरमा लडी मन्याछन्. रामच्यामा वैरीको लस्कर बसेछ घैबुङमा हाम्रा लस्कर बस्याछन्. तेस्तै बीचमा धुंचेबाट वैरीले सल्लुक गर्न्या आसयेको चिठी उसले पठाउंदा हामीले ईहाबाट उस चिठीको प्रतिउत्तर ली चिनिया पाँडे र धुरीन काजीका साथको ढेवा १ छेकी राष्याको चिनिजा १ पठाजाथ्यां. इनले हाम्रा भारादारलाई घैबुङ भेटी रामच्या गयाछन्. उजीर टुङथाङदेषि मनिको फौजको सर्दार हयेकुन र चुंटु ई २ सर्दारसंग चिठीपत्र पुग्याछन. चिठीपत्र उजीर टुङथाङछेउ पठायाछन् हाम्रा जान्यालाई मुषजवानी क्या अरायाछन् भने हाम्रा लस्कर भला मानिसलाई बस्न यो जगा सागुरो छ. घैबुं छाडिदेउ. गोर्षाका भला मानिस कुराकहानी गर्नालाई आउन् भनी राता कपरामा अक्षर लेषी उहि करारा तिरमा उनी हाम्रा देउरालीको मुखतिर पनि यहि तीर अक्षर देखा तेरा लस्करलाइ पनि देषा. हामीले पनि हात थाम्यो तिमिहरूका लस्करमा हाथ थाम भनी अन्हाइपठायेछ. सोही तीर देउरालीका लस्कर-तिर पनि देषाइ दोहरै हाथ थामियो. घैबुंमा हामीलाई जुझन पनि असजिलो थियो

CC-0. In Public Domain. Digitization by eGangotri

उसले पनि भनि पठाउंदा भारादारले पनि छाडिदियेछन्. वेत्रावती साघ बारी हान्नो लस्कर वैरीको लस्कर पारी भै रहे. ताहा छेको राष्याका चिनिजा र धुरीन काजी इतो काजीलाइ पठाइदेउ भनी उजीर टुङ्थाङ्ले धेंबुं बाट चिठी लेष्याको थियो र ई मानीस-लाइ ली रणजीत पाडे भोटु पाडे नर्सिंह टक्सारी रामदास पन्थ बलभद्र षवासलाइ उजीर टुङ्थाङ्छेउ पठाऔ. सावनका ३१ दिन जांदा शनिश्चरवार वेत्रावती तरी पारी वैरिका लस्करका मुहुडाका अम्बाहरूसंग राती भेटघाट भयेछ उसै रात यहा रह्याका चिनिजा र धुरीन काजीलाई उजीर टुङ्थाङ्छेउ लंगयेछ बोहायापछि आदित्यवार हान्ना यताबाट जाने भारदारहरूलाइ दोपहरमा उजीर टुङ्थाङसंग मुलाकाद भयेछ. इहाबाट लै गयाका चिठीको प्रतिउत्तर ली संगलवारका दिन रणजीत पांडे र बलभद्र षवासलाइ यता पठाइ दीयाछन्. बुधवारका दिन यहा आइपुग्या चीठीमा बहुत तरहका कुरा लेष्याका रह्याछन्. असली कुरा भन्या हामीलाई धेंबुङ सागुरो छ. नुवाकोटमा हामीलाई आउन देऊ तीन्ना २ मुषको लस्कर उठाई हामी नुवाकोट आई मुष्य राजा राजाका काका नुवाकोट हामी-छेउ आई मील. सलुकका बन्दोबस्त गरौं. राजा र राजाका काका नआया भलामानिस भारा आउन् कुराकहानी गरौं. हामीलाई नुवाकोट आउन पनि दियेनौ. तिन्ना दुइ मुषका लस्कर पनि झिक्तैनौ त हामी बलैसित आउंछौं भनी चिठीमा लेष्याको रहेछ फेरि दोस्रो चिठि लगत्तै यस बुझको आयो. पछिल्ला चिठीको जवाफ हामीले लेषी राष्याथ्यौं. बलेसंग बारी आया हान्नु भनी हान्ना लस्कारलाइ हुकुं बक्सी राष्याको थियो. भदौको ८ दिन जांदा सोमवारका विहान वैरिका १००० नौ दस वेत्रावती तरी चोकदे दामोदर प.डे भयातिर १ मुष, साम्ने दुध्या थुम्कामा १ हान्नो ठाना थियो. उता १ मुष मुल बाटो गेषु तिर कृतिमानसिंह भयापट्टि १ मुष गरी आयेछ. तीनै मुषतिरबाट हटाइ काट्तै वेत्रावतीसम्म लपेट्दै लैगयाछन्. वेत्रावतीका सांगुमा मुष्य चिनिजा भाराले आफ्नु भागन्या लस्करलाइ काट्न लागेछ. सांगुबाट बाटो नपाउँदा वेत्रावतीमा घेर बग्याछन्. भीरबाट लडी मऱ्याका तरबार गोली काडमा पऱ्याका वेत्रावतीमा बग्याका सब जम्मा वैरिका हजार बाह्र-सय पऱ्याछन्. हाम्रा तरबार गोली तीरले घाइत्या १५।१६ भयाछन्. चिनीजा जो भागी पारी गयामध्ये सरदार २ को नाक काटीदिया छन् र देषता देषतै वेत्रावतीमा फाल हाली मऱ्याछन. बाकी वैरीका लश्करमा भोटुपाँडे नर्सिंह टक्सारी छदैछन्. त्यो कटक भया पनि घाको संला वैरिले छाडेको छैन. हामीले पनि छाडेको छैन. बादसाहलाई चिठीपत्र सरसौगात ली पगरा बाघन्या भारा चीन जान्या भै पठाउँदा डिगर्चा लुटी ल्यायाको तम्रा दर्बारमा आइपुग्याको कोहि माल पठाइदिनु. अघी केरुङमा भोटका काजी स्यामरपा लामा तिर्मा-हेरुका भारा बसी गऱ्याको धर्मपत्र त्यो पनि पठाउ. स्यामरपा लामा भन्या मरी गयो. उनका परिआर आलमाल चाकर पनी पठाइदेउ, उनैका गुम्बामा राषिदिउँला भनी बारंबार उजीर टुङ्थाङ्ले २।३ चिठी लेषदा यो सबै थोक ली हरि बलभद्र षवासलाई हदा टुङ्थाङका साथ चीन जान विदा गरी हिडाऔ बादसाहलाई चिठीपत्र सरसौगात

CC-0. In Public Domain. Digitization by eGangotri

ली यगरी बाधन्या भारदारलाइ चीन पुगन्या बादसाहको दर्शन गर्न्या आफ्नो केही बताउन्या गरी पठाउछौं. पठायाका भारालाई ली घाको ठेगाना बाघी आफ्नो लस्कर ली फिन्यो भन्या बढीये भयो.

उप्रान्त असौजका ५ दिन जांदा चीन बादसाहलाई अर्जी सौगात ली काजी देवदत्त थापा सुवा प्रतिमन रोना जेठा बुढा नरसिंह टकसारीका छोरा जयन्त साही षर्दार विष्णुसंकरको छोरा बलभद्रलाई बडा टुङथाङका साथ चीन बिदा गरी हिंडायौं. असौजका १० दिन जांदा उजीर टुङथाङछेउ धैबुंमा भेट मुलाकात भयेछ. हाम्रा भारा काजीहरूलाइ देषी उजीर टुङथाङ बहुत षुसी भया छन्. चिनियाको लस्करलाई पनि षानालाइ गाह्रो पर्याको रहेछ. दुषता पनि बहुतै दुषता रह्याछन्. मर्दा पनि बहुतै मर्दा रह्याछन्. हाम्रा भारा पुग्यापछि दुषन्या विरन्या लस्कर षजना फिराउन लाग्याछन्. आफु टुङथाङ उठ्तासाथ हिंड्न्या लश्कर मात्र रह्याछन्. असौजका २४ दिन जांदा शनिवार ६ तिथिका दिन उजीर टुङथाङ लस्करसमेत धैबुङ छाडी हाम्रा काजीहरू साथ ली चीनलाइ फिन्या. इति संवत् १८४९ साल कार्तिक वदि ७ रोज १ मुकाम कान्तिपुर राजधानी शुभं—

[इतिहासप्रकाश १।१ मा श्रीजनकलाल ढकालद्वारा यो पत्र प्रकाशित भएको छ। ऐतिहासिकपत्रसंग्रह (पहिलो भाग) मा हामीले (धनवज्र+ज्ञानमणिले) पनि यस पत्रलाई छपाएका छौं।]

—०—

काठमाडौं ठूलो घण्टाको रणबहादुर शाहको वि.सं. १८५४को अभिलेख

श्रीजगज्जनन्यै नमः ॥

ब्रह्मेन्द्रादिसुपर्वमौलिविगलन्मन्दारमाल्योत्कर-
प्रोद्यत्सान्द्रपरागरागविलसत्पादारविन्दद्वया।
भक्तश्रेणिभवाब्धिसाध्वसतमप्रध्वंसहंसप्रभा
श्रीमद्भूधरसार्वभौमतनया काचिच्चिरं पातु वः ॥१॥
श्रीशाके निधिमेदिनीघनमिते मासि प्रशस्ते शुचौ
भास्वत्सूनुतिथौ शशाङ्कदिवसे पक्षे वलक्षे शुभे।
नक्षत्रेऽनिलदैवते सुविहिते सत्सिद्धियोगे गुरौ
मीनस्थे मिथुनस्थिते प्रणमतां श्रेयस्करे भास्करे ॥२॥
श्रीमन्मन्मथशासनप्रणयिनीपादारविन्दद्वय-
ध्यानाप्तानुपमप्रमोदजलधिर्भूदेवकल्पद्रुमः।

CC-0. In Public Domain. Digitization by eGangotri

प्रत्यर्थिक्षितिपालवृन्दविपिनोन्मीलत्प्रतापानलः
श्रीमानेष विराजते रणबहादूरः क्षितीन्द्रो भुवि ॥३॥
यस्य क्षोणिपते सुधांशुकिरणश्रीहारिकीर्त्तेरियं
धर्म्मज्ञा सहधर्म्मिणी विजयते श्रीराजराजेश्वरी ।
भव्या यस्य च भोगिनी विलसति ज्येष्ठा सुवर्णप्रभा
श्रीमत्कान्तवती विभाति सुकृतोत्कृष्टा कनिष्ठाऽपरा ॥४॥
तेनोर्व्वीरमणेन विश्वजननीश्रीपादपद्मोल्लस-
त्स्वच्छान्तःकरणालिना गुणगणागारेण पुण्यात्मना ।
भूलोकाद्भुतनिर्म्मितिः पृथुरियं गर्ज्जत्पयोदध्वनिः
श्रीदेव्यै चिरमर्प्पिता सुघटिता घण्टास्तु तत्प्रीतये ॥५॥
शुभमस्तु ॥

[*इतिहास-प्रकाश १।१मा योगी नरहरिनाथद्वारा यो अभिलेख प्रकाशित भएको छ ।*]

अनुवाद

परमेश्वरीलाई नमस्कार । ब्रह्मा इन्द्र आदि देवताका मुकुटबाट खसेका कल्पवृक्षका फूलका मालाहरूबाट झरेका बाक्ला धूलोका रङ्ले दुवै चरणकमल सुहाएकी, भक्तहरूका भवसागरको भयरूपी अन्धकार हटाउनामा सूर्य जस्तै तेज भएकी, यस्तै भनी ठम्याउन नसकिएकी श्रीपार्वतीले घेरै कालसम्म यहाँहरूलाई रक्षा गरून् ।

शकसंवत् १७१६ (वि. सं. १८५४) आषाढशुक्लदशमी सोमवार स्वातिनक्षत्र सिद्धियोगमा बृहस्पति मीनराशिमा बसेमा सूर्य मिथुनराशिमा बसेमा

श्रीभवानीका चरणकमलको ध्यानले बेजोड आनन्द पाएका, ब्राह्मणका कल्पवृक्ष जस्ता (दानी), शत्रु राजारूपी वन डढाउनामा डंडेलो जस्तो प्रताप भएका श्रीरणबहादुर शाह संसारमा सुहाइरहनुभएको छ ।

जून जस्तो सफा कीर्ति फैलिएका जुन महाराज (रणबहादुर शाह) का धर्मात्मा बडा महारानी राजराजेश्वरी हुनुहुन्छ । जसका जेठा रानी सुवर्णप्रभा हुनुहुन्छ. भाग्यले गर्वा मान बढेकी अर्की कान्छी रानी कान्तवती हुनुहुन्छ । जगज्जननी श्रीदुर्गाका पाठका भक्त, गुणी, धर्मात्मा तीं महाराज (रणबहादुर शाह) ले पृथ्वीतलको अद्भुत निर्माण भएको, गर्जंदो बादलको जस्तो आवाज गर्ने राम्रोसंग बनाइएको यो घण्टा देवीलाई चढाउनु-भयो । यो घण्टा घेरै कालसम्म देवीलाई प्रसन्न पारी रहिरहोस् ।

कल्याण होस् ।

—•—

CC-0. In Public Domain. Digitization by eGangotri

रणबहादुर शाहले दूत दीनानाथ उपाध्यायलाई वि. सं. १८५३ मा पठाएको पत्र

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजे रणबहादूरसाहबहादूरसम्शेरजङ्देवानां सदा समरविजयिनाम्—

स्वस्ति श्रीसर्वोपमाजोग्य राजभारसमर्थ श्रीसुब्बा दिनानाथ उपाध्यायके प्रणामपूर्वक पत्रमिदं आँहा कुशल ताहाँ कुसल चाहिए. पत्र आयो अथ मालूम भयो. आगे आँहाको समाचार भलो छ ।

उप्रान्त कार्तिक सुदि १५ मा लेष्याको अजि आईपुग्यो. विस्तार बुझ्यौं. सौगातका हा(ति)का अर्थलाई आफुले सक्यासम्म संभार गर्नु. संभार गर्दा गर्दै.. उस्को आईपुग्याको भया कसैको केहि लागदैन. मुलुकमा जतिका अर्थलाइ तांहां मात्रै भए...सभ जग्गामा पन्यो हो. सबैको ज्या थिति रहला सोहि माफिक(हो)ला रैतिसंग बहुतै तसल्लह राषि आफनु तहसील गर. हैदराबादि मुरगा चारौं वर्षमा व...कलकत्ता आइपुग्यो भन्या षबर सुनियो. साँचो भयादेषि बहुतै संभारसंग मानिससाथ गरि चाँडो गरि पठाईदेउ दषिनतिरको अंगरेज फरासिस अबदालिका प__ दिल्लीमा आउंछ भन्या समाचार आयाको बहुतै पटक भयो. निस्तुक केहि हुदैन. तस् निमित्त्य निस्तुक बुझि विति गरी पठाउ र सोहिमाफिक लेषौंला. पुसका बडा दिन जर्नेल साहेब वेलायत जान आंट्याछन्. जर्नेल कलाक साहेब भन्याका आँहाबाट जान्या उनै बदला आउँछन् भनी लेष्या छौ. ति क्या कारनले बदला भया. सुन्दामा भन्या फिरंगिको लस्कर पश्चीमतिर जांन्छन् भंछन्. अबदालीको कुरो पनि सुनिन्छ. जर्नेल भन्या बिलाईत गया क्या कारन्ले हो निस्तुक बुझि विति गरि पठाउ. बाँकि काजका जरुरि तिमीलाई भन्यैको हो. बाटमा बहुतै ढिल गर्न्याछौ. एस्ता तरहसंग ढिलो पर्न गया काजको ढेरै बिरिन जान्छ. छिट...गर चाँडो गरी जाउ. जग्गा जग्गाबाट षबर लेषते वांहां पुग्यापछि बडा साहेबसंग मुलाकातको षबर चाँडो पठाउ. ठुला ठुला असल कुकुर पठाइदिनु भन्या क्या कारन्ले पठाएनौ चाँडो गरि पठाइदेउ.

उप्रान्त...एक हज्जार पचास घानि पठाईदियाछौ. आईपुगला. भन्यामा १५० घानि मात्र पुगेन...निको बहुषा पाजिदैन भन्याका अर्थ कं-निको...नौ सय मन तांहा पुंधो पनि सक्यभर गरि तलास गराइ पठाउनु तांहां त सबै पाई...अन्यत्रबाट पनि नौ सए मन् सालधुप भिकाइ पौष महिनाभित्र आइपुग्न्या गरि ताकित चाँडो गरि पठाउ. तेति सालधुप् पौष महिनाभित्रमा नआइपुग्या काज हर्षत हुँन जाला. भावका अर्थकन.. का औवल दोएम् ज्याँदर छ, टुटा नपारि लिनु. जतिका कुरालाई तांहिमात्रै भयाको छैन अरु जिल्लामा पनि भयाका छन्. ज्या सबै ठाउँको राहा ··· मिल पनि पाउला. आज मोफसलमा जमाबंदी असुल तहसील गर्नलाई एस्ता पाठसित ··· ··· पाध्यालाई लेषि..

CC-0. In Public Domain. Digitization by eGangotri

पठाउँछौं. मोरङ्का तिम्रो बाँकीलाई चौवन्न सालदेखि असुल गर्नु भनि पछिबाट मोहोर गरि पठाईदिन्छौ. बाँकी वैज ··· का दषिनी भट्ट··· ज्यूका दर्शन् गर्न जाँदा आउँदामा विजैनगर सहरमा विजेराम राजा रह्याछन्. उनका संगमा ६ मास वर्ष दिन भट्टसंग पनि बस्याका रह्याछन् . उन राजाले आफ्ना सौषका निमित्त्य मछेलिबन्दरका कुंड बेठसिमाबाट आँड्र बयल जोडा एक झिकाएको एस जोडामा एक त बहुत ठुलो अग्लो छ भनि वैजनाथ दषिनी भट्टले विन्ति गऱ्या. त्यो बयेल झिकाउन्या राजा पनि मऱ्याछन्. राज्य भऱ्या फिरंगिको ताबे भयाको छ गरे. त्यो ठुल्लोचाहिं साँड्या झिकाउनपऱ्यो. तस्निमित्त्य तेताबाट तिमिले दुइगोटा जांन्या मानिस षटाई विजैनगर सहरमा पठाई आफुले जान्याको जुक्ति बुद्धि लाई सक्यभर गरि त्यो ठुलो साँड्या झिकाहि षर्च लाग्न्या भया षर्च लाई पनि कृतसक्य गरि झिकाउनु. एकलै ल्याउनु नभया उहिंको गाई बेस अल्गो एक् बियान् बाघासमेतको षरिद गरि नाउमा चढाई दाना घास मसाला पनि चोर डाँकु बेयाको ओषति-समेत ताकित गरि बहुतै बहुतसंग संभार गरि हर्तरहसंग पनि ल्याउँन्या काज गर्नु. त्यो सांढ्या ल्याई पुऱ्यायाका दिन तिमिदेषि ··· ··· षुसि हुन्याछौं. त्यो ल्याउनाको ताकिति तिमिले चित्त लाईकन मिहिनत् नगऱ्या अघि पछि परेवा हाँस् ल्याउँदा जस्तो गरि एस षाला ढाँट्याहेषि बनाईकँन बुझौंला. अघि पछि ढाट्या र पो क्या भयो. अहिले ढाँट्यामा पनि क्या होला भनिठान्लाउ. मैकन ताकित गरि नझिकायादेषि उस् दि म बुझौंला. बाँकी यो लेष्याको साँढ्या त दिदा पनि दिएन कथं कदाचित् मरिगयाको भया गाई गोरुको मर्मत जांन्या अरु बातमा पनि हुसियारि भयाको एक जोडा मानिस मछेलि-बंदरकुंड बेठसिमामा पठाई बांहांको भेदि मानिस् ली तेसै प्रगन्नामध्ये र अरु ठुला ठुला बैल हुँन्या ठाउँमा पनि तलास गरून्. ढेरै सांढ्या आँड्र वैल बटोली डोरिले नापि सभ-चाहिं अल्गो जुन ठहर्दछ. जहाँ आईपुग्न्यासम्मको जवान र अघबैस्यामा सभचाहिं अल्गो जोडा एक १ फेरि एस् बरोबरको अल्गो अर्को नठहरोस्. उस् माफिकको हेरि ल्याउँन्. गाइ पनि एसै माफिकको एक बियान् भयाको बाछाबाछिसमेत जोडा दुई २ ल्याउनु. बाट-बाटमा ल्याउँदा रोग् नभयाको बाटो ल्याउनु घास पानि दाना मसला चोर डाँकु बेयाको ईलाजका बहुतै संभार राषि चाँडो ल्याउनु नापमा सबैभन्दा अल्गो षासु बयल् ठहऱ्या जोडा १ त्यो पनि ल्याउनु. अल्गो नठहऱ्या षासु ल्याउनुपर्दैन. आँड्र बएल् गाई षरिद गरि ल्याउदामा लाग्याको षर्च पनि मुनासिबमाफिक मोजरा बक्सौंला. बाँकि दीनानाथ उपा-ध्यालाई ज्या काज् लायो सो पुरन् गर्न सक्छन् भनि सबै मानिस तारिफ् गर्ध्या. यो काज पुऱ्याउन सक्या काज गर्न्यै रह्याछन् भनि हामि पनि बुझौंला. एस बातको ताकिति फेरि लेषनुनपरोस्. तिमीलाई पठायाका ठाउँमा गर्न्या कुरा अह्राई सवाल बक्स्यैको छ. चिठि लेषी सक्तैका बीचमा पनि को ढाका १ समेत पत्र आयो ··· ··· तक्रार लाग्यैको छ. नाना फत्नविस दौलतराव सेंधियाको आपसमा मिलाप हुन्या षबर्छ भनी लेष्याछौ. बिस्तार बालुम भयो. भन्या लेष्याको चीज ताकितिसित एता पठाई बाटमा विलम्ब नगर. चाँडो

CC-0. In Public Domain. Digitization by eGangotri

कलकत्ता पुगी ··· ··· बुझि विन्ति गरि पठाउ ··· ··· फा[रसी] ··· लेषछन्. हिन्दु भैकन नागरि अछेरको चिठी लेषन्या गर. इति १८५३ साल पौषवदि १५ रोज ७ मुकाम कांतिपूर शुभम् ···

[यो पत्र अन्त प्रकाशित भएको छैन । ऐ. शि. बाबुराम आचार्यको संग्रहबाट यसको नकल हामीले लिएका हौं ।]

रणबहादुर शाहले दूत दीनानाथ उपाध्यायलाई वि. सं. १८५५ मा पठाएको पत्र

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराज श्रीश्रीश्रीमहाराजे रणबहादुरसाहबहादुरशम्शेरजङ्गदेवानां सदा समरविजयिनाम् .

स्वस्ति श्रीराजभारसमर्थ श्रीसुवा दीनानाथ उपाध्याके प्रणामपूर्वकपत्रम् इहाँ कुशल ताहाँ कुशल चाहिय. आगे इहाँको समाचार भलो छ .

उपरान्त मैले राज्यको भोग जति गर्न्या हो सो गर्‍यां. आज उप्रान्त संसार त्याग गरि तपस्या गर्नको इच्छा भयो र श्रीकान्छी रानीतिरका पुत्र श्रीगीर्वाणयुद्धविक्रम साहलाई मेरो भरमुलुकको रजाजी गादी बक्स्यां. फागुणका दिन २८ जाँदा शुक्रवार शुभलग्नमा राज्याभिषेक हुन्छ. चौतारा मान श्रीरणउद्योतसाहलाई दोश्रो चौतारा मान विदुर साह सेरवहादुर साह अभिमानसिंको षायल कजाइ कीर्तिमानसिंहलाई हुन्छ. तिमिहरु भारा भला मानिस थर घर पंच प्रजा सबै आजसंम जस्ता तरहसंग मेरो हुकुम मानी सोझो टहल काज गर्‍यौं. अब उप्रान्त उस्को द्विगुण गरी श्रीगीर्वाणयुद्धविक्रम साहको हुकुम मानी आफ्ना आफ्ना अषतियार लाग्याका कामको सचैत भै ताकीती गर. यस कुराको षलिता पठायाको छ. बढिया पाठ पारि चन्हाउनु. बाँको उजीर अलिको कुरो अघि विस्तार लेष्यैको हो. बुझ्याहौं. उसका ताकीतीलाई पठायाका कम्पनी सर्दार नयुगी आजकाल बुटौल छाडीकन गोरषपुरका जंगलमा पस्यो भन्न्या षबर आयो. काहाँ छन् भनी बुझ्न पठायाको छ. षवर आयापछि विस्तार पठाउँला.

उपरान्त सलुक नमिल्दा...साहवानहरूले टिपुका मुलुकमा चढाई गर्‍याको र १० हजार गोरा आयाको सोहरा मा (त्र हो) कि साँचै हो. कहाँसम्म भयो. बडा साहेब कतिन् ज्याल फिर्नन् बुझि लेख. पेसवाका कस्तो . (हा)ल बस्छ. त्यो पनि लेष. हकीमको र डाँकदर पादरीको कुरा विस्तार लेष्याछौं. तसलाई सरीरका व्यथा पहिचानी मरज फेकन सक्न्या वहुन्या बहुत जगामा अनुभव भयाको निको हकीम जो जाहाँ आउनाको कबुल गर्छ उसलाई षर्च कति लाग्ला. सो बुझि लेख र जाहाँबाट जवान पठायामाफिक गरौला.

CC-0. In Public Domain. Digitization by eGangotri

सीतला षोदन्या वैद्य आहाँ उस्ता काबिल ठहरेनन् मकसूदाबादमा छन् भनी वाही मानिस पठाइराष्याको छ . बढिया ठहराइ पठाउला भनी लेष्याछौ. सीतलावैद्य अवश्य चाहिन्छ. सर्वत्र तलास गराइ भन्या माफिक सीतला निकासन सक्न्या औषति जान्न्या जसिलो हात भयाको बढिया वैद्य ठहराइ राष. एताबाट चिठ्ठी पुग्यापछि पठाइदेउला. लछिमन्दास महन्तको चिठी आयो. मोरङ्गमा चोर रैयतलाई फाँसी दियाका झसकले वरह्मपुरका ५ कम्पनी पुरनिजा गया भन्याका कुरालाई तेस कुराको विस्तार दशरथ षत्रीले पनि लेषेछ. आहाँ आयाको उसको वेजिनीस एताबाट पनी अघि पठायाको हो. उसैले अर्थ बुझी मिठो पारी माकुल गराइ कुरो गर. चमक नपरोस्. बाँकी मधेसका टोलाका अर्थकन पछिबाट ठहराइ लेषियला. इति सम्वत् १८५५ साल फागुण वदी १४ रोज ३ मुकाम कान्तिपुर शुभम्.

[इतिहास-प्रकाश १।१को ११०-१११ पृष्ठमा यो प्रकाशित भएको छ ।]

—०—

वि. सं. १८५७ को नुवाकोटकाएडसंग सम्बन्ध राख्ने केही पत्रहरू

स्वस्ति श्रीचौतारा बलभद्र साह श्रीचौतारा विदुर साह श्रीचौतारा ज्यान साह श्रीकाजी प्रतिमन रामा श्रीकाजी रणकेशर पाँडे श्रीकाजी जहरसिंह श्रीसर्दार कालु पाँडे श्रीसर्दार अमरसिंह थापा श्रीसर्दार भैरवसिंहहरूस्य पत्रम्—

आगे अजीरगढका अमालिदारके यथोचित उप्रान्त तिम्रा अम्बलका जागिन्या ढाक्या सिपाहीले ढाल तरवार घना बन्दूक बर्छि तीर पंच हतियार ली सिपाही ब्राह्मण प्रजा जोगी संन्यासी चार वर्ण छत्तिस जातले कोदारा बंचरा ली वैशाष दिन १८ जाँदा सहर पाटन आइपुग. नआया अप्सरिया हौला.

इति संवत् १८५७ साल वैशाख शुदि १ रोज ५ मुकाम सहर शुभम्.

[ऐतिहासिक-पत्र-संग्रह (पहिलो भाग) मा हामीले (धनवज्र+ ज्ञानमणिले) यसलाई छपाएका छौं ।]

स्वस्ति श्री ५ स्वामिज्यूकस्य रुक्का—

आगे भैरवकम्पनिका सुबेदार जामादार मेजर अजिटन् कोत्या निसान हवाल्दार अमलदार मर्दली सिपाहि लाजिमा गैरह भरकम्पनिके आसिष. उप्रान्त यस वषतमा जो मिहिनत् गरौला. ठूलो बिराऊ नभइ भरकंपनिको कहिले षोस् मोस् हवैन. मिहिनत गर्दा जो काममा आऊला. तस्को भाई छोरालाई वर्ष १६ का नहुँज्याल मरौट् थामिबक्सौला. केहि बिराउ नभै सुबेदारले कसैलाइ षोस्या सुबेदारलाइ सासना गरौंला. षातिर्जमासंग मिहिनत् गर.

इति सम्वत् १८५७ साल वैशाष शुदि ११ रोज २ शुभम्

[श्रीबखतमानसिंह वस्न्यातको संग्रहबाट हामीले यसको नकल लिएका हौं ।]

CC-0. In Public Domain. Digitization by eGangotri

स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का—

आगे सहर भादगाउँका सब पंच महाजन प्रजा गैह प्रति श्री ६ बुबाज्यूले मलाई राज्याभिषेक दि धर्मपत्र तावापत्र गरि रजाइँ बक्सि आफु पर सन्यापछि फेरि मनोग्य गरि ढेरै देवदेवता पनि फोर्नु बिगार्नु भयो. गोब्राह्मणसमेत सबै प्रजा प्राणिले बहुतै दुष पाउँदा स्वामी भै अन्यायसंग सबैलाई दुष दिन हुँदैन. देवदेवता बिगार्न पनि हुंदैन भनी कुरा गर्दा मसित लडन्या सराजाम गर्नुभयेछ. तसर्थ बाबु भया. पनी अन्याय र··· गर्न दिनु छैन. एताबाट पनी भारा पाँच आउँछन्. तिमिहरू पनी सब सामेल भै भारादारले अन्हायाका काम गर तिमिहरूको पुरानु थिति थामिबक्सौंला. षातिर्जमासंग रह.

इति संवत् १८५७ साल वैसाख वदि ६ रोज ५ शुभम्

[श्रीचित्तरञ्जन नेपालीद्वारा वि. सं. २०१६ पौषको 'शारदा' मा यो छापिएको छ।]

स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का—

आगे सहर काठमाडौ भरअम्बलका ब्राह्मन सिपाहि मर्माहाजन प्रजा प्रानि गैन्ह प्रति पोलाहा निमकहराम तावापत्रको धर्म नाघ्न्या र आफूले गर्न्याको धर्म छोड्न्याले आफ्नु बनाउनानिमित्त नभयाका कुरा जोरि मेरो र श्रीबुबाज्यूको चित्त फारि कटक गराइनामा लागिरह्याछन्. उनै मानिसका मंत्रनामा पसि निमक छोडि तिमिहरू सबै लड्नामा तयार भयका छौ भन्दा सुनिछ. ताहाका प्रजा प्रानि पनि मेरै हो, आहाका पनि मेरै हुन्. दोहरै घट्या बढचाको मेरै हो. अर्काको घट्न्या बढ्न्या केही छैन. श्रीस्वामी मेरा बाबा हुन्. म उनको पुत्र हुँ. तिमिहरू लड्न तयार भयाका कस्का हुकुम्ले कस्माथि हो. निमक सम्जि मेरा सोझामा रहु. निमकहरामका कुरा पछि नलागे. निमक सम्जि तावापत्रका धर्ममा रहु. मेरा हुकुममाफिक गर तम्रो आधा पोता माफ गरिबक्सौला अब उप्रान्त कसैलाई बेजाई हुन पाउँन. सबैको थितिबिति थामिबक्सौला जो लेख्यामाफिक गरैन. तस्का जिय धनमा पर्ला.

इति संवत् १८५७ साल वैसाष वदि २ रोज १ मोकाम नुवाकोट शुभम्

[ऐतिहासिक-पत्र-संग्रह (पहिलो भाग)मा हामीले (धनवज्र+ज्ञानमणिले) यसलाई छपाएका छौं]

स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का-

आगे तारादल रणमेर देवीदत्त कंपनीका ज्मादार मेजर कोटचा अजिटन् हुदा सिपाहि गैह सब लाजिमा प्रति.

बलभद्र साहिले कुराको तोफावत श्रीबुबाज्यूका हजूरमा पारिविदा तिमिहरूलाई एकोहरो कुरा सुनाउँदा तिमिहरुले पनी एक्कुराको क्या बेहोरा हो भनी बिती गर्न पनि आयेनउ.

CC-0. In Public Domain. Digitization by eGangotri

मुर्चा बन्दि गन्याको क्या अर्थले कस्माथी हो. येकोहरो तसो कुरा गरेउ तपनी अब व्यहोरा पार्न्यालाई आफालनु र मिलाप गराउनामा जो पसौला तावापत्रको धर्म गरी थामेउ हाम्रा निमकको सोझो पनी गरेउ. निमकमा सघ ठहरियौला. झगरै बढाउन्या काम गन्यौ धर्म छादेउ निमकहराम ठहरियौला. निमक समझ.

इति संवत् १८५७ साल मिति वैसाष वदि १४ रोज ३ मुकाम नुवाकोट शुभम्

[श्रीचित्तरञ्जन नेपालीद्वारा वि.सं. २०१६ पौषको शारदामा यो प्रकाशित भएको छ ।]

स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का—

आगे सर्दार चामू भंडारि सुबेदार कासिनाथ प्रति, यकाद मानिसले कुराको तलबीच पार्दा नाहकमा कल उठावन्या डबल हुन लाग्यो. कल उठाउन जोग्ये छैन. साम्य गर्नुपन्यो. तसर्थ षेत बिह्राउन्या काजलाई अरू मानीसकन अह्राइ पह्राइ तिमी दुइ जना मोहर पुगन सिंधुली पौवागढिमा आइ बस. देस देसावरको षैषबर बुझि गढि किल्ला बलियो गरि तपसिल बमोजिमका मानीससित सल्लाह गरी परिआयाको काज गर्नु. बोलावटको लालमोहर नपुगी तिमिहरूले सिंधुलि छाडि आया निमकहराम हौला—

तपसिल

अघिका मोहरबमोजिम महाजन बेपारी चिह्नी आउन जान दिनु १

सिंधुलीगढी कुह्रन्या उमरावहरूसित सल्लाह गरी काम गर्नु २

देसबाट चिठिपत्र सौगात उकिल आया तिनलाई मानिस साथ लाई नुवाकोट हाम्रा हजुर पठाइदिनु ३

काठमाडौं पाटनबाट चिठीपत्र लैगयाको चिठी र मानिसस्मेतकन पक्री मानीस हाम्रा हजुर पठाइदिनु ४

पूर्वबाट कंपनी झाराको लस्कर झिकाइपठायाको छ. नेपालबाट फुल्याइ लिन जानन्. नेपालतिर जान नदिनु बाटैबाट मानीस साथ लाई हाम्रा हजूर पठाइदिनु ५

तावापत्रको धर्म र निमक समझि तपसिलबमोजिमको काम काज रात दिन षवरदार भैकन गर्नु ६

माझकिरातका २०० नाल सोधुलिगढिमा थामनु ७

सय नाल पौवागढिमा राषनु पल्लाकिरात नाल नेपाल नपुगी नुवाकोट आइपुगन्या गरि पठाउनु ८

ढुंगो सप्रन्या आफुलाइ दाग नलागन्या काम गर्नु ९

इति सम्वत् १८५७ साल मिति वैशाष सुदि १ रोज ५ शुभम्

[श्रीचित्तरञ्जन नेपालीद्वारा वि.सं. २०१६ पौषको शारदामा यो प्रकाशित भएको छ]

CC-0. In Public Domain. Digitization by eGangotri

नुवाकोटकाण्डसंग सम्बन्ध राख्ने तात्कालिक कागत

संवत् १८५७ साल

वैसाषवदि ९ रो ५ के

षर्च—

श्रीस्वामिजिका मंजि भयो भनि समसेर सुबेदारले पाटन लैगयाको लस्करि बंदुक ८
दफे श्रीस्वामिका मंजिले मंछिद्र षवासले पाटन लैगयाका तरवार ५
फलाम्या कबुजा चाँदिको ठंठि भयाको षुर्सानि तरवार १
रुपौला कबुजा भयाको बंदर १
सुनौला कबुजा भयाको चिनिया १
सुनौला कबुजा बयाको बंदर निम्चा १
रुपौला कबुजा भयाको षाडो १
दफे निगाल्या चामु हस्ते गयाको तरवार २
कदकारि कबुजा भयाको १ फिर्ता
फलाम्या कबुजा भयाको सुरहि १ फिर्ता

बैसाष शुदि ३ रो १ के

षर्च—

नेपाल र नुवाकोट बाटो थुनियापछि पाटन् लैगयाका ४०
हजार रुपैयामध्य ३६ हजार फिर्ता भयो. बाकि कपर्दार
भोटू पाडेका हस्ते गरि बलभद्र साहिलाइ बक्स्याका
रुपैया चार हजार छापसमेत ४०००
पटना थैला---२ के २०००
मंहिद्रमलि थैला २ के २०००

बैसाष शुदि ५ रोज ३ के

षर्च—

दाषिल श्रीस्वामिजिका हजुर हस्ते रामास चिरुवादारको
छोरा विरभद्र अंगरेजि बारुद माना २
श्रीस्वामिजि राजा भयापछि हजुरमा गयाको पाटन्मा
हस्ते रनजित कवरको छोरा बाल्या
सुनौला तोडावाल बंदुक २
रुपौला तोडावाल बंदुक २

CC-0. In Public Domain. Digitization by eGangotri

सादा तोडावाल बंदुक २
पथरकला बंदुक २
दफे. पाटन् गयाको हस्ते जया गुरुंको छोरा रनकेसर. लस्करि बंदुक

वैसाषशुदि १० रोज १ के
षर्च–
श्रीस्वामिका षाडोका मियानके हस्ते हर्क्या बोहोरा मषमल हात १
कपर्दार भोटू पाडे हस्ते डसनाकन गयाको लाल लिहु १

ज्येष्टवदि ६ रोज ४ के
षर्च–
जगन् षजांचि आइ श्रीस्वामिजिको मर्जि भयाको छ भनि बुर्जाबाट
झिकिदियाका छापसमेत थैला १७ के पटना रुपैया सत्र हजार १७०००
बलभद्र साहलाइ दिनु भनि षजांचि आफैले लैगयाको हजार दस् १००००
गंड्या सर्दारलाइदियाका हजार सात ७०००

जेष्ठवदि १० रोज १ के
षर्च–
जगन् षजांचिले कोठाबाट झिकि जालिम डिट्ठा हस्ते पुलचोकमा
श्रीस्वामिजिका हजुर पठाइदियाका छापसमेत थैला ३ के पटना
रुपैया हजार तिन् ३०००

[यो कागत संशोधन-मण्डलको संग्रहमा छ।]

वि. सं. १८६२ मा रणबहादुर शाहले मुख्तियारी लिएको पत्र

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नत श्रीमन्महाराजाधिराज श्रीश्रीश्रीमहाराजगीर्वाणयुद्धविक्रमसाहबहादुरसम्सेर्ज्जङ्गदेवानां सदा समरविजयिनाम्—

आगे श्रीबुबाज्यूलाइ म जान्न्या हुन्ज्यालसम्म भरमुलुकको घा घर सार न्या कटक पजनी गैरह काज कामको मुष्तेयारी बक्स्यां. भारा कंपनी ढलेत चार वर्न छत्तीसै जातले श्रीबुबाज्यूका हुकुममा रुजु रही मर्जि मान्नु. जो श्रीबबाज्यूको हुकुम मानैन. तस्लाइ श्रीबुबाज्यूबाट शासना गर्नु. इति संवत् १८६२ शाल फाल्गुन सुदि ८ रोज ४ शुभम्.

[श्रीचित्तरञ्जन नेपालीद्वारा 'जनरल भीमसेन थापा र तत्कालीन नेपाल' मा यो प्रकाशित भएको छ।]

CC-0. In Public Domain. Digitization by eGangotri

रणबहादुर शाहको वध र राजराजेश्वरी सती गएको कुरा भएका दुइ पद्य

"शाके वारणबाहुवाजिविधुभिर्होने सिते माधवे
मासे भानुतिथौ गुरौ दशघटीकल्पे त्रियामाक्षणे ।
दुर्मन्त्रोत्थकुतर्ककर्कशगिरं निष्पाद्य गोष्ठीमुखे
हा कष्टं सचिवैर्निजे रणबहादुरक्षितीशो हतः ॥
हेल्मुग्रामविवासितापि सचिवैः श्रीराजराजेश्वरी
साध्वी सा नवमेऽह्नि गोद्विजसुरान् सम्पूज्य पुण्यक्षितौ ।
भर्तुर्दुर्गतितः समुद्धृतिमना वह्नौ स्वदेहाहुतिं
कृत्वा स्वर्गमियाय तामनुगताः शक्रोन्मिताश्चेटिकाः ॥

[श्रीसूर्यविक्रम ज्ञवालीद्वारा 'अमरसिंह थापा' मा यी पद्य प्रकाशित भएका छन् ।]

अनुवाद

शकसंवत् १७२८ (वि. सं. १८६३) वैशाखशुक्लसप्तमी बृहस्पतिवारका दिन राति १० घडी जति जाँदा सभा भइरहेको वेलामा खरापसंग छलफल हुँदा गालगोप्पा चल्न थाल्यो र अपशोच ! आफ्नै मन्त्रीहरूद्वारा रणबहादुर शाह मारिनुभयो ।

पतिव्रता राजराजेश्वरी मन्त्रीहरूले हेलम्बुमा निकालिएकी भए तापनि आफ्ना पतिलाई दुर्गतिबाट बचाउने इच्छाले नवौं दिनमा पुण्यक्षेत्रमा गाई ब्राह्मण देवताको पूजा गरी १४ जना केटीसाथ सती जानुभयो ।

—०—

वाग्वतीको भीमसेन थापाको वि. सं. १८६८ को अभिलेख

श्रीगणेशाय नमः ॥ श्रीवाग्वत्यै नमः ॥ श्रीवैष्णव्यै नमः ॥
यदमलाम्बुनो नित्यसेवनं वृजिननाशनं दुःखदारणम् ।
भविकभावनं मुक्तिकारणं शरणमेमि तां वाग्वतीमहम् ॥१॥
भक्तैतद् शभूपाभ्युदयशतकरी कालिका जागरूका
योगी गोरक्षनाथोऽपि च जयति सदा यत्र विघ्नं विनिघ्नन् ।
शूराः सन्ति प्रजाः स्वप्रभुहितनिपुणा न्याययुक्ताः स्वतन्त्राः
सोऽयं गोर्खाभिधानो जगति विजयते कोऽपि रम्यः प्रदेशः ॥२॥
तत्र द्रव्येशसाहो नृपवर उदितः पूर्णसाहोऽस्य पुत्र-
स्तस्य श्रीरामसाहो विरचितविविधश्लाघ्यलोकव्यवस्थः ।

CC-0. In Public Domain. Digitization by eGangotri

तस्माच्छ्रीडम्बराख्योऽजनि तनयवरस्तत्सुतोऽभून्महात्मा
नाम्ना श्रीकृष्णसाहोऽभवदमलयशा रुद्रसाहोऽस्य सूनुः ॥३॥
भूपः पृथ्वीपतिस्तत्सुतवर उदभूत्तज्जनिर्वीरभद्र-
स्तस्मात्सत्सिद्धिशाली समजनि नरभूपालसाहोऽवनीशः ।
पृथ्वीनारायणोऽस्मादुदभवदवनावुद्यदुद्दामकीर्ति-
र्नेपालक्षोणिपालप्रबलरिपुकुले कल्पकालानलाभः ॥४॥
भूपो भक्तिभरेण योल्पवयसि प्राप्यैव वाराणसीं
यात्रानन्तरमागतौ स्वमहसा मार्गावरोधोद्यतान् ।
हत्वारीन् स्वपुरीं प्रविश्य च नवाकोटाख्यदुर्गं बला-
ज्जित्वा प्राप च काष्ठमण्डपपुरीं संहृत्य कोटीर्द्विषाम् ॥५॥
तस्मात् सिंहप्रतापोऽजनि नृपतिपतिः पुण्यवान्सत्प्रतापः
प्रादुर्भूतोऽप्यमुष्माज्जगति रणबहादूरराजाधिराजः ।
बालामालावशीलावलयरिपुकुलालोललीलाविलासो-
ल्लासासक्तावलालीकुचकलशविधिव्यर्थताकर्तृतेजाः ॥६॥
दाता पाताऽनुशास्ता निखिलगुणनिधिर्गानविद्यादिविद्या-
ऽभिज्ञो यः कम्पमाना विपुलभयवशात्पालयन्त्यादरेण ।
प्राक्प्रत्यक्सव्यसव्येतरत उपचरन्तोऽधिपा यस्य विज्ञा
राज्ञामाज्ञां मनोज्ञाः करकमललसत्कुड्मलोल्लासिशीर्षाः ॥७॥
सौन्दर्यातिशयादमुष्य नृपतेः प्राणाधिकप्रेयसी
श्रीमत्कान्तिमती त्रिलोकविदिता जायाऽभवद्वीक्ष्य याम् ।
एषा कापि सुराङ्गनासु किमियं किं नागकन्यासु वा
कामस्येति रतिः प्रिया किमथवा लोकोऽयमाशङ्कत ॥८॥
पुत्रं पर्वतचक्रवर्तिनृपतिं सिंहासनाध्यासितं
स्वीयं वीक्ष्य विधाय दाननिकरानङ्के स्थिता स्वामिनः ।
एषा भागवतार्थमन्तसमये वाणीविलासाद् बुधा-
दाकर्ण्यैव हरिं निधाय हृदये लीना परब्रह्मणि ॥९॥
ललितत्रिपुराविसुन्दरी चरमामुष्य नृपस्य सुन्दरीं ।
जयति त्रिजगत्सु सुन्दरी भुवि कैलाश इवेशसुन्दरी ॥१०॥
स्वाङ्के स्वस्वामिना श्रीगुणवति निहिते भूमिपे पुत्रवर्ये
प्राणानाधाय नारायणचरणमनाः पुण्यकर्माणि नित्यम् ।
कुर्वाणाऽनाथदीनागतिकजनकृपापारवारां निधिः सा
साध्वीनामग्रगण्या जगति विजयते भूमिपालेन्द्रपत्नी ॥११॥

CC-0. In Public Domain. Digitization by eGangotri

गीर्वाणोत्तरयुद्धविक्रमनृपः प्रोद्भूत उर्वीभृतः
पुत्रोऽस्माज्जलधेः सुधांशुरिव सद्धामाभिरामोदयः ।
लोकानन्दिकरः प्रचण्डमहसः साद्धर्दिदको लब्धवान्
यो राज्यं जनकान्निजाज्जगति सज्जन्युव्रजानां मुदे ॥ १२ ॥
कर्णे दानं मनोजे द्युतिमृतसुकृते धर्मराजेऽर्जुने स-
च्छौर्यं गाम्भीर्यधैर्य अधिजलधि रवौ तेज आह्लादकत्वम् ।
चन्द्रे भोजे प्रसादं कविजनकवितास्वाद आधाय नूनं
वाञ्छन्नेकत्र धाता स्थितमिदमखिलं सृष्टवान्द्रष्टुमेतम् ॥ १३ ॥
ज्येष्ठा श्रीसिद्धिलक्ष्मीर्विलसति महिषी यस्य गोरक्षराज-
लक्ष्मीश्चैतद्वयीयं पतिभजनपरा सर्वसाध्वीषु धन्या ।
प्रायो भूयोऽपि भूयोऽद्भुतकलिमहिमोद्भूतभूभारहेतु-
ध्वस्त्यै कृष्णोऽवतीर्णोऽयमियमपि मुदे रुक्मिणीसत्यभामा ॥४॥
यस्य श्रीभीमसेनः सचिवकुलमणिर्भाति भूपालमौलेः
कस्मिंश्चिद्द घोरविघ्ने निपतति विधितो धीरगम्भीरधीर्यः ।
आवीद्द भूपं धियोपद्रवशममकरोत्स्वीययायुष्यहेतो
राज्ञः कीर्त्यै च नानाविधविमलयशोहेतुकर्माणि मन्त्री ॥१५॥
जरन्नव्यं रम्यं प्रमदवनमध्वादिघटनं
पुरद्वारं वृष्टचातपविकललोकाश्रमयुतम् ।
तथा बारुत्खानाभिधमथ मजाग्देवलमिति
प्रसिद्धं गोर्खायामपि नृपगृहं भीमरचितम् ॥१६॥
यो दक्षं लक्ष्यवेधे रुचिरहरिकथाकर्णनैकाग्रचित्तं
तुङ्गं रिङ्गत्तुरङ्गं व्यधित वशयितुं संप्रवीणं प्रभुं स्वम्।
बाल्ये नद्यादिबाहुप्रतरणनिपुणं वर्ण्यनानागुणौघं
मन्त्रीन्द्रो भीमसेनः सुकृतचयवशाल्लब्ध आभाति यस्य ॥ १७॥
यत्क्रोधश्रुतिमात्रतोऽप्यरिवधूवृन्दाश्रुधारा बृह-
द्धारा वोपचिता निरीक्ष्य नटति व्राङ्नीलकण्ठावली ।
यो मातेव पितेव बन्धुरिव सत्स्त्रीव प्रभौ दासव-
च्चास्ते तत्र निधाय भीमसचिवे राज्यं नृपः क्रीडति ॥१८॥
कश्चिच्चीनपचक्रवर्तिरचितः सन्धिः समृद्धोऽनिशं
यन्नत्रान्मनसापि नेच्छति भियाऽऽक्रान्तुं प्रवृद्धोऽप्यरिः ।
तास्थोऽमरसिंहमन्त्रिवरतः सीम्नि स्थिताद्यत्पितुः
सोऽयं मन्त्रिशिरोमणिर्हितकरो यस्यास्ति सोऽयं नृपः ॥ १९॥

CC-0. In Public Domain. Digitization by eGangotri

स्वाम्यर्थाय हि जीवनं भवति तद्भ्रातर्व्रज त्वं युधी-
त्याज्ञप्तो रणसंमुखे नयनसिंथापा यदीयोऽनुजः ।
स्वप्राणानजहाद्रिपून् भुजबलादाक्रम्य काङ्डाह्वये
कोटे क्लिष्टपथे प्रवेशसमये मन्त्री स यस्यास्त्यसौ ॥२०॥
नेपालोऽयमुपद्रवाबलिशतस्थानं प्रभुर्बालकः
संरक्ष्यो मम सर्वथा गृहसुखं त्यक्त्वेति भूपालये
स्थित्वान्तर्बहिरन्यधीविलसितो दृष्टिं प्रदायानिशं
यो जागर्त्ति स भीमसेनसचिवो यस्यानुरक्तोऽस्त्यसौ ॥२१॥
मनुजबलतवारो येन सम्यङ् नियुक्तः
प्रतिपदमवनीशं सावधानोऽवति स्वम् ।
यममृतरणवीरौ भ्रातरौ भक्तिमन्ता--
वनुसरत उदारौ सोऽस्ति भीमो यदीयः ॥२२॥
लोका जानीत यूयं प्रभुहितकृतये नाभवन्नास्ति भावी
नो मन्त्री भीमसेनादपर इह लसद्बुद्धिचातुर्ययुक्तः ।
तस्माद्भीमो गरुत्मानयमुत हनुमान् सेवितोऽनेन भूपः
कृष्णो वा राघवोऽवातरदिति कथयत्यत्र वाणीविलासः ॥२३॥
श्रुत्वा यन्मन्त्रिकर्माद्भुतमतिचकितः स्फूर्जयित्वा स्वमूर्ध्नां
कम्पेन द्रष्टुमत्र क्षितितलविवराच्छेष एत्य स्थितः किम् ।
कायव्यूहेन भीमोत्कटकृतिमिषतो मन्य इत्थं हि नो चे-
द्भूकम्पोऽभूद्विदीर्णा धरणिरपि कथं मन्त्रिकृत्यं च शुभ्रम ॥२४॥
यत्सचिवं भीमसेनं संमन्त्र्य च वाग्वतीतटे घटनम् ।
सेतोरकृत सुकीर्त्यै श्रीललितत्रिपुरसुन्दरीदेवी ॥२५॥
यस्मिन् सुन्दरसेतुवर्यरचनं श्रीभीमसेनान्वयात्
ताराधीशरु(चा वि)भाति हितकृच्छीलक्ष्मणोपेतता ।
वैदेहीति वचो जनो धरणिभृद्रामा(नुभा)वात्सदा
लङ्कायादरमेति तत्सुचरितं रामायणं मन्महे ॥२६॥
पारावा(रनि)वासिजन्तुनिवहोनायासतो निम्नगा-
मेतां मातृकुले तथा पितृकुले भर्त्तुः कुले संस्थिताः ।
ये ये ते पितरोऽपि दुस्तरभवाम्भोधिं प्रमोदान्विता-
स्तीर्त्वोद्यान्त्विति वाञ्छयाऽकृत वरं सेतुं नृपेन्द्रप्रिया ॥२७॥
पारावारतटस्थलोकवसतिग्रामाभिरामोदया
वाग्वत्यां विहितेयमालिरुपलाबद्धप्रघट्टान्विता ।

CC-0. In Public Domain. Digitization by eGangotri

राज्ञ्याः श्रीललितादिमत्रिपुरसुन्दर्याः स्फुरत्यद्भुता
मुक्तिश्रीपुररत्नवृन्दविजयोद्यन्ती पताका किल ॥ ८
गीर्वाणोत्तरयुद्धविक्रमनृपायुर्वृद्धिदा लेखनी
दैवी निर्मलभीमसेनमनसो वृत्तिः स्फुटा मूर्तिवृक् ।
कीर्तिः कापि शलाकिका त्रिपुरसुन्दर्य्याः स्वनिश्रेयस-
श्रीपूर्द्वारिवरुद्धयोररयोरुद्घाटिकोद्घाटने ॥२९॥
आलङ्घ्यं शतयोजनो जलनिधिर्यो जानकीजानिना
जायायै तरणाय वानरवरानीकस्य बद्धः पुरा ।
चित्रं तत्र किमत्र तत्त्रिपुरसुन्दर्य्या स्वभर्त्रादिको-
द्धाराया ऽक्रियताऽध्यपारभववार्निध्येष सेतुर्दृढः ॥३०॥
शाके १७३२ द्वित्रिमुनीन्दुमानिनि नगाङ्काहिक्षमासम्मिते
संवद् १८६८ मास्यधिसिद्धिपौष्णवणिजे मार्गे गुरोर्वासरे ।
शुक्लैकादशिकान्विते रणबहादूराधिपश्रेयसे
राज्ञीयं मकरोदये कृतवती सेतोः शिलान्यासनाम् ॥३१॥
गीर्वाणोत्तरयुद्धविक्रममहाराजाधिराजाज्ञया
कर्मण्यत्र स भीमसेनसचिवो लक्ष्म्यादिनारायणम् ।
डिट्ठेति प्रथितं सुकर्मनिपुणं प्राज्ञं नृपाज्ञाकरं
प्राचीनानुचरं न्ययुङ्क्त मतिमान् श्रद्धाभरेण द्रुतम् ॥३२॥
सुब्बेतिव्यपदेशभाग्द्विजवरः श्रीलोकनाथाह्वयः
पाँडेः सेवनविज्जयद्रथ इति ख्यातः सुवेदारकः ।
वीरो ज्ञो दलवारसंज्ञकसुवेदारो वरो बुद्धिमान्
सुब्बाः पीहुवराभिधोऽतिनिपुणस्तद्वन्नियुक्ता अमी ॥३३॥
एतान् पञ्च नियोज्य कर्मनिपुणान् प्राधान्यतः पावके-
ष्वग्नीन्दु १३५३ प्रमितैः करैः परिमितं सेतुं दृढं सुन्दरम् ।
कत्वा सिद्धमिमं प्रभुं नृपवरं तन्मातरं स्वामिनीं
सन्तोष्यास्य स भीमसेनसचिवो व्यज्ञापयत्संस्कृतिम् ॥३४॥
अथ नरपतिमात्रा दैवतार्चां विधाय
बहुलवसुविसर्गैर्हव्यवाहं सुतर्प्य ।
द्विजसमुदयदीनानाथलोकान् प्रतोष्य
निजपतिपरधामप्राप्तये संस्कृतोऽयम् ॥३५॥
संव१८६८नागर्तुनागावनिपरिकलिते चैत्रिके कृष्णपक्षे
सप्तम्यां कुम्भगेऽर्के सुरगुरुदिवसे मैत्रभे हर्षणाख्ये ।

CC-0. In Public Domain. Digitization by eGangotri

योगाग्ये द्वन्द्वलग्ने ववकरणयुते हैमसिंहध्वजोद्य-
त्कीर्तिस्तत्प्रभाभिरामो नृपतिमहिलया सेतुरुत्सृष्ट एषः ।।३६।।
गीर्वाणोत्तरयुद्धविक्रममहाराजाधिराजाज्ञया
जाता श्रीललितोत्तरत्रिपुरसुन्दर्य्याःपरात्मेशितुः ।
प्रीत्यै कीर्तिरियं परा विजयतां वाणीविलासस्तुता
कल्पान्तावधि भीमसेनसचिवप्रोद्यत्प्रभावान्विता ।।३७।।

अतः परं संस्कृतवाणीमजानानामपि झटित्यर्थबोधाय स एवार्थः संक्षिप्य भाषया प्रकटी-क्रियते—

श्रीगोर्खादेशमा पहिले श्रीद्रव्येश साह महाराज हुनुभयो. उहापछि उनका पुत्र श्रीपूर्ण साह. उनका पुत्र सपूर्ण लोकमा स्थिति बाँधन्या श्रीराम साह. उनका पुत्र श्रीडंबर साह उन्का पुत्र श्रीकृष्ण साह उन्का पुत्र श्रीरुद्र साह. उनका पुत्र श्रीपृथ्वीपति साह. उनका पुत्र श्रीवीरभद्र साह. उन्का पुत्र देवताको प्रसाद पायाका अनेक सिद्धिले युक्त भयाका श्रीनर-भूपाल साह. इनैका पुत्र बाल्यावस्थैमा श्रीकाशी यात्रा गरि फिर्दामा छेकन आउन्या चौकी-दार प्रभृति शत्रुसैन्यकन कत्तल गरि गोर्खा सहरमा प्रवेश गन्यापछि नुवाकोट नेपाल प्रभृति देश मारि श्रीमहाराजे बहादूर सम्सेर जङ् पदवी पाउन्या श्रीपृवीनारायण साह महा-राजा हुनुभयो. इनैका पुत्र प्रजारजन गर्दामा निपुण भयाका श्रीसिंहप्रताप साह महाराजा हुनुभयो. इनैका पुत्र अतिसुन्दर मूर्ति भयाका सकल शत्रुको सहार गर्न्या दातामा अग्रगण्य देशका बडा बडा राजाबिषे पनि हुकुम चलाउन्या शस्त्र शास्त्र संगीत तंत्रादि सकल विद्याका निधान श्रारणबहादूर साह महाराजाधिराज पुश्तलाइ राज्य दीकन स्वामी हुनुभयो इनैका अत्यंत सौन्दर्यले युक्त भयाका प्राणभंदा पनि प्यारा श्रीकान्तिमति नाम भयाका पत्नी स्वामिनी हुनुभयो. आफ्ना पुत्रकन पर्वतदेशमा चक्रवर्ती महाराज हुनुभयाका सिंहासनमा चढ्याका यस्ता देषन पाईकन संतोषले युक्त भई शास्त्रमा लेख्याका जो जो दान छन् ती सबै दान गरीकन अंतकालबिषे पनि आफ्ना स्वामीले संग भई वाणीविलास पण्डितका मुखदेखिन् संपूर्ण श्रीभागवत पुराणका अर्थ श्रवण गरी नारायणकन हृदयबिषे राखी परम धाममा प्राप्त हुनुभयो इनै रणबहादूर साह महाराजाधिराजका श्रीललितत्रिपुरसुन्दरी देवी कांछा महारानी हुनुभयो. बहुत सौंदर्यले युक्त भयाका कैलासबिषे विराजमान भयाकी साक्षात् पार्वती जस्ता श्रीस्वामीज्यूले आफ्ना काखमा राखिदियाका पुत्र श्रीगीर्वाण-युद्धविक्रम साह महाराजाधिराजबिषे प्राण राखीकन नारायणका चरणारविन्दबिषे चित्त लगाई सवदा पुण्यकर्म गर्न्या भयाका दीन अनाथ जस्का गति केही पनि छैन यस्ता जनबिषे करुणा बहुतै गर्न्या पतिव्रतामा अग्रगण्य भयाका यस्ता सो कांछा महारानी हुनुहुन्छ. श्रीरणबहादूर साह महाराजाधिराजदेषिन समुद्रदेषि उदायाका पूर्णचन्द्रले झैं सकल लोककन अत्यन्त आह्लादन गर्न्या डेढ वर्षका उमेरमा आफ्ना पितादेषिन् राज्या-

CC-0. In Public Domain. Digitization by eGangotri

भिषेक पायाका कर्णभन्दा पनि बडा दाता कामदेवभंदा पनि अतिसुंदर धर्मराज जस्ता अतिसत्यवादी सदा धर्म कर्म गर्न्या अर्जुन जस्ता बडा शूर समुद्र जस्ता अतिगंभीर पनि धीर पनि भयाका सूर्य जस्ता बडा तेजस्वी भोजराजभन्दा पनि कविता सुंदा बडो प्रसाद दिन्या इत्यादि सकल राजगुणले युक्त भयाका श्रीगीर्वाणयुद्धविक्रम साह महाराजाधिराज पैदा हुनुभयो. जस्का जेठा महारानी श्रीसिद्धिलक्ष्मीदेवी हुनुहुन्छ. कांछा महारानी गोरक्ष-राजलक्ष्मीदेवी हुनुहुन्छ. इनै महाराज महारानीमा कलियुगका महिमाले फेरी भूमीमा जो जो भारका कारण छन्. तन्को विनाश गर्ना निमित्त कृष्णजीको अवतार महाराज रुक्मिणीजीको र सत्यभामाजीको अवतार ई दुई महारानी हुन् भनि लोक यस्तो तर्कणा गर्दछन्. जस् महाराजाका सकलमंत्रिबिषे शिरोमणि भयाका भीमसेन थापा काजी छन्. जो काजी दैववशले श्रीस्वामीज्यूको अकस्मात् परलोक हुनु एहि घोर विघ्न आउंदामा पनि धीर गंभीर बुद्धिले सकल उपद्रवको निवारण गरि श्रीमहाराजाको रक्षा गर्न्या श्रीमहाराजाको आयुष्य पुण्य प्रताप कीर्ति राज्य बढोस् भन्ना निमित्त बहुत दिनदेखि जीर्ण भयाको भंडार-खाल्कन अनेक तरहका चुनागिरिले जग् जग् भयाका अनेक तरहका फलफुलका वृक्ष औषधि लतादिले पूर्ण भयाको अतिसुंदर तुल्याउन्या जग्गा जग्गामा बाटाको संस्कार गरि सडक बनाउन्या सहरका ढोका ढोकाछेउका पाटीहेरु दर्बारको सुनको ढोकाहेरू बनाई संस्कार गर्न्या बारूदखाना मजाक्देवल विष्णुमतीको पूल बारीपारीका धर्मशाला घाट् सुनको धारा गोर्खाको दरबार इत्यादि बनाउन्या आफ्ना प्रभुकन बाल्यावस्थैमा धनु हान्न हरिकथा श्रवण गर्न. घोडा चढन पौंह्रन इत्यादि सकल राजनीतिमा कुशल तुल्याउन्या जस्का क्रोधमा सब थर्थरायमान काँपदछन्. जो आफ्ना प्रभुबिषे महतारि झै हित गर्दछन्. पिता झै उपदेशको वार्ता विंति गर्दछन्. बंधुवर्ग झै स्नेह गर्दछन्. सत्स्त्री झै सुख दिंछन् सेवामा दास झै जो रहंछन्. जस्का मंत्रणामा चीनका पात्साहसितको घाहा पनि बंदो जांछ. जस्का मंत्रणाले आफ्ना बाबा अमरसिंह थापा काजीलाई सिमानामा राषनाले बढ्याको फिरंगी पनि आकन शकदैन. जस्का भाइ नयनसिंह थापाले पनि काङ्डाकोटमा प्रभुका निमित्त लडाजिमा प्राण दिया. जो काजी यो नेपाल उपद्रवको घर हो. प्रभु भन्या बालक. मैले सह्यार गर्न्या हो भन्नानिमित्त गृहसुख छोडि पनि दरबारमा बसी भित्र बाहिर सर्वत्र नजर दि खबर्दार भै रहंछन्. जस्ले लगायाका भाई बख्तवारसिंह काजी श्रीमहाराजका हजूरमा बसी श्रीमहाराजको रक्षा रात दिन गर्दछन्. जस्का रक्षानिमित्त बडा भ्रातृभक्त भयाका स्वर्गीय काजी र रणवीर काजी सर्वदा साथ रहन्छन्. जस्ताजीले सेवा गरियाका श्रीमहाराजाबिषे कविजनहेरू यस्तो वर्णन गर्दछन. श्रीमहाराजा कृष्णजीका अवतार हुन् भन्या ई काजी गरुडका अवतार हुन्. श्रीमहाराजा रामजीका अवतार हुन् भन्या ई काजी हनूमान्का अवतार हुन् भनि इत्यादि प्रकारले वर्णन गर्दछन् यस्ता काजी प्रभुको सर्वप्रकारले हितै गर्न्या जस् महाराजाका प्रीतिपात्र छन्.

CC-0. In Public Domain. Digitization by eGangotri

तिनै भीमसेन थापा काजीसित सल्लाहा गरी श्रीललितत्रिपुरसुन्दरा देवी नाम भयाका श्रीस्वामी रणबहादूर साहका कांछा महारानीले कीर्ति र श्रीस्वामीज्यूको उद्धार हुवस् भन्ना निमित्त यो वाग्वतीको पूल बनाउनाकन इच्छा गरी हुकुम बकसनुभयो. वाहादेषी सकल राज्यको भार पायाका प्रभुका भक्त भयाका बडा बुद्धिमान् भीमसेन थापा काजीले एस काममा बहुत चित्त लगाई लक्ष्मीनारायण डिठ्ठा मुख्य गरी लोकनाथ पांडे सुब्बा जयद्रथ सुबेदार दलवार--पिहुवर लामा सुब्बा प्रभृति अनेक मनुष्यकन लगाई शाके १७३२ सम्वत् १८६७ सालका मार्गशीर्ष महिनाका शुक्लपक्षका एकादशी तिथि रेवतीनक्षत्र सिद्धियोग वणिक्करण बृहस्पतिवार मकरलग्नमा शिलान्यासपूर्वक एक वर्षमा तेन्हशय त्रिपन्न हातको यो पूल सुवर्णसिंहध्वज भयाका कीर्तिस्तम्भले शोभायमान भयाका वारीपारी धर्मशाला ग्रामहेरू भयाको सिद्ध गरी महाराजा महारानीकन संतुष्ट गराया. वाहादेषी १८६८ सालका चैत्र कृष्णसप्तमी बृहस्पतिवार अनुराधानक्षत्र हर्षणयोग ववकरण मिथुनलग्नमा कुम्भको आदित्य छँदामा यज्ञ दान पुण्य गरी पुत्र श्रीगीर्वाणयुद्धविक्रम साह महाराजाधिराजले सँग भई श्रीललितत्रिपुरसुन्दरी महारानीले श्रीजगदीश्वरप्रीतिपूर्वक श्रीस्वामीज्यूका उद्धारनिमित्त वारी पारी धर्मशाला गुठी खेतले संग भयाको यस् पूलको उत्सर्ग गर्नु भयो। शुभम्भूयादीश्वरप्रसादात् ॥

[*संस्कृत–सन्देश १।७मा श्रीयु पं. नयराज पन्तद्वारा यो स्तम्भाभिलेख प्रकाशित भएको छ*]

(यस अभिलेखमा संस्कृतका साथै नेपाली पनि दिइएको छ तापनि संस्कृत भागमा व्यक्त गरिएको सबै भाव नेपाली भागमा व्यक्त भएको छैन। त्यस कारण यस अभिलेखको यथार्थ ज्ञानका लागि संस्कृतको नेपाली अनुवाद पनि दिनु आवश्यक सम्झी यो अनुवाद दिइएको छ।)

अनुवाद

श्रीगणेशलाई नमस्कार। श्रीवाग्वतीलाई नमस्कार। श्रीवैष्णवी (लक्ष्मी) लाई नमस्कार।

जसको शुद्ध पानीको सधैं सेवनले पाप नाश गर्छ, दुःख हर्छ, कल्याण गर्छ, मुक्ति दिन्छ, ती वाग्वतीको म शरण पर्छु ॥१॥

यो देशका (गोरखाका) भक्त राजाका शयौं उदय गर्ने कालिका देवी जहाँ रहन्छिन्, विघ्न नाश पार्ने योगी गोरखनाथ जहाँ सधैं रहन्छन्, जहांका दुनियाँ शूरा आफ्ना राजाको भलो गर्ने हक्की तथा स्वतन्त्र छन्, त्यस्तो 'गोरखा' भन्ने संसारमा राम्रो कुनै देश छ ॥

त्यस गोरखा देशमा असल राजा द्रव्य शाह हुनुभयो। उहाँका छोरा पूर्ण शाह हुनुभयो। उहाँका छोरा अनेक असल रीति-स्थिति बाँध्ने राम शाह हुनुभयो। उहाँका छोरा डम्बर-शाह हुनुभयो। उहाँका छोरा ठूलो विचार भएका कृष्ण शाह हुनुभयो। उहाँका छोरा

CC-0. In Public Domain. Digitization by eGangotri

सफा कीर्ति फैलिएका रुद्र शाह हुनुभयो। उहाँका छोरा पृथ्वीपति शाह हुनुभयो। उहाँका छोरा वीरभद्र शाह हुनुभयो। उहाँका छोरा असल सिद्धि पाएका नरभूपाल शाह हुनुभयो। उहाँबाट पृथ्वीमा ठूलो कीर्ति फैलिएका नेपाल (खाल्डो)का बलिया शत्रु राजाहरूका लागि प्रलयकालको आगो जस्ता भएका पृथ्वीनारायण शाह हुनुभयो ॥३-४॥

जुन राजा कच्चै उमेरमा ठूलो भक्तिले काशी पाउलाग्नुभयो। जसले यात्रा गरी फर्कंदा बाटो छेक्न आउने शत्रुहरूलाई आफ्नो पराक्रमले कत्तल गरी आफ्नो शहर (गोरखा) मा प्रवेश गर्नुभयो, बलले नुवाकोट किल्ला जित्नुभयो, करोडौं शत्रुहरूलाई सिध्याई काठमाडौं-मा प्रवेश गर्नुभयो ॥५॥

उहाँबाट प्रतापी धर्मात्मा सिंहप्रताप (प्रतापसिंह) हुनुभयो। उहाँबाट आइमाईहरूलाई वश पार्न सक्ने पृथ्वीमण्डलका शत्रु राजाका विलासी स्वास्नीहरूका स्तनलाई व्यर्थ पार्न सक्ने शक्ति भएका (सारा शत्रुहरूलाई सखाप पार्ने) रणबहादुर शाह हुनुभयो ॥६॥

जुन राजा दानी रक्षा गर्ने हुकूम चलाउने आदि सारा गुणले युक्त भएका, गानविद्या आदि विद्या जान्ने हुनुभयो। जुन राजाको आज्ञालाई पूर्व दक्षिण पश्चिम उत्तर चारै दिशाका ठूलठूला चतुरा राजाहरू पनि सलामीमा हाजिर भएर हात जोडीकन शिरोपर गरी मान्दथे ॥७॥

उहाँ राजाका अतिसुन्दरी हुनाले प्राणभन्दा पनि प्यारी भएकी, सर्वत्र नाउँ चलेकी रानी कान्तिमती हुनुभयो। जसलाई देखेर कुनै अप्सरा हुन् कि वा कुनै नागकन्या हुन् कि अथवा कामदेवकी प्यारी रति नै हुन् कि भनीकन मानिसहरू अड्कल गर्दथे ॥८॥

गिरिराजचक्रवर्ती भई सिंहासनमा बसेका आफ्ना छोरालाई देख्न पाईकन अनेक दान पुण्य गरीकन रानी कान्तिमती आखिर समयमा स्वामी महाराजको काखमा बसी पण्डित वाणीविलासको मुखबाट श्रीमद्भागवतको अर्थ सुनी मनले हरिलाई संझी परमधाम जानुभयो ॥९॥

महाराज रणबहादुरका कान्छा महारानी कैलाशमा बस्ने पार्वती जस्तै राज्ञी भएकी ललितत्रिपुरसुन्दरी हुनुहुन्छ ॥१०॥

आफ्ना स्वामी (रणबहादुर शाह)ले आफ्नो काखमा राखिदिएका गुणी छोरा महाराजमा प्राण राखी नारायणमा मन दिईकन सधैं धर्मकर्म गर्ने गरीब-गुरुवा दुःखी टुहराहरूमाथि दया राख्ने, पतिव्रताहरूमा श्रेष्ठ भएका उहाँ कान्छा महारानी हुनु-हुन्छ ॥११॥

उहाँ महाराज (रणबहादुर शाह)बाट समुद्रबाट उदाएका पूर्ण चन्द्रमा झैं अत्यन्त राम्रा, दुनियालाई आनन्द दिने गीर्वाणयुद्धविक्रम शाह पैदा हुनुभयो। प्रतापी आफ्ना बाबुबाट डेढ वर्षको उमेरमै राज्य पाएका महाराज गीर्वाणयुद्धविक्रम सज्जनहरूलाई आनन्द गराउने हुनुहुन्छ ॥१२॥

CC-0. In Public Domain. Digitization by eGangotri

कर्णको दानीपन, कामदेवको सौन्दर्य, धर्मराजका सत्य र धर्म, अर्जुनको शौर्य, समुद्रका गम्भीरता र धीरता, सूर्यको तेज, चन्द्रमाको आनन्द दिनेपन, कविहरूको कविता चाख मानी सुनी भोज राजाले गर्ने निगाह (यी सबै गुणलाई) एकै ठाउँमा राखी हेर्न खोज्ने ब्रह्माले यहाँ महाराजलाई सृष्टि गरेका हुन् कि क्या ? ॥१३॥

यहाँ महाराजका जेठा श्रीसिद्धिलक्ष्मी र (कान्छा) गोरक्षराजलक्ष्मी गरी पतिको सेवा गर्ने पतिव्रताहरूमा श्रेष्ठ भएका दुइ महारानी हुनुहुन्छ। कलिकालको महिमा ज्यादै बढ्नाले भएको पृथ्वीको भारलाई हटाउनाका लागि साक्षात् कृष्णले नै यहाँ महाराज(गीर्वाणयुद्धविक्रम)को अवतार लिनुभएको हो कि, रुक्मिणी र सत्यभामाले चाहिं यहाँ दुइ महारानीको अवतार लिनुभएकों हो कि ? ॥१४॥

जुन महाराजका मुख्य मन्त्री श्रीभीमसेन थापा छन्। दैववशले कुनै ठूलो विघ्न आइपर्दा जुन मन्त्रीले धैर्य र गम्भीर बुद्धिले राजाको रक्षा गरे, आफ्नो बुद्धिले उपद्रवलाई शान्त पारे। जसले राजाको आयु बढोस् कीर्ति फैलियोस् भनी किसिम किसिमका यज्ञ फैलिने कामहरू गरे ॥१५॥

जुन मन्त्री भीमसेन थापाले बिग्रिराखेको प्रमदवन (दरबारको बगचा=भंडारखाल) लाई नयाँ रान्नो बनाए, बाटोघाटो बनाए, शहरका ढोका र तीं ढोकानिर वर्षा घामले पिरिएका दुनियाँलाई बस्नाका लागि पाटी पौवाहरू बनाए, बारूदखाना मजागदेवल बनाए तथा गोरखामा राजदरबार बनाए। यो कुरा सबैलाई थाहै छ ॥१६॥

जसले आफ्ना राजालाई बालककालदेखि तारो हान्न सिपालु तुल्याए, रसिला हरिका कथा सुन्नामा मन लाउने बनाए, रिङ्ने अग्लो घोडालाई काबूमा ल्याउन सक्ने पारे, रान्नरी पौडी खेल्न सिकाए, इत्यादि अनेक असल गुणले युक्त तुल्याए। त्यस्ता मुख्य मन्त्री भीमसेन थापालाई राजाले ठूलो भाग्यले पाउनुभएको छ ॥१७॥

जो रिसाएको सुन्दाखेरि शत्रुका आइमाईहरूका आँखाबाट बगेका आँसुका धारालाई देखेर वर्षा भएको हो कि भन्ने ठानी झटपट मुजुरहरू नाच्न थाल्दछन्। जो आफ्ना मालिकमा आमा जस्तै, बाबु जस्तै, दाजुभाइ जस्तै, पतिव्रता स्वास्नी जस्तै, नोकर जस्तै छन्। त्यस्ता मन्त्री भीमसेन थापामा राज्यभार सुम्पी राजा निस्फिक्रीसंग रहनुहुन्छ। ॥१८॥

जसको सल्लाहले चीनका बादशाहसंगको सन्धि दिनदिनै बलियो हुँदै गएको छ। बढ्दै आइरहेको शत्रु अंग्रेज पनि जसका बाबु अमरसिंह थापा सीमानामा रहेका हुनाले डराईकन आक्रमण गर्न मनले पनि आँट्न सक्दैन। त्यस्ता हित गर्ने मुख्य मन्त्री उहाँ राजाका छन् ॥१९॥

हामीले जिउनु मालिकके लागि हो, हे भाइ तिमी लडाइँमा जाऊ भनी अह्राइएका जसका भाइ नयनसिंह थापाले जान गान्हो किल्ला काँगडामा शत्रुहरूलाई बलले मिच्दै

CC-0. In Public Domain. Digitization by eGangotri

पस्ताखेरि त्यहीं लडाइँमा प्राण दिए। त्यस्ता सन्त्री यहाँ राजाका छन् ॥२०॥

यो नेपाल भनेको अनेक उपद्रवहरूको घर हो, राजा भने बालक हुनुहुन्छ, मैले (आफ्नो) घरको सुख छोडीकन पनि राजाको रक्षा गर्नुपर्छ भनी राजदरबारमै बसी भित्र बाहिर सबै ठाउँमा दृष्टि पुऱ्याई बुद्धिमान् जुन मन्त्री हरबखत जागा रहन्छन्। यस्ता भक्त मन्त्री भीमसेन थापा उहाँ राजाका छन् ॥२१॥

जसले राज्यरी खटाइएका भाइ बखतवारसिंह होशियार भईकन हरबखत आफ्ना राजाको रक्षा गरिरहन्छन्। भाइ अमृतसिंह र रणवीरसिंह भक्तिपूर्वक जसको साथमा रहिरहन्छन्। त्यस्ता भीमसेन थापा उहाँ राजाका छन् ॥२२॥

हे लोकहो, बुद्धि तथा चतुऱ्याई भएका भीमसेन थापाभन्दा अर्का आफ्ना राजाको हित गर्ने मन्त्री पहिले भएका पनि थिएनन्, अहिले पनि छैनन्, पछि पनि हुनेछैनन् भन्ने कुरा सबैले बुझ्नुपर्दछ। त्यस कारण यो मन्त्रीले सेवा गरिएका राजा (गीर्वाणयुद्धविक्रम) रामजीका अवतार हुनुभएको भए मन्त्री (भीमसेन थापा) हनूमान्का अवतार हुन्। राजा (गीर्वाणयुद्धविक्रम) कृष्णजीका अवतार हुनुभएको भए मन्त्री (भीमसेन थापा) गरुडका अवतार हुन् भनी वाणीविलास भन्दछन् ॥२३॥

जुन मन्त्रीको अद्भुत कार्य सुनेर ज्यादा आश्चर्य मानेका शेषनाग आफ्ना फणा फिजाएर तथा हल्लाएर ठूलठूला काम गर्ने निहुँले काय व्यूह (अर्को अर्को रूप लिनु) गरीकन पातालबाट यहाँ हेर्न आएर रहेका हुन् कि भनी ठान्दछु। होइन भने भूकम्प किन हुन्थ्यो; पृथ्वी किन फाट्थ्यो? यो मन्त्रीका काम पनि त असले छन् ॥२४॥

जुन मन्त्री भीमसेन थापासंग सल्लाह गरीकन सुकीर्ति फैलियोस् भनी श्रीललितत्रिपुरसुन्दरी देवीले वाग्वतीको किनारमा पुल बनाउन लाउनुभयो ॥२५॥

भीमसेनको (भीमसेन थापाको अर्को पक्षमा ठूलो सेनाको) प्रबन्धबाट बनाइएको श्रीलक्ष्मण (असल चिह्न अर्को पक्षमा लक्ष्मण=रामका भाइ) भएको पुलमा ताराधीशको (चन्द्रमाको अर्को पक्षमा सुग्रीवको) चहकले शोभा हुन्छ। वैदेहीति (देऊ अर्को पक्षमा सीता भन्ने) बचन सुनिन्छ। राम (राजा अर्को पक्षमा रामचन्द्र) राजाको प्रभावबाट दुनियाँले सुबिस्ता पाउँछ (अर्को पक्षमा लङ्कामा पुग्छ)। यस कारण यो कीर्ति (पुल) रामायण जस्तै भएको छ भनी हामी संझन्छौं ॥२६॥

वारपारमा बस्ने प्राणीहरूले यस खोलालाई सजिलैसंग तरेर जान सकून् तथा मातृकुल पितृकुल र पतिका कुलका जो जो पितृहरू छन्, तिनीहरूले पनि तर्न गाह्रो संसाररूपी समुद्रलाई खुशीसाथ तरेर जान सकून् भन्ने इच्छाले महारानी (ललितत्रिपुरसुन्दरी) ले यो असल पुल बनाउनुभयो ॥२७॥

यो वाग्वतीको पुलको वारिपारि बस्ती बसाइयो, ढुङ्गा छापी घाट बनाइयो, यसो हुँदा यस पुलको सौन्दर्य बढ्यो। यसरी यो पुल मुक्ति दिने श्रीपुर (वैकुण्ठ) का रत्नहरू-

CC-0. In Public Domain. Digitization by eGangotri

लाई जित्न उठेको महारानी ललितत्रिपुरसुन्दरीको अद्भुत झण्डा जस्तो भएको छ ॥२८॥

राजा गीर्वाणयुद्धविक्रमको आयु बढाउने देवताको कलम जस्तो भएको, भीमसेन थापाको निर्मल मनको साक्षात् मूर्ति जस्तो भएको, ललितत्रिपुरसुन्दरीको कीर्तिस्वरूप भएको यो पुल मुक्ति दिने श्रीपुरको ढोकामा लाएका आगलो उघार्न तालो जस्तो भएको छ ॥२९॥

उहिले श्रीरामचन्द्रले सीतालाई पाउन वानरसैन्य तार्न लङ्कासम्म ४०० कोशको समुद्रमा पुल बाँध्नुभएकोमा के आश्चर्य छ र ? किनभने ललितत्रिपुरसुन्दरीले आफ्ना पति र अरूको उद्धारका लागि अपार भवसागरमाथि यो बलियो पुल बनाउनुभएको छ ॥३०॥

शकसंवत् १७३२ विक्रमसंवत् १८६७ मार्गशुक्लएकादशी बृहस्पतिवार रेवतीनक्षत्र सिद्धियोग वणिक्करण मकरलग्नमा महारानी ललितत्रिपुरसुन्दरीले रणबहादुर शाहको मुक्तिको लागि पुलको शिलान्यास गर्नुभयो ॥३१॥

महाराजधिराज गीर्वाणयुद्धविक्रमको आज्ञानुसार बुद्धिमान् मन्त्री भीमसेन थापाले काम गर्न जान्ने राजाको हुकूम तालिम गर्ने अधिदेखिका सेवक बुद्धिमान् डिट्ठा लक्ष्मीनारायणलाई मनलाईकन यस काममा खटाए ॥३२॥

ब्राह्मण सुब्बा श्रीलोकनाथ पाँडे, सेवा गर्न जान्ने सुबेदार जयद्रथ, शूरा चतुरा सुबेदार बलबार, सिपालु सुब्बा पीहुवर पनि यस काममा खटाइए ॥३३॥

काम गर्न सिपालु यी पाँच जनालाई मुख्य रूपमा खटाई १३५३ हात लामो बलियो राम्रो यो पुल तयार भएपछि मन्त्री भीमसेन थापाले आफ्ना मालिक राजा र राजमातालाई सन्तुष्ट पारे तथा यसको प्रतिष्ठा गर्न कुरा विन्ति गरे ॥३४॥

यसपछि राजमाताले पनि देवताको पूजा गरी ब्राह्मण गरिबगुरुवाहरूलाई धेरै दान दिईकन आफ्ना पतिको उद्धार होस् भनी यस पुलको प्रतिष्ठा गर्नुभयो ॥३५॥

वि. सं. १८६८ चैत्रकृष्णसप्तमी बृहस्पतिवार अनुराधानक्षत्र हर्षणयोग बवकरणमा सूर्य कुम्भराशिमा रहेमा, मिथुनलग्नमा महारानी (ललितत्रिपुरसुन्दरी)ले कीर्तिस्तम्भसहित यस पुलको उत्सर्ग गर्नुभयो ॥३६॥

महाराजाधिराज गीर्वाणयुद्धविक्रम शाहको हुकूमबाट भएको, महारानी ललितत्रिपुरसुन्दरी देवीबाट परमेश्वरलाई प्रसन्न पार्न गरिएको, मन्त्री भीमसेन थापाको बल्दो प्रतापले युक्त भएको, वाणीविलासले स्तुति गरिएको यो ठूलो कीर्ति (वाग्वतीको पुल र त्यसको सम्बाको प्रशस्ति) कल्पान्तसम्म रहिरहोस् ॥३७॥

अब संस्कृत भाषा नबुझ्नेले पनि चाँडै कुरा बुझून् भन्नाका लागि त्यही कुरा छोटकरीमा भाषामा दिइन्छ ।

CC-0. In Public Domain. Digitization by eGangotri

काठमाडौं त्रिपुरेश्वरको वि. सं १८७७ को अभिलेख

श्रीगणेशाय नमः ॥

स्वस्ति श्रीमद्गिरिराजचक्रचूडामणिमरीचिनीराजितचरणतलतुहिनगिरिवरासन्नमहा-चीनसीमपर्यन्तनेपालादिदेशजयजनितयशोराशिविशदिताशामण्डलस्य गोरक्षाचलाधीशश्री-मन्महाराजाधिराजश्रीपृथ्वीनारायणशाहदेवस्य पौत्रो दयादाक्षिण्यादिप्रधानगुणनिधानस्य श्रीमन्महाराजाधिराजश्रीसिंहप्रतापशाहदेवस्य तनयो निखिलमहीपालमौलिमालालालितपा-दपीठः श्रीमन्महाराजाधिराजश्रीरणबहादूरशाहदेवः शतरुद्रास्वर्णवतीतरङ्गिणीपर्यन्तवारुणे-न्द्रदिग्भागसाम्राज्यविख्यातमूर्तिरभूतपूर्वः समजनि ॥

युद्धे रुद्रः प्रतापे रविरखिलभुवो रक्षणे वासुदेव-
स्त्यागे कर्णः क्षमायां क्षितिरखिलजनानन्दने पूर्णचन्द्रः ।
सत्ये धर्मः सुरूपे रतिपतिरपथस्थायिनां दण्डधारो
नानादेवस्वरूपो जयति रणबहादूरशाहो नृपेन्द्रः ॥१॥

तस्य पुत्रः सकलगुणगणाभिरामः प्रजारञ्जनानुकृतरामावतारः श्रीमन्महाराजाधिराज-श्रीगीर्वाणयुद्धविक्रमशाहदेव प्रतीतस्तदात्मजे सकललक्षणशोभिते श्रीमन्महाराजाधिराज-श्रीराजेन्द्रविक्रमशाहदेवे मेदिनीम्पालयति श्रीमद्रणबहादूरशाहदेवपट्टराज्ञ्या श्रीमल्ललितत्रि-पुरसुन्दरीदेव्या स्वभर्तुरुपवर्गसाधनप्रयासासक्तया वेदविद्यानिपुणनानाविद्वन्मण्डलीप्रार्थना-सञ्चारितविचारनिश्चितधर्मप्रधानशिवलिङ्गादिदेवप्रतिष्टादिकर्मतया स्वपौत्रानुमत्या तत्कार्य-निर्वाहानुगुणसामग्रीसम्पादनक्षमम्भीमसेनं मन्त्रिवरं तत्साधने नियोज्य साङ्गतत्कर्मवि-धाननियुक्ताः श्रीगुर्वादिब्राह्मणा वेदसप्तगजेन्दुसम्मिते १८७४ वैक्रमशके शुचिशुक्लनवम्यां सोमान्वितायां शिलाधिवासनकर्म यथाविधि सम्पाद्य तस्मिन्नेव शके भाद्रकृष्णनवम्यां शुक्रे शिलाप्रवेशम्विधाय बाणस्वरनागभूमिते १८७५ शके माधवासिततृतीयायां गुरौ शिव-लिङ्गादिदेवप्रतिष्ठाकर्म समाचरन् ॥

मध्ये श्रीत्रिपुरेश्वरो यमदिशि द्वारे स्थितो भैरवो
ज्ञेयाः शङ्करभागतो हरिरविर्ब्रह्मातुराम्बास्ततः ।
दक्षादिक्रमकोणगा अथ महाकालश्च नन्दी तथा
भृङ्गी श्रीगणपश्च दक्षिणदिशो दक्षक्रमाद्दिग्गताः ॥२॥

तद्बाह्ये स्वदिशि स्थिताः सुरपतिर्वह्निर्यमो निर्ऋतिः
पाशा वायुकुबेररुद्रविधयो नागाधिपेताः क्रमात् ।
ईशाने बलिशेषभागभिमतश्चण्डेश्वरः पश्चिमे
विख्यातो वृषभश्च मण्डलगता देवा इमे सम्मताः ॥३॥

CC-0. In Public Domain. Digitization by eGangotri

रम्भापत्रफलप्रसूनललिते सत्तोरणाच्छादने
नानावर्णपताककेतनलसत्प्रान्ते महामण्डपे ।
कुण्डानान्नवकं विधाय विधिवद्विप्रैर्विधानक्षमैः
कर्माश्चर्यकरं समापयदिदं श्रीरङ्गनाथो गुरुः ॥४॥

दोषोन्मोषवृषप्रघोषदिविषत्सन्तोषपोषक्षमः
संयातातुलतीर्थभूतपरिषत्सत्कारकल्पद्रुमः ।
नानामङ्गलदिव्यवस्तुनिभृतस्तौर्यत्रिकोल्लासितो
हृद्यः कोपि स वासरस्समभवल्लोकप्रमोदोज्वलः ॥५॥

ततस्तस्मिन्नेव शके 'मार्गकृष्णपञ्चम्यां 'बुधे देवालयप्रतिष्ठामकुर्वन् ।

दिग्भागान्तरसन्निवेशितचतुर्द्वारः सुखारोहणः
पश्चाद्रम्यसुवर्णकेतनतलन्यस्तस्त्रिशूलोत्तरः ।
सौवर्णोज्वलकुम्भपत्रपटलप्रोद्भासिताशामुखः
प्रासादो दिशतामभीप्सितसदावासप्रसक्ता मुदः ॥६॥

ततःपाताललोकवसुवसुमतायुते १८७७ शके ज्येष्ठकृष्णदशम्यां रवौ श्रीवाग्मतीजलावतार-सोपानरामघण्टाधर्मशालाप्रतिष्ठाकर्म समापयन् ।

सोपानालिरियं विदग्धरचनासुश्लिष्टचित्रोपला
रम्या वायुसुताधिवासविहतप्रोद्दामविघ्नावलिः ।
सम्पाद्याह्निकसक्तलोकविहितस्वेच्छावकाशस्थला
स्नानध्यानहिता सुधाधवलितप्रान्ता चिरं राजताम ॥७॥

नानादेशप्रभवसुफलव्रातभारातिनम्र-
वृक्षश्रेणीनियमखचितः शालसङ्गुप्तमध्यः ।
आरामोयं सुरभिसुमनोराजिसम्राजमान-
नानावीथ्युल्लसितसरणिः पूर्णकाम सदास्ताम् ॥८॥

घण्टा सुनादकृतकर्णसुखातिधारा
पूजाविधानविहितध्वनिमादधाना ।
देवप्रसादपरिपूरितहीनभागा
सर्वोपचारपरिचारकतां विधेयात् ॥९॥

शालेयं विविधप्रवासिमनुजप्राज्योपकारक्षमा
रथ्याचत्वररम्यकोष्ठविलसद्वातायना श्लक्ष्णभूः ।
नानादेशसमागतान्पथि परिश्रान्तानसङ्ग्राहिणो
नित्यं भोजनवासदानविधिना कामानुगन्तोषयेत् ॥१०॥

CC-0. In Public Domain. Digitization by eGangotri

तदिदं साङ्गोपाङ्गकर्म सम्पूर्तिम्प्रापितं यजमानसङ्कल्पसिद्धिं सम्पादयदतिचिर श्रीशिवाविदेवप्रीतये भूयात् ॥

धर्मोऽयङ्कुलसन्ततिप्रचयदो लोकद्वयानन्दन-
स्तद्रोधे निरयादिदुःखजनका दोषाः परङ्कीर्तिताः ।
ज्ञात्वेत्थं नृपमन्त्रिविप्रमनुजैरेतस्य संरक्षणे
नालस्यं श्रयणीयमित्यभिहितं रक्ष्यं श्रुतेः शासनम् ॥११॥

शुभम्भूयात् ।

[पं. भगवानलाल इन्द्रजीद्वारा 'इन्स्क्रिप्शन्स् फ्रम् नेपाल' (नेपालका अभिलेखहरू) भन्ने पुस्तकमा यो स्तम्भलेख छापिएको छ ।]

अनुवाद

श्रीगणेशलाई नमस्कार । पहाडी राजाहरूका श्रीपेजका मणिका चहकले पाउ झलझल भएका हिमालयका आसपासका महाचीनको सीमासम्मका नेपाल (खाल्डो) आदि देश जित्नाले दिशा दिशासम्म ठूलो कीर्ति फैलिएका गोरखाली महाराजाधिराज श्रीपृथ्वीनारायण शाह देवका नाति, दया दाक्षिण्य (अर्काको मनअनुसार चल्नु) आदि मुख्य गुणका खानि भएका महाराजाधिराज श्रीसिंहप्रताप (प्रतापसिंह) शाह देवका छोरा, सारा राजाहरूका श्रीपेजका मालाले पाउदानी सिंगारिएका, पश्चिमतिर शतरुद्रा (सतलज) र पूर्वतिर स्वर्णवती (टिस्टा) सम्म राज्य फैलिएका बेजोडका महाराजाधिराज श्रीरणबहादुर शाह देव हुनुभयो ।

उहाँ महाराजाधिराज रणबहादुर शाह लडाईमा महादेव जस्ता, प्रतापमा सूर्य जस्ता, सारा संसारको रक्षा गर्नामा वासुदेव जस्ता, दानमा कर्ण जस्ता, सहनशीलतामा पृथ्वी जस्ता, सारा मानिसलाई आनन्द दिनामा पूर्णिमाको चन्द्रमा जस्ता, साँचो बोल्नामा धर्मराज युधिष्ठिर जस्ता, सौन्दर्यमा कामदेव जस्ता, खराप काम गर्नेहरूलाई दण्ड दिनामा यमराज जस्ता हुनुहुन्थ्यो । उहाँ विभिन्न देवताका अवतार हुनुहुन्थ्यो ॥१॥

उहाँका छोरा सारा गुणहरूले सुहाएका दुनियांलाई खुशी पार्ने काममा रामचन्द्रका अवतार भएका महाराजाधिराज श्रीगीर्वाणयुद्धविक्रम शाह देव हुनुभयो ।

उहाँका छोरा सारा लक्षणले सुहाएका महाराजाधिराज श्रीराजेन्द्रविक्रम शाह देवले राज्य गरिरहनुभएको वेलामा आफ्ना स्वामीको मोक्ष होस् भनी मिहिनेत गर्न लागेको श्रीरणबहादुर शाह देवकी महारानी श्रीललितत्रिपुरसुन्दरी देवीले वेदविद्यामा सिपालु अनेक विद्वान्हरूको मण्डलीसंग सोधपूछ गर्दा शिवलिङ्ग आदि देवताको प्रतिष्ठा गर्नु नै ठूलो धर्म हो भन्ने निश्चय भएको हुँदा आफ्ना नातिबाट (राजेन्द्रविक्रम शाहबाट) अनुमति लिई त्यो काममा चाहिने सामग्री जुटाउन सक्ने मुख्य मन्त्री भीमसेन थापालाई त्यो काममा

CC-0. In Public Domain. Digitization by eGangotri

खटाई त्यस काममा सबै विधान पूरा गर्न खटिनुभएका श्रीगुरुज्यू आदि ब्राह्मणहरूले वि. सं. १८७४ आषाढशुक्लनवमी सोमवारका दिन विधिपूर्वक शिलाधिवासनविधि (जगमा हाल्ने ढुङ्गाको संस्कार गर्ने काम) सिद्ध्याएर त्यही साल भाद्रकृष्णनवमी शुक्रवारका दिन शिलान्यास गरी वि. सं. १८७५ वैशाखकृष्णतृतीया बृहस्पतिवारका दिन शिवलिङ्ग आदि देवताको प्रतिष्ठा गर्नुभयो।

माझमा श्रीत्रिपुरेश्वर महादेवको दक्षिणपट्टि ढोकामा भैरवको त्यसपछि दायाँ क्रमले ईशान कुनादेखि विष्णु सूर्य गणेश देवीको त्यसपछि दायाँ क्रमले दक्षिणदिशादेखि महाकाल नन्दी भृङ्गी गणेशको स्थापना भयो ॥२॥

त्यसभन्दा बाहिरको घेरामा आफ्ना आफ्ना दिशामा क्रमैले इन्द्र अग्नि यम निर्ऋति वरुण वायु कुबेर ईशान ब्रह्मा शेषनागको स्थापना भयो। ईशानपट्टि बाँकी रहेको बलि (नैवेद्यशेष) पाउने चण्डेश्वरको स्थापना भयो। पश्चिमपट्टि बसाहाको स्थापना भयो। यसरी मण्डलभित्र यी देवताहरूको स्थापना भयो ॥३॥

गुरुज्यू श्रीरङ्गनाथले केराको पात फलफूलहरूले सिंगारिएको, रात्रो ढोका र चँदुवा बनाइएको छेउछेउमा रङ्गी बिरङ्गी ध्वजा पताकाले सुहाएको ठूलो मण्डपभित्र नौवटा कुण्ड बनाई विधिविधान जान्ने ब्राह्मणहरूद्वारा विधिपूर्वक यो आश्चर्य लाग्दो काम सिद्धचाउनुभयो ॥४॥

त्यस दिन दोष हटाउने धर्मकार्यको घोषणाले गर्दा देवताहरू सन्तुष्ट भए, देश विदेशबाट आएका अनेक विद्वान्हरूको मान मर्यादा गरियो तथा तिनीहरूलाई दान दिइयो, नानाथरी मङ्गल दिने धार्मिक पदार्थहरू बटुलिए, नाच गान बजान भए, यसरी त्यो दिन बयानै गर्न नसकिने, दुनियाँलाई आनन्द दिने भयो ॥५॥

त्यसपछि त्यही साल मार्गकृष्णपञ्चमी बुधवारका दिन देवालयको प्रतिष्ठा गरियो।

त्यस मन्दिरमा चारैतिर चार ढोका बनाइएका छन्, चढ्न सजिलो हुने गरी सिढी बनाइएको छ, पछिल्तिर रात्रो सुनको ध्वजा र त्रिशूल राखिएका छन्, टाढैबाट झलझल देखिने सुनका गजूर र छाना बनाइएका छन्। यस मन्दिरले त्यहाँ बस्नेहरूको इच्छा पूरा गरी तिनीहरूलाई प्रसन्न पारोस् ॥६॥

अनि वि. सं. १८७७ ज्येष्ठकृष्णदशमी आइतवारका दिन श्रीवाग्वतामा ओर्ल्ने सिढी, बगचा, घण्टा, धर्मशालाको प्रतिष्ठा गर्ने काम सिद्ध्याइयो।

टम्म मिलेका किसिम किसिमका ढुङ्गाले रात्ररी बनाइएको, हनूमान् राखिएका हुनाले विघ्न नष्ट भएको, दिनका दिन गर्नुपर्ने विधान गर्न लागेका मानिसहरू आफूखुशीसंग बसिएका, स्नान गर्ने ध्यान गर्ने असल भएको, चून लाएको हुनाले छेउछेउ सेतो भएको, रमाइलो यो घाट घेरै कालसम्म सुहाइरहोस् ॥७॥

अनेक ठाउँमा हुने फलहरूको भारले नुहेका रूखहरू रामरी लाइएको, बीचमा

CC-0. In Public Domain. Digitization by eGangotri

शालको रूख भएको, वासना आउने फूलहरूले सुहाएका लहराले बाटो राम्रो पारिएको यो बगैंचा सबैं इच्छा पूर्ण पारी रहिरहोस् ॥८॥

राम्रो आवाजले कानलाई आनन्द दिने, पूजा गर्दा बजाइने घण्टा देवताको प्रसादलाई अपवित्र ठाउँमा पनि पुऱ्याउँदै सबै गर्नुपर्ने विधि पूरा पार्दै रहिरहोस् ।

किसिम किसिमका परदेशी मानिसको ठूलो उपकार गर्न सक्ने, सडक छोक राम्रा कोठा भयालहरू भएको, चिल्लो भुइँ भएको यो धर्मशालाले नानादेशबाट आएका बाटामा थाकेका केही नलिएका मानिसहरूलाई सबैं भोजन, वास दिने कामले मनमाफिक खुशी पारोस् ॥१०॥

अङ्ग उपाङ्ग समेत पूर्ण गरिएको यो कृति धेरै कालसम्म श्रीमहादेव आदि देवताहरूलाई प्रसन्न पारी रहिरहोस्

धर्म भनेको कुल र सन्तानको उन्नति गराउने, इहलोक परलोकमा आनन्द दिने हुन्छ। यसलाई बिगान्यो भने नरक पर्नु आदि ठूलठूला दोष हुन्छन् भनी लेखिएको छ । यो थाहा पाएर राजा मन्त्री ब्राह्मण र अरू मानिसले यसको रक्षा गर्नामा अल्सी गर्नु हुँदैन। वेदको वचनको पालना गर्नुपर्छ ॥११॥

कल्याण होस् ।

—०—

व्यापारीहरूलाई सुविधा दिई छाउनीमा बस्न दिएको कुरा परेको पत्र

स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का— — —

आगे कर्नेल नातबरसिंह थापा प्रति छाउनिमा रह्याका जंगी लस्करलाई साह बेसाह बीनानिमित्त तँले बन्दोबस्त गरि झिकायाका कोठिवाल महाजन पसल्या बेपारि नेवार गैह छाउनीमा घर बनाई निज गरि बसि बेपार गर्न्याहरूलाई झारा बेठ बेगार माफ गरिबक्स्यौ. झारा बेठ बेगार नगर्नु भनी नाम नबेसिको दस्वत तैले गरिदिनु. पछि छाउनीमा सजायेन यहां बसी बेपार गर्न सक्तैनौं जान्छौं भनि जो भन्ला जान दिनु. तेरो दस्वत झिको लिनु. बेठ-बेगार गर्नन्. इति संवत् १८८२ साल मिति माघ सुदी १२ रोज शुभम्—

(श्रीचित्तरञ्जन नेपालीको 'ज. भीमसेन थापा र तत्कालीन नेपाल' मा यो छापिएको छ।)

—०—

CC-0. In Public Domain. Digitization by eGangotri

हनूमान्ढोकाको राजेन्द्रविक्रम शाहको वि. सं. १८८२ को अभिलेख

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिमरीचिनीराजितपादारविंदश्रीमन्महाराजाधिराजश्रीश्री-श्रीमहाराजराजेन्द्रविक्रम शाहदेवले संवत् १८७९ फाल्गुन शुदि १० रोज ५ का दिन श्रीहनुमान्ढोकाबाहिर पटांगिनीमा सिलान्यास गरी पत्थर छपाई संवत १८८१ साल फाल्गुन शुदि १२ रोज ४ का दिन मूलचोक मोहनचोक सुन्दरचोक दर्बारको जीर्णोद्धार गर्नाको प्रारंभ गरी सीस्महल दरबार बनिसक्यापछि संवत् १८८२ साल फाल्गुन शुदि २ रोज ६ का दिन नासरचोकमा पत्थर छापनाको प्रारंभ गरी नासरचोकको जीर्ण भयाको डबलीमा पनि पत्थर छापि सिद्ध भयाको हो ॥ ॥ शुभमस्तु ॥

(यो अभिलेख अन्त प्रकाशित भएको छैन ।)

सिपाहीहरूलाई सुविधापूर्वक छाउनीमा बसाउने कुरा परेको पत्र

स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का— — —

आगे छाउनीमा रहन्या जंगी लस्कर गैह प्रती छाउनीमा कर्नेल कप्तान लेफ्टेन बरिदार सुबेदार ज्मादार मेजर कोत्या अजीटन हुद्दा सिपाही लाजिमा गैह जंगी लस्कर बस्नालाई बनाइबक्स्याका घरमा जो जो बस्तछ. पगरीका दर्जाअनुसार र आफ्ना मनसुब्माफीक घरमा रंगबिरंग चित्रकार गरी सीसाका झ्याल अैना गैह लगाइ झाड तस्बीर तांसि बन्या नबन्याको घर तबेला बनाउन्या सिगार्न्या काम गर्नु बनाउदामा ज्या काम बनाउनु छ. जती षर्च लाग्छ. लस्करको मुष्त्यार मालीकसित इत्तलाये गरि बनाउन्या र जो लाग्याको षर्च वहीमा दर्ता गर्याउन्या काम गर्नु. जागीर अदल बदल हुँदामा र घरको सट्टापट्टा गरि बसन्याले पनी बनाइबक्स्याका घरबाहिक आफना मनसुबले पैसा लगाईकन सिगान्या बनायाको जो छ. उठाइ लैजान नहुन्या कुरामा षर्च भयाका रुपैआ घरमा बस्न्याले जती षर्च गरी बनायाको छ. तफावत् नपर्न्या गरि येति हो भन्नु घरमा बसन जान्याले लाकलाम उती रुपैया भरिदिनु. तसबीर गैह उठाइ लैजान हुन्या कुरालाई बसन आउन्याले लिन आयो. जान्याले दिन आटचो भन्या दिनु लिनु. दिन्याले दिंदैन. लिन्याले लिंदैन भन्या तस्बीर गैह उठाई लैजान हुन्या कुरामा कर नलाउनु. जसको माल हो. उसले लैजानु. आफुले पैसा लगाई बनायाको कुरामा थोरै पैसा लगाइ ढेर भन्यो. उठाइ लैजान नहुन्या कुरामा खर्च गरी बनाउदामा लाग्याका रुपैआ बस्न आउन्याले दिएन भन्या ह दुवैलाई तक्सीर माफिक्को सजाय होला. इति संवत् १८८२ साल मिति फागुण सुदी ८ रोज ६ शुभम्— — —

(श्रीचित्तरञ्जन नेपालीद्वारा 'ज. भीमसेन थापा र तत्कालीन नेपाल' मा यो छापिएको छ ।)

CC-0. In Public Domain. Digitization by eGangotri

वि. सं. १८९२ मा भीमसेन थापाले राजेन्द्रविक्रम शाहबाट गराई लिएको लालमोहर

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलिविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहाराजराजेन्द्रावक्रमसाहबहादुरसम्सेर्जङ्गदेवानाम् [सदा समरविजयिनाम्— — —

आगे श्रीजनरल भीमसेन थापाके अघि श्री ६ बुबाज्यूको अढाइ वर्षको उमेर हुँदा श्री ६ बाज्याज्यूबाट गादि तिलक बक्सनुभै राज्याभिशेष गराई आफू श्रीब्रह्मरूपको चिन्तना गर्न लाग्नुभयाको रहेछ. तस्तै बिचमा राजतंत्रको तर्फना चित्तमा पारीदिंदा गादिको पनि दृढ हुबोस् राज्यमा वेबिस्ता पनि बांधिवस् भन्या उद्योगमा लागनुभयाको रहेछ. तस्तै बिचमा दुष्ट मंत्रीले घर चालो उठाईदिंदा ५८ साल जेष्ठमा श्री ६ बाज्याज्यूलाई देसान्तर भै बनारस पुग्नुभयेछ. श्री ६ जेठा बज्यैज्यू र भित्र्यानी बज्या दुइ जनाले हामी पनि श्री५ स्वामीज्यूका साथ पावरषवारि जांछौं भनी हुकुम हुँदा तिनिहरूले पनी पावरषवारिसंग भई श्री ६ बाज्याज्यूका हजूरमा बनारस पुग्दा श्री ६ बाज्याज्यू बहुत षुस हुनुभयेछ. केहि दिन वहि मुकाम भै राज गर्नुहुँदा छुच्चा मानिस अघी सर्दा भलाआदमी दुइ चार जनाले बाहाना गरी जत्र तत्र लाग्दा मेरा घर जवाई भयेन भनी श्री ६ बाज्याज्यूका दीलमा साहै उदास हुनुहुँदा तेस बषतमा तिमीले श्री ६ बाज्याज्यूका साथमा रह्याका मिर उमरावहरुका चित्त स्वमना गराई घर घर गराउनाको उद्योग गर्दा श्री ६ बाज्याज्यू बहुत षुस हुनुभै तिमिलाई वामांगी भइस् भनी हुकुम् भयाको रहेछ. फेरि बनारसबाट डुब्याका जाहाज उठाई आउँदा सो समाचार नेपालवाला कारिंदा भारदारले थाहा पाउँदा जुन कुराले श्री ६ बाज्याज्यूका चित्तमा चमक पर्छ. सोही तरहले पारि रातमा पजनी छुट्टि गरी रोक्न मानीस आयाभंदा श्री ६ बाज्याज्यू साहै उदास हुनुभयेछ. तेस्मा श्री ६ बाज्याज्यूका हजूरमा बुझाई समझाई बषतअनुसारको काम कुरो गरि श्री ६ बाज्याज्यूको संभार गरि बर्बार प्रवेश गराउँदा तेस् बषत्मा बहुतै दाना काम गर्याछौ र श्री ६ बाज्याज्यू रिझदा हुँदा म मरि मुलुक डुब्न्याछैन. भीमसेन मर्यो भन्या मुलुक डुब्न्याछ. मुख्तियार तिमिले यो रहन्याछैन. एस्लाई नछोड भनी श्री ६ बाज्याज्यूबाट श्री ६ बुवाज्यूलाई हुकुम भै काजीमाको मुल् काजीको पगरी बढाइ गरिबक्स्याको रहेछ. ताहापछि कर्मचण्डालले केही दुनिआ भारादार सल्लाहमा ली कुल गर्दा श्री ६ बाज्याज्यूका गातमा तरबार चलाउँदा श्री ६ बुबाज्यूको उमेर आठ वरषको हुनुभयाको रहेछ. श्री ६ बाज्याज्यूलाई तरबार चलाउन्याले श्री ६ बुबाज्यूलाई क्या राषन्या थियो. तेस् वेलामा तिमिले बहुतै होस्यारि भई श्री ६ बुबाज्यूको सभार गरी श्री६ बुबाज्यूका हुकुम ली कुल्याहा सबलाई मारी कुल्याहा सबलाई ठोकी हाम्रो गादीको मर्य्यादा थाम्या छौ. तेस बषत्मा तिमिले बहुतै दाना गर्याको काम देखी

CC-0. In Public Domain. Digitization by eGangotri

श्री६ बुबाज्यू बहुतै खुस् हुनुभै रिझनुभै राजकाजको मुख्त्यारि काम तिमिले गर. तिमि जो गरौला सो मंजूर गरौंला भनी हुकुम बक्स्याको रहेछ. कजाइको पगरि सबै बराबर हुँदा इन्लाई जेसै पगरिमा राख्या त इनले मेहिनत गर्याको केहि कदर रहेन. इन्लाई उचा गरि राखन्या हो भनी चित्तमा लिनुभै जनरलीको पगरी बधाइ गुरु प्रोहित चौतरिया काजी भारादार कंपू पल्टन कम्पनी गैरहले जो काजकाम ज्या पर्दछ इन्लाई साधि गर्नु. जो इनलाई साधि गरैन. उसलाइ जातमाफिकको सास्ति पाउला भनी हुकुम बक्स्याको रहेछ. ताहाँ उप्रान्त बरोबर सल्तनत् चलेको रहेछ. तेस्तै समयमा ··· हुँदा श्री ६ बुबाज्यू हर्ष खुस प्रसन्न हुनुभै तिमिलाइ बिर्ता बक्सन्छु भनि हुकुम हुँदा चित्त लायेनछौ. वाहांपछि श्री ६ बज्याज्यूका हजुरमा पाव लागनुभै जनरललाई बिर्ता बक्सन्छु भनी हुकूम हुँदा बढीया हो. यस्तो कदर चाहिन्छ भन्या जवाफ भै तिमिले अघि श्री ६ बाज्याज्यूबाट रिजमा बक्स्याको बिर्ता पनी लियेनौ, पछी मैले नानीसंग बिति गरी बिर्ता दिलाउँदा कबूल गरेनौ. श्री ६ बज्याज्यूका साथ छोडी बस्याको सार्थ भई मैले नातिको मुहार देषता येतिको हर्ष उत्सव मलाई कैल्ले लागन्याछैन. नानी एकलै हुनुहुन्थ्यो र चित्त संधै पातमा रहन्थ्यो. नाती पैदा हुँदा अब चित्तमा षातिर्ज्मा भयो. हाम्रा दर्बारमा ठूलो हर्ष भयाको वेला नानी-बाट बिर्ता बक्सनुहुंछ. कबुल नगर्या बढिया परैन. नानीबाट हुकुम भयाको कबुल गर भनी श्री ६ बज्याज्यूबाट पनी हुकुम हुँदा श्री ६ बुबाज्यूबाट बिर्ता लिनैपर्छ भनी हुकुम हुँदा तिमिले कबुल गर्याका रह्याछौ. तेस्मा पनी तिम्रा दाना देषता बहुत खुस लाग्यो. तस्तै पैल्ले फिरंगीसित सिमानामा तकार हुन जाँदा सानु कुराको मोकदमा छ २।३ बादसाह दवाई अंगरेज ठूलो भयाको छ. त्योसंग बिगार गर्न्या होइन भनी तिमिले समझायाका रह्याछौ. उस बषतमा २।४ जना भारपांचले कबुल नगर्दा र गोल्दार सर्दार मोहडाका भारादारले अहंकार गर्दा तुल हुन गै लडाजी जोडियेछ. तेस् बषतमा पनी तिमिले कनका तिष्टालगायेत सतरुद्रातक भारादार सिपाहि फौज षजाना अनाज बरोबर चांजा मिलाई राष्याका रह्याछौ. मोहोडाका भारादारले झक मारी बषतको चाजासूर बिराईदिवा उठ्ठा लागी सतरुद्राको लस्कर महाकाली आइपुगेछ. तस्तैमा अंगरेजले हरिहरपुरमा र मकवानपुरमा लस्कर चढाउँदा चुन्याको सरहद भया पनी ढेरै हो भनी सब भारापंचले सल्लाहा ठहराउँदा तरि छुटि चुन्याका सरतहको अहब भइ घा भयेछ. तरि छुट्न जाँडा ढेरै नोकसान भयाको देषी त्यो तरिमा हाम्रा ढेरइ भारादारका षानगी छ. त्यो छुटचौ भन्या ढेर नोकसान हुन गयो भनी अंगरेजसंग उजूर गर्दा तरीको बदला २ लाष रुपैया लार्डसाहेबको दस्षतले कंपनीका घरबाट आउलान् भन्या अहद भै आउँदा तेसमा बुइ लाष रुपैया लिन्न भनी तिमिले अडी पछि गार्डन्साहेबसित जबाप सवाल जुक्ति सिपारस गरी तरी छुटाइ आफना इलाका गरी फेरि सिवाना बाँधि मिनारस्मेत षडा भयाको रहेछ. यस कुरामा पनी सवैले तिम्रो मंत्रना षुब दानाई ठहराया छन्, तेसमा पना हद गर्याका

CC-0. In Public Domain. Digitization by eGangotri

रह्याछौ. ताहापछि श्री ६ बुबाज्यूलाई सितला भै स्वर्ग हुनुहुँदा श्री ६ जेठा मुमाज्यू सह-गामिनी हुनुभयाको १४ दिनपछि श्री ६ मुमाज्यू पनी स्वर्ग हुनुहुँदा मेरा तीन वर्षको उमेर रहेछ. श्री ६ बज्यांज्यूबाट मलाई काषमा राषी राजतंत्रको काम गरि बक्सदा तिमिलाई अधि सारि काजकाम गरिबक्स्याको रहेछ. तिमिले बिन्ति गर्न्या कुरा श्री ६ बज्याज्यूका हजुरमा बिन्ति गरी काज गर्दा एकै सुर भै घरको पनी केहि बिघ्न पायाको रहेनछ. अनेत्र हिंदुस्तानमा अंगरेजको रजिडंट बस्याको जवन् जौन जगामा छ. २।४ वर्ष भंदा अघ्यालो राज्य स्वतंत्रमा कसैले राषन सक्याको छैन. आहा र तिमिलाई अषत्यारी गरीबक्सदा १०।२० वष भयो तपनि आजसंम स्वतंत्र राज रह्याको छ. हाम्रा निमकको सोझो गरी श्री ६ बाबाज्यूका पालादेषी आजसंम वेलाअनुसारको काम बुझी औसर मौस-रमाफिक बषत बषतमा तिमिले सब काम कुराको होस्यारी राषी दानाइ तरतसल्ली मिहिनत गरि फौज मुलुकको बन्दोबस्त गरी हाम्रो हाम्रा भरमुलुकको संभार गन्याको देषी म बहुत खुस प्रसन्न भआ. अघी श्री ६ बाज्याज्यूबाट लालमोहर सवाल गरिबक्सनुभयाबमोजिम मैले पनि लालमोहर गरीबक्स्याको हो. सोबमोजिम थामी श्रीकम्यांडर इनचीफ जनरल मान मरातव बक्सि घा घर् सार न्या कटक जंगी मुलुकी हाम्रा भरमुलुकको मुषत्यारी काम तिमिलाई बक्स्यौं. अब उप्रांत गुरु प्रोहित चौतरिया जनैल काजी कनैल कप्तान सर्दार लेफटेन सुबा सुबेदार भरभारादार कंपु पल्टन कंपनी गैह फौज जंगी मुलुकीले तिम्रा सल्लाहदेषी बाहेक कसैले काम नगर्नु. तिम्रा सुर चाजामा नचली जस्ले तिमिलाई नाघी काम गर्नामा जो पसला. तसलाई तागीर गर्नामाफिकलाई तागीर गरी सजाय गर्नालाई सजाय गरिबक्सौंला. कसैले तिम्रो छिचरो पातलो कुराकहानी हामीहरूका हजुरमा सुनाया भन्या उसै घरी रोबकार गरी नाहकमा तिमीलाई तोफान लाया को रहेछ भन्या उस्ता नादानलाई तक्सीरमाफिक सजाय होला. आफ्ना षातिरजामासंग हाम्रो बंन्या सप्रन्या हेरी काजविसेष हाम्रा हजुरमा बिति गर्न्या कुरा बिति गरी आटन्या कुरा आफुले आटी काम काज गर. तिमीले काम गन्याको मंजूर छ. अघी पनी तिमीले आफनु बिरानु नहेरी हाम्रा निमकको सोझो गरी काम गर्दा तिम्रो दानाइ ठहन्याको हो. अब उप्रांत पनी आफनु बिरानु नगरी हाम्रा निमकको सोझो चिताई काम गर. आफ्ना तैनाथका कंपु पल्टन कंपनीका सिपाही छन् भनी आफना घरको गाउषुवाको काम लाउनुपर्दा आसामीसंग प्यादा पठाउँदा धडपकड गर्दा तिमीसंग साधी सोधी गर्नु. तिमीसंग नसाधी नसोधी जसले काम लाउला, तस्ता छोटा बडालाई तक्सीरमाफीक सजाय गरीबक्सौंला. इति सम्वत १८९२ साल मिति कार्तिक वदि ६ रोज २ शुभम् —

[श्री चित्तरञ्जन नेपालीद्वारा 'ज. भीमसेन थापा र तत्कालीन नेपाल 'मा यो छापिएको छ।]

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

शुद्धिपत्र

पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध
२	७	-सौन्दय-	-सौन्दर्य
२	१९	"	"
२	१७	बार-	वीर-
३	२१	छोषा	छोपी
६	५ ६	*"तर भादगाउँको विस्केटको नामै लिएका छैनन्"* हुनुपर्ने *"तर भादगाउँको विस्केटको नामसम्म लिएका छन्"*	
८	१६	रामजा	रामजी
८	१७	छापिएका	छापिएको
८	१८	नेपाला	नेपाली
८	२३	"	"
८	२६	"	"
९	७	वज्राचाय	वज्राचार्य
९	१३	श्ल	श्लो.
१०	२२	-दापको	-दीपको
१०	२६	घटत	घट्तै
१०	२८	घट्ता	घटतो
१२	१८	गनु	गनुं
१५	१४	अथ	अर्थ
१८	१८	गर्दभेण	गर्दभेन
२०	२४	दाइजा	दाइजो
२१	६	फिनुपन्यो	फिनुँपन्यो
२१	२४	भ	भैं
२१	२६	मरुति	मुरुति
२४	१७	फारसीदखाज)	(फारसी)

पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध
२७	२०	हुन	हुन
३१	२५	उनका	उनको
३२	२	प्रशसक	प्रशंसक
३२	हारबन्धमा	कं	स्कं
३४	७	श्लाक	श्लोक
३४	३०	व्यत्यास	व्यत्यास
३४	२३	गमाकन	गमीकन
३५	२	राना	रानी
३९	२२	बिधि	विधि
४१	६	हाना	हानी
४१	२०	बढ	बढ्दै
४२	२५	मूलका	मूलको
४२	२८	टिप्पणा	टिप्पणी
४२	२९	हेनुहोस	हेर्नुहोस्
४३	१६	ब्रजनाथ	व्रजनाथ
४४	२२	छन	छैन
४५	१	अपराधा	अपराधी
४६	२०	ठहारएका	ठहरिएका
४६	२१	नरासह-	नरसिंह-
४७	२५	महान्द्रसिंह	महीन्द्रसिंह
४७	२९	दुबै	दुवै
४८	९	"	"
४८	१७	द्वयर्थकारी	द्वयर्थकरा
५०	३	भामसेन	भीमसेन
५०	१८	बि मं	बि. सं.
५०	६	भया	भयो
५२	१२	पोइला	पोइल

CC-0. In Public Domain. Digitization by eGangotri

पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध
५२	१६	गवैया	गवैया
५२	२१	बगचा	बगँचा
५२	२५	थरि	थरी
५४	१	सघ	सघैं
५४	१८	छुटटचाई	छुट्टचाई
५४	२६	गत	गर्न
५५	८	सस्यूं	सस्यूं
५५	१०	गथ	गर्थे
५७	५	थरि	थरी
५७	२१	देब	देव
५८	८	काटहरू	कोटहरू
५८	११	काटा	काटी
५९	२०	गनुपरेको	गर्नुपरेको
५९	२८	बालुवामा	बालुवाले
५९	२९	एल	बाँघ
६०	२८	नक्सल	नक्सले
६०	२८	सहयागी	सहयोगी
६१	२	बष	बर्ष
६१	१९	श्रा-	श्री-
६१	१९	दुबै	दुवै
६३	१९	श्रा-	श्री-
६४	२	उनो	उनी
६४	१६	लडाजा	लडाजो
६५	१७	चकचकामा	चकचकीमा
६५	२४	छारा	छोरा
६५	२४	लीनानाथले	लीलानाथले
६५	२४	थापाका	थापाको
६८	६	दहचाकको	दहचोकको
६८	१०	पृथ्वा-	पृथ्वी-
६८	१७	बैचा	बैचो
६९	१७	गरा	गरी
७०	२७	हुन्याछा	हुन्याछौं
७१	२६	छाउनामा	छाउनीमा
७१	२६	जंगा	जंगी
७१	३२	पष्ठमा	पृष्ठमा
७२	१४	नेपाला	नेपाली
७२	१९	वतमान	वर्तमान
७३	१८	आषधि	औषधि
७४	२६	छारा	छोरा
७४	३०	श्रा-	श्री-
७५	५	काह	केहि
७६	१०	श्रा	श्री
७८	४	गन	गर्न
८४	२६	सूत्रकार	सूत्रधार
८७	१	बुझ्नून्	बुझून्
८८	१	छन	छन्
८८	२६	-पन्या	-पन्यो
८८	२७	सर्क्तनथे	सर्क्तनथे
८८	३०	जा	जो
९०	३०	घतराष्ट्र	घृतराष्ट्र
९१	२२	तक	तर्क
९१	२३	खोजा	खोजो
९१	२८	कति-	कृति-
९१	३०	लेखिएकोछ	लेखिएको छ
९४	२५	-गोथा	-गाथा
९५	१८	दीध	दीर्घ
९५	२८	दुबै	दुवै
१०१	२५	'रु'कोउकार	'रु'को उकार
१०२	६	बैश्रवणाच्च	वैश्रवणाच्च
१०३	१६	श्रो	श्री

CC-0. In Public Domain. Digitization by eGangotri

पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध
१०३	२७	नभ	नभै
,,	२४	श्रीवत्स-	श्रीवत्स
१०४	५	अन्त कणले	अन्तःकरणले
,,	१६	बृन्दकेशर	वृन्दकेशर
१०५	२१-२२	-मानान्नत-	-मानोन्नत-
१०६	१४	तरा	तरी
१०७	५	खर्वट कांश्च	खर्वटकांश्च
,,	१५	उत्तरपिट्ट	उत्तरपट्टि
,,	३०	कार्तिपुरमा	कीर्तिपुरमा
१०८	५	-कृपीटयोनिः	कृपीतयोनि
१०९	१५	दृष्ट्वैबं	दृष्ट्वैवं
,,	२५	-क्रोष्टु-	-क्रोष्टु-
११२	३	किटादेव	कीटादेव
११५	१०	साताका	सीताको
,,	२७	नलागा	नलागी
११६	२१	भना	भनी
११७	२	पवत	पर्वत
११८	११	छछि	पछि
,,	१३	चंपागाउँम	चंपागाउँमा
११९	१५	पूब-	पूर्व
,,	१६	वेदांत	वेदांति
,,	१७	-पूबक	पूर्वक
१२४	१५	गनुपन्यो	गर्नुपन्यो
१२५	३०	नगरकोटा	नगरकोटी
१२८	३०	था	थो
,,	,,	वज्राचार्यका	वज्राचार्यको
१२९	९	-चैत्यका	-चैत्यको
,,	२५	ग	हेर्न
,,	२६	१८	१८२५

पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध
१३१	७	स्त	सो
,,	१९	या	यो
,,	२२	एड	एङः
१३२	१	झ	झैं
१३५	१३	श्रा	श्री
१३७	६	भैरबी	भैरवी
१४०	१७	गव	गर्द
१४१	२६	विरामा	बिरामी
१४३	२६	छाराको	छोराको
१४४	४	झ	झै
,,	२५	अधिकारा-	अधिकारी-
१४६	१६	स्वामा	स्वामी
,,	२६	योद्धारक	योद्धारक
१४७	१९	विषयमा	विषयमा
,,	२४	-घघ-	-वघ-
,,	२५	,,	,,
१४९	२४	हातलाई	हातलाई
१५०	१२	दिशमा	दिशामा
,,	१३	झ	झैं
१५१	१०	हड्नामा	हिड्नामा
,,	२४	गार्वाण-	गीर्वाण-
,,	,,	प्रशास्त	प्रशस्ति
,,	२५	साङ्यावद	साङ्यावेद
,,	,,	डिहि	डिहि
,,	२६	घड्यारा	घड्यारी
,,	,,	जा	जो
,,	,,	तपसाल	तपसील
,,	,,	मारा मेटा	मारी मेटी
,,	२८	देवामानासह	देवीमानसिंह

CC-0. In Public Domain. Digitization by eGangotri

पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध
१५२	२५	सुन्दरानन्दका	सुन्दरानन्दको
१५५	११	घनटा-	घटना-
,,	१६	बसा	बसी
,,	२०	केहा	केही
१५७	१	बाबाटोमा	दोबाटोमा
,,	११	दुर्दिन	दुर्दिनं
१६१	३	बिात	विति
१६२	६	बृहद्भानव	बृहद्भानवे
१६४	१	श्रा	श्री
,,	२०	पाछ	पछि
,,	२५	आभीक्ष्ण्य	आभीक्ष्ण्ये
१६६	१६	पर्छन	पर्छन्
१७०	३	-गार्वाण-	-गीर्वाण-
,,	५	नदा-	नदी-
,,	२४	गन	गर्न
१७२	२२	स्थलयन	स्थलयन्
१७३	१	तार्थ-	तीर्थ-
१७४	३०	पाए काथिए	पाएका थिए
१७५	१	देवालाई	देवीलाई
,,	७	झ	झैं
१७७	२०	श्रा	श्री
१७८	६	वण	वर्ण
१७९	६	-व रणं	-वारणं
,,	६	शोभायान	शोभायमान
,,	१७	वण	वर्ण
१८६	१४	-परिष द्-	-परिषद्-
,,	२६	गर्दभेण-	गर्दभेन-
१९१	२२	क्रुराकारो	क्रूराकारो
१९२	१२	हुनुभया	हुनुभयो
१९२	२५	श्रीकाशा	श्रीकाशी
१९८	१	प्रभति	प्रभृति
१९९	२७	झ	झैं
२०४	२५	मनि	भनि
२०६	,,	-देवाका	देवीका
२१०	२६	शषिक	शैषिक
२१४	२७	-श्रा-	-श्री-
२१५	२८	अभिवद्ध ताम्	अभिवर्द्ध ताम्
२१७	२२	वष	वर्ष
,,	२६	परू	रूप
२१८	४	श्रा	श्री
२२१	२	ढोहा-	ढोही-
२२४	१	झ	झैं
२२५	२८	हास्तन्	हस्तिन्
२२८	६	तले	तँले
२२९	७	चान	चीन
,,	१३	उच्चश्रवा	उच्चैःश्रवा
,,	२९	अथ	अर्थ
,,	,,	ल्पातुम्	प्लोतुम्
२३२	७	गनुभया	गर्नुभया
२३५	२७	श्रा-	श्री-
२४५	११	गंगाजाले	गंगाजोले
,,	२८	जाडा	जोडा
२५०	३०	श्रीगुह्य-राजश्वरा	श्रीगुह्य-राजेश्वरी
२५३	२	गार्वाण-	गीर्वाण-
२५९	३	जेप	जपे
,,	१७	गछ	गर्छ
,,	२०	फेद	फेर्दै
,,	२१	प्रातमा	प्रतिमा

CC-0. In Public Domain. Digitization by eGangotri

पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध
२५९	२९	तुष्टबै	तुष्टचै
२६०	७	-महान्द्र-	-महीन्द्र-
२६१	९	रा	रो
२६३	३१	अंबल	अंबल
२६४	२	रा	रो
,,	२२	श्रामोड	श्रीमोड
२६६	३	कपा-	कृपा-
,,	८	निगाहा	निगाह
,,	११	गन	गर्न
२६७	१९	नीतमार्ग	नीतिमार्ग
,,	२९	श्रा	श्री
२६९	१३	-कृपात्र-	-कृपापात्र-
२७०	५	वशाख-	वैशाख-
,,	१७	पृथ्वा-	पृथ्वी
,,	,,	भं	भैं
,,	२५	योदरबार	यो दरबार
२७२	१	पायोवयापि	पायोवयोपि
२७३	९	पृथ्वा-	पृथ्वी-
२७६	२७	पछाएका	छपाएका
२७८	१३	चान	चीन
२७९	१७	परा	परी
२८०	२०	गेषु तिर	गेर्षुतिर
२८३	६	अथ	अर्थ
२८६	१६	घना	धना
२८९	१९	गार	गरि
,,	२५	रामास	रामसिं
२९०	२२	श्रामन	श्रीमन्
,,	२६	श्रीबबाज्यूको	श्रीबुबाज्यूको
२९१	५	रणबहादुर	रणबहादूर
,,	१३	गालगोला	गालिगोला
२९३	६	-धैर्य	-धैर्ये
,,	३०	नेच्छात	नेच्छति
,,	३२	सोऽय	सोऽयं
२९५	२५	कत्वा	कृत्वा
२९६	९	श्रीपूण	श्रीपूर्ण
,,	१५	श्रीपृवी	श्रीपृथ्वी
,,	१९	श्रा-	श्री-
,,	२९	सवदा	सर्वदा
२९८	१	सल्लाहा	सल्लाह्
,,	,,	-सुन्दरा	-सुन्दरी
,,	१६	श्रीगु	श्रीगुरु
,,	३१	छारा	छोरा
२९९	१४	गरा	गरी
,,	२९	पूण	पूर्ण
३००	१४	बगचा	बगैंचा
,,	२३	मुजुर-	मुजूर-
३०१	२	हा	हो
३०२	११	महाराज-धिराज	महाराजा-धिराज
३०३	१४	-देव	-देवः
,,	१७	-प्रतिष्टा-	-प्रतिष्ठा-
,,	२८	पाशा	पाशो
३०४	१४	-वसुमता-	वसुमती
,,	१९	राजताम	राजताम
,,	२३	पूर्णकाम	पूर्णकामः
३०६	२७	बगचा	बगैंचा
३०८	२	श्रा-	श्री-
,,	३०	,,	,,
३०९	४	विक्रम-	विक्रम
,,	२६	श्रा	श्री
३११	८	वस	वर्ष

9852

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri

CC-0. In Public Domain. Digitization by eGangotri